# अध्याय एक

# परिचय

"काठमाडौं उपत्यकाको मध्यकालीन काष्ठकला" (१३औं देखि १८औं शताब्दी) भन्ने विषयक अनुसन्धान प्रस्ताव त्रिभुवन विश्वविद्यालयअन्तर्गत पि.एच्.डि. डिग्री प्राप्तको लागि पेस गरिएको हो ।

माथि उल्लेखित शोधग्रन्थ जसले मध्यकालीन काष्ठकलाको उत्पति र विकास विशेष गरी मध्यकालीन मन्दिरहरूमा भएका उत्कृष्ट काष्ठकलाको अध्ययनमा विशेष योगदान पुऱ्याउने आशा गरिएको छ । मध्यकालीन काष्ठकला विशेष गरी मन्दिर, दरबार, विहार, पाटी, पौवा, व्यक्तिगत घरहरूमा विभिन्न स्वरूपमा देख्न सकिन्छ र यस्ता काष्ठकलाका विविध स्वरूपलाई विश्व मै उत्कृष्ट कलाकारिताको रूपमा लिने चलन छ । पर्सिब्राउनले नेपाली काष्ठकलाको प्रशंसा यसरी गरेका छन्

> *Woodworking in Nepal had attained the highest form of Art ever attained in the field. No other country can lay claim to such a high degree of attainment. The carved work on wood, abundantly found and its numirical superiority is rivaled only by stones. Windows, Doorways, Cornices, Freiyas, Beams of the roof, beams colums and individual wood pieces with carving of divine images, are the object of wood Art.*[1]

विश्वका अन्य धेरै विद्वान्हरू जसले काठमाडौं उपत्यकाको भ्रमण विगतमा गरेका थिए उनीहरूले पनि नेपाली काष्ठकलाको प्रशंसा गरेका छन् । ती विद्वान्हरू मध्ये *Father Desideri, Kirkpatrick, Oldfield, Hamilton, Landon, Brown* र *Bernier* महत्त्वपूर्ण मानिन्छन् ।

नेपाली काष्ठकलाको इतिहास खोज्दै जाँदा पूर्व लिच्छविकालसम्म पुग्न सकिन्छ । त्यतिखेर काठको प्रयोग विशेष गरी विभिन्न कलाकृतिहरू निर्माण गर्नका लागि गरिन्थ्यो भनेर अनुमान गर्न सकिन्छ किनभने काष्ठकलाका नमुनाहरू १३औं १४औं शताब्दीपूर्वका पाइएका छैनन् । तर विभिन्न समयमा विभिन्न राजाहरूले राख्न लगाएका विभिन्न शिलापत्र, ताम्रपत्रहरूबाट विभिन्न मन्दिरहरू बनाउन प्रयोग भएको काष्ठकला बारेमा जानकारी पाउन सकिन्छ । अंशुवर्माको पाटन सुन्धाराको अभिलेखले मन्दिरहरू निर्माण गर्दा व्यापक रूपमा काठको प्रयोग हुने कुरा स्पष्ट पार्दछ । यस अभिलेखमा काठका पुराना झ्यालढोकाहरू मुसा र धमिराको प्रभावबाट जीर्ण भएको हुनाले उक्त मन्दिर पुनः जीर्णोद्वार गरेको उल्लेख पाइन्छ । काठ एउटा नाशवान् वस्तु भएको हुनाले धेरै लामो समयसम्म टिक्न नसक्ने हुनाले नै सम्भवतः हामीहरूले लिच्छविकालका कुनै पनि काष्ठकला नमुनाहरू प्राप्त गर्न सकेका छैनौं । ढुङ्गामा अति उत्कृष्ट कलाकारिता उत्कर्ण गर्न जान्ने लिच्छवि कलाकारहरूले काठमा

---

[1] D.R. Regmi, **Medieval Nepal, Part II**, (Calcutta : Firma K.L. Mukhopadhyay, 1996), pp. 929-930.

कलाकारिता गर्न जानेका थिएनन् भनेर पनि भन्न मिल्दैन । त्यसकारण समय र वातावरणको प्रभावबाट नै काष्ठकला नाश भएको हुनसक्ने अनुमान अवश्य पनि गर्न सकिन्छ । लिच्छविभन्दा पूर्व पनि काष्ठकला विकसित थियो भन्ने कुरा पनि अनुमान गर्न सकिन्छ । सम्भवतः लिच्छवि पूर्वका राजवंशहरू किराँत, आभिर र गोपाल कालमा समेत काष्ठकलाको राम्रो विकास भएको हुनसक्ने अनुमान गर्न सकिन्छ । प्राचीन कालदेखिका काष्ठकलाका नमुनाहरू प्राप्त नभए तापनि मध्यकलादेखिका प्रशस्त मात्रामा काष्ठकलाका नमुनाहरू प्राप्त भएका छन् । विशेष गरी १३औं शताब्दी पछिका काष्ठकालका नमुनाहरू मल्लकालिन दरबार, विहार, मन्दिर, पाटी, पौवा, मठहरूमा देख्न सकिन्छ । विशेष गरी काष्ठकला विभिन्न स्वरूपमा देख्न सकिन्छ । जस्तै मन्दिरका झ्याल, ढोका, टुँडाल, तोरणहरू, दरबारका झ्याल ढोका, टुँडाल, खम्बाहरू (स्तम्भ), मठ र विहारका ढोका, झ्याल, टुँडाल र तोरणहरूमा र व्यक्तिगत घरका झ्याल, ढोकाहरूमा नेपाली उत्कृष्टको मात्रामा मूर्तिहरू पनि भेटिएका छन्, जसमा मध्यकालीन काष्ठकलाको चरम उत्कर्ष देख्न सकिन्छ ।

काठमाडौं उपत्यकाअन्तर्गत तीनवटा महत्त्वपूर्ण शहरहरूमध्ये साथै यी सहरहरू वरिपरि र नजिकै पनौती, चापागाउँ, बुङमती, गोकर्ण, नुवाकोट दरबार र गोरखा दरबार पर्दछन् र यी ठाउँहरू मध्यकालीन काष्ठकलाको लागि महत्त्वपूर्ण मानिन्छन् । यस अनुसन्धानमूलक अध्ययनमा नेपाली काष्ठकलाको विविध पक्षको अध्ययनको साथसाथै यससँग सम्बन्धित धार्मिक तथा सामाजिक पृष्ठभूमि र नेपाली वास्तुकलामा काष्ठकलाको महत्त्वमाथि पनि प्रकाश पार्ने लक्ष्य अनुसन्धानकर्ताको रहेको छ । यो एउटा अति महत्त्वपूर्ण कार्य हो, जसको लागि प्रशस्त धैर्य, शक्ति, अर्थ र समयको आवश्यकता पर्छ । अहिलेसम्म यस विषयमा कसैले पनि विस्तृत अध्ययन गरेको पाइँदैन । केही अनुसन्धानहरू भए तापनि हल्का तरिकाबाट विश्लेषणहरू भएको पाइन्छ । भारतका प्रख्यात विद्वान् *S.B.Deo* को आफ्नो पुस्तकमा नेपाली काष्ठकलाको सम्बन्धमा अध्ययन गर्ने कार्यहरू गर्नुभएको छ । काष्ठकलाको लागि महत्त्वपूर्ण कार्य मानिए तापनि यस पुस्तकमा काष्ठकलाको सम्बन्धमा धेरै कुराहरू छुट भएको पाइन्छ । *S.B.Deo* ले अन्य विद्वान्हरूले जस्तै काष्ठकलाको केही महत्त्वपूर्ण पक्षलाई मात्र समेटेका छन् ।

निसन्देह धेरै विदेशी र स्वदेशी विद्वानहरूले नेपाली कलाको अध्ययनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका छन् । विदेशी र स्वदेशी विद्वान्हरूले विशेष गरी प्रस्तरकला, धातुकला र चित्रकलासँग सम्बन्धित विविध पक्षहरूको बारेमा विस्तृत रूपमा अध्ययन र अनुसन्धान गरेका छन् तर काष्ठकला नेपाली कलाको अभिन्न अङ्ग भए तापनि यस विषयमा धेरै विद्वान्हरूको ध्यान थोरै मात्र पुगेको पाइन्छ । काष्ठकलाका सम्बन्धमा केही शब्दहरू मात्र लेखिएको पाइन्छ ।

P. Pal, Merry S. Slusser र Stella Karmarisch र केही यस्ता विद्वान्हरूले आफ्नो पुस्तकहरूमा नेपाली काष्ठकलाको प्रशंसा मात्र गर्नुभएको छ । तर काष्ठकलाको कुनै पनि महत्त्वपूर्ण पक्षको विस्तृत वर्णन भएको पाइँदैन । त्यसकारण अनुसन्धानकर्ताले यस क्षेत्रमा

देखिएका समस्याहरू र पत्ता लगाउन बाँकी रहेका धेरै कुराहरूलाई अध्ययनबाट खोज गर्ने विचार लिएको छ । साथै यस क्षेत्रमा देखिएको प्रमाणित स्रोतहरूको कमी र कला, वास्तुकला र संस्कृतिसँग काष्ठकलाको सम्बन्धको सम्बन्धमा धेरै मानिसहरूले भन्न खोजेको कुरालाई पनि स्पष्ट पार्ने प्रयास गर्नेछ । शोधकर्ता सदैव विभिन्न विदेशी विद्वान्हरूबाट जस्तै *Father Desideri, W. Kirkpatrick, F. Hamilton, D. Wright, P. Brown, P. Landon* र अन्य विद्वानहरू र कला विश्लेषकबाट नेपाली काष्ठकलाको प्रशंसा गरिएबाट धेरै प्रभावित भएको छ । शोधकर्ताले नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा एम्.ए. पास गरिसकेपछि नेपाली काष्ठकलाको बारेमा विशेष रुचिसाथ अध्ययन र अवलोकन गरेपछि यसको अध्ययनप्रति आकर्षित भई आफ्नो रुचिलाई निरन्तरता दिनको लागि उक्त जटिल तर मनोरञ्जक विषय "मध्यकालीन काष्ठकला" (१३औं देखि १८औं शताब्दी) को अध्ययन भन्ने विषयमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि प्राप्त गर्नको लागि निर्णय लिएको हो ।

## समस्याको कथन (Statement of Research Problem)

अनुसन्धानको क्रममा देखिने विभिन्न समस्याहरूको सम्बन्धमा शोधकर्ता पूर्णरूपमा जानकार रहेको छ । केही महत्त्वपूर्ण समस्याहरू निम्न लिखित छन् :-

(क) द्वितीय स्रोतहरूको अभाव ।

(ख) काष्ठकर्मी र शिल्पकारहरूको नाम बिर्सन सक्ने सम्भावना ।

(ग) काष्ठकलासँग सम्बन्धित नेपाली शब्दहरूको व्याख्यामा समस्या ।

(घ) वर्तमान समयमा काष्ठकर्मीहरू वजारको मागबमोजिमका बस्तुहरू निर्माण गर्न व्यस्त देखिन्छ । त्यसकारण उनीहरूले परम्परागत मूर्ति विज्ञानका सिद्धान्तहरूलाई पूणरूपले उपेक्षा गरेको पाइन्छ ।

(ङ) धेरै जसो बहुमूल्य कलाकृतिहरू अनुसन्धानकर्ताले प्राप्त गर्न सक्दैनन् । किनभने उक्त बहुमूल्य कलाकृतिहरू विहार, मन्दिर, मठ र दरबारहरूमा व्यक्तिगत रूपमा संकलन गरी राखिएका छन् ।

(च) प्रशस्त मात्रामा क्षेत्रगत अध्ययनको आवश्यकता पर्ने ।

(छ) शोधकर्मी द्वितीयक स्रोतहरूको कम सहयोग लिई गर्नु आवश्यक छ ।

(ज) पूर्णरूपमा नयाँ विषयवस्तु भएकोले शोधकर्तालाई विस्तृत र अन्योलको अवस्था प्रत्येक ठाउँमा पनि पर्नसक्ने सम्भावना ।

## शोधकार्यको उद्देश्य (Objective of the Study)

नेपाली काष्ठकलाको उत्पति र विकासको सम्बन्धमा पूर्ण ज्ञान, नेपाली काष्ठकलासम्बन्धी विविध पक्षको जानकारीको साथै मध्यकालीन वास्तुकलामा काष्ठकलाको प्रयोग र उपयोगिताको बारेमा विस्तृत जानकारी दिनु उक्त शोधको प्रमुख उद्देश्य हो । यस शोध अनुसन्धानमा नेपाली काष्ठकलाको विकासमा विभिन्न राजवंशहरूको देनको साथ साथै

कसरी गोपाल, महिषपाल, किराँत र लिच्छविकालमा काष्ठकलाको विकास भयो भन्ने सम्बन्धमा जानकारी दिँदै पूर्व र उत्तर मल्लकालीन काष्ठकलाको विकासको परकाष्ठको बारेमा सूक्ष्म जानकारी दिनु हो । नेपालमा प्राचीनकालदेखि काष्ठकलाको विकास भए तापनि १३औं १४औं शताब्दीपछिका मात्र काष्ठकलाकृतिहरू प्राप्त भएका छन् । तर १५औं शताब्दीका काष्ठकलाकृतिहरूको पूर्णताबाट नेपालमा सयौं वर्ष पूर्वदेखि नै काष्ठकलाको पूर्ण विकास भएको थाहा पाइन्छ । साथै यस अध्ययनले मध्यकालीन काष्ठकलाका विविध स्वरूपहरू जस्तै टुँडाल, झ्याल, ढोका, स्तम्भ, मेठ Bracket, नाल Beams, कार्नेस (Entablature), मुसी (Rafters), तोरणहरूको बारेमा जानकारी दिने र तिनीहरूको नेपाली वास्तुकलामा धार्मिक र सांस्कृतिक महत्त्वबारे चर्चा गर्दै तिनीहरूको दार्शनिक पक्षलाई झल्काउने । त्यसैगरी मध्यकालदेखि प्राप्त भएका मूर्तिहरूको बारेमा सचित्र वर्णन गरी मूर्ति विज्ञान र कलाको क्षेत्रमा तिनीहरूको महत्त्वलाई दर्शाउने । साथै विभिन्न सम्बन्धमा निर्मित काष्ठकलाका नमुनाहरूको क्रमानुसार तिथि क्रम छुट्टयाउने । यसका साथै वास्तुकलामा प्रयोग भएका काष्ठकलामा भएको घटनाको सांकेतिक र सामाजिक पक्षको जानकारी दिने जसको बारेमा अहिलेसम्म अध्ययन भएको पाइँदैन । तसर्थ मध्यकालीन काष्ठकला (१३औं देखि १८औं शताब्दी) को बारेमा विस्तृत झलक प्रस्तुत गर्नु शोधकर्ताको पहिलो महत्त्वपूर्ण उद्देश्य हो भने नेपाली मध्यकालीन काष्ठकलाको बारेमा विद्यार्थी, विद्वान र जनमानसलाई विस्तृत र प्रमाणित ज्ञान दिनु दोस्रो महत्वपूर्ण उद्देश्य हो ।

## शोधकार्यको महत्त्व (Significance of the Study)

नेपाली काष्ठकलाको सम्बन्धमा संसारभरिका विभिन्न विद्वान्हरूले मुक्तकण्ठले प्रशंसा गरेका छन् तर पनि अझसम्म यस क्षेत्रमा राम्रो र वैज्ञानिक तवरले अध्ययन र अनुसन्धान हुन सकेको छैन । काष्ठकलाको सम्बन्धमा भएको कम सूचनाको स्रोतले गर्दा यस क्षेत्रमा लागेका विद्वान्, विद्यार्थी र जिज्ञासुहरूले यस विषयको जानकारी लिन खोज्दा पूर्णता पाएको देखिँदैन जसले उनीहरूमा निराशा छाएको पाइन्छ । तसर्थ यस अध्ययनले अहिलेसम्म यस क्षेत्रमा देखिएको कमी र रिक्ततालाई पूरा गर्ने प्रयास गर्नेछ । साथै विद्वान् र विद्यार्थीहरूको चाहनालाई पनि समाधान गर्ने प्रयास गर्नेछ । यो शोध अनुसन्धानले विद्यार्थी, विद्वान् र जिज्ञासुहरूको जिज्ञासाको साथै मध्यकालीन वास्तुकलामा काष्ठकलाको महत्त्व र काष्ठकलाको धार्मिक र सामाजिक पक्षलाई पनि दर्शाउने छ । साथै यसले नेपाली वास्तुकलाको विकासमा काष्ठकलाले दिएको योगदान र वास्तुकलामा थपेको सौन्दर्यतालाई पनि झल्काउने छ । साथै विगत ५ सय वर्ष देखि काष्ठकलाहरूको नाश भइरहेको अवस्थामा के कस्ता संरक्षणका उपायहरू अवलम्बन गर्न सकिन्छ भन्ने सम्बन्धमा पनि चर्चा गरिने छ जसले यसको सदिऔं पुरानो धार्मिक, सांस्कृतिक र सामाजिक महत्त्वलाई कम नगरोस । साथै यी हाम्रा सयौं वर्ष पुराना काष्ठकलाका नमुनाहरू भविष्यको पिंढीलाई बढी महत्त्वपूर्ण हुन सक्छन् । त्यसकारण यिनीहरूको संरक्षण र

संवर्द्धन कसरी गर्न सकिन्छ त्यस बारेमा पनि विस्तृत जानकारी दिने प्रयास यस शोधमा गरिनेछ ।

## साहित्य समीक्षा (Review of Literature)

मध्यकालीन काष्ठकलाको बारेमा पूर्ण जानकारी दिने स्रोतहरूको अभाव भएको कुरा अघिल्ला पृष्ठहरूमा बारम्बार गरिएको छ । अहिलेसम्म के कति पुस्तकहरू नेपाली कला, इतिहास र वास्तुकलाको सम्बन्धमा प्रकाशित भएका छन् । तिनीहरूमा मात्र नेपाली काष्ठकलाको सौन्दर्यलाई प्रकाश पार्ने कमी भएको पाइन्छ । कुनै पनि पुस्तकमा काष्ठकलासम्बन्धी विस्तृत अध्ययन भएको पाइँदैन । नेपालमा सत्रौं शताब्दीतिर भ्रमण गर्ने *Father Desiderri* देखि २०औं शताब्दीमा नेपाल आउने *Macdonald* ले समेत काष्ठकालको चर्चा गरेको पाइन्छ । विशेष गरी Father Desideri (late 17th century, Father Mac (Middle of 18th Century), William Kirkpatrick (late 18th century), Hamilton (early 19th century), Oldfield (early 19th century), Daniel Wright (middle of 19th century), P. Brown and P. Landon (early 20th century), Stella Karmanisch र P. Pal (from 20th century) मा नेपालमा आई केही समय बसोबास गरेका थिए र उनीहरूले बस्ने क्रममा नेपालको इतिहास, संस्कृति, कला र वास्तुकलाको बारेमा अध्ययन गरी विभिन्न महत्त्वपूर्ण पुस्तकहरू प्रकाशित गरेका थिए । माथि उल्लेखित विद्वान्द्वारा प्रकाशित पुस्तकहरूमा काष्ठकलाको बारेमा मुक्तकण्ठले प्रशंसा गरिएको पाइन्छ । तर यी पुस्तकहरूमा काष्ठकलाको कुनै पनि पक्षलाई समेटिएको छैन । मात्र सतही रूपमा नेपाली मध्यकालीन काष्ठकलाको बारेमा वर्णन भएको पाइन्छ । तर पनि यी पुस्तकहरूमा भेटिएका केही छरिएर रहेका विवरणहरू यस शोधकार्यमा विश्लेषण गरिने छन् । प्रारम्भिक स्रोत अन्तर्गत पर्ने, रूपमण्डन, शिल्पशास्त्र, विश्वकर्मा पुराण जस्ता ग्रन्थहरूको सहयोग यस शोधकार्यको लागि लिइनेछ । र सम्भवः भएसम्म राष्ट्रिय अभिलेखालयमा भएका हस्तलिखित कार्यहरूको समेत सहयोग लिइनेछ । दुवैथरीका ज्ञात र अज्ञात साहित्यहरू यस शोधकार्यको लागि बहुमूल्य स्रोतहरू हुन दिन कार्यालयको नियमानुसार साहित्य समीक्षा उक्त कार्यालयमा बुझाउने छु ।

## अनुसन्धन पद्दती (Reseach Methodology)

कुनै पनि शोधकार्य गर्नको लागि शोधकर्ताको मेहनत र अध्ययनको साथ साथै केही योग्यता, सिद्धान्तहरू र प्रक्रियाहरूको आवश्यकता पर्दछ । “मध्यकालीन नेपाली काष्ठकला” (१३औं देखि १८औं शताब्दी) जस्तो नयाँ विषयको लागि पनि अनुसन्धानकर्ता एउटा मात्र पक्षसँग सहमत हुन सक्दैन । त्यसकारण विभिन्न किसिमका अनुसन्धान प्रक्रियाहरूको सहयोग लिनु आवश्यक देखिन्छ । सकेसम्म विभिन्न किसिमका सिद्धान्तहरूको सहयोग लिई शोधकार्य गर्ने गरिन्छ । शोधकर्ताले उक्त शोधकार्य गर्नको लागि निम्नलिखित विभिन्न तरिकाहरू अपनाएको छ ।

**(क) पुस्तकालय कार्य/अध्ययन**

शोधकार्यको क्रममा पुस्तकालयहरूमा भएका प्रारम्भिक द्वितीय स्रोतहरूको गहन अध्ययन गरिनेछ । यस विषयसँग सम्बन्धित हरेक पुस्तकहरूको गहिरिएर अध्ययन गरेर मात्र कुनै पनि निष्कर्षमा पुग्न सकिने हुन्छ । पुस्तकालयहरूमा र व्यक्तिगत संग्रहमा भएका हस्तलिखित ग्रन्थहरू, पाण्डुलिपिहरू, वंशावलीहरू, पुराणहरू, ऐतिहासिक चिठीपत्रहरूको तथ्यगत र विश्लेषणात्मक रूपमा अध्यन गरी कुनै पनि निष्कर्षमा पुगिनेछ । प्रख्यात विद्वान्हरूबाट र कलाका विश्लेषण्हरूबाट छापिएका लेख र पुस्तकहरूको गहन अध्ययन गरी शोधकार्यको लागि चाहिने विभिन्न परिकल्पनाहरू गरिनेछ । यी तथ्यांकहरूले शोधकर्ताको ज्ञानलाई विस्तृत बनाउन र वैज्ञानिक तथ्य पत्ता लगाउनको लागि सहयोगसमेत पु¥याउनेछन् । साथै क्षेत्रगत अध्ययनको लागि पनि यी तथ्यहरूले महत्त्वपूर्ण योगदान पु¥याउने छन् र तथ्यहरू संकलन गर्नको लागि पनि सहयोग पु¥याउने छन् ।

**(ख) प्रश्नावली (Questionnaire)**

सर्वप्रथम क्षेत्रगत अध्ययनको लागि शोधकर्ताले विभिन्न प्रश्नावलीहरू तयार गर्नेछ । यी प्रश्नावलीहरू मन्दिर, मठका पूजारीहरू, विहारका भिक्षुहरू, यस स्रोतमा संलग्न कलाकर्मीहरू, कलाविशेषांकहरूलाई वितरण गरी ती पक्षहरूबाट आवश्यक सूचना र ज्ञान प्राप्त गर्न सकिनेछ । प्रश्नावली तयार गर्दा विशेष गरी वस्तुको नाम, त्यसको ऐतिहासिकता, त्यसको महत्त्व, सामाजिक र धार्मिक पक्षसँग सम्बन्धित कुराहरूको जवाफ पाउने गरी गरिनेछ । जसबाट सम्बन्धित काष्ठकलाको निर्माण गर्ने प्रक्रिया, सांस्कृतिक, धार्मिक र सामाजिक महत्व र वास्तुकलामा उक्त वस्तुको ऐतिहासिकताबारे थाहा हुन सकोस साथै कुनै पनि काष्ठकलाको स्वरूप निर्माण गर्ने प्रक्रिया र निर्माणको लागि चाहिने आवश्यक सामग्रीहरूको समेत जानकारी लिने प्रयास प्रश्नावलीबाट गरिनेछ ।

**(ग) अवलोकन (Observation)**

शोधकार्यको क्रममा अनुसन्धानकर्ताले काठमाडौं उपत्यकाका विशेष गरी काठमाडौंका विभिन्न दरबार, मन्दिर, पाटी, पौवा, विहार र परम्परागत घरहरूमा भएको काठकलाको स्थलगत रूपमा भ्रमण गरी र अवलोकन गरी तथ्यहरू संकलन गर्नेछ । साथै उक्त कार्यको लागि पाटन, भक्तपुर, बनेपा, साँखु, पनौती, बुङमती, टोखा, गोकर्ण, ठेचो जस्ता ठाउँहरूको क्षेत्रगत भ्रमण गरी काष्ठकलाका विविध स्वरूपहरूको अध्ययन गरी तथ्य संकलन गर्नेछ । साथै काठमाडौं उपत्यकामा भएका विभिन्न काष्ठ उद्योगहरूमा पुगी काष्ठकला निर्माणका प्रक्रियाहरूको पनि ज्ञान हासिल गर्नेछ ।

**(घ) अर्न्तवार्ता (Interview)**

नेपाली काष्ठकलाको बारेमा विस्तृत जानकारी प्राप्त गर्नको लागि र मध्यकालीन नेपाली काष्ठकलाको उत्पत्ति, विकास, निर्माणको प्रक्रिया, विविधस्वरूप, सांस्कृतिक, सामाजिक

र धार्मिक महत्वको बारेमा जानकारी लिनको लागि शोधकर्ताले यस क्षेत्रमा व्यवसायीको रूपमा लागेका गन्य मान्य व्यक्तित्वहरू, विद्यार्थीहरू, कलाविश्लेषकहरू, काष्ठकलाकर्मीहरू, विश्वविद्यालयका प्राध्यापकहरू, पुजारीहरू, भिक्षुहरू र काष्ठकलाका व्याख्यताहरूको अर्न्तवार्ताहरू लिएर यस क्षेत्रसँग सम्बन्धित विविध पक्षहरूको सम्बन्धमा ज्ञान प्राप्त गरी यस क्षेत्रको संरक्षणमा देखिएका समस्याहरू पत्ता लगाउने प्रयास पनि गर्नेछ । माथि उल्लेखित क्षेत्र र व्यक्तित्वहरूबाट प्राप्त भएका विवरण र व्याख्याले अनुसन्धानकर्तालाई शोध परिकल्पनाको लागि महत्वपूर्ण सहयोग पुऱ्याउनेछ । साथै यी विवरणहरूले शोधकार्यको निष्कर्षमा पुग्न पनि सहयोग पुऱ्याउने आशा गरिएको छ ।

माथि उल्लेखित तथ्य संकलन विधिहरूबाहेक शोधकर्तालाई अन्य विधिहरू आवश्यक भएमा शोधको मागअनुसार अन्य विधिहरू पनि तथ्य संकलनको लागि प्रयोग गर्न सकिनेछ । जसले शोधकार्यको परिकल्पना र निष्कर्षमा थप सहयोग पुऱ्याउन सक्नेछ ।

## अध्ययनको स्वरूप (Orgnization of the Study)

**शोधको स्वरूप यस प्रकार रहनेछ**

**प्रथम अध्याय**

प्रथम अध्यायमा शोधकार्यको परिचय, समस्याको कथन अर्थात् शोधको क्रममा देखिने महत्त्वपूर्ण समस्याहरू शोधकार्यको महत्त्वपूर्ण उद्देश्य, शोधकार्यको महत्व र यसले पछिल्लो शोधकर्ताहरूलाई दिने योगदान, शोधकार्यको क्रममा गरिने विभिन्न परिकल्पनाहरू, शोधकार्यको अनुसन्धानपद्दती (Methodology), अध्ययनको स्वरूप र अध्ययनका सीमाहरूको बारेमा छलफल गरिनेछ ।

**द्वितीय अध्याय**

शोधकार्यको लागि पूर्व प्रकाशित पुस्तक, पत्रिकाहरूको अध्ययन अति आवश्यक हुन्छ । साहित्य समीक्षा गर्ने क्रममा यस अध्यायमा अहिले काष्ठकलाको बारेमा लेखिएका विभिन्न पुस्तकहरूमा परेका सन्दर्भहरू र विद्वान्‌हरूको विचारहरू यस अध्यायमा समावेश गरिनेछन् ।

**तृतीय अध्याय**

तृतीय अध्यायमा काठमाडौं उपत्यकाको भौगोलिक अवस्था र ऐतिहासिक पृष्ठभूमिको बारेमा अध्ययन गरिनेछ । यस अन्तर्गत नेपालमा विभिन्न समयमा राज्य गर्ने राजवंशहरूको बारेमा छलफल गर्नुको साथै उनीहरूले कला तथा वास्तुकलाको विकासमा दिएको योगदानको चर्चा गरिनेछ । साथै सांस्कृतिक विकासमा भौगोलिक प्रभावको पनि चर्चा गरिनेछ ।

**चतुर्थ अध्याय**

यस अध्यायमा काष्ठकलाको उत्पत्ति विकासको साथसाथै नेपालमा काष्ठकलाको प्राचीनताको बारेमा चर्चा गरिनेछ । साथै नेपालमा विभिन्न कालमा भएको काष्ठकलाको चर्चा, पुरातात्विक, साहित्यिक र विदेशीहरूको वर्णनको आधारमा छलफल गरिनेछ ।

**अध्याय पाँच**

यस अध्यायमा नेपालमा भएका काष्ठकलाका विविध स्वरूपहरूको चर्चा गरिनेछ । यसअन्तर्गत विशेष गरी काठका मूर्तिहरूको प्राचीनता, नेपालमा भएका काठका महत्त्वपूर्ण मूर्तिहरू र तिनीहरूको धार्मिक र सांस्कृतिक महत्त्व, काठमाडौं उपत्यकाका घर, दरबार, पाटी, पौवा, मन्दिर, विहारहरूमा भएका विभिन्न प्रकारका ढोकाहरू र तिनीहरूमा कुँदिएका विभिन्न किसिमका मूर्तिहरू, विभिन्न वास्तुकलाका नमूनाहरूमा भएका झ्यालहरू र तिनीहरूका प्रकार र प्राचीनता, मन्दिर र दरबार र विहारमा भएका टुँडालहरूको प्राचीनता, तिनीहरूको प्रकार र सामाजिक, धार्मिक जीवनमा तिनीहरूको महत्व र टुँडालहरूमा कुँदिएका विभिन्न धर्मसँग सम्बन्धित मूर्तिहरूको पहिचान र वर्णनका साथै नाल (Beam), मेठ (Bracket), कार्नेस (Entablature), कप्पु (Lintel) र तोरणहरूमा भएको काष्ठकलाको पनि चर्चा गरिनेछ । यसका साथै काष्ठकलाका हरेक स्वरूपको सचित्र वर्णन (Photographic) पनि गरिनेछ । यसको लागि काठमाडौं उपत्यकाका विभिन्न ठाउँहरूको भ्रमण गरी महत्त्वपूर्ण नमुनाहरूको फोटो पनि खिचिने छ ।

**छैठौं अध्याय**

यस अध्यायमा हिन्दू र बौद्ध तान्त्रिक पक्षलाई नेपाली काष्ठकलाले दिएको योगदानको चर्चा गरिनेछ । साथै काष्ठकलामा भएका कामकलासम्बन्धी विविध पक्षको पनि चर्चा गरिनेछ ।

**सातौं अध्याय**

यस अध्यायमा विशेष गरी नेपाली काष्ठकलाको मौलिकताको बारेमा चर्चा गर्दै नेपाली सामाजिक र सांस्कृतिक जीवनसँग सम्बन्धित विभिन्न काष्ठकलाका नमूनाहरूको चर्चासमेत यस अध्यायमा गरिनेछ ।

**आठौं अध्याय**

यस अध्यायमा काष्ठकलाका विनाशका कारणहरूको चर्चा गरिनेछ । साथै विभिन्न कालमा काष्ठकलाको संरक्षणमा देखिएका समस्याहरूको चर्चा गरिनेछ । साथै वर्तमान समयमा काष्ठकलाको संरक्षणमा देखिएका विभिन्न चुनौतीहरूको चर्चा समेत यस अध्यायमा गरिनेछ ।

**नवौं अध्याय**

यस अध्यायमा सम्पूर्ण अध्यायहरूमा लेखिएका कुराहरूको संक्षेपमा चर्चा गरिनेछ । जसले उक्त शोधकार्यको निचोड थाहा दिन सहयोग पुऱ्याउनेछ ।

## शोधकार्यका सीमाहरू (Limitations)

मध्यकालीन काष्ठकला एउटा विस्तृत र जटिल विषयवस्तु भए तापनि यसका पनि निश्चित सीमाहरू रहेका छन् । यसका सीमाहरूसँग शोधकर्ता पूर्णरूपमा जानकार रहेको छ । त्यसैले शोधकर्ता विशेष गरी मध्यकालीन काष्ठकलाको अध्ययनमा (१३औं देखि १८औं शताब्दी) बीचको समयलाई मात्र लिइएको छ । यस कार्यको लागि १३औं देखि १८औं शताब्दी बीचमा बनेका काष्ठकलाका विभिन्न स्वरूपहरूको अध्ययनमा विभिन्न प्रमाण र तथ्यहरूको आधारमा गरिनेछ । उक्त विषयमा प्रशस्त मात्रामा प्रमाणहरू र तथ्यहरू भेटिएमा खोजका अध्यायहरू पनि बढ्नेछन् भने स्थलगत अध्ययन र पुस्तकालयहरूको अध्ययनमा प्रमाणित श्रोत प्रष्ट हुन नसकेमा केही महत्त्वपूर्ण अध्यायहरू घट्न पनि सक्नेछन् र अध्ययनको सीमा पनि कम हुनसक्ने छ ।

शोधकर्ताको क्रममा अनुसन्धानकर्ताले योग्य र व्यावसायी छविकारलाई लिएर काठमाडौ, पाटन, भक्तपुर, पनौती, चाँगु, साँखु, बनेपा, गोकर्ण, ठेचो, बुङ्गमती क्षेत्रमा भएका महत्वपूर्ण र बहुमूल्य ढोका, झ्याल, स्तम्भ, मूर्ति, टुँडाल, तोरण, नाल (Beams), कप्पु (Lintels), मुसी (Rafters) हरूको फोटोहरू संकलन गर्ने कार्यसमेत गर्नेछ । जसले काष्ठकलाका विविध पक्षको अध्ययन गर्न सहयोग पुऱ्याउनेछ । साथै आवश्यक परेमा विभिन्न काष्ठकलाका नमुनाहरूको रेखाचित्र (Drawing) हरू पनि समावेश गर्ने प्रयास गरिनेछ ।

शोधकार्य तयार गर्दा मानविकी तथा सामाजिक विज्ञान संस्थाबाट तयार पारिएको मापदण्ड र अनुसन्धानपद्दतीलाई अनुसरण गरी शोधकार्यमा पादटिप्पणी र सन्दर्भग्रन्थ दिइनेछ ।

शोधकर्ताले यस प्रस्तावको साथसाथै शोधकार्यको समयतालिका पनि समावेश गरेको छ ।

# अध्याय दुई
## साहित्य समीक्षा

कुनै पनि विषयवस्तुको अध्ययनको लागि निश्चित स्रोत र साहित्यको आवश्यता पर्छ जसको अभावमा कुनै पनि शोध सम्पन्न हुन सक्दैन । नेपाली मध्यकालीन काष्ठकलाको अध्ययनका लागि पनि विगतमा विभिन्न विद्वान्हरूद्वारा लेखिएका ग्रन्थहरूको अध्ययन अति आवश्यक देखिन्छ । नेपालमा सन् १९५० को दशकपछि मात्र नेपालको इतिहास व्यवस्थित तरिकाले अध्ययन गर्ने परम्परा शुरूवात भएको हो । यस भन्दा पूर्व लेखिएका पुस्तकहरू प्रायः वंशावली, पुराणहरू र यात्रावृत्तान्तमा आधारित रहेका छन् । सन् १९५० पछिका दिनहरूमा स्वदेशी तथा विदेशी विद्वान्हरूद्वारा नेपालको इतिहास, संस्कृति, कला, वास्तुकला र धर्मको बारेमा विभिन्न पुस्तकहरू प्रकाशित गरिएका छन् । ती पुस्तकहरूमा नेपाली काष्ठकलाको बारेमा केही पक्षहरूको मात्र चर्चा भएको पाइन्छ । तल ती पुस्तकहरूमा वर्णन भएका काष्ठकलासम्बन्धी विवरणहरूको संक्षिप्त रूपमा चर्चा गरिनेछ ।

नेपालको इतिहास लेखनमा महत्त्वपूर्ण योगदान दिने P. Landon ले आफ्नो पुस्तक 'Nepal' भन्नेमा नेपालको दरबार, पाटी, पौवा, विहारहरूमा भएको काष्ठकलाको चर्चा गर्नुभएको छ । वहाँका पुस्तकमा विशेष गरी शिवसिंह मल्लकी रानी गंगा मल्लले पशुपति र चार नारायणको मन्दिर जीर्णोद्धार गरेको, लक्ष्मीनरसिंह मल्लको पालामा काष्ठमण्डपको निर्माण भएको उल्लेख र उक्त मण्डप एउटै रूखबाट बनेको वर्णन, महेन्द्र मल्लद्वारा तलेजु मन्दिर निर्माण, पाटन क्षेत्रमा भएका मन्दिरहरूमा र दरबार र विहारहरूमा भएको काष्ठकलाको प्रशंसा, भक्तपुर क्षेत्रमा भएका विभिन्न मन्दिर, दरबार र पाटीहरूको निर्माणकाल र ती वास्तुकलामा भएका काष्ठकलाहरूको प्रशंसा, भक्तपुर क्षेत्रमा भएका घरहरूको काष्ठकलाको प्रशंसा साथै काठमाडौं, भक्तपुर र पाटन क्षेत्रमा भएका दरबार, मन्दिर, विहार, पाटी, पौवाहरूमा भएका काष्ठकलाले भरिपूर्ण झ्यालढोका, टुँडालहरू, मेठ (Bracket) हरू, कप्पु (Lintel) हरू र नाल (Beam) हरूको व्यापक रूपमा प्रशंसा भएको छ ।[2]

उक्त पुस्तकमा नेपाली इतिहास र संस्कृतिको प्रशंसा मात्र भएको पाइन्छ । काष्ठकलाका विविध पक्षको विस्तृतरूपमा वर्णन भएको पाइँदैन ।

त्यसैगरी An Account of Kingdom of Nepal भन्ने पुस्तकका लेखक Hamilton हुन यसमा नेपालको इतिहास विशेष गरी आधुनिक इतिहासको राम्रो चित्रण भएको पाइन्छ । यो पुस्तक नेपाली मध्यकालीन र आधुनिक इतिहास अध्ययनको लागि अति उपयोगी मानिन्छ । यस पुस्तकमा केही ठाउँहरूमा फाटफुट रूपमा नेपाली काष्ठकलाको चर्चा भएको पाइन्छ ।

---

2 P. Landon, **Nepal, Vol. I and II**, (Kathmandu : Ratnapustak Bhandar, 1976).

विशेष गरी काठमाडौं उपत्यकामा भएका विभिन्न मन्दिरहरूको टुँडालहरूको चर्चा भएको पाइन्छ र केही काष्ठकलाका अन्य स्वरूपहरूको पनि वर्णन पाइन्छ ।[3] यस पुस्तकमा पनि अन्य पुस्तकहरूमा जस्तै काष्ठकलाको प्रशंसा मात्र भएको पाइन्छ । अन्य कुराहरू पाइँदैन ।

William Kirkpatrick ले आफ्नो पुस्तक An Account of the Kingdom of Nepal भन्ने पुस्तकमा नेपालको इतिहाससम्बन्धी विविध पक्षको बारेमा विस्तृतरूपमा चर्चा गर्नुभएको छ । वहाँद्वारा लिखित उक्त पुस्तक नेपाली इतिहासको अध्ययनको लागि महत्त्वपूर्ण मानिन्छ । वहाँद्वारा लिखित यस पुस्तकमा नेपाली काष्ठकलाको चर्चा विभिन्न ठाउँमा भएको पाइन्छ । विशेष गरी काठमाडौं उपत्यकामा भएका विभिन्न मन्दिरहरूको उल्लेख गर्नुको साथै उक्त मन्दिरहरूमा भएको काष्ठकलाको सतहीरूपमा वर्णन भएको छ ।[4]

यस पुस्तकमा पनि काष्ठकलाको प्रशंसा मात्र गरिएको पाइन्छ । काष्ठकलासम्बन्धी अन्य विवरणहरूको अभाव यस पुस्तकमा पनि रहेको छ ।

Nippon Institute of Technology Research Mission 1981 द्वारा लिखित "The Royal building of Nepal" भन्ने पुस्तकमा नेपाली काष्ठकलाका विविध पक्षको बारेमा वर्णन भएको पाइन्छ । यस पुस्तकमा जापानी र नेपाली Pagoda शैलीका मन्दिरहरूमा भएका भिन्नता, नेपाली मुठल (Eave board) र जापानी मुठल (Eave board) हरूमा भिन्नता, नेपाली टुँडालहरूको वर्णन, मन्दिर, दरबार, विहारहरूमा भएका झ्यालढोकाहरूको वर्णन, दरबारहरूका खम्बाहरूको विस्तृत रूपमा वर्णन र रेखाचित्र (Drawing) बनाई विश्लेषण, पाटनको सुन्दरी र मूलचोकमा भएका विभिन्न महत्वपूर्ण काठका खम्बाहरूको सूक्ष्म अध्ययन साथै खम्बाहरूलाई मोटा खम्बाहरू (Thick pillar) र पातला खम्बाहरू (Slender pillar) गरी विभाजन, टुँडालहरू (Struts) हरूको विभाजन र वर्णन, देवीदेवता र लौकिक विषयसँग सम्बन्धित मूर्तिहरूको वर्णन, साथै झ्यालहरूको प्रकारको उल्लेख, विशेष गरी single is divided windows, series of window of three or five frames and balcony style of window with a latish using the whole plar of the certain story तीन प्रकारको उल्लेख, साथै विभिन्न मन्दिर, दरबार र विहारहरूमा भएका तोरणहरूको उल्लेख भएको पाइन्छ ।[5]

यो पुस्तक नेपाली काष्ठकलाको अध्ययनको लागि उपयोगी देखिए तापनि यसमा पनि काष्ठकलाको विविध पक्षहरू समावेश गरेको पाइँदैन । यो पुस्तकको प्रमुख लक्ष्य दरबारहरूको वास्तुकला अध्ययनमा सीमित भएको छ । काष्ठकलाको वर्णन वास्तुकलाको वर्णन गर्ने क्रममा

---

3 F.B. Hamilto, **An Account of the Kingdom of Nepal**, (Delhi : Manjushree Publishing House, 1971), pp. 40-41.

4 W.J. Kirkpatrick, **An Account of the Kingdom of Nepal**, (New Delhi : D.K. Publishers, 1969).

5 **The Royal Building of Nepal,** (Japan : Nippon Institutes of Technology Research Mission, 1981), pp. 20-70.

भएको पाइन्छ । काष्ठकलाको छुट्टै वर्णन भएको पाइदैन । साथै काष्ठकलाको धार्मिक, सामाजिक र सांस्कृतिक महत्त्वलाई उक्त पुस्तकले समेट्न सकेको पाइँदैन ।

S.B. Deo द्वारा लिखित Glimpses of Nepal Woodwork भन्ने पुस्तक यो शोध कार्यको लागि अति उपयोगी पुस्तक देखिन्छ । अहिलेसम्म लेखिएका पुस्तकहरूमा भन्दा यस पुस्तकमा नेपाली काष्ठकलाको सम्बन्धमा धेरै पक्षलाई समेटिएको पाइन्छ । यस पुस्तकमा विशेष गरी १३औं शताब्दीका मानिएका पाटनको रूद्रवर्ण महाविहारका टुँडालहरू, १४औं शताब्दीका मानिएका छुस्यावहाल, मुस्यावहाल र पनौतीको इन्द्रेश्वर महादेवका टुँडालहरू, बनेपाको मन्दिर र पशुपतिको भुवनेश्वरी मन्दिरका टुँडालहरूको वर्णन, काठमाडौं, ललितपुर र भक्तपुर क्षेत्रमा भएका विहार, मन्दिर, दरबार र घरहरूमा भएको काष्ठकलाको वर्णन र तिनीहरूको कला निर्धारण काठमाडौं, भक्तपुर र ललितपुर क्षेत्रमा भएका विभिन्न काष्ठकर्मीहरूको वर्णन र उनीहरूद्वारा बनाइएका काष्ठकलाको उल्लेख, काष्ठकलाको लागि प्रयोग गरिने औजारहरू र तिनीहरूको नाम जस्तैः

1. Basila:- Adze of Iron
2. Batan:- Right angle
3. Batra han:- Various typs of Chisel with wooden handles
4. Burma:- Drill
5. Buskha:- medium wood shaver or scrapper.
6. Hakhi:- a string dipped in black color and with a square plan attached of one end.
7. Kati:- Saw
8. Khal buskha Namuga:- small wood scraper
9. Namoga:- Hammer with iron head
10. Randha:- Wood shaver
11. Selinga:- small wood scraper
12. Tuhan:- Iron chisel with square, flat head and splayed, thin convex cutting edge.
13. Wocha:- A file
14. A mumber of small pointed pokers and chisels for deep carving and corner dressing.[6]

हरूको उल्लेख, साथै यी औजारहरूको प्रयोग विभिन्न किसिमका काठहरूको प्रयोग गरी हुने उल्लेख, साथै विभिन्न विहार, दरबार, पाटी, पौवाहरूमा प्रयोग भएको काठको उल्लेख, काष्ठकलाका विविध स्वरूपहरू तयार गर्ने तरिका र प्राविधिकहरूको उल्लेख, नेपाली

---

[6] S.B. Deo, **Glimpses of Nepal Wood Work,** (Calcutta : Indian Society of Oriental Art, 1968-69), pp. 15-38.

काष्ठकलाका महत्त्वपूर्ण स्वरूपहरूमध्ये ढोकाहरूको उल्लेख र ढोकाहरूलाई विभिन्न भागमा विभाजन, चार किसिमका ढोकाहरूको उल्लेख । ती हुन् : Rectangular, Triple cusped or trefoil, foliated and arched, साथै ढोकाहरूमा चित्रित गरिएका विभिन्न किसिमका मूर्ति र चित्रहरूको उल्लेख, ढोकाहरूमा पाँच किसिमका चित्रहरू कुँदिएको उल्लेख । ती हुन (धार्मिक) Religious, Floral Geometrical, animal, human and combined, ढोकाहरूको वर्णनको साथसाथै स्तम्भ (pillars), मेठ (d]7 -Brackets), कार्नेस (entablature), टुँडाल (struts), ढोका (window), तोरण (tympanum), नस (wall band) र मुठल (eaves board) हरूको पनि विस्तृत रूपमा वर्णन गर्नुभएको छ । काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा भएका दरबार, विहार र मन्दिरहरूमा भएका स्तम्भ (pillars) हरूको बारेमा पनि उक्त ग्रन्थमा उल्लेख भएको छ । ती हुन:-

1. Those with square shaft
2. Those with cylindrical shaft
3. Cypress pillars
4. Pillars with composite feature

खम्बाहरूलाई विभिन्न भागमा बाँड्नुको साथै खम्बाको तलदेखि माथिसम्मको विभिन्न भागलाई भनिने नामहरूको पनि चर्चा गरिएको पाइन्छ । साथै काठका मेठ (Bracket) हरूको पनि वर्णन भएको पाइन्छ । लेखकले काठका मेठ (Bracket) हरूलाई छ भागमा बाँडी वर्णन गर्नुभएको । ती हुन् :-

1. Floral motif
2. Animal motif like that of a dragon, elephant deer etc.
3. Semi-divine beings.
4. Mythological scenes connected with the Krishna legand such as his fight with demons in Animal and human forms his dalliances with the gopis seenes from the Rama legends, specially sita shown seated dejected in Lanka and Hanuman visiting her.
5. The Buddhist, Saiva, Vaisnava, and tantric deities, Laxmi, tantric gods, Ganesh, Sivalingas, Astamangalas like and Purna-ghata and the book, in combination with the decorative motif of monkeys playing on trees, and
6. Secular motif like hunting scene, amorous couples, devotees paying homage to the chitya, and other scenes from everyday life. [7]

यसरी विभिन्न मेठ (Bracket) हरूको उल्लेख गर्नुको साथै ती मेठ (Bracket) हरूमा कुँदिएका मूर्तिहरूको उल्लेख भएको पाइन्छ । साथै कार्नेस (Entablature) हरूको पनि विस्तृत रूपमा वर्णन गर्नुभएको छ र कार्नेस (Entablature) मा कुँदिएका मूर्तिहरूको पनि विस्तृत

[7] *Ibid*.

रूपमा वर्णन भएको पाइन्छ । मन्दिर, दरबार र विहारहरूमा भएका टुँडालहरूको पनि लेखकद्वारा स्पष्ट रूपमा वर्णन भएको उल्लेख गर्दै टुँडालहरूलाई दुइ भागमा विभाजन गरी वर्णन गर्नुभएको पाइन्छ । ती हुन् :-

1. The corner struts and
2. The struts of other places. The Former are invariably shaped like phonics griffin or vyalas. These are winged animal with mixed physiognomy. Normally they are placed singly, but struts depicting two griffins also known from the museum at Patan and Bhadgaon.

लेखकले Corner Struts हरू चार भागमा विभाजन गर्नु भएको छ । ती हुन्:-

1. Sinhga: Lion
2. Bhenra Singha: Ram-horned lion.
3. Maga Singha: Goat-horned lion, and
4. Garuda Singha: Garuda-faced lion.

चार कुनामा भएका टुँडालहरू बाहेक अन्य ठाउँमा हुने टुँडालहरूलाई लेखकले २ भागमा विभाजन गरी वर्णन गर्नु भएको छ । ती हुनः-

1. Struts with religious motif: These consists of the figures of the Lokeswaras; tantirc deities; shiva and his forms like Bhairava, Shiva-Parvati; Vishnu and his ten incarnation like Trivikrama, Varaha, Balrama, Ganapati; Astamatrika; Bodhisativas and gods like Varuna and Agni.
2. Semi religious motif: This grows comprises representation of mythological figures those of Bhimsena, gods, associated with constellations, Salabhanjika etc.

साथै टुँडालसँग सम्बन्धित विविध पक्षको पनि लेखकद्वारा वर्णन भएको पाइन्छ । लेखकले झ्यालहरू पनि राम्रोसँग विवेचना गर्नुभएको छ । वहाँले झ्यालहरूलाई चारवटा समूह (group) मा विभाजन गर्नु भएको छः-

1. Those with geometrical decoration.
2. Those with religious or semi-religious motif.
3. Those with Floral decoration and
4. Those with birds, animal or dragon-serpentine motif.[8]

लेखकले मन्दिरहरूमा, दरबारहरूमा र अन्य ठाउँहरूमा भएका काठका तोरणहरूको पनि उल्लेख गर्नुभएको छ । वहाँले तोरणहरूलाई तीन भागमा विभाजन गर्नुभएको छ । ती हुन्:-

1. Jhal torana: The torana above the windows,

---

8 *Ibid.*

2. Dyo torana: Torana above the entrance of the shrine,
3. Dalan torana: torana on the pillars[9].

साथै लेखकले नस (Wall band) हरूमा भएको काष्ठकला र मुठल (Eaves boards) हरूमा भएको काष्ठकलाको पनि वर्णन गर्नु भएको छ। यसमा सबै सांकेतिक अर्थ र सामाजिक जीवनसँगको महत्त्वलाई पनि प्रकाशित गर्न खोज्नुभएको छ।

उक्त पुस्तक अहिले प्रकाशित काष्ठकलाको बारेमा लेखिएका पुस्तकमा नेपाली काष्ठकलाका विविध पक्षहरूको बारेमा विस्तृतरूपमा वर्णन गर्न खोज्नु भएको छ। तर नेपाली काष्ठकलाको वर्णन गर्दा नेपाली काष्ठकलाको उत्पत्ति र विकास, काष्ठकलाको नाश हुने कारणहरू, संरक्षणका उपायहरू, काष्ठकलाको धार्मिक पक्ष र काष्ठकलाको सर्वमान्य महत्त्वपूर्ण रूप मूर्तिकलालाई लेखकले आफ्नो शोधग्रन्थ (Monograph) मा समावेश गर्न सक्नुभएको पाइँदैन। त्यसकारण केही त्रुटिहरू पनि यस पुस्तकमा नदेखिने होइनन्।

नेपालका प्रख्यात इतिहासकार D.R. Regmi ले आफनो पुस्तक Medieval Nepal, Part II मा नेपाली काष्ठकलाको वर्णन गर्नुभएको छ। वहाँले नेपाली काष्ठकलाको प्रशंसा यसरी गर्नु भएको छः

> Wood carving in Nepal had attained the heighest form of art ever attained in the field. No other country can lay a claim to such a high degree of attainment. The carved work on wood is also abundantly found and its numerical superiority is rivalled only by stone. Windows, doorways and cornices, fringes and architrve struts as well as other kinds of supportings beam of the roof, beams and columns and individual wood pieces with carving of divine images and the object of wood work. We are in particularly taking notice of the struts images in the courtyard of palaces of the three cities and temple of Yaksesvara, Pasuphati, Changunarayan, the two narayan temple in the locality of Ko-bahal and Bhimsen temple of Patan, a separate image of Dipankar in the Nepal Museum as well as the richly carved tympanum in some of the monastries over their door ways and window.[10]

साथै वहाँले शुरू मध्यकालमा काष्ठकलाका उत्कृष्ट मूर्तिहरू बनेको उल्लेख समेत गर्नुभएको छ। यसका साथै तीनवटै दरबारमा भएका मूलचोकका काठका टुँडालहरू, पाटन दरबारको सूर्य झ्याल, दरबारहरूमा भएका काठका कप्पु (Lintel), कार्नेस (Entablature) र तोरणहरूको उल्लेख, पाटनको भीमसेन मन्दिरमा भएका टुँडालहरू, विभिन्न मन्दिर, दरबार र विहारमा भएका तोरण (Tympanum), चौकोस (Doorframe) हरूको समेत वर्णन गर्नुभएको छ।

---

9 *Ibid*.

10 D.R. Regmi. **Medieval Nepal Part II**, (Calcutta : Firma K.L. Mukhopadhyay, 1996), pp. 929-930.

साथै D.R. Regmi ज्यूले काठका विविध स्वरूपमा कुँदिएका पशुपंक्षीहरू जस्तै हात्ती, सिंह, ड्रागन, माछाहरू, भ्यागुताहरू, मयूर र विभिन्न किसिमका पंक्षीहरू र अप्सराको उल्लेख र वर्णन, भक्तपुरको कुमारीचोक र भैरवचोकमा भएका काष्ठकलामा विविध स्वरूपहरूको उल्लेख, राष्ट्रिय संग्रहालयमा भएको दिपांकरबुद्धको मूर्तिको उल्लेख, काठमाडौंका विविध मन्दिरहरूमा भएका टुँडाल, भ्याल, ढोका र सभ्याहरूको उल्लेख र तोरणहरूको वर्णन गर्नुभएको छ ।

नेपालका प्रसिद्ध इतिहासकार D.R. Regmi द्वारा लिखित यस पुस्तकले नेपालको इतिहाससम्बन्धी विविध पक्षको वैज्ञानिक तरिकाले विश्लेषण र अध्ययन गर्न ठूलो सहयोग पुऱ्याएको छ । इतिहासको क्षेत्रमा हालसम्म प्रकाशित पुस्तकहरूमा यो जस्तो विस्तृत र वैज्ञानिक पुस्तक प्रकाशित भएको छैन । उक्त अति महत्त्वपूर्ण पुस्तकमा नेपाली काष्ठकलाको उल्लेख गर्ने क्रममा मात्र नेपाली काष्ठकलाको प्रशंसा मात्र भएको पाइन्छ । काष्ठकलासम्बन्धी विविध पक्षहरूको जस्तै धार्मिक, सांस्कृतिक, सामाजिक र दार्शनिक पक्षको विवेचना भएको पाइँदैन । त्यसकारण उक्त पुस्तक नेपाली इतिहासको लागि महत्त्वपूर्ण मानिए तापनि काष्ठकला अध्ययनको लागि मात्र केही पक्षहरू मात्र प्राप्त गर्न सकिन्छ ।

नेपाली काष्ठकलाको बारेमा लेखिएको अर्को ग्रन्थ Art of Nepal हो जसको लेखिका Amita Ray हुन । यस पुस्तकमा नेपालीका विविध स्वरूपको उत्पति, विनाश, प्राचीनता, नेपाली कलामा देखापरेको बाह्य प्रभाव, नेपाली चित्रकला, मूर्तिकलाका विशेषताहरूमा वर्णन भएको पाइन्छ । यस पुस्तकमा नेपाली कलाका महत्त्वपूर्ण नमुनाहरूको सचित्र वर्णन पनि भएको छ । यसका साथै नेपाली काष्ठकलाको पनि केही पृष्ठमा चर्चा भएको पाइन्छ । नेपाली काष्ठको प्रशंसा गर्दै आफ्नो पुस्तकमा लेखिकाले निम्न लिखित शब्दहरू व्यक्त गर्नुभएको छ :-

> *The art of wood carving is indeed the pride of Nepal. Both in secular and religious building, wood beautifully shaped and formed and covered in intricate pattern and design was extensively used in doorframe, doorleaves, windows cornices, Bracket, lintels, struts, pillars, pilasters, and architrave, infact in all available surfaces of wood as it were. Apart from vegitale and geometrical forms of all conceivable varieties human and animal forms of life and myths too enrich the reportery of these wood carving which is still a live art of Nepal. The wood that was used in the old temples and palaces of Kathmandu, Patan and Bhadgaon.*[11]

साथै नेपाली काष्ठकलाका उत्कृष्ट नमुनाहरूको उल्लेख, १३औं १४औं शताब्दीका काष्ठकलाका उत्कृष्ट नमुनाहरूको उल्लेख, रूद्रवर्ण महाविहारका टुँडालहरूको १४औं शताब्दीका मुख्य मुख्य वहालका टुँडालहरूको साथै १५औं १६औं र १७औं शताब्दीका मानिएका बनेपा र भुवनेश्वरी मन्दिर कीर्तिपुर, पाटन र भक्तपुर र काठमाडौं क्षेत्रमा भएका महत्त्वपूर्ण टुँडालहरूको उल्लेख गर्नु भएकोछ ।

अमिता रेद्वारा लिखित यो पुस्तक नेपाली कलाको अध्ययनको लागि महत्त्वपूर्ण मान्न सकिन्छ तर यस पुस्तकमा काष्ठकलाको २ पृष्ठमा उल्लेख भएको पाइन्छ । नेपाली काष्ठकला जस्तो विशाल विषयवस्तुमा वहाँको नजर कम गएको पाइन्छ । यस पुस्तकमा काष्ठकलाको उत्पत्ति, विकास, काष्ठकलाको प्राचीनता, काष्ठकलाका महत्त्वपूर्ण स्वरूपहरू झ्याल (Window), ढोका (Door), तोरण (Tympanum), कप्पु (Lintel), कार्नेस (Entriblatune), टुँडाल (Strurts), मेठ (Bracket) र नाल (Beam) हरूको बारेमा उल्लेख भएको पाइँदैन । साथै काष्ठकलाको शास्त्रीय पक्षलाई पनि समावेश गरिएको पाइँदैन । समष्टीगत रूपमा उक्त पुस्तकको विश्लेषण गर्दा उक्त पुस्तकमा पनि अन्य पुस्तकहरू जस्तै नेपाली काष्ठकलाको बढी मात्रामा प्रशंसा भएको पाइन्छ ।

Himalayan Art भन्ने पुस्तकमा *Madanjeet Singh* ले नेपाली काष्ठकलाको चर्चा गर्नुभएको छ । उक्त पुस्तकमा नेपाली काष्ठकलाको वर्णन यसरी गरिएको छ ।

> The wood work are among the most notable artistic achievements of Nepal. The name of Kathmandu Valley which means the Valley of Wooden temples is suggestive of its wooden architecture lavishly decorated with thousands of tudals (carved brackets), unfortunately, there is no extent wooden structure that has been dated earlier than 1394$^{th}$ century A.D.[12]

पुस्तकका लेखक मदनजीत सिंहले केही नेपाली काष्ठका मूर्तिहरूको सचित्र वर्णन पनि गर्नुभएको छ।

---

11 Amita Ray, **Art of Nepal,** (Delhi : Indian Council for Cultural Relation, 1973), pp. 43-45.

12 Madanjeet Singh, **Himalayan Art**, (New York : New York Graphic Society, 1968), pp 226.

उक्त पुस्तकमा नेपाल, भारत, सिक्किम, भुटानमा भएका कलाकृतिहरूको सचित्र वर्णन गर्नुको साथै कलाको इतिहासको राम्रोसँग व्याख्या गरिएको छ । तर नेपाली कलाको वर्णनको कुरा गर्दा वहाँले नेपाली प्रस्तर मूर्तिकलालाई र चित्रकलालाई बढी जोड दिँदै नेपाली काष्ठकलाको प्रशंसा केही काठका मूर्तिहरूको वर्णन गर्दै गर्नुभएको छ । कलाको लागि अति उपयोगी मानिने यस पुस्तकमा नेपाली काष्ठकलाको प्रशंसा वाहेक अरू केही पनि पाइँदैन ।

*Danaiel Wright* द्वारा लिखित History of Nepal भन्ने पुस्तकमा वंशावलीको आधारमा नेपाली प्राचीन इतिहासको वर्णन गरिएको छ । उक्त पुस्तकमा नेपालमा विभिन्न समयमा राज्य गर्ने राजवंशका विभिन्न राजाहरूको र उनीहरूले गरेका महत्त्वपूर्ण कार्यहरूको चर्चा गर्ने क्रममा उनीहरूले बनाउन लगाएका विभिन्न मन्दिरहरूको चर्चासमेत भएको पाइन्छ । साथै विभिन्न राजाहरूको पालामा बनेका मूर्तिहरूको समेत चर्चा पाइन्छ । नेपाली कलासँग सम्बन्धित काष्ठकलाका महत्त्वपूर्ण पक्षको पनि चर्चा विभिन्न ठाउँमा पाइन्छ ।[13]

तर उक्त पुस्तकमा काष्ठकलाका विभिन्न स्वरूपहरूको चर्चा गर्दा मात्र तिनीहरूको सौन्दर्य र कलाकारिताको चर्चा भएको पाइन्छ । काष्ठकलाका विविध पक्ष बारे विस्तृत उल्लेख भएको पाइँदैन । त्यसकारण नेपाली इतिहासको अध्ययनको उपयोगी यस पुस्तकमा काष्ठकलाको प्रशंसा बाहेक केही पनि पाइँदैन ।

त्यसै गरी नेपाली इतिहास लेखनमा महत्त्वपूर्ण योगदान दिने प्रख्यात विद्वान् Silvan Levi ले आफ्नो पुस्तक Le Nepali: Etude Historique d'um royaume Hindou मा नेपालको इतिहाससँग सम्बन्धित विविध पक्षको साथै नेपालमा विविध जानकारीहरूको चर्चासमेत गर्नु भएको उक्त पुस्तकमा नेपाली इतिहासको अध्ययनको लागि अति उपयोगी मानिन्छ । उक्त पुस्तकमा नेपाली काष्ठकलाको प्रशंसा विभिन्न ठाउँमा भएको छ । साथै काष्ठकलाको अद्वितीय नमुनाको रूपमा रहेका काष्ठमण्डपको समेत विस्तृत वर्णन पाइन्छ ।[14]

तर यस पुस्तकमा काष्ठकलाका विविध पक्षको बारेमा उल्लेख भएको पाइँदैन । अन्य पुस्तकहरू जस्तै यसमा पनि नेपाली काष्ठकलाको सौन्दर्यमा प्रशंसा मात्र भेटिन्छ । हालसालै उक्त पुस्तकको नेपाली अनुवाद पनि बजारमा आएको छ ।

*H.A. Oldfield* ले आफ्नो पुस्तक "Sketches from Nepal" भन्ने पुस्तकमा नेपालको इतिहास, संस्कृति नेपालका विविध निवासीहरूको चर्चा समेत गर्नुभएको छ । नेपाली इतिहासका विविध पक्षको उल्लेख यस पुस्तकमा भएको पाइन्छ । नेपाली इतिहासका विविध पक्षको चर्चा गर्ने क्रममा वहाँले काष्ठकलाको पनि चर्चा गर्नु भएको छ । नेपाली काष्ठकलाको वर्णन वहाँबाट यसरी भएको छ :-

---

[13] D. Wright , **History of Nepa**l, (Kathamdnu : Ratna Pustak Bhandar, 1976).

[14] S. Levi, **Le Nepal: Etude historique d'um royaume Hindou**, (Paris : Etudes d'art et ethologie asiatiques, 1905-1908).

> None of the house consist of less than two floors and they are mostly three, four, or even five stories high. They are strongly built of red burnt brick and have overhanging pent tiled roof, the projecting eaves of which rest upon a number of stout short wooden supports, which slope upwards from the wall of the house and are often curiously and elaborately carved into the shape of grotesque moonstone.[15]

नेपाली काष्ठकलाको प्रशंसा गर्नुका साथै लेखकद्वारा पाटनको मच्छेन्द्रनाथ मन्दिरका टुँडालहरूको वर्णन, पाटनका विभिन्न विहारहरूमा भएको काष्ठकला र पाटनकै थाहर विहारको काष्ठकलाको चर्चा पाइन्छ ।

तैपनि नेपाली इतिहासका विविध पक्षको अध्ययनको लागि उक्त पुस्तक अति उपयोगी मानिन्छ ।

त्यसैगरी Ernst and R.L. Waldschmidt ले आफ्नो पुस्तक Nepal: Art Treasurers from the Himalayas मा नेपालको इतिहास उल्लेख गर्ने क्रममा नेपाली कलाको विभिन्न राजवंशमा भएको विनाशको उल्लेख गर्नु भएको छ । यस पुस्तकमा काष्ठकलाको त्यति वर्णन र प्रशंसा भएको नभए तापनि काष्ठकला महत्त्वपूर्ण स्वरूप मानिने काष्ठका मूर्तिहरूको सचित्र वर्णन भएको पाइन्छ । उक्त पुस्तकमा सत्रौं/अठारौं शताब्दीको भक्तपुर काष्ठकला संग्रहालयमा रहेको प्रसिद्ध नृत्यदेवीको मूर्ति, १८औं शताब्दीको भृकुटी, १७/१८औं शताब्दीको उमामहेश्वरको मूर्ति, १५/१६औं शताब्दीको ताराको मूर्ति, १७औं शताब्दीको दुर्गाको मूर्ति, १७औं शताब्दीको मानिएको ह्यग्रीव भैरवको मूर्ति, १७औं शताब्दीको मानिएको विष्णुको मूर्ति,१७औं शताब्दीको गणेशको मूर्ति, १७औं शताब्दीको शिवविश्वरूप, १६औं शताब्दीको मानिएको कलश, १६/१७औं शताब्दीको शिव-पार्वती टुँडाल र १७औं १८औं शताब्दीको तोरणको सचित्र वर्णन भएको पाइन्छ ।[16]

यस पुस्तकमा मूर्तिवाहेक काष्ठकलाका कुनै पनि पक्षको बारेमा वर्णन भएको पाइँदैन ।

*Ronald M. Bernier* द्वारा लिखित "Temples of Nepal" भन्ने पुस्तक नेपाली वास्तुकलाको लागि एउटा महत्त्वपूर्ण पुस्तक हो । यस पुस्तकमा लेखकले लामो समयसम्म काठमाडौंमा बसी अध्ययन गरेर उक्त पुस्तक प्रकाशित गरेका थिए । यस पुस्तकमा वास्तुकलाको विविध स्वरूपहरू मन्दिर, पाटी, पौवा, विहार, दरबार र स्तूपहरूको उत्पत्ति, विकास र विशेषता र अन्य महत्त्वपूर्ण पक्षको बारेमा विस्तृत रूपमा वर्णन भएको पाइन्छ । वास्तुकलाको वर्णन गर्ने क्रममा लेखकद्वारा वास्तुकलामा प्रयोग गरिएका काष्ठकलाका उत्कृष्ट नमुनाहरू जस्तै टुँडाल (Strurts), तोरण (Tympanum), ढोका (Door), चौकोस (Doorframe), कार्नेस (Entabulature), कप्पु (Lintels), झ्याल (Window), नस (Wall Band), र नाल

---

15 H. Ambrose Old-Field, **Sketches from Nepal**, (Delhi : Cosmos Publications, 1981), pp. 98-99.

16 Ernst and R.L. Waldschmidt, **Nepal: Art treasurers from the Himalayas**, (Calcutta : Oxford & IBH Publishing Company; 1969), pp. 138-144.

(Beam) हरूको विस्तृत रूपमा वर्णन गरेका छन् । वास्तुकलाको वर्णन गर्ने क्रममा पाटनको हरिशंकर मन्दिरमा भएका तोरण, carnices, टुँडाल र झ्याल ढोकाहरूको वर्णन, सिद्धिनरसिंह मल्लद्वारा निर्मित पाटनको विश्वनाथ मन्दिरमा भएका काठका उत्कृष्ठ झ्यालढोकाहरू, कुँदिएका कारनिसहरू, तोरणहरू र टुँडालहरूको वर्णन (उक्त मन्दिर इ.सं. १६२७ मा बनेको मानिने), पाटनकै भीमसेन मन्दिरमा भएका झ्यालढोकाहरू, टुँडालहरूको वर्णन, पाटन दरबारका कौसीहरूमा झुण्डिएका सुसज्जित कलाकृति (Ornate wooden overhangings balcony) हरूको वर्णन, तोरणहरूको वर्णन र कुम्भेश्वर मन्दिरमा भएका काठका झ्यालढोकाहरूको वर्णन भएको पाइन्छ । साथै भक्तपुर क्षेत्रमा अवस्थित पचपन्न झ्याले दरबारका झ्यालहरू, खम्बाहरू र ढोकाहरूको खम्बाहरू र ढोकाहरूको उत्कष्ठ कलाकारिताको वर्णन गर्नुको साथै पचपन्न झ्याले दरबाको काष्ठकलाको यसरी वर्णन गर्नु भएको छ -

> The first storey of the Durbar hall has numerous doors alternating with small wood carved window of simple design. Above this is wide cornice of deep carving eleven more elaborate windows each with a slanting torana over it, stand above the cornice in alternating large and small size. The third story also has a wooden cornice below it, without a wide ledge. Above this is a row of closely placed windows in a continuous wooden frame which extend all around the hall.

साथै लेखकद्वारा भक्तपुरको मूलचोकमा भएको काष्ठकलाको प्रशंसा यसरी गर्नु भएकोछ-

> The art work to be found here is among the best in Nepal and one of the windows is said to have been carved by King Bhupatendra Malla with his own hands.[17]

त्यसैगरी भक्तपुरकै कुमारी चोकमा भएका काष्ठकलाको प्रशंसा लेखकले यस प्रकार गरेका छन् :

> The Kumari temple is reported by among the most beautiful in Nepal, the windows becoming multiple frames for the most intricate of intertwined floral and symbolically geometric composition.[18]
>
> यसका साथै भूपतीन्द्र मल्लद्वारा निर्मित भक्तपुरको प्रसिद्ध मन्दिर न्यातपोल मन्दिरमा काठका टुँडालहरू, ढोकाहरू, झ्यालहरू, खम्बाहरू र तोरणहरूको वर्णन, भैरवनाथ मन्दिरमा भएका झ्यालढोकाहरूको वर्णन, दत्तात्रय मन्दिरमा भएका झ्यालढोकाहरूको वर्णन र पुजारी मठमा भएका झ्यालढोका, खम्बाहरूको विस्तृत रूपमा वर्णन गर्नुभएको छ । साथै पुजारी मठमा भएको काष्ठकलाको वर्णन यसरी गर्नुभएको छ :
>
> The outer door has a multi-coloured wooden torana of modest size as do each of the four wooden windows of first floor and seven windows of the second floor. The four large outer windows of second level have famous

---

17 Ronald M. Bernier, **The Temple of Nepal,** (Delhi : S. Chand and Company Limited, 1970), p. 101.

18 *Ibid*.

Peacock design filling them as near datratraya Bhaktapur, although the three center windows have geometric screening.[19]

यसका साथै काठमाडौं दरबार क्षेत्रमा भएका विभिन्न मन्दिरहरू जस्तै नारायण मन्दिरमा भएका झ्यालढोका, टुँडालहरू र तोरणहरूको वर्णन, काष्ठमण्डपमा भएको काष्ठकलाको वर्णन, शिवपार्वती मन्दिरमा भएका काठका नमुनाहरूको वर्णन, जग्गनाथ मन्दिरमा भएका काष्ठकलासँग सम्बन्धित टुँडालहरूको साथै झ्यालढोका र तोरणहरूको वर्णन, स्वेत मच्छेन्द्रनाथ मन्दिरमा भएका झ्यालढोका, टुँडाल र तोरणहरूको वर्णन, कुमारी मन्दिरमा भएका तोरण, ढोका झ्यालहरूको वर्णन, तलेजु मन्दिरमा भएका तोरण र टुँडालहरूको वर्णन, दरबारका विभिन्न चोकमा भएका काष्ठकलाका विविध स्वरूपहरूको वर्णन, कीर्तिपुर बाघभैरव मन्दिरमा भएका झ्याल, ढोका, टुँडाल र तोरणहरूको वर्णन, कीर्तिपुरकै भगवती मन्दिरको झ्यालढोका, टुँडाल र तोरणहरूको वर्णन, पशुपति मन्दिरमा भएका टुँडालहरूको वर्णन, चाँगुनारायण मन्दिरमा भएका टुँडाल, तोरण, झ्यालढोका, चौकोस (Doorframe) हरू र नस (Wall band) हरूको वर्णन, चण्डेश्वरी मन्दिरमा भएका टुँडलाहरूको वर्णन र पनौतीको इन्द्रेश्वर महादेव मन्दिरमा भएका टुँडाल, झ्यालढोका र तोरणहरूको वर्णन । यसबाहेक काठमाडौं उपत्यकास्थित अन्य मध्यकालीन मन्दिर, विहारहरूमा भएको काष्ठकलाको पनि यस पुस्तकमा उल्लेख पाइन्छ ।

वास्तुकलासम्बन्धी लेखिएको उक्त पुस्तकमा काष्ठकलाका विविध पक्षको वर्णन गरिएको पाइए तापनि उक्त पुस्तकमा काठका मूर्तिहरू, काष्ठकलाको प्राचीनता, इतिहास, धार्मिक पक्ष, सामाजिक पक्ष र सांस्कृतिक पक्षको बारेमा वर्णन भएको पाइँदैन । साथै काष्ठकलाको शास्त्रीय पक्षलाई पनि समेटिएको छैन । यस पुस्तकबाट विभिन्न मन्दिरहरूमा भएका टुँडाल, तोरण, झ्यालढोका, खम्बा, कार्नेस (Entabulature) र नाल (Beam) हरूको सरदर तिथि (Tentative dating) भने अवश्य थाहा पाइन्छ तर अरू पक्षको कुरा गर्दा यसको महत्व पनि अन्य पुस्तक सरह रहेको पाइन्छ ।

*Wolfgan Korn* द्वारा लिखित "The Traditional Architecture of Kathmandu Valley" पुस्तकमा काठमाडौं उपत्यकामा भएका मल्लकालिन दरबार र दरबार क्षेत्रमा भएका मठ, मन्दिर, पाटी, पौवा, विहार र मठहरूको निर्माण प्रक्रिया, जगको अध्ययन, विभिन्न मन्दिरको विकासक्रमको राम्रोसँग वैज्ञानिक तरिकाबाट अध्ययन गर्नु भएको छ । उक्त पुस्तक नेपाली वास्तुकलाको अध्ययनको लागि अति उपयोगी मानिन्छ । वास्तुकलाको अध्ययन गर्ने क्रममा वास्तुकलामा प्रयोग भएका काष्ठकलाका विभिन्न स्वरूपहरूको पनि विस्तृत रूपमा वर्णन गर्नु भएको पाइन्छ । विभिन्न दरबार, पाटी, पौवा, विहार, मन्दिर र मठमा भएका काठका स्तम्भहरू (Pillar), कप्पु (lintel), नाल -beams), नस (wall bands), झ्यालढोकाहरूको वर्णन गर्नु भएको

---

[19] *Ibid*.

छ । काठमाडौं उपत्यकाका विभिन्न स्मारकहरूमा भएका ढोकाहरूलाई बनोटको आधारमा उक्त पुस्तकमा A B C D गरी चार भागमा विभाजन गरिएको छ । ती हुनः-

1. A:- घरहरूमा प्रयोग गरिएका ढोका
2. B:- विहारहरूमा भएका ढोकाहरू
3. C:- मन्दिर र पूजारी बस्ने घरमा प्रयोग गरिएका ढोकाहरू र
4. D:- ठूला ठूला मन्दिरहरूमा प्रयोग गरिएका ढोका ।

त्यसैगरी झ्यालहरू पनि A B C D गरी चार भागमा विभाजन गरी चपझ्या, टिकीझ्या र गमझ्याहरूको वर्णन भएको पाइन्छ । साथै चार नारायण मन्दिर भएका काठका ढोका, झ्यालहरू, टुँडालहरू र विमहरूको वर्णन, माजुदेग झ्यालढोका, टुँडाल मुसी (Rafter), स्तम्भ (Pillar), नाल (Beam) हरूको वर्णन पाटनदरबारमा भएका झ्याल, ढोका, टुँडाल, खम्बाहरू, नाल, कप्पुहरूको वर्णन र व्याख्या, दरबार वरिपरि भएका विभिन्न मन्दिर, पाटी, पौवा भएका झ्यालढोका, टुँडाल, खम्बाहरूको वर्णन, हनुमानढोका दरबारमा भएका विभिन्न चोकहरूमा भएका झ्यालढोकाहरूको वर्णन, दरबार वरिपरि भएका मन्दिरहरूमा भएका झ्यालढोका, टुँडाल, तोरण र खम्बाहरूको वर्णन, भक्तपुर दरबारका विभिन्न चोकमा भएका झ्यालढोका,[20] टुँडाल, तोरण, नाल, नस (Wall band) हरूको वर्णन, दरबार वरिपरि भएका मन्दिर, पाटी पौवामा भएका काष्ठकलाका विविध स्वरूपहरूको वर्णन र पूजारीमठमा भएका झ्यालकोढा, खम्बाहरू र तोरणहरूको वर्णन भएको पाइन्छ ।[21]

नेपाली परम्परागत वस्तुकलाको सम्बन्धमा लेखिएको उक्त ग्रन्थमा काष्ठकला सम्बन्धी कुराहरू पनि समावेश गरेको पाइँदैन । साथै यसमा पनि काष्ठ संरचनाको मात्र प्रशंसा गरिएको छ । समष्टीगत रूपमा हेर्दा यसबाट पनि नेपाली काष्ठकलाको अध्ययनको लागि सामान्य जानकारी मात्र पाइन्छ ।

त्यसैगरी *N.R. Banarjee* द्वारा लिखित पुस्तक Nepalese Architecture मा पनि काठमाडौं उपत्यकाका विभिन्न टोलहरूमा भएका घरहरूको झ्याल, ढोकाहरूको वर्णन, देशेमरूझ्याको वर्णन, दरबार, पाटी, पौवा, विहार र मन्दिरहरूमा भएका झ्याल, ढोका, तोरण, टुँडाल, कप्पु, नाल र मेठ (Bracket) हरूको वर्णन, तोरणमा कुँदिएका कीर्तिमुख र गरूडको वर्णन, रूद्रवर्ण महाविहारमा भएका टुँडालहरूको वर्णन र तिनीहरूको समयको विवेचना भएको पाइन्छ ।[22]

---

20 Wolfgang Korn, **The Traditional Architecture of Kathmandu Valley,** (Kathmandu : Ratnapustak Bhandar, 1997), pp. 106-107.

21 *Ibid*.

22 N.R. Banarjee, **Neplese Architecture,** (Delhi : Agamkola Prakashan, 1980), pp. 2-3.

नेपाली वास्तुकलाको उत्पत्ति, विकास र संरक्षणको सम्बन्धमा देखिएका विभिन्न समयस्याहरूको सम्बन्धमा विवेचना गरिएको उक्त पुस्तकमा नेपाली शैली र शिखर शैलीका मन्दिरहरूको उत्पत्ति, विकास र प्राचीनताको सम्बन्धमा विशेष चर्चा भएको पाइन्छ । वास्तुकलाको वर्णन गर्ने क्रममा वास्तुकलामा प्रयोग हुने काष्ठकलाको पनि यस पुस्तकमा चर्चा पाइन्छ । तर यस पुस्तकबाट पनि नेपलाी काष्ठकलाको वैज्ञानिक अध्ययनको लागि सामान्य जानकारी भन्दा बढी केही पनि पाइँदैन । वास्तवमा भन्ने हो भने यस पुस्तकमा पनि नेपाली काष्ठकलाको मुक्त कण्ठले प्रशंसा गरिएको छ । तर काष्ठकलाका विविध स्वरूपहरूको व्यवस्थित रूपमा वर्णन भएको पाइँदैन ।

*Lydia Aran* द्वारा लिखित पुस्तक The Art of Nepal नेपाली कलाको अध्ययनको लागि महत्त्वपूर्ण मानिन्छ । नेपाली धर्म र कलाको वर्णन गर्ने क्रममा यस पुस्तकमा नेपाली काष्ठकलाको पनि उल्लेख भएको पाइन्छ । यसमा विशेष गरी नेवारीमा काष्ठकलाका विविध स्वरूपहरूको नामको उल्लेख, विभिन्न मध्यकालीन स्मारकहरूमा भएका ढोकाहरू, झ्यालहरू, झ्यालका ग्रीलहरू, ढोकाका चौकोसहरू, झ्यालढोकामा कुँदिएका विभिन्न[23] पशुपंक्षीहरू, कार्नेस (Entablatures) को वर्णन भएको पाइन्छ । साथै नेपाली काष्ठकलामा प्रयोग भएको ज्यामितिय ढाँचा (Geomatrical design) को वर्णन, वसन्तपुर, पाटन र भक्तपुर क्षेत्रमा भएका विभिन्न मूर्तिहरूको उल्लेख, पाटनको सुन्दरीचोकमा भएका काष्ठकला उल्लेख, पूजारी मठको काष्ठकलाको अनुपम नमुनाको रूपमा मानिने मयूर झ्यालको उल्लेख, काठमाडौंका विभिन्न दरबार, मन्दिर र विहारहरूमा काठका खम्बाहरूको उल्लेखको साथै उक्त खम्बाहरूमा उत्कृष्ट काष्ठकलाकारिताको वर्णन, विभिन्न मन्दिरहरूमा भएका टुँडालहरूको उल्लेख भएको पाइन्छ । यसैगरी पनौतीको इन्द्रेश्वर, इटुमबहाल, छुस्यावहाल, मुस्यावहाल र पाटनको रूद्रवर्ण महाविहारमा भएका काष्ठकलाका नमुनाहरूको पनि चर्चा गरिएको छ । यस पुस्तकमा श्रावण पूर्णिमामा काठमाडौंको विहारहरूमा प्रदर्शन गरिने प्राचीन काठका मूर्तिहरूको साथै नेपाली काष्ठकलाका महत्त्वपूर्ण नमुना जस्तै वसुन्धारा, यमन्तक, शिवविश्वरूप, रूद्रदेवी र नृत्यदेवीको मूर्तिहरूको समेत चर्चा गरिएको छ[24]।

नेपाली कलाको विविध पक्षको बारेमा उल्लेख यस पुस्तकमा पनि काष्ठकलाको अन्य कलाहरूको वर्णनको तुलनामा कम वर्णन भएको पाइन्छ । यस पुस्तकबाट काष्ठकलाको सामान्य जानकारी पाउन सकिन्छ । काष्ठकलाको विविध स्वरूपहरूको वर्णन गर्न खोजिए तापनि वर्णनले पूर्णता पाउन सकेको छैन । काष्ठकलाका विविध पक्ष जस्तै नेपाली, सामाजिक र धार्मिक जीवनसँग काष्ठकलाको सम्बन्ध, काष्ठकलाको शास्त्रीय परम्परा र नेपाली

---

[23] Lydia Aran, **The Art of Nepal**, (Kathmandu : Sahayogi Prakashan, 1978).

[24] *Ibid*.

काष्ठकलाको मौलिकता जस्ता पक्षलाई समेटिएको पाइँदैन । यस पुस्तकमा पनि अन्य पुस्तकहरू जस्तै काष्ठकलाको प्रशंसा नपाइने होइन ।

डा. जगदीशचन्द्रद्वारा लिखित शाहकालीन वास्तुकला भन्ने पुस्तक शाहकालीन वास्तुकलाको अध्ययनको लागि अति उपयोगी पुस्तक हो । यस पुस्तकमा मध्यकालीन केही मन्दिरहरूको वर्णन गरिएको[25] पाइए तापनि काष्ठकलाको खासै वर्णन पाइदैन । त्यसकारण यस पुस्तकबाट पनि नेपाली काष्ठकलाको खासै जानकारी पाइँदैन ।

त्यसैगरी स्वामी प्रपन्नचार्यद्वारा लिखित पुस्तक प्राचीन किराँत इतिहास एउटा महत्त्वपूर्ण पुस्तक हो । यस पुस्तकमा किराँतहरूको विविध पक्षको बारेमा वर्णन भएको पाइन्छ । उक्त पुस्तकमा किरातकालमा काष्ठ उद्योग प्रचलित रहेको उल्लेख पाइन्छ ।[26] उक्त पुस्तकले नेपाली मध्यकालीन काष्ठकलाको जानकारी नदिए तापनि नेपालमा काष्ठकलाको प्राचीनताको अध्ययनको लागि उपयोगी हुन सक्छ तर स्वामीद्वारा काष्ठ उद्योगको चर्चा गरिए तापनि वहाँले सन्दर्भ भने दिनु भएको पाइँदैन । साथै काष्ठ उद्योग प्रचलित रहेको भन्ने शब्दबाहेक उक्त पुस्तकमा केही पनि पाइँदैन ।

डा. *Risikesabraj Regmi* द्वारा लिखित पुस्तक Kathmandu, Lalitpur, Bhaktapur मा नेपाली काष्ठकलाको वर्णन भएको पाइन्छ । लेखकद्वारा काष्ठकलाका विविध स्वरूपहरू जस्तै टुँडाल, तोरण, मूर्तिहरूको उल्लेख साथै काष्ठकला सम्बन्धी, धार्मिक र सामाजिक पक्षलाई पनि समेट्ने प्रयास भएको पाइन्छ ।[27] पुस्तक अन्य पक्षको अध्ययनका लागि उपयोगी भए तापनि काष्ठकलाका विविध स्वरूपहरूको वर्णन स्पष्ट रूपमा भएको पाइँदैन तर यस पुस्तकको महत्त्वपूर्ण पक्ष के छ भने यसले नेपाली काष्ठकलाको सामाजिक र धार्मिक पक्षलाई समेट्ने प्रयास अवश्यक गरेको पाइन्छ ।

मध्यकालीन विद्वान् कुन्नु शर्माद्वारा लिखित कीर्तिपातका विशेषगरी मध्यकालमा पाटन क्षेत्रमा विकसित काष्ठकलाको अध्ययनको लागि विशेष उपयोगी मानिन्छ । यस पुस्तकमा मच्छेन्द्रनाथ मन्दिरका सुन्दर झ्यालहरूको वर्णन, वहालखाटोलका झ्याल र ढोकाहरूको वर्णन, गडावहालका झ्यालढोका, तोरण र आँखीझ्याल कुवेरको दरबार भन्दा राम्रा भनी उल्लेख, कोवाहालमा यसका मन्दिरहरूको तोरणको उल्लेख, पाटन दरबारस्थित विष्णु मन्दिरमा भएका विभिन्न झ्यालहरूको उल्लेख, विश्वनाथको मन्दिरका झ्यालहरूको प्रशंसा र मणीमण्डपमा भएका सुन्दर झ्यालहरूको उल्लेख पाटनका राजा श्रीनिवास मल्लको दरवारिया विद्वान् मानिने उक्त पुस्तक नेपाली मध्यकालीन काष्ठकलाको अध्ययनको लागि उपयोगी पुस्तक मान्न

---

25 J.C. Regmi **Shahkalin Vastukala,** (Kathmandu : Sajha Prakashan, 2033 BS).

26 Swami Prapannacharya, **Prachin Kirata Itihasa**, (Kathmandu : Kirateswor Prakashan, 2051 B.S.).

27 Rishikesabraj Regmi, **Kathmandu, Lalitpur and Bhaktapur,** (Delhi/Jayapur : Nirala Publications, 1993), pp. 59-66.

सकिन्छ । यस पुस्तकबाट नेपाली मध्यकालीन काष्ठकलाको सौन्दर्यता परकाष्ठमा पुगेको आभास पाइए तापनि काष्ठकलाको अन्य पक्षहरू वर्णन भएको पाइँदैन । विशेष गरी श्रीनिवास मल्लको दिनचर्चाको बारेमा यस पुस्तकमा विस्तृत वर्णन भएको पाइन्छ ।[28]

मोहनप्रसाद खनालद्वारा लिखित चाँगुनारायणको ऐतिहासिक रूपरेखा पुस्तकमा चाँगुनारायणको उत्पत्तिको इतिहास, चाँगुनारायण पूजापद्दति, पूजाहारी, चाँगुनारायणको गुठी व्यवस्था, चाँगु वरिपरि भएका विभिन्न स्मारक र मूर्तिहरूको साथै चाँगुनारायण मन्दिरमा क्षेत्रमा प्रचलित विभिन्न चाडपर्वहरूको बारेमा वर्णन गरेको एउटा महत्वपूर्ण ग्रन्थ हो । यस[29] पुस्तकमा चाँगुनारायण मन्दिरको वर्णन गर्ने क्रममा उक्त मन्दिरमा प्रयोग भएका काष्ठकलाका महत्वपूर्ण नमुनाहरू जस्तै ढोकाहरू, झ्यालहरू, तोरण, नस (Wall bands) हरू चौकोस (Door frames) हरू, टुँडाल, नाल (Beam) हरू र कार्नेस (Entabuature) हरूको वर्णन भएको पाइन्छ । यस पुस्तकमा विशेष गरी मन्दिरको तल्लो तलामा भएका २४ वटा काठका टुँडालहरूको विस्तृतरूपमा वर्णन भएको छ । साथै टुँडालको माथिल्लो भागमा बनाइएका रूखका लहराहरू, अप्सरहरू र तल्लो भागमा कुँदीएका यक्ष, गन्धर्व, किन्नर र पशुपक्षीको वर्णन भएको पाइन्छ ।[30]

यस पुस्तकमा मात्र उक्त मन्दिरमा रहेका टुँडालहरूको वर्णनलाई बढी महत्त्व दिएको पाइन्छ । मन्दिरमा प्रयोग गरिएका काष्ठकलाका अन्य स्वरूपहरूको विस्तृत वर्णन भएको पाइँदैन । साथै काष्ठकला सम्बन्धी विविध पक्षको वर्णन भएको पाइँदैन । त्यसकारण उक्त पुस्तकबाट पनि नेपाली काष्ठकलाको प्रशंसा वाहेक केही पनि पाइँदैन ।

लय मैनालीद्वारा लिखित मूर्तिको माध्यम, विधा शैली र तत्वहरू नामक पुस्तकमा मूर्तिका निर्माणका विविध मध्यमहरू, मूर्ति बनाउने विविध विद्याहरू, विश्वमा प्रचलित मूर्तिकलामा विविध शैलीहरू, विश्वमा मूर्तिकलाको उत्पत्ति विनाश र प्राचीनताको बारेमा वर्णन भएको पाइन्छ । कलाको अध्ययनको उक्त पुस्तक उपयोगी मानिन्छ । कलाका विविध स्वरूपको वर्णन गर्ने क्रममा लेखकद्वारा विश्वमा काष्ठकलाको शुरूवात, यूरोपमा काष्ठकलाको उत्पत्ति र विकास, नेपाली काष्ठकलाको इतिहास, नेपाली काष्ठकलाका उत्कृष्ट नमुनाहरूको उल्लेख काठमाडौं उपत्यकामा भएका महत्त्वपूर्ण काष्ठ मूर्तिहरू, तोरण, झ्याल, ढोकाहरू र टुँडलाहरूको वर्णनको साथै काठको मूर्ति बनाउन चाहिने औजारहरको समेत वर्णन भएको पाइन्छ ।[31]

---

[28] Yogi Naraharinath, (Translated), **Kirtipataka,** (Lalitpur : Jagadambha Prakashan), pp. 15-37.

[29] Mohan Prasad Khanal, **Changunarayan Ko Aitihasik Ruprekha**, (Kirtipur : Nepal Asiali Anusandhan Kendra, 2040 B.S.).

[30] *Ibid*.

[31] Laya Mainali, **Murtika Madhyam Vidya, Shaili & Tattwa**, (Kathmandu : Publisher: Indira Mainali, 2061 B.S.).

कलाको सम्बन्धमा लेखिएको उक्त पुस्तकमा काष्ठकलाका विविध पक्षलाई समेट्न खोजिए तापनि काष्ठकलाका विविध स्वरूपहरू जस्तै झ्यालढोका, तोरण, टुँडाल, मूर्तिहरूको बारेमा वैज्ञानिक तरिकाबाट अध्ययन भएको पाइँदैन । नेपाली काष्ठकलाको प्रशंसाको साथ साथै काष्ठकलाको सतही रूपमा मात्र वर्णन भएको पाइन्छ ।

त्यसैगरी B.R. Bajracharya, S.R. Sharma and S.R. Bhakski द्वारा लिखित पुस्तक Cultural History of Nepal भन्ने पुस्तकमा नेपालको सांस्कृतिक इतिहासको विस्तृत रूपमा वर्णन भएको पाइन्छ । सांस्कृतिक अध्ययनको क्रममा यस पुस्तकमा नेपाली काष्ठकलाको प्रशंसा गर्दै काठमाडौं उपत्यकामा भएका विभिन्न स्मारकहरूमा रहेका कुँदिएका (Carved) ढोकाहरू, जालीदार (Lattice) झ्यालहरू, टुँडालहरू, मोहनचोकमा भएका कृष्णको जीवनसँग सम्बन्धित काठका मूर्तिहरू, मूलचोकमा भएका टुँडालहरू साथै उक्त टुँडालका विविध पक्षहरूको वर्णन, टुँडालको तल्लो भागमा भएको अभिलेखहरूको उल्लेख, विभिन्न झ्यालहरूको उल्लेख, पाटन दरबारको सुन्दरी चोकमा भएका झ्यालढोका र टुँडालहरको वर्णन, भक्तपुर दरबार क्षेत्रमा भएका विभिन्न मन्दिर, मठ, पाटी र पौवाहरूमा भएका झ्यालढोका, टुँडाल, तोरणहरूको वर्णन र परम्परागत घरहरूमा भएको काष्ठकलाको उल्लेख भएको पाइन्छ ।[32]

उक्त पुस्तकमा काष्ठकलाको वर्णन गर्न खोजिए तापनि काष्ठकलाको सतहीरूपमा मात्र वर्णन भएको पाइन्छ । साथै काष्ठकलासँग सम्बन्धित सामाजिक, धार्मिक र दार्शनिक पक्षलाई समेटिएको छैन । अन्य पुस्तकहरू जस्तै यस पुस्तकमा पनि काष्ठकलाको बढी प्रशंसा भएको पाइन्छ ।

नेपालको महत्त्वपूर्ण वंशावली गोपाल राजवंशावली जसको सम्पादन प्रसिद्ध इतिहासविज्ञ धनवज्र वज्राचार्य र कमल प्रकाश मल्लद्वारा गरिएको छ । उक्त वंशावलीमा विभिन्न कालमा राजाहरूले विभिन्न मन्दिर बनाएको उल्लेख पाइन्छ । साथै काठमाडौं उपत्यकाको वरिपरि ठूलो जंगलको वर्णन पाइन्छ ।[33]

नेपाली काष्ठकलाको प्राचीनताको अध्ययनको लागि मात्र उक्त ग्रन्थ उपयोगी मान्न सकिन्छ । तर काष्ठकलाका अन्य कुनै पक्षको पनि जानकारी यसबाट पाइँदैन ।

योगी देवीनाथद्वारा सम्पादित देवमाला वंशावली नामक पुस्तकमा काठमाडौं उपत्यकामा भएका विभिन्न मन्दिरहरूको उत्पत्तिसम्बन्धी कथाहरू वर्णन गरिएका छन् । साथै विभिन्न महत्त्वपूर्ण मन्दिरहरूको निर्माता र विभिन्न समयमा भएका जीर्णोद्धार[34] को बारेमा

---

32 B.R Bajracharya, S.R. Sharma and S.R. Bakshi, **Cultural History of Nepal**, (New Delhi : Anmol Publication, Pvt. Ltd., 1993), pp. 33-100.

33 D. Bajracharya, & Kamalprakash Malla (Edited), **Gopal Rajabanshawoli**, (Kathmandu : Nepal Research Center, 1913), pp. 25-26.

34 Yogi Vedinath, (Edited), **Devamala Vanshavali**, (Kathmandu : Sura Shumsher JBR, 2013 B.S.).

उल्लेख भएको छ । नेपाली काष्ठकलाको अध्ययनको लागि विशेष गरी प्राचीनता सम्बन्धी अध्ययनमा यस ग्रन्थबाट केही सहयोग प्राप्त गर्न सकिन्छ । काष्ठकलाका अन्य पक्षहरूको यसबाट केही जानकारी पाउन सकिंदैन ।

नयनाथ पौडेलद्वारा सम्पादित भाषा वंशावली मा नेपालका विभिन्न राजवंशहरू र विभिन्न मन्दिर र मूर्तिहरूको उत्पत्तिको कथा उल्लेख भएको पाइन्छ । यसका साथै खरीको दुर्लभ रूखको वर्णन, विभिन्न वनहरूको उल्लेख, किराँती दरबारको उल्लेख र पशुपतिनाथको मन्दिरको उत्पत्तिको कथा पाइन्छ ।[35]

यस वंशावलीमा पनि काष्ठकलाको खासै उल्लेख पाइँदैन । केही हदसम्म नेपाली काष्ठकलाको प्राचीनताको अध्ययनमा यसबाट केही सहयोग प्राप्त गर्न सकिन्छ ।

त्यसैगरी *Tanka Vilas Varya* द्वारा लिखित पुस्तक "Nepal the Seal of Cultural Heritage" भन्ने पुस्तकमा नेपाली संस्कृतिका विविध पक्षहरूको चर्चा गरिएको छ । नेपाली संस्कृतिका विविध पक्षको चर्चा गर्ने क्रममा नेपाली काष्ठकलाको चर्चा पनि उक्त पुस्तकमा भएको पाइन्छ । काठमाडौं उपत्यकामा भएका विभिनन स्मारकहरूमा भएका झ्यालढोका, टुँडाल, तोरण ढोकाका खापा, दलिनमा कुँदिएका विभिन्न मूर्तिहरू र ललितकला सम्बन्धी टुँडालहरूको वर्णन भएको पाइन्छ ।[36]

नेपाली संस्कृतिको बारेमा सक्षिप्त जानकारी दिने उक्त पुस्तकमा विशेष गरी नेपाली विभिन्न जातजातिहरू र उनीहरूले मनाउने विभिन्न चाडपर्वहरूको बारेमा वर्णन गरिएको यस पुस्तकमा पनि काष्ठकलाको सामान्य वर्णन भएको पाइन्छ । वास्तवमा भन्ने हो भने यस पुस्तकमा पनि काष्ठकलाको प्रशंसा बाहेक अरू केही पनि गर्न सकिदैन ।

*Jeft Lidke* द्वारा लिखित Vishvarupa Mandir पुस्तक चाँगुनारायणको मन्दिरको विस्तृत रूपमा वर्णन गरिएको पुस्तक हो । यस पुस्तकमा चाँगुनाराणको उत्पत्ति सम्बन्धमा प्रचलित विभिन्न कथाहरू, चाँगुनारायण क्षेत्रमा प्रचलित विभिन्न प्राचीन चाडपर्वहरू, चाँगुनारायणको प्राचीनता, चाँगुनारायण प्रङ्गणमा भएका विभिन्न प्राचीन र मध्यकालीन मूर्तिहरू, चाँगुनारायणको पूजा परम्परा, चाँगुको पूजा परम्परामा सहभागी पूजारीहरू, मन्दिरसँग सम्बन्धित गुठी व्यवस्था, मन्दिरको वास्तुकला र उक्त मन्दिर क्षेत्रमा प्रचलित विविध सांस्कृतिक परम्पराहरूको बारेमा वर्णन[37] गरिएको पाइन्छ । मन्दिरको वास्तुकलाको वर्णन गर्ने क्रममा मन्दिरमा भएको विभिन्न काष्ठकलाका नमुनाहरूको पनि विस्तृत रूपमा वर्णन भएको छ । उक्त पुस्तकमा विशेष गरी ढोकाहरू झ्यालहरू, ढोकाका खापाहरू, ढोकामाथि भएका

---

35 Nayannath Paudel, (Edited), **Vamshavali**, (Kathmandu : Department of Archaeology, 2024 B.S.).

36 Tank Vilas Varya**, Nepal the Seat of Cultural Heritage**, (Kathmandu : Educational Enterprises, 1981), pp. 112-120.

37 Jeft Lidke, **Visvarupa Mandir**, (New Delhi : Nirala Publications, 1996), pp. 86-107.

तोरणहरू र कप्पु (Lintel) र नाल (Beam) हरूको चर्चा भएको पाइन्छ । साथै महाभारतको कथासँग सम्बन्धित तोरणहरू, पहिलो तलामा भएका चौबीसवटा काठका टुँडालहरूको वर्णन भएको पाइन्छ ।[38]

चाँगुनारायण मन्दिरको विविध पक्षलाई समेटिएर लेखिएको यस ग्रन्थमा काष्ठकलाको पनि वर्णन भएको पाइए तापनि, काष्ठकलाको सांस्कृतिक, सामाजिक, धार्मिक र दार्शनिक पक्ष काष्ठकलाका विविध स्वरूपहरूको प्राचीनताको बारेमा खासै वर्णन भएको पाइँदैन ।

त्यसैगरी Mehard Shokoohy and Nattallie H. Shokoohy द्वारा लिखित Kirtipur भन्ने पुस्तक कीर्तिपुर क्षेत्रमा बसोबास गर्ने नेवार समूदाय र त्यस क्षेत्रमा भएका विभिन्न परम्परागत घर, मन्दिर, पाटी, पौवा र विहारहरूको बारेमा विस्तृतरूपमा वर्णन भएको पाइन्छ । यस पुस्तकमा विशेष गरी घर, मन्दिर, विहारहरूको वास्तुकला र त्यस क्षेत्रमा भएका विभिन्न कलाकृतिहरूको राम्रोसँग वर्णन गरिएको छ । यस पुस्तकमा कीर्तिपुर क्षेत्रमा भएका घरहरूमा भएको काष्ठकला, पुराना काठका नमुनाहरू नयाँ घरमा प्रयोग भएको, उल्लेख १७औं तथा १८औं शताब्दीका घरहरूको नामावली, १७औं शताब्दीका जालीदार (Lattice) र टिकीझ्यालहरूको उल्लेख, १७औं शताब्दीकै ढोकाहरूको वर्णन, ढोकाहरूमा मुगल प्रभाव परेको उल्लेख, सझ्याहरूको उल्लेख, कौसीहरूको उल्लेख, बाघ भैरव मन्दिरका ढोकाहरूको, तोरणहरूको, टुँडालहरूको उल्लेख, तोरणमा र टुँडालमा भएका विभिन्न देवीदेवताहरूको उल्लेख, माथिल्लो तल्लामा भएका झ्यालहरू, सबैभन्दा माथिल्लो तलाका झ्याहरूको वर्णन, बाघभैरव मन्दिर प्राङ्गणमा भएका ढोकाहरूको वर्णन, उमामहेश्वर मन्दिरमा भएका ढोका र ढोकाका चौकोसहरूको वर्णन, जगतपाल विहारमा भएका झ्याल र ढोकाहरूको वर्णन, क्वाःवहालमा भएका झ्याल र ढोकाहरूको वर्णन, छुभेवहालमा भएका झ्यालढोका र अन्य काष्ठकलाका नमुनाहरूको वर्णन, कुसीवहालमा भएका झ्याल र ढोकाहरूको वर्णन, यकावहालमा भएका झ्याल ढोकाहरूको वर्णन र १५औं १६औं शताब्दीको मानिएको संवरको मूर्तिको वर्णन भएको पाइन्छ । यसरी यस पुस्तकमा पनि कीर्तिपुरस्थित विभिन्न स्मारकहरूमा भएका काष्ठकलाको सौन्दर्यको प्रशंसा गर्दै ती नमुनाहरूको विस्तृतरूपमा चर्चा भएको पाइन्छ । तर काष्ठकलासँग सम्बन्धित धार्मिक, सामाजिक र सांस्कृतिक पक्ष, काष्ठकलाको संरक्षणका उपायहरू, काष्ठकला नाश हुने[39] कारणहरूको चर्चा भने भएको पाइँदैन । त्यसकारण यस पुस्तकबाट पनि काष्ठकलाका विविध स्वरूपहरूको वर्णन मात्र पाइन्छ, विस्तृत विवरण पाइँदैन ।

---

38 *Ibid*.

39 Mehard Shokoohy and Natalle H. Shokoohy, **Kirtipur**, (London : Anaxus Book, South Asian Series, 1994).

*Guiseppe Tucci* द्वारा लिखित Rati Kala भन्ने पुस्तक विशेष गरी कामकलामा आधारित विभिन्न किसिमका मूर्तिहरूको बारेमा, कामकला सम्बन्धी इतिहास, कामकलाको धार्मिक र अध्यात्मिक महत्वको बारेमा चर्चा गरिएको महत्वपूर्ण ग्रन्थ हो । यस पुस्तकमा कामकला सम्बन्धमा सचित्र वर्णन भएको पाइन्छ । यस ग्रन्थमा कामकलाको वर्णन गर्ने क्रममा २०० भन्दा बढी काठका मूर्तिहरूको वर्णन गरिएको पाइन्छ ।[40]

यस बाहेक काष्ठकलाका अन्य स्वरूपहरूको यस पुस्तकमा वर्णन भएको पाइँदैन । मात्र काष्ठकलामा कुँदिएका कामवासनासम्बन्धी मूर्तिहरूको अध्ययनको लागि मात्र उक्त ग्रन्थ उपयोगी मान्न सकिन्छ ।

उपत्यकाका तत्कालीन सुधार समितिद्वारा लिखित पुस्तक सुधार कार्य विवरण मा विशेष गरी काठमाडौं, भक्तपुर, पाटन, बनेपा, चाँगु, साँखु र पनौती क्षेत्रमा भएका विभिन्न प्राचीन स्मारकहरूको ऐतिहासिकता र ती स्मारकहरको विभिन्न समयमा भएको जीर्णोद्धारको बारेमा विस्तृतरूपमा वर्णन गरिएको पाइन्छ । साथै विभिन्न मन्दिर र मूर्तिहरूको उत्पत्तिको कथा पनि पाइन्छ । यसका साथै पशुपति मन्दिर, चाँगुनारायण मन्दिर, कुम्भेश्वर मन्दिर र स्वयम्भूनाथ स्तूपको विगतमा भएका विभिन्न जीर्णोद्धारहरूको उल्लेख पनि पाइन्छ । यस पुस्तकमा नेपाली काष्ठकलाको प्रशंसा पनि व्यापक रूपमा भएको छ ।[41]

मन्दिरहरूको जीर्णोद्धारको सम्बन्धमा लेखिएको उक्त ग्रन्थबाट केही हदसम्म बेलाबेलामा भएका जीर्णोद्धारबाट फेरिएका र थपिएका काष्ठकलाको जानकारी पाउन सकिन्छ । यस बाहेक काष्ठकलाको कुनै पनि पक्षको उक्त पुस्तकमा वर्णन भएको पाइँदैन ।

नेपालका प्रसिद्ध विद्वान् मनवज्र वज्राचार्यद्वारा लिखित नेपालको मध्यकालीन कला भन्ने पुस्तक पनि काष्ठकलाको अध्ययनको लागि उपयोगी मान्न सकिन्छ । यस पुस्तकमा काठमाडौं उपत्यकामा भएका मध्यकालीनदरबार, मन्दिर, पाटी, पौवा र विहारहरूमा भएका[42] काष्ठकलाहरूको वर्णन हुनका साथै विभिन्न मूर्तिहरूको वर्णन भएको पाइन्छ । यस पुस्तकमा काठमाडौं उपत्यकाका महत्त्वपूर्ण ढोका, झ्याल, तोरण, टुँडाल र मूर्तिहरूको वर्णनको साथै टुँडालहरूमा भएका मिथुनाकार मूर्तिहरू, खम्बाहरूको पनि वर्णन भएको पाइन्छ ।[43]

यस पुस्तकमा नेपाली वास्तुकला, कलामा मूर्तिकला, चित्रलाको विस्तृत वर्णन भए तापनि काष्ठकलाको केही पृष्ठमा मात्र वर्णन भएको पाइन्छ । काष्ठकलाको वर्णन गर्ने क्रममा

---

40 Guisseppe Tucci, **Rati Kala,** (Geneva : Negal Publisher, 1969).

41 Somnath Sigdel **(**Edited), **Sudhar Karya Vivarana**, (Kathmandu : Upattekaka Tatkalin Sudhara Samiti, 2017 B.S.).

42 Manabajra Bajracharya, **Nepal Ko Madhyakalin Kala**, (Kathmandu : HMG/Ministry of Information, Department of Information).

43 *Ibid*.

काष्ठकलासँग सम्बन्धित धेरै पक्षहरूको समावेश लेखकद्वारा हुन सकेको पाइँदैन । त्यसकारण उक्त पुस्तकमा पनि काष्ठकलाको सामान्य जानकारी र प्रशंसाबाहेक केही पनि पाइँदैन ।

*Pratapaditya Pal* ले आफ्नो पुस्तक Vaisnava Iconology in Nepal मा काठमाडौं उपत्यकामा भएका वैष्णव मूर्तिहरूको विस्तृत रूपमा वर्णन गर्नु भएको छ । उक्त पुस्तक विष्णुका विभिन्न मूर्तिहरूको बारेमा मूर्ति विज्ञानका पुस्तकहरूको आधारमा विश्लेषण गरिएको छ । साथै नेपालमा प्राप्त भएका विष्णुका मूर्तिहरूको तुलना भारतका विभिन्न ठाउँमा भएका विष्णुका मूर्तिहसँग तुलना समेत गर्नु भएको छ । मूर्ति विज्ञानको अध्ययन र काठमाडौं उपत्यकामा भएका विष्णुका महत्त्वपूर्ण मूर्तिहरूको अध्ययन र अनुसन्धानको लागि उक्त पुस्तक अति उपयोगी देखिन्छ । मूर्तिकलाको अध्ययनको क्रममा चाँगुनारयाण्को मन्दिरमा भएका काठमा कुँदिएका टुँडालहरूको उक्त पुस्तकमा विस्तृत रूपमा वर्णन भएको पाइन्छ । साथै मन्दिरमा भएका काठका झ्याल, ढोका र तोरणहरको पनि वर्णन भएको छ ।[44]

उक्त पुस्तकमा वर्णन भएका कुराहरूले मात्र चाँगुनारायण मन्दिरमा भएको काष्ठकलाको मात्र जानकारी पाइन्छ । अन्य केही पनि जानकारी पाइँदैन । उक्त पुस्तकमा पनि काष्ठकलाको प्रशंसाबाहेक केही पनि पाइँदैन ।

त्यसैगरी *Krishna Deva* द्वारा लिखित Images of Nepal भन्ने पुस्तकमा नेपालमा विभिन्न समयमा विभिन्न माध्यममा बनेका मूर्तिहरूको वर्णन हुनुका साथै नेपाली कलाको इतिहासको चर्चा गरिएको छ । साथै कलाको विकासमा विभिन्न राजवंशहरूले दिएको योगदानको पनि चर्चा गरिएको छ । उक्त पुस्तकमा बनेपाको चण्डेश्वरी मन्दिरमा भएका काठका उत्कृष्ट टुँडालहरू, रूद्रवर्ण महाविहारमा भएका टुँडालहरू, पनौतीको इन्द्रेश्वर महादेव मन्दिरमा भएका टुँडालहरू, पूजारीमठमा भएको १६औं शताब्दीको मानिएको मयूर[45] झ्याल, १६औं शताब्दीको छुस्यावहालमा भएको तोरणको चर्चा हुनुका साथै नेपालमा प्राचीनकालदेखि नै काठ मूर्तिकलाको महत्त्वपूर्ण माध्यम भएको चर्चा पाइन्छ ।[46]

नेपाली मूर्तिकलाको बारेमा लेखिएको उक्त पुस्तकमा काठमाडौं उपत्यकाभित्र भएका महत्त्वपूर्ण काष्ठकलाका पुराना मानिने नमुनाहरूको चर्चा पाइए तापनि काष्ठकलाका अन्य विविध मध्यमहरूको चर्चा भएको पाइँदैन । साथै काष्ठकलाको उत्पत्ति, प्राचीनता तथा सैद्धान्तिक पक्षको चर्चा भएको पाइँदैन । त्यसकारण उक्त पुस्तकबाट पनि नेपाली काष्ठकलाको बारेमा खासै जानकारी पाइँदैन ।

---

44 Pratapaditya Pal , **Vaisnava Iconology in Nepal**, (Culcutta : The Asiatic Society, 1985).

45 Krishan Deva, **Images of Nepal**, (Delhi : Archaelogical Survey of India, 1987).

46 *Ibid*.

*Francesco Abbate* द्वारा सम्पादित पुस्तक नेपाल र तिव्वत भन्ने शीर्षकमा नेपाली कलाको चर्चा पाइन्छ । उक्त पुस्तकमा नेपालमा प्राचीनकालमा काठबाट प्रशस्त मात्रामा मूर्तिहरू बनेका साथै स्मारकहरू पनि काठबाट बनेका तर अहिले सबै नास भइसकेका र मात्र १५औं १६औं शताब्दीदेखिका काष्ठकलाका नमुना पाइने[47] भनि उल्लेख गरिएको छ । नेपाली प्राचीन काष्ठकलाको चर्चा पाइने उक्त पुस्तकमा नेपाली काष्ठकलाका अन्य कुनै पक्षको पनि जानकारी पाइँदैन । भारतीय कलाको विश्लेषण गर्ने क्रममा मात्र केही पृष्ठमा नेपाली कलाको चर्चा पाइन्छ । उक्त पुस्तकबाट नेपाली काष्ठकलाको अन्य केही पक्षको जानकारी नपाइएतापनि नेपाली काष्ठकलाको प्राचीनताको अध्ययनको लागि उक्त पुस्तक उपयोगी मान्न सकिन्छ ।

*Leela Row Dayal* द्वारा लिखित Bhaktapura Ratnam भन्ने पुस्तकमा भक्तपुर क्षेत्रमा भएका विभिन्न मन्दिर, मठ र दरबारहरूको वर्णन गरिएको छ । उक्त पुस्तकमा भक्तपुर क्षेत्रमा भएका स्मारक र मूर्तिहरूको वर्णन गर्ने क्रममा काष्ठकलाका विभिन्न स्वरूपहरूको चर्चा भएको पाइन्छ । यस पुस्तकमा विशेष गरी भक्तपुर क्षेत्रमा भएका परम्परागत घरहरूमा उत्कृष्ट झ्याल, ढोकाहरूको वर्णन, दत्तात्रय मन्दिरमा भएका ढोका, झ्याल, टुँडालहरको वर्णन, भूपतेन्द्र मल्लद्वारा निर्मित न्यातपोल मन्दिरमा भएका ढोका, झ्याल, खम्बाहरू प्रयोगमा नल्याएका झ्यालहरू (False Window) हरू, टुँडालहरू, तोरण र विविध झ्यालमा कुँदिएका मूर्तिहरूको वर्णन, तलेजु मन्दिरमा भएका ढोका, झ्याल, टुँडाल र तोरणहरूको वर्णन, पचपन्न झ्याले दरबारमा भएका झ्याल र ढोकाहरू र खम्बाहरूको वर्णन, नरेश मल्लद्वारा निर्मित भैरव चोकमा भएका झ्यालढोकाहरू र २० वटा महत्वपूर्ण टुँडालहरूको वर्णन र उक्त टुँडालहरूको चित्रहरू सहित वर्णन भएको पाइन्छ । साथै भक्तपुर क्षेत्रमा भएका अन्य महत्वपूर्ण मन्दिर र मठहरूको काष्ठकालको वर्णन भएको पाइन्छ ।[48]

काष्ठकलाको बारेमा वर्णन गरिएको उक्त पुस्तकमा काष्ठकलाका विविध स्वरूपको बारेमा वर्णन गरिए तापनि काष्ठकलासँग सम्बन्धित अन्य पक्ष जस्तै काष्ठकलाको प्राचीनता, काष्ठकलासँग सम्बन्धित धार्मिक, सांस्कृतिक, सांकेतिक पक्षको काष्ठकलाको परम्परागत पक्षलाई समेटिएको छैन । साथै यस पुस्तकमा भक्तपुर क्षेत्रमा भएका स्मारकहरूको मात्र वर्णन गरी उपत्यकाका अन्य महत्त्वपूर्ण स्मारकहरूको पनि उपेक्षा भएको पाइन्छ । यसका अतिरिक्त काष्ठकलाको महत्त्वपूर्ण पक्ष मूर्तिकलाको समावेश भएको पाइँदैन । यसमा पनि अन्य पुस्तकहरू जस्तै नेपाली काष्ठकलाको चर्चा गर्न पनि छोडिएको छैन ।

*Pratapaditya Pal* द्वारा लिखित पुस्तक Art of Nepal Part I नेपाली कलाको अध्ययनको लागि अति उपयोगी ग्रन्थ हो । उक्त पुस्तकमा नेपाली कलाका विविध पक्षको

---

47 Farancesco Abbate, (edited), **Indian Art**, (Italy : Octopas Book, 1972).

48 Leela Row Dayal, **Bhaktapura Ratnam**, (Delhi : Arnold Heinemann, 1980).

बारेमा वर्णन गरिएको छ । उक्त पुस्तकमा कलाको वर्णन गर्ने क्रममा पाटनको उकुवहालमा भएका २ वटा नारीका काष्ठका टुँडालहरूको वर्णन गर्दै उक्त टुँडालहरूको भारहुत र सारनाथ शैली सँग तुलना गरिएको छ ।[49]

नेपाली कलाको सम्बन्धमा वैज्ञानिक तरिकाबाट विश्लेषण गरिएको उक्त पुस्तकमा काष्ठकलाको उपेक्षा भएको पाइन्छ । नेपाली मूर्तिकलाको महत्वपूर्ण पक्ष काष्ठ मूर्तिकलाको उक्त पुस्तकमा वर्णन भएको नपाइनु पक्कै पनि उक्त पुस्तकको कमजोरी पक्ष हो ।

त्यसैगरी *Dr. Saphalya Amatya* द्वारा लिखित Art and Cultures of Nepal भन्ने पुस्तकमा नेपाली कला र संस्कृतिका विविध पक्षको बारेमा विस्तृत रूपमा वर्णन भएको पाइन्छ । उक्त पुस्तकमा नेपाली कला र संस्कृतिको वर्णन गर्ने क्रममा काष्ठकालको बारमो यसरी उल्लेख भएको पाइन्छ -

> *Nepal abound in wooden architecture. Every building whether it is a temple or a monastery of residence or a rest house is all covered decorated and supported by carved wooden pillars, brakets, window, grills, doorway etc.*[50]

यसका साथै पूजारी मठमा भएका ढोका, झ्याल र खम्बाहरू र पाटन दरबार क्षेत्रमा भएका काष्ठकलाका विविध स्वरूपहरूको चर्चा पाइन्छ ।

यस पुस्तकमा पनि अन्य पुस्तकमा जस्तै नेपाली काष्ठकलाको प्रशंसा मात्र बढी भएको पाइन्छ । काष्ठकलाका विविध पक्षको चर्चा भएको पाइँदैन ।

*Mary S. Slusser* द्वारा लिखित पुस्तक Nepal Mandala नेपाली इतिहास, कला, वास्तुकला र काठमाडौं उपत्यकामा भएका विभिन्न महत्वपूर्ण शहरहरूको इतिहास, कला र वास्तुकलाको बारेमा वैज्ञानिक तरिकाबाट वर्णन भएको एउटा महत्वपूर्ण पुस्तक हो । नेपाली इतिहास, कला, वास्तुकलाको बारेमा अहिलेसम्म प्रकाशित पुस्तकहरूमा यस पुस्तकलाई एउटा महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ । उक्त पुस्तकमा नेपाली इतिहास, कला र वास्तुकलाको वर्णन गर्ने क्रममा करिब ३८ ठाउँमा नेपाली काष्ठकर्मीको उल्लेख भएको पाइन्छ भने केही स्मारकहरूका टुँडाल र झ्याल ढोकाको उल्लेख पनि पाइन्छ ।[51]

यसबाहेक काष्ठकलाका अन्य स्वरूपहरूको उक्त पुस्तकमा वर्णन भएको पाइँदैन । वास्तवमा भन्ने हो भने यस पुस्तकमा नेपाली काष्ठ कारीगढीको मात्र प्रशंसा भएको छ ।

---

49 P. Pal, **Art of Nepal Part I**, (Netherland : Leiden/Koln, E.J. Brill, 1978).

50 Saphalya Amatya, **Art and Culture of Nepal** , (Jaipur/Delhi : Nirala Publication, 1991).

51 Mary S. Slusser**, Nepal Mandala Vol. I** , (New Jersey : Princeton University Press, 1982).

Dr. P.R. Sharma द्वारा Journal of the Tribhuvan University Vol IV मा लिखित Introduction to Nepalese Art and Architecture मा नेपाली कला तथा वास्तुकलाको वर्णन गर्ने क्रममा काष्ठकलाको वर्णन यस प्रकार गरिएको छ -

> *Actual evidence of wood work is forth coming from the end of the 14th century A.D. But its tradition must have been very old in Nepal. Wood was one material which was available in abundance to the Nepali craftman and from the range of wood work we can see very well what pleasures and delight took in running his chisel over this soft and pliable material.*
>
> The earliest examples of woodwork are the Salabhanjika figures over the struts of the Bhairava temple, a panauti and Wokubaha at Patan. These are tall slender and round limbed figures of female, with one hand holding on to the foliage above enlivened by a beat of rhythm in theis graceful curves.
>
> A large part of woodwork in Nepal surves as adjuncts to the temples, palaces and monastries. In addition, there are also a few independent icons of wood. These patterns as[52] preserved over the temples and the structures reveal monotony. The molif and the role assinged to them are fixed. The theme and carving style proced on hackneyed lines. The struts show numerous deities arranged singly or in pair and their grouping in a temples in relation to the deity placed inside. The corner struts of the temple in each storery repeat the figure of a leaping mythical animal, having wings, the body of a lion and the horns of a ram. From a close investigation, the figures over the sturts belong varying standard in the quality of carving. The tall and slender figures over the temple of Panauti and Wokubaha become stunted betray but still maintain the roundness of the limbs. Further late, the figures are very flat looking and showing scant respect for any plasticity.
>
> The figure representation at the bottom of the sturts is, however, the most interesting for their variegated themes. Although they sometimes repeat the representation of the deities, very often they are either lesser deities or figures of personified zodiacal signs devotes and Atlantes. They also depict scenes drawn from the Mahadeva life and erotics. The last mentioned feature for its outright provoking theme has been a matter of interesting quarry. The person participating in the act are sometimes common folks, but at others they are rather strange personage having an uncommon air about them. The act of coupleation is sometimes shown in humanly impossible posture and in a group with an ill-propotioned ratio of the males and female.[53]

यसरी उक्त लेखमा नेपाली काष्ठकलाको प्रशंसा हुनुका साथै काष्ठकलाका प्राचीन नमुनाहरूको चर्चा भएको पाइन्छ ।

---

[52] P.R. Sharma, **Introduction to Nepalese Art and Architecture, Vol IV**, (Kirtipur : Journal of Tribhuvan University, 1968), pp. 86-87.

[53] *Ibid*.

उक्त लेखमा विशेष गरी नेपाली काष्ठकलाको महत्त्वपूर्ण पक्ष टुँडालमा बढी वर्णन गरिएको पाइन्छ । काष्ठकलाका अन्य महत्त्वपूर्ण स्वरूपहरूको वर्णन भएको पाइँदैन । त्यसकारण यस लेखबाट पनि नेपाली काष्ठकलाको बारेमा खासै केही पनि पाइँदैन ।

*गौतम वज्र वज्राचार्य*द्वारा लिखित हनुमानढोका राजदरबार पुस्तकमा हुनमानढोका राजदबारको प्राचीनता, दरबारमा भएका चोकहरू, दरबार क्षेत्रमा भएका मूर्तिहरू, विभिन्न मन्दिरहरू, उक्त ठाउँमा प्रचलित महत्त्वपूर्ण धार्मिक तथा सांस्कृतिक गतिविधिहरूको बारेमा जानकारी पाइने महत्त्वपूर्ण ग्रन्थ हो । हनुमानढोका क्षेत्रका विभिन्न स्मारकहरूको वर्णन गर्ने क्रममा त्यस क्षेत्रका स्मारकहरूमा भएका काष्ठकलाको पनि चर्चा गर्नु भएको छ ।[54] उक्त पुस्तकमा शहरभित्र प्रवेश गर्न ठूल-ठूला काठका ढोकाका खापाहरू लगाइएको उल्लेख, कुमारीघरका झ्यालढोका तथा तोरणहरूको उल्लेख हुनुका साथै तोरणमा भएका काठका मूर्तिहरूको वर्णन, पहिलो, दोस्रो र तेस्रो तलाका आँखीझ्याल र तोरणहरूको वर्णन, त्रैलोक्य मन्दिरमा भएका कुझ्यालहरूको उल्लेख, गाझ्यालहरूको उल्लेख र टुँडालहरूको उल्लेख हुनुका साथै टुँडालमा अंकित वैष्णव सम्प्रदायहरू देवताहरूको वर्णन, काठका स्तम्भहरूको उल्लेख, मरूसत्तल र सिंसत्तलमा भएका काष्ठकलाहरूको वर्णन, कवीन्द्रपुर मन्दिरका झ्याल र ढोकाहरूको वर्णन, माजुदेवतामा भएका टुँडाल, ढोका, झ्याल र स्तम्भहरूको वर्णन, शिवपार्वती मन्दिरमा भएका आँखीझ्याल, विधिझ्याल र टुँडालहरूको वर्णन, भगवती मन्दिरमा भएका ढोका र झ्यालहरूको उल्लेख, जगनाथ मन्दिरमा भएका झ्याल र तीनमुखे ढोकाहरू र रतिकलासम्बन्धी टुँडालहरूको वर्णन, देगुतले मन्दिरमा भएका तीनमुखे ढोका, विशेष किसिमका शिवपार्वतीका मूर्ति अंकित, टुँडालहरू र गझ्यालको वर्णन, महाविष्णु मन्दिरमा भएका झ्यालढोका, खम्बा, टुँडाल र तोरणहरूको वर्णन, मोहनचोकमा भएका सन्झ्या, ढोकाहरू र कृष्णसँग सम्बन्धित विभिन्न टुँडालहरूको उल्लेख, मूलचोकमा भएका भगवती मूर्ति अंकित टुँडालहरू, ढोकाहरू, आँखीझ्याल र स्तम्भहरूको वर्णन र तलेजु मन्दिरमा भएका झ्याल, ढोका र टुँडालहरूको वर्णन भएको पाइन्छ ।[55]

हनुमानढोका क्षेत्रमा भएका विभिन्न समयमा बनेका स्मारक र उक्त क्षेत्रको सांस्कृतिक र धार्मिक गतिविधि सम्बन्धमा वर्णन गरिएको उक्त ग्रन्थमा नेपाली मध्यकालीन काष्ठकलाको वर्णन भए तापनि काष्ठकलाका विविध स्वरूपहरूको स्पष्टरूपमा वर्णन गरिएको छैन । साथै काष्ठकलासँग सम्बन्धित धार्मिक र सांस्कृतिक पक्षलाई समेटिएको छैन । यसका साथै काष्ठकलाको महत्त्वपूर्ण पक्ष मूर्तिलाई पनि समावेश गरिएको पाइँदैन ।

---

[54] Gautambajra Bajracharya, **Hanumandhoka Rajadurbar**, (Kathmandu : Nepal Asiali Adhyan Sansthan, 2033 B.S.).

[55] *Ibid*.

धनवज्र वज्राचार्यद्वारा लिखित लिच्छविकालका अभिलेख लिच्छविकालको राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक इतिहास अध्ययन गर्ने एउटा महत्त्वपूर्ण पुस्तक हो । यस पुस्तकमा अभिलेखहरूको व्याख्या गर्ने क्रममा पाटन सुन्धाराको अभिलेखमा माटिङ्ग्राम, देवकुलको मन्दिर जीर्ण भएकोले पुनः जीर्णोद्धार भएको उल्लेख पाइन्छ ।[56]

यस पुस्तकबाट नेपाली प्राचीन काष्ठकलाको जानकारी नपाइए तापनि प्राचीन नेपालमा मन्दिरहरूमा काठका झ्यालढोकाहरू बनाइने र नेपाली काष्ठकलाको प्राचीनताको अध्ययनको लागि उपयोगी हुन सक्छ । त्यस वाहेक यस पुस्तकबाट केही पनि जानकारी पाइँदैन ।

*D.R. Regmi* द्वारा लिखित पुस्तक Ancient Nepal मा नेपालको प्राचीन इतिहास विशेष गरी लिच्छविकालको राजनीतिक इतिहासको वर्णन गरिएको छ । उक्त पुस्तकमा लिच्छविकालमा घर मन्दिर र दरबारहरू बनाउँदा काष्ठकलाको व्यापकरूपमा प्रयोग हुने गरेको प्रसंङ्ग परेको छ ।[57]

उक्त पुस्तकबाट काष्ठकलासम्बन्धी कुनै जानकारी नपाइए तापनि नेपाली काष्ठकलाको प्राचीनताको अध्ययन गर्न उपयोगी मान्न सकिन्छ । खास गरी भन्ने हो भने उक्त पुस्तकमा पनि नेपाली काष्ठकलाको व्यापकरूपमा प्रशंसा हुनुको साथै नेपाली शैलीमा मन्दिरहरू लिच्छविकालदेखि नै बन्न थालेको चर्चा पाइन्छ ।

*Hit Narayan Jha* द्वारा लिखित पुस्तक The Licchavis मा पनि लिच्छविकालको काष्ठकलाको केही जानकारी पाइन्छ । उक्त पुस्तकमा प्राचीनकालमा नेपालमा राज्य गर्ने लिच्छवि राजवंशका विविध पक्षको बारेमा जानकारी पाइन्छ । उक्त पुस्तकमा काष्ठकलाको वर्णन यसरी भएको छः "Owing to the easy and cheap availability of wood from their forest people made their house of it"[58] यस पुस्तकबाट लिच्छविकालिन काष्ठकलाको केही जानकारी नपाइए तापनि नेपाली काष्ठकलाको प्राचीनता अध्ययनका लागि उपयोगी छ ।

माथि उल्लेखित विभिन्न पुस्तकहरूमा कुनै न कुनै रूपमा नेपाली काष्ठकलाका विविध स्वरूपहरूको चर्चा भएको पाइन्छ । जसबाट नेपालको मध्यकालीन काष्ठकलाको जानकारी पाइन्छ । तल वर्णन गरिएका कितावहरूको अध्ययनबाट काष्ठकलाको प्राचीनता, काष्ठकलाको उत्पत्ति र विकास, काष्ठकलाको सैद्धान्तिक र परम्परागत प्रयोगका सिद्धान्त, काष्ठकलाको वैद्धिक परम्परा र नेपाली काष्ठकलाको परम्परालाई अध्ययन गर्न सहयोग पुऱ्याउँछन् । यी पुस्तकहरू केही विदेशी विद्वान्हरूद्वारा लेखिएका छन्, केही भारतीय विद्वान्हरूद्वारा लेखिएका छन् । यी पुस्तकहरूबाट विशेष गरी काष्ठकलाको धार्मिक र सांस्कृतिक पक्षको अध्ययनलाई

---

56 Dhanabajra Bajracharya, **Lichchhavikalka Avilekha**, (Kathmandu : Nepal Asiali Adhyan Sansthan, 2030 B.S.), pp. 339-341.

57 D.R. Regmi, **Ancient Nepal**, (Calcutta : Firma K.L. Mukopadhyay, 1969), pp. 290.

58 Hit Narayan Jha , **The Licchavis** , (Varanashi : Chowkhamba Publication, 1970), pp. 201.

सहयोग पुग्दछ । साथै नेपाली काष्ठकलाको अध्ययन र यस क्षेत्रमा भएका अध्ययनहरूको शैली र सिद्धान्तहरूलाई जान्न सहयोग पुग्दछ । यसमा साथै उपमहाद्विपमा विभिन्न समयमा बनेका विभिन्न काष्ठकलाका स्वरूपहरू र नेपालमा विभिन्न समयमा बनेका विभिन्न काष्ठकलाका स्वरूपहरू बीचको समानता र विविधता बारे पनि उक्त पुस्तकहरूबाट थाहा पाउन सकिन्छ ।

V.M. Hillary and E.H. Huey द्वारा लिखित पुस्तक The story of our Heritage Sculptute मा विश्वमा विभिन्न सभ्यताहरूबाट प्राप्त मूर्तिहरूको चर्चा भएको पाइन्छ । उक्त पुस्तकमा सभ्यताहरूबाट प्राप्त भएका विभिन्न माध्यमबाट बनेका मूर्तिहरूको चर्चा गर्ने क्रममा इजिप्टको सभ्यताबाट प्राप्त काठको मूर्तिको सचित्र वर्णन भएको पाइन्छ । उक्त मूर्ति आफै पनि सुरक्षित रहेको छ । हाल उक्त मूर्तिलाई कायरोको संग्रहालयमा राखिएको छ । बलिया हात पाखुरा भएको उक्त मूर्तिलाई कसैले पूजारी भनी भनेका छन् भने कसैले राजाको मूर्ति मानेका छन् । कसैले सरदारको मूर्ति भनि अनुमान गरेका छन् । हातमा लठ्ठी लिई उभिएको उक्त मूर्तिलाई अहिलेसम्म पाप्त भएका काठका मूर्तिहरूमध्ये सबैभन्दा पुरानो मानिएको छ ।[59]

इजिप्टको सभ्यताबाट प्राप्त उक्त मूर्ति वास्तमा भन्ने हो भने संसारकै सबैभन्दा पुरानो काष्ठकलाको उत्कृष्ट नमुना मान्न सकिन्छ । यस मूर्ति प्राप्तिले विश्वमा सभ्यताको शुरूदेखि नै काष्ठकलाको विकास भएको मान्न सकिने प्रमाण देखिएको छ । कलाको इतिहासको अध्ययनका लागि उक्त पुस्तक अति उपयोगी मानिन्छ ।

*Satish Grover* द्वारा लिखित The Architecture of India Buddhist and Hindu भन्ने पुस्तक विशेष गरी हिन्दू र बौद्ध वास्तुकलाको बारमो लेखिएको महत्त्वपूर्ण ग्रन्थ हो । वास्तुकलासम्बन्धी बढी वर्णन गरिएको यस ग्रन्थबाट काष्ठकलाको प्राचीनता बारेमा केही उल्लेख भएको पाइन्छ । उक्त पुस्तकमा सिन्धुघाटी वरिपरि ठूलो जंगल रहेको घरहरू निर्माणको लागि काठ बढी मात्रामा प्रयोग गरिने, विशेष गरी घरका झ्याल र घरका छानाका पाखाहरू काठका बन्ने, हिन्दूहरूले बैदिककालमा घर र रथ बनाउन र बस्तीलाई चारैतिरबाट घेर्नको लागि काठका ठूला ठूला खाँभाहरूको प्रयोग गर्ने र मेगस्थनीजनद्वारा काठका खम्भाहरूद्वारा र सुरक्षा पर्खाल बनाइएको उल्लेख पाइन्छ ।[60]

उक्त पुस्तकबाट केही हदसम्म काष्ठकलाको प्राचीनता र काठलाई कुन स्वरूपमा प्रयोग गरिन्थयो भन्ने कुरा थाहा पाइन्छ । वास्तुकलामा आधारित उक्त पुस्तकबाट केही ठाउँमा

59 V.M. Hillary, and E.G. Huey, **The Story of Our Heritage Sculpute**, (Great Britain : Thomas Nilson and Sons Limited, 1967), p. 18.

60 Satish Grover, **The Architecture of India, Buddhist and Hindu**, (Delhi : Vikas Publishing House Pvt., 1980), pp. 2-15.

काष्ठकलाको उल्लेख गरिए तापनि काष्ठकालका विविध स्वरूप, काष्ठकलाको धार्मिक र सांस्कृतिक महत्त्वको बारेमा वर्णन भएको पाइँदैन ।

*डा. पृथ्वीकुमार अग्रवाल*द्वारा लिखित प्राचीन भारतीय कला एवं वास्तु पुस्तकमा वास्तुकलाको उत्पत्ति र विकास, प्राचीनकालको कला र वास्तु र भारतमा विभिन्न समयमा विकास भएका कला तथा वास्तुको विवेचना गरेका महत्त्वपूर्ण ग्रन्थ हो । यस पुस्तकमा कला र वास्तुको वर्णन गर्ने क्रममा काष्ठकलाको पनि चर्चा गरिएको पाइन्छ । उक्त पुस्तकमा सिन्धुघाटीमा घरहरू निर्माण गर्दा काठका सिंढीहरू निर्माण हुने कुराको चर्चा, वैद्धिककालमा काठका ठूला ठूला खम्भाहरू निर्माण हुने कुरा, हजार खम्भाहरको उल्लेख, वैद्धिककालका काष्ठशिल्पी र काष्ठकर्मीहरूको उल्लेख, काठका नाउहरू वैद्धिककालमा बनेको उल्लेख, काठको हलोको प्रयोगको उल्लेख, पाणिनीको अष्टाध्यायिमा काठका खम्भाहरूको प्रयोग भएको वर्णन, काठका खम्भाहरू बेचिएको प्रसँगको वर्णन, बौद्ध साहित्यमा काठको प्रयोगको चर्चा, विनयपिठमा विहारहरू निर्माण गर्दा काष्ठकलाको चर्चा भएको वर्णन, मेगस्थनीज्द्वारा पाटलीपुत्रको दरबार काठको बनेको वर्णनको उल्लेख र मौर्यकालमा घरहरू काठबाट बनेका र विशेष गरी शालको काठको बढी मात्रामा प्रयोग हुने चर्चा[61] भएको पाइन्छ । उक्त पुस्तकमा भारतमा विभिन्न समयमा काष्ठकलाको व्यापक रूपमा प्रयोग भएको जानकारी पाइए तापनि काष्ठकलाका विभिन्न स्वरूपहरू कुन रूपमा प्रयोग गरिन्थे भन्ने कुराको स्पष्टरूपमा जानकारी पाइँदैन ।

साथै उक्त पुस्तकमा काष्ठकलाको महत्वपूर्ण पक्ष धार्मिक र सांस्कृतिक पक्षलाई समेत समावेश गरिएको पाइँदैन । मात्र उक्त पुस्तकमा काष्ठकलाको प्राचीनता बारेमा केही कुरा जानकारी पाउन सकिन्छ ।

*V.D. Mahajan* द्वारा लिखित Ancient India भन्ने पुस्तकमा प्राचीन भारतीय समाज र संस्कृतिका विविध पक्षहरूको चर्चा भएको पाइन्छ । काष्ठको वर्णन उक्त पुस्तकमा यसरी गरिएको पाइन्छ - "*It seems that lintel and side of Jams of the door were of wood*".[62] भन्दै सिन्धुघाँटी सभ्यतामा भएका घरहरूमा काठमा ढोकाहरू र कप्पु (Lintels) हरू बनेको उल्लेख गरेका छन् ।

उक्त पुस्तकबाट काष्ठकलाको प्राचीनता बारेमा मात्र थाहा पाइने हुनाले यो पुस्तक त्यति महत्त्वपूर्ण मानिदैन ।

गीताप्रेस गोरखपुरद्वारा प्रकाशित चौबीसौं वर्षको विशेषाङ्क '*कल्याण*' नामक पुस्तकमा हिन्दू धर्म र संस्कृतिका विविध पक्षको चर्चा गरिएको पाइन्छ । हिन्दू धर्म र संस्कृतिको विविध

61 Prithvi Kumar Agrawal, **Bharatiya Kala Abum Vastu**, (Varanayasi : Biswa Bidhan Prakashan, 2002 B.S.), pp. 45-71.

62 V.D. Mahajan**, Ancient India**, (Delhi : Reprinted, C. Chand and Company Pvt., 1993), p. 59.

पक्षको जानकारी लिन उक्त पुस्तक अति महत्त्वपूर्ण छ । उक्त पुस्तकमा केही पृष्ठहरूमा काष्ठकलाको पनि चर्चा भएको पाइन्छ । यसमा विशेष गरी वैद्धिककालमा यज्ञका खम्भाहरू काठको भएको वर्णन विलासपुर जिल्ला अन्तर्गत चन्द्रपुरको (एउटा पोखरीमा) किराँत नामक ग्राममा हिराबन्ध जलाशयबाट १८०० वर्ष पुरानो यज्ञ स्तम्भ प्राप्त भएको र उक्त स्तम्भमा लिपि अंकित गरिएको र यसलाई गुप्तकालको मानिएको र यस अभिलेखमा राजनीतिक कर्मचारीहरूको नाम उल्लेख भएको र हाल उक्त स्तम्भलाई नागपुरको आचार्य गृहमा राखिएको वर्णन, इसापूर्व ६औं शताब्दीमा उजैनका राजा चण्डपद्योटनबाट महाविरको चन्दनको काठको मूर्ति निर्माण गराउन लगाएको वर्णन, गौतमबुद्धले चन्दनको पाटीमा लेख्ने गरेको वर्णन, पाटलीपुत्रको उत्खनन्‌बाट प्राप्त भएका विभिन्न खम्भाका छिद्रहरूको साथै आधा जलेका काठका खम्भाहरूको वर्णन, मौर्यकालका काठका पाङ्ग्राहरू पटना संग्रहालयमा सुरक्षित राखिएको र उक्त पाङ्ग्राहरू सम्राट अशोकका रथका भएको वर्णनको उल्लेख, ६औं शताब्दीका काष्ठशिल्पीहरूको वर्णन, भागवतमा वर्णन गरिएको काष्ठमूर्ति निर्माणका विधिहरूको उल्लेख, कलकत्ता विश्वविद्यालय अन्तर्गत रहेको आशुतोष संग्रहालयमा रहेको महाविहारको काष्ठमूर्तिको उल्लेख, नेपालमा भएका काष्ठकलाहरूको प्रशंसा र नेपालमा काठका अदभूत नमुनाहरू भएको वर्णन गर्दै नेपालका काष्ठकर्मीहरू अति कुशल भएको उल्लेख, सोमनाथ मन्दिरको १२औं शताब्दीतिर जीर्णोद्धार गर्दा उक्त मन्दिर ५७ वटा विशाल खम्भाहरूद्वारा बनेको, साथै उक्त खम्भाहरू अफ्रिकाबाट ल्याइएको उल्लेख, कुमारपालले तरंगा पहाडमा बनाएको काठको मन्दिरको उल्लेख, काष्ठकलाहरू किताव रक्षाका लागि चिनमा र तिब्बतमा प्रयोग गरिएको उल्लेख, १८औं शताब्दीको भवनबाट विशाल सिंहासन प्राप्त भएको र हाल उक्त सिंहासन दिवान बहादुर राधाकृष्ण संग्रहालयमा सुरक्षित राखिएको काठद्वारा निर्माण भएको उल्लेख, वर्मामा काठका प्रशस्त मात्रामा पुराना सिंहासनहरू प्राप्त भएको उल्लेख, उडिसाको भूनेश्वरी मन्दिरमा उत्कृष्ट काठको तोरणको उल्लेख, उडिसाको जगनाथको मूर्ति काठद्वारा बनेको र दशावतारका मूर्तिहरू काष्ठकलामा बनेको वर्णन र १८औं शताब्दीमा ग्रन्थहरू राख्नको लागि काठका नक्साहरूको निर्माण जसमा बौद्ध र जैन धर्मसँग सम्बन्धित पुस्तकहरू राखिन्थ्यो भन्ने चर्चा पाइन्छ ।[63]

यसरी यस पुस्तकमा भारतीय संस्कृतिसँग सम्बन्धित महत्वपूर्ण पक्ष काष्ठकलाको वर्णन भएको पाइएतापनि उक्त ग्रन्थमा काष्ठकलाको व्यवस्थित रूपमा वर्णन भएको पाइँदैन । साथै काष्ठकलाका विविध स्वरूपहरूको पनि स्पष्ट रूपमा वर्णन भएको पाइँदैन । काष्ठकलाको वर्णन गर्ने क्रममा नेपाली काष्ठकलाको उत्कृष्टताको र यहाँका कारीगढहरूको प्रशंसा गरिए

63 **Kalyan,** *'Hindu Sanskriti Anka'* (24 Year Bisesanka), (Gorakhpur : Gita Press, 2052 B.S.), pp. 707-711.

तापनि काष्ठकलाका कुनै पनि पक्षको चर्चा गरिएको छैन । साथै वर्मामा प्राप्त भएका सिंहासनको चर्चा मात्र पाइन्छ विवरण पाइँदैन ।

*Chitta Ranjan Prasad* द्वारा लिखित Early Sculputure of Bihar भन्ने पुस्तकमा विहारमा प्राप्त भएको सर्वप्राचीन मूर्तिहरूको राम्रो र वैज्ञानिक तरिकाबाट विवरण तयार गरिएको छ । उक्त पुस्तकमा काष्ठकलाको वर्णन यसरी गरिएको छ साथै भारतमा प्राप्त प्राचीन मूर्तिको वर्णन पनि समावेश गरिएको छ -

> *Unfortunatly wooden work of art of Mauryan period is very rarely to be seen. This may be to the fact that wood being of perisable nature could not survive for long as such we have not got many wooden figures of such a remote past. It is however heartening to note that one rare female figure of wood was discovered just by the ancient on the bank of the Ganga near Patna city (Guljarbagh). Sometime in September 1969 A.D. It is unique own its own way or it will be seen that it is the first definite wooden image of Maurayan period yet discovered. The figure mesuring eight inches in height has been carved in round very successfully. The eyes, the nose and other part of the body have though been very much obliterated due to the atmospheric action yet the figure fulfils the standard of the faminie beauty of the Mauryan period. Both the feet are broken. Fully developed breast, slender waist and board heaps are clearly visible. Stomach grooves, musceles and the body and the depression below pelvic region are clearly visible. The upper portion of the body absolutely bare. The sculpture under study bear a very strong resembelance with the famous Didargunj figure preserved in the Patna Museum.*
>
> *A wooden figure of mother and child is also preserved in the Sir Chotunam Memorial Museum in Rajasthan. Unfortunately, its exact date has not been mentioned by the learned author.*
>
> *In reality, the wood carving is an old art. During the Vedic period wood was the principal material for*[64] *fashioning out the rituals implement our ancient iconographic texts like the Brihatsamhita, the Bhavisya Purana the Vishnudharmottana etc describe in details regarding the selection of wood for making images. In the sixth chapter of the Antagada Dasao, Jaina text, we find a clear reference to the wooden images of the Yaksa Moggarapani in a shrine outside the city of Rajsthan. The Dharmasoka Polisutta Vibhanga refer to a portaits in fressco and female figure in wood. In a Jaina Agamika literature, the wooden construction was known as Katta-Kamma. A important reference is to a wooden figure of a Rishi made for worship by his son. In the* $6^{th}$ *century B.C. a Sandle wood image of Mahavira is a said to have been carved by the order of the King Chandrapradyota.*
>
> *Megasthenes, the Greek ambassador in the court of Chandra Gupta Maurya has presented a beautiful description of the city of the Pataliputra which testifies the extensive use of wood art only for architectural but also*

---

[64] Chitta Ranjan Prasad, **Early Sculpture of Bihar**, (Patna : Indological Book Co-operation, 1980), pp. 35-38.

*for decorative purpose. The whole of the city was surrounded by wooden palisades. Megasthenes description is amply corroborated by the archaeological finds of wooden pillars from Kumrahar Bulandibagh, Tulsimandi, Mangles tank and the Kankarbagh housing colony etc, specimen which are preserved in the Patna Museum. The Patna Museum is also possession of a Maurayan wooden chariot. Wheel retrieved from Bulandibagh. A standing wooden figure of dwarf (gana) is also preserved in the private collection of Hiramaneck which has been dated 2$^{nd}$ century B.C. The Dacca Museum also possesses five samples of really old carved wood two of which representing Garuda and Vishnu.*

*But inspite of reference given above, it has to be concluded that the wooden figures are in extreme rarity. In view of the perishable nature of the wood it was but natural. The female figure from the Ganges side from Patna city datable in the Mauryan period which speak highly of the anonymous artist who shaped the figure add one more number to the already existing short lists of wooden figure.*[65]

यसरी उक्त पुस्तकमा भएका काष्ठकलाको विशेष गरी काष्ठमूर्तिकलाको प्राचीनताको विस्तृत वर्णन गर्दै भारतमा प्राप्त सव्रप्राचीन नारी मूर्तिको वर्णन भएको छ । यस मूर्तिको वर्णनले भारतमा इसापूर्वदेखि नै काठका राम्रा मूर्तिहरू बन्दथे भन्ने कुरा थाहा पाइन्छ । तर उक्त पुस्तकमा काष्ठ मूर्तिकलामा मात्र बढी वर्णन भएको पाइनु र काष्ठकलाका अन्य स्वरूपहरूको वर्णन नपाइनु उक्त पुस्तकमो महत्वपूर्ण कमजोरी हो । तर उक्त पुस्तकबाट काष्ठ मूर्तिकलाको प्राचीनता र काष्ठकलाको प्राचीनताको बारमो अध्ययन गर्नको लागि विशेष ज्ञान प्राप्त हुन्छ । यस पुस्तकबाट यस अनुसन्धानको लागि महत्त्वपूर्ण विवरण पनि पाइएको छ ।

*J.N. Banerjee* द्वारा लिखित The Development of Hindu Iconography भन्ने पुस्तक मूर्तिकलाको उत्पत्ति र विकास, प्राचीनता र हिन्दूधर्मका विभिन्न देवताहरको बारेमा विस्तृतरूपमा वर्णन गरिएको महत्वपूर्ण ग्रन्थ हो । यस ग्रन्थबाट प्राचीन बैदिक साहित्यहरूमा वर्णन गरिएका काष्ठकला सम्बन्धी विविध पक्षको वर्णन यस प्रकार भएको छ, जसले काष्ठकलाको शास्त्रीय परम्पराको प्रसस्त मात्रामा जानकारी दिन्छ -

*The ancient practice of making images in such perishable materials as wood and clay is also one of the main reasons which explain the above fact. In the Vedic times, in the fashioning of the rituals implements that were necessary for the correct performance of particular sacrifices, wood was the principal material that was used and the alters of various shapes and kind were made of clay and bricks. In refereing to the materials out of which the God Viswakarma could have created the universe the one that comes formost to the mind of Vedic seer is wood. The hymnist asks, which was the forest and what was the tree out of whose wood the haven and earth were carved. It is natural that wood should be easily thought of in*

---

65 *Ibid.*

*the construciton of structures and other objects, for it is not only one of the easily procurable materials but also is an important one among such, being the easiest to work upon. It is no wonder then that we find so many passages in the early Indian Iconogrpahic texts expatialing on the selection of wood to be used in the construction of images. Some of these are taken notice of here; attention of the reader, howerver need to be drawn in Passim to be extreme care and consideration, which is enjoyed by the writers of these texts on the image-makers in the cutting of the particular trees whose woods could be employed by them for the shaping of the area of the god.*

*Some writers on Indian Iconography and iconometry have noted the importance of chapter 57 on Pratimalaksanan of Varahamihira's Brhatsamhita and have utilised its contents to some extent; but practically no notice has yet has been taken by them of the next chapter viz; Vanasampravesyandana and its bearing on the art of image-making in ancient India. The latter lays down details regarding the ceremony of securing wood from the forest*[66] *trees, and bringing it home for the purpose of making images of god and goddesses. We are first told that the image maker should enter into the forest on an auspicious day selected by the astrologer and be careful about the omens which he might see on his way to it. Then a list of trees which are to be avoided in the search for proper wood is given. Which grows in cremation ground by the side of roads, near temples or an ant-hill, in garden and hermitages, caitya or extremly , those growing by the confluence of rivers or which are planted by human hands, extremply bent ones, trees growing very close to the other trees or over grown with creepers, trees struck by lightning or broken by storms, falling by themselve or damaged by elephant, dried or brunt trees or those on which bees make their hives, are not to be selected by the sculptor. Next are given the names of those the wood of which is to be used for making images; Deodar, Candana, Sami, Madhuka for images set up to the Brahmen; arista, as Vattha, Khadira, Sindhuka, bilva for those made for the Kastriyas; Liveka, Khadira, Sindhuka and Syondana are auspicious for images by the Vaisyas; linduka, Kesara, Saesta, Aryona amra and sala are for the sudras. Before the selected tree is to felled by axe certain rites are to be performed by the sculptor. First he is to mark off on its trunk the various sections of the Lingam or image to be made out of it in order that the top, bottom and the sides of the object to be fashioned many correspond to those of the trunk of tree. Next he will propitiate the trees with various offering and worship the god, manes, Raksasas Naga, Asura, Ganas and Vinayakas of night and after the following mantra, touching the tree with his hand.*

*Oh thou tree salutation to thee, thou art selected for (being fashioned into) the icon of this particular deity; please accept this offering according to rules. May all the spirits which reside in this tree transfor their habitation elewhere of the accepting these offering made according to rules. May they pardon me today (for distrubing them) salutation to them.*

---

[66] J.N. Banerjee, **The Development of Hidnu Iconography,** (Delhi : Manshiram Manoharla Publishers Ptv., 1985), pp. 204-205.

*Lastly, in the morning, after sprinkling water on the tree and smearing the blade of his axe with hony and clarified butter, he should cut round the trunk right wards, beginning from the north east conrner.*

*Narada while explaining to samba rule for the construction of images of god in general and Surya in particular, mention that seven kinds of images tending to the welfare of the devotees are known, viz; those made of gold, silver, copper, earth or clay, stone wood and the ones that are drawn (on Canvas and other objects); of these Narada*[67] *selects those made of wood as deserving special notice. This show that wood was the most frequently used material for image-making from very early times*[68].

यसरी मूर्तिविज्ञानको अध्ययनको लागि अति उपयोगी मानिने उक्त ग्रन्थबाट बौद्धिककाल देखि काष्ठकलाको विकास भइसकेको थाहा पाइन्छ । साथै के-कस्ता रूखहरू मूर्ति बनाउनको लागि उपयोगी मानिनछन् । रूख काट्नु भन्दा गरिने विभिन्न पूजाहरूको बारेमा विस्तृतरूपमा वर्णन गरिएको पाइन्छ । उक्त पुस्तकमा काष्ठमूर्तिकलाको मात्र बढी वर्णन गरिएको छ । काष्ठकलाका अन्य स्वरूपहरूको बारेमा वर्णन भएको पाइँदैन । उक्त पुस्तकबाट काष्ठकलाको उत्पत्ति र प्राचीनताको अध्ययनको लागि उपयोगी ज्ञान प्राप्त हुन्छ ।

*T.A. Gopinath Rao* द्वारा लिखित Element of Hindu Iconography Vol I भन्ने पुस्तक मूर्ति विज्ञानको अध्ययनको लागि अति उपयोगी ग्रन्थ हो । यसमा मूर्तिहरूको वैज्ञानिक तरिकाबाट विश्लेषण गरिएको मूर्तिहरूको वर्णन गर्ने क्रममा काष्ठकलाको पनि केही चर्चा भएको छ जुन यस प्रकार छ -

*The material recommanded in the agamas for the making of images are wood, stone, precious jems, metal, earth and also combination of too or more of the aforsaid materials. There are few instances of such principal images being made of wood; the most famous instances is in the temple of Jaganathpuri and the figure of Trivikrama in the central shrine of the large Vishnu temple at Tirukkoyilur is also made of wood.*[69]

मूर्ति विज्ञानको लागि उपयोगी मानिने उक्त ग्रन्थमा काष्ठकलाको खासै वर्णन गरिएको नपाइए तापनि काष्ठकलाको बारेमा अन्य ग्रन्थहरूमा जस्तै महत्त्वपूर्ण सन्दर्भहरू थाहा पाइन्छ ।

Bruno Dagens द्वारा सम्पादित र अनुवादित मयमतम खण्ड प्रथम वास्तुशास्त्रको अति उपयोगी ग्रन्थ हो । यो ग्रन्थ हिन्दूजगतको महान वास्तुकलाविद्मध्ये मय नामक राक्षसद्वारा लेखिएको मानिन्छ । उक्त पुस्तकबाट काष्ठकलाको विविध पक्षको जानकारी पाइन्छ । उक्त पुस्तकमा काठका खम्भाहरूको उल्लेख, प्राचीनकालमा काठ एउटा महत्त्वपूर्ण वस्तु[70] निर्माणको

---

[67] *Ibid*.

[68] *Ibid*

[69] T.A. Gopinath Rao, **Element of Hindu Iconography**, (Delhi : Reprinted Low Price Publications, 1999), pp. 48-49.

[70] Bruno Dagens (Edited and Translated), **Mayamatum** (First Part), (Delhi : Motilal Banarashidas Publisher Pvt. 1997-2000), pp. 198-221.

स्रोत भएको उल्लेख, कार्नेस (Entablature) बनाउने विधिको उल्लेख, नाल (Beam), झ्याल र ढोकाहरूको व्यवस्थापनको उल्लेख, मुसी (Rafter) हरूको लम्बाइ र चौडाइको उल्लेख हुनको साथै रूप काट्नुपूर्व रूख छान्ने विधि, काट्नु पूर्व गरिने पूजा विधि र मूर्ति बनाउन र घर र मन्दिरहरू बनाउनको लागि उपयोगी वृक्षहरूको वर्णन भएको पाइन्छ ।[71]

वास्तुकलाका विविध पक्षको बारेमा जानकारी दिने उक्त ग्रन्थमा पनि काष्ठकलाको उत्पत्ति विकास, काष्ठकलाका विविध स्वरूपहरू र काष्ठकलाको सांस्कृतिक र धार्मिक महत्वको स्पष्ट रूपमा चर्चा भएको पाइँदैन । त्यसकारण काष्ठकलाको प्राचीनता र काष्ठकलाको केही महत्त्वपूर्ण स्वरूपहरूको अध्ययनको लागि उक्त पुस्तक सहयोग हुन सक्छ ।

*डा. राधेश्याम मिश्रा*द्वारा लिखित सम्पूर्ण वास्तुशास्त्र रहस्य नामक पुस्तक वास्तुशास्त्रको अध्ययनको लागि उपयोगी ग्रन्थ हो । उक्त ग्रन्थमा विभिन्न शास्त्रहरूमा वास्तुरचनाको लागि चाहिने महत्त्वपूर्ण काठहरूको उल्लेख भएको पाइन्छ ।[72]

वास्तुशास्त्रको लागि अति उपयोगी उक्त पुस्तकबाट प्राचीन कालदेखि काष्ठकला एउटा महत्त्वपूर्ण माध्यम थियो भन्ने बारे केही पनि पाइँदैन ।

डा. चमनलाल गौतमद्वारा सम्पादित विश्वकर्म पुराण वास्तुशास्त्रको अध्ययनको लागि अति उपयोगी ग्रन्थ हो । उक्त पुस्तकमा भवन निर्माणको लागि काठ अति उपयोगी भनि उल्लेख, शुभ मुहूर्त काठ काट्नु पर्ने कुराको बर्णन, काट्नु पूर्व वृक्ष पुजन गर्ने विधिको उल्लेख हुनका साथै यसबाट वृक्ष काटेको दोष नलाग्ने भनि गर्णन, भद्रयोग काठ काट्नको लागि वर्जित भनि उल्लेख, हरिया वृक्षहरू काट्नु वर्जित भनी उल्लेख, शमसान, कुआ र नदीको सङ्गमको वृक्ष अमंगलकारी भनी उल्लेख र गृह निर्माणका लागि चाहिने महत्त्वपूर्ण वृक्षहरूको उल्लेख पाइन्छ । उक्त पुस्तकमा वास्तुकलामा प्रयोग हुने काठको मात्र चर्च बढी मात्रामा भएको पाइन्छ । काष्ठकला कुन रूपमा हुन्थ्यो, काष्ठकलाका स्वरूपहरूको चर्चा स्पष्टरूपमा भएको पाइँदैन । यहिबाट मात्र प्राचीनकालदेखि काठ एउटा महत्वपूर्ण कलाको माध्यम थियो भन्ने कुरा मात्र स्पष्ट हुन्छ ।[73]

*डा. बलराम श्रीवास्तव*द्वारा लिखित मूर्ति विज्ञानको महत्त्वपूर्ण ग्रन्थ रूपमण्डन मा मूर्ति बनाउने आठवटा सर्वश्रेष्ठ वस्तुहरूमध्ये काठलाई पनि मानिएको छ ।[74]

---

71 *Ibid*.

72 P. S.Mishra, **Sampurna Vastushastra Rahasya**, (Delhi : Raja Pocket Books, 2042. B.S.), pp. 330-331.

73 Chamanlal Gautam (Edited) **Viswokarma Purana**, (Bareli : Corrected Edition, Sanskriti Sansthan, 1999), pp. 528-530.

74 Balaram Shribastav, **Rupmandan,** (Varanashi : Motilal Banarashi Das, 1996), p. 111.

यसबाट प्राचीनकालदेखि नै काठका मूर्तिहरू बन्दथे भन्ने कुरा थाहा पाइन्छ । मूर्तिविज्ञानको सम्बन्धमा विश्लेषण गरिएको यस ग्रन्थबाट यस बाहेक काष्ठकलाको केही पनि चर्चा पाइँदैन ।

*डा. विन्ध्येश्वरी प्रसाद सिंह*द्वारा लिखित पुस्तक भारतीय कलालाई विहारको देनमा प्राचीनकादेखि भएको कलाको विकासलाई राम्रोसँग प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा कलाका विविध स्वरूपहरूको चर्चा गर्ने क्रममा काष्ठकलाको प्राचीनताको पनि राम्रोसँग विवेचना गरेको पाइन्छ । उक्त पुस्तकमा वैद्धिककालमा काठ प्रमुख निर्माण सामग्री भएको उल्लेख, उत्तर वैद्धिकका ठूला ठूला भवनहरू काठद्वारा निर्मित भएको वर्णन, पाटलीपुत्रको दरबारमा काठ प्रसस्त मात्रामा प्रयोग भएको उल्लेख र उक्त दरबारमा काठमा कुँदिएका रूखका लहराहरूको उल्लेख, माथि उल्लेखित कुरालाई उत्खनन्बाट प्राप्त ठूला ठूला काठका छिद्रहरू र भेगस्थनिजहरूले गरेको वर्णनबाट प्रमाणित गरेको छ । साथै उक्त पुस्तकमा स्तम्भहरू सतहभन्दा ५ फुट तल भएको उल्लेख र मौर्यकालमा शुरूमा काठको प्रयोग हुन्थ्यो तर अशोकको पालादेखि पाषाणहरू प्रयोग हुन थालेको उल्लेख जस्ता कुराहरूको वर्णन भएको पाइन्छ ।[75]

उक्त पुस्तकबाट विहारमा कलाको विकास, इतिहास र विहारले कलाको विकासमा भारतलाई दिएको महत्त्वपूर्ण देनका बारेमा चर्चा गरिएको छ । उक्त पुस्तकमा पनि काष्ठकलाका अन्य पक्षहरूलाई समावेश गरिएको पाइँदैन । त्यसकारण यस पुस्तकबाट केही सामाग्रीहरू मात्र पाइन्छ ।

*Percy Brown* द्वारा लिखित Indian Architecture Islamic Period मा भारतको मध्यकालमा विकसित मुगल वास्तुकलाको राम्रोसँग विश्लेषण गरिएको छ । उक्त पुस्तकबाट मुगल समयमा काठको कम मात्रामा प्रयोग भएको उल्लेख पाइनुको साथै स्मारकहरूमा भएका काष्ठका नाल (Beam) हरूको चर्चा पाइन्छ ।[76]

यसबाहेक उक्त पुस्तकमा काष्ठकलाको सामान्य विवरण बाहेक केही पनि जानकारी पाइँदैन ।

त्यसैगरी *Andreas Volwahsen* द्वारा लिखित Living Architecture of India मा वास्तुकलाको अध्ययनको लागि महत्त्वपूर्ण मानिन्छ । भारतीय वास्तुकलाका विविध पक्षको बारेमा वर्णन गर्ने क्रममा काष्ठकला प्रसँग पनि आएको छ । उक्त पुस्तकमा बैद्धिक कालदेखि नै काष्ठकलाको विकासको उल्लेख, ढुँगा र इँटाको मन्दिरले पुरूषको प्रतिनिधित्व गर्ने, काठ र

---

[75] Vindhyeswori Prasad Singha, **Bharatiya Kalalai Bihar Ko Den**, (Patna : Bihar Rastrabhasha Parishad, 2014 B.S.), pp. 47-57.

[76] P. Brown, **Indian Architecture Islamic Period**, (Delhi : Treasure House of Book, 1968).

इँटाको मन्दिरले स्त्रीको प्रतिनिधित्व गर्ने र काठ, इँटा, माटो, ढुँगा प्रयोग गरी बनाइएका मन्दिरले नपुसक लिंग (Neuter Gender) को प्रतिनिधित्व गर्ने उल्लेख, काठको भन्दा इँटको मन्दिर बनाएमा १०० पटक भन्दा बढी धर्म हुने, ढुँगाको मात्र मन्दिर बनाएमा १००० पटक बढी धर्म हुन उल्लेख, बैद्धिक कथनहरूमा ऋषिहरूद्वारा मन्दिर निर्माण गर्दा प्रयोग गरिने सामगीहरूको बारेमा बारम्वार चेतावनी दिएको उल्लेख, काठ काट्न जानु भन्दा पूर्व निश्चित गरी तोक्नु पर्ने उल्लेख, वृक्षको छनौट गर्ने उल्लेख र भूतहरूलाई वृक्ष छोड्न अनुरोध गर्नुपर्ने कुराको वर्णन गरिएको छ ।[77]

वास्तुकलाको बारेमा लेखिएको उक्त पुस्तकमा वास्तुकलाको विभिन्न स्वरूपहरूको वर्णन गरिएको छ र उक्त पुस्तकबाट काष्ठकलाको अध्ययन सम्बन्धमा प्राचीनताको अध्ययन गर्न केही हदसम्म सहयोग पाइन्छ ।

*James Ferusson* द्वारा लिखित "A history of Indian Eastern Architecture Vol II" मा चीन र जापानका काष्ठकलाको प्रशस्त मात्रामा उल्लेख गर्दै काष्ठकलाका विविध स्वरूपहरूको चर्चा गरेका छन् ।[78]

उक्त पुस्तकबाट पनि काष्ठकलाको प्राचीनता बारेमा केही पक्षको जानकारी पाइन्छ साथै नेपाली काष्ठकला र जापान र चीनमा निर्मित काष्ठकलालाई दाँज्न सहयोग पुग्दछ ।

*डा. जगदीशचन्द्र मिश्र*द्वारा लिखित “शुक्रनीति” भन्ने पुस्तकमा पनि काष्ठकलाका विविध स्वरूपहरूको चर्चा गरिएको छ ।[79]

यसबाट पनि काष्ठकला सम्बन्धी विभिन्न शास्त्रीय परम्पराको बारेमा थाहा पाइन्छ ।

साथै Joseph Pijoan द्वारा लिखित पुस्तक History of Art मा नर्वे र स्वीडेनमा काठका ढोका र झ्यालहरू प्रशस्त मात्रामा प्राचीनकालदेखि नै बन्दै आएको प्रसंग परेको छ ।[80]

उक्त पुस्तकबाट पनि काष्ठकलाको प्राचीनता र नेपाली काष्ठकलाको अन्य देशमा विकसित काष्ठकलाका स्वरूपहरूलाइ दाँज्न सहयोग पुग्दछ ।

*E.B. Havell* द्वारा लिखित A Handbook of Indian Art भन्ने पुस्तक भारतीय कलाको विविध पक्षलाई समेटी लेखिएको एउटा महत्त्वपूर्ण ग्रन्थ हो । उक्त पुस्तकमा बुद्ध भन्दा पहिले

---

77 Andreas Volwahsen, **Living Architecture of Indian,** (Delhi : Oxford IBH Publishing Company, 1969).

78 James Ferusson, **A History of India and Eastern Architecture Vol. II**, (London : John Murphy Atbemarle Street, 1910).

79 Jagadishchandra Mishra, (Edited), **Sukraniti**, (Varanayasi : Choukhambha Shurbharati Prakashan, 1998).

80 Joseph Pijoan, **History of Art,** (London : B.T. Batsford Ltd., 1933).

आर्यकालमा काठको बढी मात्रामा प्रयोगको उल्लेख, ठूला ठूला काठका खम्भाहरू प्रयोग गरिने उल्लेख र शुरूमा स्तूपहरू पनि काठद्वारा बन्ने गरेको उल्लेख पाइन्छ ।[81]

उक्त प्रस्तकबाट पनि काष्ठकलाको उत्पत्ति र प्राचीनताको अध्ययन गर्न सहयोग पुग्दछ तर उक्त पुस्तकमा काष्ठकलाका विविध स्वरूपको चर्चा पाइँदैन ।

*E.B. Havell* द्वारा लिखित A Study of Indo-Aryan Civilization मा विभिन्न किसिमका काठहरूको उल्लेख हुनुको साथै काष्ठकलाको पनि वर्णन पाइन्छ ।[82]

उक्त पुस्तकबाट पनि काष्ठकलाको प्राचीनताको बारेमा केही कुराहरू थाहा पाउन सकिन्छ ।

*Ananda K. Coomaraswamy* द्वारा लिखित Introduction to Indian Art पुस्तक भारतीय कलाको अध्ययनको लागि एउटा महत्त्वपूर्ण ग्रन्थ हो । उक्त पुस्तकमा बैद्धिक आर्यहरू काठका सामग्रीहरू निर्माण गर्न अति कुशल भएको उल्लेख, जातकहरूमा १८ वटा कलाहरूको उल्लेख गर्दा काष्ठकर्मीको पनि वर्णन भएको उल्लेख र मौर्यकालदेखि पूर्व नै भारतमा काष्ठकलाको विकास भएको उल्लेख पाइन्छ ।[83]

उक्त पुस्तकबाट पनि काष्ठकलाको प्राचीनता बारेमा मात्र थाहा पाइन्छ । काष्ठकलाका अन्य विविध पक्षको बारेमा जानकारी पाइँदैन ।

*G. Joureau* द्वारा लिखित पुस्तक Dravidian Architecture मा ड्रविडीयनहरूले प्राचीनकालदेखि नै काष्ठकलाको विकास गरेको उल्लेख र उनीहरूले निर्माण सामग्रीको रूपमा काठको व्यापक प्रयोग गरेको उल्लेख पाइन्छ ।[84]

उक्त पुस्तकबाट पनि काष्ठकलाको केही हदसम्म प्राचीनता बारेमा मात्र थाहा पाइन्छ ।

सत्यकेतु विद्यालंकारद्वारा लिखित "प्राचीन भारत" भन्ने पुस्तकमा आर्यहरूले बैद्धिकालमा घर बनाउँदा काठको व्यापक प्रयोग हुने प्रसँगको उल्लेख छ ।[85]

यस पुस्तकबाट पनि काष्ठकलाको प्राचीनताबाहेक केही पनि पाइँदैन ।

*प्योदोर कोरोटिकन*द्वारा लिखित "प्राचीन विश्वका इतिहासका परिचय" नामक पुस्तकमा प्राचीन विश्वको इतिहासको राम्रोसँग विवेचना गरिएको पाइन्छ । उक्त पुस्तकमा मिश्रका निवासीहरूद्वारा हलोको प्रयोगको उल्लेख र यूनानी सभ्यता पनि काठको हलो र

---

[81] E.B.Havell, **A Handbook of Indian Art**, (London : John Murphy Albemarle Street, 1927).

[82] E.B Havell, **A study of Indo-Aryan Civilization,** (London : John Murphy, 1915).

[83] Ananda K.Coomavaswamy, **Introduction to Indian Art**, (Delhi : Munshilal Manoharlal, 1969).

[84] G. Joureau**, Dravidian Architecture,** (Varanashi : Bharat Bharati, 1920).

[85] Satyaketu Vidyalankar**, Prachin Bharat,** (Delhi : Saraswoti Sadan, 2000).

मिश्रलाई चाहिने अन्य काठका सामाग्रीहरूको प्रयोगको उल्लेख पाइनुका साथै काठका नावहरूको पनि वर्णन पाइन्छ ।[86]

यस पुस्तकबाट प्राचीनकालदेखि नै काष्ठकलाको विकास भएको प्रष्ट हुन्छ र काष्ठकलाको प्राचीनताको अध्ययनमा यसबाट केही सहयोग पाइन्छ ।

*Vijakanta Mishra* द्वारा उत्खनन् गरी प्रकाशन गरिएको Kumrahar Excavation (1951-1955) रिपोर्टबाट पनि काष्ठकलासम्बन्धी विभिन्न विवरणहरू पाइन्छ । उक्त रिपोर्टमा पटनाको विभिन्न ठाउँमा भएका उत्खननहरूबाट प्रसस्त मात्रामा काठका खम्भाहरूको अवशेषहरू प्राप्त भएको र वुलडीवागको उत्खनन्बाट पनि काठका खम्भाहरूको अवशेष प्राप्त भएको उल्लेख भएको छ ।[87]

उक्त उत्खनन्बाट प्राप्त भएका काठका अवशेषहरूले एकातिर काष्ठकलाको प्राचीनताको बारेमा जानकारी गर्न सहयोग पुऱ्याएका छन् भने अर्कोतिर प्राचीन हिन्दू साहित्यहरूमा वर्णन गरिएको काष्ठकला सम्बन्धी विवरणहरूलाई प्रमाणित गर्न थप बल प्रदान गरेका छन् । त्यसकारण उक्त रिपोर्टबाट काष्ठकलाको प्राचीनताको बारमो प्रमाणित विवरणहरू पाइन्छन् ।

Purusohottam Singh द्वारा राजघाटको उत्खनन् गरी सन् १९७७ मा प्रकाशित Excavation at Rajghat भन्ने विषयमा प्रकाशित रिपोर्टबाट पनि काष्ठकलाको प्राचीनताको बारेमा धेरै कुराको वर्णन पाइन्छ । उक्त पुस्तकमा काष्ठकलासम्बन्धी केही पक्षको प्रकार वर्णन यस प्रकार गरिएको छ -

> *The two metre thick deposit of the earliar sub-period was topped over by wooden planks, unmistakable traces of which were noticed at several points. This undoubtedly was the beginning of first structural of sub-period I.B. A cross section of wooden remains deposit heavy decomposition revealed that its thickness was 5 c.m.*[88]

यस उत्खनन्को रिपोर्टमा इसापूर्वका दिनहरू देखि नै काष्ठकलाको व्यापक रूपम विकास भएको कुरा वर्णन गरिएको छ । यस रिपोर्टबाट पनि काष्ठकलाको प्राचीनता अध्ययनमा ठूलो सहयोग पुऱ्याउँदछ ।

---

[86] Feyodor Korotiken**, Prachin Biswaka Itihasa,** (Jayapur : Pragati Prakashan-Masco Rajasthan Peoples Publishing House, 1986).

[87] A.S. Alteker and Vijayakanta Mishra, **Kumraha Excavation**, (Patna : K.P. Jayaswal Research Institute, 1959), pp. 6-17.

[88] Puroshhottam Singh, **Excavation at Rajghat**, (Varanashi : Banaras Hindu University, 1977), p. 6.

# अध्याय तीन

## नेपालको भौगोलिक स्थिति र ऐतिहासिक पृष्ठभूमि

नेपाल पृथ्वीको सबैभन्दा ठूलो महाद्वीप एशियाको मध्य भागमा अवस्थित छ । यसको भौगोलिक अक्षांश २६°२२' देखि ३०°२७' उत्तर र ८००४' देखि ८८°१२' पूर्वी देशान्तरसम्म फैलिएको छ । यसको कुल क्षेत्रफल १४७१८१ वर्ग कि.मी. छ । यो क्षेत्रफल पृथ्वीको कुल क्षेत्रफलको ०.०३% र एशिया महादेशको ०.३% पर्दछ । लण्डनस्थित ग्रीनवीच मिनटाइम (GMT) भन्दा पूर्वतर्फ रहेकोले गौरीशंकर हिमालको नजिक भएर जाने ८६°१५' पूर्वी देशान्तरलाई आधार मानी नेपालको प्रमाणित समय ५ घण्टा ५ मिनेट मानिएको छ । नेपालको पूर्वी सिमाना मेची नदी देखि पश्चिमी सिमाना महाकाली पर्दासम्मको कुल लम्बाई र ८५ कि.मी. छ । उत्तरदेखि दक्षिणको चौडाइ भने एकनासको छैन । पूर्वी भागभन्दा पश्चिमी भाग केही फुकेको छ भने मध्य भागमा अलिक खुम्चिएको छ । अर्थात् नेपालको उत्तर दक्षिणको चौडाइ न्यूनतम १४५ कि.मी. देखि अधिकतम चौडाइ २४१ कि.मी. रहेको छ । यसर्थ नेपालको सरदर चौडाइ १९३ कि.मी. रहेको छ ।

इ.सं. १८१६ मार्चमा गरिएको सुगौली सन्धिद्वारा सीमाङ्क नेपालको उत्तरतर्फ जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिव्बती भूभाग पर्दछ भने पूर्व पश्चिम तथा दक्षिणमा भारतको बङ्गाल, विहार तथा उत्तर प्रदेश राज्यहरू पर्दछन् ।

नेपाल एक पहाडी मुलुक हो । यसको कुल क्षेत्रफलको अधिकांश भाग अर्थात् करीव ७७% भूमि उच्च पहाड तथा हिमाल क्षेत्रले ढाकेको छ भने २३% भूभाग मात्र समथर छ ।[89]

विस्तृत भौगोलिक सर्भेअनुसार नेपालको भूभागको उत्पति महाद्वीपीय उथल पुथलको क्रममा लाखौं वर्ष पूर्व भएको थियो । उक्त कुराको प्रमाण नेपालका विभिन्न ठाउँहरूमा भेटिएका भौगोलिक प्रमाणहरूले प्रमाणित गरेका छन् ।[90]

नेपाल अधिराज्यको मेचीदेखि महाकालीसम्मको भूभागमा अनेक उपत्यका पाइन्छन् । सुदूर पश्चिमको सुर्खेत उपत्यका, दाङ्ग र देउखुरी[91] उपत्यका, पोखरा उपत्यका, चितवन नवलपुर उपत्यका, काठमाडौं उपत्यका सिन्धुली नदी उपत्यका र अरु नदी किनारमा अनेक उपत्यका छन् । भूगर्भवेत्ता विद्वानहरूको भनाइ अनुसार यी उपत्यकामा पहिले जल भरिएको थियो र करिब अढाई लाख वर्ष पहिले यी उपत्यकाबाट पानी बाहिर गयो । सम्भवतः यी सबै

---

89 **Nepal Adhirajya Ko Samchhipta Parichaya**, (Kathmandu : HMG Ministry of Information and Communication, Information Department, 2058 B.S.), pp. 7-25.

90 Toni Hagen, **Nepal - the Kingdom of Himalayas**, (New York : 1961). pp 7-25.

91 *Ibid*.

उपत्यकाको पानी त्यसपछि नै खुल्यो होला । पानी बगेर गएपछि यहाँ जंगल भयो होला र जीवजन्तु पनि आफ्नो आहारको खोजीमा यसतर्फ अग्रसर भएको हुनुपर्छ । त्यसपछि आदि मानव यसतर्फ आफ्नो आहार खोज्न पस्यो होला । आजसम्म दशहजार वर्षपूर्वसम्म पुरानै पाषणयुगको क्रममा थियो । तर इसापूर्व सात हजार देखि ५ हजार ईसापूर्व तिर आएर आफ्नो जीवन नवपाषाण युगमा पुरानो शिवालिक र महाभारत पर्वतका बीचका भागमा यत्रतत्र नवपाषाण युगका हतियार आज पनि पाइन्छन ।[92]

नेपालको ऐतिहासिक पक्षको कुरा गर्न यहाँको प्राचीन इतिहास रहस्यमय रहेको देखिन्छ । नेपालको प्राचीन इतिहास अध्ययनको लागि पौराणिक र किंवदन्तीहरूमा भर पर्नु पर्ने देखिन्छ जसमा नेपालको प्राचीनताको बारेमा वर्णन भएको पाइन्छ । सर्वसाधारण जनमानसमा प्रचलित पौराणिक कथाअनुसार प्राचीनकालमा काठमाडौं उपत्यका पानीले भरिएको दहको रूपमा रहेको थियो जसको वरिपरि शिवालिक वरिपरि शिवालिक पर्वत र हिमश्रृंखलाहरू फैलिएका थिए । वंशावलीअनुसार बोधिसत्व मञ्जुश्री र वैष्णव सम्प्रदायका प्रमुख देवता श्रीकृष्णले काठमाडौं उपत्यकामा रहेको पानी दक्षिणतिरको पहाड काटी बाहिर पानी निकाले र पानी बाहिर निस्किसकेको केही समयपछि काठमाडौं उपत्यका उब्जाउ भूमिको रूपमा परिणत भयो । वंशावलीहरूमा लेखिएको उक्त कथालाई हालका दिनहरूमा भएका वैज्ञानिक अन्वेषणहरूले प्रमाणित पनि गरी राखेका छन् । वैज्ञानिक अन्वेषणहरूको आधारमा काठमाडौं उपत्यकामा प्राचीनकालमा पानी नै पानी भएको र पृथ्वीको विकासको क्रममा कुनै बेला आएको भूकम्प वा महाद्वीपीय उथलपुथलको क्रममा दक्षिण आफ्नो बाटो बनाएर उपत्यकाका सम्पूर्ण पानी बाहिर गएको कुरा प्रमाणित भएको छ ।[93]

गोपालराजवंशावलीअनुसार क्रमशः कलियुग लागेपछि, सारा राजाहरूका श्रीपेचका आशाले पाउ सुहाएका श्रीमान् युधिष्ठिरको आदि राज्यमा हिमाल पहाडको काखमा रहेको घनाजंगल भएको भूमण्डलमा (नेपाल उपत्यका) प्रधान श्री मृङ्गारेश्वर भट्टारक प्रादुर्भाव भयो । त्यसपछि गौतम आदि ऋषिगण आएर बस्न थाले । अनि गौतमेश्वर आदि देवताको प्रतिष्ठा भयो ।[94] त्यसबीच मालाखाबाट गोग्रामको आगमन भयो । नेप कहलाएका गोपालकी बेहुली नाम भएकी कैलीगाई दिनका दिन बागमतीको तिरमा गई प्वालमा पूजाको लागि दूधको धारा बगाउने गर्न लागी, ती गाईले सेचन गर्न लागेको त्यो ठाउँ गोपालले देखेर खनेर हेर्दा श्री पशुपतिनाथ भट्टारकको प्रादुर्भाव भयो । गोपालवंशमा पहिलाका राजा श्री भूमि गुप्त भए । उनीपछि क्रमश राजा श्री जयगुप्त, राजा श्री धर्मगुप्त, राजा श्री हर्षगुप्त, राजा श्री भीमगुप्त,

---

92 *Ibid*

93 Janaklal Sharma, **Hamro Samaj Ek Adhyan**, (Kathmandu : Ekata Prakasan, 2042 B.S.), pp 38-39

94 Danavajra Vajracharya and Kamal Prakash Malla, **The Gopalraja Vamsavali**, (Kathmandu : Nepal research Centre publication, 1985). pp. 38-39.

राजा श्री मणि गुप्त, राजा श्री विष्णुगुप्त र राजा श्री जितागुप्त भए । यसरी आठ जना गोपालवंशीहरूले नेपालमा राज्य गरे ।[95]

यसरी गोपालराजवंशावली अनुसार नेपालमा राज्यको शुरुवात गर्ने कार्य गोपालवंशीहरूले गरेका थिए र उनीहरू नै नेपालका सर्व प्राचीन जाति हुन र आठ जना गोपाल राजाहरूले नेपालमा राज्य व्यवस्था संचालन गरेको र उनीहरूकै पालामा पशुपतिनाथको पनि उत्पत्ति भएको कुरा वर्णन गरेको छ । वंशावली अनुसार महिषपालवंशी अन्तिम राजा भुवनसिंहको पालामा किराँतीहरूको आक्रमण भयो र अन्तमा किराँतवंशका प्रथम राजा यलम्बरको शासन प्रारम्भ भयो । किराँतकालिन कतिवटा राजाहरूले राज्य गरे भन्ने सम्बन्धमा राइट र कर्कपेटिकको वंशावलीमा राजाहरूको नाम, संख्या र शासनकाललाई लिएर विवाद रहेको पाइन्छ । कर्कपेटिकको वंशावलीमा ३० वटा राजाहरूले १६३० वर्षसम्म शासन गरेको उल्लेख पाइन्छ भने राइटको वंशावलीमा २७ वटा किराँती राजाहरूले राज्य गरेको उल्लेख पाइन्छ साथै २९ वटा राजाहरूले कति वर्षसम्म राज्य गरे भन्ने कुराको उल्लेख पाइँदैन ।[96]

गोपाल राजवंशावलीअनुसार बत्तीसवटा किराँतकालिन राजाहरूले शासन गरेको उल्लेख गरेको छ ।[97]

यसरी किराँतकालिन कतिवटा राजाहरूले कति वर्षसम्म राज्य गरे भन्ने सम्बन्धमा विवाद पाइन्छ । साथै यस कालका कुनै पनि अभिलेख, मुद्रा र कलाका नमुनाहरू प्राप्त नभएकोले यस कालको ऐतिहासिकता पनि प्रमाणित हुन सकेको छैन । हुनत केही इतिहासकारहरूले लिच्छविकालमा केही अभिलेखहरूमा कुँदिएका केही शब्दहरूलाई किराँतकालीन शब्दहरू मान्दै र लिच्छविकालका केही मूर्तिलाई किराँतकालमा बनेका मान्दै लिच्छविकाल पूर्व नेपालमा किराँत शासन व्यवस्था रहेको कुरालाई प्रमाणित गर्न खोजेका छन् । तर यस सम्बन्धमा अझै पनि खोज र अनुसन्धानको आवश्यकता देखिन्छ । किनभने किराँतकालका विविध पक्षहरू अर्थात् राजनीतिक, सामाजिक,[98] सांस्कृतिक, आर्थिक र धार्मिक पक्षको बारेमा विस्तृत रूपमा पुरातात्विक स्रोतको आधारमा प्रमाणित हुन बाँकी नै रहेको छ । यसको लागि विस्तृतरूपमा अन्वेषण र अनुसन्धानको आवश्यकता रहेको छ । पुरातत्वविद् र इतिहासकारहरूले यथेष्ट प्रमाणहरूको अभाव भएकोले लिच्छविकालपूर्व कुनै वंशले शासन

---

95 *Ibid*.

96 *Ibid*.

97 *Ibid*

98 Dhundiraj Bhandari, **Nepal Ko Aitihasik Bibechana**, (Varanashi : Krishnakumari Devi, Dudhvinayak, 2015 B.S.), pp. 6-7.

गरेको वा नगरेको भन्ने सम्बन्धमा शंका उठाएका छन् र अझै पनि विवादको विषय रहेको छ ।[99]

नेपालमा किराँतहरूलाई पराजित गरी लिच्छविहरूले शासन शुरु गरेका थिए । तर कहिले लिच्छविहरूले किराँतहरूलाई पराजित गरे र प्रथम लिच्छवि राजा को हुन् भन्ने सम्बन्धमा अझै पनि इतिहासविद्हरू बीच विवाद रहेको पाइन्छ । शुरुका लिच्छवि राजाहरूको सम्बन्धमा पनि विवाद पाइन्छ । स्पष्ट शब्दमा भन्ने हो भने मानदेव प्रंथमभन्दा पूर्वका राजाहरूको विवरण वंशावलीहरूमा मात्र पाइन्छ ।

वास्तवमा भन्ने हो नेपालको प्रमाणित र वैज्ञानिक इतिहास ५औं शताब्दीपछिको मात्र पाइन्छ । किनभने ५औं शताब्दीपछिका मात्र अभिलेखहरू प्राप्त भएका छन् ।[100]

हालका दिनहरूमा मालिगाउँ र हाडी गाउँमा भेटिएका केही मूर्तिहरूलाई दोस्रो शताब्दीको मान्ने हो भने नेपालको इतिहासलाई दोस्रो शताब्दीसम्म पुऱ्याउन सकिन्छ । तर अझै पनि यी राजकीय मूर्तिहरू विवादित छन् ।[101]

वर्तमान समयमा भएको जानकारीअनुसार लिच्छविहरूले नेपालमा राजतन्त्रीय शासन व्यवस्थाको शुरुवात गरे साथै हिन्दू र बौद्ध धर्मसँग सम्बन्धित कला र वास्तुकलाको पनि विकास गर्नको साथै धार्मिक एकता र सहिष्णुताको विकास कानूनी व्याख्या मिलाएर छिमेकी देशहरूमा नेपालको राम्रो छवि कायम गरे । लिच्छविहरूले भाषा, लिपिको साथै शिक्षा र आर्थिक क्षेत्रमा पनि भारतको नै विकास गरे र शिक्षाको विकासमा विशेष प्रोत्साहन दिने काम पनि गरे । लिच्छविकालमा प्राप्त भएका २ सयभन्दा बढी अभिलेखहरूले यस कालमा सबै पक्षहरूको विवरण प्रस्तुत गरेका छन् । साथै यी अभिलेखहरूले उनीहरूको शासन क्षेत्र र उनी पूर्वका शासकहरूको बारेमा वंशावलीमा उल्लेख भएका कुरालाई पनि प्रमाणित गरेका छन् ।

यस कालमा आएका चिनिया यात्रीहरूले पनि यस समयको विविध पक्षको बारेमा आफ्ना यात्रा वृतान्तहरूमा विस्तृत रूपमा वर्णन गरेका छन् ।[102] यी यात्रा विवरणहरूमा विशेष गरी महत्त्वपूर्ण राजाहरू, उनीहरूको समयको साथै सामाजिक, आर्थिक र धार्मिक पक्षको पनि विवरणहरू प्रस्तुत गरेका छन् ।[103]

---

99 *Ibid*

100 *Ibid*.

101 D.C. Regmi**, Maligaon Ko Murti Lekha**, (Kathmandu : Gorkhapatra, 17th Jestha, 2049 B.S.), p.3.

102 D.R. Regmi, **Ancient Nepal**, (Calcutta : Firma K.L. Mukopadhyay, 1969), p.42.

103 *Ibid*.

नेपालमा लिच्छविहरूको शासनपछि मल्ल शासन व्यवस्था शुरु भएको मानिन्छ । नेपालमा १२/१३औं शताब्दीदेखि मात्र मल्ल शासन व्यवस्थाको शुरु भएको मानिन्छ ।[104]

नेपालमा मल्ल वंशको थालनी भएपछि मात्र लिच्छवि शासन अन्त भएको हुन सक्छ तर सो कल्पनालाई प्रमाणित गर्ने श्रोत नपाइएसम्मका लागि लिच्छविकालीन अभिलेख पाइएको सन् ४६४ देखि ७८३ सम्मको अन्दाजी ३२० वर्षको अवधिलाई लिच्छवि युग मान्नु पर्दछ भन्ने नेपालको इतिहास र सभ्यता (प्राचीन र मध्यकालिन) का लेखक डा. पुष्पराज चालिसेको रहेको छ ।[105]

नेपालको इतिहासमा काल विभाजन गर्दा इतिहासकारहरूले इ.सं. ८७९ देखि अर्थात् नेपाल सम्वत्को थालनी भएदेखि यताको समयलाई मध्यकाल मान्ने गरेका छन् । अनि सम्पूर्ण मध्यकाललाई पनि पूर्व मध्यकाल र उत्तर मध्यकाल गरी दुई भागमा बाँड्ने गरेका छन् । पूर्वमध्यकालीन शासकहरूको क्रम सम्बन्धमा विभिन्न खाले स्रोतको आधारमा भिन्न भिन्न विद्वान्हरूले भिन्न भिन्न रूपमा उल्लेख गर्दै आएको पाइन्छ भने अर्कोतिर शासकका नाम बारे पनि विवाद पनि रहेको पाइन्छ ।[106]

पहिलो मल्ल राजा अरिमल्ल थिए ।[107] अरिमल्लका छोरा अभयमल्ल पछि नेपालमा द्वैत शासन पुनरावृत भएको पाइन्छ । यस वंशका राजा जयस्थिति मल्ल शासक हुनुपूर्व नेपाल जर्जर अवस्थामा पुगेको थियो । जयस्थिति मल्लको उदय भएपछि भताभुंग अवस्थामा रहेको नेपाली शासन व्यवस्था जयस्थिति मल्लको उदयपछि व्यवस्थित पारियो ।[108]

नेपाली भाषामा लेखिएका विभिन्न वंशावलीमा यिनले विभिन्न पक्षमा सुधार गरेका वर्णन गरेको छ । जसअनुसार उनले सामाजिक, आर्थिक, धार्मिक आदि विविध क्षेत्रमा सुधार गरेर समाजलाई निकै व्यवस्थित बनाएको चर्चा गरिएको छ ।[109]

राजा जयस्थिति मल्ल पछिका काठमाडौं उपत्यकाका प्रख्यात राजा यक्ष मल्ल हुन् । उनी २० वर्षमा राजा भई ५२ वर्षसम्म राज्य गर ।[110]

राजा यक्षमल्लको प्रयासबाट नेपालको सिमाना असाम र मिथिलासम्म पुगेको थियो । तर यक्षमल्लको पालापछि उपत्यकाको मल्ल राज्य पनि उनका छोराहरू बीच अंशवण्डा भई कान्तिपुर, ललितपुर र भक्तपुर गरी तीन राज्यहरूमा विभाजित भयो । नरेन्द्र मल्ल, महेन्द्र

---

[104] Pushparaj Chalise, **Nepal Ko Itihasa & Savyata** (Prachin & Madhyakalin), (Kathmandu : Ratna Pustak Bhandar, 2058 B.S.), p.65.

[105] *Ibid*

[106] *Ibid*

[107] Toni Hegan op. cit. footnote no. 2.

[108] P. Chalise, op. cit, Footnote no. 16

[109] Rajaram Subedi, **Nepal Ko Tathya Itihasa**, (Kathmandu : Sajha Prakasan, 2061 B.S.), pp. 142-145.

[110] *Ibid*.

मल्ल, प्रताप मल्ल, सिद्धिनरसिंह मल्ल, जगज्योति मल्ल, भूपतीन्द्र मल्लको पालामा कान्तिपुर, भक्तपुर र ललितपुर राज्यमा महत्वपूर्ण कार्यहरू भएका थिए र कलाको व्यापक विकास भएको थियो ।[111]

कला, साहित्य, धर्म तथा व्यापारको दृष्टिकोणबाट मध्यकालीन नेपाल उपत्यका अत्यन्त उन्नत अवस्थामा रहेको देखिन्छ । यस कालमा साधारणतया जनसाधारणहरू शिक्षित हुन्थे । राजदरबारमा गुणी र विद्वान्हरूको आदर हुन्थ्यो । राजाहरू स्वतः विद्वान् र काव्यमय हुन्थे । उनीहरू पनि विद्वान्हरूको दाँजोमा संस्कृत तथा नेवारी भाषामा साहित्यको प्रणयन गर्दथे । हिन्दू धर्म तथा प्यागोडाको आधारमा निर्मित भएको वास्तुकला चरम उन्नत अवस्थामा प्राप्त भएको थियो । भित्तामा अंकित भएका चित्रकला तथा काठमा कोरिएका मूर्तिकला मन्दिर समूह अवस्थामा थिए । हिन्दूधर्मानुयायी तथा बौद्ध धर्मावलम्बीहरूले आपसमा सहयोग कायम गरी धार्मिक क्रिया सम्पन्न गरेका हुनाले यसकालमा पनि लिच्छविकालको समान धार्मिक सहिष्णुताको प्रधान्य नै लक्षित हुन्छ । यसकालमा निर्मित भएका वास्तुकला धार्मिक कला तथा चाँदीका मुद्राहरू मल्लकालीन वैभवको प्रमाण उपस्थित गर्दछन् । मल्कालीन नेपाल उपत्यकाको राजनैतिक अवस्थालाई एकातिर पन्छाएको खण्डमा यो काल अत्यन्त उन्नत र समृद्ध रहेको देखिन्छ ।[112]

सन् १७६८ मा पाटन र काठमाडौं गोरखालीहरूको हातमा परेपछि केही समयपछि भक्तपुर पनि पृथ्वीनारायण शाहको हातमा पऱ्यो ।[113]

यसरी मल्ल राजाहरूलाई पराजित गरेर नेपालमा शाह राजाहरूले शासन संचालन गर्न थाले । हाल पनि शाह वंशका उत्तराधिकारीहरूले राज्य संचालन गरी राखेका छन् ।

---

111 *Ibid*.

112 Dhundiraj Bhandari, op. cit, footnote no. 10, p. 150

113 Toni Hegan, op. cit., footnote no. 2.

# अध्याय चार

## काष्ठकलाको उत्पति, विकास र प्राचीनता

Pre-cambrian era देखि नै रूख विरूवाहरूको उत्पति भएको मानिन्छ र भौगोलिक समयानुसार Pleistocene युगको Quaternary युग देखि मानवहरू पृथ्वीमा देखा पर्न थालेका थिए ।[114]

मानवले आफ्नो उत्पति कालदेखि नै काठलाई एउटा महत्त्वपूर्ण प्रयोगको वस्तु बनाएको थियो । सम्भवतः प्रागऐतिहासिक मानवको क्षणिक पशुमा नै र शिकार खेल्ने हतियार नै काठद्वारा बनेको हुन्थ्यो । काठ नासवान् र कम भरपर्दो भएकोले मानवले पछि विकल्प स्वरूप ढुङ्गाका र हाडका हतियार बनाउन थालेको हुनु पर्छ । वर्तमान समयमा पनि अफ्रिका, भारतका केही क्षेत्रहरूमा बसोबास गर्ने आदिवासीहरूको शिकार खेल्ने महत्त्वपूर्ण हतियारहरू काठद्वारा नै बनेका हुन्छन् । त्यसकारण प्रागऐतिहासिक मानवको महत्त्वपूर्ण हतियार बनाउने साधन काठ नै थियो भन्न सकिन्छ । पछिल्लो समयमा आगोको आविष्कार भइसकेपछि मानवले दाउराको रूपमा काठलाई व्यापक रूपमा प्रयोग गर्दथ्यो भन्ने कुरा चीनको चाउकाउतिन गुफामा प्राप्त भएको खरानीको ठूलो स्तरबाट जानकारी हुन आएको छ । सजिलैसँग प्राप्त गर्ने सकिने र सजिलैसँग हातको भरमा मात्र भाँच्न र लाछ्न सकिने भएको हुनाले पनि प्रागऐतिहासिक मानवलाई काठलाई दैनिक जीवनमा प्रयोग गर्न सजिलो भयो । यसरी मानवले मानवको उत्पति भएदेखि नै काठलाई विविध प्रयोजनको लागि प्रयोग गर्दै आइराखेको थियो भन्ने कुरा अनुमान गर्न सकिन्छ । तर काठ एउटा नाशवान् वस्तु भएकोले हामीसँग प्रागऐतिहासिक कालका कुनै पनि काष्ठकलाका नमुनाहरू भेटिएका छैनन् । टुक्रामा राम्रा मूर्तिहरू र औजारहरू बनाउन जान्ने मानवले काठमा औजार र मूर्तिहरू बनाउन जान्दैनथे भन्ने कुरा मानेमा हास्यस्पद नै हुने देखिन्छ ।

प्रागऐतिहासिक कालदेखि नै मानवले काठलाई विशेष गरी घर निर्माण, आगो बाल्न, घरायसी वस्तुहरू, मूर्ति हतियार बनाउन प्रयोग गर्दथ्यो[115] भन्ने कुरा थाहा पाइन्छ ।

नवपाषणकालको शुरूवातको साथसाथै काष्ठकलाको व्यापक रूपमा विकास भयो । मानवले घर बनाउन, घरायसी सामग्रीहरू निर्माण गर्न, कपडा बुन्ने तान बनाउन, खेत जोत्ने हलो बनाउन र निर्माण कार्यका लागि काठलाई प्रशस्त मात्रामा प्रयोग गर्न थाल्यो । साथै

---

[114] R.K. Sinha, **Introduction to Geology**, (Delhi, Bombay and Calcutta : Oxford IBH Publishing Company, 1985), p. 36.

[115] O.P. Agrawal, Shashi Dhawan and K.L. Grag, **Microbial Detorioration of Wood: A Review**, (Lucknow : Intach India Conservation Institute, 1990), p. 1.

संसारका विभिन्न ठाउँमा विकास भएका सभ्यताहरूमा काष्ठकलाको व्यापकरूपमा विकास भएको थियो भन्ने कुरा प्राप्त केही पुरातात्विक वस्तुहरूले प्रमाणित गरेका छन् ।

अहिलेसम्म प्राप्त भएका काष्ठकलाका नमुनाहरूमध्ये इजिप्टको सभ्यतामा प्राप्त भएको काठको मूर्ति हो । हातमा लठ्ठी लिई उभिएको उक्त मूर्ति अति बलियो देखिन्छ । यस मूर्तिलाई कसैले राजा कसैले पुरोहित र कसैले रानीको मूर्ति मानेका छन् । यो मूर्तिलाई पिरामिड युगको मानिन्छ । उक्त मूर्ति हाल कायरो संग्रहालयमा छ ।[116]

यस मूर्तिको प्राप्तिले संसारका विभिन्न सभ्यताहरूमा काष्ठकलाको व्यापकरूपमा विकास थियो भनेर अनुमान गर्न सकिन्छ । साथै काठ नै सबै सभ्यताहरूमा सम्पूर्ण निर्माण कार्यको लागि महत्त्वपूर्ण स्रोत पनि थियो भनेर भन्न सकिन्छ ।

संसारका विभिन्न देशहरू विशेष गरी चीन र जापानमा प्राचीनकालदेखि नै काष्ठकलाको विकास भएको कुरा थाहा पाइन्छ ।[117]

जापानमा अझै पनि ८९% सांस्कृतिक सम्पदाहरू काठबाट बनेका प्राचीन नमुना अझै पनि देख्न सकिन्छ । विशेष गरी काष्ठकला मूर्ति र वास्तुकलाका विभिन्न नमुनाहरूमा देख्न सकिन्छ ।[118]

भारतीय उपमहाद्वीपमा काष्ठकला प्राचीनता खोज्दै जाँदा सिन्धुघाँटी सभ्यतासम्म पुग्न सकिन्छ किनभने भारतको सबैभन्दा पुरानो सभ्यता नै सिन्धुघाँटी सभ्यता हो । सिन्धुघाँटी सभ्यताका मानिएका काठका नमुनाहरू नपाइए तापनि सिन्धु सभ्यतामा काष्ठकलाको पूर्ण विकास भइसकेको अनुमान विद्वानहरूद्वारा गरिएको छ ।

डा. पृथ्वीकुमार अग्रवालद्वारा लिखित पुस्तक भारतीय कला एवं वास्तु भन्ने पुस्तकमा सिन्धुघाँटीका घरहरूमा झ्यालढोका र सिंढीहरू काठका बनाइन्थ्यो भनेर भनेका छन् ।[119]

हालका दिनहरूमा भएको उत्खनन्बाट सिन्धुघाटी सभ्यतामा काष्ठकलाको व्यापक रूपमा प्रयोग हुन्थ्यो भन्ने कुरा हडप्पाको उत्खनन्बाट प्राप्त भएको लास राख्नको लागि प्रयोग गरिएको काठको बक्सबाट प्राप्त भएको छ । उक्त काठको बक्सको मिति २००० वि.सी. निश्चित भएको छ । साथै निर्माण सामग्रीको रूपमा प्रसस्त काठको प्रयोग गरिन्थ्यो ।[120]

---

116 V.M. Hillyer and E.G. Huey, **The Story of our Heritage Sculpture**, (Great Britain : Tomas Nelson and Sons Limited, 1967), p. 18.

117 James Ferusson, **A Histroy of Indian and Eastern Architecture Vol II**, (London : John Murphy Albemarle Street W, 1910).

118 O.P. Agrawal, Shashi, Dhawan and K.L. Grag, Op, Cit, Footnote no. 2.

119 Prithvikumar Agrawal, **Bharatiya Kala & Vastu**, (Varanashi : Biswo Bidhan Prakashan, 2002 B.S.), pp. 5-69

120 O.P. Argawal, Shashi Dhawan and F.L. Garg, op. cit, footnote no. 2

भारतमा सिन्धुघाँटी सभ्यतापछि वैद्धिककाल शुरू भएको मानिन्छ । भारतमा वैद्धिककालको शुरू हुनुको साथ साथै हिन्दू सभ्यता र संस्कृतिको पनि विकास हुन शुरू भएको मानिन्छ । वैद्धिककालमा काष्ठकलाको व्यापक रूपमा विकास भइसकेको प्रष्ट हुन्छ । वैद्धिक आर्यहरूको प्रमुख निर्माण सामग्रीको रूपमा काठलाई नै प्रयोग गरिन्थ्यो साथै घरायसी विभिन्न सामानहरू काठद्वारा नै बनाइनुको साथै काठका मूर्तिहरू पनि बनाइन्थ्यो । वैदिककालमा काठका ठूला ठूला कलात्मक स्तम्भहरूको दरबार निर्माण गर्दा प्रयोग हुन्थ्यो साथै हजारवटा खम्बाहरूको पनि उल्लेख पाइन्छ । विभिन्न प्रसंगहरूमा काष्ठकर्मीहको साथै हलो र नावको उल्लेख पाइन्छ ।[121]

वैद्धिककालमा यज्ञ स्तम्भहरू काठका बनेको उल्लेख हुनुका साथै काठको व्यापक प्रयोग निर्माण सामग्रीको रूपमा हुन्थ्यो ।[122]

साथै वैद्धिक र उत्तर वैद्धिककालमा काठ प्रमुख निर्माण सामग्री र ठूल-ठूला भवनहरूमा समेत काठको प्रयोग हुन्थ्यो ।[123]

वैद्धिक प्रमुखरूपमा प्राविधिकद्वारा बारम्बार मन्दिर निर्माण गर्दा प्रयोग गरिने सामग्रीहरूको बारेमा बारम्बार चेतावनी दिएका छन् । यो नियम काठ र ढुंगा दुवैमा लागू हुने गरी उल्लेख गरिएको छ । साथै काठ काट्न जानुपूर्व निश्चित घडी तोक्नुपर्ने र वृक्षको छनौट गर्नुपर्ने र वृक्षलाई काट्नुपूर्व वृक्षमा बसोबास गरी राखेका भूतहरूलाई वृक्ष छोड्न अनुरोध गर्नु पर्ने कुराको वर्णन पाइन्छ ।[124]

साथै वैद्धिक आर्यहरू काष्ठकलामा निपूर्ण थिए र निर्माण गर्नको लागि काठको व्यापक प्रयोग गर्दथे साथै काठका रथहरू बनाउँथे ।[125]

वैद्धिककालको प्रमुख निर्माण सामग्री काठ ढुंगा र माटो थियो । वैद्धिक ऋचाहरूमा ऋषिहरूले कुन जंगल र कस्तो रूख पृथ्वी र स्वर्ग लोकमा राम्रो हुन्छ भनी प्रश्न गरेका छन् ।[126]

यी माथिका प्रसंगहरूबाट स्पष्ट रूपमा भारतमा वैद्धिककाल देखि नै काष्ठकलाको व्यापक रूपमा विकास भएको स्पष्ट हुन्छ र वैद्धिक आर्यहरू काष्ठकलाको लागि निपूर्ण थिए

---

121 Prithvikumar Agrawal, op cit., footnote no. 6. pp 5-71

122 **Kalyan, Hindu Sanskriti Anka**, (24 yeas Bisesanka), (Gorakhpur : Gita Press 2059 B.S.), pp 707-11

123 Bindeswori Prasad Singh**, Bharatiya Kala Ko Bihar Ki Den**, (Bihar : Bihar Rastrabhasha Parishad, Patna, 2014 B.S.).

124 Andreas Volwahsen, **Living Architecture**, (India : Oxford and IBH Publishing Company, 1969), pp. 173-175.

125 A.K. Coomaraswamy, **Introduction to Indian Art**, (Delhi : Manshilal Manohanlel, 1969), p 9.

126 J.N. Banerjee, **Development of Hindu Iconography**, (Delhi : Munshilal Manoharlal, Publishing Pvt., 1985), pp. 203-211

भनी प्रष्ट हुन्छ । साथै वैद्धिककालमा काष्ठको काम गर्ने एउटा अलग्गै समूह नै थियो भन्ने पनि प्रष्ट हुन्छ । पूर्व वैद्धिककालको साथ साथै उत्तर वैद्धिक कलामा पनि भारतमा काष्ठकला क्रमशः विकास हुँदै गयो ।

पाणिनीको अष्टाध्यायीमा काष्ठसभा, काष्ठखम्बाहरूको उल्लेख हुनुको साथै काठका खम्भाहरू वेचिएको उल्लेख पाइन्छ । वैद्धिककालमा पनि प्रसस्त मात्रामा काष्ठकलाको विकास भएको थियो । विनयपिटकमा विहारहरूको निर्माण गर्दा काठको प्रयोग हुने चर्चा पाइन्छ । शुरूमा स्तूपहरू पनि काठबाट बनाइन्थे ।[127]

पौराणिक साहित्यहरूबाट केही कुराहरू काष्ठकलाको बारेमा जानकारी पाइन्छ । विश्वभरि पुराणमा काठको प्रसस्त प्रयोग हुने उल्लेखका साथै शुभ मुहूर्तमा काठ काट्नु पर्ने, भद्रयोग काठ काट्नको लागि वर्जित, हरिया वृक्षहरू वर्जित, काट्नु भन्दा पूर्व वृक्षपूजाको उल्लेख गर्दै यसबाट वृक्ष काटेको पाप नलाग्ने प्रसंगको वर्णन पाइन्छ । साथै शमसान, इनार र नदीको संगमको वृक्ष अमंगलकारी हुने वर्णन गर्दै विभिन्न गृहनिर्मणको लागि प्रयोग हुने काठको वर्णन पाइन्छ ।[128]

यसबाट पनि भारतमा प्राचीनकाल देखि नै काष्ठकलाको विकास भएको मान्न सकिन्छ ।

आगम साहित्यहरूबाट पनि भारतमा प्राचीनकालदेखि नै काष्ठकलाको विकास भएको स्पष्ट हुन्छ । आगम साहित्यहरूमा मूर्ति बनाउनको लागि काठ, ढुंगा, बहुमूल्य रत्न र धातु जस्ता वस्तुलाई महत्त्वपूर्ण सामग्री मानिएको छ ।[129]

वास्तुशास्त्र र मूर्तिविज्ञानका प्राचीनग्रन्थहरू मयामतम् र रुपमण्डमा समेत काष्ठकलाको चर्चा पाइन्छ र यी ग्रन्थहरूको आधारमा काष्ठकला प्राचीन महत्वपूर्ण कला हो भन्ने पनि स्पष्ट हुन्छ । वास्तुशास्त्रको महत्वपूर्ण ग्रन्थ मयामतम्मा काठका खम्भाहरूको उल्लेख गरिएको छ । साथै निर्माण सामाग्रीहरूमा काठलाई बढी महत्त्व दिइएको छ । काठको छनौट गर्दा कडा र कठोरको छनौट गर्नुपर्ने, पुरानो नहुनु पर्ने, बाङ्गो र बिग्रिएको नहुने, नदीको किनार र पहाडमा भएका रूखहरू उपयुक्त हुने र जसले आँखा र दिमागलाई राम्रो प्रभाव दिन सकोस् वास्तवमा रूखहरूको छनौट गर्ने यस्ता रूखहरूको काठ प्रयोग गर्दा उन्नती र प्रगति हुनुको साथै भाग्य पनि वृद्धि हुने गर्दछ । निम्नलिखित रूखहरू निर्माणको लागि उपयुक्त मानिन्छन् : पुरूष, खडिरा, साल, माधुक, पिसिता, ध्वनवना, पिण्डी, सिंह, राजघना, तिलका,

---

[127] Prithvikumar Agrawal, op.cit, footnote no. 6..

[128] Dr. Chamanlal Gautam (Edited), **Viswokarma Purana**, (Bareli : Samchhipta Sanskaran, Sanskriti Sansthan, 1999), pp. 198-229.

[129] T.A. Gopinath Rao, **Element of Hindu Iconography, Vol I**, (Delhi : Low Price Publications, 1999), pp. 48-49

निव, असना, सिरिस, एका, कला, कतफला, तिनिल्सा, र पनसा साथै यस्ता रूखहरूको प्रयोग नगर्ने भन्ने सम्बन्धमा पनि उल्लेख पाइन्छ । घरका नजिक सडकको नजिक भएमा रूखहरूको प्रयोग नगर्ने भनि वर्णन गरिएको छ । साथै कार्नेस (Entablature), नाल व्यवस्थापन (Beam Arrangment) र भ्याल र ढोकाहरू बनाउने विधि र राख्ने विधिको वर्णन गरिएको पाइन्छ ।[130] यसरी यस पुस्तकबाट पनि भारतमा काष्ठकलाको महत्त्व र यसको प्राचीनताबारे थाहा पाइन्छ ।

रूपमण्डनमा श्रेष्ठ वृक्षको मूर्ति उत्तम मानिने वर्णन छ । साथै काठको र पाषाणको फुटेको मूर्ति संस्कार योग्य हुँदैन भनेर भनिएको छ ।[131] यस प्रसंगबाट पनि भारतमा काष्ठकलाको महत्त्व र प्राचीनता प्रष्टिन्छ ।

ऐतिहासिक कालमा आइपुग्दा पनि भारतमा काष्ठकलाको सम्बन्धमा धेरै विवरणहरू पाइन्छन् । ऐतिहासिक काल शुरू भएको काल मानिने मौर्यकाल देखिका नै प्रशस्त मात्रामा काष्ठकलाका विविध स्वरूपहरू प्राप्त भएका छन् । जसले भारतमा प्राचीनकाल देखि नै काष्ठकलाको विकास भएको अनुमान गर्न सकिन्छ ।

मौर्यराजाहरूको पाटलीपुत्रको दरबार काठबाट बनेको उल्लेख पाइन्छ । पाटलीपुत्रको दरबार भित्ता काठद्वारा बनेको, दरबारमा काठका ठूला ठूला खम्बाहरू प्रयोग भएका र खम्बाहरूमा चरा र रूखका लहराहरू अंकित भएको उल्लेख पाइन्छ । पाटलीपुत्रको उत्खनन्मा ठूला ठूला खम्बाका[132] विटहरू मेगस्थनीजले वर्णन गरे अनुसार प्राप्त भएका, यस्ता खम्बाहरू अठार फिट लम्बाइ र एक फुट चौडा हुन्थे । सालका रूखहरूको काठ प्रयोग गरिन्थ्यो । स्तम्भहरू सतह भन्दा ५ फुट तल हुन्थे । शुरूको मैर्यकालमा काठको प्रयोग व्यापक रूपमा निर्माण सामग्रीको रूपमा प्रयोग हुन्थ्यो । तर अशोकको समय देखि पाषाणहरूको प्रयोग बढी मात्रामा हुन थाल्यो । यसबाट स्पष्ट रूपमा भारतमा प्राचीनकाल देखि नै काष्ठकलाको विकास भएको स्पष्ट हुन्छ ।[133]

ग्रीक राजदूत मेगस्थनीजले मगधको राजधानी पाटलीपुत्रको सुन्दरताको विस्तृत रूपमा वर्णन गर्नुभएको छ । वहाँले पाटलीपुत्रको शहरमा प्रसस्त मात्रामा काष्ठकलाको प्रयोग भएको उल्लेख गर्नुभएको छ । साथै सम्पूर्ण पाटलीपुत्र शहर नै काठको दिवारले घेरिएको उल्लेख गर्नु भएको छ । भेगस्थनिजले गरेको वर्णनलाई उत्खनन्को क्रममा प्राप्त भएका काठका खम्बाहरूले पुष्टि गरेका छन् । यस्ता खम्बाहरू विशेष गरी कुमराहार, बुलन्दीवाग, तुल्सीमाडी, मंगलपोखरी

---

130 Bruno Dagens (edited) **Mayamatum, Part I**, (Delhi : Motilal Banarashidas Publishing Pvt. 1997-2000), pp. 198-221.

131 Balram Shrivastav**, Rupamandan**, (Varanashi : Motilal Banarashidho Das 1996), pp. 111-113.

132 Bindeswori Prasad Singh, **Bharatiyakala Ko Bihar Ko Dena**, (Patna : Bihar Rastrabhasa Parisad, 2014 B.S.).

133 *Ibid*.

र कंकडबागको उत्खनन्मा भेटिएका हुन । साथै मौर्यकालिन पटना संग्रहालयमा रहेको काठको रथले मौर्यकालमा[134] पनि काष्ठकलाको प्रयोगलाई स्पष्ट पार्दछ ।

काठका मूर्तिहरू विरलै प्राप्त भएका छन् तर केही वर्ष पूर्व एउटा नारी मूर्ति प्राप्त भएको छ । उक्त मूर्ति पटनाको नजिकै गंगाको किनारमा पर्ने गुलजारवाद बाट १९६९ मा प्राप्त भएको थियो । काठद्वारा निर्मित उक्त पाटी मूर्ति मौर्यकालमा बनेको स्पष्ट भएको छ । आठ इन्च अग्लो उक्त मूर्तिलाई राम्रो कलाकारिताको आधारमा बनाइएको छ । मूर्तिका आँखा, नाक र शरीरका अन्य अंगहरू स्पष्ट रूपमा देखिदैनन् । दुवै खुट्टाहरू भाँचिसकेका छन् । पूर्ण विकसित स्तनहरू, वारूले कम्मर र विकसित नितम्बहरू स्पष्टरूपमा देख्न सकिन्छ । बाहिर निस्केको पेट शरीरका मांसपेशीहरू स्पष्ट छन् । शरीरको माथिल्लो भाग नग्न छ । उक्त मूर्तिको अध्ययनबाट यो मूर्तिको निर्माण शैली दिदारगंजको यक्षिणीसँग मिल्छ र हाल उक्त मूर्ति पटना संग्रहालयमा छ ।[135]

यसरी मौर्यकालमा बनेको काठको मूर्तिको प्राप्तिले काष्ठकलाको अध्ययनमा थप सहयोग पुऱ्याउँदै काष्ठकलाको प्राचीनताको लागि महत्वपूर्ण भूमिका खेलेको छ । त्यसैगरी विलासपुर जिल्लाअन्तर्गत चन्द्रपुर पोखरीको नजिकै किराँत नामक ग्राममा हिरावन्ध जलाशयबाट करिब १८०० वर्ष[136] पुरानो यज्ञस्तम्भ प्राप्त भएको छ । यसमा लिपि पनि अंकित गरिएको छ । यसलाई गुप्तकालपूर्वको मानिएको छ । हाल उक्त स्तम्भ नागपुरको आचार्य गृहमा राखिएको छ । यस अभिलेखमा राजनीतिक कर्मचारीहरूको नाम अंकित गरिएको छ । उक्त काष्ठ स्तम्भबाट पनि भारतमा काष्ठकलाको निरन्तरता थाहा पाइन्छ ।[137]

भारतमा मध्यकालमा पनि काष्ठकलाको व्यापक रूपमा विकास भएको थियो । भारतको प्रसिद्ध सोमनाथको मन्दिर १२औं शताब्दीमा जीर्णोद्धार गर्नुपूर्व ५७ वटा विशाल खम्बाहरूको आधारशिलामा बनेको थियो । यी खम्बाहरू अफ्रिकाबाट ल्याइएका थिए । उक्त मन्दिर मोहम्मद गजनीद्वारा ध्वस्त पारिएको थियो । त्यसैगरी कुमारपालको तरंग हिलमा बनाएको अजितनाथको मन्दिर पनि काठद्वारा बनेको थियो । त्यसैगरी भारतका विभिन्न मन्दिरहरू अझै पनि काष्ठकला देख्न सकिन्छ ।[138]

यसरी भारतमा मध्यकालमा पनि काष्ठकलाको निरन्तर विकास भएको देखिन्छ । नेपालमा काष्ठकलाको प्राचीनताको कुरा गर्दा नेपालमा पनि प्राचीनकालदेखि नै काष्ठकलाको विकास भएको थियो भन्ने कुरा विभिन्न प्रमाणहरूबाट थाहा पाउन सकिन्छ ।

---

[134] Chitta Ranjan Prasad Singh, **Early Sculpture of Bihar,** (Patna : Idological Book Coorporation, 1980), pp. 35-38.

[135] *Ibid*.

[136] **Kalyan Hindu Sanskrit Anka,** op. cit. footnote no. 9.

[137] *Ibid*.

[138] *Ibid*.

तराई क्षेत्रमा भएको उत्खननको क्रममा इसापूर्वका दिनहरूदेखि नै काष्ठकलाको विकास भएको स्पष्ट हुन्छ ।

> The houses exposed in the mound VII Tilaurakot divided into four buildings phase and laid out in Parallel block supported by lans and alleys. These structure are distinguished by extensive brick paved floor and profuse use of post-holes.[139]

यस लेखाइबाट तराइ क्षेत्रमा ईसापूर्वका दिनहरूमा काष्ठकलाको विकास भएको स्पष्ट हुन्छ ।

त्यसैगरी Rays Davids द्वारा लिखित पुस्तकमा कपिलवस्तुका घरहरू काठ र इटाद्वारा बनेका हुन्थे भनेर भनिएको छ ।[140] यसबाट पनि तराई क्षेत्रमा प्राचीनकाल देखि नै काष्ठकलाको विकास भएको स्पष्ट हुन्छ । सम्भवतः सुद्धोधनको दरबार पनि काठबाट नै बनेको थियो । समकालीन क्षेत्रीय इतिहासको अध्ययन गर्दा पनि पाटलीपुत्रस्थित मौर्य राजाहरूको दरबार काठबाट बनेको स्पष्ट हुन्छ । उक्त कुरा पुरातात्विक प्रमाणहरूले पनि स्पष्ट गरेका छन् ।

गोटिहवाको उत्खननबाट पनि प्राचीन समयमा काठको प्रयोग निर्माण सामाग्रीहरूको व्यापकरूपमा हुने गर्दथ्यो भन्ने कुरा प्रारम्भिक उत्खनन् रिपोर्टबाट जानकारी भएको छ ।[141] लुम्बिनीको उत्खननमा पनि प्रशस्त मात्रामा काठका खम्बाहरू काठको छिद्रहरू भेटिएका छन् ।[142] यसरी यी विभिन्न प्रसंगहरूबाट नेपालमा प्राचीनकाल देखि नै काष्ठकलाको विकास भएको स्पष्ट हुन्छ ।

काठमाडौं उपत्यकाको कुरा गर्दा नेपाल उपत्यकाको बारेमा सभ्यताको शुरूदेखि नै इतिहासको वर्णन गर्ने गोपाल राजवंशावलीअनुसार शुरूमा काठमाडौं उपत्यकाको वरिपरि ठूलो जंगल भएको उल्लेख पाइन्छ ।[143] यसबाट नेपालमा पनि सभ्यताको शुरूवात नै जंगल फडानीबाट शुरू भएको स्पष्ट हुन्छ र प्राचीनकाल देखिनै नेपालमा काष्ठकलाको विकास भएको कुरा अनुमान गर्न सकिन्छ । नेपालमा मध्यकालसम्म पनि कलाको महत्त्वपूर्ण माध्यमको रूपमा काष्ठकला भएकोले नेपालमा प्राचीनकाल देखिनै यो परम्परा रहेको हुन सक्ने अनुमान गर्न सकिन्छ । यस कालका कुनै पनि काष्ठकलाका नमुनाहरू पाइएको छैनन् ।

नेपालमा गोपालकाल पछि महिषपाल र महिषपालपछि किराँतकाल शुरू भएको मानिन्छ ।

---

139 Babu Krishna Rijal, **Archaeological Remains of Kapilvastu, Lumbini and Devdaha**, (Kathmandu : Education Enterprises Pvt., 1979), p 33

140 Rays Davids, **Buddhist India**, (Delhi : Indological Book House, 1970), pp. 33-34.

141 **Gotihawa, Unpublished Report,** Excavation Conducted by DoA, Nepal and IsIAO, Italy.

142 Information which was given by Director General Kosh Prasad Acharya of DoA who participated in the excavation from 1993-96.

143 Danvajra Vajracharya and Kamal Prakash Malla (edited), **Gopalrajvamsavali,** (Kathmandu : Nepal Research Centre, 1985), pp 1.

स्वामी प्रपन्नाचार्य अनुसार नेपालमा किरातकालमा काष्ठ उद्योग व्यापक रूपमा प्रचलित रहेको उल्लेख गर्नुभएको छ ।[144] तर किराँत कालका पनि आजसम्म कुनै पनि काष्ठकलाका नमुनाहरू भेटिएका छैनन् । नेपालमा किरातकाल पछि लिच्छविकालको शुरूवात भयो । किराँतकालको जस्तै लिच्छविकालका पनि कुनै पनि काष्ठकलाको व्यापक रूपमा विकास भएको थियो भन्ने कुरा काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा प्राप्त भएका प्रस्तर मूर्तिहरूले प्रमाणित गरेका छन् । ढुंगामा अति राम्रो कलाकारिता गर्न सक्ने लिच्छवि कलाकारहरूले काठका मूर्तिहरू बनाउन जानेका थिएनन् भनेर भन्न सकिँदैन । सम्भवत: काठ एउटा नाशवान् वस्तु भएकोले लामो समयसम्म टिक्न नसक्ने भएकोले आज हामीसमक्ष छैनन् । विभिन्न अभिलेखहरू र विद्वानहरूको भनाइबाट पनि लिच्छविकालमा काष्ठकलाको व्यापक रूपमा विकास भएको थियो भनेर भन्न सकिन्छ ।

नेपालमा लिच्छविकालको महत्त्वपूर्ण निर्माण सामग्री काठ थियो[145] भन्ने तर्क N.R. Banerjee को रहेको पाइन्छ ।

त्यसैगरी Hit Narayan Jha द्वारा लिखित ग्रन्थ The Lichchhavis भन्ने पुस्तकमा सजिलैसँग प्राप्त गर्न सकिने र सस्तो सामाग्री भएकोले लिच्छविहरूले काठको व्यापक रूपमा प्रयोग गर्दथे ।[146]

D.R. Regmi ले लिच्छविहरूले घरहरू काठद्वारा बनाउँदथे[147] भन्ने कुराको उल्लेख गर्नुभएको छ ।

माथि उल्लेखित विद्वान्हरूको भनाइलाई धनवज्र वज्राचार्यद्वारा लिखित लिच्छविकालमा अभिलेखमा परेको अभिलेखीय प्रमाणले थप बल प्रदान गरेको पाइन्छ । टुटे फुटेका इँटका अन्तरबाट पसेका न्याउरी मुसा र मुसाको बथानले भताभुङ्ग पारिदिएको ढोकाका खापा झ्यालहरू केही बाँकी नरहेको, काठपातहरू जीर्ण भइसकेको, माटिङ्ग (ग्राम) को देवमन्दिरलाई जनताले जीर्णोद्वार गरेर सो देवमन्दिर पछि पछि धेरै कालसम्म राम्रो हालतमा रहिरहेको भन्नका लागि माटिङ्गग्रामको दक्षिणतर्फ रुखको रूपमा रहेको ६४ ।[148]

यस सन्दर्भले मन्दिरका झ्यालढोका र अन्य भागहरू काठबाट बनेका रहेछन् भन्ने स्पष्ट हुन्छ । साथै काठका झ्यालढोकाहरू पुराना र जीर्ण भइसकेपछि फेर्ने चलन रहेछ भन्ने

---

144 Swami Prapannacharya, **Prachin Kirat Etihas**, (Varanashi : Kirateswor Prakashan, 2051 B.S.), p. 205.

145 N.R. Banerjee, **Nepalese Architecture**, (Delhi : Aagamkala Prakashan, 1980).

146 Hit Narayan Jha, **The Lichchhavis**, (Varanashi : Chowkhamba Publications, 1970), p. 201.

147 D.R. Regmi, **Ancient Nepal**, (Calcutta : Firma K.L. Upadhyay, 1969), p. 290.

148 D. Bajracharya **Lichchavikalka Avilekh,** (Kathmandu : Nepal Asialia Research Center, 2030 B.S.), p. 40.
मार्टिन्देवकुलमर्धविनिपतितेष्टकापङ्तिविवरणप्रविष्ट
नकुलकुलाकुलितभूमिकासार्थदूरविघरितनिद
शोषद्वद्वारकपाटवातामा नादिजीर्णदारूसंधातं मत्नत:
प्रतिसंस्कार्य तस्य दी (घ) तरपश्चात्कालसौस्थितत्यनिमित
तदमयनीविप्रतिवहमेठड माटिङ्गग्रामस्य दक्षिणले राज

पनि स्पष्ट हुन्छ । यस सन्दर्भले लिच्छविकालमा बनेका मन्दिर, विहार, मठ, पाटी पौवा, दरबार र घरहरूमा प्रशस्त मात्रामा काठको प्रयोग हुने र वास्तुकलाका विविध स्वरूपहरूमा काष्ठकलाका उत्कृष्ठ नमुनाहरू राखिने कुरालाई पनि थप बल प्रदान गरेको छ ।

त्यसैगरी थानकोटको भिमार्जुनदेव विष्णुगुप्तको संवत ५७ को अभिलेखबाट पनि लिच्छविकालमा काठको व्यापकरूपमा प्रयोग निर्माण सामग्रीको रूपमा हुन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ । उक्त अभिलेखमा कर माफीको प्रसंगमा बञ्जोग्रामका बासिन्दाले सिंकरमा पनि आधामात्र बुझाए पुग्छ भनिएको छ । "सिं" संस्कृत भाषाको शब्द होइन । तत्कालिन जनभाषाबाट रुढभई यो शब्द प्रचलित भएको हो । किराँती, नेवारी र तामाङ भाषामा यो शब्द अझै पनि प्रचलित छ । यसको अर्थ दाउरा वा काठ भन्ने हो यसबाट सिंकर भन्ने काठमा लाग्ने कर हो भन्ने बुझिन्छ । लिच्छविकाल भन्दा अघिदेखि अर्थात् किराँतकाल देखि प्रचलित यो सिकर लिच्छविकालमा पनि यथावत् कायम रहेको देखिन्छ ।[149]

यस सन्दर्भले नेपालमा किराँतकालदेखि काष्ठकलाको शुरू भई लिच्छविकालसम्म पनि व्यापकरूपमा विकास भएको स्पष्ट पाइन्छ । साथै लिच्छविकालका विभिन्न अभिलेखहरूमा बग्गी, रथ जस्ता काष्ठकलाको व्यापकताको अनुमान गर्न सकिन्छ । साथै कपडा बुन्ने तान, तेल पेल्ने कोलहरू पनि काठबाट नै बनाइन्थे भन्ने कुरा पनि विभिन्न अभिलेखहरूबाट स्पष्ट भएको पाइन्छ ।

सम्भवतः लिच्छविकालका महत्वपूर्ण दरबारहरू मानगृह, कैलाशकुटभवन र भद्राधिवास जस्ता महत्वपूर्ण दरबारहरू काठबाटै बनेको हुनुपर्छ । किनभने यदि ढुंगाबाट बनेको भए आजसम्म ती दरबारका अवशेषहरू अवश्य पनि फेला पर्थ्यो होला । दरबारहरूमा काष्ठकलाको व्यापक प्रयोग हुने प्राचीन परम्परा हो र दरबारहरू काठबाट बनेका हुन्थे । कही लिच्छवि दरबारहरू पनि काठबाट बनेका थिएनन् ? यो एउटा नमुनाहरू र १०औं ११औं शताब्दीका काठका हस्तलिखितका ग्रन्थहरू छोप्ने गाताहरूले समेत नेपालमा काष्ठकलाको प्राचीन परम्परालाई झल्काउँदछ ।

नेपालमा नेपाल संवत् शुरू भएपछिको समयलाई मध्यकाल भनेर चिनिन्छ । मध्यकाललाई पनि पूर्वमध्यकाल र उत्तर मध्यकाल गरी २ भागमा विभाजन गरिएको पाइन्छ । नेपालमा पूर्वमध्यकालका काष्ठकलाका नमुनाहरू कम मात्रामा पाइन्छ । तर यस कलामा काष्ठकलाको व्यापक रूपमा विकास भइसकेको कुरा प्राप्त केही काष्ठकलाका नमुनाहरूले स्पष्ट पारेका छन् ।

---

149 *Ibid*, p. 437.

शुरूको मध्यकालको सबैभन्दा पुरानो भवनको रूपमा मरूसत्तल देखिएको छ । वि.सं. १२०० मा सारिएको हस्तलिखित ग्रन्थमा यसको चर्चा पाइएको[150] छ । यदि कालखण्डलाई १२औं शताब्दीतिर बनेको मान्ने हो भने नेपालमा धेरै पहिले देखि नै काष्ठकलाको विकास भइसकेको स्पष्ट हुन्छ ।

काष्ठमण्डपको यस्तो किंवदन्ती प्रचलित छ । परापूर्वदेखि यस नेपालराज्यमा प्रचलित भगवान मच्छेन्द्रनाथको यात्रा हेर्न भनि गएका कुनै तन्त्र मन्त्र जान्ने विशेष नामक व्यक्तिले जात्रा हेर्न को को आएका रहेछन् भनि यात्रीहरूलाई नियाल्दा साक्षात् कल्पवृक्ष मानिसको रूप लिई जात्रा हेर्न आएको देखि चिन्ही नजिकै गई समाती थोरै वृक्षको काठले कुनै धर्मशाला बनाउने इच्छाले उहासँग प्रार्थना गरेपछि उक्त धर्मशालाको प्रतिष्ठा भएको दिन विदा भइ जाने बाचा बन्धन गरी कल्पवृक्षले सो कुरा स्वीकार गरी गएका थिए । त्यसको चारैदिन पछि उक्त कल्पवृक्षलाई सात विशाल सालको रूख भइ बसेको देखि काटी ल्याई यो धर्मशाला बनाई मूल सत्तल भन्ने नाम राखेका थिए । जुन शब्दलाई अपभ्रंश गर्दा गर्दै मरू सत्तल भन्न लागे ।[151] यस कथाबाट पनि काष्ठमण्डपको निर्माण शुरूमा नै काठबाट निर्माण भएको स्पष्ट हुन्छ र यसले मध्यकालमा काष्ठकलाको वैभवतालाई जोगाउँछ । १३औं शताब्दी देखिका काष्ठकलाका नमुनाहरू पाइन थालेका छन् ।

पाटनको रूद्रवर्ण महाविहारमा भएका केही टुँडालहरू १३/१४औं शताब्दीका मानिन्छन् ।[152] यी टुँडालहरूको बनावटलाई हेर्दा र यसको कलाकारिताको अध्ययन गर्दा नेपालमा काष्ठकलाको प्राचीन परम्पराको स्पष्ट हुन्छ । १३औं शताब्दीपछिका थुप्रै काष्ठकलाका नमुनाहरू भेटिएका छन् जसले मध्यकालमा काष्ठकलाको वैभवताका बारेमा थाहा पाउन सकिन्छ ।

छुस्यावहाल, मुस्यावहालमा भएका काष्ठकलाका नमुनाहरू र पनौतीको इन्द्रेश्वर महादेव मन्दिरमा भएका केही टुँडालहरू १३/१४औं शताब्दीका मानिन्छन् । बनेपाको चण्डेश्वरी पशुपतिको भूवनेश्वरीका काष्ठकलाका नमुनाहरू १५औं शताब्दीका हुन् । भक्तपुरको चतुर्वर्ण महाविहारका काष्ठकलाका केही नमुनाहरू १६औं १७औं शताब्दीका मानिन्छन् । भक्तपुरको न्यातपोल, हनुमानढोका राजदरबार क्षेत्रमा भएका मल्लकालीन स्मारकहरूमा भएका काष्ठकलाका नमुनाहरू १७औं १८औं शताब्दीसम्म बनेका विभिन्न वास्तुकलाका स्वरूपहरूमा

---

150 Gautambajra Bajracharya, **Hanumandhoka Rajadurbar**, (Kathmandu : Nepal Asiali Adhyan Sasthan, 2033 B.S.), p. 3.

151 Somnath Sigdel (Edited), **Sudhar Karya Vivarana**, (Publisher Upatyanchal Tatkalin Sudhar Samiti, 2017 B.S.), p. 42.

152 S.B. Deo, **Glimpes of Nepal Woodwork**, (Calcutta : The Journal of the Indian Society of Printed Art, 1968-69), p. 10.

काष्ठकला स्तम्भहरू देख्न सकिन्छ । जसले नेपालमा मध्यकालिन काष्ठकलाको उत्कृष्ट पक्षलाई दर्शाउँछ ।

वास्तुकलामा मात्र होइन स्वतन्त्र रूपमा काठका मूर्तिहरू पनि १५औं शताब्दी देखिका पाइन्छन् ।

भक्तपुर संग्रहालयमा रहेको १५औं शताब्दीको समयदेखिको पूजादेवीको मूर्तिं १६औं शताब्दीको वसुन्धराको मूर्ति, १६औं शताब्दीको ह्यग्रीवको मूर्ति, १७औं शताब्दीको रावणको मूर्ति र १७औं शताब्दीको शिव विश्वरूपको मूर्ति[153] काष्ठकलाका महत्त्वपूर्ण नमुनाहरू मानिन्छन् ।

---

[153] Ernest and R.L. Waldsschmidt, **Nepal Art Treasurer from the Himalayas**, (Delhi : Oxford and IBH publishing Company, 1960), pp. 46-61.

यसरी १३औं देखि १८औं शताब्दीसम्मलाई काष्ठकलाको विकासलाई स्वर्णयुग मानिन्छन् । यस समयमा काष्ठकलाको विकास पराकाष्ठमा पुगेको थियो । नेपालमा मल्लपछि शाहवंशले शासन शुरू गर्न थाले पछि पनि काष्ठकलाको विकासमा निरन्तरता आएको पाइन्छ । वर्तमानसम्म पनि नेपाली काष्ठकला उत्तिकै विकसित रहेको छ तर आज आएर व्यापारिक प्रयोजनको लागि मात्र उत्पन्न हुने हुनाले यसको आध्यात्मिक, सांस्कृतिक, धार्मिक र सामाजिक पक्ष कमजोर हुँदै गइराखेको छ ।

# अध्याय पाँच

## काष्ठकलाका माध्यमहरू

*Wood has been used extensively in Nepalese architecture in a variety of ways, viz; as pillars, pilaster to support the super structure roof togeather with a complex of beams, lintels, rafters, door, window and staircases etc. In an earthquake gone such as Nepal, wood, which given greater elasticity than structural walls, cannot perhaps be eliminated in any future plan for architecture.*

*Incidently, the use of wood must have been dictated by the abundance of the material in the country, its easy availability and the elastic properties of the structure that were these built with wood alone.* [154]

माथिको विवरणले काठ नेपालको महत्त्वपूर्ण निर्माण सामग्री हो भन्ने कुरा स्पष्ट हुन्छ । नेपालमा प्राचीनकालदेखि नै काष्ठकलाको विकास भएको कुराको छलफल अघिल्लो अध्यायमा गरिसकिएको छ । नेपालमा १३औं शताब्दीदेखिका काष्ठकलाका नमुनाहरू प्राप्त भएका छन् र त्यसपछि अहिले सम्मका नै काष्ठकलाका नमुनाहरू प्राप्त भएका छन् ।

विशेषगरी काष्ठकलालाई हामीहरूले तीन भागमा बाँडेर अध्ययन गर्न सक्छौं । वास्तवमा भन्ने हो भने यिनै तीनवटा स्वरूपमा काष्ठकलालाई देख्न सकिन्छ । यस्ता काष्ठ स्वरूपहरूमा कलाकारहरूले आफ्नै हिसाबले कलाको पक्षलाई प्रस्तुत गरेको पाइन्छ ।

(क) वास्तुकलामा पाइने काष्ठकला

(ख) काष्ठ मूर्तिकला

(ग) घरायसी प्रयोजनको लागि बनाइने काष्ठ कृतिहरू

माथिका उल्लेखित तीन किसिमका काष्ठकलाका स्वरूपहरू १३औं शताब्दीपछि प्रशस्त मात्रामा पाइन्छन् । नेपालमा वास्तुकलाका विभिन्न स्वरूपहरूमा सभ्यताको प्रारम्भदेखि नै प्रयोग हुन थालेको कुरा विभिन्न प्रमाणहरूबाट स्पष्ट हुन्छ । यस्ता वास्तुकलामा प्रयोग गरिएको बाहिर देखिने काठका भागहरूमा कलाकारले विभिन्न कलाकृतिहरू धार्मिक, सामाजिक र सांस्कृतिक प्रयोजनको लागि कुद्न थालेको थियो । पछि गएर त्यही एउटा परम्पराको रूपमा पनि विकास भएको हुन सक्छ । नेपालमा १३औं १४औं शताब्दीदेखि वास्तुकलाका नमुनाहरू पनि भेटिन्छन् । यस्ता वास्तुकलका नमुनाहरू १८औं शताब्दीसम्मका प्रशस्त मात्रामा पाइन्छन् । विशेषगरी १३औं शताब्दीदेखि १८औं को बीचमा बनेका विहार, मठ, मन्दिर, पाटी, पौवा र व्यक्तिगत रूपमा काष्ठकलालाई यी स्मारकहरूमा विभिन्न स्वरूपमा प्रयोग गरिएको पाइन्छ । विशेषगरी स्मारकहरूमा ढोकाहरू प्रायजसो काठबाट नै बनेका छन् । यी स्मारकहरूमा काठका ढोकाहरू बनाउनुको प्रयोजन सम्भवतः खोल्न र बन्द गर्न सजिलो हुने र

---

[154] N.R. Banerjee, **Nepalese Architecture,** (Delhi : Agamkala, Prakashan, 1980), p. 2.

जीर्ण भएमा पनि सजिलै बनाउन सकिने हुनाले र सजिलैसँग विभिन्न कलाकृतिहरू बनाउन सकिनु हो । यस्ता ढोकाहरू साना र ठूला दुवै थरीका पाइन्छन् र यस्ता ढोकाहरूमा कलाकारले विभिन्न कलाकृतिहरू पनि कुँदेको पाइन्छ । सम्भवतः मन्दिर प्रवेश गर्नुपूर्व भक्तलाई मानसिक रूपमा तयार हुनको लागि यस्ता ढोकाहरूमा कुँदेका विभिन्न कलाकृतिहरूले महत्त्वपूर्ण योगदान पनि दिने गरेका छन् । ढोकाका खापाहरूमा पनि प्रशस्त मात्रामा कलाहरू कुँदिएको पाइन्छ । यस्ता कलाकृतिहरू विशेषगरी लौकिक जीवनसँग सम्बन्धित रहेको पाइन्छ । मूल ढोकाको दायाँबायाँ काठकै प्रयोगमा नआउने (False) ढोकाहरू बनाइएका हुन्छन् । यी ढोकाहरूको प्रयोजन स्मारकको स्वरूपलाई मनमोहक र सौन्दर्ययुक्त बनाउनु नै रहेको पाइन्छ । स्मारकको तल्लो भागमा नै गारोमा तलबाट माथितिर पानी र चिसोको प्रभाव जान नदिन काठका नस (wall band) हरू राएिका हुन्छन् । यी नस (wall band) हरूमा पनि विभिन्न किसिमका कलाकृतिहरू कुँदिएका हुन्छन् । यी नस (wall band) हरू सर्प, मकर जस्ता कलाकृतिहरू कुँदिएका हुन्छन् । विशेषगरी चिसो नियन्त्रक (damp proof) को रूपमा यस्ता नस (Wall bands) हरू प्रयोग गरिने हुनाले सांकेतिक रूपमा सर्प र मकराकृति कुँदिएको हुनुपर्छ किनभने सर्प र मकरले चिसो ठाउँमा बस्ने प्राणीहरूको प्रतिनिधित्व गर्दछन् । यस्ता नस (wall band) हरू सडेर गएमा पुनः फेर्न सकिने अवस्था हुन्छ । मूलढोकाको माथि प्रायः जसो स्मारकहरूमा तोरण राखिएको हुन्छ । यो तोरण पनि काठबाटै बनेको पाइन्छ । कुनै कुनै मन्दिर काठबाट बनेको तोरण माथि धातु बेरिएको पनि पाइन्छ । यस्ता तोरणहरू पनि नेपाली वास्तुकलाको साथ साथै काष्ठकलाका पनि महत्वपूर्ण अंगहरू हुन् । सम्भवतः सम्पूर्ण स्मारकको महत्वपूर्ण भाग नै ढोका हो र ढोकालाई घरभित्र प्रवेश गर्ने एउटा महत्त्वपूर्ण सीमा मानिन्छ । ढोकामा समेत देवताको बास हुन्छ र हाम्रो नेपाली समाजमा कुनै पनि शुभकार्य गर्दा, गृहप्रवेश गर्दा, घरभन्दा बाहिर जाँदा, ढोकालाई पुज्ने चलन छ । यसको आसन ढोकामा पनि देवता हुन्छन् जसले मन्दिर, घर, मठ वा दरबारको भित्री भागको बाह्य नराम्रो शक्तिबाट रक्षा गर्दछन् भन्ने हुनुपर्छ । नेपालमा बनेका विशेषगरी नेपाली शैलीका मन्दिरहरूमा चारै दिशामा चार वटा ढोकाहरू रहेका हुन्छन् । सम्भवतः यी चारवटा ढोकाहरू चार दिकपालका प्रतीक हुन् जसले मन्दिरको चारै दिशाबाट हुने नराम्रो शक्तिको प्रभावलाई रोक्छन् । यसरी ढोकाहरू देवताको प्रतीक मानिने हुनाले मुकुट स्वरूप यस्ता तोरणहरू बनाउन थालिएको हुनुपर्छ । उक्त तोरणमा गर्भगृहमा रहेको देवताको मूर्ति कुँदिनुको अर्थ सम्भवतः ढोकाका देवता भन्दा ठूला भित्रका देवता हुन् भन्ने कुराको संकेत गरेको हुन सक्छ । र ढोकाका देवताभित्र भएको देवताको मूर्ति मुकुटमा रहने हुनाले भित्रका देवताबाटै द्वारपालहरूको उत्पति भएको हुन सक्ने कुरामा पनि संकेत गरेको हुनसक्छ । नेपालमा यस्ता काठका तोरणहरू १५औं शताब्दी देखिका भेटिन्छन् र यस्ता तोरणहरूमा जलचर प्राणीहरूको चित्र बढी मात्रामा अंकित गरिएको पाइन्छ । त्यसकारण स्मारकहरूमा तोरणको रूपमा पनि प्रशस्त मात्रामा काष्ठकला देख्न सकिन्छ ।

विशेषगरी दरबार, मठ, पाटी, पौवा र मन्दिरहरूमा माथिल्लो तलाको भारलाई थाम्नको लागि काठका खम्बाहरू प्रयोग गरिएका हुन्छन् । यस्ता खम्बाहरू विभिन्न किसिमका पाइन्छन् र यस्ता खम्बाहरूमा पनि कलाकारले विभिन्न किसिमका कलाकृतिहरू कुँएिका हुन्छन् । यस्ता खम्बाहरूमा कुँदेका खम्बाहरू लौकिक र धार्मिक दुवै पक्षसँग सम्बन्धित रहेका हुन्छन् र खम्बाको तल्लो भाग देखि लिएर माथिललो भागसम्म विभिन्न कलाकृतिहरू कुँदिएको पाइन्छ । यस्ता खम्बाहरू १५औं १६औं शताब्दीदेखिका पाइन्छन् । खम्बाको ठीक माथिल्लो भागमा स्मारकको माथिल्लो भागलाई थाम्न सजिलो पार्नको लागि काठका मेठ (bracket) हरू राखिएका हुन्छन् । यस्ता मेठ (bracket) ले माथिल्लो भागलाई थाम्न र दलिनलाई थाम्न ठूलो सहयोग पुऱ्याउँदछन् र यस्ता भागहरूमा पनि कलाकारले विभिन्न दृश्यहरू कुँदेको पाइन्छ । यस्तो किसिमको उत्कृष्ट कलाकारिता पाटनको केशवनारायण चोकमा भएका खम्बाहरूको माथिल्लो भागमा भएका मेठ (bracket) हरूमा देख्न सक्छौं । जसमा जंगलका दृश्यहरू र जंगलमा भएका विभिन्न पशुपंक्षीहरूको आकृतिहरू कुँदिएको छ । यसरी स्मारकहरूमा खम्बाको ठीक माथिल्लो भागका मेठ (bracket) हरूमा पनि काष्ठकला प्रशस्त मात्रामा देख्न सकिन्छ । यस्ता मेठ (bracket) हरू पनि १५औं १६औं शताब्दी देखिका भेटिएका छन् । तलको गारोको अन्तिम भाग र माथिको गारो शुरु हुनुभन्दा पूर्व बिचमा काठका बुट्टेदार ठाडो कार्नेस (Vertical entablature) हरू राखिएका हुन्छन् । यस्ता भागहरूमा प्रशस्त मात्रामा काष्ठ कलाकृतिहरू राखिएका हुन्छन् साथै यसै भागमा तल्ला छाप्नको लागि राखिएका काठहरू केही भाग बाहिर देखिने गरी राखिएका हुन्छन् ।

यस्ता नाल (Beam) हरूमा विभिन्न किसिमका कलाकृतिहरू कुँदिएका हुन्छन् । यसता नाल (Beam) हरूमा विशेषगरी जनावरका आकृतिहरू कुँदिएका हुन्छन् । विशेषगरी मन्दिर विहारहरूमा यस्ता कलाकृतिहरू बढी मात्रामा देख्न सकिन्छ । यस्ता नसहरू र कार्नेस (Entablature) हरू पनि १६औं र १७औं शताब्दी देखिका पाइएका छन् । वास्तुकलामा देखिने काष्ठकलाका नमुनाहरूमा झ्याल पनि एक हो । यस्ता झ्यालहरू नेपाली काष्ठकलाका उत्कृष्ट नमुनाहरू मानिन्छन् । झ्यालहरू प्रायजसो हरेक स्मारहरूमा पाइन्छन् । यस्ता झ्यालहरू विभिन्न किसिमका हुन्छन् र झ्यालहरूको निर्माणको प्रयोजन पनि भिन्न भिन्न रहेको पाइन्छ । झ्यालहरू पनि कुनै ३ मुखे, कुनै ५ मुखे, कुनै सात मुखे र कुनै १ मुखेहरू राखिएको हुन्छन् । यस्ता झ्यालहरू विशेषगरी मन्दिरहरूमा प्रयोजन भन्दा पनि सजावटको हिसाबले राखिएको हुन्छ र व्यवस्थित तरिकाबाट मिलाएर राखिएको हुन्छ । झ्यालहरूमा धार्मिक कलाकृतिहरू पनि प्रशस्त मात्रामा कुँदिएको हुन्छ । झ्याललाई विमानको प्रतीक र रथको प्रतीक मानिने हुनाले तल्लो भागमा गर्न्धव किन्नर, विद्याधर, घोडा, हाँस जस्ता आकृतिहरू लहरै तल्लो भागमा कुँदिएका हुन्छन् । साधारण व्यक्तिहरूका घरहरूमा पनि प्रशश्स्त मात्रामा झ्यालहरू बनाइएको पाइन्छ । यस्ता झ्यालहरूको आधारमा मध्यकालीन समाजमा मानिसको आर्थिक अवस्था र

सामाजिक प्रतिष्ठा पनि किटान गर्न सकिन्थ्यो । तर वर्तमान समयमा आधुनिकीकरणको प्रभावले गर्दा यस्ता झ्यालहरू राखेर घर बनाउने परम्परा कम भैसकेको पाइन्छ । नेपालमा प्राचीन कालदेखि नै छाने शैलीका मन्दिर, घर, विहारहरू बनाउने परम्परा रहेको पाइन्छ । यस्ता छाने शैलीका स्मारकहरूको छाना अड्याउनको लागि प्राचीनकालदेखि नै काठका टुँडालहरूको प्रयोग हुँदै आइराखेको पाइन्छ । यस्ता टुँडालहरू नेपाली वास्तुकलाका महत्वपूर्ण विशेषताहरू मानिन्छन् । यस्ता टुँडालहरू छानालाई अड्याउन स्मारकको चार कुनामा ठूला ठूला र वरिपरि सानासाना १४५° को कोण बनाई राखिएको हुन्छ । यस्ता टुँडालहरूमा तल देखि माथिसम्म विभिन्न कलाकृतिहरू कुँदिएका हुन्छन् । प्रायजसो माथिल्लो भागमा रुखका लहराहरू, विद्याघर, गन्धर्व र किन्नरका आकृतिहरू कुँदिएका हुन्छन् र बीचमा देवताका वा देवीका आकृतिहरू कुँदिएका हुन्छन् र तल्लो भागमा सामाजिक, धार्मिक, लौकिक र कामकलासम्बन्धि आकृतिहरू कुँदिएका हुन्छन् । यी टुँडालहरू पनि नेपाली काष्ठकलाको महत्त्वपूर्ण पक्षहरू हुन् । जुन स्वतन्त्ररूपमा मात्र नपाइएर वास्तुकलामा राखिएको हुन्छन् । यसका साथै वास्तुकलामा देखिने काष्ठकलाका महत्त्वपूर्ण नमुनाहरू मुसी (Rafter), मुठल (Eave board) र कप्पु (Lintel) हरू हुन् । यस्ता भागहरूमा पनि प्रशस्त मात्रामा काष्ठकलाका नमुनाहरू देख्न सकिन्छ । टुँडालहरू १३औं शताब्दी देखिका पाइएका छन् भने मुसी (Rafter), मुठल (Eave board) र कप्पु (Lintel) हरू १६औं १७औं शताब्दीदेखि पाइन्छन् ।

स्वतन्त्ररूपमा पाइने महत्त्वपूर्ण काष्ठकलाका नमुनाहरू काष्ठ मूर्तिकला हो । संसारमा प्राचीनकालदेखि नै बन्दथे भन्ने कुरा इजिप्टको सभ्यताको उत्खनन्को क्रमा प्राप्त भएको मूर्तिले स्पष्ट पारेको छ । हातमा लठी लिएर उभिएको उक्त मूर्ति पुरोहितको मानिएको छ र यस मूर्तिलाई पिरामिड युगको मानिएको छ । साथै भारतमा पनि दोस्रो शताब्दी ईसापूर्व देखिका काठका मूर्तिहरू प्राप्त भएका छन् । नेपालमा पनि यस्ता मूर्तिहरू बनाउने प्राचीनकालदेखि नै परम्परा रहेको अनुमान गर्न सकिन्छ । नेपालमा १५औं शताब्दीपछिका मूर्तिहरू प्रशस्त मात्रामा पाइएका छन् । १५औं शताब्दीको भक्तपुर संग्रहालयमा रहेको पुण्य डेरी, राष्ट्रिय संग्रहालयमा रहेको १५औं शताब्दीकै पूजादेवी, १५औं १६औं शताब्दीको ताराको मूर्ति, १७औं ताब्दीको गरुडको मूर्ति, १७औं शताब्दीको उमामहेश्वरको मूर्ति, १७औं शताब्दी कै शिव विश्वरूप, १६औं शताब्दीको ह्यागृीव काष्ठकलाका महत्त्वपूर्ण नमुनाहरू मानिन्छन् । यस्ता मूर्तिहरू विभिन्न धार्मिक सम्प्रदायसँग सम्बन्धित रहेका छन् । विशेषगरी हिन्दूधर्म अन्तर्गत शैव, वैष्णव र शाक्त, गणपत्य सम्प्रदायका मूर्तिहरू पाइनुको साथै बौद्धधर्मसँग सम्बन्धित मूर्तिहरू पाइन्छन् । यस्ता मूर्तिहरू काष्ठकलाका उत्कृष्ट नमुनाहरू मानिन्छन् । मध्यकालीन यी मूर्तिहरूले नेपालको प्राचीन परम्परालाई पनि झल्काउँछन् । साथै नेपालीहरूको धार्मिक र सौन्दर्यप्रतिको पक्षलाई पनि झल्काउँदछन् ।

काष्ठकलाको अर्को महत्त्वपूर्ण पक्ष घरायसी प्रयोजनको लागि बनाइने काष्ठकृतिहरू हुन् । यस्ता घरायसी प्रयोजनको लागि मानवले प्राचीनकालदेखि नै यस्ता सामग्रीहरू बनाउन थालेको थियो । सम्भवतः मानवले सर्वप्रथम ढुंगाको हतियार बनाउनुभन्दा पूर्व नै काठका हतियारहरू प्रयोग गर्न थालेको हुनुपर्छ । यसको महत्त्वपूर्ण उदाहरणको रूपमा अझै पनि केही अफ्रिकी देशहरूका जंगलमा बस्ने जनजातिहरूले काठको टुप्पोमा ढुँगाको चुच्चो (Point) राखी माला बनाउने प्रयाजन रहेको छ (Discovery channel) । संसारमा भएका विभिन्न ठूला ठूला युद्धहरूमा ऐतिहासिक कालमा पनि काठका भाला, तीर, धनुष हतियारका वेडहरू काठबाट नै बनाएको पाइन्छ । यस्ता हतियार वेडहरूमा विभिन्न किसिमका कलाकृतिहरू पनि कुँदिएका पाइन्छ । साथै मानवले प्राचीनकाल देखि नै घरायसी प्रयोजनको लागि ढिकी, कोल, ठेकी जस्ता सामग्रीहरू प्रयोग गर्न थालेका थिए । नेपालमा पनि प्राचीनकाल देखिनै काठद्वारा घरायसी प्रयाजनको लागि विभिन्न किसिमका काठका सामग्रीहरू बनाउन थालेको कुरा अनुमान गर्न सकिन्छ । नेपालमा प्राचीनकालमा जस्तै मध्यकालमा काठका घरायसी सामग्री बनाइन्थ्यो । जस्तै काठका ओखल, कोल, ढिकी, बाकस, काठका कुँडे, डाडू, खुरपेटो, पूजाको सानो मन्दिर, पूजाको सामग्री राख्ने थाली जस्ता काठका सामग्रीहरू बनाउने परम्परा थियो । हाल पनि खोकना क्षेत्रमा प्रशस्त मात्रामा कोलहरू पाइन्छन् । साथै काठमाडौंका विभिन्न परम्परागत नेवार समुदायका घरहरूमा पुराना सन्दुकहरू पनि पाइन्छन् । काष्ठकलाकृतिहरू निर्माण गर्न विभिन्न जातका काठहरू प्रयोग गरिएको पाइन्छ (परिशिष्ट ९) ।

यसरी नेपालमा मध्यकालमा काष्ठकलाका विभिन्न स्वरूपहरू देख्न सकिन्छ । यस्ता काष्ठकलाका स्वरूपहरूमा नेपाली कलाको वास्तविक स्वरूप देख्न सकिन्छ । कलाका अन्य स्वरूपहरूमा बाह्य प्रभाव देखिए तापनि नेपाली काष्ठकलाको आफ्नै मौलिकता रहेको पाइन्छ । तलका पृष्ठहरूमा क्रमैसँग काठमाडौं उपत्यकामा रहेका काष्ठकलाका नमुनाहरूको बारेमा सचित्र वर्णन गरिनेछ जसले काष्ठकलाको बारमो थप जानकारी दिनसमेत सहयोग पऱ्याउनेछ ।

## ढोकाहरू (Door) चौकोस

नेपाली काष्ठकलाका सबैभन्दा महत्त्वपूर्ण पक्षहरू मध्ये ढोका पनि एक हो । नेपाली वास्तुकलाका विभिन्न स्वरूपहरूमा ढोकाहरूको प्रयोग व्यापक रूपमा भएको पाइन्छ । यस्ता ढोकाहरूमा प्रशस्त मात्रामा काष्ठकला देख्न सकिन्छ । विभिन्न विद्वान्हरूले आफ्ना पुस्तकहरूमा नेपाली ढोकाको बारेमा प्रकाश पारेका छन् :

Barnier का अनुसार

> The door of Nepalese temple, like those of dwelling, are quiet small. They are rarely more than 5 feet height and are must step over a wooden ledge 6 to 12 inches in height which block the lower part of opening while also lowering owns lend in ordr to enter. Houses also have these lower ledge of which one of the practical uses seems to be that it discourages some animals from entering from the street. Nepalese temples doors have double gaps which are secondly a massive lock at the bottom. Where its meet the ledge and its secured by two short chairs attached to the doors. Door which are kept permanently on semi permanently closed are sealed or locked from within, usually with the same kind of locks and chains as used on the extensive. A moulding mounted on one of each pair of doors makes it necessary to close one door before the other and leaves no crack openings through which it would be possible to peer in. Temple door always perforated by a few carved lotus.
>
> While doors and door frames are usually decorated in some manners, their carving are of as symbolic as those of the torana or struts. In allseeing eyes symbolic Buddha or other deities are sometime carved or painted on the doors, as are parakalsa symbols but decorative motifs such as geometric borders or floral design are more typical.[155]

यसरी माथि वर्णनबाट ढोकाको बनावट स्पष्ट हुन्छ । जसअनुसार ढोका कुनै पनि स्मारकको महत्त्वपूर्ण अंग भएको स्पष्ट हुन्छ र स्मारकमा ढोका राख्ने तरिकाको बारेमा पनि स्पष्ट हुन्छ । केही विद्वान्हरूले ढोकाको प्रकारको बारेमा पनि वर्णन गरेको पाइन्छ ।

> The several different type of doors (Newari: Lukha, Nepali Dhoka) are all are lively similar in their design and[156] in their size of opening. In dwelling, monastries and many temples the access doors do not exceed 70160 c.m. but entrances to the inner courtyards of palaces are more gate like. The majority of buildings, therefore, can only be entered in a bent position which put a would be intruder at a distinct disadvantage. The entrance are closed by massive double doors and are fastened on the inside by a large wooden bolt and on the outside, when the railing is unoccupied, by heavy iron locks.
>
> Generally, the doors (Dhoka) consists of an interior frame (Duchu) and an enterior frame (Bha) which are jointed togather with wooden nails (chukus).
>
> The most important differenence is the overall sizy of the doors and their extent of decoration. The simplest door is of types A and is generally used in dwelling. The standard and most commonly used doors is of type B and used particularly in countries. Doors of type C are common at all most all temples are priest house. Type D is merely a composite of type B and C made of into the large unit and used in several big temples.

---

155 R. M. Bernier, **The Temples of Nepal**., (Delhi : S. Chand & Company, 1970), p. 42.

156 W.F. Korn, **Traditional Architecture of Kathmandu Valley**, (Kathmandu : Ratnapustak Bhandar, 1977), p. 107.

> City gates or large palace doors are casted in Newari Tadhan Lakha which means "Large Door" openings in city gates or former defenences were only slightly larger than the ordinary Lakhas as the foundation stones shows. The city gates, still standing at the entrance to certain settlements are of more recent origin but are built on ancient foundation.
>
> Many doors which lead to a shrine have a pediment or Torana a fixed to the upper frame as decoration and emphasis carvings around the door frame and in the Torana are always related to the god to which the shrine is dedicated.[157]

यसरी माथिको वर्णबाट एकातिर ढोकाहरूको स्वरूप, बनावटको बारेमा थाहा पाइन्छ भने अर्कोतिर ढोकाका विभिन्न प्रकारहरूको बारेमा वर्णन गरिएको छ। ढोकाहरूलाई विशेषगरी चार भागमा विभाग गरिएको छ । A, B, C, D र यी ढोकाहरू हुन् । स्मारकहरूमा प्रयोग गरिएका छन् भनेर पनि वर्णन गरिएको पाइन्छ। त्यसैगरी नेपाली काष्ठकलाको बारमो अध्ययन गर्ने भारतीय विद्वान् S.B. Deo ले ढोकाहरूलाई Korn ले जस्तै चार किसिमका बताएका छन् । ती हुन्

१. Rectangular

२. Triple cusped or trefoil

३. Foliated and

४. Arched[158]

माथिका पेजहरूमा विद्वान्हरूले ढोकाहरूको प्रकारको सम्बन्धमा जे जस्तो व्याख्या गरे तापनि ढोकाहरूलई २ भागमा बाँडेर अध्ययन गर्न सकिन्छ।

(१) साना खाले

(२) ठूला खाले र अलंकृत

साना खाले ढोकाहरू उचाइ र चौडाइ (सानो) कम भएको पाइन्छ भने ठूला खाले ढोकाहरूमा ढोकाको चौडाइको साथ साथै उचाइ पनि बढी हुन्छ । ठूला खाले ढोकाहरूमा दायाँबायाँ प्रयोगमा नआउने (False) ढोकाहरू पनि बनाइएका हुन्छन् जसलाई खोल्न सकिदैन । तल केही महत्त्वपूर्ण ढोकाहरूको वर्णन गर्नु सान्दर्भिक देखिन्छ।

---

157 *Ibid.*

158 S.B. Deo, **Glimpse of Nepal Wood Work,** (Varanashi : Siddharta Prakashan, 1968), p. 20.

## इन्द्रेश्वर महादेव मन्दिरको ढोका

पनौती क्षेत्रमा भएका मन्दिरहरू मध्ये इन्द्रेश्वर महादेवको मन्दिर एउटा महत्वपूर्ण मन्दिर हो । नेपाली शैलीमा बनेको यस मन्दिरमा काष्ठकलाका सबैभन्दा पुराना नमुनाहरू पाइन्छन् । काष्ठकलाको हिसाबले पनि यस मन्दिरको विशेष महत्त्व रहेको पाइन्छ । यस मन्दिरको निर्माण समय १३औं १४औं शताब्दी मानिन्छ । यस मन्दिरमा भएका ढोकाहरू पनि काष्ठकलाको दृष्टिकोणले महत्त्वपूर्ण मानिन्छ । माथि गरिएको विभाजन अनुसार यस ढोकालाई ठूला खाले अलंकृत ढोकाको समूहमा राख्न सकिन्छ । Korn ले आफ्नो विभाजनमा यसलाई D श्रेणीमा राखेका छन् । मन्दिरको मूलढोका पश्चिमाभिमुख छ ( चित्रफलक नं. १ र २) । यो ढोका साधारण खाले छ । ढोकाको दायाँबायाँ प्रयोगमा नआउने (False) ढोहाहरू छन् र यी ढोकाहरू मूलढोका भन्दा अलि विशिष्ट खाले छन् । Deo ले यस्तो किसिम माथिल्लो भागमा अलङ्कृत भएका ढोकालाई (Trefoil) भनि नाम दिएका छन् । तर ढोकाका खापाहरू भने मूलढोका जस्तै साधारण खाले छन् । बनावटको हिसाबले यी ढोकाहरूको समय १४औं १५औं शताब्दी मान्न सकिन्छ । सम्भवतः यी ढोकाहरूको आधारमा शुरुमा ढोकाका पाटाहरू साधारण खाले हुन्थे तर पछिल्लो समयमा ढोकाका पाटाहरूमा विभिन्न कलाकृतिहरू कुद्न थालियो । यस मन्दिरका चारैतिरका ढोकाहरको बनावट शैली एकै खाले छ र प्रत्येक ढोकाको माथि तोरणहरू राखिएका छन् । यी तोरणहरूको वर्णन पछिका पृष्ठहरूमा गरिनेछन् ।

## भक्तपुर यक्षेश्वर महादेव मन्दिरमा भएका ढोकाहरू

भक्तपुरको यक्षेश्वर मन्दिर यक्ष मल्लको पालामा बनेको मानिन्छ । कथाअनुसार स्वयं पशुपतीनाथले यक्ष मल्ललाई स्वप्नमा आदेश दिएपछि यो मन्दिर बनाउन लगाएका थिए । यो मन्दिर नेपाली शैलीको महत्त्वपूर्ण मन्दिर मानिन्छ । यसमा भएका ढोकाहरू पनि काष्ठकलाको लागि महत्त्वपूर्ण मानिन्छन् । यस मन्दिरको चारै दिशामा ढोकाहरू छन् र सबै एउटै खाले छन् मात्र तोरणमा भएको देवता भिन्न हुन् र केही बुट्टाहरूमा पनि फरक पाइन्छ । त्यसकारण यहाँ यस मन्दिरको पश्चिम तिरको ढोकालाई वर्णन गर्नु सान्दर्भिक र उपयुक्त हुन्छ । आयताकार फ्रेममा बनेको मूलढोका पनि आयताकार छ (चित्रफलक नं. ३) । मूलढोकाका खापाहरू जालीदार छन् । मूलढोकाको दायाँबायाँको फ्रेममा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । मूलढोकाको माथि अर्धगोलाकार तोरण रहेको छ । तोरणको मध्यभागमा शिवको मूर्ति अंकित गरिएको छ । किनारहरूमा अलंकृत बुट्टाहरू कुँदिएका छन् । तोरणमा अन्य देवताहरू सर्प, अप्सरा र गरुडको मूर्ति पनि कुँदिएका छन् । मूल ढोकाको दायाँ मूलढोका भन्दा साना ढोकाका आकृतिहरू कुँदिएका छन् । यी ढोकाहरू प्रयोगमा नआउने (Blind or False) ढोकाहरू हुन् । यी ढोकाहरूलाई झ्यालको स्वरूपमा बनाइएको छ । प्रयोगमा नआउने (Flase) झ्याल आकृतिका ढोकाहरूको माथिल्लो भाग (Trefoil) आकृतिमा बनाइएको छ । (Trefoil) भागको

दायाँबायाँको खाली भागमा फूलका आकृतिहरू बनाइएको छ । दुवै प्रयोगमा नआउने (False) झ्यालहरूको माथिल्लो भागमा ५ वटा सांकेतिक आकृतिहरू बनाइएको छ । सम्भवतः यी ५ वटा आकृतिहरूले पञ्चदेवको र पञ्चतत्वको प्रतिनिधित्व गर्ने गर्दछन् । दुवै प्रयोगमा नआउने (flase) झ्यालहरूको वरिपरिको Frame हरूमा प्रसस्त मात्रामा काष्ठकलाकारिता देख्न सकिन्छ । ढोकाको सम्पूर्ण फ्रेमको दायाँबायाँको भागमा पनि विभिन्न किसिमका आलंकृत आकृतिहरू कुँदिएका छन् । यो ढोकालाई १५औं १६औं शताब्दीको मानिन्छ । यो मन्दिरका अरु दिशाका ढोकाको बनावट शैली यस्तै खाले छ । त्यसकारण सबै ढोकाहरूको वर्णन गर्नु सान्दर्भिक देखिँदैन ।

## पाटन दरबारको मूलचोकमा भएका ढोकाहरू

पाटनको मूलचोक ऐतिहासिक, सांस्कृतिक र धार्मिक दृष्टिकोणले अति महत्त्वपूर्ण मानिन्छ । यो चोकको निर्माण सिद्धिनरसिंह मल्लको पालामा भएको मानिन्छ । यस चोकको वरिपरि प्रशस्त ढोकाहरू रहेका छन् । यी ढोकाहरूले मल्लकालिन काष्ठकलाको बारेमा धेरै कुराहरूको जानकारी दिने गर्दछन् । तल यस चोकमा भएका केही महत्वपूर्ण ढोकाहरूको बारेमा विस्तृत रूपमा वर्णन गरिन्छ ।

(१) **पाटनको मूलचोमा रहेको ढोका (चित्रफलक नं. ४) ।** आयताकार स्वरूपमा बनेको यो ढोका ठूलो फ्रेममा बनाइएको छ । ढोकामा जालीदार खापाहरू छन् । खापाहरूबाट भित्र र बाहिर हेर्न सकिन्छ । ढोकाको दायाँबायाँ र माथिको फ्रेममा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । ढोकाको दायाँबायाँको फ्रेमका किनारहरूमा स्तम्भ स्वरूपका फ्रेम छन् जसमा सातवटा अलग अलग भागहरू देखिन्छन् । प्रत्येक भागमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । यी स्तम्भयुक्त आकृतिमा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । ढोकाका खापाको ठीकमाथि ५ वटा आकारहरू कुँदिएका छन् । यी ५ वटा आकारहरूले पंचदेवको साथै पंचतत्वको पनि प्रतिनिधित्व गरेको हुनु पर्छ । यी ५ वटा आकारहरूको ठीकमाथिको फ्रेमको मध्यभागमा सानासाना आकारका तीनवटा मूर्तिहरू बनाइएको छ । यसभन्दा माथि ढोकाको अन्तिम किनारको फ्रेमा छानाको आकृति देखाउने प्रयास गरिएको छ । यस फ्रेमको मध्यभागमा पनि सानो मूर्ति बनाइएको छ । ढोकाको सबैभन्दा माथिको यस फ्रेमा अति सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । ढोकाको तल्लो भागको दुवै तिरको फ्रेमको तल्लो भागमा सिंह आकृतिहरू छन् । सिंह आकृति भन्दा माथि काठको अन्तिम भागमा दुवैतिर तल्लो भागमा सानासाना खोपा बनाएर सानासाना मूर्तिहरू कुँदिएका छन् । ढोकाको सबैभन्दा माथिल्लो भागमा तोरण छ । तोरण अर्धगोलाकार छ । तोरणको मध्य भागमा महिषमर्दिनी दुर्गाको मूर्ति कुँदिएको छ । तोरणको अन्य भागमा विभिन्न किसिमका पशु आकृति देव आकृतिहरू बनाइएको छ । यस तोरणको सबैभन्दा माथिल्लो भागमा

छत्रावली छ । यस तोरणले ढोकाको शोभा झन् बढाएको छ । यो ढोकाको समय १७औं शताब्दी मानिन्छ ।

(२) **पाटन दरबारको मूलचोकस्थित ढोका ।** आयताकार फ्रेममा बनेको यो ढोका प्रयोगमा नआउने (False) ढोका हो (चित्रफलक नं. ५) । ढोकाको मध्यभाग जालीदार छ । यसबाट भित्र र बाहिर हेर्न सकिन्छ । खापाको मध्यभागमा २ वटा भागहरू छन् । जालीदार खापाको दायाँबायाँ फ्रेम लगायत स्तम्भयुक्त आकृतिहरू बनाइएका छन् । स्तम्भयुक्त स्वरूपका फ्रेमहरूमा साना भागहरू देखिन्छन् । यी भागहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । माथिल्लो भागको फ्रेमको मध्यभागमा ५ वटा आकृतिहरू देखिन्छन् । सबैभन्दा माथिको फ्रेमको मध्यभागमा तीनवटा देवताका आकृतिहरू कुँदिएका छन् । ढोकाको तल्लो भागमा फ्रेमको अन्तिम भागमा दायाँबायाँको फ्रेमको अन्तिम भागमा सानासाना मूर्तिहरू कुँदिएका छन् । यो ढोका पनि १७औं शताब्दीको हो ।

(३) **पाटन दरबारको मूलचोकस्थित ढोका ।** आयताकार फ्रेममा बनेको यो ढोकाको मध्यभागमा जालीदार खापाहरू छन् (चित्रफलक नं. ६) । खापाको दायाँबायाँको फ्रेमहरू विभिन्न किसिमका अलंकृत बुट्टाहरू कुँदिएका छन् । ढोकाको खापाको ठीकमाथि ५ वटा आकृतिहरू कुँदिएका छन् । सबैभन्दा माथिको खापाको मध्यभागमा सानो देवताको मूर्ति अंकित गरिएको छ । माथिल्लो भागको फ्रेमका किनारहरूमा अलंकृत बुट्टाहरू छन् । ढोकाको फ्रेमको तल्लो भागको अन्तिम भागमा दायाँबायाँ नै स्थानक मुद्रामा सानासाना देवताको मूर्ति बनाइएको छ । सबैभन्दा तल्लो भागमा भएको फ्रेमको किनारा साधा छन् । यो ढोकामा पनि सूक्ष्म काष्ठ कलाकारिता देख्न सकिन्छ । यो ढोकाको समय पनि १७औं शताब्दी हो ।

(४) **पाटनको मूलचोकस्थित ढोका (चित्रफलक नं. ७) ।** आयताकार फ्रेममा बनेको यो ढोकाको मध्यभागमा जालीदार खापाहरू छन् । खापाहरूको चार भाग देखिन्छ । खापाको दायाँबायाँको फ्रेमम विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । ढोकाको माथिल्लो भागको फ्रेमको तल्लो भागको फ्रेमको मध्य भागमा ५ वटा आकृतिहरू बनाइएका छन् र यी ५ वटा आकृतिहरूको दायाँबायाँ सूर्य विम्बभित्र सानासाना मूर्तिहरू बनाइएका छन् भने सबैभन्दा माथिल्लो भागको फ्रेमको मध्यभागमा सानासाना तीनवटा खापाहरू बनाई सानासाना तीनवटा देवताको मूर्तिहरू बनाइएका छन् । फ्रेमको किनारमा सानासाना बुट्टाहरू बनाइएका छन् । तल्लो भागको फ्रेमको अन्तिम भागमा दायाँबायाँ तीन तीनवटा मूर्तिहरू स्थानक मुद्रामा बनाइएका छन् । सबैभन्दा तल्लो भागको फ्रेम साधा खाले छ । यो ढोका पनि १७औं शताब्दीको हो ।

पाटनको मूलचोकमा यस किसिमका ढोका प्रशस्त मात्रामा रहेका छन् । यस चोकमा भएका सबै ढोकाहरू १७औं शताब्दीका हुन् ।

(५) **पाटन दरबारस्थित ढोका (चित्रफलक नं. ८) ।** आयताकार स्वरूपमा बनेको ढोकाको खापा साधारण र सरल खाले छन् । ढोकाको दायाँबायाँको फ्रेममा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । ढोकाको माथिल्लो फ्रेमको मध्यभागमा सानासाना खापा बनाई सानासाना देवताका मूर्तिहरू बनाइएको छ । माथिल्लो भागको फ्रेमको किनारहरूमा सानासाना अलंकृत बुट्टाहरू कुँदिएका छन् । कलाकारिताको हिसाबले यो ढोकाको विशेष महत्व छ किनभने यस किसिमको ढोकाहरू यस चोकमा कम छन् किनभने धेरै जसो ढोकाका खापाहरू जालीदार बनाइएका छन् । यो ढोका पनि १७औं शताब्दीको हो ।

(६) **मूलचोक प्रवेशको ढोका:** यो ढोका मूलढोकाहरू अन्तर्गत पर्दछ (चित्रफलक नं.) । आयताकार स्वरूपमा बनेको यो ढोकाको मध्यभागमा २ वटा साधा खापाहरू रहेका छन् । ठूला खापा बायाँतिर ठूलो खापा लगाएको अवस्थामा छिर्न हुने सानो खापा पनि बनाइएको छ । खापाको माथिल्लो भागमा S.B. Deo को विभाजनअनुसार (Trefoil) आकृति बनाइएको छ । खापाको दायाँबायाँको सानो फ्रेममा सर्प आकृतिहरू बनाइएको छ । जसले गर्दा ढोकालाई बढी आकर्षित बनाइएको छ । यस फ्रेमको ठीक माथिल्लो भागमा तोरण आकृति बनाएर मध्य भागमा गरुडको उडिराखेको आकृति बनाइएको छ भने यसको दायाँबायाँ साना विभिन्न देवीदेवताका मूर्तिहरू बनाइएको छ । यो फ्रेमको बाहिरी भागमा अर्को ठूलो फ्रेम छ । यस फ्रेमको माथिल्लो भागमा पनि (Trefoil) को आकृति बनाइएको छ । फ्रेमको माथिल्लो दुवै कुनामा तलमाथि गरी दुई दुई वटा मूर्तिहरू बनाइएका छन् । मध्य भागमा देवताको मूर्ति बनाइएको छ । फ्रेमको तीनैतिर सानासाना बुट्टाहरू कुँदिएका छन् । यस फ्रेमको बाहिरको अन्तिम फ्रेम काष्ठकलाकारिताको लागि अति महत्त्वपूर्ण छ । यस फ्रेमको दायाँबायाँ अलंकृत बुट्टाहरू कुँदिएका छन् । फ्रेमको सबैभन्दा माथिल्लो भागमा विभिन्न किसिमका अलंकृत बुट्टाहरू बनाइएका छन् । काष्ठकलाको लागि यस ढोकाको विशेष महत्व छ । यो ढोकाको समय १७औं शताब्दी मानिन्छ । ढोकाको फ्रेमको दायाँबायाँ आँखाहरू बनाइएका छन् ।

## छुस्यावहालको मूलढोका

आयताकार स्वरूपमा बनेको यो पनि अर्को महत्वपूर्ण ढोका हो (चित्रफलक नं. ९) । ढोकाका खापा साधारण खाले छन् । खापाको दायाँबायाँको फ्रेम अलंकृत छ । ढोकाको माथिल्लो भागमा ५ वटा सानासाना आकृतिहरू बनाइएका छन् । ढोकाको दायाँबायाँ फ्रेमको दायाँबायाँ तीन तीन वटा स्तम्भयुक्त आकृतिहरू बनाइएका छन् । उक्त स्तम्भहरूमा तीनवटा अलग अलग भागहरू छन् । ती भागहरूमा विभिन्न किसिमका डिजाइनहरू बनाइएका छन् । ढोकाको दायाँबायाँ सानासाना कलश आकृतिहरू बनाइएका छन् । ढोका सबैभन्दा माथिको फ्रेमको मध्यभागमा सानो खापा बनाई मूर्ति कुँदिएको छ र यस फ्रेममा विभिन्न किसिमका आकृतिहरू बनाइएका छन् । ढोकाको माथि अर्धगोलाकार तोरण छ । तोरणको मध्य भागमा अलंकृत बुद्धको मूर्ति कुँदिएको छ । ढोकाको दायाँबायाँ साना झ्याल बनाइएको छ । यो ढोकालाई पनि १७औं शताब्दीको मानिएको छ ।

## पूजारीमठको ढोका

पूजारीमठस्थित यो ढोका पनि काष्ठ कलाकारिताको लागि अति महत्त्वपूर्ण मानिन्छ (चित्रफलक नं. १०) । आयताकार स्वरूपमा बनेको यो ढोकामा साधारण खाले खापाहरू छन् । ढोकाको दायाँको फ्रेमहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । साथै यी फ्रेमहरूमा स्तम्भयुक्त आकृतिहरू पनि कुँदिएका छन् । ढोकाको फ्रेमको दायाँ गणेश र कुमारका मूर्तिहरू बनाइएका छन् । ढोकाको माथिल्लो भागको फ्रेमको मध्यभागमा ५ वटा देवताहरूको मूर्ति कुँदिएको छ । यसको ठीक माथिको फ्रेमको मध्यभागमा सानो मूर्ति कुँदिएको छ भने यसभन्दा माथिको अन्तिम फ्रेमको मध्यभागमा सिंह हात्ती कुँदिएको छ । ढोकाको कप्पु (Lintel) भागमा दायाँबायाँ दुवैतिर अष्टमंगलका आकृतिहरू कुँदिएको छ । माथिल्लो भागको फ्रेमका किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । कप्पु (Lintel) भागको ठीक तल दायाँबायाँ ढोकाको पंख आकृति बनाई शंख, चक्र, गदा, पद्म लिएको पद्मासनमा बसेको विष्णुको मूर्ति बनाइएको छ । साथै मकराकृतिहरू, रुखका लहराहरू पनि बनाइएको छ । यस भागले ढोकाको स्वरूपमा थप राम्रो बनाएको छ । ढोकाको तल्लो भागको ढोकाको दायाँबाया आठ हातयुक्त डरलाग्दा भैरवका मूर्तिहरू रहेका छन् । यसको समय १७औं शताब्दी मान्न सकिन्छ ।

## पुजारी मठको ढोका

पूजारीमठको यो अर्को महत्त्वपूर्ण ढोका हो । आयताकार स्वरूपमा बनेको ढोकाको साधारण किसिमका खापाहरू छन् (चित्रफलक नं. ११) । ढोकाको दायाँबायाँको फ्रेमहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । जसमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । ढोकाको माथितिरको भाग (Trefoil) स्वरूपममा छ । माथिल्लो भागको कुनाको खाली भागहरूमा रुखका आकृतिहरू बनाइएको छ । ढोकाको कप्पु (Lintel) भागहरूमा ड्रागनका

आकृतिहरू बनाइएको छ । माथिल्लो भागको फ्रेमको मध्य भागमा सानो मूर्ति बनाइएको छ । कलाकारिताको हिसाबले यस ढोकालाई पनि महत्वपूर्ण मान्न सकिन्छ । यसको समय पनि १७औं १८औं शताब्दी मान्न सकिन्छ ।

## कुम्भेश्वर मन्दिरको ढोका

ललितपुरमा भएका महत्वपूर्ण मन्दिरहरू मध्ये कुम्भेश्वरको मन्दिर पनि एक हो । नेपाली शैलीमा बनेको यो मन्दिरमा पनि काष्ठकलाका विभिन्न स्वरूपहरू देख्न सकिन्छ । यो मन्दिरका ढोकाहरू पनि नेपाली काष्ठकलाको अध्ययनको लागि महत्वपूर्ण मानिन्छ । आयताकार स्वरूपमा बनेको ढोकाको मध्य भागमा ढोको खापा साधा खाले छ (चित्रफलक नं. १२) । ढोकाको मध्य भागदेखि मात्र खापा लगाइएको छ । तल्लो भाग जालीदार छ । ढोकाको दायाँको फ्रेमहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । यी फ्रेमहरूमा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । ढोकाको माथिल्लो भागको फ्रेममा छाना आकृतिहरू पाइएको छ । फ्रेमको मध्य भागमा सानो देवताको मूर्ति कुँदिएको छ । ढोकाको माथिल्लो भागमा अर्धगोलाकार तोरण छ । तोरणको मध्यभागमा शिवका मूर्तिहरू कुँदिएको छ । मूर्तिको साथ साथै गरुडको आकृति, सर्प आकृतिहरू र विभिन्न देवीदेवताका मूर्तिहरू कुँदिएका छन् । मूलढोकाको दायाँबायाँ मूल ढोकाकै स्वरूपका ढोकाहरू छन् । यी ढोकाहरूको माथिल्लो भागमा (Trefoil) को स्परूप बनाइएको छ । तल्लो आधा भागमा जालीदार आकृतिहरू बनाइएको छ । दुवै ढोकाको (Trefoil) आकृतिको दायाँबायाँ विभिन्न किसिम, रुखका लहरा, फूल र उडिरहेका देव आकृतिहरू कुँदिएको छ । दुवै ढोकाको (Trefoil) को माथिल्लो भागमा ५-५ वटा आकृतिहरू बनाइएको छ र दुवै ढोकाको दायाँबायाँको फ्रेममा विभिन्न किसिमका आकृतिहरू कुँदिएको छ । दुवै ढोकाको दायाँबायाँ फ्रेमको मध्य भागमा २-२ वटा सानासाना मूर्तिहरू बनाइएको छ । पूरै ढोकाको माथिल्लो भागको कप्पु (Lintel) भागमा १-१ वटा देवताको मूर्ति कुँदिएको छ भने कप्पु (Lintel) मा अष्ठमङ्गलका आकृतिहरू कुँदिएका छन् । ढोकाका दुवैतिर पखेटायुक्त (Wings) हरू बनाइएका छन् जसमा विभिन्न देवीदेवताका मूर्तिहरू कुँदिएका छन् । यो ढोकाको समय १७औं १८औं शताब्दी मान्न सकिन्छ ।

## न्यातपोल मन्दिरको ढोका

भक्तपुरका महत्त्वपूर्ण मन्दिरहरूमध्ये एक हो । यो मन्दिरको निर्माण भक्तपुर राज्यका प्रसिद्ध राजा भूपतीन्द्र मल्लले बनाउन लगाएका हुन् । नेपाली शैलीको यो मन्दिर शाक्तधर्मसँग सम्बन्धित छ । यो मन्दिर विशेष गरी काष्ठकलाको लागि प्रसिद्ध छ । यस मन्दिरमा भएका ढोकाहरूमा पनि सूक्ष्म कलाकारिता देख्न सकिन्छ । न्यातपोल मन्दिरको चारै दिशामा ढोकाहरू छन् । न्यातपोल मन्दिरको यो ढोका आयताकार स्वरूपमा बनेको छ (चित्रफलक नं. १३) । ढोकाको खापा पनि अलंकृत छ । खापाहरूको मध्य भागमा प्रयोगमा नआउने (False) झ्याल

आकृतिहरू बनाइएका छन् । झ्याल आकृतिहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । खापाको मध्य भागमा ठाडो चौकोस (Vertical frame) मा अलंकृत डिजाइनहरू बनाइएको छ । ढोकाको दायाँबायाँको फ्रेममा अति सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । दायाँको फ्रेमको मध्य भागमा र अन्तिम भागमा सानासाना मूर्तिहरू बनाइएका छन् । माथिल्लो भागको फ्रेमको मध्य भागमा तीनवटा देवताहरूको सानासाना मूर्तिहरू बनाइएका छन् । दायाँबायाँको फ्रेमको दायाँबायाँ स्तम्भयुक्त स्वरूपहरू बनाइएका छन् । यी स्तम्भहरू तीनवटा महत्त्वपूर्ण भागहरू देखिन्छन् । जसमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । ढोकाको फ्रेमको सबैभन्दा माथिल्लो भागमा छाना आकृति बनाउन खोजिएको छ जसमा धेरै प्वालहरू देखिन्छन् । फ्रेमको मध्य भागमा देवलको सानो मूर्ति बनाइएको छ । यस फ्रेमको दुवै किनारमा पनि सूक्ष्म कलाकारिता देख्न सकिन्छ । ढोकाको माथिल्लो भागमा अर्धगोलाकार तोरण छ । तोरणको मध्यभागमा महिषासुरमर्दिनीको मूर्ति छ । मूर्तिको वरिपरि गरुड, सर्प आकृतिहरू मकराकृतिहरू र रुखका लहराहरूको आकृतिहरू अति सूक्ष्म तवरबाट कुँदिएको छ । ढोकाको कप्पु (Lintel) भागमा पनि विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । यो ढोकाको समय १८औं शताब्दी हो ।

## चाँगुनारायण मन्दिरको ढोका

भक्तपुरमा भएका महत्त्वपूर्ण नेपाली शैलीमा मन्दिरहरूमध्ये चाँगुनारायण पनि एक हो । यो मन्दिरमा पनि काष्ठकलाका विविध स्वरूपहरू देख्न सकिन्छ । यस मन्दिरमा भएका काष्ठकलाका विविध स्वरूपहरूमध्ये ढोकाहरू पनि एक हो (चित्रफलक नं. १४) । यस मन्दिरको चारै दिशामा ढोकाहरू छन् । यी ढोकाहरूमा अति सूक्ष्म कलाकारिता देख्न सकिन्छ । चाँगुनारायणको यो ढोकाको स्वरूपलाई W.F. Korn ले D श्रेणीमा राखेका छन् । आयताकार फ्रेममा बनेको ढोकाको खापाहरू साधा छन् । ढोकाको दायाँबायाँ र माथिको फ्रेममा सानासाना बुट्टाहरू कुँदिएका छन् । दायाँबायाँ फ्रेमको तल्लो भागमा सानासाना २ वटा मूर्तिहरू छन् । माथिल्लो भागको फ्रेमको मध्य भागमा पनि देवताको मूर्ति बनाइएको छ । दायाँबायाँ भएको फ्रेमको सानासाना धातुका मूर्तिहरू बनाएर राखिएको छ । मूलढोकाको माथि अर्धगोलाकार तोरण छ । काठको तोरणलाई धातुबाट मोरिएको छ । तोरणको मध्यभागमा विष्णुको मूर्ति बनाइएको छ । तोरणको वरिपरि छ्यापू सर्प आकृतिहरू र मकराकृतिहरू बनाइएको छ । मूलढोकाको दायाँबायाँ पनि १-१ वटा ढोकाहरू छन् । यी ढोकाहरूको माथिल्लो भागमा (Trefoil) आकृतिहरू बनाइएको छ । दुवै ढोकाको (Trefoil) आकृतिको दायाँबायाँको भागमा १-१ वटा देवताहरूको मूर्ति बनाइनुका साथै रुखका लहराहरू र फूलका आकृतिहरू बनाइएको छ । दुवै ढोकाको (Trefoil) आकृतिको माथिल्लो फ्रेमको मध्य भागमा देवताको सानो मूर्ति बनाइएको छ । दुवै ढोकाको यसभन्दा माथिल्लो भागमा ५ वटा आकृतिहरू बनाइएका छन् । सम्भवतः यी ५ वटा आकृतिहरूले पञ्चदेव, र पञ्चतत्त्वको प्रतिनिधित्व गर्ने गर्दछन् । यो भन्दा माथिल्लो भागको फ्रेममा सानासाना बुट्टाहरू कुँदिएका छन् । दुवै ढोकाको दायाँबायाँको फ्रेममा

सानासाना बुट्टाहरू पनि कुँदिएका छन् । चौकोसमा सानो खापा बनाएर देवताका मूर्तिहरू पनि बनाइएका छन् । ढोकाको कप्पु (Lintel) भागमा विभिन्न किसिमका आकृतिहरू र मूर्तिहरू बनाइएका छन् । ढोकाको चौकोसको पखेटायुक्त (Wing) मा विभिन्न मूर्तिहरू र मकराकृतिहरू कुँदिएका छन् । साथै मूल फ्रेमको दायाँबायाँ प्रयोगमा नआउने (False) झ्यालहरू बनाएर देवताका मूर्तिहरू राखिएका छन् । ढोकाको फ्रेमको तल्लो भागको दायाँबायाँ खापा बनाएर देवताका मूर्तिहरू राखिएका छन् । यी खापाहरूमा विष्णुका अवतार मूर्तिहरू राखिएका छन् । यो ढोकाको समय १८औं शताब्दी मानिन्छ ।

## कुमारीघरको ढोका

काठमाडौंको कुमारीघर काठमाडौंका अन्तिम मल्ल राजा जयप्रकाश मल्लले बनाउन लगाएका हुन् । यो स्मारक अठारौं शताब्दीको अन्ततिरको एउटा महत्त्वपूर्ण स्मारक हो । जीवित कुमारीघर भनेर चिनिने यो स्मारक काष्ठकलाको लागि पनि प्रसिद्ध छ । यस स्मारकमा भएका काष्ठकलाका विभिन्न स्वरूपमा उत्कृष्ट काष्ठकलाकारिता देख्न सकिन्छ । यस स्मारकमा भएका ढोकाहरू पनि काष्ठकलाको लागि अति महत्त्वपूर्ण मानिन्छन् । कुमारीघरको यो ढोका आयताकार स्वरूपमा बनाइएको छ (चित्रफलक नं. १५) । ढोका प्रायः खुल्ला नै रहन्छ । ढोकाको दायाँबायाँको फ्रेम अति अलंकृत छ । यसमा सूक्ष्म र पूर्ण काष्ठकलाकारिता देख्न सकिन्छ । दायाँबायाँको फ्रेममा स्तम्भ स्वरूपका आकृतिहरू पनि बनाइएका छन् । स्तम्भ युक्त आकृतिमा तीनवटा महत्त्वपूर्ण भागहरू देखिन्छन् । जसमा भिन्न भिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । दायाँबायाँको फ्रेमको तल्लो भागमा देवताका सानासाना मूर्तिहरू बनाइएका छन् । फ्रेमको माथिल्लो बीचमा सानो मूर्ति बनाइएको छ । दायाँबायाँको फ्रेमहरू मध्ये सानो फ्रेममा नरमुण्डहरू पनि बनाइएको छ । यसबाट यस मन्दिरमा तन्त्रको प्रभाव पनि परेको स्पष्ट हुन्छ । ढोकाको सबैभन्दा माथिल्लो भागमा अर्धगोलाकार तोरण छ । तोरणको मध्य भागमा महिषमर्दिनीको मूर्ति छ । महिषासुरमर्दिनीको मूर्तिको वरिपरि विभिन्न देवीदेवता, सर्प आकृति, मकराकृतिहरू बनाइएका छन् । यस ढोकामा अठारौं शताब्दीको अन्तिम समयको काष्ठकलाको झलक पाइन्छ । ढोकाको कप्पु (Lintel) भागमा पनि विभिन्न मूर्ति र आकृतिहरू कुँदिएका छन् ।

## कुमारीघरको ढोका

कुमारीको यो अर्को महत्त्वपूर्ण ढोका हो (चित्रफलक नं. १६) । आयताकार स्वरूपमा बनेको ढोकाको खापा साधारण खाले छ र जीर्ण अवस्थामा पनि छ । खापाको दायाँबायाँको फ्रेममा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । तल्लो भागमा विभिन्न किसिमका देवीदेवताका सानासाना मूर्तिहरू बनाइएका छन् । फ्रेमका दुवै किनारमा सानासाना बुट्टाहरू कुँदिएका छन् । ढोकाको खापाको माथिललो भागको फ्रेममा ५ वटा भिन्न भिन्नै आकृतिहरू बनाइएका छन् । यसभन्दा माथिको भागको फ्रेमको मध्य भागमा देवीको सानो मूर्ति कुँदिएको छ र यस फ्रेममा सानासाना बुट्टाहरू कुँदिएका छन् । यस फ्रेमको दायाँबायाँ भएको कप्पु (Lintel) भागमा ड्रागनका चित्रहरू बनाइएका छन् र रुखका लहराहरू बनाइएका छन् । ढोकाको माथिल्लो भागमा अर्धगोलाकार तोरण बनाइएको छ । तोरणको मध्यभागमा महिषमर्दनीको मूर्ति बनाइएको छ । मूर्तिको वरिपरि विभिन्न देवी देवताहरू, गरुड आकृति, सर्प आकृति, मकराकृति रुखका लहराहरू फूलहरू सर्पका फणाहरू बनाइएको छ । यो ढोका पनि १८ शताब्दीको अन्ततिरको हो ।

## ढोकाका पखेटाहरू (Door wings)

काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा भएका मध्यकालीन ढोकाहरूको फ्रेमको दायाँबायाँ राखिने पखेटास्वरूपका ढोका **(Door wings)** हरू पनि नेपाली काष्ठकलाको आफ्नै मौलिक विशेषता हो । यी Wings हरूको एकातिर वैज्ञानिक महत्व देखिन्छ भने अर्कोतिर यसको विशेष धार्मिक र सांस्कृतिक महत्त्व पनि रहेको पाइन्छ । यी Wings हरूले एकातिर ढोकालाई भित्तामा जडान गर्नको लागि महत्त्वपूर्ण बलको काम गर्दछन् भने अर्कोतिर ढोकाको भारलाई सन्तुलन गर्न पनि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । हिन्दू वास्तुशास्त्रमा ढोकाको ठूलो महत्त्व रहेको पाइन्छ । हिन्दू धर्म अनुसार घरको ढोकालाई नै घरको मुटु मान्ने चलन छ । ढोकाका विभिन्न भागहरूमा देवताको बास हुन्छ र ढोकाका देवताले सम्पूर्ण घरको रक्षा गर्दछन् । त्यसकारण घरमा कुनै कार्य गर्नु पूर्व ढोकाको पूजा गर्ने चलन छ । साथै ढोका २ वटा खापाहरूलाई आँखाको प्रतीकको रूपमा पनि लिने चलन छ । काठमाडौं उपत्यकाका कुनै कुनै ढोकाका खापाहरूमा आँखा कुँदिदिने चलन पनि रहेको पाइन्छ । जसले माथिको तथ्यलाई प्रमाणित गर्दछ । कुनै शुभकार्य गरेर गृहप्रवेश गर्दा, नयाँ घरमा प्रवेश गर्दा सर्वप्रथम प्रवेशद्वारको पूजा गरी गृहप्रवेश गरिन्छ । यो पनि ढोकालाई देवता मान्ने प्रमुख आधार हो । नेपालका पहाडी जिल्लाहरू आज पनि तिहारको अवसरमा वा दशैंको अवसरमा ढोकाको विशेष पूजा गर्ने चलन रहेको छ । विशेष गरी दशैंको बेला टीका चढाउने क्रममा घरको ढोकाको फ्रेमको माथिल्लो भागमा गोवर टाँसेर त्यसमा दुवो, जमरा, अक्षता लगाई दिने चलन छ । यी विविध कारणबाट पनि ढोकाको धार्मिक महत्व रहेको छ । काठमाडौं उपत्यकाका परम्परागत

घरहरूमा आज पनि बिहानै उठी सरसफाई गरी भित्रको पूजा कार्य समाप्त गरिसकेपछि ढोकाको पूजा गर्ने चलन छ । यी विविध आधारहरूबाट ढोकामा देवताको निवास हुन्छ भन्ने मान्यता हिन्दू समाजमा प्राचीनकालदेखि नै प्रचलित रहेको स्पष्ट हुन्छ । यसरी ढोकालाई देव स्वरूप मानिने हुनाले ढोकाको माथिल्लो भागमा मुकुट स्वरूप तोरण राखिनु र ढोकामा विभिन्न संरक्षक देवताको मूर्ति कुँदिनु र अष्ठमण्डलका चिन्हहरू कुँदिनुबाट पनि स्पष्ट हुन्छ । त्यसकारण धार्मिक परम्पराअनुसार सम्भवतः ढोकाको फ्रेमको दायाँबायाँ राखिएका Wings हरू देवताको अडाउन सक्ने क्षमताको प्रतिकात्मक प्रस्तुति हो । किनभने सम्पूर्ण घरको मुटु ढोकाका देवता उड्न पनि सक्छन् भन्ने जनसोचाइको प्रस्फुटन नै यी Wings हरू हुन् । यस्ता Wings हरू काठमाडौ. उपत्यकाका धेरै ढोकाहरूमा पाइन्छन् । साथै झ्यालहरूमा यस्तो किसिमको स्वरूप देखिन्छ । तल केही महत्त्वपूर्ण ढोकाका Wings हरूको विस्तृत रूपमा चर्चा गरिन्छ । जसबाट यसको महत्वबारे अझ स्पष्ट हुन सक्छ ।

### (१) इन्द्रेश्वरको ढोकाको पखेटायुक्त स्वरूप (Wings)

इन्द्रेश्वर महादेव मन्दिरको ढोकामा भएको यो Wing काष्ठकलाको दृष्टिकोणले अति महत्वपूर्ण मानिन्छ । ढोका कप्पु (Lintel) भाग र फ्रेमसँग जोडिएको यो Wing मा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् (चित्रफलक नं. १७) । यस Wing मा सालभन्जिका मूर्ति, मकराकृतिहरू, सर्प आकृतिहरू, रुखका लहरा र पातहरू कुँदिएको छ । Wing को माथिल्लो भागको कुनामा सूर्यको मूर्ति बनाइएको छ । कमलासनमा भएको सूर्यले हातहरूमा सूर्यमुखी पुष्प समातेका छन् । सूर्यको वरिपरिको ५ वटा अलग अलग देवीदेवताका मूर्तिहरू बनाइएको छ । साथै प्रत्येक मूर्तिको वरिपरि रुखका लहराहरू फूलहरूको आकृति कुँदिएको छ । यस Wing मा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । यसको समय १३औं शताब्दी मानिन्छ ।

### (२) भक्तपुरको शिव मन्दिरका (Door wings)

भक्तपुरको शिव मन्दिरमा भएका Wing हरूमा पनि प्रशस्त मात्रामा काष्ठकलाकारिता देख्न सकिन्छ । तल यस मन्दिरमा भएका केही Wing को विस्तारमा चर्चा गरिन्छ ।

(क) ढोका फ्रेमको दायाँबायाँ र कप्पु (Lintel) सँग जोडिएको यो फ्रेमको माथिल्लो भागको बायाँ कुनामा आसन मुद्रामा भएको शिवको मूर्ति बनाइएको छ (चित्रफलक नं. १८) । मूर्तिका चारवटा हातहरू देखिन्छन् । मूर्तिको पछाडिको फ्रेममा सानासाना अलंकृत बुट्टाहरू कुँदिएका छन् । मूर्तिको दायाँबायाँ रुखका आकृतिहरू बनाइएका छन् । मूर्तिको दायाँबायाँ र तल्लो भागमा सालभन्जिका मूर्ति छ । तल्लो भागमा ठूलो मकराकृति बनाइएको छ । मकराकृतिको तल्लो भागमा विभिन्न किसिमका डिजाइनहरू बनाइएको छ । सालभन्जिकाको शिरमाथि रुखका लहराहरू बनाइएको यस (Wing) मा पनि उत्कृष्ट काष्ठकलाकारिता देख्न सकिन्छ । यस (Wing) मा काठलाई विभिन्न स्वरूपमा

प्रस्तुत गरिएको छ । (Wing) ले आकाश, पातल र पृथ्वीको प्रतिनिधित्व गरेको छ । यो (Wing) को समय १४औं १५औं शताब्दी मानिन्छ ।

(ख) भक्तपुरको शिव मन्दिरमा भएको यो अर्को महत्त्वपूर्ण (Wing) हो । यस Wing को माथिल्लो कुनामा भैरवको शिर छ (चित्रफलक नं. १९) । भैरव शिरको वरिपरि रुखका आकृतिहरू बनाइएको छ । साथै विभिन्न फूलका आकृतिहरू बनाइएका छन् । Wing को अरु भागमा सालभन्जिका नारीको मूर्ति छ । मूर्तिको माथि रुखको आकृतिहरू बनाइएको छ । यस मूर्तिको तल्लो भागमा मकराकृति छ । मकराकृतिको तलतिरको भागमा रुखका लहराहरू बनाइएका छन् । यस Wing मा पनि सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ ।

(ग) शिव मन्दिरको यो अर्को महत्त्वपूर्ण Wing हो । यसमा माथितिर कुनामा भैरवको मूर्ति बनाइएको छ (चित्रफलक नं. २०) । वरिपरिको मूलाको बोट र मूलाका पातहरू बनाइएका छन् । तल्लो भागमा सालभन्जिकाको मूर्ति छ । मूर्ति अलंकृत छ । माथिल्लो भागमा रुखका लहराहरू बनाइएको छ । सालभन्जिका मूर्तिको तल्लो भागमा मकराकृति बनाइएको छ । मकरको वरिपरि रुखका लहराहरू बनाइएको छ । मकराकृतिको बायाँतिर मिथुन मुद्रामा भएका युगल जोडीहरू छन् । तर यो भाग केही मात्रामा जीर्ण भैसकेको छ । यसको समय १४औं १५औं शताब्दी मानिन्छ ।

(घ) शिव मन्दिरमा भएको यस (Wing) को माथिल्लो भागको कुनामा कप्पु (Lintel) को ठीक तल कमलको आसन माथि चार हातयुक्त अति डरलाग्दो स्वरूपमा बनाइएको चामुण्डाको मूर्ति छ (चित्रफलक नं. २१) । मूर्तिले मुण्डमाला लगाएको छ । मूर्तिको दायाँबायाँ रुखका आकृतिहरू बनाइएको छ । मूर्तिको बायाँतिर तल्लो भागमा सालभन्जिकाको मूर्ति छ । यस मूर्तिले रत्नहरू धाराबाट खनाउन लागेको देखाइएको छ । मूर्तिको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्तिको शिरमाथि रुखको आकृति र पातहरूको आकृति कुँदिएको छ । रुखका पातहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । मूर्तिको तल्लो भागमा मुख खोली राखेको मकरको मूर्ति छ । उक्त मकरको मूर्तिको मुखमा सालभन्जिका नारी मूर्तिले खुट्टा टेकेको छ । मकरको मूर्तिको तल्लो भागमा फूलका चक्राकार आकृतिहरू बनाइएका छन् । मकरको बायाँतिरको सानो भागमा नमस्कार मुदामा नारीको मूर्ति छ । यो मूर्तिका दायाँबायाँ फूलका आकृतिहरू बनाइएका छन् । यो Wing को समय पनि १४औं १५औं शताब्दी मानिन्छ ।

(ङ) शिवमन्दिरमा रहेको यो Wing को माथिल्लो भागको दायाँ कुनामा साँढेमाथि शिव आसन मुद्रामा छन् (चित्रफलक नं. २२) । शिवका चार हातहरू छन् । चार हातहरूमा

विभिन्न किसिमका आयुधहरू लिएका छन् । शिरको पछाडि प्रभामण्डल छ । मूर्तिको पछाडिपट्टिको फ्रेममा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । मूर्तिको दायाँबायाँ विभिन्न फूलका आकृतिहरू बनाइएका छन् । मूर्तिको दायाँतिर सालभन्जिका नारीको मूर्ति छ । मूर्तिको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्तिको एउटा हातमा कलश छ भने अर्को हातमा दर्पण छ । मूर्तिको माथिल्लो भागमा रुखको आकृति बनाइएको छ । तल्लो भागमा मकरको मूर्ति छ । मकरको मुख खुल्ला छ । मुखमा सालभन्जिका नारीको मूर्तिले खुट्टा टेकेको छ । तल्लो भागमा मकरको पुच्छरमा विभिन्न किसिमका आकृतिहरू कुँदिएको छ । पुच्छरमा कुँदिएका बुट्टाहरू अति अलंकृत छन् । मकर मूर्तिको मुखको दायाँतिर आसन मुद्रामा ऋषिको मूर्ति छ । मूर्तिको वरिपरि जंगलको स्वरूप बनाइएको छ । शिवको मूर्तिको तल्लो भाग पछि जोडिएको देखिन्छ । तलका सम्पूर्ण Wing एउटै समयमा बनेको होइन । शिवको मूर्तिको भाग १४औं १५औं शताब्दीको हो भने तल्लो भाग जीर्ण भएकोले १८औं १९औं शताब्दीमा जोडिएको भाग हो ।

## पूजारीमठका पखेटायुक्त स्वरूपहरू

पूजारीमठका ढोकाहरूमा प्रशस्त मात्रामा Wing हरू बनाइएको पाइन्छ । तल केही महत्त्वपूर्ण Wing हरूको चर्चा गरिन्छ ।

(क) पूजारीमठमा भएको ढोकाको Wing को सबैभन्दा माथिल्लो भागको कुनामा कमलासनमा भएका विष्णुका चारहातहरू छन् (चित्रफलक नं. २३) । चार हातहरूमा क्रमशः शंख, चक्र, गदा, पद्म लिएका छन् । घाँटीमा लामो मालाको साथै प्रशस्त मात्रामा गरगहनाहरू लगाइएका छन् । मूर्तिको वरिपरि विभिन्न किसिमका बुट्टाहरू बनाइएको छ । विष्णुको मूर्तिको दायाँतिर तल्लो भागमा देवताको मूर्ति छ । देवताका चार हातहरू छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरको माथिल्लो भागमा रुखका लहराहरू बनाइएको छ । तल्लो भागमा मकरको मूर्ति बनाइएको छ । मकरको मुखमा देवताका खुट्टाहरू राखिएका छन् । मकरलाई बडो अलंकृत तरिकाबाट प्रस्तुत गरिएको छ । मकरको तल्लो भागको सानो भागमा पनि विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । यो Wing को समय १७औं शताब्दी मान्न सकिन्छ ।

(ख) पूजारीमठमा भएको ढोकाको यो अर्को महत्त्वपूर्ण Wing हो । यस Wing को माथिल्लो भागको दायाँ भागमा कमलासनमा भएका विष्णुको मूर्ति बनाइएको छ (चित्रफलक नं. २४) । विष्णुका चारहातहरू छन् । चारवटा हातहरूमा क्रमशः शंख, चक्र, गदा, पद्म लिएका छन् । घाँटीमा लामो भालाको साथै अरु पनि प्रशस्त मात्रामा गरगहनाहरू

लगाइएका छन् । मूर्तिको शिरको पछाडि अलंकृत प्रभामण्डल छ । विष्णुको मूर्तिको बायाँतिर चारहातयुक्त विष्णु झैं मूर्ति छ । मूर्तिको माथिल्लो भागमा रुखका लहराहरू र रुखहरू बनाइएका छन् । मूर्तिका खुट्टाहरू मकरको मूर्तिको खुल्ला मुखमा देखिएका छन् । मकरले कमलको आसनमा टेकेको छ । सम्पूर्ण Wing मा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । यो Wing को समय पनि १७औं शताब्दी हो ।

## पाटनको मूलचोकमा भएका ढोकाको Wing

पाटनको मूलचोक पनि काष्ठकलाको लागि प्रसिद्ध छ । यहाँ भएका झ्याल, ढोका, मूर्तिहरू काष्ठकलाका अति महत्वपूर्ण नमुनाहरू मानिन्छ । यस चोकमा भएका केही (Wing) हरूको तल चर्चा गरिन्छ ।

### पाटनको मूलचोकको ढोकाको चौकोस

माथिल्लो भागको बायाँ कुनामा रुखको डालीमाथि बसेको चराको मूर्ति बनाइएको छ ( चित्रफलक नं. २५) । चराको दायाँ भाग तल्लो हातमा तरवार र ढाल लिएको स्थानक मुद्रामा भएको भैरवको मूर्ति छ । भैरवको मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । माथिल्लो भागमा रुखका पातहरू बनाइएको छ । यस मूर्तिको तल्लो भाग साधा छ । यसको समय १७औं शताब्दी मानिन्छ ।

### बालकुमारी पाटीको चौकोस

कुम्भेश्वर महादेव मन्दिरमा भएको ढोकामा भएको यस (Wing) को माथिल्लो भागमा बायाँतिर कमलको आसनमाथि १२ हात र तीन शिरयुक्त देवीको मूर्ति छ (चित्रफलक नं. २६) । मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्तिको बायाँतिर स्थानक मुद्रामा उभिएको मुण्डमाला लगाएको चार हात भैरवको मूर्ति कुँदिएको छ । मूर्तिको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्तिको माथिल्लो भागमा रुखका लहराहरू कुँदिएका छन् । तल्लो भागमा मकरको मूर्ति कमलको आसनमाथि बनाइएको छ । मूर्तिका खुट्टाहरू मकरको खुल्ला मुखमाथि छ । मकर मूर्तिको पुच्छर अति अलंकृत स्वरूपमा बनाइएको छ । मकरको बायाँतिर सानो शयन मुद्रामा भएको नारी मूर्ति बनाइएको छ । यस (Wing) लाई पनि १७औं १८औं शताब्दीको मानिन्छ । यो (Wing) कुम्भेश्वरको बालकुमार पाटीको ढोकामा रहेको छ ।

### कुम्भेश्वर मन्दिरको Wing

कुम्भेश्वरमा भएको ढोकाको यो अर्को महत्त्वपूर्ण (Wing) हो (चित्रफलक नं. २७) । यस (Wing) को माथिल्लो भागको बायाँ भागमा कमलासन भएकी देवीका ६ वटा हातहरू छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । वरिपरिको फ्रेममा प्रशस्त मात्रामा

काष्ठकलाकारिता देख्न सकिन्छ । मूर्तिको दायाँतिर स्थानक मुद्रामा भएकी चारवटा हातयुक्त मुण्डमाला लगाएकी देवीको मूर्ति छ । मूर्तिको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्तिले तल्लो भागमा भएको मकरको मूर्तिको खुल्ला मुखमा टेकेको छ । मकरको पुच्छर अति अलंकृत रूपमा देखाइएको छ । मकरको दायाँतिर सानो शयन मुद्रामा रहेको नारीको मूर्ति छ । यस (Wing) को समय १७औं १८औं शताब्दी मान्न सकिन्छ ।

**भक्तपुरको न्यातपोल मन्दिरमा भएका Wing हरू**

भक्तपुरको न्यातपोल मन्दिर काष्ठकलाको लागि प्रसिद्ध छ । यो मन्दिरमा काष्ठकलाका विभिन्न स्वरूपहरू देख्न सकिन्छ । यस मन्दिरमा भएका ढोकाका Wing पनि काष्ठकलाको लागि अति महत्त्वपूर्ण मानिन्छन् । तल केही महत्त्वपूर्ण Wing हरूको वर्ण गरिन्छ ।

(क) यस (Wing) को माथिल्लो भागको बायाँतिर कमलासन भएको देवीको मूर्ति छ (चित्रफलक नं. २८) । मूर्तिका धेरै भागहरू जीर्ण भैसकेका छन् । मूर्तिको वरिपरिको फ्रेममा अलंकृत बुट्टाहरू कुँदिएका छन् । मूर्तिको दायाँतिर राक्षसलाई मार्न लागि राखेको चारहातयुक्त देवीको मूर्ति छ । मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरको पछाडि प्रभामण्डल छ । राक्षसको तल्लो भागमा मकरको मूर्ति बनाइएको छ । मकरको मुख खुल्ला छ । मकरको दायाँतिर सर्प आकृति बनाइएको छ । मकर कमलको आसनमाथि उभिएको छ । मकरको पुच्छर अति अलंकृत छ । मकरको तल्लोभागमा कमलको फूलको डाँठ र लहराहरू बनाइएका छन् । जसमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । यो Wing को १८औं शताब्दीको हो ।

(ख) न्यातपोलको ढोकामा भएको यो अर्को महत्त्वपूर्ण Wing हो । Wing को माथिल्लो कुनामा बायाँतिर कमलासनमा चामुण्डाको मूर्ति छ (चित्रफलक नं. २९) । मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्ति पछाडिको फ्रेममा अलंकृत बुट्टाहरू छन् । यस मूर्तिको बायाँतिर राक्षसलाई मार्न लागि राखेकी देवीको मूर्ति छ । देवीका चारवटा हातहरू छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मुकुट अलंकृत छ । शिर पछाडि प्रभामण्डल छ । देवीको शिरमाथि रुखका आकृतिहरू बनाइएका छन् । देवीको खुट्टानेर ढलेको राक्षसको मूर्ति छ । मूर्तिको तल्लो भागमा मकरको अलंकृत मूर्ति बनाइएको छ । मकरको मुख खुल्ला छ । मकर दायाँतिर नारी मूर्ति आसन मुद्रामा छ । मकरको पुच्छर पनि अति सूक्ष्म तरिकाबाट बनाइएको छ । मकर बायाँतिर सानो ड्रागनको आकृति बनाइएको छ । मकर कमलको आसनमाथि उभिएको छ । मकर उभिएको कमलको तल्लो भागमा पात र अलंकृत डाँठहरू बनाइएका छ । यो Wing पनि १८औं शताब्दीको हो ।

(ग) न्यातपोल मन्दिरमा भएको यो अर्को महत्वपूर्ण (Wing) हो । (Wing) को माथिल्लो भागमा दायाँतिर कमलको आसनमाथि बसेकी ४ हातयुक्त देवीको मूर्ति छ (चित्रफलक नं. ३०) । मूर्तिमा प्रशस्त आलङ्कारिता देख्न सकिन्छ । यसमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्तिको पछाडि तिरको फ्रेममा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । यस मूर्तिको बायाँतिर राक्षसलाई मार्न लागि राखेको देवीको मूर्ति छ । देवीका चारवटा हातहरू छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ । मूर्तिको शिरमाथि रुखका आकृतिहरू बनाइएका छन् । मूर्तिको तल्लो भागमा राक्षसको लडिराखेको मूर्ति छ । उक्त मूर्ति जीर्ण अवस्थामा छ । राक्षसको मूर्तिको तल कमलको आसनमाथि उडिएको मकरको मूर्ति छ । मकरको मूर्तिमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । मकरको मूर्तिको दायाँपट्टि नारीको मूर्ति छ भने बायाँतिर ड्रागनको मूर्ति बनाइएको छ । मकरको तल्लो भागमा कमलका फूलका लहराहरू र पात बनाइएको छ । यस (Wing) को समय पनि १८औं शताब्दी हो ।

**चाँगुनारायणस्थित (Wing) हरू**

नेपालका प्रसिद्ध मन्दिरमध्ये चाँगुनारायण पनि एक हो । यस मन्दिरमा पनि काष्ठका विभिन्न नमुनाहरू देख्न सकिन्छ । तल केही Wing हरूको चर्चा गरिएको छ ।

(क) चाँगुनारायण मन्दिरको ढोकामा भएको यो Wing को माथिल्लो भागको कुनामा कमलासनमा चार हातयुक्त देवीको मूर्ति छ (चित्रफलक नं. ३१) । मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्तिमा सेतो रंग लगाइएको छ । मुर्तिको दायाँबायाँ रुखका लहराहरू बनाइएको छ । मूर्तिको दायाँतिर चार हातयुक्त विष्णुको मूर्ति छ । विष्णुको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । विष्णुको शिरमाथि रुखका आकृतिहरू बनाइएका छन् । विष्णु मकरको खुल्ला मुखमा टेकेका छन् । मकरको आकृति अति सूक्ष्म रूपमा प्रस्तुत गरिएको छ । विशेषगरी मकरको पुच्छर बढी अलंकृत रूपमा प्रस्तुत गरिएको छ । मकरको तल्लो भागमा सानासाना आकृतिहरूको साथै मूर्तिहरू पनि बनाइएको छ । यस (Wing) मा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । यसको समय १८औं शताब्दी हो ।

(ख) चाँगुनारायण मन्दिरमा भएको Wing को माथिल्लो भागको कुनामा कमलासनमा भएको देवीको मूर्ति छ (चित्रफलक नं. ३२) । मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्तिमा सेतो रंगको प्रयोग भएको पाइन्छ । मूर्तिको दायाँतिर स्थानक मुद्रामा कुवेरको मूर्ति बनाइएको छ । मूर्तिका २ वटा हातहरू छन् । मूर्तिको शरीरमा प्रशस्त गरगहनाहरू बनाइएका छन् । मूर्तिले मकरको मूर्तिको खुल्ला मुखमा टेकेको

छ । मकरलाई अलंकृत रूपमा प्रस्तुत गरिएका छन् । मकरको वरिपरि विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । यो Wing को समय पनि १८औं शताब्दी हो ।

यसरी ढोकाका Wing हरू पनि काष्ठकलाका महत्वपूर्ण पक्ष देखिन्छन् । यी Wing हरूको गहिरिएर अध्ययन गर्दा यी Wing हरूमा तीनलोकको धारणलाई समेटेको पाइन्छ । माथितिर कुनामा कुँदेको मूर्तिले स्वर्ण अर्थात आकाशको प्रतिनिधित्व गरेको अनुमान हुन्छ भने यसभन्दा तलतिरको मूर्तिले पृथ्वीको प्रतिनिधित्व गरेको पाइन्छ भने तलतिरको भागमा भएको मकर र कमलको फूलले पातालको प्रतिनिधित्व गरेको पाइन्छ । साथै यसले ध्यान, क्षेत्र, कर्मक्षेत्र र जीवक्षेत्रको प्रतिनिधित्व गरेको पाइन्छ । यस्ता Wing हरूमा विशेषगरी जुन देवताको मन्दिर हो ती देवतासँग सम्बन्धित घटनाहरूलाई यी Wing हरूमा प्रस्तुत पनि गर्न खोजेको पाइन्छ । अर्को कुरा तीनैलोकको प्रतिनिधित्व गर्न यस Wing ले तीनैलोकका प्राणीहरूलाई उडाइ रहन्छ भन्ने सारतत्त्वलाई पनि संकेत गरेको पाइन्छ ।

## तोरण

नेपाली काष्ठकलाका विविध स्वरूपहरूमध्ये तोरणहरू पनि एक हुन् । मन्दिरको, ढोकाको, झ्यालको कुनै ठाउँमा खम्बाहरूमाथि राएिका अर्धगोलाकार आकृतिलाई तोरण भनेर भनिन्छ । तोरणहरूको बारेमा विभिन्न विद्वान्हरूले आफ्नै किसिमको व्याख्या र वर्णन गरेका छन् ।

R.M. Bernier का अनुसार

A torana is a semicircular, flat object made of wood, wood plated with metal or metal alone. It usually leins forward from the temple at a slight angle over the entrace opening or over a window. At times the torana is mounted in a completely perpendicular position. In all cases it stand an auspicious object of great veneration, beauty and elaboration, signifying that the building upon which it is placed is a sanctuary for although non-religious structure may be decorated with various carved entrance ways and struts, they never have toranas mounted upon them.

As an architectural and decorative elements, the torana is rightly developed in Nepal. The torana is adoptable to an infinite number of designs and it is just as appropriate as a setting for images of Buddha as for Hindu deities. It often has a number of miniature deities in niches every spaced upon the torana background, but it may also be covered by an extremly complete conglomeration of nagas, river deities, animals, devotees, floral motifs etc. When carved in wood as a most torana are, the scenes are usually very brightly painted. Unless the figures are of deities, color symbolism is not as important here as on struts.

The common most torana image concern a fierce beast, similar to a leogrypt, which cluches two snakes in its claws. This beast, shown as the

> Kirti Mukha or "face of glory" usually clenches in its teeth the head of two snakes which appear to writhe away, as if attempting to escape. Since the head is placed at the center and highest part of the torana, with the snakes extending along the upper edge, an effection border is former for the entire compositon.[159]

यसरी Bernier ले तोरणमा भएका विविध पक्षको बारेमा विस्तृतरूपमा वर्णन गरेका छन् । साथै धार्मिक र सांस्कृतिक महत्वलाई प्रकाश पारेका छन् ।

त्यसैगरी S.B. Deo ले पनि तोरणहरूको बारेमा उल्लेख गर्नुभएको छ ।

> The decorative torana associated with pillared courtyards and doors. Beside, there the windows are also equipped with a variety of wooden torana. According to the Newari tradition the torana belong to three catagories:
>
> 1. Jhal torana: the torana above the window,
> 2. Dyo torana: Torana above the door of the strine chamber of a temple, and
> 3. Dalan Torana: Torana on the pillars[160]

यसरी S.B. Deo ले तोरणहरू राखिने ठाउँको आधारमा तोरणहरूको विभाजन गर्नुभएको छ । साथै वहाँले तोरणहरूको विवरण पनि दिनु भएको छः

> They are important from the point of view of iconography, and mythology as the generally depict a form of a deity enshrined in the temple or an associated deity connected with it.[161]

त्यसैगरी N.R. Banerjee ले तोरणहरूको बारेमा यस्तो वर्णन गर्नु भएको छ :

> The entrance proper is surmounted by a carved tympanum of wood or of gilt metal, in repouse with a conical crown of a row of umbrellas. The triangular tymphynum, called torana in local parlance, poised over the entrance door is the most unique contribution of Nepal, and consits of a complex of figure headed by a kirtimukha from whose mouth is such two serpents, with two floral blobs representing the sun and moon, on either side of the Kirtimukha. The central space is occupied by an iconographic representation of the deity enteded to be inshrined. The central figure is flanked and surrounded by other attendant figures. The torana itself, which is slightly cover in outline on its two sides, has of each of the corner bases a maker head. It symbolize the five basic elements.[162]

यसरी माथिका विद्वान्हरूद्वारा वर्णन गरिएका विभिन्न प्रसंगहरूबाट तोरणको विषयवस्तु र विभिन्न पक्षको बारेमा थाहा पाइन्छ । नेपाली काष्ठकलाको एउटा महत्त्वपूर्ण पक्ष

---

[159] R.M. Bernier, op. cit. footnote no. 2, p. 41.

[160] S.B. Deo, op. cit., footnote no. 5, pp. 36-37.

[161] *Ibid.*

[162] N.R. Banarjee, op. cit, footnote no. 1, p. 233.

मानिने तोरण नेपाली मौलिक कलाको रूपमा देखिन्छ । टुँडालले समाजको धार्मिक र सांस्कृतिक पक्ष सबैलाई समेटेको पाइन्छ । वास्तवमा मन्दिर कुन देवताको हो र मन्दिरको रहस्यमय पक्षको बारेमा तोरणबाट थाहा पाउन सकिन्छ । विशेषगरी भित्र कुन देवताको मूर्ति छ हेरेर स्पष्ट हुन्छ । किनभने तोरणभित्र भएको देवताको मूर्ति तोरणमा कुँदिएको छ । वास्तवमा ढोकामाथि तोरण मात्र कुन देवताको हो भनेर चिनाउन मात्र नेपालीहरूले तोरण ढोका झ्यालहरूमा र खम्बाका माथिल्लो भागमा राखेको होइन । यसमा धार्मिक पक्षले पनि स्थान पाएको देखिन्छ । नेपाली वास्तुकलामा ढोकालाई झ्याल र घरका ठूला ठूला खम्बाहरू देवताकै स्वरूपमा मान्ने र पुज्ने चलन रहेको छ । घरका कुनै पनि धार्मिक कार्य सम्पन्न गर्नु पर्दा ढोका, झ्याल र खम्बाहरूको पूजा अनिवार्य मानिन्छ । त्यसकार माथि उल्लेखित भागहरूलाई देवता मानिने हुनाले ढोका, झ्याल र खम्बाहरूको माथिल्लो भागमा देवताको मुकुटसरह तोरण राखिएको हुन सक्छ । ढोका स्वयं देवता हुने हुनाले ढोकाको माथिल्लो भागमा मुकुट आकारको तोरण राख्नु पनि स्वभाविक हो । साथै तोरण राखिनुको अर्को कारण मन्दिर पस्ने वित्तिक्कै भक्तहरूको ध्यान सर्वप्रथम देवतामाथि नै परोस् भन्ने ध्यानमा राखिएको कुरालाई पनि यहाँ नकार्न सकिंदैन । यसरी नेपाली कलाकारहरूले धार्मिक र सांस्कृतिक पक्षलाई ध्यानमा राखेर यस्ता तोरणहरू राखेको हुनुपर्छ । अर्को पक्षलाई पनि यहाँ बीचार गर्नुपर्ने कुरा छ । वास्तवमा तोरण भन्ने शब्दले नराम्रो शक्तिको प्रभावबाट बचाउन भनेर पनि नेपाली पहाडी समाजमा भन्ने गरिन्छ । विशेषगरी तिहारको बेला लामो डोरीमा विभिन्न किसिमका फूलहरू झुण्डाएर बाँध्ने चलन छ । यसो गरेमा डोरी बाँधेको क्षेत्रभरि नराम्रो शक्ति प्रवेश गर्न पाउँदैन र भूमि, पशु र मानव समेतको रक्षा हुन्छ भन्ने विश्वास छ । सम्भवतः ढोकामा देवता हुने हुनाले देवतालाई बाँध्न अर्थात् स्थिर राख्नको लागि पनि तोरणहरू बनाइएको हुन सक्छ ।

तोरणहरूको स्वरूपको कुरा गर्दा तोरणहरू विशेषगरी अर्धगोलाकार स्वरूपमा बनाइएका हुन्छन् । अर्धगोलाकार स्वरूपको मूलदेवताको मूर्ति हुन्छ भने तोरणको अन्य भागमा गरुड, छ्यपू, सर्प आकृतिहरू, मकराकृतिहरूको साथै रुखका लहराहरू पनि बनाइएका हुन्छन् र सबैभन्दा माथिल्लो भागमा छत्रावली बनाइएको हुन्छ । तोरणहरू विशेषगरी झ्याल, ढोका र खम्बाहरूको माथिल्लो भागमा हुन्छन् र आकारको कुरा गर्दा साना देखि ठूला ठूला तोरणहरू बनाइएको पाइन्छ ।

तोरणको ऐतिहासिक पक्षको कुरा गर्दा नेपालमा १४औं शताब्दीपछि मात्र पाइन्छ । त्यसभन्दा पूर्वका काष्ठकलाका नै नमुनाहरू कम पाइन्छन् । १४औं शताब्दीपछि देखि लिएर १८औं शताब्दीसम्म बनेका विभिन्न मन्दिरहरूमा तोरणहरू आज पनि देख्न सकिन्छ । तल केही महत्वपूर्ण तोरणहरूको वर्णन गरिन्छ ।

**(१) इन्द्रेश्वरको तोरण**

ढोकाहरूको फ्रेममाथि बनेको अर्धगोलाकार यस तोरणमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ (चित्रफलक नं. ३३) । तोरणको मध्यभागमा आलिढ मुद्रामा भएको १२ हातयुक्त शिवको भैरवको स्वरूपको मूर्ति छ । मूर्तिका तीनवटा शिरहरू छन् । घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको भैरव शिवको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । शिरमा अलंकृत मुकुट छ । मूर्तिको खुट्टानेर साँढेको मूर्ति छ । मूर्तिको पछाडितिरको फ्रेममा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । मूर्तिको दायाँबायाँ मुण्डमाला लगाएका भैरव आकृतिहरू आलिढ मुद्रमा छन् र यी मूर्तिहरूमा पनि प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मध्यभागको मूर्तिको ठीक माथि हाँसमा अमृतको कलश बोकेर उडिरहेको गरुडको मूर्ति छ । गरुडको दायाँबायाँ नाग पुरुष र कन्याका मूर्तिहरू छन् । मूर्तिहरूको एक एक खुट्टामा गरुडले टेकेको छ । नाग पुरुष र कन्याको शिरमाथि ५ वटा फणाहरूको आकृति बनाइएको छ । नागकन्या र पुरुषको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू छन् । नाग पुरुष र कन्याको पछाडि सर्पको मोटो शरीर पनि देखिन्छ । गरुडको माथिल्लो भागमा छत्रावली छ । नाग कन्या र पुरुषको दायाँबायाँको भागमा आसन मुद्रामा भएका मूर्तिहरू छन् । तोरणको किनारहरूमा विभिन्न रुखका लहराहरू पनि बनाइएका छन् । तोरणको तल्लो भागमा किनारनेर दायाँबायाँ ठूला ठूला मकराकृतिहरू बनाइएका छन् । मकरको माथिल्लो र दायाँबायाँको भागमा आसन मुद्रामा भएका मूर्तिहरू बनाइएका छन् । तोरणको दुवै किनारमा पानसका आकृतिहरू बनाइएका छन् । तल्लो भागको किनारहरूमा कमलका बुट्टाहरू बनाएका छन् । कलाकारिताको हिसाबले यो तोरण अति महत्वपूर्ण मानिन्छ । यस तोरणमा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । यस तोरणले १३औं १४औं शताब्दीतिर नै नेपाली कलामा तन्त्रको प्रभाव पर्न लागिसकेको कुरालाई संकेत पनि गर्छ । यस तोरणको समय १३औं १४औं शताब्दी मानिन्छ ।

### (२) इन्द्रेश्वरमा भएको तोरण

इन्द्रेश्वर महादेव मन्दिरमा भएको यो अर्को महत्वपूर्ण तोरण हो । यस तोरणको विषयवस्तु र अन्य सम्पूर्ण कुराहरू माथिको तोरणसँग मिल्दछ (चित्रफलक नं. ३४) । मात्र गरुडको दायाँबायाँ भएका नाग कन्या र पुरुषको स्वरूपमा फरक पाइन्छ । साथै नागकन्या र पुरुषको दायाँबायाँ मूर्तिहरूको पनि स्वरूपमा फरक छ । यसका साथै छत्रावलीको तल्लो भागमा यस तोरणमा मूर्ति छ भने माथिको तोरणमा यसको यस भागको मूर्ति जीर्ण भइ सकेको छ । साथै तोरणको बीच भागमा भएको मूर्तिको शिर एउटा मात्र छ । यो तोरण अलि पछि बनाई जोडेको देखिन्छ । यसको समय १५औं १६औं शताब्दी मान्न सकिन्छ ।

### (३) यक्षेश्वर महादेव मन्दिरको तोरण

यक्षेश्वर महादेव मन्दिरमा भएको यो तोरण अर्धगोलाकार स्वरूपमा बनेको छ ( चित्रफलक नं. ३५) । तोरणको मध्यभागमा सर्पमाथि आलिढ मुद्रामा भएको भैरवको चार हातहरू छन् । चारवटा हातहरूमा क्रमशः तरवार र ढाल छन् भने २ हातका आयुधहरू स्पष्ट छैनन् । भैरवले घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको छ । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू छन् । शिरमा अलंकृत जटा मुकुट छ । भैरवको पछाडितिरको फ्रेममा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । गणेश र कुमारको शरीरमा पनि प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । साथै दुवैका वाहनहरू पनि तल्लो भागमा देखिन्छन् । भैरवको मूर्ति गणेश र कुमारको मूर्ति वरिपरि अर्धगोलाकार आकृति बनाइएको छ । उक्त आकृतिमा सर्पहरूको स्वरूप बनाई माथिल्लो भागमा सातवटा सर्पको फणा बनाइएको छ । अर्धगोलाकार घेराको वरिपरि विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । मध्यभागको ठीकमाथि उडिराखेको गरूडको मूर्ति छ । गरूडको शिरमाथि सर्पको फणा छ । गरुडको मूर्तिको दायाँबायाँ नाग पुरुष र कन्याका मूर्तिहरू छन् । नागको गुजुल्टिएको शरीर यत्रतत्र देखिन्छ । तोरणको तल्लो भागको किनारमा दायाँबायाँ मकरका मूर्तिहरू छन् । यी मूर्ति पनि अति अलंकृत स्वरूपमा बनाइएका छन् । दुवै मकरको मूर्तिको माथितिर आसन मुद्रामा भएका सूर्य मूर्तिहरू छन् । सम्पूर्ण तोरणको किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । कलाकारिताको हिसाबले यो तोरण अति महत्त्वपूर्ण देखिन्छन् । गरुडको शिरमाथि सर्पको फणा देखाइनु पनि तोरणको विशेषता हो । सूक्ष्म काष्ठकलाकारिता देखिने यो तोरणको समय १४औं १५औं शताब्दी हो ।

### (४) पाटनको मूलचोकमा भएको तोरण

पाटनको मूलचोकस्थित तलेजु मन्दिरको ढोकामाथि भएको अर्को महत्त्वपूर्ण तोरण हो (चित्रफलक नं. ३६) । अर्धगोलाकार स्वरूपमा बनेको यस तोरणको मध्यभागमा १६ हातयुक्त दुर्गाको मूर्ति आलिढ मुद्रामा छ । खुट्टाहरू परस्पर सिंहमाथि छन् । हातहरूमा विभिन्न

किसिमका आयुधहरू छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ र घुँडासम्म झुण्डिएको माला छ । मूर्तिको पछाडिको फ्रेममा अति सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । मूर्तिको दायाँबायाँ नरसिंह र कुमारको मूर्ति आलिढ मुद्रामा छ । कुमार मयूर माथि देखिन्छन् भने नरसिंह नारीमाथि छन् । दुवै मूर्तिको पछाडितिरको फ्रेममा सानासाना अलंकृत बुट्टाहरू कुँदिएका छन् । तीनै मूर्तिहरूमा भएको माथिल्लो भागमा अर्धगोलाकार स्वरूप बनाई सानासाना बुट्टाहरू कुँदिएका छन् । रुख, लहराहरू र गरुडको धोती पनि झुण्डिएको देखाइएको छ । दुर्गाको मूर्तिको ठीक माथि उडिरहेको अवस्थामा गरुडको मूर्ति बनाइएको छ । गरुडका पखेटाहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । गरुडको दायाँबायाँ नागकन्या र पुरुषका मूर्तिहरू पनि उडिराखेको देखाइएको छ । दुवैको शिरमाथि ५ वटा शिरहरू भएको नागको फणा छ । दुवैका एक एक खुट्टाहरू गरुडले कुल्चेको छ । नागकन्या र पुरुषको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । नागकन्या र पुरुषको तल्लो भागमा आसन मुद्रामा मूर्तिहरू छन् । ती मूर्तिहरू जीर्ण अवस्थामा देखिन्छन् । गरुडभन्दा माथिको भाग पनि जीर्ण भइसकेको छ । तोरणका वरिपरिका किनारहरूमा अति अलंकृत तरिकाबाट रुखका पात र लहराहरूको आकृति बनाइएको छ । तल्लो भागको सम्पूर्ण किनारहरू कमलको स्वरूपमा बनाइएको छ । तोरणको तल्लो भागको २ किनारहरूमा मकरका मूर्तिहरू बनाइएका छन् । मकरको मुखबाट रत्नहरू झुण्डिराखेको देखाइएको छ र मकरको दायाँबायाँ पानस राखिएको छ । तर दायाँतिरको पानस जीर्ण भइ सकेको छ । यो तोरण काष्ठकलाको एउटा महत्त्वपूर्ण नमुना मान्न सकिन्छ । तर यसका केही भागहरू जीर्ण हुन थालेकोले तत्काल संरक्षणको आवश्यकता देखिन्छ । यसको समय १७औं शताब्दी हो यो तोरणको धेरै जसो पक्ष पनौतीको इन्द्रेश्वर महादेव मन्दिरमा भएको तोरणसँग मिल्छ । तर भक्तपुर शिवमन्दिरको तोरण यो तोरण भन्दा धेरै फरक छ ।

**(५) छुस्यावहालको तोरण**

छुस्यावाहालमा भएको यो तोरण काष्ठकलाको लागि अति महत्त्वपूर्ण मानिन्छ (चित्रफलक नं. ३७) । यस तोरणमा अति सूक्ष्मको साथै जटिल काष्ठकलाकारिता देख्न सकिन्छ । अर्धगोलाकार स्वरूपमा बनेको यो तोरणको मध्य भागमा लोकेश्वरको मूर्ति छ । लोकेश्वर आसन मुद्रामा कमलको फूलमा छ । मूर्तिका चार हातहरू छन् । चारहात मध्ये २ वटा हातहरू धर्मचक्र मुद्रामा छन् भने अरु २ हातमा क्रमशः अक्षयमाला र फूल छन् । मूर्तिमा कम गरगहनाहरू प्रयोग भएका छन् । शिरमा जटा मुकुट छ । शिरको पछाडि प्रभामण्डल छ । जसमा विभिन्न किसिमका आकृतहिरू कुँदिएका छन् । मूर्तिका दायाँबायाँ र तल्लो भागमा विभिन्न किसिमको मूर्तिहरू बनइएका छन् । मूर्तिको शिरको दायाँबायाँ सर्प आकृतिमा नागकन्या र पुरूषका मूर्तिहरू छन् । शिरमाथि उडिरहेको गरुडको मूर्ति छ । गरुडका पखेटाहरू अति सूक्ष्म तरिकाबाट बनाइएका छन् । गरुडका शिरमाथि छत्रावली छ । गरुडका

हातले सर्पको पुच्छरहरू समातेको छ । गरुडको दायाँबाया शिरनेर ड्रागनका मुखहरू छन् । गरुडको ठीकमाथि छ्येपौको मूर्ति छ । छ्येपौको मूर्तिले सर्पहरू खाइराखेको र समातेको देखाइएको छ । छ्येपौको माथिल्लो भागमा छत्रावली छ । तोरणका किनारहरमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । दुवै ड्रागनको मुखको तल्लो भागमा आसन मुद्रामा भएका ताराका मूर्तिहरू छन् । तोरणका किनारहरूमा विचित्र किसिमका पशु आकृतिहरू पनि बनाइएका छन् । तल्लो दुवै किनारमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । यो तोरणको समय पनि १७औं शताब्दी मानिन्छ ।

### (६) न्यातपोल मन्दिरको तोरण

न्यातपोल मन्दिरको ढोकामाथि भएको यो तोरण अर्धगोलाकार स्वरूपमा छ (चित्रफलक नं. ३८) । तोरणको मध्य भागमा १८ हातयुक्त महिषासूरमर्दिनी दुर्गाको मूर्ति छ । महिषासूरमर्दिनीले राक्षसलाई मार्न लागेको देखाइएको छ । तल्लो भागमा महिष राक्षस, महिष र सिंहको आकृति छ । देवीका केही हातहरू जीर्ण छन् । मूर्तिको शरीरमा प्रशस्त गरगहनाहरू छन् । शिरमा अलंकृत मुकुट छ । मूर्तिको पछाडिको फ्रेममा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । मूर्तिको दायाँबायाँ १८ हातयुक्त दुर्गाका मूर्तिहरू बनाइएका छन् । दुवैले महिषासूरलाई मार्न लागेको अवस्थामा छन् । दुवै मूर्तिको पछाडितिरको फ्रेममा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । तीनवटा मूर्तिको वरिपरि अर्धगोलाकार सर्प लहरायुक्त आकृति बनाइएको छ । बीचको मूर्तिको ठीकमाथि सातवटा सर्पका शिरहरूको फणा बनाइएको छ । सर्पको फणामाथि चार हातयुक्त उडिराखेको गरुडको मूर्ति बनाइएको छ । गरुडका पखेटाहरू जीर्ण भइसकेका छन् । गरुडको दायाँबायाँ तलतिर ३-३ वटा महिषासूरमर्दनीका मूर्तिहरू सूर्यविम्ब भित्र बनाइएका छन् । गरुडको माथि भैरवको आलिढ मुद्रमा भएको मूर्ति छ । यस माथि छत्रावली छ । तोरणका किनारहरूमा अग्निज्वालाका आकृतिहरू छन् भने तल्लो भागलाई कमलको फूलको स्वरूपमा बनाइएको छ । तोरणका तल्लो २ किनारमा मकरका मूर्तिहरू छन् । मकरको पुच्छर अति अलंकृत तरिकाबाट बनाइएको छ । मकरको मुखबाट पुरुष आकृति र रत्न निस्कि राखेको तोरणको अन्य विभिन्न भागमा ड्रागन, रुखका लहराहरू फूलहरू बनाइएका छन् । तोरणमा रंग लगाइएको छ । यो तोरण १८औं शताब्दीको हो ।

### (७) पाटनको हरिशंकर मन्दिरमा भएका खम्बा माथिका तोरणहरू

पाटनको हरिशंकर मन्दिरको उत्तरतिरको भागमा भएको खम्बाको मध्यभागमा भएको यो तोरण पनि अर्धगोलाकार स्वरूपमा बनाइएको छ (चित्रफलक नं. ३९) । बीचको मूर्ति स्पष्ट छैनन् । यस मूर्तिको माथिल्लो भागमा उडिराखेको गरुडको मूर्ति छ । गरुडको मूर्तिमाथि सानो आसन मुद्रामा भएको देवताको मूर्ति बनाइएको छ । यसमाथि छत्रावली छ । गरुडको मूर्तिको दायाँबायाँ नागकन्या र पुरुष्का मूर्तिहरू शिरमाथि फणा सहित छन् । साथै अन्य देवताका

मूर्तिहरू पनि नारी नागकन्या र पुरुषको दायाँबायाँ देखिन्छन् । तोरणको तल्लो भागको किनारहरू अलंकृत मकरका मूर्तिहरू बनाइएका छन् । यो तोरणमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । यस मन्दिरको उत्तरतिरको भागका खम्बाहरूको मध्यभागमा यस किसिमको तोरण राखिएका छ । यो तोरणको समय १७औं १८औं शताब्दी मानिन्छ ।

## (८) कुमारी घरको तोरण

कुमारीघरको ढोकामाथि भएको यो तोरण अर्धगोलाकार स्वरूपमा बनाइएको छ (चित्रफलक नं. ४०) । तोरणको मध्यभागमा अठार हातयुक्त महिषासूरमर्दिनीको मूर्ति छ । यसमा देवीले राक्षसलाई मार्न थालेको दृश्य तल्लो भागमा देखाइएको छ । साथै सिंहको मूर्ति पनि छ । देवीको शरीरमा प्रशस्त गरगहनाहरू छन् । शिरमा अलंकृत मुकुट छ । शिर पछाडि प्रभामण्डल छ । जसमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । मूर्तिको पछाडिपट्टिको फ्रेममा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । मूर्तिको दायाँबायाँ आलिढ मुद्रामा मुण्डमाला लगाएका भैरव मूर्तिहरू छन् । मूर्तिको शिरमाथि चारहात युक्त उडिरहेको गरुडको मूर्ति बनाइएको छ । गरुडले २ हातले अमृतघट समातेको छ । दायाँबायाँ नागपुरुष र कन्याका फणा सहितका मूर्तिहरू छन् । नागकन्या र पुरुषको दायाँबायाँ सूर्य विम्बभित्र हातमा नारी मूर्तिहरू आसन मुद्रामा छन् । गरुडको शिरमा सर्पहरूको फणाहरू छन् । सबैभन्दामाथि छत्रावली छ । तल्लो भागको किनारमा मकरका अति अलंकृत र सूक्ष्म कलाले भरिपूर्ण मूर्तिहरू बनाइएका छन् । तोरणको किनारहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । यो तोरण १८औं शताब्दीको हो ।

## (९) कुमारीघरको झ्यालमाथिको तोरण

कुमारीघरको भ्यालमा भएको यो तोरण अर्धगोलाकार स्वरूपमा बनेको छ (चित्रफलक नं. ४१) । तोरणको मध्यभागमा २० हातयुक्त महिषासूरमिर्दनीको मूर्ति छ । यस मूर्तिमा महिषासूरलाई मार्न लागेको दृश्य देखाइएको छ । शरीरमा प्रशस्त गरगहनाहरू छन् र हातमा विभिन्न किसिमका आयुधहरू छन् । मूर्तिको शिरमा मुकुट छ । मूर्ति पछाडिको फ्रेममा अति सूक्ष्म काष्ठकलाकारिता देखिन्छ । मूर्तिको दायाँबायाँ देवीका मूर्तिहरू छ । मूर्तिको माथिल्लो भागमा वरिपरि विभिन्न किसिमका देवताका शक्तिसहितका मूर्तिहरू सूर्य विम्बको आकृति भित्र राखिएका छन् । सबैभन्दा माथि छत्रावली छ । तोरणको किनारहरूमा विभिन्न सानासाना बुट्टाहरू छन् । तल्लो भागको किनारमा कमलको फूलको स्वरूप बनाइएको छ । तोरणको तल्लो भागको किनारमा मकरको मूर्ति बनाइएको छ । मकरको मूर्तिमा अति सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । साथै तोरणभरि नै रुखका लहरा र पातहरू पनि कुँदिएका छन् । भ्यालमाथिको यो एउटा महत्वपूर्ण तोरण मानिन्छ । यो तोरण पनि १८औं शताब्दीको हो ।

### (१०) राष्ट्रिय संग्रहालयको प्रदर्शनी कक्षको तोरण

राष्ट्रिय संग्रहालयको प्रदर्शनी कक्षमा भएको यो तोरण अर्धगोलाकार स्वरूपमा छ (चित्रफलक नं. ४२) । तोरणको मध्यभागमा २० हातहरू भएको महिषासूरमर्दिनीको मूर्ति छ । मूर्तिका हातमा विभिन्न किसिमका आयुधहरू छन् । मूर्तिमा महिषासूरलाई यस दृश्यमा देखाइएको छ । तल्लो भागमा सिंह, महिषासूर र भैंसीको मूर्ति छ । मूर्तिको शरीरमा प्रशस्त गरगहनाहरू छन् । मूर्तिको दायाँबायाँ महिषासूरमिर्दनीका मूर्तिहरू छन् । यी दुवै मूर्तिहरू बीचको मूर्तिका स्वरूपका छन् । तोरणको वरिपरि १६ वटा आसन मुद्रामा कमलको फूलमाथि भएका देवीहरूको मूर्ति छ । प्रत्येक मूर्तिमा सूक्ष्म काष्ठकलाकारिता गरिएको छ । तोरणको तल्लो भागको दायाँबायाँ किनारमा भैरवका मूर्तिहरू आलिढ मुद्रामा छन् । तोरणको वरिपरिको किनारमा विभिन्न किसिका बुट्टाहरू कुँदिएका छन् । काष्ठकलाको दृष्टिकोणले यो तोरण पनि अति महत्वपूर्ण मानिन्छन् । यो तोरण पनि १७औं १८औं शताब्दीको मानिन्छ । यो तोरण कहाँको हो थाहा छैन ।

### (११) संग्रहालयको प्रदर्शनी कक्षको तोरण

अर्धगोलाकार स्वरूपमा झुण्ड्याइरहेको देवीको चार हातहरूको मूर्ति छ (चित्रफलक नं. ४३) । मूर्तिको पछाडिको फ्रेममा अग्निज्वालाहरू छन् । माथिल्लो भागमा छत्रको आकृति बनाइएको छ । देवीको वरिपरि देवी र देवताका ५ वटा मूर्तिहरू बनाइएका छन् । यी मूर्तिहरू आसन मुद्रामा छन् । मूर्तिहरूको पछाडिको फ्रेममा अग्निज्वालाहरू बनाइएको छ । सबैभन्दा माथिल्लो भागमा गरुडको उडिराखेको मूर्ति छ । गरुड शिरमाथि सर्पको फणा छ । दायाँबायाँ नागपुरुष र कन्याका मूर्तिहरू छन् । साथै तोरणको अन्य भागमा देवीदेवताका मूर्तिहरू रुखको लहराहरू छन् । तोरणको तल्लो भागमा दायाबायाँ मकरका अलंकृत मूर्तिहरू छन् जसमा अति सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । तोरण कुन ठाउँको हो र कहाँबाट ल्याइएको हो स्पष्ट छैनन् । यो तोरणको १८औं १९औं शताब्दी हो ।

### (१२) राष्ट्रिय संग्रहालयको स्टोर कक्षको तोरण

अर्धगोलाकार स्वरूपमा भएको तोरणको मध्यभागमा लोकेश्वरको मूर्ति आसन मुद्रामा छ (चित्रफलक नं. ४४) । दायाँबायाँ फूलका आकृतिहरू बनाइएका छन् । माथिल्लो भागमा तीनवटा फूलहरू छन् । यसभन्दा माथिल्लो भागमा गरुडको उडिरहेको मूर्ति छ । मूर्तिको दायाँबायाँ नाग कन्या र पुरुषका मूर्तिहरू छन् । यी मूर्तिहरूमा अति सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । गरुडको माथिल्लो भागमा छत्रावली छ । तोरणका अन्य भागहरूमा रुखका पात, लहरा र फूलहरू बनाइएको छ । तोरणको तल्लो भागमा दायाँबायाँ उभिएका मकरका मानवकार मूर्तिहरू छन् । यस्तो किसिमको मकरको मानवाकार स्वरूप अरु तोरणहरूमा पाइँदैन । त्यसकारण यो तोरणको एउटा महत्त्वपूर्ण पक्ष हो । यो तोरणको समय १८औं १९औं शताब्दी मानिन्छ । यो तोरण स्टोरमा छ र कहाँबाट आएको हो थाहा पाइँदैन ।

**स्तम्भहरू**

नेपाली काष्ठकलाका महत्त्वपूर्ण पक्षहरूमध्ये स्तम्भहरू पनि एक हुन् । स्तम्भहरूमा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । यस्ता स्तम्भहरू दरबार, विहार, मन्दिर, पाटी, पौवा र घरहरूमा प्रायः जसो तल्लो खुल्ला तलाहरूमा देख्न सकिन्छ । यस्ता स्तम्भहरूको स्वरूपमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएको पाइन्छ । स्तम्भहरू राखेर घरहरू बनाउने परम्परा अति प्राचीन हो । वेदमा वरुणका हजार खम्बाहरूको दरबार भएको उल्लेख पाइन्छ । पछिल्लो समयमा भारतको पाटलीपुत्रको उत्खननबाट पनि घरहरू बनाउन प्राचीनकालमा स्तम्भहरूको व्यापक प्रयोग हुन्थ्यो भन्ने कुरा स्पष्ट हुन आएको छ । पाटलीपुत्रको उत्खननमा सयौंको सङ्ख्यामा जलेका स्तम्भहरू र स्तम्भ छिद्रहरू प्राप्त भएका छन् जसको आधारमा पाटलीपुत्रको दरबार काठको भएको कुरा धेरै विद्वान्हरूले अनुमान गरेका छन् । सम्भवतः कपिलवस्तुको सुद्धोधनको दरबार पनि विभिन्न काठका खम्बाहरू प्रयोग गरी बनाइएको थियो । कपिलवस्तुको उत्खननमा पनि प्रशस्त मात्रामा स्तम्भ गाढेका डोभहरू (post hole) हरू भेटिएका छन् ।

लिच्छविकालका महत्वपूर्ण दरबारहरू पनि काठका स्तम्भहरू प्रयोग भइ बनेको कुरा अनुमान गर्न सकिन्छ । सम्भवतः काठबाटै बनेका दरबारहरू भएको हुनाले आजसम्म लिच्छविकालका कुनै पनि दरबारका अवशेषहरू भेटिएका छैनन् । नेपालमा १३औं शताब्दीदेखि मात्र काष्ठकलाका नमुनाहरू प्राप्त भएका छन् । तर स्तम्भहरूका नमुनाहरू १६औं १७औं शताब्दी देखिका मात्र पाइन्छन् ।

मध्यकालीन स्मारकहरूमा भएका स्तम्भहरूलाई S.B. Deo ले बनावटको आधारमा विभिन्न भागमा विभाजन गर्नुभएको छ । वहाँका अनुसारः

> The wooden pillars whether belonging to royal mansions, monastries or temples are heavily ornamented with motif and mouldings. Such pillars can be grouped under four categories:
>
> 1. Those with square shaft,
> 2. Those with cylindrical shaft,
> 3. Cypress pillar, and
> 4. Pillars with composite features.
>
> In the case of the pillar with square shape, either the lower portion is square and plain or more than half of the shaft is square with the edges having scrool design or only a small area in the centre of the shaft is plain and square.[163]
>
> The pillar with cylindrical shaft are also decorated with panel, square. Moulding, beading, purna kalasa and panel of deities at the base. The cylindrical shaft is rarely plain and is invariably decorated with floral

---

[163] S.B. Deo, op. cit., footnote no. 5, p. 21.

design, scale and circle diapers as also with cable reading alternated by scrools.

The cypress pillars usually associated with structures like the pillared verandah can be such of Patan.

Normally pillars are used singly[164]

यसरी *S.B. Deo* ले स्तम्भहरूको प्रकारहरूको वर्णन गर्दै विभिन्न प्रकारका स्तम्भहरूको विवरण प्रस्तुत गर्नुभएको छ । S.B. Deo ले जुन रूपमा विभाजन गरे तापनि स्तम्भहरूलाई २ भागमा बाँड्न सकिन्छ ।

१. साना खाले स्तम्भहरू,

२. ठूला खाले स्तम्भहरू

साथै मोटाइको आधारमा पनि स्तम्भहरूलाई २ भागमा विभाजन गर्न सकिन्छ :

१. मोटा खाले स्तम्भ,

२. पातला खाले स्तम्भ

त्यसैगरी बुट्टाहरूको आधारमा पनि स्तम्भहरूलाई २ भागमा विभाजन गर्न सकिन्छ :

१. बुट्टा भएका स्तम्भहरू,

२. बुट्टा नभएका स्तम्भहरू

काठमाडौंका विभिन्न स्मारकहरूमा भएका स्तम्भहरूमा विभिन्न किसिमका आकृतिहरू कुँदिएको पाइन्छ । स्तम्भहरूमा विशेषगरी कमल, घर, फुलि राखेको फूल, जस्ता आकृतिहरू कुँदिएका हुन्छन् । नेपालमा यस्ता स्तम्भहरूलाई पुज्ने पनि चलन छ । गाउँघरतिर घरमा कुनै सल्लाह लिने व्यक्तिहरू नभएमा घरमा भएको स्तम्भहरूबाट सल्लाह लिनु भनेर बुढापाकाहरूले भन्ने गर्दछन् । यसको सांकेतिक अर्थले धार्मिक महत्वलाई झल्काउँदछ । अर्थात स्तम्भहरूलाई देवताकै स्वरूपमा हेर्ने चलन छ । घरको सम्पूर्ण भार धान्ने स्तम्भहरूलाई तेतिसकोटी देवताको रूपमा नै लिने चलन पनि नेपाली समाजमा पाइन्छ । यसरी हरेक हिसाबले महत्वपूर्ण मानिने स्तम्भहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । स्तम्भहरूको प्रत्येक भाग र बुट्टाको नाम पनि नेवारी कलाकारहरूले राखेका छन् (हेर्नुहोस् परिशिष्ट १२) । तल केही महत्त्वपूर्ण स्तम्भहरूको बारेमा विस्तृतरूपमा वर्णन गरिन्छ । जसबाट स्तम्भहरूमा भएको काष्ठकलाकारिताको बारेमा थाहा पाइन्छ । विशेषगरी १६औं शताब्दीदेखि १९औं शताब्दीबीच बनेका स्मारकहरूमा स्तम्भहरू बढी मात्रामा पाइन्छन् । वर्तमान समयमा सिमेन्टको आविष्कारले गर्दा स्तम्भहरू सिमेन्टका बढी मात्रामा बनाउने चलन रहेको पाइन्छ ।

**(१) पाटनको मूलाचोकका स्तम्भहरू**

---

164 *Ibid*, p. 22.

यी स्तम्भहरू ठूला स्तम्भअन्तर्गत पर्दछन् (चित्रफलक नं. ४५) । यस समयमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । यस स्तम्भमा विशेषगरी कलश, देवताका मूर्तिहरू, रुखका पात र लहराहरू, पशुका आकृतिहरू विभिन्न भागमा बनाइएका छन् । यस स्तम्भमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । यी स्तम्भहरू १७औं शताब्दीका हुन् ।

**(२) पाटनको मूलचोकका स्तम्भहरू**

पाटनको मूलचोकका यी स्तम्भहरू साना आकारका स्तम्भहरूअन्तर्गत पर्दछन् ( चित्रफलक नं. ४६) । यी स्तम्भहरूको तल्लो भाग साधा छ भने माथिल्लो भागमा विभिन्न किसिमका बुट्टा आकृतिहरू कुँदिएका छन् । माथिल्लो भागमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । यी स्तम्भहरू पनि १७औं शताब्दीका हुन् । स्तम्भको मेठ (Bracket) भागमा सानासाना मूर्तिहरू राखिएका छन् ।

**(३) पाटनको मूलचोकका स्तम्भहरू**

पाटनको मूलचोका यी स्तम्भहरू पनि माथिको जस्तै साना र पातला खम्बाहरूभित्र पर्दछन् (चित्रफलक नं. ४७) । यी स्तम्भहरूको तल्लो भाग साधा छ भने माथिल्लो भागमा विभिन्न किसिमका आकारहरू कुँदिएका छन् । यी स्तम्भहरू पनि १७औं शताब्दीका हुन् ।

**(४) पूजारीमठको स्तम्भ**

भक्तपुरको पूजारीमठमा पनि विभिन्न किसिमका स्तम्भहरू छन् (चित्रफलक नं. ४८) । यो स्तम्भलाई ठूलो र मोटा खाले स्तम्भ भित्र राख्न सकिन्छ । यस स्तम्भको तल्लो भाग साधा छ भने माथिल्लो भागमा रुखका लहराहरू फूलहरू र अन्य विभिन्न किसिमका आकृतिहरू बनाइएका छन् । यो स्तम्भको समय १७औं १८औं शताब्दी राख्न सकिन्छ ।

**(५) पुजारीमठको स्तम्भ**

सानो र पातलो स्तम्भभित्र पर्दछ । यो स्तम्भको तल्लो भाग धेरैजसो भाग साधा छ (चित्रफलक नं. ४९) । माथिल्लोको थोरै भागमा मात्र विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । यी बुट्टाहरू पनि विभिन्न किसिमका छन् । यो स्तम्भ पनि १७औं १८औं शताब्दीको मानिन्छ ।

यी स्तम्भहरू पनि माथिको स्तम्भको श्रेणीमा पर्दछन् (चित्रफलक नं. ५०) । यसमा भएका बुट्टाहरूमा केही फरक छन् । यी स्तम्भहरू पनि १७औं १८औं शताब्दीका हुन् ।

भक्तपुरको न्यातपोल मन्दिरमा भएका यी स्तम्भहरू ठूला र मोटा स्तम्भहरूमा पर्दछन् (चित्रफलक नं. ५१) । तल्लो भागमा साधा स्वरूप भएका यी स्तम्भहरूको माथिल्लो भागमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । माथिल्लो भागमा चारवटा महत्वपूर्ण भागहरू देखिन्छन् । जसमा रुखका लहराहरू फूलहरू विभिन्न किसिमका पशु आकृतिहरू कुँदिएका

छन् । यी स्तम्भहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । यी स्तम्भहरू १८औं शताब्दीका हुन् ।

**झ्यालहरू (Windows)**

नेपाल काष्ठकलाको महत्त्वपूर्ण पक्ष झ्यालहरू पनि हुन् । नेपालको इतिहासमा १३औं शताब्दी देखि बनेका १८औं शताब्दीसम्मका स्मारकहरूमा प्रशस्त मात्रामा झ्यालहरू प्रयोग गरिएको पाइन्छ र हरेक झ्यालहरूमा काष्ठकलाको व्यापकरूपमा प्रयोग भएको पाइन्छ । यस्ता झ्यालहरूले तत्कालीन समाजको आर्थिक, सांस्कृतिक र सामाजिक पक्षलाई अध्ययन गर्न जानकारी दिने गर्दछन् । काठमाडौं उपत्यकामा भएका झ्यालहरूको अध्ययन विभिन्न संरचना र विद्वान्हरूबाट पनि भएको पाइन्छ ।

मानवजीवनमा झ्यालले जुन किसिमको महत्त्वपूर्ण स्थान ओगेटेको छ त्यो हामी हर हमेसा महसुस गर्दै आएका छौं । आदिकाल देखि नै अर्थात जहाँदेखि मानिसहरूले बसोबास गर्नका लागि गुफा, छाप्रो इत्यादिको निर्माण गर्न थाले त्यसैबेलादेखि नै हावाको आवतजावत, घाम अनि सुरक्षाको लागि झ्यालको सृजना, उपयोग एवं विकास भएको अनुमान गरिन्छ । त्यसैले झ्याललाई मानव सभ्यताको एउटा प्रतीक पनि मानिन्छ । हाम्रो देशमा झ्यालको प्रचलन, विविधता र विकास खासगरी काठमाडौं उपत्यकाभित्रै भएको पाइन्छ । यसै विकासको परिमाणस्वरूप उपत्यकाका तीनै शहरमा कलात्मक झ्यालहरूको व्यापक उपयोग भएको र समयानुसार यसले देशको सामाजिक, आर्थिक, धार्मिक एवं राजनीतिक क्षेत्रमा समेत महत्वपूर्ण भूमिका खेल्दै आएको तथ्य आज हाम्रो सामु खडा छ । कलात्मक झ्यालहरूमा संझ्यालको विशेष स्थान रहेको छ । संझ्याल (स-कपाल) भन्ने वित्तिक्कै झ्यालको कपालसित खास सम्बन्ध भएको बुझिन्छ । हुन पनि काठमाडौं उपत्यकाका महिला आदिवासीहरू (नेवार जाति) यसै झ्यालमा बसि कपाल कोर्ने काम गर्थे । यसको साथ साथै अरु श्रृङ्गारपटारका कामहरू पनि यही हुन्थे । त्यसबाहेक प्रेमका गीतहरू गाउने र बाटामा हिडेंका युवाहरूसँग माया प्रीति जोड्ने कामको लागि पनि यी झ्यालहरूको प्रयोग हुने गरिन्थ्यो । त्यस्तै बत्ति काट्ने जस्ता गार्हस्त कार्यहरू गर्न पनि ती महिलाहरू यहीं आउँथे । यी कुरा पुराना नेवारी लोकगीतहरूबाट स्पष्ट हुन्छ । जस्तैः

सं झ्यालय कपि फ्यनाः ढेवा गोलं कय्का हल

छगः मुमुं निगः मुमुं कपि पोचा जाल योमा । इत्यादि

अर्थात् संझ्यालमा बसेर बत्ती काती रहेकीलाई हेर्नुस् न आमा बाटोबाट पैसाले हिर्काएर ल्याएको । ती हिर्काएर लाइएको पैसा एकएक गरी टिप्दा टिप्दा बत्ती राख्ने भाँडो भरिसक्यो इत्यादि ।[165]

त्यस्तै आर्थिक र सामाजिक दृष्टिकोणबाट कलात्मक झ्यालहरू विना घरको स्थिति कतिको नाजुक हुँदो रहेछ भन्ने कुरा घरको एक अविवाहित केटीले आफ्नो आमा छेउ पुकार गर्दै गाएको गीतबाट स्पष्ट हुन्छ ।

ह्याँउ थ्वं अजि थ्वं कता थ्वं मदुसां

सं झ्या टुथाय् लाका व्यू यो माँ । इत्यादि ।

अर्थात् ... इत्यादि इत्यादि नभए पनि संझ्याल भएको घरमा तपाई दिनुस् है आमा इत्यादि । त्यस्तै गरी अठासी वर्षको उमेरमा देवरथारोहरण गर्दा झ्यालबाट भित्र्याउने र दुलही भित्र्याउँदा व्रतवन्ध गर्दा सः झ्याबाट लावा अविर छर्ने इत्यादि प्रथाबाट पनि धार्मिक क्षेत्रमा यसको महत्व देखिन्छ । यी प्रथाहरू अध्यावधि छँदैछ । यसै सन्दर्भमा पाटनको च्यासलटोलमा देखाउने “झ्याल” खेल यहाँ उल्लेख गर्नु उचित देखिन्छ । यो एक किसिमको छायाँ चलचित्र हो जसको आविष्कार फिल्मी जगत् शुरु हुनु अगावै नै भएको अनुमान गरिन्छ । यस खेलमा त्यहाँ अवस्थित पाटीको एउटा झ्यालमा पर्दा राखि त्यसको पछाडि बत्ती बाली यो चलचित्र देखाउने गर्थे । झ्यालको पर्दामा छाया पारी देखाउने खेल भएको हुँदा यो खेल “झ्यालया” को नामबाट प्रख्यात छ । यसले झ्यालको सांस्कृतिक क्षेत्रमा पनि महत्व भएको स्पष्ट पार्छ ।

काठमाडौं उपत्यकाभित्र छरिएका कलात्मक झ्यालहरूको इतिहासलाई केलाएर हेर्ने हो भने यसको विकास र प्रचलन खासगरी पाटनबाट भएको अनुमान गर्न सकिन्छ । त्यसबेला तीनै शहरका राजाहरू बीच भएको प्रतिस्पर्धापूर्ण वातावरणले गर्दा पछि यो कलात्मक झ्यालहरू भक्तपुरमा पनि बनाउन त्यहाँका राजाहरूले आफ्नो देशका चेलिवेटीहरूलाई पाटनका बुट्टाकर्मीहरूसँग बिहे गर्न लगाई पछि तिनीहरूका पतिहरूलाई घरज्वाइँ बनाई भक्तपुरमा नै ल्याईराखेको इतिहासले राजनीतिक क्षेत्रमा समेत यिनीहरूले महत्वपूर्ण भूमिका खेलेको रहस्य औल्याउँदछ । त्यसैगरी काठमाडौंको हनुमानढोका र त्यहाँ वरिपरि जडान गरिएका विभिन्न कलात्मक झ्यालहरू पाटन निवासी बुट्टाकर्मीहरूले निर्माण गरिएको हो भनि भनिन्छ[166] ।

यसरी चन्द्रबहादुर जोशीद्वारा काठमाडौं उपत्यकाका झ्यालहरूको बारेमा विस्तृत जानकारी पाइन्छ । साथै झ्यालहरूको इतिहासको साथ साथै सामाजिक, धार्मिक, सांस्कृतिक र

---

[165] Chandra Bahadur Joshi, **Kathmandu Upatyakaka Kalatamak Jhyalharu**, (Kathmandu : Royal Nepal Academy), p. 1.

[166] *Ibid*, p. 2.

राजनैतिक पक्षको बारेमा पनि यहाँ पाइन्छ । त्यसैगरी R.M. Benier ले पनि झ्यालहरूको बनावट शैली र विविध पक्षको वर्णन गर्नुभएको छ । Bernier का अनुसार

> Although the extending frames of the traditional windows have already been mentioned there are other partinent details which must be investigated . Their original purpose to provide light and ventilation was functional , but through ritual usage they have become more symbolic than useful today. It is customary to have at least one window on each side of each storey behind the struts and firmly molted into the temple core. Without these, a temple would be considered quite incomplete and their carved frame are one of the most decorative element of the overall design. The windows are often put symbolically religious use as well, however. Symbols such as the lotus and Purna Kalasa are occasionally mounted into the window frame and it is especially interesting to find the these dimentional faces of deities peering fourth from the windows to survey the surrounding and the actions of devotees. In addition to image holding window frames, we sometime see small wooden niches mounted in the core wall beside the windows and door hold small figures of deities. These are very small, but they may hold some fine sculptures such as the bronze image of Changunarayan.[167]

यसरी Bernier को वर्णनबाट झ्यालहरूको धार्मिक, सांकेतिक अर्थ स्पष्ट हुनका साथै झ्यालहरूको फैलावट र झ्यालहरूमा राखिएका क्षेत्र मूर्तिहरूको महत्त्व पनि स्पष्ट हुन्छ ।

यसरी माथिको वर्णनबाट झ्यालहरूको विविध पक्षको बारेमा जानकारी पाइन्छ । झ्यालका विविध पक्षको बारेमा जानकारी भएपछि झ्यालका प्रकारहरूको बारेमा पनि जानकारी हुनु आवश्यक हुन्छ । विभिन्न विद्वान्हरूले झ्यालका विभिन्न प्रकारहरूको उल्लेख गरेका छन् । झ्यालका प्रकारहरू, झ्यालको बनावट, आकारको आधारमा छुट्टयाइएको पाइन्छ । काठमाडौं उपत्यकाका विभिन्न स्मारकहरू छन् ती स्मारकहरूमा असंख्यको संख्यामा झ्यालहरू राखिएका छन् । काठमाडौं उपत्यकाका कलात्मक झ्यालहरूका लेखक चन्द्रबहादुर जोशीले झ्यालहरूलाई विभन्न भागमा विभाजन गर्नुभएको छ । वहाँको विभाजन अनुसारः

---

[167] R.M. Bernier, op cit., footnote no. 2, pp. 43-44.

**प्रचलित स्थानीय नाम**

(क) गाः झ्याल

(ख) आँखी झ्याल

(ग) पासुखा झ्याल

(घ) मयूर झ्याल

(ङ) सूर्यमुखी झ्याल

(च) विमान झ्याल

(झ्यालहरूको विवरण परिशिष्ट १ मा छ) ।[168]

यसरी चन्द्रबहादुर जोशीले झ्यालहरूको प्रकारको बारेमा स्पष्ट पार्नुभएको छ । त्यसैगरी W.F. Korn ले पनि A B C D गरी झ्यालहरूको चार भागमा विभाजन गर्नुभएको छः

1. A- Chhapa Jhya which consist of a heavy frame with from one to five very small openings. This type is found mainly in the Vihara.
2. B- The windows of temple with squre ground floor plans are often decorative rather than functional, since the tower containing these windows can never be entered and there are often no openings in the brickwork behind the windows of type (B) (Ga Jhya). The same opposite the the small blind windows on the both side of temple and monastries.
3. C- Tiki Jhya is the over all term for windows with a lattice of type C. However, as all ancient facades have a symmentrical design with different window types and window sizes in particular locations and each floor level or each particular building requires a different window design, the Tikki Jhya has been subdivided into the following groups.
4. Jhya, which is the simplest and also the most recent from type. (D) is generally 1.50 m high and 80-90 cm wide, provide much light and air and is used in dwellings only.[169]

त्यसैगरी Nippon Institute of Technology द्वारा अध्ययन गरिएको रिपोर्टमा पनि झ्यालहरूको प्रकारको बारेमा उल्लेख गरिएको पाइन्छ । वर्गीकरण विभिन्न आधारमा गरिएको छ । ती आधारहरू हुन् :

1. Classification According to the Numbers of openings and the ways they are attached to the walls.
2. Classification According the type of window frame and the way they are supported.
3. The structure of window frame.

[168] Chandra Bahadur Joshi, op.cit. footnote no. 12, p. 9.

[169] W.F. Korn op.cit. footnote no. 3, p. 108.

यसका साथै सजावटको आधारमा पनि A, B र C type लाई विभाजन गरिएको पाइन्छ ।[170] यस अध्ययनमा विशेष गरी पाटन दरबार क्षेत्रमा भएका झ्यालहरूको अध्ययन भएको पाइन्छ ।

त्यसैगरी S.B. Deo ले आफ्नो पुस्तकमा झ्यालहरूका विभिन्न प्रकारहरूको उल्लेख विभिन्न आधारमा गर्नुभएको छ । "of all the parts of a wooden structure, the windows are the most elegent and varied.

The windows can be grouped into the three categories:

a. Group of windows covering most of the facade.

b. Normal windows kept engaged in the wall between pillars and

c. Balconied windows possibly tied beam extension or pinned.

Apart from these three catagories individual windows are either large or small. A group of multiple windows has a length of about ten feet and a height of about from and half foot, where as a smaller windows measures three by three, or still smaller, one by one feet. A group of windows in one[171] complete is the most frequent but groups of five window one also known from seven places. The former is called Tini Jhal

In spite of these constructional and artistic merits too many windows sometime more the beauty of structure. The most telling illustration of woodwork in situation to brickwork is most imbalanced. The grouping of the window complete howerver, is balanced as the opening of each window in the complete combination of square, rectangular, circular, arched and cusped windows in a unit which a planned layout-

The main varieties of the large sized windows are the following:

a. Those with squre innter frame.

b. Those which are conical cusped.

c. Those which have low cusped top.

d. Those with multiple cups

e. Circular.

f. Almond shaped.

g. Oval shapped, and

h. Those with arched top.[172]

---

170 **The Royal buildings in Nepal,** (Japan : Nippon Institute of Technology, Research Mission, Nippon Iinstitute, 1981), pp. 59-62.

171 S.B. Deo, op. cit., footnote no. 5, pp. 29-36.

172 *Ibid*, pp. 29-36.

यसरी झ्यालहरूको प्रकारको साथ साथै झ्यालका विविध स्वरूपहरूको उल्लेख भएको पाइन्छ । साथै Deo द्वारा झ्यालमा भएका Screen हरूको उल्लेख भएको पाइन्छ । उनले Screen हरूलाई ७ भागमा विभाजन गरेका छन् :

1. Screen with square meshes:

These are mostly associated with structures of the late phase of the seventeen centuris. The strips which contribute to the make up of the pattern are mostly decorated with floral design in relief, though plain patterns are also found. Another variety consists of the meshes of concave sided sqaures, while another presents squares and quatrefoils. The most elegant pattern of this category are in the Patan Palace, Bhaktapur Palace, a house and the Gaddi Baithak in Kathmandu square.

1. Screen with diamond-shaped meshes like the previous category, this group is also associate with the late eighteen centuries construction. The main subtypes in this are as follow:

a. Floral pattern.

b. Floral designs in relief on strips.

c. Corssed diamond.

d. Geomatrical patterns in relief.

e. Pendent budded diamond with skull and blading in relief in strip.

f. Diamond meshes with the strip having Vajra molif in relief.

g. Diamond meshes with Garuda molif and

h. Diamond meshes with bird molif.

1. Screen with quaterfoil meshes:

This patterns is rare examples less frequent than the first two, and is restrited mostly to building of the second half of the second half of the eighteen century, though exemples are also known of the last quarter of the seventeen century[173].

These are three varieties in this group plain quatrefoil: Floral quatrifoil; and corss quatrefoil. The strips forming this meshes also bear several disigns in relief. The most elegent is that which makes a quater trefoil opening in association with floral pattern chain and square pannel as in the Nrityanath temple in Kathmandu.

2. **Screens with circular meshes**:

[173] *Ibid*, pp. 29-36.

Like the earlier category, these are also rare and associated with the wood work of the second half of the eighteen century.

### 3. Screen with polygonal meshes:

These are the most ingenious and require a high precision in fitting the interlokeng stirps. They belong to the earlier half of the eighteen century.

### 4. Miscellaneous meshes

In this group fall all the meshes which are obtained by the permitations and combinations of the categories mentioned above. Of these, the following may be noted:

a. Circle and concave-sided squares.
b. Concave-sided diamonds.
c. concava and convex-sided squres and rectangles.
d. Trefoil or fish scale pattern.
e. As above but pendent buds.
f. Loops with pendents bends.
g. Naga-Pasa forming a concave sided diamond grill.
h. Rectangles.
i. Cross squres with floral and peacock with in circles.
j. Diamond and quatrefoil.
k. Octagons.
l. Bud molif meshes.
m. Cross and club meshes.
n. Unclassified

Beside these screen, the windows railing are also decorated. The railings or the Kakasana may be broadly grouped as follows:

1. Those with geomatrical decoration.
2. Those with religious or semi-religious molifs,
3. Those with floral decoration, and
4. Those with bird, animal or dragon-sculpentine molif.[174]

[174] *Ibid*.

यसरी *S.B. Deo* ले झ्यालहरूको प्रकारको विभिन्न पक्षबाट विभाजन गर्नु भएको छ । विभिन्न विद्वान्हरूले झ्यालहरूको विभाजन जुन् रूपमा गरे तापनि काठमाडौं उपत्यकामा भएका झ्यालहरूलाई निम्न भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ -

१. एक मुखे
२. तीन मुखे
३. पाँच मुखे
४. सात मुखे

**(१) एक मुखे**

काठमाडौं उपत्यकामा भएका घर, मन्दिर, पाटी, पौवा, विहार, दरबार, मठ आदि हरूमा विभिन्न किसिमका झ्यालहरू पाइन्छन् । तिमध्ये एक मुखे झ्यालहरू पनि एक हुन् । वास्तवमा भन्नुपर्दा काठमाडौं उपत्यकाका स्मारकहरूमा सबैभन्दा बढी मात्रामा एकमुखे झ्यालहरू पाइन्छन् । यस्ता झ्यालहरूमा आफ्नै किसिमको काष्ठकलाकारिता देख्न सकिन्छ । झ्यालहरू प्रायः जसो वर्गाकार र आयातकार चौकोसमा बनेका छन् भने खुल्ला भागको आकार भने भिन्न रहेको पाइन्छ । प्रत्येक झ्यालका भागमा जोडिएका भागहरूको नाम अलग अलग हुन्छन् (परिष्टि ३) । एकमुखे झ्यालहरू पनि कुनै खोल्न सकिने अवस्थामा बनेका छन् भने कुनै आँखी झ्यालको रूपमा भित्रबाट मात्र बाहिर हेर्न सकिने तर खोल्न नसकिने स्वरूपमा बनाइएका छन् । आँखीझ्यालको प्रयोग सम्भवतः हावाको निकासको साथ साथै प्रकाश भित्रतिर जानको लागि बनाइएको हुन सक्छ । कुनै झ्यालमा त बसेर बाहिर हेर्न सकिने गरी बनाइएको पाइन्छ भने कुनै झ्यालमा खोल्न नमिल्ने गरी मात्र सजावटको हिसाबले बनाइएको पाइन्छ । झ्यालहरू विशेष गरी काष्ठकलाहरूको प्रख्यात छन् । यस्ता झ्यालहरूमा काष्ठकलाका अति महत्वपूर्ण पक्षहरू देख्न सकिन्छ । यस्ता झ्यालहरूको मुखहरू देवता, पशुपक्षी, वा लौकिक जीवनसँग सम्बन्धित घटनालाई चित्रण गरिएको पाइन्छ (परिशिष्ट ४) । विशेषगरी झ्यालका मध्य भागमा कुँदिएको आकृतिको आधारमा पनि झ्यालहरूको नामकरण गरिएको पाइन्छ । मध्यभागमा कमलको आकृति कुँदिएको झ्याललाई कमल झ्याल, मध्य भागमा मयूरको आकृति भएको मयूर झ्याल, बीचमा सूर्य आकृति वा सूर्य विम्ब र किरणहरू भएको झ्याललाई सूर्यमुखी झ्याल इत्यादि । यसरी झ्यालमा कुँदिएको मूर्ति वा आकृतिको आधारमा झ्यालहरूको नामकरण भएको छ भने कतै नभएको झ्याललाई देशेमरु झ्या भनेर पनि नामाकरण गरेको पाइन्छ । यसरी एकातिर झ्यालहरूको नामकरण मूर्ति वा आकृतिको आधारमा भएको पाइन्छ भने झ्यालहरूको खापाहरूमा र झ्यालकै चौकोसहरूमा विभिन्न किसिमका आकृतिहरू कुँदिएको पाइन्छ । झ्यालहरू, सूर्य, गणेश, अप्सराहरू, भक्तभक्तिनीहरू, घोडाका आकृतिहरू, सर्पहरू, मकराकृतिहरू, रुखका लहराहरू आदि कुँदिएका हुन्छन् । यी आकृतिहरू कुनै लौकिक जीवनसँग सम्बन्धित रहेका छन् भने धार्मिक र सांस्कृतिक जीवनसँग सम्बन्धित रहेका छन् ।

साथै झ्यालका जालीहरूमा (meshes) पनि कलाकारले विभिन्न वस्तुको स्वरूपलाई प्रस्तुत गर्न खोजिएको पाइन्छ । कुनै झ्यालको जालीहरूमा हीराहरूको आकृति दिएको पाइन्छ भने कुनै रुखका लहराहरूको आकृति दिइएको पाइन्छ (हेर्नुस् परिशिष्ट १३, १४, १५) । यसरी एकुमखे झ्यालहरू काष्ठकलाको दृष्टिकोणले अति महत्वपूर्ण मानिन्छन् । र यस्ता झ्यालहरूमा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । S.B. Deo अनुसार यस्ता झ्यालहरू वैज्ञानिक प्रविधिबाट बनाइएका छन् र वहाँको भनाइ अनुसार यस्ता झ्यालहरूमा मानसार भन्ने ग्रन्थबाट प्रभावित रहेका छन् । एकमुखे झ्यालहरूमा भक्तपुर क्षेत्रमा भएका स्मारकहरूमा भएका झ्यालहरू यहाँको मयूर झ्याल विशेष प्रसिद्ध छ । पाटन दरबार क्षेत्रमा भएका झ्यालहरू यहाँ विशेष गरी कुमारी र मूलचोकमा भएका झ्यालहरू महत्वपूर्ण मानिन्छन् । काठमाडौंको दरबार क्षेत्रमा भएका एकमुखे झ्यालहरू । यस क्षेत्रमा भएका झ्यालहरूमा कुमारीघरमा भएका मयूर र सूर्यझ्याल र भटखाटोलस्थित व्यक्तिगत घरमा भएको देशेमरु झ्याल महत्वपूर्ण मानिन्छ । तल केही महत्वपूर्ण एकमुखे झ्यालहरूको वर्णन गर्नु सान्दर्भिक देखिन्छ । झ्यालहरू बनाउनको लागि विभिन्न किसिमका औजारहरू पनि प्रयोग हुने गर्दथ्यो (परिशिष्ट ५, ६, ७ र १५) ।

**(क) छुस्यावाहालस्थित आखीझ्याल**

काठमाडौं उपत्यकाका विभिन्न स्मारकहरूमा भएका विभिन्न काष्ठकलाका स्वरूपको रूपमा रहेका कलाकृति मध्ये झ्यालहरू पनि एक हुन् यी स्मारकहरूमा भएका झ्यालहरूमा भएका आँखीझ्यालहरू संख्यात्मक रूपमा बढी मात्रामा पाइन्छन् । आँखीझ्यालको प्रयोजन बाहिरको हावा सजिलैसँग आवत-जावत हुन सक्ने हिसाबबाट बनाइएको हुन सक्छ । यस्ता झ्यालहरूबाट भित्रबाट बाहिरको हरेक क्रियाकलाप सजिलैसँग देख्न सकिन्छ भने बाहिरबाट भित्रको गोपनियतालाई लुकाउन सजिलो हुन्छ भने बाहिरको क्रियाकलाप हेर्न सहयोग पुराउँछ । यस्ता झ्यालहरूले मध्यकालीन पर्दा प्रथालाई एकातिर संकेत गरेको पाइन्छ भने ढोका खोल्नु पूर्व बाहिर को आएको छ भनेर हेर्न सजिलो हुने कुरालाई समेत संकेत गर्दछ । सम्भवतः मध्यकालीन आँखीझ्यालहरूको प्रतिनिधित्व गरीएका घरहरूमा लगाइएका काला सिसाहरूले गर्ने गर्दछन् । यस्ता काला सिसाहरूबाट बाहिरको हरेक क्रियाकलाप देख्न सकिन्छ भने सिसाभित्रको क्रियाकलाप भने देख्न सकिंदैन । यसरी वैज्ञानिक विश्लेषण गर्दा वैज्ञानिक आधारमा यस्ता झ्यालहरू बनाइएको पाइन्छ ।

काठमाडौं ज्याःठा टोल स्थित छुस्यावहाल काठमाडौंमा भएका विहारहरूमा महत्त्वपूर्ण मानिन्छ । यस विहारको आफ्नै धार्मिक र सांस्कृतिक महत्व रहेको पाइन्छ । यस स्मारक संख्यात्मक हिसाबमा धेरै झ्यालहरू रहेका छन् । यो आँखीझ्याल उक्त वहालको महत्त्वपूर्ण झ्याल हो (चित्रफलक नं. ५२) । आयताकार आकृतिमा बनेको यस आँखी झ्यालका चौकोसहरू अलकृत छन् । चौकोसमा विभिन्न किसिमका कलाकृतिहरू कुँदिएका छन् । झ्यालको तल्लो र माथिल्लो भागमा साधारण खाले बुट्टाहरू कुँदिएका छन् भने दायाँबायाँ भागमा स्तम्भ

आकृतिहरू बनाइ विभिन्न आकृतिहरू कुँदिएका छन् । मध्यभागमा वर्गाकार आकृति छ । जसमा सानासाना प्वालहरू छन् भने खासै बुट्टाहरू कुँदिएको पाइँदैन । यो झ्याललाई १५औं १६औं शताब्दीको मान्न सकिन्छ । कलाकारिताको हिसाबले पनि यसलाई १५औं १६औं शताब्दीको मान्न सकिन्छ ।

### (ख) पाटन मूलचोकको आँखीझ्याल

पाटन क्षेत्रमा भएका स्मारकहरूमध्ये पाटन दरबारको वरिपरि भएका झ्यालहरूको प्रशस्त मात्रामा अध्ययन भएको पाइन्छ। Nippon Institute of Technology जापानद्वारा पाटन दरबारमा रहेका झ्यालहरूको विस्तृतरूपमा अध्ययन गरेको पाइन्छ । उक्त पुस्तकमा २० भन्दा बढी आँखीझ्यालहरूको विस्तृत रूपमा वर्णन गरिएको छ । S.B. Deo द्वारा पनि पाटन दरबारका झ्यालहरूको वर्णन भएको पाइन्छ ।

पाटनको मूलचोकमा रहेको यो आँखीझ्यालको चौकोस आयातकार छ भने झ्यालको आकार वर्गाकार छ । तलमाथिका चौकोसका किनाराहरूमा सर्प आकृतिहरू बनाइएको छ भने झ्याल दायाँबायाँको भागमा चरा अप्सराहरू र रुखका लहराहरूको आकृति जोडिएको छ । झ्यालको चारै कुनाका भागहरूमा सानासाना बुट्टाहरू कुँदिएको छ । झ्यालको बीचमा भएका प्वालहरू बनाइएको जालीमा हीरा आकृतिहरू बनाइएको पाइन्छ (चित्रफलक नं. ५३) । झ्याल अति आकर्षक छ । कलाकारिताको हिसाबले उक्त झ्याललाई १६औं १७औं शताब्दीतिरको मान्न सकिन्छ । किनभने यस झ्यालको कुँदिएको भागमा खासै जटिलता आएको पाइँदैन ।

### (ग) कुम्भेश्वरस्थित सूर्यझ्याल

पाटनको कुम्भेश्वरस्थित मन्दिरमा रहेको उक्त सूर्य झ्याल पनि काष्ठकलाको लागि अति उपयोगी मानिन्छ (चित्रफलक नं. ५४) । ठूलो चौकोस भएको यो झ्यालको खुल्ला भाग सूर्यविम्बस्वरूपमा बनाइएको छ । खुल्ला भागको ठीक तल उषा र प्रत्युषाका मूर्तिहरू बनाइएको छ । खुल्ला सूर्य विम्बको भागले सम्भवतः स्वयं सूर्यको प्रतिनिधित्व गरेको हुनुपर्छ । खुल्ला भाग र उषा र प्रत्युषाको मूर्तिको तल्लो भागमा रथको प्रतिनिधित्व गर्ने आकृति बनाइएको छ । जालीदार भागमा सर्प आकृतिहरू बनाइएको छ । जालीमा हिराको आकृति कुँदिएको छ । चारै कुनामा उडिरहेका पशु आकृतिहरू बनाइएको छ । तल्लो भागमा ९ वटा घोडाहरूको आकृति बनाइएको छ । झ्यालको दायाँबायाँ खम्बामा आकृतिहरू बनाइएको छ । र उक्त खम्बाहरूमा विभिन्न आकृतिहरू कुँदिएको छ । झ्यालको माथिल्लो भागमा तोरण आकृति बनाइएको छ । र विभिन्न किसिमका बुट्टाहरू बनाइएको छ । सूर्यविम्बको वरिपरिको भागमा रुखका पात र लहराहरूको बुट्टा कुँदिएको छ । कलाकारिताको हिसाबले उक्त झ्यालको समय १७औं १८औं शताब्दी मान्न सकिन्छ ।

### (घ) भक्तपुरको पूजारी मठका झ्यालहरू

भक्तपुर पनि एउटा महत्वपूर्ण काष्ठकलाको लागि प्रसिद्ध ठाउँले यस शहरमा भएका विभिन्न स्मारकहरूमा प्रशस्तको संख्यामा झ्यालहरू देख्न सकिन्छ । भक्तपुर क्षेत्रमा भएका स्मारकहरू मध्ये दत्तात्रय क्षेत्रमा रहेको पुजारीमठ पनि एक हो । यस मठमा अनुपम काष्ठकलाका विभिन्न नमुनाहरू देख्न सकिन्छ । यस मठमा भएको काष्ठकलाले मध्यकालीन काष्ठकलाको विकासलाई स्पष्ट पार्न सकिन्छ । यस मठमा भएका केही झ्यालहरूको तल विस्तृत रूपमा वर्णन गरिन्छ । यस मठमा भएका झ्यालहरूको समय १७औं १८औं शताब्दी मानिन्छ ।

### (अ) प्रसिद्ध मयूर झ्याल

भक्तपुरको पुजारीमठमा रहेको यो झ्याल काष्ठकलाको अनुपम नमुना मानिन्छ । भक्तपुर पनि यसै मयूर झ्यालको लागि प्रसिद्ध छ (चित्रफलक नं. ५५) । नेपालमा मात्र नभएर विश्वभरि नै यो झ्यालले प्रसिद्धि पाएको छ । आयताकार (Rectangular) चौकोसमा बनेको यो झ्याल वर्गाकार रहेको छ । जालीदार यस झ्यालको तल्लो भागमा मयूरको पखेटायुक्त मूर्ति बनाइएको छ भने पुच्छरलाई जालीको रूपमा प्रस्तुत गरिएको छ । जालीदार घेराको आकृति सूर्यविम्बको बनाइएको छ । जालीभन्दा बाहिर विभिन्न बुट्टाहरू कुँदिएको छ । साथै विम्बको चारै कुनामा रुखका पात र लहराका आकृतिहरू कुँदिएको छ । दायाँबायाँ एउटा अलंकृत स्तम्भ बनाइएको छ । दायाँबायाँ र माथिल्लो भागमा गरी ३८ वटा सानासाना मयूरका आकृतिहरू बनाइएका छन् । चौकोसको चारै कुनामा जंगलको आकृति बनाएर पशुहरू बनाइएको छ । झ्यालको तल्लो भागको दायाँबायाँ उडिरहेका पुरुष आकृतिहरू बनाइएको छ भने मध्यभागमा भैरवको आकृति बनाइएको छ । सानो झ्यालमा पनि कलाकारले अति सूक्ष्म तरिकाबाट कलाकृतिहरू कुँदेको पाइन्छ ।

### (आ) मयूरझ्याल

कुमारीघरमा रहेको मयूरझ्याल पनि काष्ठकलाको हिसाबले अति महत्त्वपूर्ण मानिन्छ (चित्रफलक नं. ५६) । आयाताकारको चौकोसमा बनेको यो झ्याल वर्गाकार स्वरूपमा छ । चौकोसको स्वरूप पूर्वकै झ्याल जस्तै भए तापनि अन्य कुारहरू फरक पाइन्छन् । चौकोसको तलामाथि आकर्षक बुट्टाहरू रहेका छन् । झ्यालको मध्यभागमा गोलो आकृति बनाइ मयूरको सानो मूर्ति बनाइएको छ भने मूर्तिको पछाडि मयूरको पुच्छर अलंकृत तरिकाबाट बनाइएको छ भने सानो गोलो मध्यभागको मयूर बाहिर सूर्य किरणहरूको आकृतिमा आँखीझ्याल छ । गोलो अर्थात् सूर्यविम्बको बाहिरी भागमा चारै कुनामा रुखका लहराहरू बनाइएको छ । सूर्यविम्बको माथिल्लो भागमा सातवटा शिर भएको सर्पको फणा बनाइएको छ । तल्लो ६ वटा कुनामा उडिरहेका मानवाकृतिहरू बनाइएको छ । चौकोसको चारै कुनाको कप्पु (Lintel) भागमा

मकाराकृतिहरू बनाइएको छ उक्त भ्यालको समय पनि माथिको भ्यालको जस्ते मान्नुपर्ने हुन्छ ।

**(इ) सूर्य झ्याल**

पुजारीमठमा रहेको यो अर्को महत्वपूर्ण भ्याल हो । आयातकार आकारमा भएको चौकोसको मध्यमागमा वर्गाकार भ्याल बनाइएको छ (चित्रफलक नं. ५७) । चौकोसको तलमाथि नै अलङ्कृत बुट्टाहरू कुँदिएका छन् । चौकोसको चारै कुनामा जंगलाकृति बनाएर Dragon को चित्र बनाइएको छ । बीचको भागमा सूर्यविम्बको आकृति बनाएर जालीको स्वरूपमा किरणहरू देखाइएको छ । भ्यालको तल्लो भागको २ कुनामा उडिरहेका पशुआकृतिहरू बनाइएको छ भने मध्यभागमा सानो मूर्ति बनाइएको छ भने माथिल्लो भागको मध्यभागमा पनि साना मूर्ति बनाइएको छ । यस भ्यालको समय १७औं १८औं शताब्दी मान्न सकिन्छ ।

**(ई) आँखीझ्याल**

पूजारीमठमा अवस्थित यो अर्को महत्वपूर्ण आँखीभ्याल हो । आयाताकार चौकोसमा बनेको यो भ्याल अति अलंकृत छ (चित्रफलक नं. ५८) । यस भ्यालमा पनि सूक्ष्म काष्ठकलाकारीता देख्न सकिन्छ । भ्यालको चारै कुनाको खाली भागमा रुखका लहराहरू बनाइएको छ । भ्यालको मध्यभागमा हीराको आकृतिहरू भएको जालीहरू युक्त आँखी भ्याल बनाइएको छ । भ्यालको दायाँबायाँ चारचार वटा साना खम्बाहरू बनाइएको छ । भ्यालको तल्लो भागको २ कुनामा उडिरहेको नारी मूर्तिहरू बनाइएको छ । भ्याल माथिल्लो भागमा मध्यभागमा सानो मूर्ति बनाइएको छ । सबैभन्दा माथिल्लो भागमा तोरण राखिएको छ । तोरणको मध्यभागमा चारहात युक्त गणेशको स्थानक मुद्रामा रहेको गणेशको मूर्ति बनाइएको छ । दायाँबायाँ मकराकृतिहरू छन् भने गणेशको माथिल्लो भागमा सर्पहरू खाइरहेको धातुको मूर्ति बनाइएको छ । यस भ्यालको समय १८औं १९औं शताब्दी मान्न सकिन्छ ।

**(उ) खुल्ला झ्याल**

आयाताकार चौकोसमा बनेको यो भ्याल पनि पूजारीमठको अर्को महत्वपूर्ण भ्याल हो (चित्रफलक नं. ५९) । । भ्यालको चारै कुनामा भएको खाली ठाउँमा रुखका लहराहरू बनाइएको छ । भ्यालको तल्लो भागमा सानासाना मूर्तिहरू बनाइएको छ । भ्यालको मध्य माग खुल्ला छ र माथिल्लो भागमा शिखराकृति बनाइएको छ र दायाँबायाँ अप्सराहरू उडिरहेको अवस्थामा चित्रण गरिएको छ । माथिल्लो भागको मध्य भागमा सानो मूर्ति बनाइएको छ । खुल्लाभागको ठीक तल सानासाना काठहरू लहरैसँग राखिएको छ । भ्यालको दायाँबाया चार चारवटा अलंकृत खम्बाहरू बनाइएको छ भने भ्यालको चौकोसको किनारहरूमा पनि सानासाना सर्प आकृतिका बुट्टाहरू बनाइएको छ । यस भ्यालमा बसेर

बाहिरतिर हेर्न सकिन्छ । झ्याको दायाँबायाँ सानासाना आँखीझ्यालहरू बनाइएको छ । कलाकारिताको हिसाबले यी झ्यालहरू पनि अति आवश्यक देखिन्छन् । दायाँतिरको झ्यालहरू एउटै खाले छन् । मध्यभागमा हिराआकृतिमा जालीहरू बनाइएका यी झ्यालहरू आयताकार आकृतिमा छन् । यो झ्यालको समय १७औं १८औं शताब्दी मान्न सकिन्छ ।

**(ऊ) आँखीझ्याल**

आयाताकार चौकोसमा बनेको यो झ्याल पनि पूजारीमठको अर्को महत्वपूर्ण झ्याल हो (चित्रफलक नं. ६०) । झ्यालको माथिल्लो भागको कुनामा सानासाना अलंकृत बुट्टाहरू कुँदिएका छन् भने चारै कुनामध्ये माथिल्लो भागमा चराहरूको आकृतिहरू बनाइएको छ भने तल्लो भागमा हरिणका चित्रहरू बनाइएका छन् । झ्यालको मध्यभागमा हीराहरूको आकृतिमा आँखीझ्याल बनाइएको छ । उक्त भाग सूर्य विम्बको जस्तो बनाइएको छ । विम्बको वरिपरि सर्पका आकृति बनाएर सबैभन्दा माथिल्लो भागमा ५ वटा फणाहरू भएको सर्प आकृति बनाइएको छ । विम्बको बाहिर अर्को घेरा बनाइएको छ । उक्त घेराको वरिपरि सानासाना बुट्टाहरू कुँदिएको छ । यस विम्बको बाहिर चारै कुनामा रुखका पात र लहराहरू बनाइएको छ । झ्यालको दायाँबायाँ सानासाना बुट्टाहरू कुँदिएका खम्बा आकृतिहरू बनाइएका छन् । तल्लो भागको दुवै कुनामा उडिरहेका पशु आकृतिहरू बनाइएको छ भने चौकोसको किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएको छ । उक्त झ्यालको समय १८औं १९औं शताब्दी मान्न सकिन्छ ।

**(ए) एकमुखे विमान झ्याल**

पूजारीमठमै रहेको यो अर्को महत्वपूर्ण झ्याल हो (चित्रफलक नं. ६१) । विमानको स्वरूपमा बनाइएको यस्तो झ्याललाई विमान झ्याल भनिएको पाइन्छ । झ्यालको मध्यभाग खुल्ला छ । माथिल्लो भागमा ढोकाको माथिल्लो भागमा राखिने स्वरूप बनाइएको छ । दायाँबायाँ उडिरहेका अप्सराहरूको चित्र बनाइएको छ । किनारहरूमा सर्प आकृतिहरू बनाइएको छ । झ्यालको दायाँबायाँ खम्बाहरू छन् । खम्बाहरूमा विभिन्न खाले सानासाना बुट्टाहरू कुँदिएका छन् । यी खम्बाहरूको दायाँबायाँ सानासाना जालीदार बुट्टाहरू बनाइएका छन् । उक्त जालीबाट भित्रबाट बाहिर हेर्न सकिन्छ । यी जालीदार ठाउँहरूको दायाबायाँ सानासाना खम्बाहरू छन् । खम्बाहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । यी खम्बाहरूको दायाँबायाँको माथिल्लो भागको कुनामा रुखका लहराहरू कुँदिएको छ भने यसपछि दायाँबायाँ नै जालीदार प्वालहरू छन् यसको तल्लो भागमा रुखका लहराहरू छन् । किनारहरूमा टुँडाल आकृतिमा देव मूर्तिहरू बनाइएका छन । यी मूर्तिहरू स्थानक मुद्रामा रहेका छन् । अलंकृत मुकुटहरू लगाएका यी देवमूर्तिहरूको माथिल्लो भागमा सर्प आकृतिहरू छन् र यी भन्दा माथिल्लो भागमा रुखका लहराहरू बनाइएको छ । झ्यालको तल्लो भागको

किनारमा सानासाना बुट्टाहरू कुँदिएको पाइन्छ । यी बुट्टाहरूको माथिल्लो भागमा १६ वटा मकराकृतिहरू लहरासँग बनाइएको छ । ती मध्ये ४ वटा मकराकृतिहरू खसिसकेका छन् । दुवै कुनामा ठूला ठूला मकराकृतिहरू छन् । यी मकराकृतिहरूको माथिल्लो भागमा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । मकराकृति भन्दा माथिल्लो भागमा राखिएका आकृतिहरू क्रमशः बायाँ कुनाबाट उडिरहेको पुरुष आकृति, उडिराखेको सिंह आकृति उडिरहेको सिंह आकृति र पुरुष आकृति, यी मूर्तिहरूमध्ये खुल्ला भागमा जालीदार सानासाना झ्यालहरू बनाइएको छ । झ्यालको सबैभन्दा माथिल्लो भागको किनारको तल्लो भागमा ५० वटा सानासाना सिंह आकृतिहरू बनाइएका छन् । यो झ्यालमा बसेर बाहिरतिर हेर्न सकिन्छ । कलाकारिताको हिसाबले यो झ्याल अति महत्वपूर्ण देखिन्छ । झ्याल विभिन्न ठाउँमा जोडेर बनाइएको छ । यो झ्यालको समय १८औं १९औं शताब्दी मान्न सकिन्छ । यस किसिमका झ्यालहरू धेरै मुखहरू राखेर पनि बनाउने परम्परा रहेको पाइन्छ ।

**(ऐ) आँखीझ्याल**

पूजारीमठमै रहेको यो अर्को महत्वपूर्ण आँखीझ्याल हो (चित्रफलक नं. ६२) । आयाताकार स्वरूपमा बनेको यो झ्यालको चारैतिरका किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् भने चारै कुनाको खालि भागमा रुखका लहराहरू हरिणहरूका आकृतिहरू कुँदिएका छन् । झ्यालको मध्यमाग जालीदार छ भने उक्त जालीहरूमा हीराको आकृति कुँदिएको छ । झ्यालको दायाँबायाँ सानासाना खम्बाहरू आकृतिहरू बनाइएका छ र उक्त खम्बाहरू आकृतिहरूमा सानासाना स्तूप आकृतिका सानासाना सातवटा चित्रहरू बनाइएको छ । सम्भवतः यी सातवटा आकृतिहरूले सप्त मात्रृकाको प्रतिनिधित्व गरेका हुन् र सबैभन्दा माथिल्लो भागको किनारको तल्लोभागमा लहरैसँग ३४ वटा सानासाना सिंह आकृतिहरू बनाइएको छ । झ्यालको तल्लो भागको दुवै किनारमा सिंह आकृति बनाइएको छ । माथि राखिएका सात वटा चिन्हहरू र उक्त सिंहको सांकेतिक मिलन भएको हुन सक्छ । किनभने सिंहले समेत सन्तु धर्मको प्रतिनिधित्व गर्ने गर्दछ । तल्लो भागको चौकोसको मध्य भागमा सानो मूर्ति कुँदिएको छ । उक्त झ्यालको पनि समय १८औं १९औं शताब्दी मान्न सकिन्छ ।

**(ओ) आँखीझ्याल**

आयाताकार स्वरूपमा बनाइएको यो झ्यालको चारैतिरका किनारहरूमा अलंकृत बुट्टाहरू कुँदिएका छन् (चित्रफलक नं. ६३) । चारैतिरका कुनाका भागहरू सूर्य विम्ब आकृतिका फूलहरू बनाइएका छन् । झ्यालको मध्यमाग जालीदार छ र जोर्नी (Joints) हरूमा हीराका बुट्टाहरू बनाइएको झ्यालको किनारहरूमा सर्प आकृतिहरू बनाइ माथिल्लो दायाँबायाँ साना खम्बाहरू रहेका छन् । खम्बाको तलमाथि दायाँबायाँ विभिन्न किसिमका चौकोसहरू बनाइएको छ जसमा सानासाना बुट्टाहरू कुँदिएका छन् । चौकोस दायाँबायाँ किनारमा साना खम्बाहरू बनाइएको छ । यी खम्बाहरूको तल्लो भागमा उडिराखेका गरुडहरूको मूर्ति बनाइएको छ । झ्यालको माथिल्लो भागको चौकोसको मध्यभागमा सानो मूर्ति बनाइएको छ । मूर्तिको दायाँबायाँ सानासाना बुट्टाहरू कुँदिएका छन् । यस मूर्तिको ठीक माथि अर्धगोलाकार तोरण बनाइएको छ । उक्त तोरणको मध्यभागमा आठ हात उक्त भैरवको मूर्ति बनाइएको छ । भैरवको दायाँबायाँ २ वटा देवमूर्तिहरू पनि राखिएका छन् । भैरवको ठीक माथि गरुडको मूर्ति पनि उडिरहेको अवस्थामा बनाइएको छ । गरुडको दायाँबायाँ गन्धर्व र किन्नरहरू उडिरहेको अवस्थामा बनाइएको छ । गरुडको माथि छत्रावली छ । उक्त अर्धगोलाकार तोरणको दायाँबायाँ रहेका चौकोसमा पनि काष्ठ वरिपरि देख्न सकिन्छ । यस तोरणको समय पनि १८औं १९औं शताब्दी मान्न सकिन्छ ।

**(ङ) चाँगुको किलेश्वर मन्दिरस्थित आँखीझ्याल**

चाँगुनारायणस्थित किलेश्वर महादेव मन्दिरमा रहेको यो आँखीझ्याल पनि काष्ठकलाको लागि अति महत्वपूर्ण मान्न सकिन्छ (चित्रफलक नं. ६४) । आयाताकार स्वरूपमा बनेको यो झ्याल चारै किनारहरूमा साना बुट्टाहरू कुँदिएका छन् भने झ्यालमा चारै कुनाका भागहरूमा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । झ्यालको मध्य भाग खुल्ला छ भने माथिल्लो भागको स्वरूप अर्धगोलाकार छ । झ्यालको वरिपरिको फ्रेममा सानासाना बुट्टाहरू कुँदिएका छन् । झ्यालको दायाँबायाँ खम्बा आकृतिहरू बनाइएका छन् र उक्त खम्बा आकृतिहरूमा सानासाना बुट्टाहरू पनि कुँदिएका छन् । खम्बाको तल्लो भागमा सानासाना मूर्तिहरू बनाइएका छन् । खम्बाको दायाँबायाँतिरको फ्रेममा सालभन्जिका मूर्तिहरू र मकराकृतिहरू कुँदिएका छन् । र यी मूर्तिहरूको तल्लो भागमा माथिल्लो मूर्तिहरूको भार उठाइरहेको अवस्थामा रहेका मूर्तिहरू बनाइएको छ । झ्यालको माथिल्लो भागको फ्रेममा छाना आकृतिका कोणहरू देखाइएको छ । उक्त झ्यालमा कुँदिएको कलाकारिताका आधारमा उक्त झ्याल पूर्व झ्यालहरूको तुलनामा नयाँ देखिन्छ । यो झ्याल खुल्ला झ्याल भए तापनि बाहिर हेर्ने प्रयोजनको लागि नबनाई बनावटी झ्यालको रूपमा बनाइएको पाइन्छ ।

**(च) मयूर झ्याल**

भक्तपुरकै मयूर झ्यालकै स्वरूपमा बनाइएको कुमारीघरको यो झ्याल पनि आयाताकार छ (चित्रफलक नं. ६५) । चौकोसका चारै किनारहरूमा विभिन्न किसिमका सानासाना बुट्टाहरू कुँदिएको छ । चौकोसको चारै कुनामा भएको खाली ठाउँमा रुखका लहराहरू कुँदिएको छ । झ्यालको मध्यभागको तल्लो भागमा मयूरको मूर्ति बनाइएको छ । मयूरको पछाडिपट्टी मयूरको पखेटाहरूको स्वरूपमा आँखीझ्याल बनाइएको छ । मयूरको दायाँबायाँ सानासाना २ वटा मूर्तिहरू बनाइएका छन् । जालीदार झ्यालको वरिपरि वर्गाकार फ्रेम बनाइएको छ । उक्त फ्रेममा सानासाना बुट्टाहरू कुँदिएको छ । यो फ्रेमको दायाँबायाँ तीनवटा स्तम्भ आकृतिहरू कुँदिएको छ । यी स्तम्भहरूमा अति सूक्ष्म बुद्धहरू कुँदिएको छ । अन्तिम स्तम्भको दायाँबायाँको तल्लो भागमा मकराकृति मठका खम्बाको भारलाई उठाइराखेका पुरुष आकृतिहरू बनाइएको छ । भने झ्यालको तल्लो भागको फ्रेम को मध्यभागमा आसन मुद्रामा रहेको २ हातयुक्त भैरवको मूर्ति बनाइएको छ । झ्यालको सबैभन्दा माथिल्लो भागमा अर्धगोलाकार तोरण बनाइएको छ । उक्त तोरणको मध्य भागमा १० हातयुक्त महिषमर्दिनीको मूर्ति स्थानक मुद्रामा बनाइएको छ । दायाँबायाँ भैरवका मूर्तिहरू बनाइएको छ । यी भैरव मूर्तिको दायाँबायाँ मानिसको मुखाकृति भएका चराहरूको आकृति बनाइएको छ र यी मूर्तिहरूले हातमा ध्वजा समातेका छन् । महिषमर्दिनीको मूर्तिको ठीक माथि डरलाग्दो छ्येपौको आकृति बनाइएको छ र छ्येपौले ड्रागनहरूको पुच्छरलाई खान थालि राखेको अवस्थामा देखाइएको छ । उक्त तोरणको किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएको छ । छ्येपौको माथिल्लो भागमा छत्रावली बनाइएको छ । उक्त झ्यालमा उत्कृष्ट काष्ठकलाकारिता देख्न सकिन्छ । भक्तपुरको मयूर झ्याल र यसको बनावट स्वरूप एउटै भए तापनि कुँदिएको विषयवस्तुमा धेरै फरक पाइन्छ । भक्तपुरको मयूर झ्यालको मध्यभागमा मयूरको आकृति सूर्य विम्ब चित्र गरिएको छ भने यस झ्यालमा वर्गाकार स्वरूप छ । जालीमा कुँदिएका बुट्टाहरू पनि फरक छन् । भक्तपुरको मयूर झ्यालको मध्यभागको फ्रेमको वरिपरि मयूरका मूर्तिहरू कुँदिएका छन् भने यसमा कुँदिएको पाइँदैन । झ्यालमा कुँदिएका बुट्टाहरू पनि फरक छन् । भक्तपुरको मयूर झ्यालमा तोरण राखिएको छैन भने यस झ्यालमा माथिल्लो भागमा तोरण राखिएको छ । त्यसकारण दुवै मयूर झ्याल भए तापनि बनावट र कुँदाईमा फरक रहेको पाइन्छ । साथै यस झ्यालको अध्ययनबाट १८औं शताब्दीसम्ममा काष्ठकलामा धेरै जटिलता आइपुगेको आभास पनि पाइन्छ ।

**(छ) सूर्य झ्याल**

कुमारीघरस्थित यो अर्को महत्वपूर्ण झ्याल हो । आयताकार स्वरूपमा बनेको यो झ्यालका चारैतिरका किनाराहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् (चित्रफलक नं. ६६) । झ्यालको चारै कुनामा भएको कप्पु (Lintel) भागमा ड्रागनका मूर्तिहरू कुँदिएका छन् । झ्यालको मध्य भागमा सूर्य विम्ब बनाइएको उक्त विम्बमा हीरा आकृतिको जालीदार झ्याल रहेको छ । सूर्य विम्बको मध्य भागमा स्थानक मुद्रामा सातवटा घोडाले तानिराखेको रथमा

सूर्यलाई देखाइएको छ र यसै सूर्यको आकृतिबाट निस्किएका २४ वटा किरणहरूबाट झ्यालको आकृति बनेको छ र सूर्य विम्ब बनेको छ । विम्व बाहिर चारै कुनामा जालीदार प्वालहरू रहेका छन् । उक्त विम्बको वरिपरि वर्गाकार फ्रेम छ र उक्त फ्रेममा सानासाना बुट्टाहरू कुँदिएका छन् । झ्यालको दायाँबायाँ खम्बा आकृतिहरू बनाइएको छ र उक्त स्तम्भहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । झ्यालको ठीक माथिको फ्रेमको मध्य भागमा सानो मूर्ति बनाइएको छ । मूर्तिको ठीक माथि अर्धगोलाकार स्वरूपमा तोरण बनाइएको छ । तोरण मध्यभागमा २० वटा भूजायुक्त महिषसुरमर्दिनीको मूर्ति बनाइएको छ । उक्त मूर्ति स्थानक मुद्रामा रहेको छ । मूर्तिको दायाँबायाँ भैरव आकृति कुँदिएका छन् र यी मूर्तिहरूको दायाँबायाँ तिर मकाराकृतिहरू बनाइएको छन् । महिषासुरमर्दनीको माथिल्लो भागमा गरुडको मूर्ति बनाइएको छ । उक्त मूर्तिले हातमा नागकन्याका पुच्छरहरू समातेको देखाइएको छ । काष्ठकलाको हिसाबले यो झ्याल अति महत्वपूर्ण देखिन्छ । यो झ्यालबाट एकातिर तत्कालीन समयको धार्मिक पक्षको बारेमा जानकारी पाइन्छ भने अर्कोतिर सांस्कृतिक पक्षको जानकारी लिन पनि यसले सहयोग पुऱ्याउँछ ।

**(ज) आँखीझ्याल**

कुमारीघरमा भएका झ्यालहरूमध्ये यो अर्को महत्वपूर्ण झ्याल हो । आयताकार स्वरूपमा बनेको यस झ्यालका चारै कुनाका खाली ठाउँमा ड्रागन र पुरुष आकृतिहरू कुँदिएको छ । झ्यालको मध्यभागमा आँखीझ्याल र जालिको जोर्नीहरूमा हीरा र फुल आकृतिहरू कुँदिएका छन् । झ्यालको दायाँबायाँ चार चार वटा स्तम्भ आकृतिहरू कुँदिएका छन् । उक्त खम्बाहरूमा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । अन्तिम खम्बाहरूको तल्लो भागमा सिंहमाथि चढेका पुरुष आकृतिहरू बनाइएको छ । आँखीझ्यालको ठीक माथि सातवटा स्तम्भ आकृति जस्ता आकृतिहरू बनाइएको छ । सम्भवतः यी आकृतिहरूले सप्त मात्रृकाहरूको प्रतिनिधित्व गरेका छन् । यी सातवटा चिन्हरूको ठीक माथिको फ्रेमको मध्य मागमा सानो मूर्ति कुँदिएको छ । यस मूर्तिको ठीक माथि अर्धगोलाकार तोरण बनाइएको छ । उक्त तोरणको मध्य मागमा २० मुखयुक्त महिषासुरमर्दनिको मूर्ति बनाइएको छ । मूर्तिमा महिषासुर राक्षसलाई मार्न लागेको दृश्य देखाइएको छ । मूर्तिको दायाँबायाँ भैरव आकृतिहरू कुँदिएका छन् । यी भैरव आकृतिहरूको दायाँबायाँ मकराकृतिहरू बनाइएका छन् । महिषासुरमर्दिनीको मूर्तिको माथि विभिन्न देवताहरूलाई शक्ति सहित देखाइएको छ । सबैभन्दा माथि क्षत्रावली बनाइएको छ । झ्यालका किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएको छ । कलाकारिताको हिसाबले यस झ्याललाई अति महत्त्वपूर्ण मान्न सकिन्छ । साथै १८औं शताब्दीसम्म आइपुग्दा आँखीझ्यालहरू अलि ठूला बन्न थालेको कुरा पनि स्पष्ट हुन्छ ।

**(झ) आँखीझ्याल**

ढोकाको स्वरूपमा बनाइएको यो अर्को महत्त्वपूर्ण झ्याल हो । वर्गाकार स्वरूपमा बनेको यो झ्यालको फ्रेम भने आयताकार छ (चित्रफलक नं. ६७) । झ्यालको मध्य भागमा जालीदार आँखीझ्याल बनाइएको छ भने जोर्नीहरूमा सानासाना बुट्टाहरू कुँदिएको छ । झ्याल वरिपरिको फ्रेममा सर्प आकृतिहरू कुँदिएका छन् । साथै दायाँबायाँ स्तम्भ आकृतिहरू कुँदिएका छन् । यी स्तम्भहरूमा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । झ्यालको ठीक माथिको फ्रेमको मध्य भागमा सानो मूर्ति कुँदिएको छ । मूर्तिको ठीक माथि अर्धगोलाकार स्वरूपको तोरण राखिएको छ । उक्त तोरणको मध्य भागमा महिषासूरमर्दनीको मूर्ति बनाइएको छ । मूर्तिको दायाँबायाँ भैरवका मूर्तिहरू बनाइएको छ । यी मूर्तिहरूको दायाँबायाँ मकराकृतिहरू कुँदिएका छन् । मूर्तिको ठीक माथि छ्येपौले सर्प खाइराखेको चित्र बनाइएको छ । छ्येपौको दायाँबायाँ देव आकृतिहरू बनाइएका छन् साथै रुखका लहराहरू पनि बनाइएका छन् । छ्येपौ माथि छत्रावली बनाइएको छ । तोरणको किनारमा सानासाना अलंकृत बुट्टाहरू बनाइएका छन् । झ्यालको दुवै माथिल्लो किनारमा झ्यालका चौकोसका खाली भागहरूमा शिकारी र मृग बनाइएको छ । शिकारीले धनुष र तिरले हरिणहरूलाई ताकिरहेको अवस्थमा देखाइएको छ । झ्यालको चौकोसको तल्लो भागमा विभिन्न देवीदेवताहरूका मूर्तिहरू बनाइएका छन् भने चौकोसको किनारमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् ।

### (ञ) आँखीझ्याल

आयताकार स्वरूपमा बनेको कुमारीघरको यो अर्को महत्त्वपूर्ण झ्याल हो (चित्रफलक नं. ६८) । झ्यालको तलमाथिका फ्रेमहरूमा अलंकृत बुट्टाहरू कुँदिएका छन । झ्यालको मध्य भागमा आँखीझ्याल छ । यसको जालीहरू काठको पाटी तयार गरी त्यसमा प्वालहरू खोपिएको देखिन्छ । प्वालहरू हीराको आकृतिमा बनाइएको छ । झ्यालको दायाँबायाँ तलमाथिको फ्रेममा सानासाना बुट्टाहरू कुँदिएका छन् र दायाँबायाँको भागमा स्तम्भ आकृतिहरूमा पनि सानासाना बुट्टाहरू कुँदिएका छन् । झ्यालको तल्लो भागको किनारहरूमा दुवैतिर सिंहका आकृतिहरू अलंकृत बुट्टाहरू कुँदिएका छन् । यो झ्यालको जाली भने यस घरमा भएका अन्य झ्यालका तुलनामा फरक छन् ।

### १. सूर्यझ्याल

कुमारीघरमा अवस्थित यो अर्को महत्त्वपूर्ण झ्याल हो (चित्रफलक नं. ६९) । वर्गाकार फ्रेममा बनेको यो झ्यालको मध्य भाग खुल्ला छ । यो झ्याल सूर्य विम्बको आकृतिमा बनाइएको छ । सूर्य विम्बको वरिपरि सानासाना बुट्टाहरू कुँदिएका छन् । विम्बको माथिल्लो भागमा अर्धगोलाकार तोरण राखिएको छ । उक्त तोरणमा विभिन्न देवीदेवताका मूर्तिहरू बनाइएका छन् । तोरणमा जोडी तल्लो भागमा सर्प आकृतिहरू बनाइएको छ । झ्यालको तल्लो भागमा कुनाकुनामा उषा र प्रत्युषाका मूर्तिहरू बनाइएका छन् । झ्यालको तल्लो भागमा रथको

आकृति बनाइएको छ र ११ वटा घोडाहरूको आकृति बनाइएको छ । झ्यालको तल्लो भागमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । उक्त सूर्य झ्यालहरूमा सातवटा वा नौ वटा घोडाहरू बनाइएको पाइन्छ भने यसमा ११ वटा घोडाहरू बनाइएको पाइन्छ ।

## २. तीनमुखे झ्याल

काठमाडौं उपत्यकामा भएका दरबार, घर, मन्दिर, विहार र मठहरूमा तीनमुखे झ्यालहरू पनि पाइन्छन् । यस्ता झ्यालहरू भएको घरहरू मध्यकालमा सम्पन्नताको प्रतीक मानिन्थे । मात्र सम्पन्न व्यक्तिका घरहरूमा मात्र यस किसिमका झ्यालहरू बनाइन्थे । यस शोधकार्यमा केही महत्वपूर्ण तीनमुखे झ्यालहरूको वर्णन गर्नु सान्दर्भिक देखिन्छ ।

### (क) पुजारी मठको तीनमुखे झ्याल

भक्तपुरको पुजारीमठ काष्ठकलाको लागि प्रसिद्ध छ। यहाँ भएका झ्यालहरू मध्ये यो एउटा महत्वपूर्ण झ्याल हो (चित्रफलक नं. ७०) । यस्ता झ्यालहरूलाई विमान झ्याल भन्ने चलन छ । वर्गाकार स्वरूपमा बनेको यो झ्यालको बीचमा र दायाँबायाँ गरी तीनवटा झ्यालहरू छन् । प्रत्येक झ्यालको दायाँबायाँ स्तम्भ आकृतिहरू बनाइएका छन् । उक्त स्तम्भहरूमा सूक्ष्म कलाकारिता गरिएको छ । झ्यालको माथिल्लो भागको फ्रेमको मध्य भागमा सानासाना मूर्तिहरू कुँएिका छन् । झ्यालको फ्रेमको किनारहरूमा सूक्ष्म बुट्टाहरू कुँदिएका छन् । झ्यालको फ्रेमको किनारहरूमा सूक्ष्म बुट्टाहरू बनाइएका छन् । झ्यालको तल्लो भाग जालीदार र जालीदारमा सर्प आकृतिहरू कुँदिएका छन् । झ्यालको तल्लो भागको दुवै किनारमा उडिरहेका जनावरहरूको आकृति बनाइएको छ । उक्त झ्यालको निर्माणको प्रयोजन एकातिर बसेर बाहिर हेर्न सजिलोको हिसाबले बनाइएको पाइन्छ भने अर्कोतिर मठलाई सजाउनको लागि पनि बनाइएको हुन सक्छ ।

### (ख) तीनमुखे झ्याल

पूजारीमठमा रहेको यो अर्को महत्त्वपूर्ण विमान झ्याल हो (चित्रफलक नं. ७१) । वर्गाकार स्वरूपमा बनाइएको यो झ्यालका चारैतिरका किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । झ्यालको तल्लो किनारको केही माथि तीनवटा जालीदार झ्याल आकृति बनाइएको छ । जालिमा सर्प आकृतिका बुट्टाहरू बनाइएको छ । प्रत्येक जालीदार झ्यालको दायाँबायाँ स्तम्भ आकृतिहरू बनायएका छन् । यी स्तम्भहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । यी साना जालीदार झ्यालहरू माथि मूल तीनवटा झ्यालहरू बनाइएका छन् । तीनवटै झ्याल खोल्न सकिन्छ तर चित्रमा दायाँ किनारको झ्याल मात्र खोलिएको छ भने अरु २ वटा झ्यालहरू बन्द गरिएको छ जसमा जालीदार खापाहरू छन् । झ्यालहरूको माथिल्लो भागमा अर्धगोलाकार आकृति बनाइएको छ । जसले झ्यालहरूलाई बढी आकर्षित बनाएको छ । तीनवटा झ्याल मध्य बीचको झ्याल सूर्य विम्ब आकृतिमा बनाइएको छ । झ्यालहरूको कुना

कुनामा रुखका लहराहरू कुँदिएको छ । झ्यालहरूको सबैभन्दा माथिल्लो भागका किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् ।

**(ग) तीनमुखे झ्याल**

पुजारी मठमा भएका झ्यालहरूमध्ये यो अर्को महत्त्वपूर्ण झ्याल हो (चित्रफलक नं. ७२)। आयताकार फ्रेममा बनेको यो तीनमुखे झ्यालमा झ्यालहरू भने वर्गाकार स्वरूपमा छन् । झ्यालका किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएको छ । बीचमा तीनवटा आँखीझ्यालहरू छन् । प्रत्येक आँखीझ्यालमा जालीदार प्वालहरू छन् र प्रत्येक झ्यालको ठीक मध्य भागमा एक एक वटा सानासाना मूर्तिहरू बनाइएका छन् । प्रत्येक झ्यालको माथिल्लो भाग शिखर आकृतिमा बनाइएको छ । प्रत्येक झ्यालको शिखराकृतिको दायाँबायाँ रुखका चित्रहरू कुँदिएका छन् र प्रत्यक झ्यालको माथिल्लो भागको फ्रेमको मध्य भागमा सानासाना मूर्तिहरू बनाइएका छन् । प्रत्येक झ्यालको दायाँबायाँ स्तम्भ आकृतिहरू बनाएर ति स्तम्भहरूमा विभिन्न बुट्टाहरू कुँदिएको छ । प्रतयेक आँखीझ्यालको ठीक बाहिरको घेरमा सर्प आकृतिहरू बनाइएका छन् । जालीदार झ्यालको तलतिर सिधा काठ राखेर तल सानासाना काठका मेठहरू राखिएको छ । झ्यालको तल्लो भागमा विभिन्न किसिमका पशुआकृतिहरू राखिएका छन् । सबैभन्दा तल्लो र माथिल्लो भागको किनारहरूमा विभिन्न किसमका बुट्टाहरू कुँदिएका छन् । कलाकारिताको हिसाबले यो झ्याल अति महत्वपूर्ण मान्न सकिन्छ । यस झ्यालमा कलाकारले सूक्ष्म कलाकारिता प्रस्तत गर्न सफल भएको छ ।

**(घ) तीनमुखे विमान झ्याल**

पुजारी मठमा भएको यो अर्को महत्वपूर्ण तीनमुखे विमान झ्याल हो (चित्रफलक नं. ७३) । तलतिर भन्दा माथिको भाग बढी चौडाइ भएको यो झ्यालको मध्य भागमा तीनवटा खुल्ला झ्यालहरू छन् । प्रत्येक झ्यालको माथिल्लो भागको बनावट अलंकृत छ । प्रत्येक झ्यालको माथिल्लो भागको दायाँबायाँ रुख र रुखका लहराहरू बनाइएको छ । प्रत्येक झ्यालको दायाबायाँ अलंकृत स्तम्भ आकृतिहरू बनाइएको छ । यी स्तम्भहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएको छ । प्रत्येक झ्यालको माथिल्लो भागको फ्रेमहरूको मध्य भागमा सानासाना मूर्तिहरू कुँदिएका छन् । मूर्तिहरूको माथिल्लो भागको झ्यालको किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । तीनवटा झ्यालहरूको दायाँबायाँ किनारमा टुँडालको आकृति बनाइ देवमूर्तिहरू स्थानक मुद्रामा बनाइएको छ र टुँडालहरूको माथिल्लो भागमा रुखका लहराहरू बनाइएको छ । झ्यालको तल्लो भागको २ किनारहरूमा उडिरहेका पशु आकृतिहरू बनाइएको छ भने यसै लाइनको मध्य भागमा लहरै उडिरहेका सिंह आकृतिहरू बनाइएको छ । यस मुनिको भागमा पनि बिभिन्न किसिमका पशु आकृतिहरू कुँदिएको छ भने अन्तिम किनारमा सानासाना बुट्टाहरू बनाइएको छ ।

### (ङ) तीनमुखे झ्याल

यो झ्याल पनि तलतिरबाट क्रमशः माथितिर ठूलो हुँदै गइराखेको छ (चित्रफलक नं. ७४) । झ्यालको मध्यभागमा तीनवटा खुल्ला झ्यालहरू छन् । झ्यालहरूको दायाँबायाँ स्तम्भ युक्त आकृतिहरू बनाइएको छ । उक्त स्तम्भहरूमा सानासाना विभिन्न खाले बुट्टाहरू बनाइएको छ । प्रत्येक झ्यालको माथिल्लो भागमा अलंकृत आकृति बनाइएको छ । तीनवटा झ्यालहरूको दायाँबायाँ जालीदार आँखीझ्याल बनाइएको छ । उक्त जालीदार आँखीझ्यालहरूको दायाँबायाँ टुँडाल आकृतिहरू बनाइएको छ । टुँडालमा देव आकृति स्थानक मुद्रामा बनाइएको छ र टुँडालको माथिल्लो भागमा रुखका लहराहरू बनाइएको छ । झ्यालको चारैतिरको किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् ।

### (च) तीनमुखे झ्याल (False Window)

आयताकार स्वरूपमा बनेको यो तीनमुखे बनावटी झ्यालका चारैतिरका किनाहरूमा सानासाना बुट्टाहरू कुँदिएको छ (चित्रफलक नं. ७५) । बीच भागमा क्रमैसँग तीनवटा झ्यालहरू बनाइएको छ । झ्यालहरूको बीच भागमा (False) प्वालहरू देखाइएको छ । झ्यालहरूको दायाँबायाँ स्तम्भयुक्त आकृतिहरू बनाइएको छ र उक्त स्तम्भहरूमा सानासाना बुट्टाहरू कुँदिएको छ । झ्यालको माथिल्लो भागमा अर्धगोलाकार कोणयुक्त आकृतिहरू बनाइएको छ र प्रत्येक झ्यालहरूको माथिल्लो भागको दायाँबायाँको भागमा सर्प आकृतिहरू र रुखका लहराहरू बनाइएको छ । यस किसिमका झ्यालहरूको निर्माण प्रयोजन मात्र सजावट हो किनभने यसमा प्वालहरू छैनन् ।

### (छ) तीनमुखे झ्याल

विमान झ्यालको स्वरूपमा बनाइएको यो एउटा महत्वपूर्ण झ्याल हो (चित्रफलक नं. ७६) । तीनवटा खुल्ला झ्यालहरू भएको यस झ्याल बीचको झ्याल वर्ग छ भने दायाँबायाँका झ्यालहरूको माथिल्लो भागमा अर्धगोलाकार आकारमा कोणहरू बनाइएका छन् । S.B. Deo ले माथिल्लो भागमा यस्तो आकृति भएको झ्याललाई cusped window भनेर भनेका छन् । मध्यभागको वर्ग झ्यालको वरिपरिको फ्रेममा सानासाना बुट्टाहरू कुँदिएका छन् भने दायाँबायाँ स्तम्भ आकृतिहरू बनाएर सानासाना बुट्टाहरू कुँदिएको छ । झ्यालको माथिल्लो भागमा विशेष किसिमको तोरण बनाइएको छ र तोरणमा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । यसै बीचको झ्यालको तोरणको दायाँबायाँ घरको छानालाई अड्याउन टुँडालहरू पनि अड्याइएका छन् । दायाँबायाँ भएका झ्यालहरूको निर्माण शैली एउटै छ । यी दुवै झ्यालहरूको माथिल्लो भाग अर्धगोलाकार छ र यस भागमा विभिन्न कोणहरू बनाएका छन् । दुवै झ्यालको दायाँबायाँको फ्रेममा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । दुवै झ्यालको माथिल्लो भाग अर्धगोलाकार तोरणहरू बनाइएको छ र तोरणहरूलाई अड्याउन (Support) तल्लोभाग

देखि नै सानासाना स्तम्भहरू राखिएका छन् । तोरणमा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । तीनवटै झ्यालको तोरणको माथिल्लो भागमा छत्रावली राखिएको छ । तीनवटै झ्यालहरूको ठीक तल्लो भागमा घोडाका सानासाना आकृतिहरू बनाइएका छन् भने यस भन्दा तल तीनवटा सानासाना आँखीझ्यालहरू बनाइएको छ । आँखीझ्यालहरूको बीचको जालीमा दुई दुई वटा सर्प आकृतिहरू बनाइएका छन् । यी झ्यालहरूको दायाँबायाँ उडिरहेका सिंह आकृतिहरू बनाइएका छन् भने दुई कुनामा उडिरहेका पशु आकृतिहरू बनाइएको छ । यो भागको तल्लो भागमा लहरैसँग चराका आकृतिहरू बनाइएका छन् र यी चराहरूको तल्लो भागमा सानासाना बुट्टाहरू कुँदिएका छन् । सबैभन्दा तल्लो भागमा सानासाना काठका टुँडालहरूलाई झुन्ड्याइएको छ । यो स्वरूप अन्य झ्यालहरूमा देख्न सकिंदैन ।

**(ज) तीनमुखे झ्याल**

विमानको स्वरूपमा भएको यो झ्याल कुमारी घरकै अर्को महत्त्वपूर्ण झ्याल हो (चित्रफलक नं. ७७) । माथिको झ्यालहरू जस्तै यो झ्यालको मध्य भागको झ्याल वर्गाकार फ्रेममा बनाइएको छ भने दायाँबायाँका झ्यालहरू बीचको झ्यालभन्दा अलि फरक छ । दायाँबायाँको झ्यालहरूको माथिल्लो भागमा अर्धगोलाकार स्वरूप बनाई विभिन्न कोणहरू निकालिएको छ । तीनवटै झ्यालहरूको वरिपरको फ्रेममा विभिन्न किसिमका सानासाना बुट्टाहरू कुँदिएका छन् । तीनवटै झ्यालहरूको माथिल्लो भागमा अर्धगोलाकार तोरणहरू राखिएका छन् र यी तोरणहरूमा सानासाना आकृतिहरू कुँदिएका छन् । प्रत्येक तोरणलाई झ्यालको तल्लो भागबाट माथितिर उभ्याइएका स्तम्भहरूले अड्याउन (Support) बल प्रदान गरेका छन् । माथिको झ्याल जस्तै यस झ्यालमा प्रत्येक झ्यालको तल्लो भागमा विभिन्न पशु आकृतिहरू कुँदिएका छन् । यी पशु आकृतिका छन् । यी झ्यालहरूको जालीदार भागमा सर्प आकृतिहरू कुँदिएका छन् । यो झ्यालको अन्य विवरण पनि (छ) मा वर्णन गरिएको जस्तै छ ।

**(झ) तीनमुखे विमान झ्याल**

विमानको स्वरूपमा बनाइएको यो झ्यालको आफ्नै विशेषताहरू रहेको पाइन्छ (चित्रफलक नं. ७८) । तलतिरबाट माथितिरको चौडाइ बढी भएको यस झ्यालको मध्यभागमा तीनवटा खुल्ला झ्यालहरू छन् । तीनवटै झ्यालहरूको बनावट शैली एउटै किसिमको छ । बीचको झ्यालमा फ्रेमको वरिपरि धातु मोरिएको छ । दायाँबायाँको टुँडाल आकृतिमा मूर्तिहरू कुँदिएको छ । यी मूर्तिहरूलाई पनि धातुद्वारा मोरिएको छ र धातुमा सुन जलाप लगाइएको छ । दायाँबायाँका झ्यालहरूमा धातु मोरिएको छैन । तीनवटै झ्यालहरूको दायाँबायाँको फ्रेमहरूमा सानासाना बुट्टाहरू कुँदिएको छ जसमा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । प्रत्येक झ्यालको माथिल्लो भागमा अर्धगोलाकार स्वरूप बनाइएको छ । विभिन्न कोणहरू निकालिएको छ । यस भन्दा माथिल्लो खाली ठाउँमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएको छ । प्रत्येक झ्यालको माथिल्लो भागमा तोरण राखिएको छ । तोरण अर्धगोलाकार छन् । बीचको तोरण धातु मोरिएको छ र दायाँबायाँका झ्यालहरूमा काठकै तोरणहरू छन् । यी तोरणहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । प्रत्येक झ्यालको अर्धगोलाकार तोरणलाई तलतिरबाट माथितिर खडा गरिएका सानासाना स्तम्भहरूले अड्याएका छन् । प्रत्येक झ्यालको तल्लो भागमा पशु आकृतिहरू कुँदिएका छन् । तिवटा झ्यालहरूको दायाँबायाँतर्फ टुँडाल आकृतिहरू बनाई बीचमा देव आकृति बनाइएका छन् भने देवताहरूको मुकुटबाट रुख निस्किएको देखाइएको छ । र यी मूर्तिहरूको दायाँबायाँ आँखीझ्यालहरू र यी आँखीझ्यालको माथिल्लो भागमा तोरण पनि बनाइएको छ र वरिपरिको फ्रेममा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् र झ्यालको दुवै दायाँबायाँ किनारमा स्तम्भ आकृतिहरू बनाइएका छन् र यी स्तम्भहरूमा सानासाना बुट्टाहरू बनाइएका छन् र यी स्तम्भहरूको तल्लो भागमा उडिरहेका सिंह आकृतिहरू बनाइएका छन् । झ्यालको तल्लो भागमा तीनवटा आँखीझ्यालहरू जालीदार स्वरूपमा बनाइएको छ । प्रत्येक झ्यालको मध्य भागमा मयूरको चित्र बनाइएको छ भने दायाँबायाँ सर्प आकृतिहरू कुँदिएका छन् । माथिल्लो भागबाट आएका टुँडालहरूको तल्लो भागमा उडिरहेका आकृतिहरू बनाइएको छ । आँखी झ्यालहरूको तल्लो भागमा लहरैसँग सिंह आकृतिहरू बनाइएका छन् । यसरी कलाकारिताको हिसाबले उक्त झ्यालको अति महत्वपूर्ण देखिन्छ ।

**(ञ) पाँचमुखे झ्याल**

काठमाडौं उपत्यकाको झ्यालहरूमध्ये पाँचमुखे झ्यालहरू पनि काष्ठकलाको दृष्टिकोणले अति आवश्यक मानिन्छन् । पाँचमुखे भन्ने वित्तिक्कै पाँचवटा झ्यालहरू भएको एउटै समूह भन्ने बुझिन्छ । यस्ता पाँचमुखे झ्यालहरूलाई विमान झ्याल पनि भन्न सकिन्छ । यी झ्यालहरूले मध्यकालीन सामाजिक, धार्मिक, आर्थिक र सांस्कृतिक पक्षलाई समेटेको पाइन्छ । तल केही महत्त्वपूर्ण ५ मुखे झ्यालहरूको वर्णन गर्नु सान्दर्भिक देखिन्छ ।

### (क) पाँचमुखे झ्याल

दत्तात्रय प्राङ्गणमा रहेको यो ५ मुखे झ्याल विमानको स्वरूपमा बनाइएको छ (चित्रफलक नं. ७९) । झ्यालको मध्य भागमा लगातार क्रमैसँग ५ वटा झ्यालहरू बनाइएको छ । मध्यभागमा भएको झ्यालको दायाँबायाँ भएका झ्यालहरू सूर्यविम्ब आकृतिमा बनाइएको छ भने मध्य भागको र दायाँबायाँ किनारका झ्यालहरूमध्ये भागको स्वरूपमा निर्माण गरिएका छन् । बीचको झ्यालको माथिल्लो भाग अर्धगोलाकार छ । वरिपरिको फ्रेममा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । दायाँबायाँ स्तम्भ आकृतिहरू बनाइएका छन् र उक्त स्तम्भ आकृतिहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । यस झ्यालको दायाँबायाँका झ्यालहरू सूर्य विम्ब स्वरूपमा बनाइएका छन् । सूर्य विम्बहरूको वरिपरिको किनारहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् भने रुखका पात र लहराहरू पनि कुँदिएका छन् र दुवै झ्यालको दायाँबायाँ स्तम्भ युक्त आकृतिहरू फ्रेममा बनाइएका छन् र यी स्तम्भहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । दुई किनारमा भएका झ्यालहरू बीचको भागको झ्यालकै स्वरूपमा बनाइएको छ । पाँचवटा झ्यालको माथिल्लो भागमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । झ्यालहरूको तल्लो भागमा ५ वटा जालीदार आँखी झ्यालहरू बनायएको छ । जालीदार झ्यालमा सर्प आकृतिहरू कुँदिएको छ । प्रत्येक झ्यालको दायाँबायाँ उडिरहेका सिंह आकृतिहरू बनाइएको छ । यस भन्दा तल्लो भागको फ्रेम ११ वटा सानासाना मूर्तिहरू बनाइएको छ । झ्यालको वरिपरिको किनारहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएको छ । यो झ्यालको समय १७औं १८औं शताब्दी मान्न सकिन्छ ।

### (ख) पुजारीमठमा रहेको पाँचमुखे झ्याल

विमानको स्वरूपमा बनाइएको यो झ्याल वर्गाकार स्वरूपमा निर्माण गरिएको छ (चित्रफलक नं. ८०) । झ्यालको माथिल्लो भागमा छानाको स्वरूप निर्माण गरिएको छ । झ्यालको माथिल्लो भागमा छानाको स्वरूप निर्माण गरिएको छ । ५ झ्यालमध्ये बीचको र दायाँबायाँको २ वटा झ्यालहरूको बनावट शैली फरक रहेको पाइन्छ । बीचको झ्याल र कुनाका दायाँबायाँका झ्यालहरूको बनावट स्वरूप एउटै किसिमको छ । बीचको झ्यालको माथिल्लो भागको स्वरूप अर्धगोलाकार छ र विभिन्न किसिमका कोणहरू बनाइएका छन् । माथिल्लो भागको दायाँबायाँ रुखका लहराहरू कुँदिएका छन् । बीचको झ्यालमा मध्यभागमा एउटा मूर्तिलाई यस मठका निर्माता गुरुवक्षको मान्ने चलन पनि छ । मध्यभागको दायाँबायाँ आँखीझ्यालहरू छन् । यी आँखीझ्यालहरूमा जालीदार प्वालहरू बनाइएको छ । यी दुवै झ्यालहरूको माथिल्लो भागमा अर्धगोलाकार आकृति बनाइएको छ र यस भागमा अलंकृत सानासाना बुट्टाहरू कुँदिएका छन् र दायाँबायाँ रुखका लहराहरू कुँदिएका छन् । दुवै झ्यालको दायाँबायाँका फ्रेमहरू स्तम्भ आकृतिमा बनाइएको छ । यी स्तम्भहरूमा सानासाना अलंकृत बुट्टाहरू कुँदिएका छन् । दायाँतिरको अन्तिम झ्याल खुल्ला छ र बनावट भने बीचको झ्याल

जस्तै छ भने बायाँतिरको अन्तिम झ्याल आँखीझ्याल हो । माथिल्लो भागको बनावट बीचको झ्याल जस्तै भए तापनि यो झ्याल जालीदार आँखीझ्याल हो । दुवै किनारहरूमा स्तम्भ आकृतिका फ्रेमहरू राखिएका छन् जसमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । झ्यालको ठीक तलको लामो फ्रेममा सानासाना केही मूर्तिहरू कुँदिएका छन् । यसभन्दा तल्लो भागमा माथिल्लो भागको स्तम्भयुक्त फ्रेमको ठीक तल्लो भागमा सानासाना उडिरहेका मूर्तिहरू कुँदिएका छन् र साना ५ वटा जालीदार आँखीझ्यालहरू बनाइएका छन् । प्रत्येक झ्यालको बीच बीचमा जालिमा सर्प आकृतिहरू कुँदिएका छन् । यसभन्दा तल्लो भागमा पनि ५ वटा सानासाना जालीदार आँखीझ्यालहरू बनाइएका छन् । यी आँखीझ्यालहरूको मध्य भागमा सानासाना मूर्तिहरू पनि बनाइएका छन् । प्रत्येक झ्यालको विराम विन्दुमा उडिरहेका पशु आकृतिहरू पनि बनाइएको छ । साथै जालीदार भागमा सर्प आकृतिहरू पनि बनाइएका छन् । यी झ्यालहरूको तल्लो भागमा ६४ वटा सानासाना पशु आकृतिहरू लहरैसँग कुँदिएका छन् । यसको तल्लो भाग झ्यालको किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । झ्यालको तल्लो भागमा झ्याललाई अड्याउनको लागि ६ वटा टुँडालहरू बनाइएका यी टुँडालहरूमा विभिन्न देवीदेवता अंकित गरिएका छन् । यी टुँडालहरूको माथिल्लो भागमा रुख र रुखका लहराहरू कुँदिएका छन् भने तल्लो भागमा सानासाना विभिन्न मुद्रामा रहेका मूर्तिहरू बनाइएका छन् । यस झ्यालको समय पनि १७औं १८औं शताब्दी राख्न सकिन्छ ।

**(ग) पाँचमुखे झ्याल**

पूजारीमठमा भएका महत्त्वपूर्ण झ्यालहरूमध्ये यो पनि एउटा महत्त्वपूर्ण झ्याल हो (चित्रफलक नं. ८१) । आयताकार स्वरूपमा बनेको यो झ्यालको मध्यमाग खुल्ला छ भने दायाँबायाँका चारवटा झ्यालहरू आँखी झ्यालहरू हुन् । मध्यभागको खूल्ला झ्यालको माथिल्लो भाग अर्धगोलाकार स्वरूपमा छ । वरिपरिको फ्रेममा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । दायाँबायाँ स्तम्भ आकृतिहरू बनाइएका छन् जसमा सानासाना बुट्टाहरू कुँदिएका छन् । अरु दायाँबायाँ भएका आँखीझ्यालहरूमा जालीदार प्वालहरू मध्यभागमा छ भने माथिल्लो भागमा अर्धगोलाकार आकृतिमा कोणहरू बनाइएका छन् । दायाँबायाँ भएका फ्रेम युक्त स्तम्भ आकृतिहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । आँखीझ्यालहरूको जालीदार मध्यभागमा सानासाना मूर्तिहरू बनाइएका छन् । प्रत्येक झ्यालको माथि अर्धगोलाकार तोरण राखिएको छ । प्रत्येक तोरणमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । पाँचवटै झ्यालहरूको तल्लो भागमा आयताकार स्वरूपमा आँखीझ्यालहरू बनाइएका छन् र आँखीझ्यालहरू सर्प आकृतिहरू बनाइएका छन् । झ्यालको चारैतिरको किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । यो झ्याल विमानको स्वरूपमा बनाइएको छ । सम्पूर्ण झ्यालको भारलाई तल्लो भागमा राखिएका ६ वटा टुँडालहरूले थामेका छन् । टुँडालहरूमा भएको तीन खण्डमा बीचको खण्डमा देव

आकृतिहरू कुँदिएका छ भने तल्लो भागमा पनि विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । यो झ्यालको समय पनि १७औं १८औं शताब्दी मान्न सकिन्छ ।

### (घ) पाँचमुखे आँखीझ्याल

पुजारीमठमा भएको यो अर्को महत्त्वपूर्ण आँखीझ्याल हो (चित्रफलक नं. ८२) । आयताकार स्वरूपमा बनेको यो झ्यालमा भएका ५ वटै मुखहरूमा आँखीझ्यालहरू छन् । मध्यभागको र किनारतिरका २ वटा झ्यालहरूको बनावट शैली एकै छ भने मध्य भागको दायाँबायाँका झ्यालहरूको शैली अलि फरक रहेको छ । मध्यभागको झ्यालको माथिल्लो भागको स्वरूप शिखर आकृतिको छ भने शिखरको दायाँबायाँ रुखका लहराहरू र हाँगाहरूको चित्र कुँदिएको छ । जालीदार झ्यालको मध्यभागमा सानो मूर्ति बनइएको छ । दायाँबायाँ भएको स्तम्भयुक्त फ्रेममा सानासाना बुट्टाहरू कुँदिएका छन् । यस झ्यालको दायाँबायाँ भएका झ्यालहरूको माथिल्लो भाग अर्धगोलाकार छ र अर्धगोलाकार भागमा सानासाना मूर्तिहरू बनाइएका छन् भने अन्य कुराहरू मध्य भागको झ्यालसँग मिल्छ । दायाँबायाँ किनारमा भएका झ्यालहरूको स्वरूप मध्य भागको झ्याल जस्तै छ । प्रत्येक झ्यालको माथितिरको फ्रेममा झ्यालमा सानासाना मूर्तिहरू बनाइएका छन् । मध्यभागको झ्यालको बायाँतिर माथि फ्रेममा उभिएको एउटा मूर्ति बनाइएको छ भने माथिल्लो भागको किनारहरू छानाको स्वरूपमा बनइएको छ । प्रत्येक झ्यालको जादिको तल्लो भागमा काठका सानासाना ग्रीलहरू राखिएको छ । लहरै उडिरेहका आकृतिहरू बनाइएको छ भने बीचबीचमा सर्प आकृतिहरू बनाइएको छ । यस भन्दा तल्लो भागमा लहरै ५० वटा बढी मयूरका आकृतिहरू बनाइएको छ । र सबैभन्दा तल्लो किनारमा सानासाना बुट्टाहरू कुँदिएको छ । झ्यालको वरिपरिको किनारहरूमा पनि सानासाना बुट्टाहरू कुँदिएका छन् । यो पनि विमान झ्याल हो । यसको समय पनि १७औं १८औं शताब्दी मान्न सकिन्छ ।

### (ङ) पाँच मुखे विमान झ्याल

विमानको स्वरूपमा बनाइएको यो झ्याल तलबाट माथितिर ठूलो हुँदै गएको छ (चित्रफलक नं. ८३) । यस झ्यालमा भएका ५ वटा झ्यालहरूमध्ये बीचको झ्याल सूर्य झ्यालको आकृतिमा बनाइएको छ । सूर्य झ्यालको दायाँबायाँका झ्यालहरूको स्वरूप भिन्न छ भने किनारतिरका दायाँबायाँ भएका झ्यालहरूको स्वरूप एकै खाले छ । बीचको झ्यालको मध्य भागमा सूर्य विम्बको आकृति बनाइएको छ । सूर्य विम्बमा सूर्यका किरणहरूको स्वरूप दिइएको छ । विम्बको वरिपरिको घेरामा सानासाना अलंकृत बुट्टाहरू कुँदिएका छन् भने विम्बभन्दा बाहिरको भागमा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । झ्यालको दायाँबायाँको फ्रेमहरू स्तम्भयुक्त छन् र यस्ता खम्बाहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । सूर्य झ्यालको दायाँबायाँ भएका आँखीझ्यालहरूको माथिल्लो भाग अर्धगोलाकार छ र उक्त

अर्धगोलाकार भागमा विभिन्न कोण आकृतिहरू छन् । यी आँखी झ्यालहरूको मध्य भागमा सानासाना मूर्तिहरू कुँदिएका छन् र माथिल्लो भागको दायाँबायाँ रुखका लहराहरू र पातहरू बनाइएको छ । दुवै किनारमा भएका झ्यालहरूको आकार र स्वरूप एउटै खाले छ । दुवै झ्यालको माथिल्लो भाग अर्धगोलाकार छ । अर्धगोलाकार भागमा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । दायाँबायाँ भएको खाली भागमा रुखका लहराहरू कुँदिएका छन् । बायाँ कुनामा भएको आँखीझ्याल जालीदार छ भने दायाँ किनारमा भएको झ्याल खुल्ला छ । प्रत्येक झ्यालको बीचको भागमा टुँडाल आकृतिहरू बनाइएका छन् जसमा कलश र रुखका लहराहरू कुँदिएका छन् । पाँचवटा झ्यालको अन्तिम दायाँबायाँ किनारमा आँखीझ्यालहरू छन् । आँखीझ्यालको किनारमा टुँडाल आकृति बनाइएको छ । टुँडालमा मध्यभागमा देव आकृतिहरू बनाइएका छन् भने माथिल्लो भागमा रुखका लहराहरू बनाइएका छन् । प्रत्येक झ्यालको माथिल्लो भागमा गोलाकार छत्र आकृतिहरू बनाइएका छन् । यस्ता छत्र आकृतिहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । झ्यालहरूको तल्लो भागमा ५ वटा साना झ्याल आकृतिहरू बनाइएका छन् । यी झ्याल आकृतिहरूमा सानासाना मूर्तिहरू, सर्प आकृतिहरू बनाइएका छन् । प्रत्येक झ्यालको तल्लो भागमा त्रिकोणात्मक आकृति बनाएर सानासाना आकृतिहरू बनाइएका छन् । यसको तल्लो भागमा लहरै पशु आकृतिहरू बनाएका छन् । सबैभन्दा तल्लो भागमा पनि पशुपंक्षी आकृतिहरू लहरैसँग बनाइएको छ । यो झ्यालको समय पनि १७औं १८औं शताब्दी मान्न सकिन्छ ।

**(च) सातमुखे झ्यालहरू**

काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा फाटफुट रूपमा सातमुखे झ्यालहरू पनि पाइन्छन् । यस्ता झ्यालहरू पनि विमानकै स्वरूपमा बनाइएका हुन्छ । यस्ता झ्यालहरू व्यक्तिगतको साथ साथै दरबारहरूमा पनि पाइन्छन् । यस्ता झ्यालहरूमा पनि उत्कृष्ट कलाकारिता देख्न सकिन्छ । तल केही महत्वपूर्ण सातमुखे झ्यालहरूको वर्णन गर्नु सान्दर्भिक देखिन्छ ।

**(क) हनुमानढोका दरबारस्थित सात मुखे झ्याल**

विमानको स्वरूपमा बनाइएको यो आँखीझ्याल कलाकारिताको हिसाबले अति महत्त्वपूर्ण मानिन्छ (चित्रफलक नं. ८४) । सात झ्याल मध्ये बीचको मूल झ्याल जालीदार छ र प्वालहरू छन् । झ्यालको वरिपरिको फ्रेममा धातु मोरिएको छ । र उक्त धातुमा सुन जलप लगाइएको छ भने धातुको फ्रेममा विभिन्न किसिमका अलंकृत बुट्टाहरू कुँदिएका छन् । यस झ्यालको दायाँ तीन र बायाँ तीन गरी जम्मा ६ वटा आँखीझ्यालहरू छन् । मध्यभागको दायाँबायाँका झ्यालहरूको रङ सेतो छ । भनिन्छ प्रताप मल्लले यी झ्यालहरू हात्तीको दाँतबाट बनाउन लगाएका थिए । तर अहिले सेतो रंग मात्र काठमा लगाइएको छ, हात्ती दाँत -Ivory) भने

होइन । यी दुवै झ्यालहरूको माथिल्लो भाग अर्धगोलाकार छ । दायाँबायाँका स्तम्भयुक्त फ्रेममा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । अरु झ्यालहरू विमको झ्यालहरू जस्तै छ । प्रत्येक झ्यालको माथिल्लो भागमा काठको अलंकृत तोरणहरू बनाइएको छ । यी तोरणहरू अलंकृत बुट्टाहरू कुँदिएका छन् । बीच भागको झ्यालको तोरण भने धातुद्वारा बनाइएको छ । झ्यालहरूको तल्लो भागमा आँखीझ्यालहरू बनाइएको उक्त झ्यालहरूको मध्य भागमा सानासाना मूर्तिहरू कुँदिएका छन् । प्रत्येक झ्यालको ठीक तल्लो भागमा उडिरहेका पशु आकृतिहरू बनाइएको छ । सबैभन्दा तल्लो भागमा सानासाना काठका टुक्राहरू बनाएर झुण्ड्याइएको छ । झ्यालको सम्पूर्ण भारलाई तल्लो भागमा राखिएका टुँडालहरूले अडाएका छन् । यी टुँडालहरूको तीन खण्डमा बीचको खण्डमा देव र भैरवका मूर्तिहरू कुँदिएका छन् । माथिल्लो भागमा रुखका लहराहरू बनाइएका छन् भने तल्लो भागमा विभिन्न किसिमका आकृतिहरू बनाइएको छ । यो झ्याल प्रताप मल्लको पालामा बनेको मानिन्छ ।

### (ख) सातमुखे विमान झ्याल

विमानको स्वरूपमा बनाइएको यो झ्यालको चौडाइ माथितिर ठूलो हुदैं गएको छ (चित्रफलक नं. ८५) । यस झ्यालमा २ वटा खुल्ला झ्यालहरू छन् भने ५ वटा आँखीझ्यालहरू छन् । बीचको झ्यालको माथिल्लो भाग अर्धगोलाकार छ । झ्यालको दायाँबायाँका फ्रेममा विभिन्न किसिमका स्तम्भ आकृतिहरू बनाइएका छन् । यी स्तम्भहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । मध्य भागको दायाँबायाँ भएका झ्यालहरू वर्गाकार स्वरूपमा बनेका छन् । दायाँबायाँको फ्रेममा स्तम्भ आकृति बनाई विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । बीचको झ्यालको तल्लो भागमा तीनवटा मयूर आकृतिहरू बनाइएको छ । मध्यभागको बायाँतिरको दोस्रो झ्याल पनि आँखीझ्याल हो । यो झ्यालको माथिल्लो भाग अर्धगोलाकार स्वरूपमा बनाइएको छ । उक्त अर्धगोलाकार भागमा सानासाना बुट्टाहरू कुँदिएका छन् । दायाँबायाँका स्तम्भयुक्त फ्रेममा विभिन्न किसिमका सानासाना बुट्टाहरू कुँदिएका छन् । बायाँतिरको अन्तिम झ्याल खुल्ला छ र वर्गाकार फ्रेममा बनेको छ । दायाँबायाँको फ्रेममा साना बुट्टाहरू कुँदिएका छन् । मध्य भागको दायाँतिरको दोस्रो झ्याल खुल्ला छ । माथिल्लो भागमा मध्यको भाग जस्तै अर्धगोलाकार स्वरूप छ । यसमा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् र तल्लो भागमा तीनको मयूरको आकृति बनाइएको छ । मध्यभागको दायाँतिरको तेश्रो झ्याल आँखीझ्याल हो । वर्गाकार स्वरूपमा बनेको यो झ्यालको दायाँबायाँ भएको फ्रेममा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । झ्यालको अन्तिम दायाँबायाँ किनारमा आँखीझ्यालहरू बनाइएका छन् । झ्यालको दायाँ र बायाँ कुनामा देव आकृति भएको टुँडालहरू बनाइएको छ । झ्यालको माथिल्लो भाग छानाको आकृतिमा बनाइएको छ । विभिन्न किसिमका बुट्टाहरू फ्रेममा कुँदिएको छ । झ्यालको ठीक तल्लो भागमा सातवटा सानासाना आँखीझ्यालहरू बनाइएको छ । उक्त भागमा विभिन्न किसिमका उडिराखेका पशु आकृतिहरू, सर्प आकृतिहरू बनाइएका छन् । यस

भन्दा तल्लो भागमा लहरै सानासाना पशु आकृतिहरू बनाइएको छ । तल्लो भागमा सानासाना बुट्टाहरू कुँदिएको छ । व्यक्तिगत घरमा भएको यो झ्याल १७औं १८औं शताब्दीको मानिन्छ ।

एक मुखे, तीनमुखे, पाँचमुखे र सात मुखे बाहेक ५५ मुखे झ्यालहरू समेत नेपालमा बनेको पाइन्छ । जसको ज्वलन्त उदाहरण भक्तपुरको पचपन्न झ्याले दरवार छ । यस्ता झ्यालहरू विजोरको संख्यामा बनाइनु वास्तवमा वैज्ञानिक दृष्टिकोणले अति महत्वपूर्ण मानिन्छ । विजोडमा राखिनुको महत्वपूर्ण कारण गारोमा व्यक्तिगत रूपमा जोड्नु हो । झ्यालको जडानमा विशेष प्रविधिहरू साथ जडान गर्ने गरिन्छ (परिशिष्ट ८) ।

### (छ) विविध

विविध झ्यालहरूअन्तर्गत बनावटी (False or blind) झ्यालहरूलाई राखिएको छ । सम्भवतः यस्ता झ्यालहरू नै अहिलेसम्म झ्यालका प्राप्त स्वरूपहरू मध्ये यी नै सबैभन्दा पुराना हुन् । यस्ता झ्यालहरू विशेष गरी मन्दिरको मूलढोकाको दायाँबायाँ राखिनुका साथै माथिल्लो तल्लामा राखिएका हुन्छन् । यस्ता झ्यालहरू राख्नुको प्रयोजन सजावट नै हो । तल केही बनावटी (False or blind) झ्यालहरूको विस्तृतरूपमा वर्णन गरिएको छ ।

### (क) बनावटी र सजावटी झ्याल (False or blind)

इन्द्रेश्वर महादेवमा भएको यो अर्को महत्वपूर्ण झ्याल हो (चित्रफलक नं. ८६) । आयताकार फ्रेममा बनाइएको यो झ्यालको भाग भने वर्गाकार स्वरूपमा छ । झ्यालको मध्य भागमा आसन मुद्रामा चार मुजायुक्त भैरवको मूर्ति बनाइएको छ । मूर्तिको ठीकमाथि अर्धगोलाकार आकृति बनाइएको छ । उक्त अर्धगोलाकार आकृतिमा विभिन्न किसिमले बनाइएको छ । उक्त अर्धगोलकार आकृतिमा विभिनन किसिमका आकृतिहरू कुँदिएका छन् । दायाँबायाँ स्तम्भयुक्त आकृति बनाइएको छ र उक्त स्तम्भ युक्त आकृतिमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । वरिपरिको फ्रेम वर्गाकार छ । उक्त फ्रेममा विभिन्न किसिमका बुट्टाहरू रुखका लहराहरू बनाइएका छन् । फ्रेमको दायाँबायाँ स्तम्भ आकृति बनाएर विभिन्न किसिमका बुट्टाहरू कुँदिएको छ । यी फ्रेमहरूको दायाँबायाँको खापामा मकराकृति र जंगल आकृति बनाएर विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । यस झ्यालको दायाँबायाँ सानासाना खापाहरू बनाइएको छ । उक्त खापामा विभिन्न देवीदेवताका मूर्तिहरू राखिएको छ । झ्यालको फ्रेमको चारै कुनामा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । यो झ्यालको समय, कलाकारिता र बनावटको हिसाबले १४औं १५औं शताब्दी राख्न सकिन्छ ।

### (ख) इन्द्रेश्वरस्थित बनावटी झ्याल (False Window)

आयताकार फ्रेममा बनेको यो झ्यालको मध्यभाग वर्गाकार स्वरूपमा छ (चित्रफलक नं. ८७) । झ्यालको मध्य भागमा आसन मुद्रामा भएको मूर्ति बनाइएको छ । मूर्तिको वरिपरि मन्दिर आकृति बनाइएको छ । जसको माथि तल्लो भाग अर्धगोलाकार छ । वरिपरिको फ्रेम

वर्गाकार छ । उक्त फ्रेममा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । फ्रेमको बायाँ वर्गाकार झ्यालको मूल फ्रेम छ जसमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । फ्रेमको बाहिरको दायाँबायाँको भागमा मकराकृतिहरू कुँदिएका छन् । झ्यालको मध्य भागको ठीक तल आयताकार झ्यालको आकृति बनाइएको छ । उक्त झ्यालको दायाँबायाँको खापामा मूर्तिहरू बनाइएका छन् । फ्रेमका किनारहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । यस झ्यालको समय पनि १४औं १५औं शताब्दी मान्न सकिन्छ ।

### (ग) इन्द्रेश्वरस्थित बनावटी झ्याल (False Window)

यो इन्द्रेश्वर महादेवको ढोकाको दायाँबायाँ भएको अर्को महत्वपूर्ण बनावटी (False or blind) झ्याल हो (चित्रफलक नं. ८८) । गारोमा नै जोडिएको यो झ्याल वर्गाकार स्वरूपमा छ । मूर्तिको मध्यभागमा मन्दिरको आकृति बनाएर भैरवको मूर्ति बनाइएको छ । माथिल्लो भाग अर्धगोलाकार छ । मन्दिरको भागमा वरिवरि विभिन्न किसिमका सूक्ष्म आकृतिहरू बनाइएको छ । जसमा सानासाना बुट्टाहरू कुँदिएका छन् । यी साना खम्बाहरूको दायाँबायाँ मोटमोटा खम्बा आकृतिका फ्रेमहरू बनाइएको छ । उक्त स्तम्भहरूमा भएका ११ वटा खण्डहरूमा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । झ्यालको माथिल्लो भाग साधा छ र छानोको आकृति जस्तो बनाइएको छ । तल्लो भागमा सानासाना बुट्टाहरू कुँदिएका छन् । तल्लो भागको फ्रेमको तल्लो भागमा भएको अर्धगोलाकार आकृतिमा उडिरहेको अप्सराको मूर्ति बनाइएको छ र वरिपरि बादल र रुखका लहराहरू बनाइएको छ । यसको समय पनि १४औं १५औं शताब्दी मान्न सकिन्छ ।

### (घ) इन्द्रेश्वरस्थित बनावटी झ्याल

इन्द्रेश्वरस्थित यो अर्को महत्त्वपूर्ण झ्याल हो । भित्तासँग जोडिएको यस झ्यालको मध्य भाग वर्गाकार छ (चित्रफलक नं. ८९) । झ्यालको मध्य भागमा सर्पको आसनमा बसेको मूर्ति छ । मूर्तिका २ वटा हातहरू छन् । हातमा भएका आयुधहरू स्पष्ट हुँदैनन् । शिरमाथि ५ वटा सर्पहरूको फणा छ । मूर्तिको माथिल्लो भाग वर्गाकार छ । उक्त वर्गाकार भागमा सानासाना बुट्टाहरू कुँदिएका छन् । मूर्तिको वरिपरिको फ्रेममा सानासाना बुट्टाहरू कुँदिएका छन् । मध्यभागमा भएको झ्यालको दायाँबायाँ स्तम्भ आकृतिहरू छन् उक्त स्तम्भ आकृतिहरू छन् । तलमाथि भाग साधा छ । झ्यालको तल्लो भागमा अर्धगोलाकार आकृति छ । जसमा उडिराखेको अप्सराको मूर्ति बनाइएको छ । बनावट र कलाकारिताको हिसाबले यसको समय १४औं १५औं शताब्दी मान्न सकिन्छ ।

### (ङ) इन्द्रेश्वरस्थित बनावटी झ्याल

माथिकै स्वरूपमा बनेको यो झ्यालको मध्यभागमा आसन मुद्रामा भएको मूर्ति छ (चित्रफलक नं. ९०) जसका दुई हातहरू छन् । हातहरूमा समातिएका आयुधहरू स्पष्ट

हुँदैनन् । मूर्तिको वरिपरि अलंकृत फ्रेम बनाइएको छ । फ्रेमको माथिल्लो भाग अर्धागोलाकार छ । उक्त वरिपरिको फ्रेममा सानासाना बुट्टाहरू कुँदिएका छन् । झ्यालको माथिल्लो र तल्लो किनारमा सानासाना बुट्टाहरू कुँदिएका छन् र विभिन्न डिजाइनहरू फ्रेममा निकालिएको छ । झ्यालको तल्लो भागमा अर्धगोलाकार आकृति बनाएको छ । उक्त अर्धगोलाकार आकृतिमा उडिराखेको अप्सराको मूर्ति बनाइएको छ र मूर्तिको वरिपरि सानासाना बुट्टाहरू कुँदिएका छ् । मूर्तिको यस बनावटको आधारमा १४औं १५औं शताब्दी राख्न सकिन्छ ।

### (च) इन्द्रेश्वरस्थित बनावटी झ्याल

इन्द्रेश्वरस्थित यो अर्को महत्त्वपूर्ण (False) झ्याल हो (चित्रफलक नं. ९१) । झ्यालको मध्यभागमा आसन मुद्रामा भएको मूर्ति छ । २ वटा हातहरू भएको उक्त मूर्तिको हातमा भएका आयुधहरू स्पष्ट हुँदैनन् । शिरमा साधारण किसिमको मुकुट भएको मूर्तिमा गर-गहनाहरू कम मात्रामा प्रयोग भएका छन् । मूर्तिको वरिपरि सानो फ्रेम बनाइएको छ । उक्त फ्रेममा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । फ्रेमको माथिल्लो भाग अर्धगोलाकार छ । उक्त अर्धगोलाकार भागको दायाँ र बायाँ भएको खाली भागमा पनि सानासाना बुट्टाहरू कुँदिएका छन् । मूर्तिको दायाँबायाँका फ्रेमहरू स्तम्भ आकृतिमा बनाइएका छन् र उक्त स्तम्भ मूक आकृतिमा सानासाना बुट्टाहरू कुँदिएका छन् । झ्यालको तल र माथितिरको फ्रेममा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । झ्यालको तल्लो भागमा अर्धगोलाकार आकृति बनाइएको छ । जसमा उडिरहेको अप्सराको मूर्ति राखिएको छ । उक्त मूर्तिको बढी विभिन्न किसिमका अलंकृत बुट्टाहरू कुँदिएका छन् । यस झ्यालको समय पनि १४औं १५औं शताब्दी मान्न सकिन्छ ।

### (छ) यक्षेश्वरस्थित बनावटी झ्याल

आयताकार फ्रेममा बनेको यो झ्यालको मध्य भाग भने वर्गाकार छ (चित्रफलक नं. ९२) । झ्यालको मध्यभागमा सानो ठाउँ बनाइएको छ । यस ठाउँमा भैरवको मुख बनाइएको छ । भैरवको ठीक माथि अर्धगोलाकार स्वरूप कुँदिएको छ । अर्धगोलाकार स्वरूपको दायाँबायाँ र माथिल्लो भागमा विभिनन किसिमका आकृतिहरू कुँदिएका छन् । झ्यालको दायाँबायाँको फ्रेममा स्तम्भ आकृति कुँदिएका छन् र उक्त स्तम्भ आकृतिहरूमा सानासाना बुट्टाहरू कुँदिएको छ । माथिल्लो भागको फ्रेममा सानासाना आकृतिहरू कुँदिएका छन् । तल्लो भागमा सानो झ्याल आकृति बनाइएको छ जसमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । झ्यालको फ्रेमको दायाँबायाँको फ्रेममा पनि विभिन्न बुट्टाहरू कुँदिएका छन् । कलाकारिता र शैलीको हिसाबले उक्त झ्यालको समय १६औं शताब्दी मान्न सकिन्छ ।

### (ज) बनावटी झ्याल (False Window)

चाँगुनारायण मन्दिरमा भएको यो अर्को महत्वपूर्ण blind window हो मध्यभागमा आसन मुद्रामा रहेको भैरवको मूर्ति छ (चित्रफलक नं. ९३) । दायाँ हातमा तरवार र बायाँ

हातमा पाश समातेको भैरवले सर्पमाला लगाएको देखिन्छ । शिरमा अलंकृत जटामुकुट रहेको छ । मूर्ति वरिपरि सुन्दर फ्रेम आकृति बनाइएको छ । माथिल्लो भाग अर्धगोलाकार यस अर्धगोलाकार भागमा सूक्ष्म काष्ठ कलाकारिता देख्न सकिन्छ । अर्धगोलाकार तल्लो भागको चौकोसमा पनि सूक्ष्म कलाकारिता देख्न सकिन्छ । झ्यालको तल माथिको चौकोस अलंकृत छ । माथिल्लो भागको फ्रेममा विभिन्न किसिमका आकृतिहरू बनाएर विभिन्न किसिमका बुट्टाहरू कुँदिएको छ । तल्लो भागमा पनि विभिन्न आकारहरू बनाएर सानासाना बुट्टाहरू कुँदिएको छ । तल्लो भागको फ्रेमको तल्लो भागमा अर्धगोलाकार आकृति छ । मध्य भागमा रुखको लहरा समातेकी अप्सराको मूर्ति मध्य भागमा बनाइएको छ भने वरिपरि रुखका लहराहरू फूलका आकृतिहरू बनाइएको छ । मध्यभागको झ्यालको दायाँबायाँका फ्रेम स्तम्भहरू स्वरूपमा बनाइएका छन् भने उक्त आकृतिहरू सूक्ष्म काष्ठकलाकारिता गरिएको पाइन्छ । यसको समय १७औं १८औं शताब्दी राख्न सकिन्छ । यो झ्याल र पनौती र भक्तपुरको यक्षेश्वर महादेवस्थित झ्यालहरूको तुलना गर्न सकिन्छ । यस झ्यालमा धेरै परिवर्तनहरू आएको पाइन्छ । यसले काष्ठकलाको क्रमिक विकासलाई पनि स्पष्ट पार्न सहयोग पुऱ्याएको छ ।

**(झ) बनावटी झ्याल**

चाँगुनारायणस्थित यो अर्को महत्त्वपूर्ण झ्याल हो । वर्गाकार स्वरूपमा बनाइएको यो झ्यालको मध्यभागमा भैरवको मूर्ति छ (चित्रफलक नं. ९४) । कमलको फूलमाथि आसन मुद्रामा भएको यस मूर्तिका २ वटा हातहरू छन् । हातका आयुधहरू स्पष्ट हुँदैनन् । शिरमा अलंकृत जटा मुकुट छ । मूर्तिको वरिपरिको सानो फ्रेम अति अलंकृत छ । यसमा पनि सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । फ्रेमको माथिल्लो भाग अर्धगोलाकार छ । यस अर्धगोलाकार भागको दायाँबायाँ फूलहरू बनाइएका छन् । झ्यालको तल्लो र माथिल्लो भागको फ्रेममा विभिन्न किसिमका आकार र बुट्टाहरू कुँदिएका छन् । झ्यालको सबैभन्दा माथिल्लो भागमा चक्र आकृति राखिएको छ । फ्रेमको तल्लो भागको तल्लो भागमा अर्धगोलाकार आकृति बनाइएको छ । उक्त आकृतिमा उडिराखेको अप्सराको मूर्ति देखिन्छ भने वरिपरि रुखका लहराहरू देख्न सकिन्छ । यस फ्रेमका किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् र उक्त स्तम्भहरू सूक्ष्म कलाकारिता गरिएको छ । यस झ्यालको समय पनि १७औं १८औं शताब्दी मान्न सकिन्छ ।

## टुँडालहरू:

> "If a single element had to be chosen as most illustrative of the unique qualities of Nepalese temple architecture, it would have to be the elaborately carved strut level of wood.[175] "

---

[175] R.M. Bernier, op. cit., footnote no. 2, p. 32.

अर्थात् माथिको वर्णनबाट टुँडालहरूको महत्व स्पष्ट रूपमा झल्किन्छ । नेपाली काष्ठकलाका विविध स्वरूपहरू मध्ये टुँडालहरू पनि एक हुन् । नेपाली शैलीका मन्दिरहरू यस्ता टुँडालहरूको विशेष महत्व रहेको छ । यस्ता काठका टुँडालहरू विशेषगरी नेपाली शैलीका मन्दिरहरूको छाना अड्याउनको लागि छानाको तल्लो भागबाट उठाई छाना अडाउने काठको लामो वा छोटो Vertical वस्तुलाई टुँडाल भनेर भनिन्छ । नेपाली वास्तुकलामा यसको आफ्नै किसिमको महत्व रहेको पाइन्छ । यस्ता टुँडालहरूमा प्रशस्त मात्रामा काष्ठकलाकारिता देख्न सकिन्छ । टुँडालहरूको सम्बन्धमा विभिन्न विद्वान्हरूले अध्ययन गर्ने प्रयास गरेका छन् जसबाट टुँडालका महत्वपूर्ण पक्षहरूको बारेमा थाहा पाउन सकिन्छ ।

टुँडालहरूको बारेमा *S.B. Deo* ले यसप्रकार वर्णन गर्नु भएको छ :

> Resting on the entablature or the pillars the struts support the horizontal beam above, which holds in position the series of rafters of the sloping roof. Beside their role in the constructional scheme, they when set in a row, also help in diversity the attention of the visitor from the ugly projecting beam of the roof. Moreover, since they are arranged slantingly they apear if set purpose fully for view[176].

त्यसैगरी *D.R. Regmi* ले टुँडालहरूको वर्णन यस प्रकार गर्नुभएको छ

> "The roofs are connected with the entablature by struts, which are set up in a projection as an angle of $45^0$. These struts form in many cases symbolic images of the deities of the main shrine. Sometimes the bottom part are the object of vulgar carving within ridiculous pictures of sex life, which according superstition are regarded necessary to resist hightening or other attack of nature on the temple.[177]"

त्यसैगरी *R. M. Bernier* ले नेपाली टुँडालहरूको बारेमा यसरी उल्लेख गर्नुभएको छ :

> "Rather than as mere part of a solid or semi-solid encloser, the temple struts commonly stand almost alone, from the base of the cornice ledge the struts projects upwards and outward meet the overhanging roof. The struts are firmly barred or aginst the wall of the temple braced here also, and sometimes the cornice ledge below them is ever eliminated. They are usually quiet heavy and their angled buttressing is a very firm support for the heavy sloping roof, as has been stated. The struts not project into the core nor are they built into the roof structure. They are in every practical sense a brace the prop up the roof which extend too far beyond the centre core to support its own weight. The struts are the simple and practical architecturally. Asthetically, however, they are complicated and visionary.
>
> The wood carving lavished on struts on of balconies or roof of the domestic buildings may reflect on individual's private taste growing from superstition or emblematic peity but the design of a temple show a major

---

[176] S.B. Deo, op. cit., footnote no. 54, p. 27.

[177] D.R. Regmi**, Medieval Part II,** (Calcutta : Firma K.L. Mukhopadhyay, 1966).

god in various poses and colors on exterior struts, along with various other deities associated with this god.

The design composition of struts carving must always be long and narrow because of the shape of the support. The struts is, however, filled with figures of natural propertion through the division of the composition into segment. A typical struts has a large image of a god standing upon his verticle as the central 50 percent of the struts, with a small allegorical scene below it as a separate composition, and above the god a vegetal relief which may also be repeated as a border at the end of the struts. Rocks or mountains may also be carved at the lower end.

The allegorical scenes near the base relate to the main struts figure. These scenes usually involve minor deities, although they may pertray major gods as well, but more commonly they consist of scenes of sexual subject. These are the carving so often reffered to in popular literature and so often sought out by tantrists because of their explicit depiction of sexual practises involving two or more people in unusual and often gymnastic poses. Animal may also participate in these scenes and rarely may even be the only subjects.

Renovated scenes and usually characterised by crude over painting and an over emphasis on anatomical details. So that the scenes become blantly erotic with completely lack of subtelety. The resons for the inclusion of these erotic scenes on sacred architecture is not very clear today, and a great many explanation are afforded. Most commonly put forth[178] is the idea that sexual themes on the exteriors of a temple179 will protect it from being struck by hightining for the goddess of hightning is a virgin who finds seven scenes frightening and repulsive. Another explanation envolve the encouraging of the Nepalese people in general reproduce as often as to possible in order the strengthes their numbers and increase their dominance.

The heavy corner struts from which deity figure are absent are nearly always carved to represent very powerful beasts or geographs. These ferocious looking animal and placed below the corner of the overhanging roof because they are thought to be very strong capable of guarding the heaviest roof from collapse and the temple room being entered by even the wickedest of evil spirit. An animal struts may be carved into the form of a horse or lion, but the natural animal shape is often modified into a composite creature through the addition of got like norms, fangs, extending claws etc. These large beasts often two females and two males with prominent sex organs at the four corners are painted in every bright color available without any clear concern for color symbolism as in the figures of deities.[180]

---

178 *Ibid*, pp. 33-37.

179 R.M. Bernier, op. cit, footnote. no. 2, p. 33.

180 *Ibid*.

यसरी *Bernier* को वर्णनबाट टुँडालको स्वरूप, आकार, प्रकार कुँदिएका देवीदेवता, टुँडालमा कुँदिने विभिन्न आकृतिहरू, टुँडालहरूमा भएको कामकला सम्बन्धी र कुनाकुनामा हुने टुँडालहरूको बारेमा स्पष्ट हुन्छ ।

काष्ठकलाका अनुपम नमुनाहरू मानिने र नेपालीहरूको आफ्नै मौलिक स्वरूप भएको मानिने टुँडालहरूको सम्बन्धमा N.R. Banerjee ले यस प्रकार वर्णन गर्नुभएको छ :

> The brackets supporting the eaves of the roof bear sculptured figures and carved ornamental pattern in three horizontally arranged group, zone or rows. The upper row is usually an assemblage of hanging foliage. The major part occupied by the row in the middle displays on or other aspect of the deity and the lowest is ear marked for a variety of purposes, namely, a descriptive or narrative pannel, an erotic composition of animal or humans figures, or something else. The brackets in the corners, supporting the junction of the two eaves are in the forms of rampant lions, denoting at once strength and sturdiness as well as the resistenance of the supreme power sybmolized by the deity who rides the lions. The erotic scenes in the lowest part of the wooden brackets are often explained away as helping to avert the evil or shy eyes of thunderbolt which is concerned of as a maiden and who is naturally abashed and repulsed by such scenes[181].

यसरी *N.R. Banerjee* द्वारा गरिएको वर्णनबाट स्पष्ट रूपमा टुँडालको स्वरूप टुँडालमा कुँदिने विभिन्न आकृतिहरू, टुँडालहरूको सांस्कृतिक र धार्मिक पक्ष र टुँडालका विभिन्न भागहरू कुँदिने कलाकृतिहरूको बारेमा स्पष्ट हुन्छ । टुँडालहरूको स्वरूप, विभिन्न भाग र तीनीहरूमा कुँदिने विषयवस्तुको बारेमा थाहा भए तापनि वास्तवमा अहिलेसम्म कसैले पनि टुँडालको वास्तविक अर्थलाई र यसमा भएका विषयवस्तुका रहस्यलाई स्पष्ट रूपमा व्याख्या गर्न सकिएको पाइँदैन । वास्तवमा टुँडाल भन्ने शब्द तोरणबाट अपभ्रंस भएको हुन सक्ने सम्भावना देखिन्छ । गाउँघरतिर आजभोलि पनि तिहारको समयमा तोरण बाँध्ने चलन छ । परम्पराअनुसार बाबियोको लामो डोरी बनाएर सकेसम्म १ किलोमीटर भन्दा बढी टाढासम्म पुग्ने गरी डोरीको विभिन्न भागमा फूल, दुवो, रुखका पातहरू देवताको स्वरूप मानी विभिन्न ठाउँमा झुण्ड्याई घर नजिकको रुखको बोटबाट जति टाढा लान सकिन्छ त्यति टाढासम्म लगेर अर्को रुखमा बाँध्ने चलन छ । यसको प्रयोजन विशेष गरी आफ्नो भूमि, पशु, बालबच्चा र सम्पतिको संरक्षण गर्नको लागि गरिन्छ । सम्भवतः नेपाली मन्दिरहरूमा राखिने टुँडालहरू पनि यही तोरणको दार्शनिक पक्षसँग सम्बन्धित रहेका छन् । किनभने छानालाई अड्याउन मात्र होइन कि सम्पूर्ण मन्दिरलाई सुरक्षित राख्नको लागि छानाहरूको वरिपरि विभिन्न किसिमका टुँडालहरूको आकार बनाएर छानाको भार अड्याउन राखिने टुँडालहरूले पनि मन्दिरलाई बाँध्ने कार्य गरेका हुन्छन् । सम्भवतः छाना अड्याउनको लागि चार कुनाका चारवटा टुँडाल र यी चार टुँडालको प्रत्येक दिशातिर २ वा ३ टुँडालहरू बनाई छानालाई अड्याउन सकिन्थ्यो । तर

---

181 N.R. Banarjee, op cit., footnote no. 1, p. 79.

छानालाई अड्याउन मात्र यसको प्रयोजन नभई यसको प्रयोजन सम्पूर्ण मन्दिरलाई विभिन्न देवताहरूबाट बाध्नु अर्थात् सुरक्षित पार्नु यसको प्रयोजन देखिन्छ । त्यसकारण टुँडालहरू बनाउनुको पछाडि वैज्ञानिक तत्त्वले प्रश्रय पाएको अनुमान गर्न सकिन्छ ।

नेपाली काष्ठकलाको महत्त्वपूर्ण पक्षको रूपमा देखिने टुँडालहरू नेपालीहरूको आफ्नै मौलिक देन हो । यो कला कतैबाट आयातित भएको होइन किनभने नेपाली टुँडालहरूमा आफ्नै किसिमको मौलिकता पाइन्छ । हुनत केही इतिहास र कलाविद्हरूले नेपाली काष्ठकला र वास्तुकलाको महत्त्वपूर्ण पक्ष टुँडाल चीन वा जापानबाट आयतित गरिएको कला हो भनेर भनेका छन् तर तलको एउटा अध्ययन रिपोर्टबाट यो धारणा स्पष्ट रूपमा गलत देखिन्छ । जसअनुसार :

> The struts supporting the eaves are decorated with carvings of deities or dragon like creatures, but it is dfficult to judge . 1st evolution in style on the basis of the present struts. An example of a long but very plain style of struts may be found on the third tier of the Kashtamandap, the[182] building considered to be the oldest timber structure in the Kathmandu Valley, yet since the Kashtamandap has undergone frequent repairs, it does not provide good comparative date, but it is likely that struts from an earlier date had their origin in unvaried, practical struts such as those to be found here.
>
> A structure system where struts are used to support the eaves as they are in Nepal is not found in the wooden architectural of either China or Japan. While this structure system where eaves are supported by struts can be seen in the castle in Japan, this was a technique devised in Japan of a later period, and therefore has no connection within the wooden architecture of China. Therefore, since a structural system employing struts to support the eaves has no connection with Chinese architecture, it is difficult to substantiate the theory that Chinese influence contributed to the contruction of the three storied and five storied Pagoda style structure in Nepal which use this system of struts.
>
> On the other hand, a few examples of architecture which uses such a structural system to support the caves can be seen outside Nepal. Such examples are to be found in the temple of malbar region on the west cost of India.
>
> However, with the present lack of data available on the early period of wooden structure in India, it is considered unresonable to make such a judgement.
>
> To summerise, the structureal system used to support the eaves in the Nepalese architecture not only differ from the system used in China, but is characterised by the use of struts for the purpose and the ornamentation of those struts. Such a structural system for the support of deep caves common to building in Nepal could have been devised by anyone on account of a rational solution in structure and therefore it would be

[182] The Royal Building of Nepal, op. cit. footnote no. 17.

dangerous to make a connection between the architecture of China and Nepal merely on the basis of a superficial similarities of styles[183].

यसरी विभिन्न आधारबाट टुँडालहरू नेपाली कलाको आफ्नै मौलिक उत्पति हो भन्ने कुरा स्पष्ट हुन्छ ।

टुँडालहरूको प्राचीनताको कुरा गर्दा मध्यकालदेखिका मात्र टुँडालहरूका नमुनाहरू पाइन्छन् । हुनत नेपाली शैलीका मन्दिरहरूको निर्माण गर्ने लिच्छविकाल देखि नै रहेको थियो भन्ने धेरैजसो विद्वान्हरूले र विभिन्न स्रोतहरूले स्पष्ट पारिसकेका छन् तर दुर्भाग्यवस अहिलेसम लिच्छविकालका वास्तुकलाका स्वरूपहरू पाइएका छैनन् । नेपाली वास्तुकलामा नेपाली काष्ठकलाका महत्वपूर्ण टुँडालहरू १३औं शताब्दी देखिका प्राप्त भएका छन् । अहिलेसम्मको प्राप्त विवरणअनुसार पाटनको रुद्रवर्णमहाविहारमा भएका टुँडालहरूलाई सबैभन्दा पुराना टुँडालको रूपमा लिने चलन छ तर केही कलाविद्हरूले इन्द्रेश्वर उत्तर कुनामा भएका केही टुँडालहरूलाई रुद्रवर्ण महाविहारमा भएको भन्दा पुराना मान्छन् । दुवै स्मारकहरूमा भएका टुँडालहरूको संरक्षणका अवस्था (state of preservation) को अध्ययन गर्दा इन्द्रेश्वरका टुँडालहरू नै पुराना देखिन्छन् । तर यदि कलाको विकासको दृष्टिकोणले रुद्रवर्णमहाविहारमा भएका टुँडालहरू पुराना देखिन्छन् । यस सम्बन्धमा अझै पनि प्रशस्त अनुसन्धानको आवश्यकता देखिन्छ । विद्वान्हरूमा कुन टुँडाल पुरानो हो भन्ने सम्बन्धमा विवाद भए तापनि स्पष्ट रूपमा के भन्न सकिन्छ भने नेपालमा १३औं शताब्दी देखिका टुँडालका नमुनाहरू पाइन्छन् । यी २ स्मारकहरूमा भएका टुँडालहरू पछि भक्तपुरको यक्षेश्वर महादेव मन्दिरका टुँडालहरू (१४औं १५औं शताब्दी) इटुमवहाल र छुस्यावहालमा भएका टुँडालहरू (१३औं १४औं शताब्दी) काठमाडौं उपत्यकाको तीनै दरबारमा भएका टुँडालहरू (१६-१७औं शताब्दी), जगनाथ मन्दिरमा भएका टुँडालहरू (१७-१८औं शताब्दी), पाटनको भिमसेन मन्दिरमा भएका टुँडालहरू (१७-१८औं शताब्दी), न्यातपोल मन्दिरमा भएका टुँडालहरू (१७-१८औं शताब्दी), चाँगुनारायणको मन्दिरमा भएका टुँडालहरू (१८औं शताब्दी) र पशुपतिको मन्दिरमा भएका टुँडालहरू (१८औं शताब्दी) महत्वपूर्ण मानिन्छन् । १३औं शताब्दीपछि बनेका विभिन्न नेपाली शैलीका मन्दिरहरूमा आजसम्म पनि टुँडालहरू राख्ने चलन छ । १३औं देखि २०औं शताब्दीको बीचमा बनेका नेपाली शैलीका मन्दिरहरूमा टुँडालहरू प्रशस्त मात्रामा बनेको पाइन्छ ।

टुँडालहरूलाई विभिन्न विद्वान्हरूले आफ्नै किसिमबाट विभाजन गरेको पाइन्छ । *S.B. Deo* अनुसार :

a. The corner struts, and

b. The struts at the other places.

---

183 *Ibid*.

The former are invariably shaped like prancing giffin or vyalas. These are winged animals with mixed physiogromy. Normally they are placed singly, but struts depicting two griffin are also known from the museum at Patan and Bhadgaon. They have horned heads, winged shoulders, clawed feet, either lion or a garuda face and the portion between the two legs is decorated with rosette pannel or scrolls or the figure of godha or that of a monkey. Sometimes, this is shown with human body and standing on the head of two human figurers. The lower pannel of the griffin struts bear a variety of motif like the figure of Hanuman, a human figure in anjali mudra, ordonars.[184]

the general nomenclature for struts in vilampa as used by the carpenter of Bhadgaon and Kathmandu while the Patan carpenters can the struts vilampan. The corner struts of the Vyala motif are classfied into four categories:

1. Sengha: Lion,
2. Bhenera singha-Ramhorned Lion,
3. Maga Singha: Goat horned lion, and
4. Garuda singha: Garuda kneed lion

The struts used at other places consist of several varieties, the most notable of which are as follows:

1. Struts with religious motif: These consists of the figures of the Lokeswaras; tantric deities; Shiva and his ten incarnation like Trivikrama, Varaha, Balrama, Ganapati, Asta mangalas, Boddhisattwas and god like Garuda and Agni.
2. Semi-religions motifs: This group comprises representation of mythological figure like those of Bhimsera, god associated with the constellations salbhanjika etc[185]..

यसरी *S.B. Deo* ले टुँडालहरूलाई दुई भागमा विभाजन गरी तीनीहरूको विस्तृत विवरण पनि प्रस्तुत गरेका छन् । यसरी अन्य विद्वान्हरूले S.B. Deo कै कुरालाई आधार मानी २ भागमा नै विभाजन गरेको पाइन्छ । विद्वान्हरूले जसरी व्याख्या गरेतापनि सामान्य रूपमा टुँडालहरू निम्नलिखित भागमा विभाजन गरिएको छ :

(१) धेरै अग्ला टुँडालहरू

(२) देवता शक्ति सहितका टुँडालहरू

(३) अभिलेख भएका टुँडालहरू

(४) सामाजिक दृश्य भएका टुँडालहरू

(५) साना खाले टुँडालहरू

(६) कुशलहरू भएका टुँडालहरू

---

184 S.B. Deo, op. cit., footnote no. 5, pp. 58-59.

185 *Ibid*.

(७) आसन मूर्तिहरू भएका टुँडालहरू

(८) साधा खाले टुँडालहरू

मन्दिरमा धेरै ठूला ठूला टुँडालहरू पाइन्छन् । जस्तै पशुपति मन्दिरमा, रातो मच्छेन्द्रनाथ मन्दिरमा, चाँगु र न्यातपोल मन्दिरहरूमा भएका टुँडालहरूलाई अग्ला टुँडालहरूको श्रेणीमा राख्न सकिन्छ । दोस्रो श्रेणी शक्ति सहितका टुँडालहरू र एकल देवताका टुँडालहरूलाई राख्न सकिन्छ । जस्तै, चाँगुनारायणका टुँडालहरू पनि यस श्रेणीमा पर्दछ । तेश्रो श्रेणीमा अभिलेख लेखिएका टुँडालहरूलाई लिन सकिन्छ । यस्ता टुँडालहरूको तल्लो भागमा टुँडालहरूको नाम लेखी विभिन्न किसिमका घटनाहरूलाई दर्शाइएको पाइन्छ । जस्तैः पाटनको भिमसेन मन्दिरमा भएका टुँडालहरू पाटनकै सत्यनारायण मन्दिरमा भएका टुँडालहरू । टुँडालको तल्लो भागमा सामाजिक दृश्यहरू कुँदिएका टुँडालहरूलाई सामाजिक टुँडालहरू भनेर नामाकरण गर्न सकिन्छ । आसनमूर्तिहरू भएका टुँडालहरूलाई आसन टुँडालहरू भनेर नामाकरण गर्न सकिन्छ । जस्तैः इन्द्रेश्वरमा भएका टुँडालहरू, भक्तपुरको शिवमन्दिरमा भएका टुँडालहरू, हनुमानढोका माफ्ञ देवतामा भएका टुँडालहरू यसअन्तर्गत पर्दछन् । आकारमा साना भएका टुँडालहरूलाई साना टुँडालहरू भनेर भन्न सकिन्छ । मन्दिरका चार कुनामा भएका टुँडालहरूलाई कुशल टुँडाल भनेर नामाकरण गर्न सकिन्छ । कुनै पनि आकारहरू नभएका टुँडालहरू साधा टुँडाल भनेर नामाकरण गर्न सकिन्छ । यसरी यी टुँडालहरूको विभाजन गरिसकेपछि टुँडालहरूमा अंकित गरिएका विभिन्न घटनाहरूको बारेमा पनि चर्चा गर्नु सान्दर्भिक देखिन्छ । प्रत्येक मन्दिरमा भएका टुँडालहरूको आफ्नै किसिमको विषयवस्तु समाहित वा वर्णन गरिएको पाइन्छ । जसले गर्दा सामान्य मानिसहरूलाई यस्ता घटनाहरूको बारेमा बुझ्न बढी गारो भएको पाइन्छ । किनभने यस्ता विवरणहरू धार्मिक तथा दार्शनिक पक्षले स्थान पाएको पाइन्छ । टुँडालहरूमा प्रायः तीनवटा महत्त्वपूर्ण भागहरू हुन्छन् । ती तीनवटा महत्त्वपूर्ण भागहरूमा क्रमशः माथिल्लो भागमा रुखका लहराहरू, गन्धर्व किन्नरका मूर्ति र आकृतिहरू कुँदिएका हुन्छन् भने मध्य भागमा मूल देवताको मूर्ति बनाइएको हुन्छ भने सबैभन्दा तल्लो भागमा रतिकलासँग सम्बन्धित मूर्तिहरू, देवीदेवताका वाहनहरू, सामाजिक जीवनसँग सम्बन्धित घटनाहरूको मूर्तिहरू बनाइएको हुन्छ । सम्पूर्ण टुँडाल फलकमा सूक्ष्म काष्ठकलाकारिता देख्न पाइन्छ । तल केही महत्वपूर्ण टुँडालहरूको बारेमा वर्णन गर्नु सान्दर्भिक देखिन्छ जसले नेपाली काष्ठकलाका विविध पक्षहरूको जानकारी दिने गर्दछन् ।

**(१) रुद्रवर्ण महाविहारमा भएका टुँडालहरू**

विभिन्न आधारहरूबाट रुद्रवर्ण महाविहारमा भएका तीनवटा टुँडालहरूलाई धेरै जसो विद्वान्हरूले नेपालका सबैभन्दा पुराना टुँडालहरू मानेका छन् (चित्रफलक नं. ९६) । यी टुँडालहरूमा सालभन्जिका मुद्रामा रहेका नारी मूर्तिहरू अंकित गरिएका छन् । यी नारी मूर्तिहरूको खुट्टा परम्परामा एक अर्काको वारपार राखेर उभिएको देखिन्छन् । यी तीनवटा

टुँडालहरूमध्ये दुइवटा टुँडालमा भएको नारी आकृतिको देब्रे पैतलाले तल बसेकी नारी आकृतिको टाउको र दाहिने पैतलाले उसको काँधनेर टेकेको देखिन्छ । एउटा टुँडालमा रहेको नारी मूर्तिको पेटमा छ भने अर्को हातले माथि रुखको फूलसहितको हाँगा समातेको देखिन्छ । अर्को नारी मूर्तिले भने आफ्ना बायाँ हातले कम्मरनेरको अधोबस्त्र समातेको छ भने उसको दायाँ हात टाउकोदेखि माथि वृक्षको हाँगो समात्ने क्रममा छ । नारी मूर्तिहरूको शिरमाथि थुँगे फूलहरूका लहराहरू, हाँगोहरू आकर्षक देखिन्छन् । नारी मूर्तिहरूमा शिरमा मुकुट र जटा मुकुटहरू देखिन्छन् । मूर्तिहरूको शारीरिक बनावट शैली पनि आफ्नो किसिमको रहेको पाइन्छ । मूर्तिहरूमा कानमा कुण्डला, घाँटीमा मोटो हार र लकेट, हातहरूमा बालाहरू, पाखुरामा केयूरहरू छन् । मूर्तिहरू त्रिमंङ्ग कपालमा देखाउन खोजिएको पाइन्छ । मूर्तिहरूमा खासै जटिलता पाइँदैन । साधारण खाले यी टुँडालहरू काष्ठकलाका अति महत्वपूर्ण नमुनाहरू मानिन्छन् ।

**(२) पनौतीको इन्द्रेश्वर महादेव मन्दिरमा भएका टुँडालहरू**

पनौतीको इन्देश्वर महादेव मन्दिरमा भएका टुँडालहरू पनि काष्कलाको हिसाबले अति महत्वपूर्ण मानिन्छन् । मन्दिरको पहिलो र दोस्रो तल्लामा भएका टुँडालहरू नै काष्ठकलाको हिसाबले महत्त्व राख्दछन् । तल केही महत्त्वपूर्ण टुँडालहरूको वर्णन गरिन्छ ।

(क) इन्द्रेश्वर मन्दिरस्थित यी दुईवटा टुँडालहरूको बनावट शैली एकै छ । टुँडालका मध्यभागमा पुरुष मूर्ति छ (चित्रफलक नं. ९७) । सम्भवतः यी मूर्तिहरू रामका हुन् । टुँडालहरूको माथिल्लो भागमा रुखका लहराहरू र पातहरू बनाइएका छन् । रुखका पातहरू अति अलंकृत हिसाबबाट बनाइएका छन् । बीचको मूर्ति सालभन्जिका मुद्रामा छ । मूर्तिका दाहिने हातले माथितिर शिरको माथि रुखको लहरा समातेको जस्तो देखिन्छ भने दुवै मूर्तिको बायाँ हातले बायाँ काँधमा भिरेको धनुषको आकृति समातेका छन् । शरीरको तल्लो भागमा धोती लगाइएको देखाइएको छ । धोती अलंकृत छ । कम्मरमा पनि अलंकृत पेटी आकृति बनाइएको छ । धोतीका २ वटा टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । धोतीका टुप्पाहरूमा विभिन्न अलंकृत बुट्टाहरू कुँदिएका छन् । घाँटीमा विभिन्न किसिमका झालाहरू, कानमा चक्र कुण्डलहरू, शिरमा अलंकृत मुकुट, हातमा बालाहरू, बाजुमा केयूरहरू, खुट्टामा वालाहरू यी मूर्तिहरूका महत्वपूर्ण विशेषताहरू हुन् । टुँडालको मूर्तिका तल्लो भागमा खुट्टाहरू परम्परा रूपमा क्रस गरिएको देखिन्छन् । खुट्टाहरू तलतिर बसेका युगल जोडीहरूको शिरमा राखिएका छन् । तलतिर भएका युगल जोडीहरूको २ किरणमा कम लुगाहरू र गरगहनाहरू छन् र नजिकै सटेर बसेका छन् । युगल मूर्तिहरूको तल्लो भागमा पर्वतको आकृति कुँदिएको छ । समष्टिगतरूपमा हेर्दा यी टुँडालहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । यी

टुँडालहरूमा रुद्रवर्ण महाविहारमा भएका मूर्तिहरूमा भन्दा केही वढी अलंकरण देखिन्छ ।

(ख) इन्द्रेश्वर महादेव मन्दिरमा भएका टुँडालहरूमध्ये यी २ वटा टुँडालहरू पनि महत्त्वपूर्ण मानिन्छ (चित्रफलक नं. ९८) । यी टुँडालमध्ये दायाँतिरको टुँडालको मध्यभागमा चामुण्डाको मूर्ति रहेको छ । यस टुँडालको माथितिर रुखका लहराहरू बनाइएका छन् र रुखका पातहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । टुडालको मध्यभागमा चामुण्डाको डरलाग्दो मूर्ति बनाइएको छ । चामुण्डाको शिरमा जटा मुकुट छ । जटाहरू माथिल्लो भागमा उडिरहेको देखाइएको छ । कानमा ठूला ठूला कुण्डलहरू छन् । शरीरमा हाडहरू मात्र देखिन्छन् । कम्मरमा धोतीको स्वरूपको आकृति देखिन्छ । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू देखिन्छन् । घुँडानेर धोतीको टुप्पा झुण्डिएको देखाइएको छ । मूर्तिको खुट्टाले तल्लो भागमा बसेका युगल जोडीहरूको शिरमा टेकेको छ । युगल जोडीहरू नग्न अवस्थामा छन् र खुट्टाहरू परम्परा क्रस गरी उभिएका छन् । युगल जोडीको तल्लो भागमा साधारण बुट्टाहरू कुँदिएका छन् ।

यो टुँडालको बायाँतिर भएको टुँडालको मूर्ति सालभन्जिका मुद्रामा छ । यस नारी मूर्तिको बीचमा भएको नारी मूर्तिको दायाँ हातले रुखमा समातेको छ । अर्को हात छातीनेर ल्याएर अभय मुद्रामा राखिएको छ । शिरमा जटामुकुट, घाँटीमा विभिन्न हारहरू लगाउनु, कानमा कुण्डलहरू हुनु, हातमा बाला र बाजुमा केयूरहरू हुनु, तल्लो भागमा अलंकृत धोती र खुट्टामा बालाहरू हुनु यस मूर्तिका महत्त्वपूर्ण विशेषताहरू हुन् । धोतीको एउटापट्टि काँधको वरिपरि घुमाइएको छ भने टुप्पा तल्लो भागमा झुण्डिएको छ । जसमा अलंकृत बुट्टाहरू कुँदिएका छन् । मूर्तिका खुट्टाहरू परस्पररूपमा क्रस गरिएका छन् । खुट्टाहरूले तल्लो भागमा बसेका युगल जोडीहरूको शिरमा टेकेका छन् । शरीरमा कपडा र गहनाहरू कम मात्रामा देखिन्छन् । युगल जोडीको तल्लो भागमा पर्वतका आकृतिहरू बनाइएका छन् । कलाकारिताको हिसाबले यस टुँडालमा पनि प्रशस्त मात्रामा काष्ठ कलाकारिता देखिन्छ ।

(ग) **इन्द्रेश्वरका टुँडाल :** इन्द्रेश्वर मन्दिरमा भएका टुँडालहरूमध्ये यी २ वटा टुँडालहरूलाई पनि महत्त्वपूर्ण मानिन्छ (चित्रफलक नं. ९९) । यी २ टुँडालहरूमध्ये दायाँतिर भएको टुँडालको माथिल्लो भागमा रुखका लहराहरूको साथै रुखका अलंकृत पातहरू कुँदिएको छ । जसमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । बीचमा भएको पुरुष मूर्ति सालभन्जिका मुद्रामा छ । मूर्तिको दाहिने हातले माथितिर लगी रुखको हात समातेको जस्तो देखिन्छ । बायाँतिर छातीनेर छ र अभय मुद्रामा छ । यस मूर्तिको शिरमा अलंकृत मुकुट छ । शरीरमा, घाँटीमा हार, हातमा वाला, बाजुमा केयूर र खुट्टामा वालाहरू देखिन्छन् । तल्लो भागमा धोती लगाएको मूर्तिको काँधको वरिपरि धोतीको पट्टा

देखिएको छ । धोतीको एउटा टुप्पा तल्लोतिर झुण्ड्याएको छ । मूर्तिका खुट्टाहरू परम्पर काटिएका छन् । खुट्टाले तलतिर भएका युगल जोडीको शिरमा खुट्टाहरू राखेको छ । तलतिर भएका युगल जोडीमध्ये पुरुष उभिएको अवस्थामा छ भने कपडा र गरगहनाहरू प्रयोग कम मात्रामा भएको पाइन्छ । युगल जोडीको तल्लो भागमा साधारण किसिमका बुट्टाहरू कुँदिएका छन् ।

यस टुँडालको बायाँतिर भएको टुँडालको माथितिर पनि रुखका लहराहरू र पातहरू कुँदिएका छन् । बीचको मूर्ति स्थानक मुद्रामा छ । मूर्तिको बायाँ हात अभय मुद्रामा छ भने बायाँ हात जीर्ण भैसकेको छ । मूर्तिको शिरमा जटा मुकुट छ । शरीरमा प्रशस्त मात्रामा अलंकृत गरगहनाहरू प्रयोग गरिएका छन् । कम्मरमा धोती छ । धोतीको एउटा पक्ष काँधको वरिपरि घुमाइएको छ भने धोतीको एउटा टुप्पा तल्लो भागमा झुण्डिएको छ । यस टुप्पामा विभिन्न किसिमका बुट्टाहरू र मुजाहरू देखिन्छन् । मूर्तिका खुट्टाहरू तल्लो भागमा परस्पर क्रस गरिएका छन् । मूर्तिले तल्लो भागमा भएका युगल जोडीहरूको शिरमा खुट्टा राखेको छ । युगल जोडीहरूको शरीरमा लुगा र गहना कम छन् । तल्लो भागमा सर्प र चराको मूर्ति कुँदिएको छ ।

## (३) यक्षेश्वर मन्दिरका टुँडालहरू

भक्तपुरको यक्षेश्वर महादेव मन्दिर पनि काष्ठकलाको लागि प्रसिद्ध छ । यस मन्दिरका टुँडालहरू पनि काष्ठकलाका महत्वपूर्ण नमुनाहरू पर्दछन् । यस मन्दिरमा भएका टुँडालहरूको बनावट स्वरूप अन्य टुँडालहरू भन्दा केही फरक पाइन्छन् । यसका टुँडालहरू विशेषगरी वरिपरि घेरा बनाएर मध्यभागमा मात्र कुँदिएका पाइन्छ । यस मन्दिरमा भएका केही टुँडालहरूको वर्णन निम्नानुसार रहेको छ ।

(क) यक्षेश्वर महादेव मन्दिरमा भएको यस टुँडालको माथिल्लो भागमा रुखका पातसहितका लहराहरू बनाइएका छन् (चित्रफलक नं. १००) । पातहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । बीचमा भैरवको मूर्ति छ । मूर्तिका चार हातहरू  छन् । २ वटा हातहरू माथितिर उठाइएका छन् भने एउटा हात अभय मुद्रामा छ भने अर्को हात वरद मुद्रामा छ । कम्मरसम्म झुण्डिएको मुण्डमाला लगाएको भैरवको शिरमा अलंकृत मुकुट, कानमा चक्र, कुण्डलहरू छन् । साथै घाँटीमा हार, हातमा बालाहरू, कानमा चक्रकुण्डलहरू छन् । साथै घाटीमा हार, हातमा बालाहरू, बाजुमा केयूर र खुट्टामा पनि वालाहरू छन् । कम्मरमा धोती लगाएको छ । धोतीको एउटापट्टि जाँघको वरिपरि बारिएको छ । भैरवका खुट्टा तल्लो भागमा परस्पर क्रस गरिएका छन् । भैरवका खुट्टाहरू कमलको फूलमाथि बसेको साँढेको धातुमाथि राखिएका छन् । कमलको फूलको तल्लो भागमा सानो खोपाको आकृति बनाएर स्थानक मुद्रामा कामकलाको अवस्थामा २ वटा युगल जोडीहरू छन् । युगल जोडीको वरिपरि सानासाना बुट्टाहरू कुँदिएका छन् । युगल जोडीको तल्लो भागमा कमलको आकृतिका चारवटा आकारहरू बनाएर विभिन्न बुट्टाहरू कुँदिएको छ । सबैभन्दा तलको केही भाग साधा छ । यस टुँडाललाई ठूलो र रतिकला अर्थात् आसन टुँडालभित्र पनि राख्न सकिन्छ । यसको समय १४औं १५औं शताब्दी मानिन्छ ।

(ख) माथिको टुँडालको बायाँतिर भएको यो अर्को महत्वपूर्ण टुँडाल हो (चित्रफलक नं. १००)। बीचमा पुरुष मूर्ति कुँदिएको यस टुँडालको माथिको केही भाग साधा छ । यस भन्दा तल्लो भागमा रुखका पात सहितका लहराहरू बनाइएका छन् । रुखका पातहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । बीचमा भएको पुरुष मूर्तिका २ वटा हातहरू छन् । एउटा हात अभय मुद्रामा छ भने अर्को हात वरद मुद्रामा छ । शिरमा अलंकृत मुकुट, कानमा चक्र कुण्डलहरू हुनु, घाँटीमा हार, हातमा बालाहरू, बाजुमा केयूर कम्मरमा धोती, खुट्टामा बालाहरू हुनु यस मूर्तिमा देखिने महत्वपूर्ण विशेषताहरू हुन् । मूर्तिको धोतीमा अलंकृत बुट्टाहरू कुँदिएका छन् । धोतीको एउटापट्टि जाँघको वरिपरि बेरिएको छ । मूर्तिको तल्लो भागमा खुट्टाहरू परस्पर क्रस गरिएको छ । खुट्टाहरू कमलको फूलमाथि राखिएका छन् । कमल फूलभन्दा तल्लो भागमा तीनजना युगल

जोडीहरू स्थानक मुद्रामा रहेका छन् । यी तीनवटा जोडीहरू रतिक्रिडामा व्यप्त देखिन्छन् । मूर्तिको तल्लो भागमा कमलको आकृतिका बुट्टाहरू कुँदिएका छन् । टुँडालमा विभिन्न रंगहरू प्रयोग गरिएको छ । यो टुँडालको समय पनि १४औं १५औं शताब्दी राख्न सकिन्छ । यस टुँडालको सबैभन्दा तल्लो भाग साधा छ ।

(ग) माथिको टुँडालको बायाँतिर भएको यो अर्को महत्वपूर्ण काठको टुँडाल हो (चित्रफलक नं. १००) । टुँडालको मध्यभागमा गणेशको मूर्ति छ । टुँडाल सबैभन्दा माथिल्लो भाग साधा छ । यस भन्दा तल्लो भागमा पात सहितका रुखका लहराहरू छन् । रुखका पातहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । गणेशको मूर्तिका चारवटा हातहरू छन् । ती हातहरूमा विभिन्न किसिमका आयुधहरू समातिएका छन् । मूर्तिको शिरमा मुकुट छ र कानमा चक्र कुण्डलहरू छन् । घाँटीमा हार, हातमा बालाहरू, बाजुमा केयूर र कम्मरमा अलंकृत धोती हुनु यस मूर्तिका महत्वपूर्ण विशेषताहरू हुन । मूर्तिको धोतीको पट्टा जाँघको वरिपरि घुमाएर कम्मरतिर लगिएको छ । यसमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । मूर्तिका खुट्टाहरू परस्पर क्रस छन् । मूर्तिका खुट्टाहरू तलतिर काममुद्रामा भएका युगल जोडीहरूको शिरमाथि राखिएका छन् । युगल मूर्तिहरू कमलको आसनमा आसन मुद्रामा छन् । मूर्तिहरूको तल्लो भाग साधा छ । गणेशको सुँढ पेटसम्म झुण्डिएको देखाइएको छ । यो टुँडालको समय पनि १४औं १५औं शताब्दी मानिन्छ ।

### (४) पाटन मूलचोकका टुडालहरू

पाटनको मूलचोक पनि काष्ठकलाको प्रसिद्ध ठाउँ हो । यस चोकमा काष्ठकलाका विभिन्न स्वरूपहरू देख्न सकिन्छ । यस चोकमा भएका केही महत्वपूर्ण टुँडालहरूको तल चर्चा गरिन्छ ।

(क) पाटनको मूलचोक भएको यो टुँडाल साना टुँडालहरूको श्रेणीमा पर्दछन् । टुँडालको माथिल्लो भागमा रुखका लहराहरू छन् (चित्रफलक नं. १०१) । पातहरू अति अलंकृत तरिकाबाट कुँदिएका छन् । यस भन्दा तल्लो भागमा देवताको मूर्ति छ । सामान्य रूपमा हेर्दा विष्णुको अवतार मूर्ति जस्तो देखिने यस मूर्तिका दशवटा हातहरू छन् । हातका विभिन्न किसिमका आयुधहरू लिएको चारवटा शिरहरू छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ । तल्लो भागमा भएको धोतीको टुप्पा छ । टुप्पामा सानासाना बुट्टाहरू कुँदिएका छन् । तल्लो भागमा २ वटा साँढेहरू देखिन्छन् । साँढेहरू कमलासनमा छन् । कमलको आसनमुनि नमस्कार मुद्रामा बसेको मूर्ति छ । तल्लो केही भाग साधा छ । बीच भागमा भएको मूर्तिलाई सेतो रंग लगाएको छ । यो टुँडाल पनि १७औं शताब्दीको हो ।

(ख) माथिको टुँडालको बायाँतिर भएको यो अर्को महत्त्वपूर्ण टुँडाल हो । माथिल्लो भागमा रुखका पात सहितका लहराहरू छन् (चित्रफलक नं. १०१) । रुखका पातहरू वडो अलंकृत तरिकाबाट बनाइएका छन् । बीचमा भएको देवताका दशवटा हातहरू र ४ वटा शिरहरू छन् । मूर्तिको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । शिरमा अलंकृत मुकुट छ । मूर्तिका खुट्टाहरू मयूरमाथि छन् । मयूरहरू कमलको फूलमाथि उभिएका छन् । यसको तल्लो भागमा सानो खोपा बनाएर सानो देवताको मूर्ति बनाइएको छ । मूर्तिको माथितिर रुखका पातहरू बनाइएका छन् । तल्लो भाग साधा छ । टुँडालमा विभिन्न किसिमको रंग प्रयोग गरिएको छ । बीचको मूर्तिको सेतो रंग छ । यो मूर्ति पनि १७औं शताब्दीको हो ।

(ग) माथिको टुँडालको बायाँतिर भएको यो पनि अर्को महत्वपूर्ण टुँडाल हो (चित्रफलक नं. १०१) । टुँडालको माथिल्लो भागमा पात सहितका रुखका लहराहरू कमलासन माथि आलिढ मुद्रामा रहेको दश हात र चार शिरयुक्त देवताको मूर्ति छ । मूर्तिको शिरमाथि सर्पका फणाहरूको छायाँ छ । हातमा विभिन्न किसिमका आयुधहरू छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । शिरमा अलंकृत मुकुट छ । मूर्तिको तल्लो भागमा आसन मुद्रामा भएको देवताको मूर्ति छ । बीचमा भएको देवतालाई सेतो रंग लगाइएको छ । यो मूर्ति पनि १७औं शताब्धीको हो ।

### (५) छुस्यावहालमा भएका टुँडालहरू

नेपालमा भएका महत्त्वपूर्ण मध्यकालीन विहारहरूमध्ये छुस्या वहाल पनि एक हो । यस वहालमा प्रशस्त मात्रामा काष्ठकलाका विभिन्न स्वरूपहरू पाइन्छन् । यस विहार/वहालमा प्रशस्त मात्रामा टुँडालहरू पनि पाइन्छन् । जसले काष्ठकलाको मध्यकालीन एउटा बलियो पक्षलाई स्पष्ट पार्दछ । यस विहारमा भएका केही टुँडालहरू तल वर्णन गरिन्छ ।

(क) यस टुँडालको माथिल्लो भागमा सूर्यमुखी फूलको बोट बनाइएको छ (चित्रफलक नं. १०२) । यस बारेमा पात र फूलहरू छन् । फूल र पातहरू वडो अलंकृत हिसाबबाट बनाइएका छन् । बीचमा भैरवको मूर्ति छ । भैरवको मूर्तिका २ वटा हातहरू छन् । २ हातहरूमध्ये एउटा हातमा चक्र समातेको छ भने अर्को हातमा फूल समातेको छ । घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको भैरवको खुट्टाहरू परस्पर रूपमा क्रस गरी कमलको फूलमाथि छन् । भैरव स्थानक मुद्रामा छ । घाँटी सर्पमाला र हार, हात खुट्टा, वाकु हुनु यस भैरव मूर्तिका महत्वपूर्ण विशेषता हुन् । कानमा चक्र कुण्डलहरू र शिरमा जटामुकुट छ । मुकुटको अगाडितिर पेटीमा विभिन्न आकृतिहरू बनाइएका छन् । कम्मरको तल्लो भागमा अलंकृत धोती छ । धोतीको टुप्पा तल्लो भागमा झुण्डिएको छ । टुप्पामा विभिन्न किसिमका अलंकृत बुट्टाहरू कुँदिएका छन् । भैरवको खुट्टा तल

कमलको फूल तल नग्न अवस्थामा नारीको मूर्ति शयन मुद्रामा छ र फूलको आकृति कुँदिएको छ । यस नारी मूर्तिको तल्लो भागमा घुँडा टेकी बसको २ हात युक्त नारी मूर्ति छ । मूर्तिको हातमा दियो र कलश लिएको छ । मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । टुँडाल साधारण खाले छ । उक्त टुँडालमा कुनै पनि रंग लगाइएको छैन । यस किसिमका टुँडालहरू साना खाले टुँडालको श्रेणीमा राख्न सकिन्छ । यसको समय १७औं शताब्दी मान्न सकिन्छ ।

(ख) छुस्यावहालमा भएको यो टुँडालको माथिल्लो भागमा रुखको आकृति बनाइएको छ (चित्रफलक नं. १०३) । रुखका पातहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । यसको बीचमा भैरवको २ हातहरू छन् । एउटा हातमा कर्ति समातेको छ भने अर्को हातमा रत्न आकारको फूल समातेको छ । कमलको फूलमाथि स्थानक मुद्रामा भएको भैरवको खट्टाहरू परस्पर रूपमा काटिएका छन् । भैरवले घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको छ । शिरमा जटा मुकुट छ । मुकुटमा विभिन्न किसिमका अलंकृत बुट्टाहरू अगाडिको भागमा कुँदिएका छन् । मुकुट अगाडिको पट्टामा मुण्डहरू कुँदिएका छन् । कानमा चक्र कुण्डलहरू छन् । घाँटीमा हारको साथै सर्पमाला छ र यो माला पेटसम्म झुण्डिएको छ । मूर्तिका खुल्ला मुख र गोला आँखाहरू छन् । हातमा, बाजुमा र खुद्वामा सर्पमालाहरू छन् । कम्मरको तल्लो भागमा धोती छ । धोतीको एउटा टुप्पा तल्लो भागमा झुण्डिएको छ । धोतीको टुप्पामा मुजाहरू बनाइनुको साथै विभिन्न बट्टाहरू कुँदिएका छन् । मूर्तिको तल्लो भागमा कमलको फूल तल नग्न नारी मूर्ति शयन मुद्रामा रहेको मूर्ति छ । जसको काँधको दायाँबाया फूलहरू छन् । यो टुँडालको समय १७औं शताब्दी हो ।

(ग) यो टुँडालको माथिल्लो भागमा फलहरू युक्त रुख बनाइएको छ (चित्रफलक नं. १०४)। रुखमा फलहरूको साथै पातहरू पनि बनाइएका छन् । टुँडालको बीच भागमा २ हातयुक्त स्थानक मुद्रामा रहेको भैरवको मूर्ति छ । एउटा हातमा कर्ति छ भने अर्को हातमा रत्न आकारको फूल लिएको छ । भैरवका खुट्टाहरू परस्पर रूपमा काटिएर कमलको फूलमाथि रहेका छन् । भैरवले घुँडासँ झुण्डिएको मुण्डमाला लगाएको छ । कम्मरको तल्लो भागमा धोती छ । धोतीका तीनवटा टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । उक्त टुप्पाहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । भैरवको घाँटीमा हार र सर्पमाला छन् भने हातमा बाजु र खुट्टामा सर्पमालाहरू रहेका छन् । कानमा चक्र कुण्डलहरू छन् भने गोला आँखा र डरलाग्दो मुख छ । शिरमा जटामुकुट छ । जटामुकुटको अगाडितिरको पट्टामा विभिन्न किसिमका आकृतिहरूको साथै मुण्डहरू जोडिएका छन् । भैरवको तल्लो भागमा कमलको फूल तल शयन मुद्रमा नारीको नग्न

मूर्ति छ । यसको तल्लो भागमा २ हातयुक्त आसन मुद्रामा भएको नारीको मूर्ति छ । नारीको काँधको दायाँबायाँ फूलहरू छन् । यो मूर्ति पनि १७औं शताब्दीको हो ।

(घ) यस टुँडालको माथिल्लो भागमा रुखको आकृति छ । रुखमा फूलहरू पनि छन् (चित्रफलक नं. १०५) । रुखका पातहरू पनि अलंकृत हिसाबबाट बनाइएका छन् । रुखमा चरा बसेको छ । यसको तल्लो भागमा स्थानक मुद्रामा २ हातयुक्त भैरवको मूर्ति छ । मूर्तिको एउटा हातमा फूलको गुच्छा छ भने अर्को हातमा रत्नको स्वरूपको फूल छ । भैरवका खुट्टाहरू परस्पर रूपमा क्रस गरी कमलको फूलमाथि राखिएका छन् । भैरवले घुँडासम्म झुण्डिएको माला लगाएको छ । तल्लो भागमा लगाएको धोतीका तीनवटा टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । उक्त टुप्पाहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । भैरवको घाँटीमा हार र सर्पमाला, हात र बाजुमा २ खुट्टामा सर्पमालाहरू छन् । कानमा चक्र कुण्डलहरू छन् । गोला आँखा खुल्ला मुख र शिरमा मुण्डजडित जटा मुकुट हुनु मूर्तिका महत्वपूर्ण विशेषताहरू हुन् । मूर्तिको तल्लो भागमा कमलको फूल तल नग्न अवस्थामा रहेकी नारीको मूर्ति शयन मुद्रामा छ । यसभन्दा तल्लो भागमा २ हातयुक्त आसन मुद्रामा भएकी नारीको मूर्ति छ । मूर्तिको काँधनेर दायाँबायाँ फूलहरू छन् । नारीको शरीरमा प्रशस्त गरगहनाहरू प्रयोग गरिएका छन् र वरिपरि विभिन्न बुट्टाहरू कुँदिएका छन् । यसको समय पनि १७औं शताब्दी नै हो ।

(ङ) यस टुँडालको माथिल्लो भागमा पात सहितको रुखको आकृति बनाइएको छ (चित्रफलक नं. १०६) । बीचमा स्थानक मुद्रामा २ हातयुक्त भैरवको मूर्ति छ । एउटा हातमा वज्र छ भने अर्को हातमा फूलको गुच्छा छ । भैरवका खुट्टाहरू परस्पररूपमा क्रस गरी कमलको फूलमाथि राखिएका छन् । घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको भैरवको धोतीका तीनवटा टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । यी टुप्पाहरूमा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । घाँटीमा हार र सर्पमाला छन् । हातमा, बाजुमा र खुट्टामा जडित जटामुकुट शिरमा छ । भैरवको मूर्तिको तल्लो भागमा नग्न अवस्थामा भएको नारीको मूर्ति शयन मुद्रामा छ । फूलको आकृति पनि बनाइएको छ । यस मूर्तिको तल्लो भागमा आसन मुद्रामा रहेकी दुई हातहरू भएको देवीको मूर्ति छ । मूर्तिको काँधनेर दायाँबायाँ फूलहरू छन् । यो टुँडाल पनि १७औं शताब्दीको हो ।

(च) माथिल्लो भागमा रुखका लहराहरू सहित भएको रुखमा फलहरू टिप्न थालेको पुरूष मूर्ति पनि छ (चित्रफलक नं. १०७) । रुखका पातहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । रुखको आकृतिको तल्लो भागमा स्थानक मुद्रामा रहेको २ हातयुक्त भैरवको मूर्ति छ । मूर्तिको एउटा हातमा तरवार छ भने अर्को हातमा फूल छ । मूर्तिका खुट्टाहरू परस्पर क्रस गरी कमलको फूलमाथि छन् । घुँडासम्म मुण्डमाला लगाएको भैरवले लगाएको धोतीका टुप्पाहरू तल्लो भागमा झुण्डिएको भैरवले लगाएको धोतीका

टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् र टूप्पाहरूमा सानासाना बुट्टाहरू देखिन्छन् । घाँटीमा हार र सर्प मालाहरू छ भने हात, बाजु र खुट्टामा सर्पमालाहरू छन् । शिरमा मण्डहश्रु जोडिएको जटा मुकुट छ । भैरव मूर्तिभन्दा तल्लो भागमा नग्न अवस्थामा नारीको मूर्ति शयन मुद्रामा छ । यस मूर्तिको तलतिर आसन मुद्रामा भएकी २ हातयुक्त देवीको मूर्ति छ । मूर्तिको काँधको दायाँबायाँ फूलहरू छ । तल्लो भागमा अभिलेख छन् । यो मूर्ति पनि १७औं शताब्दीको हो ।

(छ) माथिल्लो भागमा हाँगा र पातयुक्त रुखको आकृति छ । रुखका पातहरूमा सानासाना बुट्टाहरू छन् (चित्रफलक नं. १०८) । रुखमा चरा बसेको छ । टुँडालको बीचमा स्थानक मुद्रामा रहेको २ हातयुक्त भैरवको मूर्ति छ । एउटा हातमा त्रिशूल छ भने अर्को हातमा रत्न आकारको फूल छ । भैरवका खुट्टाहरू परस्पर रूपमा क्रसको स्वरूपमा कमलको फूलमाथि छन् । घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको भैरवको धोतीका टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । जसमा अलंकृत मुजा र बुट्टाहरू कुँदिएका छन् । मूर्ति घाँटीमा हार र सर्पमाला छन् भने हात पाखुरा र खुट्टामा सर्प मालाहरू छन् । कानमा सर्प कुण्डल छ भने शिरमा अगाडितिर मुण्डहरू जोडिएको जटा मुकुट लगाएको छ । मूर्तिको तल्लो भागमा नग्न अवस्थामा शयन मुद्रामा भएको नारी मूर्ति छ । यस मूर्तिको तल्लो भागमा आसन मुद्रामा भएकी २ हातयुक्त देवीको मूर्ति छ । मूर्तिको काँधको दायाँबायाँ फूलहरू छन् । तल्लो भागमा नेवारी लिपिमा लेखिएको अभिलेख छ । यो टुँडाल पनि १७औं शताब्दीको हो ।

(ज) यस टुँडालको माथिल्लो भागमा पात र हाँगाहरू सहितको रुख छ (चित्रफलक नं. १०९) । रुखका पातहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । बीचमा स्थानक मुद्रमा रहेको २ हातहरू युक्त भैरवको मूर्ति छ । एउटा हातमा रत्न आकृतिको फूल लिएको छ भने अर्को हातमा मुसल लिएको छ । खुट्टाहरू परस्पररूपमा क्रस गरी कमलको फूलमाथि घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको र धोतीका टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । जसमा सूक्ष्म बुट्टा र मुण्डाहरू देखिन्छन् । घाँटीमा हार र सर्पमाला लगाएको छ भने हातमा, बाजुमा र खुट्टामा सर्पमालाहरू छन् । कानमा सर्प कुण्डल र शिरमा जटा मुकुट छ । मूर्तिको तल्लो भागम नग्न अवस्थामा शयन मुद्रामा रहेको नारीको मूर्ति छ । मूर्तिको तल्लो भागमा आसन मुद्रामा रहेको २ हातयुक्त देवीको मूर्ति छ । मूर्तिको काँधनेर दायाँबाया फूलहरू छन । मूर्तिको तल्लो भागमा नेवारी लिपिमा लेखिएको एक लाइनको अभिलेख छ । यो टुँडाल पनि १७औं शताब्दीको हो ।

(झ) यस टुँडालको माथिल्लो भागमा हाँगा र पात सहितको रुखको आकृति छ (चित्रफलक नं. ११०) । रुखमा बादरले फल टिपिराखेको छ । पातहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । बीचमा स्थानक मुद्रमा रहेको २ हातयुक्त भैरवको मूर्ति छ । एउटा

हातमा कर्ति लिएको छ भने अर्को हातमा रत्न स्वरूपको फूल लिएको छ । खुट्टाहरू परस्पररूपमा क्रस गरी कमलको फूलमाथि छन् । घुँडासम्म झुण्डिएको मुण्डमाला भएको भैरवका धोतीका टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । घाँटीमा हार र सर्पमाला छ भने शिरमा मुण्डहरू जडित जटामुकुट छ । भैरवको तल्लो भागमा कमलको फूलको तल्लो भागमा शयन मुद्रामा भएको नारीको नग्न मूर्ति छ । मूर्तिको तल्लो भागम २ हातयुक्त आसन मुद्रामा देवीको मूर्ति छ । मूर्तिको काँधनेर दायाँबायाँ फूलहरू छन् । यो टुँडाल पनि १७औं शताब्दीको हो ।

(ञ) यस टुँडालको माथितिर फूलहरू भएको रुख छ । रुखमा हाँगा र पातहरू पनि छन् (चित्रफलक नं. १११) । बीचमा भैरवको स्थानक मुद्रामा रहेको २ हातयुक्त मूर्ति छ । मूर्तिका हातमा भएका आयुधहरू स्पष्ट छैनन् । भैरवका खुट्टाहरू परस्पर क्रस गरी कमलको फूलमाथि एउटा खुट्टा छ । घुँडासम्म झुण्डिएको मुण्डमाला भएको भैरवको धोतीका टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । घाँटीमा हार र सर्पमाला छ भने हात, बाजु र खुट्टामा सर्पमालाहरू छन् । कानमा सर्प कुण्डलहरू छन् । शिरमा अगाडि र मुण्डहरू जडित जटा मुकुट छ । मूर्तिको तल्लो भागमा नग्न अवस्थामा शयन मुद्रामा नारीको मूर्ति छ । यसभन्दा तल्लो भागमा कमलको फूलमाथि घुँडाहरू टेकी हातमा माला समातिराखेको नारीको मूर्ति छ । नारीका मूर्तिमा विभिन्न किसिमका गरगहनाहरू प्रयोग गरिएका छन् । टुँडालको ठीक तल्लो भागमा नेवारी लिपिमा लेखिएको एक लाइनको अभिलेख छ । मूर्तिमा अति सूक्ष्म कलाकारिता देख्न सकिन्छ । भैरवको एउटा खुट्टाले मात्र टेकी उभिनु यस टुँडालको महत्त्वपूर्ण विशेषता हो । यसलाई १७औं शताब्दीको मानिन्छ ।

(ट) यस टुँडालको माथिल्लो भागमा फलफूल र पात सहितको रुख छ (चित्रफलक नं. ११२) । मध्यभागमा स्थानक मुद्रामा रहेको २ हातयुक्त भैरवको मूर्ति छ । अलंकृत धोती, मुण्डमाला लगाउनु, सर्पमालाहरू लगाउनु, खुट्टाहरू परस्पर क्रस हुनु, सर्प कुण्डल र जटा मुकुटहरू हुनु यस मूर्तिका महत्वपूर्ण विशेषताहरू हुन् । मूर्तिले हातमा क्रमशः फूल र वज्र लिएको छ । धोतीका टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । मूर्तिको तल्लो भागमा शयन मुद्मा नारीको नग्न मूर्ति छ । मूर्तिको तल्लो भागमा आसन मुद्रामा भएको दुई हातयुक्तको मूर्ति छ । मूर्तिको काँधनेर दायाँबायाँ फूलहरू छन् । मूर्तिको तल्लो भागमा नेवारी लिपिमा लेखिएको एक लाइनको अभिलेख छ । यो पनि १७औं शताब्दीको हो ।

**(६) माजुदेवलमा भएका टुँडालहरू**

काठमाडौंको दरबार प्राङ्गणमा भएको यो एउटा महत्त्वपूर्ण मन्दिर हो । नेपाली शैलीको यो मन्दिरमा काष्ठकलाका विभिन्न स्वरूपहरू देख्न सकिन्छ । विशेषगरी काष्ठकलाको महत्त्वपूर्ण स्वरूप देख्न सकिन्छ । विशेषगरी काष्ठकलाको महत्त्वपूर्ण स्वरूप मानिने टुँडालहरू पनि प्रशस्न मात्रामा छन् । तल केही महत्त्वपूर्ण टुँडालहरूको चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

(क) यस मन्दिरमा भएका टुँडालहरूको साना खाले टुँडाल र कामकला सम्बन्धी टुँडालहरूको प्रतिनिधित्व गर्ने गर्दछन् (चित्रफलक नं. ११३) । यस टुँडालको माथिल्लो भागमा रुखका लहराहरू छन् । साथै पातहरूमा अति सूक्ष्म कलाकारिता देख्न सकिन्छ । बीचमा शिवपार्वतीको मूर्ति छ । शिवपार्वतीका खुट्टाहरू परस्पर क्रस अवस्थामा छन् । मूर्तिको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । दुवै मूर्तिको शिरमा अलंकृत मुकुटहरू छन् । शिवपार्वतीको मूर्तिका हातहरू जीर्ण भैसकेका छन् । भूर्तिमा निलो र सेतो रंग लगाइएको छ । तल्लो भागमा नग्न अवस्थामा शयन मुद्रामा रहेको नारी मूर्ति छ । मूर्ति टुँडाल जीर्ण अवस्थामा छ । यसको समय १७औं १८औं शताब्दी मानिन्छ ।

(ख) यस टुँडालको माथिल्लो भागमा रुखका बुट्टेदार पातहरू छन् (चित्रफलक नं. ११४) । पातहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । बीचमा शिवपार्वतीको स्थानक मुद्रामा भएको मूर्ति छ । मूर्तिको तल्लो भागमा खुट्टाहरू परस्पर क्रस गरी कमलको फूलमाथि राखिएका छन् । शिवपार्वतीको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिवका तीनवटा शिर छन् । शिरहरूमा अलंकृत मुकुट छ । शिवपार्वतीका हातहरू जीर्ण छन् । मूर्तिको तल्लो भागमा भएको कमल पुष्पको दायाँबायाँ मकर आकृतिहरू छन् । सबैभन्दा तल्लो भागमा युगल जोडीहरू कामकलामा व्यस्त देखिन्छन् । यो टुँडाल पनि जीर्ण अवस्थामा रहेको छ । यो टुँडालको समय १७औं शताब्दी मानिन्छ ।

(ग) यस टुँडालको माथिल्लो भागमा रुखका अलंकृत र बुट्टेदार पातहरू बनाइएका छन् (चित्रफलक नं. ११५) । पातहरूको तल्लो भागमा चराको मूर्ति बनाइएको छ । बीचमा शिवपार्वती (तान्त्रिक स्वरूप) को मूर्ति छ । शिवले मुण्डमाला लगाएका छन् भने पार्वतीले साधारण माला लगाएकी छिन् । दुवैको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । दुवैका हातहरू जीर्ण अवस्थामा छन् । शरीर सेतो रंगद्वारा रंगाइएको छ । दुवै मूर्तिको खुट्टाहरू परस्पर रूपमा क्रस गरिएका छन् र खुट्टाहरू नग्न स्त्री पुरुषमाथि छन् । तल्लो भागमा नग्न आसनमा मूर्ति बनाइएको छ । यो टुँडाल पनि जीर्ण अवस्थामा छ । यो मूर्तिको समय पनि १७औं १८औं शताब्दी हो ।

(घ) माथितिर रुखका पातहरू अति अलंकृत तरिकाबाट बनाइएका छन् (चित्रफलक नं. ११६) । बीचमा शिवपार्वतीको मूर्ति छ । दुवै मूर्तिका हातहरू जीर्ण अवस्थामा छन् । शिवले मुण्डमाला लगाएका छन् । दुवैको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ । शरीरको सेतो रंग लगाइएको छ । मूर्तिका खुट्टाहरू परस्पर क्रस गरी कमल फूलमाथि राखिएको छ । तल्लो भागमा कामकलामा व्यस्त युगल जोडीहरू छन् । टुँडाल जीर्ण अवस्थामा छ । यसको समय पनि १७औं १८औं शताब्दी मानिन्छ ।

(ङ) यस टुँडालको माथिल्लो भागमा रुखका पातहरू अति सूक्ष्म तरिकाबाट बनाइएको छ (चित्रफलक नं. ११७) । बीचमा शिवपार्वतीको स्थानक मूद्रामा भएको मूर्ति छ । मूर्तिका हातहरू जीर्ण भैसकेका छन् । शिवले मुण्डमाला लगाएका छन् । दुवैको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । दुवैको शिरमा अलंकृत मुकुट छ । मूर्तिमा सेतो, रातो र हरियो रंग लगाइएको छ । तल्लो भागमा शिवपार्वतीका खुट्टाहरू परस्पर क्रस गरी कमलको फूलमाथि छन् । कमल फूलको दायाँबायाँ हात्तीका मूर्तिहरू छन् । यसको तल्लो भागमा रतिकलामा व्यस्त युगल जोडीहरू छन् । यो टुँडाललाई पनि १७औं १८औं शताब्दीको मानिन्छ ।

(च) टुँडालको माथिल्लो भागमा रुखका पातहरू बनाइएको छ (चित्रफलक नं. ११८) । पातहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । रुखको आकृतिको तल्लो भागमा बाँदरको सानो मूर्ति बनाइएको छ । बीचमा भैरव शक्तिको मूर्ति छ । दुवैका हातहरू जीर्ण भैसकेका छन् । भैरवले मुण्डमाला लगाएको छ । दुवैको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ । दुवैको शरीरमा विभिन्न रंगहरू लगाइएको छ । भैरवका खुट्टाहरू पूर्णरूपमा जीर्ण भैसकेका छन् भने शक्तिका खुट्टाहरू परस्पर क्रस गरी कपालमाथि छन् । यसको तल्लो भागमा कामकलामा व्यस्त युगल जोडीहरू छन् । यसको तल्लो भागमा कामकलामा व्यस्त युगल जोडीहरू छन् । टुँडाल धेरै जीर्ण भैसकेको छ । यसको समय १७औं १८औं शताब्दी मानिन्छ ।

(छ) यस टुँडालको माथिल्लो भागमा रुखका पातहरू बनाइएको छ (चित्रफलक नं. ११९) । पातहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । पातको तल्लो भागमा चराको मूर्ति बनाइएको छ । बीचमा शिव पार्वतीको स्थानक मुद्रामा भएको मूर्ति छ । मूर्तिका हातहरू जीर्ण भैसकेका छन् । शिवले घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएका छन् । दुवैको मूर्तिको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । शिरमा अलंकृत मुकुट छ । दुवै मूर्तिका खुट्टाहरू परस्पर क्रस गरी कमलको फूलमाथि छन् । कमल फूलको दायाँबायाँ सिंहका मूर्तिहरू छन् । तल्लो भागमा कामकलामा व्यस्त

युगल जोडीहरू छन् । टुँडाल जीर्ण अवस्थामा छ । यसको समय पनि १७औं १८औं शताब्दी हो ।

(ज) टुँडालको माथिल्लो भागमा रुखका पातहरू बनाइएको छ (चित्रफलक नं. १२०) । रुखका पातहरूमा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । बीचमा शिवपार्वतीको स्थानक मुद्रामा भएको मूर्ति छ । मूर्तिका हातहरू पूर्णरूपमा जीर्ण भैसकेका छन् । शिवले मुण्डमाला र सर्पमाला लगाएका छन् । दुवै मूर्तिको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । मूर्तिका खुट्टाहरू परस्पर क्रस गरी कमलको फूलमाथि छ । तल्लो भागमा कामकलामा व्यस्त युगल जोडीहरू छन् । यो टुँडालको पनि १७औं १८औं शताब्दीको हो ।

### (७) भिमसेन मन्दिरमा भएका टुँडालहरू

पाटनको दरबार प्राङ्गाणमा भएको भिमसेन मन्दिर नेपाली शैलीमा बनेको महत्त्वपूर्ण मन्दिर हो । यस मन्दिरमा पनि काष्ठकलाका विभिन्न स्वरूपहरू देख्न सकिन्छ । यस मन्दिरमा भएका टुँडालहरू ठूला टुँडालहरूको श्रेणीमा पर्दछन् । साथै अभिलेख सहितका टुँडालहरू पनि यस मन्दिरमा पर्दछन् । यस मन्दिरमा भएका केही टुँडालहरू तल वर्णन गरिन्छ ।

(क) यस टुँडालको माथिल्लो भागमा रुखका पातहरूको साथै रुखको आकृति बनाइएको छ (चित्रफलक नं. १२१) । रुखका पातहरूमा गर्न्धवहरूको जोडी हातमा माला लिएर उडिराखेको देखाइएको छ । टुँडालको मध्य भागमा स्थानक मुद्रामा भएको शक्ति सहितको १६ हातयुक्त भैरवको मूर्ति बनाइएको छ । भैरवका हातहरूमा विभिन्न आयुधहरू छन् । शरीरमा मुण्डमाला लगाएको भैरवको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत जटामुकुट रहेको छ । शक्तिको शरीरमा पनि प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । साथै शिरमा अलंकृत मुकुट छ । दुवैको शरीरमा सेतो रंग लगाइएको छ । शक्तिका खुट्टाहरू परस्पर क्रस गरी कमलमाथि छन् । कमलको फूलको तल्लो भागमा विष्णुको चारहातयुक्त स्थानक मुद्रामा भएको मूर्ति छ । मूर्तिको वरिपरि रुखहरू बनाइएका छन् । दायाँबायाँ दुईवटा मूर्तिहरू घुँडा टेकी नमस्कार मुद्रामा छन् । विष्णुको मूर्तिको तल्लो भागमा उडिराखेको गरुडको मूर्ति छ । टुँडालको तल्लो भागमा नेवारी लिपिमा लेखिएको अभिलेख छ । जसमा यस टुँडालको बारेमा उल्लेख गरिएको छ । यो टुँडालको समय १७औं १८औं शताब्दी मानिन्छ ।

(ख) यस टुँडालको माथिल्लो भागमा रुखका पातहरू बनाइएका छन् (चित्रफलक नं. १२२)। पातहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । रुखका पातहरूको तल्लो भागमा उडिरहेका गार्न्धवहरूको मूर्ति बनाइएको छ । टुँडालको बीचमा शक्ति सहितको भैरवको

मूर्ति स्थानक मुद्रामा रहेको छ । भैरवका १२ वटा हातहरू छन् भने शक्तिका २ वटा हातहरू छन् । भैरवले हातहरूमा विभिन्न किसिमका आयुधहरू लिएको छ । भैरवको शरीरमा सर्पमाला र मुण्डमाला छ । दुवैको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । भैरवको शिरमा जटामुकुट छ भने शक्तिको शिरमा साधारण खाले मुकुट छ । शक्तिका खुट्टाहरू परस्पर क्रस गरी कमलको फूलमाथि छन् भने भैरवको एउटा खुट्टा साँढेको शिरमाथि छ भने अर्को खुट्टा कमलका फूलमाथि छ । दुवैको शरीरमा सेतो रंग लगाइएको छ । यसभन्दा तल्लो भागमा मन्दिरको स्वरूप बनाएर मन्दिरभित्र देवताको मूर्ति छ । मूर्ति आसन मुद्रामा छ र २ वटा हातहरू छन् । हातमा तीर र धनुष लिएको छ । नीलो रंग लगाइएको यो मूर्ति रामको हो कि भनेर अनुमान गर्न सकिन्छ । मन्दिरको तल्लो भागमा रुखको आकृतिको साथै फूलको आकृति पनि बनाइएको छ । यसभन्दा तल्लो भागमा नेवारी लिपिमा लेखिएको अभिलेख छ । यसको समय पनि १७औं १८औं शताब्दी मान्न सकिन्छ ।

(ग) यस टुँडालको माथिल्लो भागमा रुखका लहराहरू र पातहरूको साथै गार्न्धवका जोडीहरू पनि बनाइएको छ (चित्रफलक नं. १२३) । यस टुँडालको माथिल्लो भागमा भएको रुखको आकृति टुँडाल भन्दा बाहिर पनि निकालिएको छ । यस किसिमको टुँडाल भन्दा बाहिर रुखको लहरा अन्य टुँडालहरूमा पाइँदैन । बीचमा १२ हातयुक्त शक्ति सहितको मूर्ति बनाइएको छ । शक्तिका २ वटा हातहरू छन् । भैरव र शक्तिका केही भाग जीर्ण भैसकेका छन् । भैरवले हातहरूमा विभिन्न किसिमका आयुधहरू लिएका छन् । भैरवले शरीरमा सर्प र मुण्डमालाहरू लगाएका छन् । दुवैको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । भैरवको शिरमा अलंकृत मुकुट छ भने शक्तिको शिरमा साधा खाले मुकुट छ । दुवैको शरीरमा सेतो रंग लगाइएको छ । भैरवले एउटा खुट्टा उचालेको छ र शक्तिका खुट्टाहरू परस्पररूपमा क्रस गरी कमलको फूलमाथि छन् । कमलको फूलको दायाँतिर नारीको मूर्ति छ । नारी मूर्तिको तल्लो भागमा अति सूक्ष्म काष्ठकलाकारिता गरिएको छ । रुखका लहराहरू पनि बनाइएका छन् । यसको तल्लो भागमा शक्तिसहित भैरवको आसन मुद्रमा भएको मूर्ति छ । यसको तल्लो भागमा अर्धगोलाकार आकृति छ । जसमा अति सूक्ष्म कलाकारिता देखिन्छ । सबैभन्दा तल्लो भागमा नेवारी लिपिमा अभिलेख कुँदिएको छ । यो टुँडाल पनि १७औं १८औं शताब्दीको हो ।

(घ) यस टुँडालको माथिल्लो भागमा रुखका पातहरू बनाइएको साथै गान्धर्वहरूको उडिराखेको जोडीका मूर्तिहरू पनि छन् (चित्रफलक नं. १२४) । पातहरूमा अति सूक्ष्म कलाकारिता देख्न सकिन्छ । टुँडालको मध्य भागमा शक्तिसहितको भैरवको मूर्ति छ । मूर्तिका १२ वटा हातहरू छन् भने शक्तिका २ वटा हातहरू छन् । भैरवले हातमा

विभिन्न किसिमका आयुधहरू लिएका छन् । भैरवले शरीरमा सर्पमाला र मुण्डमाला लगाएका छन् । शिरमा जटामुकुट छ भने शक्तिको शिरमा साधारण खाले मुकुट छ । दुवैको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शक्तिको खुट्टाहरू परस्पर खुट्टाहरू क्रस गरी कमलको फूलमाथि छन् । कमल फूलको तल्लो भागमा नारी मूर्ति छ र फूल पनि बनाइएको छ । यसको तल्लो भागमा अति अलंकृत तरिकाबाट बनाइएको मन्दिरको आकृति भित्र सानो आसन मुद्रामा भएको देवताको मूर्ति छ । सबैभन्दा तल्लो भागमा नेवारी लिपिमा अंकित गरिएको अभिलेख छ । यस टुँडालको समय पनि १७औं १८औं शताब्दी मानिन्छ ।

(ङ) यस टुँडालको माथिल्लो भागमा रुखका लहरा र पातको साथै गन्धर्वको मूर्ति पनि कुँदिएको छ (चित्रफलक नं. १२५) । बीचमा शक्ति सहितको भैरव मूर्ति स्थानक मुद्रामा छ । भैरवका १२ वटा हातहरू छन् भने शक्तिका २ वटा हातहरू छन् । भैरवले हातमा छन् भने शक्तिका २ वटा हातहरू छन् । भैरवले हातमा विभिन्न किसिमका आयुधहरू लिएको छ । भैरवले शरीरमा मुण्डमाला र सर्पमाला लगाएको छ । शिरमा जटामुकुट छ भने शक्तिको शिरमा साधारण मुकुट छ । दुवैको शरीरमा सेतो र पहेंलो रंग लगाइएको छ । भैरव र शक्तिका खुट्टाहरू कमल पुष्पमाथि छन् । कमल फूलको तल्लो भागमा नारीको शयन मुद्रामा अति अलंकृत स्वरूपमा बनाइएको मन्दिरको आकृति छ जसभित्र आसन मुद्रामा भएको २ हातयुक्त मूर्ति छ । तल्लो भागमा नेवारी लिपिमा अंकित अभिलेख छ । यो टुँडाल पनि १७औं १८औं शताब्दीको हो ।

### (८) पाटनको विश्वनाथ मन्दिरमा भएका टुँडालहरू

पाटनको विश्वनाथ मन्दिर नेपाली शैलीमा बनेको अर्को महत्वपूर्ण मन्दिर हो । यस मन्दिरमा पनि काष्ठकलाका विविध स्वरूपहरूमध्ये टुँडालहरू प्रशस्त संख्यामा छन् जसमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । यस मन्दिरमा भएका केही टुँडालहरूको तल वर्णन गरिन्छ ।

(क) यस टुँडालको माथिल्लो भागमा रुखका पातहरूको आकृति र लहराहरू बनाएका छन् (चित्रफलक नं. १२६) । रुखमा चढ्नथालेको बाँदरको मूर्ति पनि बनाइएको छ । मध्यभागमा १० हातयुक्त विष्णुको मूर्ति बनाइएको छ । हातमा विभिन्न किसिमका आयुधहरू छन् । केही हातहरू जीर्ण भैसकेका छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ । खुट्टाहरू परस्पर रूपमा क्रस गरी कमलको फूलमाथि राखिएका छन् । तल्लो भागमा गरुडको अर्को मूर्ति पनि छ तर त्यो मूर्ति स्पष्ट छैन । गरुडको मूर्तिको तल्लो भागमा आसन मुद्रामा भएको २ हातहरू युक्त देवताको मूर्ति छ । उक्त देवताको मूर्तिको वरिपरि चारवटा देवताका

मूर्तिहरू पनि रहेकाछन् । यस टुँडालको तल्लो भाग साधा छ । यस टुँडालको समय १७औं १८औं शताब्दी मानिन्छ ।

(ख) यस टुँडालको माथिल्लो भागमा रुखका पातहरूको आकृति बनाइएको छ । पातहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ (चित्रफलक नं. १२७) । साथै गन्धर्व किन्नरका मूर्तिहरू पनि बनाइएका छन् । टुँडालको मध्यभागमा १० हातयुक्त नृत्य मुद्रामा भएको भैरवको मूर्ति छ । भैरवले हातमा विभिन्न किसिमका आयुधहरू लिएको छ । शरीरमा मुण्डमाला र सर्पमालाहरू छन् । शिरमा मुण्डहरू जडित जटामुकुट छ । शरीरभरि प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । भैरवको एउटा खुट्टाले शवमाथि टेकेको छ । कमलको तल्लो भागमा दायाँबायाँ मकराकृतिहरू बनाइएका छन् । यस भन्दा तल्लो भागमा विष्णुको चार हातयुक्त स्थानक मुद्रामा भएको मूर्ति छ । मूर्तिको दायाँबायाँ ऋषि र घोडामाथि चढेको भैरवको मूर्ति बनाइएको छ । तल्लो भाग साधा छ । यसको समय पनि १७औं १८औं शताब्दी मानिन्छ ।

(ग) विश्वनाथ मन्दिरमा भएको यो अर्को महत्वपूर्ण टुँडाल हो (चित्रफलक नं. १२८) । यस टुँडालको माथिल्लो भागमा रुखका लहराहरू र रुखका पातहरू छन् । रुखका पातहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । बीचमा १० हातहरू युक्त स्थानक मुद्रामा भएको विष्णुको मूर्ति छ । हातमा विभिन्न किसिमका आयुधहरू छन् । ४ वटा शिरहरू छन् र शिरहरूमा अलंकृत मुकुटहरू छन् । मूर्तिको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्तिका खुट्टाहरू परस्पर क्रस गरी कमलको फूलमाथि छन् । कमल फूलको दायाँबायाँ घोडाका मूर्तिहरू छन् । यसको तल्लो भागमा चारवटा देव मूर्तिहरू स्थानक मुद्रामा छन् । तल्लो भाग साधा छ । यसको समय १७औं १८औं शताब्दी राख्न सकिन्छ ।

(घ) यस टुँडालको माथिल्लो भागमा रुखका पातहरू र लहराहरू बनाइएका छन् (चित्रफलक नं. १२९) । साथै बाँदरका मूर्तिहरू पनि बनाइएका छन् । मध्यभागमा १० हातयुक्त नृत्य मुद्रामा भएको भैरवको मूर्ति छ । भैरवले हातमा विभिन्न किसिमका आयुधहरू लिएको छ । घुँडासम्म झुण्डिएको मुण्डमाला र घाँटीमा सर्पमाला लगाएको भैरवले विभिन्न किसिमका गरगहनाहरू लगाएको छ । शिरमा मुण्डहरू जडित जटामुकुट छ । भैरवको एउटा खुट्टा तल्लो भागमा शयन अवस्थामा भएका नर र नारीमाथि छ । यसको तल्लो भागमा कुखुरा आकृतिहरू दायाँबाया बनाइएका छन् । यस्तो किसिमको कुखुरा मूर्ति अन्त पाइँदैन । यसको तल्लो भागमा चार हातयुक्त विष्णुको मूर्ति स्थानक मुद्रामा छन् र दायाँबायाँ मूर्तिहरू छन् । एकातिरको मूर्ति नागराजको हो भने अर्को मूर्ति देवीको हो । टुँडालको तल्लो भाग साधा छ । यो टुँडाल पनि १७औं १८औं शताब्दीको हो ।

**(९) न्यातपोल मन्दिरमा भएका टुँडालहरू**

भक्तपुरको न्यातपोल मन्दिर काष्ठकलाको लागि पनि प्रसिद्ध छ । यस मन्दिरका टुँडालहरूमा दुर्गाका विविध स्वरूपका टुँडालहरू छन् । जसमा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । तल केही महत्वपूर्ण टुँडालहरूको वर्णन गरिएको छ ।

(क) यस मन्दिरमा भएका टुँडालहरूको आफ्नै किसिमका विशेषताहरू रहेका छन् (चित्रफलक नं. १३०) । यस मन्दिरका टुँडालहरूको दायाँबायाँ अलग्गै सानासाना साधा बुट्टाहरू कुँदिएका टुँडालको लाइनमा टुँडाल आकृतिहरू राखिएका छन् जुन काठमाडौं उपत्यकामा अन्य मन्दिरहरूमा पाइँदैन । यस टुँडालको माथितिर रुखका लहराहरू पातहरू र फूलको आकृति कुँदिएको छ । मध्यभागमा १६ हातयुक्त महिषासुरमर्दनीको मूर्ति छ । हातहरूमा विभिन्न किसिमका आयुधहरू छन् । मूर्तिको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ । तल्लो भागमा महिषासुरलाई देवीले मार्न थालेको देखाइएको छ र सिंहको मूर्ति पनि छ । देवीको शरीरमा विभिन्न किसिमका रंग लगाइएको छ । यसको तल्लो भागमा आलिढ मुद्रामा मुण्डमाला लगाएको भैरवको मूर्ति छ । यसको तल्लो भागमा सानासाना बुट्टाहरू कुँदिएका छन् । सबैभन्दा तल्लो भाग साधा छ । यो टुँडाल १८औं शताब्दीको हो ।

यस टुँडालको बायाँतिर भएको टुँडालको माथि र बीचको भाग एउटै किसिमको छ भने देवीको मूर्तिको तल्लो भागमा खोपा आकृति बनाएर शक्ति सहितको भैरवको मूर्ति बनाइएको छ । टुँडालको तल्लो भागमाथिको टुँडाल जस्तै छ । यो पनि १८औं शताब्दीको हो ।

(ख) यस टुँडालको माथिल्लो केही भाग साधा छ (चित्रफलक नं. १३१) । त्यसभन्दा तल्लो भागमा रुखका लहरा र पातहरू बनाइएका छन् । मध्य भागमा १६ हातयुक्त महिषासुरमर्दनीको मूर्ति छ । १६ वटा हातहरूमा विभिन्न किसिमका आयुधहरू छन् । महिषासूर मर्दनीले राक्षसलाई मार्न लागेको देखाइएको छ । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ । तल्लो भागमा सिंहको मूर्ति पनि बनाइएको छ । यसको तल्लो भागमा चारहातयुक्त देवताको मूर्ति आलिढ मुद्रामा कमलको फूलमाथि छ । तल्लो भाग साधा छ । यो टुँडाल पनि माथिकै टुँडालको समयकालीन हो ।

माथिको टुँडालको बायाँतिरको टुँडालको मोटाई अलि सानो छ । माथि र बीचको स्वरूप माथिको जस्तै छ भने देवीको मूर्तिको तल्लो भागमा स्थानक मुद्रामा चार हातयुक्त देवताको मूर्ति छ । देव मूर्तिको तल्लो भागमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् र तल्लो भाग साधा छ ।

माथिल्लो टुँडालभन्दा बायाँतिरको टुँडालको पनि माथितिर र मध्य भागको विषयवस्तु एउटै खाले छ । देवीको मूर्तिको तल्लो भागमा गणेशको अलंकृत मूर्ति बनाइएको छ । र तल्लो भागमा सानासाना बुट्टाहरू कुँदिएका छन् । सबैभन्दा तल्लो भाग साधा छ । यो टुँडाल पनि माथिको टुँडालहरूकै समकालीन हो ।

### (१०) कुम्भेश्वर मन्दिरमा भएका टुँडालहरू

नेपालमा भएका महत्त्वपूर्ण नेपाली शैलीका मन्दिरहरूमध्ये पाटनको कुम्भेश्वर पनि एक हो । यस मन्दिरमा भएका टुँडालहरू पनि काष्ठकलाका अति महत्वपूर्ण नमुनाहरू मानिन्छन् । यस मन्दिरमा भएका धेरैजसो टुँडालहरू शैव सम्प्रदायसँग सम्बन्धित छन् तर धेरैजसो टुँडालहरूमा भैरवका मूर्तिहरू छन् । तल केही महत्त्वपूर्ण टुँडालहरूको बारेमा वर्णन गरिन्छ ।

(क) यी टुँडालहरूमा दोस्रो तल्ला भएका टुँडालहरू हुन् (चित्रफलक नं. १३२) । यी टुँडालहरूले साना टुँडालहरूको साथै कुसल अर्थात् corner struts हरूको प्रतिनिधित्व गर्ने गर्दछन् । दायाँतिरको कुनामा भएको कुसालको माथिल्लो भाग सिंह आकृतिको छ । यस टुँडालमा सिंहलाई पूर्ण रूपमा उभिएको देखाइएको छ र तलदेखि माथिसम्म विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । यस कुसाल भन्दा बायाँतिरको टुँडालको माथिल्लो भागमा रुखका पातहरू र लहराहरूको आकृतिहरू बनाइएको छ । यसभन्दा तल्लो भागमा शक्तिसहितको भैरव मूर्ति छ । मूर्ति स्थानक मुद्रामा छ । मूर्तिको तल्लो भागमा सानो आसन मुद्रामा बसेको मूर्ति छ । यसभन्दा तल्लो भागमा विभिन्न किसिमका बुट्टाहरू बनाइएका छन् ।

माथिको टुँडालको बायाँतिर लगातार २ वटा टुँडालहरू बनाइएका छन् । यी टुँडालहरूको माथि र बीचको विषयवस्तु मिल्छ भने तल्लो भागमा मूर्तिहरू फरक छन् । यी टुँडालहरूमा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । यी तीनवटा टुँडालहरूको बायाँपट्टि लगातार तीनवटा टुँडालहरू छन् । यी टुँडालहरूको पनि माथिको बीचको विषयवस्तु एउटै छ । मात्र तल्लो भागमा भएका मूर्तिहरू फरक छन् । बायाँ कुनामा भएको कुसाल पनि बायाँतिर भए जस्तै छ । यी माथिका आठवटा टुँडालहरूमा सूक्ष्म काष्ठ कलाकारिता देख्न सकिन्छ । यी टुँडालहरूको समय १७औं १८औं शताब्दी मानिन्छ ।

### (११) स्वठनारायण मन्दिरमा भएका टुँडालहरू

पाटनको स्वठनारायण मन्दिर पनि टुँडालहरूको लागि अति महत्त्वपूर्ण मन्दिर हो । यस मन्दिरमा भएका टुँडालहरूको तल्लो भागमा अभिलेखहरू राखिएका छन् । यस मन्दिरमा विष्णुका विभिन्न अवतार मूर्तिहरू राखिएका छन् । यी टुँडालहरू पनि काष्ठकलाको अति महत्त्वपूर्ण नमुनाहरू भनिन्छन् । तल केही महत्त्वपूर्ण टुँडालहरूको वर्णन गरिन्छ ।

(क) यस टुँडालको माथिल्लो केही भाग साधा छ (चित्रफलक नं. १३३) । यस भन्दा तल्लो भागमा रुखका लहराहरू र पातहरू बनाइएका छन् । पातहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् जसमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । मध्य भागमा विष्णुका अवतार रामको आठ हात युक्त मूर्ति स्थानक मुद्रामा छन् । मूर्तिका खुट्टाहरू कमलको फूलमाथि छन् । हातहरूमा विभिन्न किसिमका आयुधहरू लिएका छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ । मूर्तिको तल्लो भागमा भएका २ वटा कमलको मध्य भागमा नमस्कार मुद्रामा रहेको गरुडको मूर्ति छ । यस भन्दा तल्लो भागमा पौराणिक कथासँग सम्बन्धित देवताहरूको मूर्ति कुँदिएको छ । यो टुँडाल १८औं शताब्दीको मानिन्छ ।

(ख) माथिल्लो भागमा रुखका लहराहरू छन् र पातहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । साथै केही आकृतिहरू बनाइएका छन् (चित्रफलक नं. १३४) । मध्यभागमा कमलको आसनमाथि स्थानक मुद्रामा भएको आठहात युक्त विष्णुको नरसिंह अवतारको मूर्ति छ । हातहरूमा विभिन्न किसिमका आयुधहरू लिएको छ । घुँडासम्म झुण्डिएको माला लगाइएको मूर्तिको तल्लो भागमा धोतीका टुप्पाहरू झुण्डिएका छन् जसमा सानासाना बुट्टाहरू कुँदिएका छन् । मूर्तिको तल्लो भागमा कमल आसनको तल्लो भागमा मन्दिर आकृति बनाएर बीचमा आसन मुद्‌मा भएको २ हातहरू युक्त मूर्ति छ । मूर्तिको काँधनेर दायाँबायाँ फूलहरू छन् । मन्दिर आकृतिको वरिपरि रुखहरू छन् । मूर्तिको तल्लो भागमा नेवारी लिपिमा भावगतको श्लोक कुँदिएको अभिलेख छ । टुँडाल पनि १८औं शताब्दीको हो ।

(ग) यस टुँडालको माथिल्लो भागमा रुखका लहराहरू र पातहरू बनाइएका छन् (चित्रफलक नं. १३५) । साथै किन्नरका आकृतिहरू पनि कुँदिएका छन् । मध्यभागमा स्थानक मुद्रामा भएको वराहको मूर्तिका आठवटा हातहरू छन् । आठवटा हातहरूमा विभिन्न किसिमका आयुधहरू लिइएका छन् । घुँडासम्म झुण्डिएको माला लगाएको वराहको शरीरमा प्रशस्त मात्रमा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ । तल्लो भागमा धोतीका टुप्पाहरू झुण्डिएका छन् । धोतीका टुप्पाहरूमा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । तल्लो भागमा भएका तीनवटा कमलका फूलमाथि वराहका खुट्टाहरू छन् । कमलको फूलभन्दा तल्लो भागमा चारवटा मूर्तिहरू छन् । एउटा मूर्ति आसन मुद्रामा छ भने अरु तीनवटा स्थानक मुद्रामा छन् । आसन मुद्रामा भएको मूर्तिलाई अभिषेक गर्न लागिएको छ । कुना कुनामा भएका देव आकृतिहरूको ध्वजा र चमर समातेका छन् । मूर्तिको तल्लो भागमा नेवारी लिपिमा भागवतको श्लोक अंकित गरिएको छ । टुँडालमा सूक्ष्म कलाकारिताको प्रयोग गरिएको छ । जसमा अति सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । टुँडालको समय १८औं शताब्दी मानिन्छ ।

(घ) टुँडालको सबैभन्दा माथि हृयग्रीव भनेर नेवारी लिपिमा लेखिएको छ (चित्रफलक नं. १३६) । यसभन्दा तल्लो भागमा हाँगा र पातहरूयुक्त रुख बनाइएको छ । रुखका चरा र बाँदरका मूर्तिहरू बनाइएको छ । मध्य भागमा कमल फूलमाथि स्थानक मुद्रामा भएको हृयग्रीवको आठवटा मूर्ति छ । हातमा विभिन्न किसिमका आयुधहरू समातिएका छन् । शरीरमा प्रशस्त मात्रमा गरगहनाहरू प्रयोग गरिएका छन् । धोतीका टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । धोतीका टुप्पाहरूमा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । तल्लो भागमा भएको कमलको फूलमा पनि विभिन्न किसिमका डिजाइनहरू बनाइएको छ । मूर्तिको तल्लो भागमा नरसिंहको मूर्ति बनाइएको छ । सबैभन्दा तल्लो भागमा नेवारी लिपिमा भागवतको श्लोक कुँदिएका छ । यो टुँडाल पनि १८औं शताब्दीको हो ।

## (१२) चाँगुनारायणमा भएका टुँडालहरू

चाँगुनारायण मन्दिर पनि काष्ठकलाको लागि प्रसिद्ध छ । यस मन्दिरमा भएका टुँडालहरू पनि काष्ठकलाका अनुपम नमुनाहरू मानिन्छन् । यस मन्दिरमा वैष्णव धर्मसँग सम्बन्धित टुँडालहरू बढी मात्रामा पाइन्छन् । यस मन्दिरमा भएका केही टुँडालहरूको तल संक्षिप्त रूपमा वर्णन गरिन्छ ।

(क) यस मन्दिरमा न्यातपोल मन्दिरमा जस्तै टुँडालको दायाँबायाँ सानासाना टुँडाल आकृतिहरू टुँडालको लाइनमा बनाइएका छन् (चित्रफलक नं. १३७) । जसमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । यस टुँडालको माथितिरको भागमा रुखका लहरा र पातहरू बनाइएका छन् । मधय भागमा स्थानक मुद्रामा भएको आठहातयुक्त ईशानको मूर्ति बनाइएको छ । हातमा विभिन्न किसिमका आयुध र वस्तुहरू लिएको छ । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ र मुखमा जुँगाहरू पनि छन् । धोतीका टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । इशानका खुट्टाहरू परस्पर रूपमा क्रस गरी साँढेमाथि छन् । साँढेको तल्लो भागमा आसन मुद्रामा पुरुष देव आकृति बनाइएको छ । मूर्तिको वरिपरि विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । टुँडालमा सेतो र नीलो रंग लगाइएको छ । यो टुँडालको समय १८औं शताब्दी हो ।

माथिको टुँडालको बायाँतिर भएको टुँडालको माथितिर रुखका पात र लहराहरू छन् । बीचमा मधु कैटब राक्षसलाई मार्न लागेको १० हातयुक्त विष्णुको मूर्ति छ । मूर्तिको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ । मूर्तिको तल्लो भागमा कमलको आसनमाथि आसन मुद्रामा भएकी देवीको मूर्ति

छ । यस टुँडालमा सेतो र नीलो रंग लगाइएको छ । यसको समय पनि १८औं शताब्दी हो ।

(ख) यस टुँडालको माथिल्लो भागमा रुखका पातहरूको साथै रुखका लहराहरू छन् (चित्रफलक नं. १३८) । पातहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । मध्यभागमा स्थानक मुद्रमा भएको आठ हातहरू भएको विष्णु अवतार रामको मूर्ति छ । हातहरूमा विभिन्न किसिमका आयुधहरू लिइएका छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू छन् । शिरमा अलंकृत मूर्ति छ । मूर्तिका खुट्टाहरू परस्पर क्रस गरी कमलको फूलमाथि छन् । खुट्टाको बायाँनेर सानो राक्षसको मूर्ति छ । कमलको फूलको तल्लो भागमा आसन मुद्रामा भएको अलंकृत टोपी लगाएको मूर्ति छ । मूर्तिको वरिपरि विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । टुँडालमा सेतो रंग र पहेंलो रंग लगाइएको छ । यो टुँडाल १८औं शताब्दीको हो ।

यस टुँडालको बायाँतिर भएको टुँडालको माथिल्लो भागमा रुखका लहराहरू र पातहरू छन् । पातमा सूक्ष्म काष्ठकलाकारिताहरू देखिन्छ । बीचमा आठ हातयुक्त कुवेरको मूर्ति स्थानक मुद्रामा छ । हातमा विभिन्न किसिमका आयुधहरू छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू छन् । शिरमा अलंकृत मुकुट छ । धोतीका टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । टुप्पाहरूमा मुजाहरू र अलंकृत बुट्टाहरू कुँदिएका छन् । टुँडालमा सेतो र पहेंलो रंग लगाइएको छ । यो टुँडालको समय १८औं शताब्दी हो ।

(ग) यस टुँडालको माथिल्लो भागमा रुखका लहराहरू र पातहरू छन् (चित्रफलक नं. १३९)। बीचमा स्थानक मुद्रामा आठ हातहरू र तीन शिरयुक्त ब्रम्हाको मूर्ति छ । ब्रम्हाका हातमा विभिन्न किसिमका आयुधहरू छन् । शरीरमा प्रशस्त गरगहनाहरू प्रयोग भएका छन् । ब्रम्हाको मुखमा डाँडी छ । तल्लो भागमा धोतीका टुप्पाहरू छ । खुट्टाहरू परस्पर क्रस गरी कमलको फूलमाथि छन् । कमलको बायाँतिर हाँसको मूर्ति छ । यसको तल्लो भागमा असान मुद्रमा रहेको हातमा चमर लिएको मूर्ति छ । मूर्तिको वरिपरि विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । टुँडालमा सेतो र पहेंलो रंग लगाइएको छ । यो टुँडाल पनि १८औं शताब्दीको हो ।

यस टुँडालको बायाँतिर भएको टुँडालको माथिल्लो भागमा रुखका लहराहरू र पातहरू छन् । पातहरूमा सूक्ष्म काष्ठ कलाकारिता देखिन्छ । मध्य भागमा स्थानक मुद्रामा भएको आठ हातहरू समातिएका छन् । शरीरमा प्रशस्त गरगहनाहरू छन् । शिरमा अलंकृत मुकुट छ । खुट्टाहरू परस्पर क्रस गरी कमलको फूलमाथि छन् । कमलको दायाँतिर हात्तीको मूर्ति छ । तल्लो भागमा आसन मुद्रामा नग्न अवस्थामा रहेको नग्न मूर्ति छ । टुँडालमा सेतो र रातो रंग लगाइएको छ । यो टुँडाल पनि १८औं शताब्दीको हो ।

**(१३) कुमारी घरमा भएका टुँडालहरू**

काठमाडौंको कुमारीघर पनि काष्ठकलाको लागि प्रसिद्ध छ । यसमा भएका टुँडालहरू साना टुँडालहरूको श्रेणीमा पर्दछन् । तल केही टुँडालहरूको चर्चा गरिन्छ ।

यस टुँडालको माथिल्लो भागमा रुखका लहरा र पातहरू छन् । बीचमा स्थानक मुद्रामा भएको इन्द्रको मूर्ति छ (चित्रफलक नं. १४०) । मूर्तिका २ वटा हातहरू छन् । हातहरू जीर्ण भइसकेका छन् । खुट्टाहरू परस्पर क्रस गरी हात्तीको ढाडमाथि राखिएका छन् । यो टुँडालको समय १८औं शताब्दी हो ।

यस टुँडालको बायाँतिर कुसल छ । सिंह आकृतिमा बनाइएको कुसलको तलदेखि माथिसम्म विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । यो टुँडाल पनि माथिकै टुँडालको समकालीन हो ।

यस टुँडालको बायाँतिरको टुँडालको माथिल्लो भाग रुखका लहराहरू र पातहरू कुँदिएका छन् । बीचमा स्थानक मुद्रामा रहेको कुवेरको मूर्ति छ । मूर्तिका हातहरू जीर्ण भइसकेका छन् । मूर्तिका खुट्टाहरू हरिणमाथि राखिएका छन् । यो टुँडाल पनि १८औं शताब्दीको हो ।

## १४)  राष्ट्रिय संग्रहालयमा भएका टुँडालहरू

राष्ट्रिय संग्रहालयमा विभिन्न ठाउँहरूबाट संकलन गरिएका केही टुडालहरू छन् भने केही टुँडालहरू पुलिसद्वारा चोरबाट जफत गरी सुरक्षित साथ राख्न संग्रहालयमा पठाइएका हुन् । तल केही टुँडालहरूको वर्णन गरिन्छ ।

(क) संग्रहालयमा प्रर्दशन कक्षमा राखिएका यी सात वटा टुँडालहरूमा भएको माथिल्लो भागको विषयवस्तु एउटै किसिमको छ (चित्रफलक नं. १४१) । सबै टुँडालमा माथिल्लो भागमा रुखका पातहरू र लहराहरू छन् । प्रत्येक टुँडालको मध्य भागमा विभिन्न देवदेवताका मूर्तिहरू कुँदिएका छन् । तल्लो भागमा कुनै भक्त, कुनैमा देवता र कुनैमा रतिकलामा व्याप्त युगल जोडीहरूका मूर्तिहरू बनाइएका छन् । प्रत्येक टुँडालमा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । यी टुँडालहरू सबै एउटै समयका  होइनन् । यस ठाउँमा १७औं शताब्दी देखि १९औं शताब्दीसम्मका टुँडालहरू छन् ।

(ख) यी तीनवटै टुँडालहरू राष्ट्रिय संग्रहालयको प्रदर्शन कक्षमा रहेका छन् (चित्रफलक नं. १४२) । यी तीनैवटा टुँडालहरूको माथिल्लो भागमा रुखका लहराहरू सहितका पातहरू बनाइएको छ । पातहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । तीनवटै टुँडालको मध्यभागमा तन्त्रबाट प्रभावित शिव पार्वतीका स्थानक मुद्रमा भएका मूर्तिहरू छन् । प्रत्येकमा शिवले मुण्डमाला लगाएका छन् । साथै घाँटीमा सर्पमालाहरू पनि छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा रत्नजडित अलंकृत मुकुटहरू छन् । तीनवटै टुँडालमा शिव पार्वतीका हातहरू जीर्ण अवस्थामा छन् । तीनवटै टुँडालको मूर्तिको तल्लो भागमा कमलको आसन छ । कमलका तल्लो भागमा सिंह र साँढेका मूर्तिहरू छन् । तल्लो भागमा देवताका मूर्तिहरू आसन मुद्रामा बनाइएका छन् । तर प्रत्येक टुँडालको तल्लो भागका देवता फरक छन् । सबैभन्दा तल्लो भाग तीनवटै टुँडालहरूको साधा छ । कलाकारिताको हिसाबले यी टुँडालहरू १६औं १७औं शताब्दीका टुँडालहरू हुन् । यी टुँडालहरू संग्रहालयमा भए तापनि जीर्ण अवस्थामा छन् । तत्कालै संरक्षणको आवश्यकता छ ।

(ग) राष्ट्रिय संग्रहालयको स्टोरमा भएको यो टुँडालको माथिल्लो भागमा रुखका लहराहरू र पातहरू बनाइएको छ (चित्रफलक नं. १४३) । बीचमा सालभन्जिका नारीको मूर्ति छ । मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ । टुँडालको सबैभन्दा तल्लो भागमा कामकलामा व्याप्त युगल जोडीहरू छन् । यो टुडाल कामकलासम्बन्धी र सानो टुँडालअन्तर्गत पर्दछ । यो समय १८औं १९औं शताब्दी हो । यो टुँडाल कहाँको हो स्पष्ट छैन । पुलिसद्वारा चोरबाट जफत गरी सुरक्षित साथ राख्न यस संग्रहालयमा पठाइएको हो ।

## काष्ठमूर्तिहरू

> *"The term icon (eikon) means a figure representing a deity or a saint, in painting, mosaic, sculpute etc, which is especially meant for worship is in some way or other associated with the rituals connected with the worship of different divinities. The special branch of knowledge or study which deals with these images is generally known as Iconography[186]"*

अर्थात् अर्चा वा मूर्ति भन्ने शब्दको अभिप्राय चित्रकला वा मूर्तिकलामा देवता वा महापुरुषका मूर्तिहरूलाई बुझ्नु पर्ने हुन्छ । जसको निर्माण उपासनाको लागि गरिएको हुन्छ । अथवा जुन कुनै धार्मिक अनुष्ठानसँग सम्बन्धित होस् । यिनै मूर्तिहरूको अध्ययन गर्ने शास्त्रलाई मूर्तिविज्ञान भनेर भनिन्छ ।

मानवले सभ्यताहरूको शुरु भएदेखि नै कलाका विभिन्न स्वरूपहरूको निर्माण गर्न थालेको देखिन्छ । शुरुदेखि माटो, काठ, ढुंङ्गा, धातुद्वारा मूर्तिहरू बनाउन थालेका थिए । सम्भवतः मानवले मूर्ति निर्माणको लागि काठको प्रयोग गरेको हुनुपर्छ । तर प्राचीन सभ्यताहरूमा भएका उत्खनन्बाट काष्ठका मूर्तिहरू नभेटिएकाले प्रष्टरूपमा मान्न सकिने अवस्था छैन ।

तर इजिप्टको सभ्यताको उत्खनन्को क्रममा भेटिएको एउटा काठको मूर्तिले अन्य कलाहरू जस्तै काष्ठ मूर्तिकला पनि प्राचीन हो भन्ने कुरा स्पष्ट हुन आएको छ । हातमा लठ्ठी लिएर उभिएको यो मूर्तिलाई कसैले राजाको मूर्ति मानेका छन् भने कसैले यसलाई पुरोहितको मूर्ति मानेका छन् । यस मूर्तिलाई पिरामिड युगमा बनेको मानिन्छ । अहिले यो मूर्ति कायरो संग्रहालयमा राखिएको छ[187] ।

भारतीय उपमहाद्विपमा पनि इसापूर्व दोस्रो शताब्दीदेखिका काष्ठमूर्तिहरू भेटिएका छन् । **Early Sculpture of Bihar** भन्ने पुस्तकमा इसापूर्व दोस्रो शताब्दीको मानिएको काष्ठमूर्तिको चर्चा गरिएको छ, जसअनुसार-

> Unfortunately wooden work of art of the Mauryan period are very rarely to be seen. This may due to the fact that wood, being of perishable nature could not survive for[188] long as such we have not got many wooden figures of such a remote past. It is howerver, heartening to note that one rare female figure was discovered just by ancient on the bank of the Ganga near Patna city (Guljarbagh) sometime in September 1969, it is unquie one its own way as it will be seen that it is the first definite wooden image or

---

[186] J.N. Banerjee, **Development of Hindu Iconography,** (Delhi : Munsiram Manoharlal Publisher Pvt. Ltd., 1985, p. 1

[187] V.M. Hilary and E.G. Huey, **The Story of our Heritages Sculpture,** (Thomas Nelson and son limited, 1967).

[188] Chitra Ranjan Prasad Singha, **Early Sculpture of Bihar,** (Patna : Idological Book Corporation, 1980), pp. 35-58.

> Mauryan period. Yet discovered. The figure mesuring eight enches in height has been covered in round very successfully. The eyes, the noses, and other part of the body have though been very much obliterated due to the atmospheric action yet, the figure fulfils the standard of the feminine beauty of the Mauryan period. Both are felt and broken. Fully developed breast slends waist and boards heaps are clearly visible. Stomach grooms museles and the body depression below pelvic region and clearly visible. The upper portion of the body absolutely bare. The sculpture under study bear a very strong resembelance with the famous Didarganj figured preserved in the Patna Museum[189].

यसरी भारतको दोस्रो शताब्दी ई.पु. देखिका काठका मूर्ति पाइनाले यस क्षेत्रमा काष्ठका मूर्तिहरू बनाउने परम्परा प्राचीन रहेछ भन्ने कुरा स्पष्ट भएको छ । नेपालको सन्दर्भमा गोपाल, महिषपाल र किराँतकालका कुनै पनि कलाका स्वरूपहरू भेटिएका छैनन् । लिच्छविकालमा आइपुग्दा कलाको व्यापक रूपमा विकास भएको थाहा पाइन्छ । यसकालका विशेष गरी ढुङ्गाका मूर्तिहरू बनाउन जान्ने लिच्छविकालका कलाकारहरूले काठमा मूर्तिहरू बनाउन जानेका थिएनन् र लिच्छविकालमा काठका मूर्तिहरू बन्दैनथे भनेर अवश्य पनि भन्न मिल्दैन । किनभने काठ एउटा नाशवान् वस्तु भएको र हावा र वातावरणको प्रभाव यस वस्तुमा बढी पर्ने हुनाले सम्भवतः यस कालका काष्ठ मूर्तिहरू नष्ट भएर गएको हुन सक्छ । नेपालमा वि.सं. ९३६ देखि मध्यकाल शुरु भएको मानिन्छ । मध्यकालको शुरुको समयका पनि काठका मूर्तिहरू भेटिन थालेका छन् तर काष्ठ मूर्तिहरू स्वतन्त्ररूपमा १५औं शताब्दी देखि मात्र प्राप्त भएका छन् । प्राप्त भएका मूर्तिहरू विभिन्न धर्म र सम्प्रदायहरूसँग सम्बन्धित रहेका छन् । विशेषगरी नेपालमा प्रचलित हिन्दू र बौद्ध धर्मसँग सम्बन्धित विभिन्न खाले मूर्तिहरू प्राप्त भएका छन् । हिन्दूधर्म अन्तर्गतका विभिन्न सम्प्रदायहरू जस्तै शैव, शाक्त, वैष्णव, सूर्य र गणपत्य सम्प्रदायसँग सम्बन्धित मूर्तिहरू बढी मात्रामा प्राप्त भएका छन्। अन्य धर्मका मूर्तिहरू कम मात्रामा भेटिएका छन् । तल केही महत्त्वपूर्ण मूर्तिहरूको विस्तृत रूपमा वर्णन गरिन्छ ।

### (क) धर्मसाग सम्बन्धित शैव मूर्तिहरू

व्राम्हण धर्ममा शिवको महत्वपूर्ण स्थान रहेको पाइन्छ । शिवलाई एउटा पारिवारिक देवताको रूपमा पुजिन्छ । शिव हिन्दूधर्मका एउटा महत्त्वपूर्ण देवता भएकोले शिवका समयानुसार विभिन्न स्वरूपमा मूर्तिहरू बनाउन थालियो । नेपालका शिवको विभिन्न रूपमा पूजा गर्ने चलन प्राचीनकालदेखि नै रहेको पाइन्छ । नेपालमा विशेषगरी शिवको लिङ्गस्वरूप, उमामहेश्वरको रूपमा, शिव-पार्वतीको रूपमा भैरवको रूपमा छत्रचण्डेश्वरको रूपमा पुज्ने चलन रहेको पाइन्छ । नेपालमा माथि उल्लेखित स्वरूपमा मूर्तिहरू ढुङ्गा र धातुका प्राचीनकालदेखिका प्राप्त भएका छन् भने काष्ठकलामा शैव प्रतिमाहरू १४औं शताब्दीपछिका मात्र पाइन्छन् । कलामा शैव प्रतिमाहरू १४औं शताब्दी पछिका मात्र पाइन्छन् । तल केही शैव

---

[189] *Ibid*, pp. 35-38.

धर्मसँग सम्बन्धित काठका मूर्तिहरूको सचित्र विवरण प्रस्तुत गर्ने प्रयास यस शोधमा गरिएको छ ।

**(१) शिवको मूर्ति**

पनौतिस्थित इन्द्रेश्वर महादेव मन्दिरस्थित मूल ढोकाको बायाँतिर भएको यो शिवको मूर्ति हो (चित्रफलक नं. १४४) । यो शिवको भैरव स्वरूपको मूर्ति हो । स्थानक मुद्रामा रहेको यो मूर्तिका चारवटा हातहरू छन् । चारवटा हातहरू मध्ये दायाँ हातमा क्रमशः त्रिशूल र कमण्डलु लिएको देखिन्छ भने बायाँ हातको माथिल्लो हातमा परशु र तल्लो हातमा जीर्ण भइसकेको छ । शरीरभरि प्रशस्तको मात्रामा गर-गहनाहरू प्रयोग गरिएका छन् । अलंकृत कुण्डलहरू लगाएको यस मूर्तिको शिरमा जटामुकुट छ । मुख भने पूर्ण रूपमा खिइसकेको छ । घाटीमा लगाएको मुण्डमाला जाघसम्म झुण्डिएको छ । मूर्तिको बायाँ भागमा खुट्टाको नजिक भैरवतिर हेरिराखेको मूर्ति बनाइएको छ भने माथिल्लो भागमा उडिराखको मूर्ति बनाइएको छ । दायाँतिरको तल्लो भागमा बनाइएको स्थानक मुद्रामा रहेका मूर्तिले पनि भैरवतिर हेरि राखेको छ । मूर्ति बनाइएको फ्रेमको वरिपरि विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् भने फ्रेम ढोकासँगै जोडिएको छ । शैली र कलाकारिताको हिसाबले अहिलेसम्म काठमाडौं उपत्यकामा प्राप्त मूर्तिहरूमा यसलाई सर्वप्राचीन मान्न सकिन्छ । यसको समय मोटामोटी रूपमा १४औं १५औं शताब्दी राख्न सकिन्छ ।

**(२) शिवको मूर्ति**

इन्द्रेश्वर मन्दिरको ढोकाको दायाँभागमा भएको यो मूर्ति वर्गाकार खापामा बनाइएको छ (चित्रफलक नं. १४५) । स्थानक मुद्रामा रहेको शिवको यस मूर्तिमा चारवटा हातहरू छन् । बायाँ हातमा लिएको त्रिशूल र कमण्डलु स्पष्टरूपमा देखिन्छन् भने दायाँ हातमा लिएका आयुधहरू स्पष्ट छैनन् । शरीरमा कम मात्रामा गर-गहनाहरूको प्रयोग भएको छ भने मुकुट अलंकृत छ । धोतीको भाग अलंकृत छ र धोतीको तल्लो टुप्पा तिघ्रासम्म झुण्डिएको छ । शिर पछाडि प्रभामण्डल छ । जसमा विभिन्न किसिमका सानासाना बुट्टाहरू कुँदिएका छन् । मूर्तिको दायाँबायाँको भागमा विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् र रुख लहराहरू र बुट्टाहरू कुँदिएका छन् । बायाँतिर तल्लो भागमा स्थानक मुद्रामा भएको मूर्तिले शिवतिर फर्किएर हेरिरहेको छ । यस मूर्तिको माथिल्लो भागमा कमलको फूलमाथि आसन मुद्रामा रहेको मूर्तिका २ वटा हातहरू छन् । वरिपरि रुखका लहराहरू बनाइएका छन् । यी २ वटा मूर्तिहरूको बायाँतिर स्तम्भयुक्त फ्रेममा सानासाना बुट्टाहरू कुँदिएका छन् । मूर्तिको दायाँतिरको तल्लो भागमा २ हातयुक्त स्थानक मुद्रामा उभिएको मूर्ति छ । यस मूर्तिले पनि शिवतिर हेरिरहेको छ । यस मूर्ति ठीक माथि आसन मुद्रामा भएको मूर्ति छ । मूर्तिको वरिपरि विभिन्न किसिमका रुखका लहराहरू बनाइएको छ । ढोकाको बायाँ भागसँग जोडिएको यो मूर्ति वर्गाकार फ्रेम भित्र

छ । फ्रेमका किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । शिवको यो मूर्ति कलाको दृष्टिकोणले अति महत्वपूर्ण मानिन्छ । यस किसिमका शिवका मूर्तिहरू काठमाडौं उपत्यकमा कतै पनि पाइएको छैन । धातुकला, प्रस्तरकला र अन्य कलाका स्वरूपमा यस मूर्तिको स्वरूप आजसम्म प्राप्त भएका छैनन् । यस मूर्तिलाई पनि १४औं १५औं शताब्दीतिरको मान्न सकिन्छ ।

**(३) भैरवको मूर्ति**

यक्षेश्वर मन्दिरको ढोकाको खापाको तल्लो भागमा रहेको भैरवको यो मूर्ति स्थानक मुद्रामा रहेको छ (चित्रफलक नं. १४६) । चार हातयुक्त यो मूर्तिका तीनवटा हात खिइएर भाँचिसकेका छन् । खुट्टाहरूमा सर्पको आकृतिका कल्लीहरू लगाएको यस मूर्तिमा घुँडासम्म झुण्डिरहेको मुण्डमाला छ । शरीरमा गरगहना कम मात्रामा लगाइएका छन् । कानमा ठूला ठूला कुण्डलहरू लगाइएका छन् । जटा मुकुट अलंकृत छ । वरिपरिको खापा साधा छन् भने मुख पूर्णरूपमा खिइसकेको छ । मूर्तिको बनावट र कलाकारिताको हिसाबले यो मूर्तिको समय १४औं १५औं शताब्दी मान्न सकिन्छ ।

**(४) भैरव मूर्ति**

कमलको फूलमाथि आलिढ़ मुद्रामा रहेको भैरवको यस मूर्तिका चारवटा हातहरू छन् (चित्रफलक नं. १४७) । चारवटा हातहरूमा क्रमशः डमरु, वज्र, पाश र मावन काटिएको शिर छ । भैरवको घुँडासम्म मूण्डमाला लगाएको छ । धोतीका टुप्पाहरू यत्रतत्र फैलिएको छ र यी टुप्पाहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । घाँटी, हात, खुट्टाहरूमा सर्पको मालाहरू लगाएको भैरवका बाहिर निस्किएका डरलाग्दा आँखा छन् । बाजुहरूमा पनि सर्पमाला छन् । कानमा पनि सर्प कुण्डलहरू छन् भने शिरमा डरलाग्दो जटा मुकुट बनाइएको छ । जटाहरू माथितिर उठेको देखाइएको छ । वरिपरिको फ्रेम साधा खाले छ । यस मूर्तिको समय पनि १४औं १५औं शताब्दी मान्न सकिन्छ ।

### (५) भैरव मूर्ति

यक्षेश्वर महादेव मन्दिरमा भएको यो अर्को महत्त्वपूर्ण भैरवको मूर्ति हो (चित्रफलक नं. १४८) । कमलको फूलमाथि आलिढ़ मुद्रामा भएको यस मूर्तिका चारवटा हातहरू छन् । हातहरूमा क्रमशः अंकुश, डमरु देखिन्छन् भने अरु २ हातका आयुधहरू स्पष्ट देखिंदैनन् । घाँटीमा घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको यस मूर्तिमा घाँटीमा हात, खुट्टा र बाजुमा सर्पका मालाहरू पनि छन् । नाइटोसम्म झुण्डिएको सर्पमाला पनि यस मूर्तिमा देख्न सकिन्छ । तल्लो भागमा धोतीका टुप्पाहरू देखिएको छ । उक्त टुप्पाहरूमा विभिन्न किसिमका सानासना बुट्टाहरू कुँदिएका छन् । कानमा ठूलाठूला सर्प कुण्डलहरू प्रयोग भएका छन् । डरलाग्दो जटामुकुट भैरवको देखाइएको छ । मूर्तिको धेरै भाग जीर्ण भइसकेको छ । मुख र आँखाहरू खिइसकेको छ । भैरवको मूर्ति बनाइएको वरिपरिको फ्रेम साधा खाले छ । यसको समय पनि १४औं १५औं शताब्दी नै हो ।

### (६) भैरव मूर्ति

यक्षेश्वर महादेव मन्दिरको ढोकाको खापामा भएको यो अर्को महत्वपूर्ण भैरव मूर्ति हो (चित्रफलक नं. १४९) । साधारण आसनमाथि आलिढ मुद्रामा भएको यो मूर्तिका चारवटा हातहरू छन् । हातहरूमा क्रमशः वज्र, त्रिशूल, पाश र धनुष लिएको छ । घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको यस मूर्तिमा घाँटीमा हात, खुट्टा र बाजुमा सर्प मालाहरू छन् । कानमा ठूलाठूला सर्प कुण्डलहरू छन् । माथि उडीरहेको डरलाग्दो जटामुकुट छ । गोला डरलाग्दा आँखाहरू भएको मूर्तिको मुख भने पूर्णरूपमा जीर्ण भइसकेको छ । धोतीका टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । उक्त टुप्पाहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । भैरवको मूर्ति राखिएको वरिपरिको फ्रेम भने साधा खाले छ । यस मूर्तिलाई पनि १४औं १५औं शताब्दीको मान्न सकिन्छ । यक्षेश्वर महादेवमा भएका अन्य भैरव मूर्तिहरूको तुलनामा यसको संरक्षणको अवस्था राम्रो देखिन्छ ।

### (७) भैरव मूर्ति

यक्षेश्वर महादेव मन्दिरस्थित यो पनि अर्को महत्वपूर्ण भैरव मूर्ति हो (चित्रफलक नं. १५०) । कमलको फूलमाथि आलिढ मुद्रामा भएको यस मूर्तिका चारवटा हातहरू छन् । चार मध्ये २ वटा हातका आयुधहरू क्रमशः त्रिशूल र वज्र मात्र स्पष्ट छ भने अन्य २ वटा हातहरूका आयुधहरू स्पष्ट छैनन् । भैरवले घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको छ । घाँटीमा हातमा खुट्टामा र बाजुमा सर्पमालाहरू देखिन्छन् । धोतीका तीनवटा टुप्पाहरू तल्लो भागमा देखिन्छन् । टुप्पाहरूमा विभिन्न किसमका बुट्टाहरू कुँदिएका छन् । कानमा सर्प कुण्डलहरू छन् । शिरमा दायाँबायाँ उडीरहेको जटामुकुट छ भने माथिल्लो भागको मुकुट व्यवस्थित गरिएको छ । भैरवको मुख र आँखा पूर्णरूपमा जीर्ण भइसकेको छ । मूति नै जीर्ण

अवस्थामा देखिन्छ । भैरवको मूर्तिको दायाँबायाँ भने फ्रेम भने साधा खाले छ । यस मूर्तिको समय १४औं १५औं शताब्दी हो ।

### (८) भैरव मूर्ति

कमलको फूलमाथि आलिढ मुद्रामा भएको भैरवको यो मूर्ति यक्षेश्वर महादेव मन्दिरमा भएको यो अर्को महत्वपूर्ण मूर्ति हो (चित्रफलक नं. १५१) । चार हातहरू भएको यस मूर्तिमा २ हातका आयुधहरू गधा र पाश मात्र स्पष्ट देखिन्छन् । अन्य २ हातमा लिएका आयुधहरू स्पष्ट छैनन् । घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको भैरवको यस मूर्तिमा घाँटीमा, हातमा, खुट्टामा र बाजुमा सर्पमालाहरू पनि छन् । मुण्डमालाको तल्लो भागमा धोतीको टुप्पो पनि देखिन्छ । धोतीको टुप्पामा मुजाहरू स्पष्ट रूपमा देखिन्छन् । कानमा सर्प कुण्डलहरू ठूलाठूला छन् भने शिरमा डरलाग्दो जटामुकुट बनाएको छ । उक्त मूर्तिमा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । मूर्तिको वरिपरि भएको फ्रेम साधारण खाले छ । यस मूर्तिको समय पनि १४औं १५औं मान्न सकिन्छ ।

### (९) भैरव मूर्ति

यक्षेश्वरमा भएका भैरव मूर्तिहरू मध्ये यो अर्को महत्वपूर्ण मूर्ति हो (चित्रफलक नं. १५२) । कमलको फूलमाथि आलिढ मुद्रामा भएको मूर्तिका चारवटा हातहरू छन् । चारवटा हातहरूमध्ये २ वटा हातहरूको क्रमशः खटवाङ्ग र पाश मात्र आयुधहरू स्पष्ट देखिन्छन् । अरु २ हातका आयुधहरू स्पष्ट छैनन् । मूर्तिमा घुँडासम्म झुण्डिएको मुण्डमाला छ भने घाँटी, हात, खुट्टा र बाजु पनि देख्न सकिन्छ । तल्लो भागमा धोतीका तीनवटा टुप्पाहरू झुण्डिएको देखिन्छ । कानमा ठूला ठूला सर्प कुण्डलहरू छन् । शिरमा अलंकृत डरलाग्दो जटामुकुट छ । मूर्तिको दायाँबायाँ र तलमाथि राखिएको फ्रेममा कुनै पनि बुट्टाहरू छैनन् । यस मूर्तिको समय १४औं १५औं शताब्दी हो ।

### (१०) भैरव मूर्ति

पुजारीमठको खापामा भएको यो भैरवको मूर्ति कमलको फूलमाथि आलिढ मुद्रामा छ (चित्रफलक नं. १५३) । आठवटा हातहरू भएको र प्रत्येक हातमा विभिन्न किसिमका आयुधहरू समातिएका छन् । घण्टा, वज्र, तरवार, कर्ति, ढाल जस्ता आयुधहरू स्पष्ट रूपमा चिनिन्छन् भने अन्य आयुधहरू स्पष्टरूपमा चिनिंदैनन् । भैरवको एउटा खुट्टाले सानो कमलको फूलमाथि टेकेको छ भने अर्को खुट्टा ठूलो कमलको फूलमाथि छ । मुण्डमाला घुँडासम्म झुण्डिएको छ भने सर्पमाला घाँटी, हात, खुट्टा र बाजुमा लगाएको छ । तल्लो भागमा धोतीका टुप्पाहरू देखाइएको छ उक्त टुप्पाहरूमा अलंकृत बुट्टाहरू कुँदिएका छन् । भैरबको दायाँतिर एउटा हात जीण भैसकेको छ । कानमा चक्र आकृतिका ठूलाठूला कुण्डलहरू लगाएको भैरवको शिरमा जटा मुकुट छ । मुकुट अगाडितिर चक्र आकृतिका स्वरूपहरू बनाइएका छन् । गोला आँखामा

भैरवको स्वरूप अत्यन्त डरलाग्दो देखिएको छ । भैरवको दायाँबायाँ माथिल्लो भागमा रुखका आकृतिहरू बनाइएका साना अलंकृत बुट्टाहरू कुँदिएका छन् । माथि वर्णन गरिएका भैरवका स्वरूपहरू भन्दा भैरवको स्वरूपमा व्यापक परिवर्तन आइसकेको पाइन्छ । साथै यो मूर्तिमा माथिल्ला मूर्तिहरू भन्दा धेरै जटिलता आइसकेको पाइन्छ । कलाकारिता र शैलीको हिसाबले यस मूर्तिको समय १५औं १६औं शताब्दी मान्न सकिन्छ ।

### (११) भैरव मूर्ति

पूजारीमठमा रहेको यो अर्को महत्वपूर्ण मूर्ति हो (चित्रफलक नं. १५४) । कमलको फूलमाथि आलिढ मुद्रामा भएको यो मूर्तिमा पनि आठवटा हातहरू छन् । आठ हातहरूमध्ये क्रमशः तरवार, तीर, अंकुश, कर्ति, कपाल, अग्निज्वाला, धनुष र पाश लिएको छ । मुण्डमाला घुँडासम्म झुण्डिएको छ । घाँटीमा, हातमा, खुट्टामा र बाजुमा सर्पमालाहरू लगाएको यस मूर्तिको कानमा ठूलाठूला चन्द्र कुण्डलहरू छन् । धोतीका टुप्पाहरूमा साना अलंकृत बुट्टाहरू कुँदिएका छन् । शिरमा जटा मुकुटको अगाडितिर साना चन्द्र आकृतिहरू बनाइएका छन् । जटा डरलाग्दो अलंकृत रूपमा बनाइएको छ । मूर्तिको दायाँबायाँ तलामाथि दुवैतिर रुखका हाँगाहरूको आकृति बनाइएको छ । मूर्तिको वरिपरिको फ्रेममा सानासाना अलंकृत बुट्टाहरू कुँदिएका छन् । कलाकारिता र शैलीको हिसाबले यस मूर्तिलाई १५औं १६औं शताब्दीको मान्न सकिन्छ ।

### (१२) भैरव मूर्ति

भक्तपुरको पुजारी मठमा भएको यो अर्को महत्वपूर्ण भैरवको मूर्ति हो (चित्रफलक नं. १५५) । कमलको फूलमाथि आलिढ मुद्रामा भएको यो भैरवको यो मूर्तिका चार वटा हातहरू छन् । यी हातहरूमा क्रमशः तरवार, ढाल, कर्ति र कपाल छन् । घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको छ र शरीरमा, हातमा, खुट्टा र बाजुमा सर्पमालाहरू छन् । कम्मरमा धोतीको बँधाइलाई स्पष्ट रूपमा देखाइएको छ । धोतीका तीनवटा टुप्पाहरू तल्लो भागमा देखिन्छ र उक्त टुप्पाहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । कानमा ठूला ठूला चक्र कुण्डलहरू छन् । शिरमा जटामुकुट छ र मुकुटमा विभिन्न किसिमका पुष्प आकृतिहरू बनाइएका छन् । मन्दिरको वरिपरि र माथि अगाडि सानो मन्दिर आकृति बनाइएको छ । उक्त आकृतिमा सानासाना बुट्टाहरू कुँदिएका छन् । मूर्तिको दायाँबायाँ माथिल्लो भागमा रुखका हाँगाहरूको आकृति बनाइएको छ । मूर्ति राखिएको वरिपरिको फ्रेममा सानासाना बुट्टाहरू कुँदिएका छन् । यो मूर्तिको समय १५औं १६औं शताब्दी हो ।

### (१३) भैरव मूर्ति

कमलको आसनमाथि आलिढ मुद्रामा रहेको यो अर्को तरवार, ढाल, कर्ति र कपाल रहेका छन् (चित्रफलक नं. १५६) । घुँडासम्म मुण्डमाला लगाएको भैरवको यस मूर्तिमा घाँटी,

हात, खुट्टा र बाजुहरूमा सर्पमालाहरू लगाइएका छन् । तल्लोमा धोतीका तीन टुप्पाहरू झुण्डिएको देखाइएको छ । उक्त धोतीमा सानासाना बुट्टाहरू कुँदिएका छन् । कम्मरमा धोती अलंकृत स्वरूपमा बाँधिएको देखाइएको छ । कानमा ठूलाठूला चन्द्र कुण्डलहरू लगाएको भैरवको शिरमा जटामुकुट छ । मुकुट अलंकृत स्वरूपमा बनाइएको छ । मूर्तिको मुख र आँखाहरू पूर्णरूपमा जीर्ण भइसकेको छन् । मूर्तिको वरिपरिको फ्रेममा सानासाना बुट्टाहरू कुँदिएका छन् । माथिल्लो भाग अर्धगोलाकार छ । यसमा साना अलंकृत बुट्टाहरू कुँदिएका छन् । मूर्तिको माथिल्लो भागका दायाँबायाँ रुखका आकृतिहरू बनाइएका छन् । मूर्ति राखिएको मूल फ्रेमको वरिपरिको किनारमा सानासाना अलंकृत बुट्टाहरू कुँदिएका छन् । यो मूर्तिको समय पनि १५औं १६औं शताब्दीतिर मान्न सकिन्छ ।

## (१४) भैरव मूर्ति

भक्तपुरको भैरव चोकस्थित यो एउटा महत्वपूर्ण मूर्ति हो (चित्रफलक नं. १५७) । कमलासनमा भएको भैरवको यो मूर्ति आलिढ मुद्रामा रहेको छ । १२ वटा हातहरू भएको भैरवको यस मूर्तिमा हातहरूमा क्रमशः विभिन्न किसिमका आयुधहरू छन् । घुँडासम्म मुण्डमाला झुण्डिएको यस मूर्तिको घाँटी, हात, बाजु र खुट्टाहरूमा सर्प मालाहरू छन् । धोतीमा सिंह चर्म देखिन्छ भने धोतीका टुप्पाहरू तल्लो भागमा देखिन्छन् । उक्त टुप्पाहरूमा विभिन्न किसमका अलंकृत बुट्टाहरू कुँदिएका छन् । कानमा ठूला ठूला कुण्डलहरू छन् । शिरमा जटा, मुकुट छ । उक्त जटामुकुटमा पुष्प आकृति बनाएर हीराको आकृतिहरू राखिएको छ । कानको दायाँबायाँ पखेटा जस्ता आकृतिहरू राखिएको छ । मुख र आँखाहरू डरलाग्दा छन् । निधारमा तेश्रो आँखा पनि बनाइएको छ । भैरवको पछाडितिरको फ्रेमका किनाहरूमा विभिन्न किसिमका अलंकृत बुट्टाहरू कुँदिएका छन् । भैरवको ठीक अगाडि उड्न थालिराखेको हाँसको मूर्ति बनाइएको छ । भैरवलाई मन्दिर आकृतिको फ्रेम बनाएर अर्धगोलाकार तोरण बनाइएको छ भने दायाँबायाँ स्तम्भ आकृतिहरू बनाइएको छ । जसमा अलंकृत काष्ठकलाकारिता देख्न सकिन्छ । भैरवको मूर्तिलाई रातो, नीलो, हरियो, कालो रंगले रंगाइएको छ । मूर्ति १७औं शताब्दीको हो । भक्तपुरका राजा नरेश मल्लको पालामा यो भैरव मूर्ति बनेको मानिन्छ ।

## (१५) भैरव मूर्ति

भक्तपुर दरबारको सदाशिवचोकमा रहेको यो अर्को महत्वपूर्ण भैरव मूर्ति हो (चित्रफलक नं. १५८) । कमलको फूलमाथि आलिढमुद्रामा भएको यस मूर्तिका १२ वटा हातहरू छन् । १२ वटा हातहरूमा क्रमशः विभिन्न किसिमका आयुधहरू छन् । घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको यस मूर्तिको घाँटी, बाजु, हात र खुट्टामा सर्पमालाहरू छन् । कम्मरमा सिंह चर्म लगाएको देखिन्छ । धोतीका टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् र टुप्पाहरूमा अलंकृत बुट्टाहरू कुँदिएका छन् । ठूलाठूला गोलाकार कुण्डलहरू कानमा प्रयोग गरिएका छन् । शिरका

जटामुकुट अलंकृत र डरलाग्दो रूपमा बनाइएको छ । मुकुटको अगाडि भागमा देखिने गरी ५ वटा रत्नहरू जोडिएका छन् । यो दायाँतिरको भागमा चक्र आकृति बनाइएको छ । तल र माथि पछाडिको भागमा पखेटा आकृतिहरू देखिन्छन् । मूर्तिको ठीक पछाडिको भागमा भएको फ्रेमको माथिल्लो भाग अर्धगोलाकार छ । अर्धगोलाकार भागमा सानासाना बुट्टाहरू कुँदिएका छन् । यस मूर्तिलाई सानो मन्दिर आकृति बनाएर भित्र राखिएको छ । मन्दिर आकृतिको माथिल्लो भागमा अर्धगोलाकार तोरण आकृति बनाइएको छ । उक्त तोरणमा सर्प, गरुड र मक्काराकृतिहरू सूक्ष्म तरिकाबाट बनाइएको देखिन्छ । उक्त मन्दिर आकृतिको दायाँबायाँ स्तम्भयुक्त फ्रेम बनाइएको छ । मन्दिरको भाग र भैरवको मूर्तिलाई समेत विभिन्न रंगले रंगाइएको छ । विशेषगरी रातो, नीलो, हरियो रंगको बढी मात्रामा प्रयोग भएको छ । मूर्तिको कमलको आसनको अगाडि २ वटा सुगाहरू बनाइएको छ । भैरवको दायाँ खुट्टा एउटा सुगाको घुँडामाथि राखिएको छ । भैरवका मुख र आँखा डरलाग्दो स्वरूपमा बनाइएको छ । आँखीभौं पनि डरलाग्दो स्वरूपमा बनाइएको छ । कानको दायाँबायाँ उडिरहेको आकृति देख्न सकिन्छ । यस भैरवको मूर्तिले १७औं शताब्दीमा विकास भएको कलाको स्वरूपलाई स्पष्ट पार्ने काम गरेको छ । यसको समय १७औं शताब्दी हो । भक्तपुरका राजा नरेश मल्लको पालामा यो भैरवको मूर्ति बनेको मानिन्छ ।

### (१६) भैरव मूर्ति

भक्तपुरको भैरव चोकमा रहेको भैरवको यो मूर्ति कमलको फूलमाथि आलिढ मुद्रामा छ (चित्रफलक नं. १५९) । १२ वटा हातहरू भएको भैरवको मूर्तिले हातमा विभिन्न किसिमका आयुधहरू लिएको छ । कम्मरमा बाघचर्मको धोती बनाई लगाएको यस मूर्तिमा बाघचर्मका भागहरू दायाँबायाँ झुण्डिएको छ । बाघचर्मका तीनवटा टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् जसमा अलंकृत बुट्टाहरू कुँदिएको छ । घुँडासम्म झुण्डिको मुण्डमाला लगाएको भैरवको घाँटी, बाजु, हात र खुट्टामा सर्पमालाहरू छन् । घाँटीमा अलंकृत हार पनि छ जसमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएको छ । कानमा सर्प कुण्डलहरू छन् । दुवै कानको दायाँबायाँ माथि उठिराखेका पंख आकृतिहरू बनाइएका छन् । खुल्लामुखमा डरलाग्दा दाँतहरू देखिएको छ । गोला आँखाहरू जटामुकुट बनाइएको छ । मुकुटको अगाडितिर विभिन्न किसिमका रत्नहरू जडान गरिएका छन् । भैरवको पछाडि पटीको फ्रेमको माथिल्लो भाग अर्धगोलाकार छ । उक्त अर्धगोलाकार भागमा सानासाना बुट्टाहरू कुँदिएका छ साथै अग्नि ज्वालाहरू पनि कुँदिएका छन् । यसै फ्रेमको तल्लो भागमा किनारहरूमा पनि दुई लाइन बनाई विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । मूर्तिको वरिपरि मन्दिर आकृति बनाइएको छ । उक्त मन्दिर आकृतिको भित्री भागमा भैरवको मूर्ति राखिएको छ । उक्त मन्दिरको माथिल्लो भागमा अर्धगोलाकार शिखराकृति बनाएको छ । उक्त अर्धगोलाकार भागमा गरुड, सर्प, मकराकृति रुखका पात, हाँगाहरू बनाइएका छन् । मूर्तिको दायाँबायाँ मन्दिरको स्वरूपको फ्रेमहरू स्तम्भयुक्त

आकृतिहरू बनाएका छन् र उक्त भागमा सूक्ष्म काष्ठ कलाकारिता पनि देख्न सकिन्छ । उक्त स्तम्भयुक्त आकृतिको माथिल्लो भाग र मूर्तिमाथि भएको अर्धगोलाकार तोरणको विराम विन्दुमा दायाँबायाँ सानासाना मूर्तिहरू राखिएका छन् । तल्लो भागमा भैरवको ठीक अगाडि कमलको फूलमाथि साँढेमाथितिर हेरेर बसेको देखाइएको छ । भैरवको एउटा खुट्टा कमलको फूलमाथि बनाइएको सानो कमलको फूलमा छ । मूर्तिमा रातो, नीलो, हरियो, कालो रंग लगाइएको छ । उक्त मूर्तिमा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । मूर्तिको वरिपरि बनाइएको मन्दिरको स्वरूपमा पनि विभिन्न किसिमका जस्तै कालो, नीलो, रातो, हरियो रंग लगाइएको छ । यो मूर्ति पनि १७औं शताब्दीको र नरेश मल्लको पालामा बनेको थियो ।

### (१७) भैरव मूर्ति

कमलको आसनमाथि आलिढ मुद्रामा भएको भैरवको यस मूर्तिमा १२ वटा हातहरू रहेका छन् (चित्रफलक नं. १६०) । १२ वटै हातहरूमा विभिन्न किसिमका आयुधहरू रहेका छन् । बाघचर्मको धोती पहिरिएको छ र धोतीका तीनवटा टुप्पाहरू तल्लो भागमा झुण्डिएको छ । धोतीको झुण्डिएको भागमा घण्टा आकृतिहरू बनाइएका छन् । घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको भैरवको यस मूर्तिमा घाँटीमा, हातमा, बाजुमा र खुट्टामा सर्प मालाहरू छन् । घाँटीमा अलंकृत हार र मुख डरलाग्दो स्वरूपमा बनाइएको छ । शिरमा अलंकृत जटा मुकुटछ । मुकुटका दायाँतिरको भागमा अर्धचन्द्रको आकृति कुँदिएको छ । मूर्तिको पछाडिपट्टिको फ्रेमको माथिल्लो भाग शिखराकृतिको छ । उक्त शिखराकृतिमा अग्निज्वाला र अन्य विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् र दायाँबायाँको फ्रेमको किनारहरूमा अग्नि ज्वाला र विभिन्न अन्य किसिमका बुट्टाहरू पनि कुँदिएका छन् । भैरव मूर्ति शिखराकृति आकारको मन्दिर बनाइ भित्री भध्य भागमा राखिएको छ । मन्दिरको शिखराकृति भागमा गरुड, सर्पआकृतिहरू, मकराकृतिहरू, रुखका पात र लहरहरू राखिएको छ भने उक्त शिखराकृतिलाई अड्याउन तल्लो भागमा दायाँबायाँ स्तम्भयुक्त फ्रेम राखिएको छ । उक्त फ्रेम र शिखराकृति तोरणको विराम विन्दुमा दायाँबायाँ सानासाना मूर्तिहरू राखिएका छन् । दायाँबायाँको स्तम्भयुक्त फ्रेममा विभिन्न किसिमका अलंकृत बुट्टाहरू कुँदिएका छन् । भैरवको खुट्टानेर ठीक अगाडि कुकुरको मूर्ति राखिएको छ । यो मूर्ति पनि कलाकारिताको हिसाबले अति महत्वपूर्ण मान्न सकिन्छ । मूर्तिमा कालो, नीलो, रातो र हरियो रंग लगाइएको छ । मन्दिरको भागमा पनि माथि उल्लेखित रंग लगाइएको छ । यो मूर्ति पनि १७औं शताब्दीको हो र नरेश मल्लको पालामा बनइएको हो ।

### (१८) भैरव मूर्ति

सदाशिव चोकमा भएको भैरवको यो मूर्ति कमलको फूलमाथि आलिढ मुद्रामा छ (चित्रफलक नं. १६१) । यस मूर्तिमा पनि १२ वटा हातहरू छन् । १२ वटा हातहरूमा क्रमशः विभिन्न किसिमका आयुधहरू समातिएका छन् । कम्मर बाघचर्मको धोती पहिरिएको यस

मूर्तिमा तल्लो भागमा धोतीका तीनवटा टुप्पाहरू झुण्डिएका छन् र विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको यस मूर्तिमा घाँटीमा, बाजुमा, हातमा र खुट्टामा सर्प मालाहरू छन् । घाँटीमा चौडा किसिमको अलंकृत हार पनि छ र जसमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका हीराको आकृतिमा बनाइएको छ । कानमा सर्प कुण्डलहरू छ । मुख खुल्ला छ । आँखा गोला डरलाग्दा छन् र आँखीभौंहरू पनि ठूलाठूला बनाइएका छन् । शिरमा डरलाग्दो जटामुकुट छ । जटामुकुटको अगाडि रत्न जडित हिराहरूको आकृति बनाइएको छ । मूर्तिको पछाडि शिखराकृति बनाइएको छ । उक्त आकृतिमा अग्निज्वालाहरू बनाइएको छ र सानासाना बुट्टाहरू बनाइएको छ । तल्लो भागको फ्रेममा पनि अग्निज्वाला र सानासाना अलंकृत बुट्टाहरू बनाइएको छ । मन्दिरको माथिल्लो भाग शिखराकृतिमा बनाइएको छ । उक्त तोरण भागमा सर्प, मकाराकृति, रुख, लहराहरू बनाइका छन् र उक्त माथिल्लो भागलाई अड्याउन तल्लो भागमा दायाँबायाँ स्तम्भयुक्त आकृति बनाइएको छ । उक्त स्तम्भयुक्त आकृतिमा सानासाना बुट्टाहरू कुँदिएका छन् । मन्दिरको भाग र मूर्तिमा हरियो, नीलो, रातो रंग लगाइएको छ । मूर्तिको ठीक अगाडि तल्लो भागमा गरुडको मूर्ति राखिएको छ । यो मूर्तिको समय पनि १७औं शताब्दी हो र यसको निर्माण नरेश मल्लको पालामा भएको मानिन्छ ।

### (१९) भैरव मूर्ति

शदाशिव चोकमा भएको यो अर्को महत्वपूर्ण भैरव मूर्ति हो (चित्रफलक नं. १६२) । कमलको ठूलो फूलमाथि भएका सानासाना कमलको फूलमाथि आलिढमुद्रामा भएको भैरवको यस मूर्तिमा १२ वटा हातहरू छन् । हातहरूमा क्रमशः विभिन्न किसिमका आयुधहरू समेटिएका छन् । तल्लो भाग कम्मर बाघचर्मको धोती लगएको छ । धोतीका टुप्पाहरू तलतिर झुण्डिएका छन् । झुण्डिएको भागमा घण्टा आकृतिहरू बनाइएका छन् । डरलाग्दो स्वरूपमा बनाइएको भैरवको यस मूर्तिमा भएको अन्य विवरण माथि उल्लेख गरिए जस्तै छ । यस मूर्तिको तल्लो भागमा अगाडिपट्टि हाँस राखिएको छ । अति सूक्ष्म कलाकारितायुक्त यस मूर्तिको समय १७औं शताब्दी हो । यसको निर्माण पनि नरेश मल्लको पालामा भएको मानिन्छ ।

### (२०) भैरव मूर्ति

शदाशिव चोकमा भएको भैरवको यो मूर्ति कमलको फूलमाथि आलिढ मुद्रामा छ (चित्रफलक नं. १६३) । १२ वटा हातहरूमा विभिन्न किसिमका आयुधहरू लिएको छ । घुँडासम्म मुण्डमाला झुण्डिएको छ भने घाँटीमा, हातमा, बाजुमा र खुट्टामा सर्पमालाहरू छन् । कम्मरमा बाघचर्मयुक्त धोती छ । धोतीका केही टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । डरलाग्दो, मुख, गोला आँखा, ठूलो आँखीभौं, निधारमा तेस्रो आँखा जटामुकुट र सर्प कुण्डलहरू हुनु यस मूर्तिमा भएका महत्वपूर्ण विशेषताहरू हुन् । मूर्तिको पछाडिको फ्रेममा अग्निज्वालाहरू

देखिन्छन् । सानासाना बुट्टाहरू पनि कुँदिएका छन् । मन्दिर आकृति बनाएर मन्दिरको भित्री मध्यभागमा भैरवको मूर्ति राखिएको छ । मन्दिर आकृतिमा पनि विभिन्न किसिमका पशु आकृतिहरू कुँदिएका छन् । यस भागमा पनि प्रशस्त मात्रामा काष्ठ कलाकारिता देख्न सकिन्छ । मूर्ति र मन्दिर भागमा नीलो, हरियो, रातो रंग लगाइएको छ । भैरवको तल अगाडिपट्टि नारी मूर्तिवहानको रूपमा राखिएको छ । मन्दिर आकृतिको वरिपरिको फ्रेममा उत्कृष्ट कलाकारिता देख्न सकिन्छ । यो मूर्ति पनि १७औं शताब्दीको हो र नरेशमल्लको पालामा बनेको हो ।

## (२१) भैरव मूर्ति

सदशिवचोकमा भएको भैरवको यो मूर्ति कमलको फूलमाथि आलिढ मुद्रामा छ (चित्रफलक नं. १६४) । १२ वटा हातहरू भएको यस मूर्तिले विभिन्न किसिमका आयुधहरू छन् । आयुधहरू स्पष्ट रूपमा देखिदैनन् । कम्मरमा बाघचर्मको धोती छ र तल्लो भागमा धोतीका टुप्पाहरू झुण्डिएका छन् जसमा घण्टा आकृतिहरू कुँदिएका छन् । भैरवको रंग खरानी रंगको र खुट्टामा सर्पमालाहरू छन् । कानमा सर्प कुण्डल छ । घाँटीमा चौडा हार पनि छ जसमा सूक्ष्म कलाकारिता देख्न सकिन्छ । मूर्तिको मुख खूल्ला छ । गोलाकार आँखाहरू माथि ठूलो आँखीभौं रहेको छ । शिरमा अलंकृत जटामुकुट रहेको छ जसको अगाडिको भागमा रत्नहरू जडान गरिएका छन् । मुकुटको दायाँतिर अर्धचन्द्र राखिएको छ । मूर्तिको पछाडिपट्टिको फ्रेम शिखराकृति माथिल्लो भागमा देखिन्छ । उक्त फ्रेममा विभिन्न किसिमका बुट्टाहरू कुँदिनुको साथै किनारमा अग्निज्वाला बनाइएको छ । मूर्तिमा काष्ठकालको सूक्ष्म कलाकारिता देखिन्छ । मूर्तिलाई सुरक्षित राख्न बनाइएको मन्दिरको भागमा पनि स्तम्भयुक्त आकृतिहरू, सर्प आकृति, मकराकृति, रुखका लहराहरू र पातहरू बडो सूक्ष्म तरिकाबाट उत्कृण्ट गरिएको छ । मूर्तिको तल्लो भागमा भैरवको ठीक अगाडि कमलको फूलमाथि घोडाको मूर्ति बनाइएको छ । घोडाको पुच्छरनेर भैरवको खुट्टा राखिएको देखाइएको छ । डरलाग्दो स्वरूपमा बनाइएको भैरवको यो मूर्तिको समय १७औं शताब्दी हो । यस मूर्तिको निर्माण नरेश मल्लको पालामा भएको थियो ।

## (२२) भैरव मूर्ति

सदाशिव चोकमा भएको भैरवको यो मूर्ति खरानी रंगको छ (चित्रफलक नं. १६५) । कमलको फूलमाथि सानासाना कमलको फूलमा आलिढ मुद्रामा रहेको भैरवका १२ वटा हातहरू छन् । १२ वटा हातहरूमा विभिन्न किसिमका आयुधहरू लिएको छ । आयुधहरू त्यति स्पष्ट रूपमा देखिदैन । केवल तरवार, कर्ति र कपाल दण्डहरू स्पष्ट रूपमा देखिन्छन् । कम्मरमा बाघचर्मको धोती पहिरिएको भैरवका धोती टुप्पाहरू तल्लो भागमा झुण्डिएको छ । उक्त भागमा घण्टा आकृतिहरू कुँदिएका छन् । घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको भैरवको घाँटी, बाजु, हात र खुट्टामा सर्पमालाहरू छन् । घाँटीमा चौडा किसिमको हार पनि लगाएको छ । उक्त हारमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । कानमा सर्प कुण्डलहरू छन् । शिरमा जटामुकुट छ । उक्त मुकुटमा अगाडितिर विभिन्न किसिमका रत्नहरू जडान गरिएको छ । मुकुटको दायाँतिरको भागमा अर्धचन्द्र बनाइएको छ । मूर्तिको पछाडिपट्टिको फ्रेमको माथिल्लो भाग शिरखको आकृतिमा बनाइएको छ । उक्त फ्रेमको चारैतिरको किनारमा अग्नि ज्वालाहरू बनाइनुका साथै वरिपरि विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । उक्त मूर्ति शिखराकृतिको मन्दिरको भित्री भागमा राखिएको छ । मन्दिरको फ्रेममा पनि विभिन्न किसिमका अलंकृत बुट्टाहरू छन् । भैरवको खुट्टानेर अगाडिपट्टि मयूरको मूर्ति बनाइएको छ । यो मूर्ति पनि १७औं शताब्दीको हो र नरेश मल्लको पालामा बनाइएको हो ।

## (२३) भैरव मूर्ति

सदाशिव चोकमा भएको यो अर्को महत्वपूर्ण भैरव मूर्ति हो (चित्रफलक नं. १६६) । कमलको फूलमाथि भएका सानासाना कमलको फूलमाथि खुट्टा राखि आलिढ मुद्रामा भएको भैरवका १५ वटा हातहरू भएको भैरवले विभिन्न आयुधहरू लिएको छ । आयुधहरू स्पष्ट छैनन् । कम्मरमा बाघचर्मको धोती लगाएको यस मूर्तिमा तलतिर धोतीका तीनवटा टुप्पाहरू देखिन्छन् । टुप्पामा घण्टा आकृतिहरू देखिन्छन् । घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको भैरवको घाँटी बाजु, हात खुट्टामा सर्पमालाहरू छन् । घाँटीमा ठूलो चौडा हार लगाएको छ । कानमा लामालामा सर्प कुण्डहरू छन् । शिरमा अलंकृत जटा मुकुट छ । मुकुटमा उत्कृष्ट काष्ठकलाकारिता देख्न सकिन्छ । मुकुटको अगाडितिर रत्नजटित छन् । दायाँ भागमा अर्धचन्द्र अंकित गरिएको छ । भैरवको पछाडिपट्टिको फ्रेममा काष्ठकलाकारिता देखिन्छन् । पछाडिपट्टिको फ्रेमको माथिल्लो भाग शिखराकृति छ । फ्रेमको चारै किनारमा अग्नि ज्वालाहरू बनाइएको छ । सानासाना अलंकृत बुट्टाहरू पनि कुँदिएका छन् । मन्दिर आकृतिको ढाँचा बनाएर मूर्ति भित्रतिर राखिएको छ । उक्त आकृतिमा पनि सूक्ष्म कलाकारिता देख्न सकिन्छ । भैरवको रंग निलो छ र रातो, सेतो, हरियो रंगको प्रयोग फ्रेममा गरिएको छ । भैरवको तल्लो भागमा खुट्टानेर कुकुरको मूर्ति बनाइएको छ । यो मूर्ति पनि १७औं शताब्दीको हो । यो मूर्ति नरेश मल्लले बनाउन लगाएका हुन् ।

## (२४) भैरव मूर्ति

कमलको आसनमाथि भएका सानासाना कमलको फूलमाथि खुट्टाहरू राखी आलिढ मुद्रमा भएको भैरवका १२ वटा हातहरू छन् (चित्रफलक नं. १६७) । हातमा विभिन्न किसिमका आयुधहरू लिएको छ । आयुधहरू स्पष्ट छैनन् । मात्र तरवार, कर्ति, कमल, पाइन र वज्रहरू मात्र स्पष्ट देखिन्छन् । कम्मरमा बाघचर्मको धोती लगाएको भैरवको धोतिका तीनवटा टुप्पाहरू तल्लो भागमा झुण्डिएको देखिन्छ । झुण्डिएको भागमा घण्टा आकृतिहरू बनाइएका छन् । रातो रंग भएको यस मूर्तिको घुँडासम्म झुण्डमाला झुण्डिएको छ । घाँटी, बाजु, हात र खुट्टामा सर्प मालाहरू छन् । घाँटीमा चौडा किसिमको हार छ जसमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । मुख खुल्ला छ । गोला, डरलाग्दा आँखाको माथि ठूलो आँखीभौं बनाइएको छ । कानमा लामालामा सर्प कुण्डलहरू छन् । शिरमा अलंकृत जटा कुमुट छ । मुकुटको अगाडितिर रत्न जडान गरिएका छन् र दायाँतिर अर्धचन्द्रको आकृति राखिएको छ । भैरवको पछाडितिरको फ्रेममा अग्निज्वाला र विभिन्न किसिमका बुट्टाहरू बनाइएका छन् । भैरवको मूर्तिको बाहिरी भागमा बनाइएको मन्दिर आकृतिको माथिल्लो भाग अर्धगोलाकार छ । उक्त अर्धगोलाकार भागको मध्य भागमा उडिरहेको गरुडको मूर्ति बनाइएको छ । दायाँबाया सर्प आकृतिका रुखका लहराहरू र मकराकृतिहरू बनाइएका छन् । दायाँबायाँको भागमा अर्धगोलाकार भागलाई अड्याउन स्तम्भ युक्त आकृतिहरू बनाइएका छन् । यसमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । मूर्तिको तल्लो भागमा खुट्टानेर हाँसको मूर्ति बनाइएको छ । यो मूर्तिको समय पनि १७औं शताब्दी हो । नरेश मल्लको पालामा यो मूर्ति बनाइएको हो ।

## (२५) भैरव मूर्ति

कमलको आसनमाथि भएका कमलका साना कमलको फूलमाथि आलिढ मुद्रामा भएको भैरवको यो अर्को महत्वपूर्ण मूर्ति हो (चित्रफलक नं. १६८) । सदाशिव चोकमा भएको यो मूर्तिका १२ वटा हातहरू छन् । १२ वटा हातमा भएका तरवार, कर्ति, कपाल, पास र वज्र जस्ता आयुधहरू मात्र स्पष्ट देखिन्छन् । अरु आयुधहरू स्पष्ट छैनन् । रातो रंग शरीरमा लगाएको भैरवको घुँडासम्म कुँदिएको मुण्डमाला छ । घाँटी, बाजु, हात र खुट्टामा सर्पमालाहरू छन् । घाँटीमा चौडा हार छ । जसमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । कम्ममा बाघचर्मको धोती लगाएको छ । खुल्ला मुख, गोला आँखा, कानमा लामा सर्प कुण्डलहरू, शिरमा जटा मुकुट, जटा मुकुटको अगाडि रत्नजडित र मुकुटको दायाँतिर अर्धचन्द्रको आकृति हुनु यस मूर्तिका महत्वपूर्ण विशेषता हुन् । मन्दिर आकृतिमा पनि सूक्ष्म कलाकारिता गरिएको भैरवको तल्लो भागमा खुट्टानेर घोडाको मूर्ति बनाइएको छ । यस मूर्तिमा पनि सूक्ष्म कलाकारिता देख्न सकिन्छ । भैरवको यो मूर्ति पनि १७औं शताब्दीको हो । राजा नरेश मल्लको पालामा यो मूर्तिको निर्माण भएको थियो ।

## (२६) भैरव मूर्ति

सदाशिव चोकमा भएको यो अर्को महत्त्वपूर्ण भैरव मूर्ति हो (चित्रफलक नं. १६९) । पहेंलो रंग लगाएको भैरवको यो मूर्ति कमलको फूलमाथि राखिएका सानासाना कमलका फूलमाथि खुट्टा राखी आलिढ मुद्रामा छ । १२ वटा हातहरू छन् भने हातमा भएका आयुधहरू स्पष्ट छैनन् । घुँडासम्म झुण्डिएको मुण्डमाला छ भने कम्मरमा बाघचर्मको धोती लगाएको छ । घाँटी, हात, बाजु र खुट्टामा सर्पमाला, घाँटीमा चौडा किसिमको हार, कानमा सर्प कुण्डल, गोलाकार आँखा, खुल्ला मुख, डर लाग्दा आँखीभौं, शिरमा रत्नजटित जटामुकुट, मुकुटको दायाँतिर अर्धचन्द्र, मूर्तिको पछाडिपट्टिको फ्रेममा अग्निज्वाला र विभिन्न किसिमका सानासाना बुट्टाहरू कुँदिएका छन् । मन्दिर आकृतिमा सूक्ष्म र उत्कृष्ट काष्ठकलाकारिता यस मूर्तिका महत्वपूर्ण विशेषताहरू हुन् । मूर्तिको तल्लो भागमा भेडाको मूर्ति बनाइएको छ । यो मूर्ति पनि १७औं शताब्दीको हो । यस मूर्तिको निर्माण नरेश मल्लको पालामा भएको थियो ।

## (२७) भैरव मूर्ति

भक्तपुर संग्रहालयमा भएको यो अर्को महत्त्वपूर्ण भैरव मूर्ति हो (चित्रफलक नं. १७०) । आसन मुद्रामा भएको यस मूर्तिका चारवटा हातहरू छन् । हातहरूमा क्रमशः कर्ति, कपाल, तरवार र ढाल लिएको छ । घाँटमा, हातमा र बाजुमा सर्पमालाहरू लगाएको छ । साथै घाँटीमा मुण्डमाला पनि लगाएको छ । कानमा ठूला ठूला चक्र कुण्डलहरू छन् । मुख खुल्ला र डरलाग्दो छ । हातहरू पनि देखाइएको छ । शिरमा ठूलो अलंकृत जटामुकुट छ । जटामुकुटको अगाडितिर रत्न र मुण्डमालाहरू जडान गरिएका छन् । मुकुटमा उत्कृष्ट र सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । मूर्ति राखिएको आसनको तल्लो भागको फ्रेमको मध्य भागमा गन्धर्वको मूर्ति बनाइएको छ । वरिपरि विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । मूर्तिको आसनको खासै सम्बन्ध देखिंदैन । मूर्ति भन्दा आसन पुरानो देखिन्छ । मूर्तिको समय १७औं शताब्दी हो भने आसनको समय १६औं शताब्दी ।

## (२८) भैरव मूर्ति

भक्तपुर संग्रहालयमा भएको यो अर्को महत्त्वपूर्ण मूर्ति हो (चित्रफलक नं. १७१) । कमलको फूलमाथि आलिढ मुद्रामा भएको यस मूर्तिमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । भैरवको एउटा खुट्टा सुतिराखेको नारी मूर्तिमाथि छ भने अर्को खुट्टा सिंहमाथि छ । आठवटा हातहरू भएको भैरवले हातमा विभिन्न किसिमका आयुधहरू लिएको छ । हातमा क्रमशः कर्ति, कपाल, खटवाङ्ग, ढाल, तरवार, डमरु, त्रिशूल र नरमुण्ड लिएको छ । कम्मरमा धोती लगाएको छ । घुँडासम्मको मुण्डमाला लगाएको छ । घर, खुट्टा, बाजुमा सर्पमालाहरू छन् । कानमा सर्प कुण्डलहरू छन् । घाँटीमा चौडा हार छ । काखमा मुण्डमाला लगाएकी २ हात युक्त शक्तिको मूर्ति छ । मुख खुल्ला छ । आँखाहरू गोला र डरलाग्दा छन् । निधारमा तेश्रो आँखा छ । चार

वटा शिरहरू भएको भैरवले मूल शिरमा र अन्य शिरहरूमा जटा मुकुटहरू छन् । यस मुकुटमा रत्न र मुण्डमालाहरू जडान गरिएका छन् । जटाहरूमा उत्कृष्ट कलाकारिता देख्न सकिन्छ । भैरवको वरिपरि अर्धगोलाकार फ्रेम बनाइएको छ । उक्त फ्रेममा अग्निज्वालाहरू बनाइएको छ । सानासाना बुट्टाहरू कुँदिएका छन् । कलाकारिताको हिसाबले यस मूर्तिमा १७औं शताब्दीको काष्ठमूर्ति कलाको अनुपम नमुना देख्न सकिन्छ ।

### (२९) भैरव मूर्ति

भक्तपुर संग्रहालयस्थित यो भैरव मूर्ति पनि काष्ठकलाको अति महत्वपूर्ण मूर्ति हो (चित्रफलक नं. १७२) । नर नारीमाथि आलिढ मुद्रामा उभिएको भैरवका आठ हातहरू छन् । आठवटा हातहरूमध्ये ढाल, कर्ति र कपाल मात्र छन् अरु हातमा आयुधहरू छैनन् । घुँडासम्म मुण्डमाला लगाएको भैरवले अलंकृत धोतीको प्रयोग गरेको छ । जसमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । घाँटी, बाजु, हात र खुट्टामा सर्पमाला लगाएको छ । घाँटीमा विशेष किसिमको हार पनि लगाएको छ । यस्तो किसिमको घाँटीको हार अन्य भैरव मूर्तिहरूमा पाइँदैन । कानमा लामालामा सर्प कुण्डलहरू लगाएको छ । अति डरलाग्दो मुख र आँखाहरू छन् । निधारमा सो आँखा देखिन्छ । काँधसम्म झरेको जटामुकुटको अगाडितिरको भागमा मुण्डमाला र रत्न जडान गरिएका छन् । उक्त जटामा उत्कृष्ट काष्ठ कलाकारिता देख्न सकिन्छ । भैरवको पछाडिपट्टिको फ्रेमको माथिल्लो भागमा अग्निज्वाला बनाइएको छ । फ्रेमको वरिपरि हिरा आकृतिका पुष्पहरू बनाइएका छन् । मूर्ति अति अलंकृत छ । यस मूर्तिमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । मूर्तिको तलतिरको आसन भाग जीर्ण हुने अवस्थामा देखिन्छ । यो मूर्ति १७औं शताब्दीको हो ।

### (३०) शक्तिसहित भैरव

कमलको आसनमाथि दायाँबायाँ सुतिरहेको नरमाथि र बायाँ खुट्टा मयूरमाथि राखि आलिढ मुद्रामा रहेको भैरवका ६ वटा हातहरू छन् (चित्रफलक नं. १७३) । ६ हातहरूमा क्रमशः तरवार, ढाल, त्रिशूल, कपाल, मानवको काटेको शिर लिएको छ भने एउटा हातले शक्तिलाई अंगालो हालेको छ । कम्मरमा अलंकृत धोती लगाएको धोतीको बीच भागको टुप्पाले मूर्तिको खुट्टाको मध्य भागमा राखिएको कलशलाई छोएको छ । धोतीका अलंकृत टुप्पाहरू अति राम्रा देखिन्छन् । घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको भैरवको बायाँतिर शक्तिको मूर्ति छ । शक्तिलाई ललितासन देखाइएको छ । २ वटा हातयुक्त शक्तिले पनि मुण्डमाला लगाएकी छन् र शक्तिको धोती र मुकुट अलंकृत छ । भैरवको घाँटी, बाजु, हात र खुट्टामा सर्प मालाहरू छन् । साथै घाँटीमा विभिन्न किसिमको बुट्टाहरू निकालिएको हार पनि छ । मुख, आँखा र आखिभौं डरलाग्दो स्वरूपमा बनाइएको छ । निधारमा तेश्रो आँखा देखिन्छ । कानमा सर्प कुण्डलहरू छन् । कुमसम्म झुण्डिएको जटामुकुट लगाएको उक्त मुकुटको अगाडितिर रत्न र मुण्डमालाहरू जडान गरिएका छन् । मूर्तिको शिरमाथि अर्धगोलाकार तोरण बनाइएको छ ।

उक्त तोरणको मध्यभागमा उड्न तयार भैरहेको गरुडको मूर्ति बनाइएको छ । चार हातयुक्त गरुडको दायाँबायाँ अप्सरा र गन्धर्वका मूर्तिहरूको नाग र मकराकृतिहरू बनाइएका छन् । गरुडको कुचेको भागमा सर्प आकृतिहरू बनाएका छन् । मुर्तिको दायाँबायाँको भागमा स्तम्भयुक्त आकृतिहरू बनाइएका छन् । उक्त आकृतिहरूमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । सबैभन्दा माथिल्लो भागमा छत्रावली छ र मूर्तिको चारैतिरको फ्रेममा किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । यो मूर्तिलाई १७औं शताब्दीको अर्को महत्वपूर्ण काष्ठमूर्ति मान्न सकिन्छ ।

### (३१) **भैरव मूर्ति**

पाटन दरबारको मूलचोकको स्तम्भमाथि सूर्य विम्बको मध्यभागमा भएको भैरव नरमाथि आसन मुद्रामा रहेको छ (चित्रफलक नं. १७४) । लामो मुण्डमाला लगाएको भैरवको यस मूर्तिको घाँटीमा, हातमा, खुट्टामा र बाजुमा सर्प मालाहरू छन् । घाँटीमा अलंकृत हार पनि छ । ६ वटा हातहरू भएको भैरवको हातमा क्रमशः तरवार, डमरु, कर्ति, कपाल, खटवाङ्ग र ढाल छन् । कानमा चक्रकुण्डलहरू लगाएको भैरवको शिर अलंकृत जटामुकुट देखिन्छ । मुकुटको अगाडितिर रत्न र मुण्डमालाहरू जडान गरिएका छन् । सूर्य विम्बको वरिपरि अग्निज्वालाहरू देखाइएको छ भने वरिपरि साना बुट्टाहरू कुँदिएका छन् । कलाकारिता, शैली र स्मारकको समयको आधारमा यो मूर्ति १७औं शताब्दीको हो ।

### (३२) **भैरव मूर्ति**

न्यातपोल मन्दिरमा यसको यो अर्को महत्वपूर्ण भैरव मूर्ति हो (चित्रफलक नं. १७५) । कमलको आसनमाथि आलिढ आसनमा उभिएको भैरवका चार हातहरू छन् । चारहातमा आयुधहरू त्यति स्पष्ट छैनन् । कम्मरमा धोती लगाएको घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको भैरवले घाँटी, हात, बाजु र खुट्टामा सर्पमालाहरू लगाएको छ । कानमा ठूला ठूला चक्रकुण्डलहरू छन् । मुख र आँखाहरू जीर्ण भइसकेका छन् । शिरमा जटामुकुट लगाएको छ र जटामुकुटको अगाडितिर रत्न र मुण्डमालाहरू जडान गरिएका छन् । मूर्तिको पछाडिपट्टिको फ्रेममा अग्निज्वालाको साथै सानासाना बुट्टाहरू पनि देखिन्छन् । मूर्तिको शिरको दायाँबायाँ रुखका लहराका आकृतिहरू देखिन्छन् । मूर्ति राखेको बाहिरी फ्रेममा दायाँबायाँ र तलमाथिको किनारहरूमा सानासाना बुट्टाहरू कुँदिएका छन् । जसले मूर्तिलाई झनै राम्रो बनाएका छन् । यो मूर्तिको समय १८औं शताब्दी हो ।

### (३३) **भैरव मूर्ति**

न्यातपोल मन्दिरमा भएको यो अर्को महत्वपूर्ण मूर्ति हो (चित्रफलक नं. १७६) । कमलको आसनमाथि आलिढ मुद्रामा भएको भैरवका ४ वटा हातहरू छन् । तीनवटा हातहरूमा क्रमशः ध्वजा, चक्र र वदा लिएको छ भने एउटा हातको स्पष्ट छैन । घुँडासम्म

झुण्डिएको मुण्डमाला लगाएको भैरवको कम्मरमा बाँधेको धोतीका तीनवटा टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । उक्त झुण्डिएको ठाउँमा घण्टा आकृतिहरू बनाएका छन् । घाँटीमा सर्प मालाको साथै चौडा किसिमको हार पनि छ । हात र खुट्टामा यिनै किसिमका गरगहनाहरू प्रयोग भएका छन् । कानमा ठूलाठूला रत्न, कुण्डलहरू जटामुकुट छ । मुकुटमा विभिन्न किसिमका रत्नहरूको साथै मुण्डमालाहरू पनि छन् । मुकुटमा उत्कृष्ट काष्ठकलाकारिता देख्न सकिन्छ । मूर्तिको पछाडिपट्टिको फ्रेमका किनारहरूमा चारैतिर अग्निज्वालाहरू बनाएका छन् । साथै अग्निज्वालाको भित्री भागमा सानासाना बुट्टाहरू कुँदिएका छन् । मूर्तिको शिरको दायाँ फ्रेम बाहिरको माथिल्लो भागमा रुखका लहराहरू बनाइएका छन् । मूर्ति राखिएको फ्रेमको दायाँ र माथिल्लो भागमा अलंकृत बुट्टाहरू कुँदिएका छन् भने बायाँ र तल्लो भाग साधा छ । मूर्ति धेरै ठाउँमा जीर्ण भैसकेको छ । १८औं शताब्दीको काष्ठ मूर्तिकलाको प्रतिनिधित्व गर्ने यस मूर्तिका धेरै भागहरू जीर्ण भैसकेको हुनाले तत्कालै संरक्षणको आवश्यकता देखिन्छ । कलाकारिताको हिसाबले यस मूर्तिमा उत्कृष्ट काष्ठकलाकारिता देख्न सकिन्छ । साथै १८औं शताब्दीमा काष्ठकलामा आएको परिवर्तनलाई अनुभव गर्न सकिन्छ ।

### (३४) भैरव मूर्ति

न्यातपोल मन्दिरमा भएको यो महत्वपूर्ण भैरव मूर्ति हो (चित्रफलक नं. १७७) । कमलासनमाथि आलिढ मुद्रामा भएको भैरवका चार हातहरू छन् । चारवटा हातहरूमा क्रमशः चक्र, धनुष र वज्र देखिन्छ । एउटा हात जीर्ण अवस्थामा देखिन्छ । घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको भैरवले लगाएको धोतीका तीनवटा टुप्पाहरू तल्लो भागमा देखिन्छ । धोतीका टुप्पाहरूमा साना बुट्टाहरू कुँदिएका छन् । घाँटी, हात, बाजु र खुट्टामा सर्पमालाहरू देखिन्छन् । साथै घाँटीमा चौडा किसिमको अलंकृत हार पनि देखिन्छ । ठूलाठूला रत्न कुण्डलहरू कानमा लगाएको तथा मुख, आँखा र निकार पूर्णरूपमा जीर्ण भैसकेका छन् । शिरमा डरलाग्दो जटामुकुट छ । जटामुकुटमा रत्नहरू र मुण्डहरू जडान गरिएका छन् । मूर्तिको पछाडिपट्टि भएको फ्रेमको किनारहरूमा अग्निज्वाला बनाइएको छ । अग्निज्वालाको भित्री भागमा सानासाना अलंकृत बुट्टाहरू कुँदिएका छन् । मूर्तिको शिरको दायाँ फ्रेम बाहिर माथिल्लो भागमा रुखका लहराहरू बनाइएका छन् । जसमा उत्कृष्ट काष्ठकलाकारिता देख्न सकिन्छ । मूर्तिको बाहिरतिर भएको चारैतिरको फ्रेममा पनि विभिन्न किसिमका डिजाइनहरू निकालिएको छ । दायाँ र माथिल्लो भागको किनारमा सानासाना बुट्टाहरू कुँदिएका छन् भने बायाँ र तल्लो भागको किनारमा भएका फ्रेमहरूमा बुट्टा छैनन् । साधा डिजाइनहरू मात्र छन् । यो मूर्तिको पनि धेरैजसो भाग जीर्ण भइसकेको छ । यस मूर्तिको पनि समय १८औं शताब्दी हो ।

### (३५) भैरव मूर्ति

न्यातपोलमा भएको भैरवको यो मूर्ति कमलको फूलमाथि आलिढ मुद्रामा छ (चित्रफलक नं. १७८) । भैरवको यस मूर्तिमा चारवटा हातहरू छन् । चार हातहरू नै पूर्णरूपमा जीर्ण भैसकेका छन् । घुँडासम्मको मुण्डमाला लगाएको भैरवले लगाएको धोतीका टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । घाँटीमा सर्प मालाको साथै हार पनि लगाएको छ । खुट्टा, हात र बाजुमा भिन्न किसिमका गरगहनाहरू छन् जसमा रत्नहरू जडान गरिएको देखाइएको छ । कानमा ठूला ठूला रत्न कुण्डलहरू लगाएको छ । मुख, आँखा र निधार पूर्णरूपमा जीर्ण भैसकेका छन् । शिरमा जटामुकुट छ । उक्त मुकुटमा विभिन्न किसिमका रत्न र मुण्डहरू जडान गरिएका छन् । मूर्तिको पछाडि अर्धगोलाकार फ्रेम छ उक्त फ्रेमका किनारहरूमा अग्निज्वालाहरू देखाइएका छन् । अग्निज्वालाको भित्री भागमा सानासाना बुट्टाहरू कुँदिएका छन् । मूर्तिको शिरको माथिल्लो भागमा फ्रेम भन्दा बाहिर रुखका लहराहरूको आकृति बनाइएको छ । मूर्ति राखिएको फ्रेमको माथिललो र दायाँतिरका भागका किनारहरूमा सानासाना अलंकृत बुट्टाहरू कुँदिएका छन् भने बायाँ र तल्लो भाग साधा छ । मूर्तिको धेरै भागहरू जीर्ण भैसकेका छन् । उक्त मूर्तिको पनि तत्कालै संरक्षणको आवश्यकता देखिन्छ । यसको समय पनि १८औं शताब्दी हो ।

**(३६) शिव विश्वरूप (भैरव)**

भक्तपुर संग्रहालयमा रहेको यो एउटा महत्वपूर्ण शिव विश्वरूपको काष्ठमूर्ति हो (चित्रफलक नं. १७९) । कमलको आसनमाथि कछुवा र साँढेको ढाडमाथि खुट्टाहरू राखि आलिढ मुद्रामा भएको यस मूर्तिमा ३४ वटा हातहरू छन् । ३४ वटा हातहरूमा विभिन्न किसिमका आयुधहरू लिएको छ । मुण्डमाला लगाएको भैरवको हात खुट्टा र घाँटीमा समेत विभिन्न किसिमका गरगहनाहरू लगाएको छ । धोतीका टुप्पाहरू तल्लो भागमा झुण्डिएको देखाइएको छ । अगाडिका २ वटा हातहरू पनि माक्किसकेका छन् । निधारमा तेश्रो आँखा पनि भएको यस मूर्तिमा १७ वटा शिरहरू छन् । शिरमा अलंकृत मुकुट पनि छन् । शिरको पछाडि अग्निज्वालाहरू युक्त प्रभामण्डल पनि छ । उक्त प्रभामण्डलमा अति उत्कृष्ट काष्ठकलाकारिता देख्न सकिन्छ । मूर्तिको दायाँबायाँका फ्रेममा सर्प, घोडा, शार्दूलका आकृतिहरू बनाइएका छन् । माथिल्लो भागमा अर्धगोलाकार तोरणको आकृति छ । उक्त तोरण डरलाग्दो छ्यपूको मूर्ति छ । जसले सर्पहरू खाइराखेको देखाइएको छ र वरिपरि सर्प र मकराकृतिहरू छन् । मूर्तिको तल्लो भागमा पृथ्वी, सर्प, साँढे, कछुवाका मूर्तिहरू बनाइएको छन् । यस मूर्तिले नेपाल १८औं शताब्दीसम्म आइपुग्दा कलाको क्षेत्रमा समेत तन्त्रले ठूलो प्रभाव पारिसकेको आभास पाइन्छ । यो मूर्तिको समय १८औं शताब्दी हो ।

**(३७) भैरव शक्तिसहित**

राष्ट्रिय संग्रहालय छाउनीस्थित प्रर्दशनी कक्षमा राखिएको काष्ठ भैरव मूर्ति अर्को महत्वपूर्ण मूर्ति हो (चित्रफलक नं. १८०) । कमलको फूलमाथि आलिढ मुद्रामा रहेको यस मूर्तिका १८ वटा हातहरू छन् । हातहरूमा विभिन्न किसिमका आयुधहरू लिएको छ । आयुधहरू क्रमशः तरवार, ढाल, कर्ति, कपाला, तिर, अंकुश, गदा र पास मात्र स्पष्ट हुन्छन् । अन्य हातमा लिएका आयुधहरू स्पष्ट छैनन् । एउटा हातले शक्तिलाई अंकमाल गरेको छ । घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको भैरवको धोती पनि अलंकृत छ । धोतीमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । भैरवले हात, खुट्टा, बाजु र घाँटीमा सर्प मालाहरू लगाएको छ । घाँटीमा सर्पमालाको साथ साथै चौडा हार पनि लगाएको छ । कानमा सर्प कुण्डल लगाएको भैरवको आँखा र मुख डरलाग्दो छ । भैरवका सातवटा शिरहरू छन् र प्रत्येक शिरमा जटामुकुट छ । जटा मुकुटको अगाडितिर मुण्डमाला र रत्नहरू जडान गरिएका छन् । मुकुटमा सूक्ष्म काष्ठ कलाकारिता देख्न सकिन्छ । भैरवको बायाँतिर स्थानक मुद्रामा मयूरमाथि शक्तिको मूर्ति छ । शक्तिका २ वटा हातहरू छन् । घुँडासम्मको मुण्डमाला लगाएकी शक्तिको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । शक्तिको मुकुट पनि अलंकृत छ । मुकुटमा विभिन्न किसिमका रत्नहरू जडान गरिएका छन् । भैरवको पछाडि अर्धगोलाकार फ्रेम राखिएको छ । उक्त फ्रेमको किनारहरूमा अग्निज्वालाहरू देखिन्छन् । अग्निज्वाला कुँदिएको भित्रतिर सानासाना बुट्टाहरू कुँदिएका छन् । यस फ्रेमको सबैभन्दा माथिल्लो भागमा छत्रावली छ । भैरवको दायाँबायाँ खुट्टानेर नर र साँढेको मूर्ति छ । साथै ठीक अगाडिपट्टि मूर्ति आसन मुद्रामा रहेको छ । कमलको फूलमा पनि अलंकृत बुट्टाहरू कुँदिएका छन् । कलाकारिताको हिसाबले यसलाई पनि काष्ठमूर्तिको एउटा अनूपम नमुना मान्न सकिन्छ । यो मूर्तिमा पनि भक्तपुरको संग्रहालयमा रहेको शिवस्वरूपको तन्त्रको गहिरो प्रभाव परेको पाइन्छ । यो मूर्ति पनि १८औं शताब्दीको हो ।

## (३८) भैरव मूर्ति

कमलको आसनमाथि आलिढ मुद्रामा भएको भैरवका १० वटा हातहरू छन् (चित्रफलक नं. १८१) । हातमा विभिन्न किसिमका आयुधहरू छन् । तरवार, ढाल, डमरु, कर्ति र मेठ मात्र स्पष्ट हुन्छन् । अरु आयुधहरू स्पष्ट छैनन् । २ वटा हातहरू जीर्ण भैसकेका छन् । कम्मरमा बाघचर्मको धोती छ भने घुँडासम्म झुण्डिएको मुण्डमाला लगाएको भैरवको घाँटीमा हातमा, बाजुमा र खुट्टामा सर्पमालाहरू छन् । घाँटीमा चौडा किसिमको अलंकृत हार पनि छ । खुल्ला मुख, डरलाग्दा गोला आँखा, निधारमा तेश्रो आँखा, शिरमा जटामुकुट, मुकुटको अगाडितिर मुण्डहरू र रत्न जडान गरिएका छन् । शिरको पछाडि माथितिर शिखराकृति भएको फ्रेम राखिएको छ भने किनारहरूमा विभिन्न किसिमका अग्निज्वालाहरू राखिएका छन् । अग्निज्वालाको भित्रीभागमा विभिन्न किसिमका डरलाग्दा आकृतिहरू बनाइएका छन् । फ्रेममा रातो रंग लगाइएको छ । भैरवको दायाँबायाँ गणेश र चामुण्डाको मूर्ति राखिएको छ । भैरवको तल्लो भागमा भएको कमलको आसनमा मानिसका खप्पर आकृतिहरू बनाइएका छन् । भैरवको शरीरमा लगाएको रंग उडिसकेको छ । भैरवको ठीक अगाडि नरको घुँडा टेकेको आकृति बनाइएको छ । यो मूर्तिको केही भाग जीर्ण भैसकेको हुनाले संरक्षणको आवश्यकता देखिन्छ । राष्ट्रिय संग्रहालयमा भएको यस मूर्ति १८औं शताब्दीको हो ।

## (३९) भैरव मूर्ति

राष्ट्रिय संग्रहालयको प्रदर्शनी कक्षमा रहेको भैरवको यो मूर्ति कमलको आसनमाथि भएको नरको आकृतिका हातहरूमा टेकी आलिढ मुद्रामा छ (चित्रफलक नं. १८२) । भैरवको घुँडासम्म झुण्डिएको मुण्डमाला छ । कम्मरमा अलंकृत धोती लगाएको भैरवको धोतीका टुप्पाहरू तल्लो भागमा झुण्डिएका छन् । आठवटा हातहरू भएको भैरवले हातमा विभिन्न किसिमका आयुधहरू लिएको छ । हातहरूमा क्रमशः तरवार, ढाल, डमरु, मानवको काटिएको शिर, ढाल, त्रिशूल, कर्ति र कपाल लिएको छ । घाँटीमा, हातमा, बाजुमा र खुट्टामा सर्प मालाहरू छन् भने घाँटीमा चौडा अलंकृत हार लगाएको छ । कानमा लामा लामा सर्प कुण्डलहरू छन् । मुख, आँखा डरलाग्दा छन् । निधारमा तेश्रो आँखा पनि छ । शिरमा डरलाग्दो जटामुकुट छ । जटामुकुटको अगाडितिर मुण्डहरू र रत्न जडान गरिएको छ । मुकुटमा उत्कृष्ट काष्ठकलाकारिता देख्न सकिन्छ । मूर्तिको पछाडितिरको फ्रेमको वरिपरि अग्नि ज्वालाहरू बनाइएका छन् । समष्टीगत रूपमा हेर्दा मूर्तिमा उत्कृष्ट काष्ठकलाकारिता देख्न सकिन्छ । यो मूर्ति पनि १८औं शताब्दीको हो ।

## (४०) उमामहेश्वरको मूर्ति

एउटै काष्ठफलकमा बनाइएको उमामहेश्वर मूर्ति फलकको मध्य भागमा उमामहेश्वरको मूर्ति छ (चित्रफलक नं. १८३) । २ हातयुक्त शिवको बायाँतिर उमाको मूर्ति कमलको आसनमा आसन मुद्रामा छिन् । उमाका पनि २ वटा हातहरू छन् । हातमा भएका आयुधहरू स्पष्ट छैनन् । उमा र शिवको शिरमा अलंकृत मुकुटहरू छन् र दुवैको दायाँबायाँ फूलका आकृतिहरू देखिन्छन् । मूर्तिको दायाँबायाँ किनारमा २ वटा मूर्तिहरू स्थानक मुद्रामा देखिन्छन् । मूर्तिको माथिल्लो भागमा तोरण आकृति बनाइएको छ । उक्त तोरणमा गरुड र सर्प आकृतिहरू देखिन्छन् । तल्लो भागमा विभिन्न किसिमका केही देवताका आकृतिहरू कुँदिएका छन् । मूर्ति पूर्णरूपमा जीर्ण भैसकेको छ । यो मूर्ति राष्ट्रिय संग्रहालयको स्टोरमा राखिएको छ । मूर्ति पुलिसद्वारा जफत गरि पठाइएको हो । यो मूर्ति १७औं १८औं शताब्दीको हो । मूर्तिको तत्कालै संरक्षणको आवश्यकता छ ।

## (४१) शिव

टुँडालको स्वरूपमा कुँदिएको शिवको यो मूर्ति राष्ट्रिय संग्रहालयको स्टोरमा छ (चित्रफलक नं. १८४) । यो मूर्ति पनि पुलिसले चोरीको क्रममा समाति संग्रहालयमा सुरक्षित राख्नको लागि पठाइएको हो । कमलको आसनमाथि नृत्य मुद्रामा भएको शिवका चारवटा हातहरू छन् । हातहरूमा क्रमशः डमरु, त्रिशूल छ भने एउटा हातले कम्मरमा भिरेको मादल बजाई राखेको छ भने अर्को हात अभय मुद्रामा छ । मूर्तिको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ । शिरको माथि रुखका लहराहरू बनाइएका छन् । मूर्तिमा उत्कृष्ट काष्ठकलाकारिता देख्न सकिन्छ । यो मूर्तिलाई कलाकारिताको हिसाबले १८औं शताब्दीको मान्न सकिन्छ ।

## (४२) भैरव शिर

राष्ट्रिय संग्रहालयको स्टोरमा रहेको यो अर्को महत्वपूर्ण भैरव शिर हो (चित्रफलक नं. १८५) । ठूला ठूला गाला, खुल्ला मुख, गोला आँखा, डरलाग्दा आँखीभौं, निधारमा तेश्रो आँखा, कानमा सर्प कुण्डलहरू, घाँटीमा अलंकृत हार शिरमा जटामुकुट र जटामुकुटको अगाडि मुण्डमाला र रत्नहरू जोडिनु यस शिरका महत्वपूर्ण विशेषताहरू हुन् । यस शिरमा नीलो रंग लगाइएको देखिन्छ तर हाल सम्पूर्ण रंग उडिसकेको छ । भैरवको शिर जीर्ण अवस्थामा रहेको छ । यसको पनि तत्कालै संरक्षणको आवश्यकता देखिन्छ । कलाकारिताको हिसाबले यसको समय पनि १८औं शताब्दी मान्न सकिन्छ ।

## वैष्णव धर्मसँग सम्बन्धित मूर्तिहरू

हिन्दूधर्ममा विष्णुको महत्वपूर्ण स्थान रहेको छ । विष्णुको पूजा वैदिक कालदेखि आजसम्म पनि भक्तिभावले हुने गर्दछ । मानवको धार्मिक भावना र भक्तिभावनाले गदा नै विष्णुका मूर्तिहरू बनाउन थालिए । विष्णुका विभिन्न किसिमका मूर्तिहरू भारतवर्षमा वैदिककालदेखि नै बन्न थालेको मानिन्छ[190] ।

> Vaisnava tradition in Nepal associates the creation of the valley of Bagmati with Vishnu. The Vaisnavas believe that the gorge at Chouvar in the south of the Valley, through which the river Bagmati rushes out and which according to the Buddhist was cleft by the sword of Manjusri was created by Visnu's discus. According to Medieval inscription, the country of Nepal is situated in Vasuki Ksetra in the Himvatkanda Bharatavarsa of archaeologically the history of the religion goes back in the fifth century. The two earliest dated icons, pertraying Vaisnava themes and indeed these remain the earliest know dated sculptures in the county[191].

नेपालमा पनि प्राचीन कालदेखि नै वैष्णव सम्प्रदायसँग सम्बन्धित मूर्तिहरू बनेको थाहा पाइन्छ । तर प्राचीनकाल र मध्यकालका शुरुका काष्ठ मूर्तिहरू भेटिएका छैन । १७औं शताब्दीदेखि मात्र केही मूर्तिहरू प्राप्त भएका छन् जसको तल वर्णन गरिएको छ -

### (१) कृष्णको मूर्ति

साधारण काठका फ्रेममाथि कमलको फूलमा त्रिभङ्ग मुद्रामा भएका कृष्ण बासुरी बजाउन लागेका छन् (चित्रफलक नं. १८६) । शरीरमा कम मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । शिरमा जटामुकुट छ । कानमा कुण्डलहरू छन् । मूर्तिको दायाँबायाँ अलग्गै नाचिराखेका गोपिनीका मूर्तिहरू छन् । यो भक्तपुरको काष्ठकला संग्रहालयमा छ । यसको समय १७औं शताब्दी मानिन्छ ।

### (२) विष्णुको मूर्ति

कमलको फूलमाथि आसन मुद्रामा भएको विष्णुको यस मूर्तिमा चारवटा हातहरू छन् (चित्रफलक नं. १८७) । चार वटा हातहरूमा क्रमशः शंख, चक्र, गदा, पद्म छन् । ढाड, घाँटी, बाजु र कम्मरमा विभिन्न किसिमका गरगहनाहरू छन् । कानमा ठूलाठूला चक्र कुण्डलहरू छन् । अलंकृत मुकुट छ । शिरको पछाडि प्रभामण्डल छ । प्रमामण्डमलमा सूक्ष्म काष्ठ कलाकारिता देख्न सकिन्छ । पछाडि पछिको भाग साधा छ । यो मूर्ति पनि भक्तपुर काष्ठकला संग्रहालय छ । यो समय १७औं शताब्दी हो ।

### (३) विष्णुको मूर्ति

---

190 Vasudeva Upadhyaya, **Prachin Bharatiya Murti Bigyan,** (Varanashi : 1892), p. 61.

191 P. Pal**, Vaisnava Iconology in Nepal,** (Calcutta : The Asiasic Society, 1955).

नागको फणाहरूमाथि आसनमा बसेको विष्णुको यस मुर्तिमा चारवटा हातहरू छन् (चित्रफलक नं. १८८) । चार हातहरूमध्ये क्रमशः चक्र, गदा र पद्म देखिन्छन् भने एउटा हात जीर्ण भैसकेको छ । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरूको प्रयोग भएको छ । शिरमा लामो वैजयन्ती माला पनि छ । कानमा हीरा आकृतिका कुण्डलहरू छन् । शिरमा अलंकृत मुकुट छ । मूर्तिको पछाडिको फ्रेममा विभिन्न सर्पका फणाहरू देखिन्छन् । उक्त फणाहरूमा उत्कृष्ट काष्ठ कलाकारिता देख्न सकिन्छ । मूर्तिको पछाडिको फ्रेमको माथिल्लो भाग जीर्ण भैसकेको छ । यो मूर्ति राष्ट्रिय संग्रहालयको स्टोरमा छ । पुलिसद्वारा चोरीको क्रममा समातिएको यो मूर्ति यस संग्रहालयमा सुरक्षित राख्न पठाइएको हो । मूर्ति कुन ठाउँको हो भने केही आधारहरू छैनन् । मूर्तिको समय १७औं शताब्दी हो ।

### (४) विष्णुको मूर्ति

कमलको फूलमाथि स्थानक मुद्रामा भएको विष्णुको यस मूर्तिका चारवटा हातहरू छन् (चित्रफलक नं. १८९) । चार वटा हातहरूमा क्रमशः शंख, चक्र, गदा र पद्महरू छन् । विष्णुले घुँडासम्म झुण्डिएको वैजयन्तीमाला लगाएका छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू छन् । शिरमा अलंकृत मुकुट छ । शिरको पछाडि प्रभामण्डल छ । शिरको दायाँबायाँको खाली भागमा बादल आकृतिहरू बनाइएको छ । विष्णुको मूर्ति राखिएका फ्रेमको वरिपरिको भाग साधा छ । यो मूर्ति चाँगुनारायण मन्दिरको हो । यसको समय १८औं शताब्दी हो ।

### (५) विष्णुको मूर्ति

कमलको आसनमा स्थानक मुद्रामा भएको यो चाँगुनारायणस्थित अर्को महत्वपूर्ण मूर्ति हो (चित्रफलक नं. १९०) । चार वटा हातहरू भएको विष्णुको यो मूर्तिमा विष्णुले शंख, चक्र, गदा, पद्म लिएको छ । घुँडासम्म झुण्डिएको वैजयन्ती माला, अलंकृत धोती विभिन्न किसिमका गरगहनाहरूको प्रयोग, अलंकृत कुण्डलहरू शिरमा अलंकृत मुकुट हुनु यस मूर्तिका महत्त्वपूर्ण विशेषताहरू हुन् । मूर्तिको पछाडिपट्टि प्रभामण्डल पनि छ । शिरको दायाँबायाँको भागमा रुखका लहराहरू बनाइएका छन् । मूर्तिको वरिपरिको फ्रेम साधा छ । यो मूर्ति पनि १८औं शताब्दीको हो ।

### (६) विष्णुको मूर्ति

चाँगुनारायणस्थित विष्णुको यो अर्को महवजयन्तीवपूर्ण मूर्ति हो (चित्रफलक नं. १९१) । कमलको आसनमाथि सनक मुद्रामा भएको विष्णुका चारवटा हातहरू छन् । चारमध्ये तलतिरका २ वटा हातहरू जीर्ण भैसकेका छन् । हातमा लिएका आयुधहरू मध्ये तरबार मात्र स्पष्ट हुन्छ । अर्को आयुध भने स्पष्ट छैन । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरूको प्रयोग, शिरमा अलंकृत मुकुट, शिरको पछाडि प्रभामण्डल यस मूर्तिका महत्वपूर्ण विशेषताहरू हुन् । मूर्तिको शिरको दायाँबायाँ बादल आकृतिहरू कुँदिएका छन् । मूर्तिको वरिपरिको फ्रेम साधा

खाले छ। यसमा कुनै पनि बुट्टाहरू कुँदिएका छैनन् । यो मूर्ति जीर्ण अवस्थामा छ। त्यसकारण यसको तत्कालै संरक्षणको आवश्यकता छ। यो मूर्ति पनि १८औं शताब्दीको हो।

**(७) विष्णुको मूर्ति**

यो मूर्ति पनि चाँगुनारायणमा अवस्थित छ (चित्रफलक नं. १९२) । कमलको आसनमाथि उभिएको विष्णुको यस मूर्तिका चारवटा हातहरू छन्। चारवटा हातहरूमा क्रमशः धनुष र तीर चक्र र गदाहरू छन् । घुँडासम्म झुण्डिएको वैजयन्ती माला लगाएको विष्णुको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । शिरमा अलंकृत मुकुट छ । शिरको पछाडि प्रभामण्डल छ । मूर्तिको शिरको दायाँबायाँ बादल आकृतिहरू बनाइएका छन् । मूर्तिको वरिपरिको फ्रेम साधा खाले छ। यो मूर्ति पनि १८औं शताब्दीको हो।

**(८) विष्णुको मूर्ति**

कमलको आसनमाथि स्थानक मुद्रामा भएको विष्णुको यस मूर्तिका पनि चार हातहरू छन् । हातहरूमा क्रमशः तिर, धनुष, ढाल र शंख छन् (चित्रफलक नं. १९३) । घुँडासम्म झुण्डिएको वैजयन्ती माला लगाएको विष्णुको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ र शिरको पछाडि प्रभामण्डल छ । शिरपछाडिको दायाँबायाँ भागमा बादल आकृतिहरू छन् । मूर्तिको वरिपरि फ्रेम साधा छ । यो मूर्ति पनि चाँगुनारायणमा छ । मूर्तिको शिरको दायाँबायाँ बादल आकृतिहरू कुँदिएका छन् । मूर्तिको वरिपरिको फ्रेम साधा खाले छ । यसमा कुनै पनि बुट्टाहरू कुँदिएका छैनन् । यो मूर्ति जीर्ण अवस्थामा छ । त्यसकारण यसको तत्कालै संरक्षणको आवश्यकता छ । यो मूर्ति पनि १८औं शताब्दीको हो ।

**(९) विष्णुको मूर्ति**

यो मूर्ति पनि चाँगुनारायणमा अवस्थित छ (चित्रफलक नं. १९४) । कमलको आसनमाथि उभिएको विष्णुको यस मूर्तिका चारवटा हातहरू छन्। चारवटा हातहरूमा क्रमशः धनुष र तिर चक्र र गदाहरू छन् । घुँडासम्म झुण्डिएको वैजयन्ती माला लगाएको विष्णुको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन्। शिरमा अलंकृत मुकुट छन्। शिरको पछाडि प्रभामण्डल छ। मूर्तिको शिरको दायाँबायाँ बादल आकृतिहरू बनाइएका छन्। मूर्तिको वरिपरिको फ्रेम साधा खाले छ। यो मूर्ति पनि १८औं शताब्दीको हो।

### (१०) विष्णु मूर्ति

कमलको आसनमाथि स्थानक मुद्रामा भएको विष्णुको यस मूर्तिमा पनि चार हातहरू छन् । हातहरूमा क्रमशः तिर, धनुष, ढाल र शंख छन् (चित्रफलक नं. १९५) । घुँडासम्म झुण्डिएको वैजयन्तिमाला लगाएको विष्णुको शरीरमा प्रशस्तको मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट र शिरको पछाडि प्रभामण्डल छ । शिर पछाडिको दायाँबायाँको भागमा बादल आकृतिहरू छन् । मूर्तिको वरिपरि फ्रेम साधा छ । यो मूर्ति पनि चाँगुनारायणमा छ । यो मूर्ति पनि जीर्ण अवस्थामा छ । यसको समय पनि १८औं शताब्दी हो ।

## सूर्यमूर्ति

वैदिककालदेखि नै सूर्यलाई प्रमुख देवताहरूको समूहमा राखिएको पाइन्छ । सूर्य र विष्णुलाई एउटै स्वरूप पनि मान्ने चलन छ । भारतमा कुषाणकाल देखिका सूर्य मूर्तिहरू पाइन्छन् । नेपालमा पनि लिच्छविकाल देखि नै सूर्य पूजाको परम्परा थियो भन्ने कुरा अभिलेखीय आधारहरूबाट थाहा पाइनछ । टेवहालको मानदेवको पालाको गृहभित्रको अभिलेखमा राजा मानदेवबाट राम्ररी पृथ्वीको पालना गरिरहनुभएको बेलामा, कल्याण चिताउने सार्थबाह गृहभित्र सम्वत् ४४२ मा आषाढ शुक्ल पूर्णिमाको दिन इन्द्रनामक भगवान सूर्यलाई भक्तिपूर्वक यहाँ स्थापना गरे भन्ने कुरा लेखिएको छ । लिच्छविकाल पछिको मध्यकालको शुरुदेखि नै कलाका विभिन्न स्वरूपहरूमा सूर्यका मूर्तिहरू प्राप्त भएका छन् जसले नेपालमा सूर्य पूजाको परम्परा प्राचीनकालदेखि नै भएको प्रमाणित हुन्छ । प्रस्तरमा बनाइएका सूर्य मूर्तिहरू १०औं शताब्दीदेखिका नै प्राप्त भएका छन् । १४औं १५औं शताब्दीपछि सूर्यका मूर्तिहरू काठ र धातुमा पनि बन्न थाले । कलाका अन्य माध्यमहरू जस्तै काठमा पनि सूर्यका मूर्तिहरू मध्यकालमा प्रशस्त मात्रामा बनेको पाइन्छ । सूर्यका मूर्तिहरू बनाएर राखी सूर्य झ्यालहरू बनाइनु मध्यकालीन कलाको एक महत्वपूर्ण विशेषता हो । मध्यकालमा सूर्यका मूर्तिहरू विशेष गरी काठमा झ्यालहरूमा बढी मात्रामा देख्न सकिन्छ । केही मूर्तिहरू स्मारकका वास्तुकलाका विभिन्न स्वरूपमा पनि कुँदिएको पाइन्छ जसले मध्यकालमा सूर्य पूजा परम्परा व्यापक रूपमा विकास भएको स्पष्ट हुन्छ । विशेष गरी नेपालमा पाल र सेन कलाको प्रभावले गर्दा प्रशस्त मात्रामा सूर्यको मूर्तिहरू बनाउन थालेका देखिन्छ । तल केही महत्वपूर्ण सूर्यका मूर्तिको चर्चा गरिन्छ जसले नेपाली काष्ठमूर्तिकलाको महत्वपूर्ण पनि दर्शाउँछन् ।

### (१) सूर्य मूर्ति

कमलको फूलमाथि आसन मुद्रामा भएको सूयको यो मूर्ति पाटनको मूल चोकको दलानको माथिल्लो भागको दलिनमा छ (चित्रफलक नं. १९६) । सूर्यको यस मूर्तिका २ वटा हातहरू छन् । हातहरू जीर्ण अवस्थामा रहेका छन् । सूर्यको दायाँबायाँ काधनेर सूर्यमुखी फूलहरू छन् । हातहरू अभय मुद्रामा देखिन्छन् । कानमा चक्र कुण्डलहरू छन् भने घाँटीमा

चौडा किसिमको हार छ । शिरमा अलंकृत मुकुट छ । मुकुटको अगाडि ठूलो रत्न आकृति जडान गरिएको छ । सूर्यको पछाडितिरको फ्रेमको किनारहरूमा अग्नि ज्वालाहरू छन् । यस पछाडिको फ्रेम साधा किसिमको छ । उत्कृष्ट काष्ठकलाकारिता देखिने यस मूर्तिको समय १७औं शताब्दी हो ।

### (२) सूर्य मूर्ति

पाटनको मूलचोकको ढोकाको कप्पु (Lintel) भागमा भएको सूर्यको यो मूर्ति सूर्य विम्ब बनाएर मध्य भागमा सूर्य मूर्ति बनाइएको छ (चित्रफलक नं. १९७) । सूर्य कमलको आसनमाथि आसन मुद्रामा छ । सूर्यका २ वटा हातहरू छन् र दुवै हातहरू अभय मुद्रामा छन् । शरीरमा कवच छ । घाँटीमा चौडा किसिमको हार छ । शिरमा रत्न जडित मुकुट छ र कानमा गोला कुण्डलहरू छन् । सूर्यको काधको दायाँबायाँ सूर्यमुखी फूलहरू राखिएका छन् । सूर्य विम्बमा २ वटा घेराहरू देखिन्छ । बाहिरी घेरामा अग्निज्वाला बनाइएको छ भने भित्री घेरामा ५५ वटा सानासाना विन्दुहरू बनाइएको छ । सूर्य विम्ब बाहिर चारै कुनामा रुखका पातहरू र बुट्टाहरू बनाइएको छ । यस मूर्तिको समय पनि १७औं शताब्दी हो ।

### (३) सूर्य मूर्ति

पाटन मूलचोकको ढोकाको कप्पु (Lintel) मा भएको यो अर्को महत्वपूर्ण सूर्य मूर्ति हो (चित्रफलक नं. १९८) । सूर्य विम्बको आकृति बनाएर आकृतिभित्र भएको सूर्य मूर्ति कमलको आसनमाथि आसन मुद्रामा छ । मूर्तिका २ वटा हातहरू अभय मुद्रामा छन् । काँधको दायाँबायाँ सूर्यमुखी फूलहरू छन् । शरीरमा कवच छ भने घाँटीमा चौडा हार छ । कानमा अलंकृत कुण्डलहरू छन् भने शिरमा रत्नजडित मुकुट छ । सूर्य मूर्ति बाहिर बनाइएको सूर्य विम्बमा २ वटा घेराहरू छन् । बाहिरी घेरामा अग्निज्वाला छ भने भित्री भागको घेरामा विभिन्न किसिमका सानासाना बुट्टाहरू कुँदिएका छन् । घेराको बाहिरी भागमा विभिन्न किसिमका रुखका लहराहरू र बुट्टाहरू कुँदिएका छन् । यो मूर्ति पनि १७औं शताब्दीको हो ।

### (४) सूर्य मूर्ति

पाटनको मूलचोकको ढोकाको कप्पु (Lintel ) मा भएको सूर्यको यो अर्को महत्त्वपूर्ण मूर्ति हो । यो मूर्तिको निर्माण पनि सूर्य विम्बभित्र रहेको छ (चित्रफलक नं. १९९) । विम्बभित्र रहेको मूर्ति कमलको आसनमा आसन मुद्रामा रहेको छ । सूर्यका २ वटा हातहरू छन् । काँधको दायाँबायाँ सूर्यमुखी फूलहरू राखिएका छन् । शरीरमा कवच छ भने घाँटीमा चौडा हार छ । कानमा चक्र कुण्डलहरू छन् । शिरमा रत्नजडित मुकुट छ । सूर्य विम्बका २ वटा घेराहरू छन् । बाहिरी घेरामा अग्निज्वालाको आकृति अंकित गरिएका छन् भने भित्री घेरामा विन्दुयुक्त आकृतिहरू कुँदिएका छन् । यस मूर्तिमा उत्कृष्ट काष्ठ कलाकारिता देख्न सकिन्छ । यो मूर्ति पनि १७औं शताब्दीको हो ।

## (५) सूर्य मूर्ति

पाटनको मूलचोकको ढोकाको कप्पु (Lintel) भागमा भएको यो अर्को महत्वपूर्ण मूर्ति हो (चित्रफलक नं. २००) । सूर्य विम्बभित्र बनाइएको सूर्य मूर्ति कमलासनमा छ । २ वटा हातहरू रहेको छ । घाँटीमा हार देखिन्छ । काँधको दायाँबायाँ सूर्यमुखी फूलहरू छन् । शिरमा रत्नजडित मुकुट छ । सूर्य विम्बमा २ वटा घेराहरू देखिन्छन् । बारिहतिरको घेरामा अग्निज्वाला देखिन्छ भने भित्रतिरको घेरामा विभिन्न विन्दुहरू कुँदिएका छन् । विम्बको दायाँबायाँ विभिन्न किसिमका कलाकृतिहरू कुँदिएका छन् । यस मूर्तिमा पनि उत्कृष्ट काष्ठ कलाकारिता देख्न सकिन्छ । यो मूर्ति पनि १७औं शताब्दीको हो ।

# महिषमर्दिनी र देवीका मूर्तिहरू

शक्तिपूजाको परम्परा प्राचीनकालदेखि नै चल्दै आइराखेको थियो भन्ने कुरा यूरोपका विभिन्न ठाउँमा पाइएका उच्च पुरापाषणकालका मातृदेवीका मूर्तिहरूले स्पष्ट पारेका छन् । भारतमा प्राचीनकाल देखि नै शक्तिपूजाको परम्परा रहेको स्पष्ट हुन्छ । भारतमा विशेषगरी गुप्तकालदेखि नै महिषमर्दनी दुर्गाका र अन्य देवीका मूर्तिहरू बनाउने परम्परा रहेको थाहा पाइन्छ । नेपालमा पनि शक्तिपूजाको परम्परा प्राचीनकालदेखि चलेको कुरा लिच्छविकालीन विभिन्न अभिलेखहरूले प्रमाणित गरेका छन् । मानदेवको पालाको पलान्चोक भगवतीको विजयास्वामिनीको अभिलेखबाट शक्तिपूजाको परम्परा सम्प्रदायिक रूपमा रहेको स्पष्ट हुन्छ । नेपालमा मध्यकालको शुरु देखि नै भारतीय भूमिमा विकसित पाल र सेन कलाको प्रभाव व्यापकरूपमा पर्न थालेको पाइन्छ । जसले गर्दा नेपालमा पनि प्रशस्त मात्रामा महिषमर्दनी दुर्गाका प्रशस्त मात्रामा मूर्तिहरू बने । सिम्रौनगढबाट नेपाल उपत्यकामा प्रवेश गरेको तुलजा सम्प्रदायले झन् नेपालमा शक्तिपूजाको परम्परामा व्यापक रूपमा प्रभाव पार्न थालेको देखिन्छ । शाक्त सम्प्रदायका काष्ठकलाका नमुनाहरू १३औं शताब्दीदेखि पाउन थालिए पनि दुर्गाका मूर्तिहरू १७औं शताब्दीदेखिका मात्र प्राप्त भएका छन् । तल केही शाक्त धर्मसँग सम्बन्धित र दुर्गाका महत्वपूर्ण मूर्तिहरूको चर्चा गरिन्छ ।

## (१) पुजादेवीको मूर्ति

भक्तपुर संग्रहालयमा रहेको पुजादेवीको यो मूर्ति काष्ठमूर्तिकलाको लागि अति महत्त्वपूर्ण मानिन्छ (चित्रफलक नं. २०१) । यस मूर्तिको उचाइ ६९ से.मी. छ भने चौडाइ ४ से.मी. छ । काठको साधारण वेदिमाथि एउटा घुँडा टेकी भक्तिभावपूर्वक हातमा दियो समाति बसेकी भक्तिको मूर्तिमा रातो रंग लगाएको छ । भक्तिको शरीरमा अलंकृत धोती छ । धोतीको मुजा अगाडितिर देखाइएको छ । उक्त धोतीको टुप्पामा १० वटा अलंकृत मुजाहरू बनाइएको छ । भक्तिनीको कम्मरमा अलंकृत पेटी छ । उक्त पेटीमा अलंकृत बुट्टाहरू कुँदिएका छन् । मूर्तिको हातमा अलंकृत बालाहरू छन् । बाजुमा अति राम्रा केतुहरू प्रयोग गरिएको छ ।

मूर्तिको घाँटीमा अलंकृत हार छ भने कानमा चक्र कुण्डलहरू छन् । मूर्तिको शिर केश विन्यास अति राम्रो र साधारण खाले छ । कलाकारिताको हिसाबले यो मूर्ति अति महत्त्वपूर्ण मानिन्छ । यो मूर्तिलाई कलाकारिताको हिसाबले १५औं शताब्दीको मानिन्छ ।

### (२) नृत्य देवी

राष्ट्रिय संग्रहालयको प्रदर्शनी कक्षमा रहेको यो अर्को महत्त्वपूर्ण काष्ठ मूर्ति हो ( चित्रफलक नं. २०२) । यो मूर्तिको नाप ५५×३६ से.मी. रहेको छ । साधारण वेरी भारी स्थानक मुद्रामा रहेको यो मूर्ति अलि झुकेको छ र खुट्टाहरू एक अर्कामा काटिएको अवस्थामा राखिएका छन् । यस मूर्तिका २ वटा हातहरू छन् । २ हातहरूमध्ये दायाँ हात अभय मुद्रामा छ भने बायाँ हात तलतिर झुण्ड्याइएको छ । मूर्तिको कम्मरभन्दा तल अलंकृत धोती देखिन्छ । धोतीका तीनवटा टुप्पाहरू देखिन्छन् । खुट्टाको मध्य भागमा भएको धोतीको टुप्पामा अलंकृत मुजाहरू देखिन्छन् । कम्मरा अलंकृत पेटी देखिन्छ । हातखुट्टा र बाजुमा अलंकृत वाला र केयुरहरू छन् । घाँटीमा अलंकृत हार छ । कानमा चक्र कुण्डलहरू छन् । शिरमा अनौठो किसिमको केश विन्यास देखिन्छ । शिरको अगाडितिर रत्न जडित मुकुट आकृति छ । अति सोच रूपमा देखिने यो मूर्तिलाई काष्ठ मूर्तिकला कै अनुपम नमुनाको रूपमा लिने चलन छ । यो मूर्तिको समय पनि १५औं शताब्दी मानिन्छ ।

### (३) महिषमर्दिनी दुर्गाको मूर्ति

पाटनको मूलचोकस्थित यो एउटा महत्त्वपूर्ण दुर्गाको मूर्ति हो (चित्रफलक नं. २०३) । सूर्य विम्ब भित्र महिषमर्दिनीको मूर्ति छ । कमलको आसनमाथि महिषासुरलाई वध गरिरहेको अवस्थामा यो मूर्ति बनाइएको छ । दुर्गाको एउटा खुट्टा सिंहमाथि छ भने अर्को खुट्टा महिषासुर राक्षशको जिउमाथि देखिन्छ । दुर्गाका आठ हातहरू देखिन्छन् । आठ वटा हातहरू मध्ये केही हातका आयुधहरू मात्र स्पष्ट छन् । तरवार, ढाल र भाला स्पष्ट रूपमा देखिन्छ भने अन्य आयुधहरू स्पष्ट छैनन् । देवीको शरीरमा भएका गरगहनाहरू स्थानकरूपमा देखिदैनन् । कानका कुण्डहरू भने देखिन्छन् । शिरमा रत्न जडित मुकुट देखिन्छ । पछाडिपट्टि प्रभामण्डल पनि छ । तल्लो भागमा सिंहको जीर्ण मूर्ति छ भने महिष र महिषासुर राक्षसको मूर्ति पनि जीर्ण अवस्थामा छ । मूर्तिको वरिपरि सूर्य विम्बहरू छन् । बाहिरी तिरको सूर्य विम्बमा अग्निज्वालाहरू छन् भने भित्र तिरको विम्बमा सानासाना विन्दूहरू कुँदिएका छन् । विम्बको वरिपरिको भाग साधा छ । यो मूर्ति पूर्ण रूपमा जीर्ण भैसकेको छ । यो मूर्तिको समय १७औं शताब्दी हो ।

### (४) महिषासुरमर्दिनी दुर्गा

भक्तपुरको काष्ठकला संग्रहालयमा रहेको यो मूर्ति काष्ठमूर्तिकलाको अर्को महत्त्वपूर्ण नमुना हो (चित्रफलक नं. २०४ ) । तल्लो भागमा चुच्चो आकृति भएको र माथिल्लो भागमा

चौडा भएको कमलको फूलमाथि महिषासुरमर्दनीको मूर्ति रहेको छ । यो मूर्तिमा दुर्गाले महिषासुरको वध गरिराखेको देखाइएको छ । १० हातयुक्त यस मूर्तिका हातहरूमा विभिन किसिमका आयुधहरू छन् । हातहरूमा क्रमशः तरवार, डमरु, ढाल, त्रिशूल, पाश जस्ता आयुधहरू छन् । तल्ला २ हातहरूमध्ये एउटामा भालाले महिषासुरलाई घोची राखेको देखाइएको छ भने अर्को तल्लो हातले महिषासुरको बाहन महिषको पुच्छर समातिएको छ । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । कानमा चक्रकुण्डलहरू छन् भने शिरमा रत्नजडित मुकुट छ । शिरको पछाडि प्रभामण्डल छ । उक्त प्रभामण्डलमा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । यो मूर्ति पनि १७औं शताब्दीको हो ।

**(५) महिषासुर मर्दनी दुर्गा**

राष्ट्रिय संग्रहालयको स्टोरमा भएको यो पनि महिषासुर मर्दनीको अर्को महत्त्वपूर्ण मूर्ति हो (चित्रफलक नं. २०५) । यस टुँडाल आकृतिमा बनाइएको दुर्गाको मूर्तिमा पनि दुगाले महिषासुरलाई मार्न लगाइएको देखाइएको छ । दुर्गाका दशवटा हातहरू छन् । हातहरूमा विभिन्न किसिमका आयुधहरू लिइएका छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । कानमा अलंकृत कुण्डलहरू छन् । शिरमा अलंकृत मुकुट छ । मुकुटमा विभिन्न किसिमका रत्नहरूको आकृति कुँदिएको छ । मूर्तिको शिरको माथिल्लो भागमा रुखका लहराहरू देखिन्छन् । तल्लो भागमा सूर्यको मूर्ति देखिन्छ । यो मूर्ति १८औं शताब्दीको हो ।

**(६) महालक्ष्मीको मूर्ति**

राष्ट्रिय संग्रहालयमा भएको यो अर्को महत्त्वपूर्ण काष्ठ मूर्ति हो (चित्रफलक नं. २०६) । यस मूर्तिमा महालक्ष्मी आलिढ मुद्रामा छिन् । महालक्ष्मीका आठवटा हातहरू छन् । तलतिरका २ वटा हातहरू जीर्ण अवस्थामा छन् । हातहरूमा क्रमशः तरवार, ढाल, अंकुश, पास र धनुष छन् । तल्लो भागमा अलंकृत धोती देखिन्छ । यस धोतीमा विभिन्न किसिमका मुजाहरू छन् । घाँटीमा घुँडासम्म झुण्डिएको भाला छ । शरीरमा गरगहनाहरू प्रशस्त मात्रामा प्रयोग गरिएको छन् । कानमा चक्र कुण्डलहरू छन् । शिरमा अलंकृत मुकुट छ । मूर्तिको वरिपरि र माथिल्लो भागको फ्रेममा विभिन्न किसिमका देवी देवताका मूर्तिहरू बनाइएका छन् । मूर्तिको तल्लो भागमा २ वटा सिंह आकृतिहरू बनाइएका छन् । मूर्ति धेरै ठाउँमा जीर्ण भैसकेको हुनाले यसको तत्कालै संरक्षण गर्नुपर्ने देखिन्छ । यो मूर्ति पनि १८औं शताब्दीको हो ।

## गणेशका मूर्तिहरू

हिन्दूधर्ममा पञ्चदेवहरूमा गणेशको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । तैत्तरिय आरण्यकमा गणेशको सर्वप्रथम उल्लेख भएको पाइन्छ । तर वर्तमान समयमा पूजा गरिने गणेशको स्वरूप महाभारतकालदेखि विकास भएको पाइन्छ । भारतमा पाचौं छैठौं शताब्दीपछिदेखि मात्र गणेशका प्रतिमाहरू बनाउने परम्परा शुरु भएको पाइन्छ । नेपालको

सन्दर्भमा कुरा गर्दा प्राचीकालमा गणेशको उल्लेख खासै भएको पाइँदैन । गणेशको लोकप्रियता मध्यकाल देखि मात्र बढी मात्रामा शुरु भएको हो । तल केही महत्वपूर्ण काठका गणेशका मूर्तिहरूको चर्चा गरिन्छ ।

**(१) गणेश मूर्ति**

भक्तपुर संग्रहालयमा रहेको यो महत्त्वपूर्ण गणेशको काष्ठमूर्ति हो (चित्रफलक नं. २०७)। यस मूर्तिमा गणेशलाई मुसामाथि बसिराखेको देखाइएको छ । गणेशका २ वटा हातहरू छन् । एउटा हातमा परशु छ भने अर्को हातमा लड्डु लिएको छ । मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । शिरमा अलंकृत मुकुट छ । मूर्ति पछाडिको फ्रेममा विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । यो मूर्ति १७औं शताब्दीको हो ।

**(२) गणेशको मूर्ति**

कमलको आसनमाथि नृत्य मुद्रामा भएको भक्तपुर संग्रहालयको यो अर्को महत्त्वपूर्ण गणेशको मूर्ति हो (चित्रफलक नं. २०८) । यस मूर्तिलाई काष्ठ मूर्तिकलाकै एउटा उत्कृष्ट नमुनाको रूपमा लिन सकिन्छ । यो मूर्तिमा प्रशस्त मात्रामा तन्त्रको प्रभाव रहेको पाइन्छ । मूर्तिका आठ हतहरू छन् । आठवटा हातहरूमा विभिन्न वस्तुहरू छन् । हातहरूमा क्रमशः पुस्तक, अक्ष्यमाला, हतौडा, वरडमुद्रा, लड्डू, पास, परशु लिएको छ । एउटा हात जीर्ण भैसकेको छ । घुँडासम्म झुण्डिएको माला लगाएको गणेशको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । गणेशको पेटसम्म झुण्डिएको सुँढ छ र हातले लड्डुहरू खान लागेको देखाइएको छ । गणेशले बुट्टेदार अलंकृत धोती लगाएको छ । घाँटीमा चौडा किसिमको हार छ भने कानमा चौडा किसिमका कुण्डलहरू छन् । निधारमा तेश्रो आँखा पनि देखिन्छ । शिरमा अलंकृत मुकुट छ । अगाडितिर विभिन्न किसिमका रत्नका आकृतिहरू बनाइएको छ । मूर्तिको शिरमाथि अर्धगोलाकार तोरण आकृति बनाइएको छ । उक्त तोरणको मध्य भागमा उडिराखेको गरुडको मूर्ति नमस्कार मुद्रासनमा छ । गरुडको दायाँबायाँ शिरमा तीनवटा सर्पको फणाहरू भएका नागपुरुष र नागकन्याहरू छन् । तोरणको विभिन्न भागमा सर्प आकृतिहरू रुखका लहराहरू बनाइएको छ । गणेशको दायाँबायाँ मुसा र नारी मूर्तिहरू छन् भने खुट्टाको दायाँबायाँ २ वटा मुसाका मूर्तिहरू देखिन्छन् । कलाकारिताको हिसाबले यो मूर्ति अति महत्वपूर्ण देखिन्छ । यो मूर्ति पनि १७औं शताब्दीको हो ।

**(३) गणेशको मूर्ति**

भक्तपुर संग्रहालयस्थित यो अर्को महत्त्वपूर्ण गणेशको मूर्ति हो । कमलको आसनमाथि आसन मुद्रामा भएको गणेशको यो मूर्तिका चार वटा हातहरू छन् (चित्रफलक नं. २०९) । चारवटा भएका वस्तुहरू स्पष्ट छैनन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । शिरको मुकुट पनि अलंकृत छ । यस किसिमको मुकुट विशेषगरी भारतीय गणेशका

मूर्तिहरूमा मात्र पाइन्छन् । मूर्तिको शिरको दायाँबायाँ नमस्कार मुद्रामा नारी मूर्तिहरू छन् । तल्लो भागमा यक्षका दूत स्वरूपका आकृतिहरू दायाँबायाँ राखिएका छन् । यस मूर्तिको अर्को महत्वपूर्ण विशैषता के छ भने यस मूर्तिका खुट्टाहरू हात्तीको खुट्टाको स्वरूपमा बनाइएको छ । यस किसिमका मूर्तिहरू नेपालमा कम पाइने हुनाले सम्भवतः यो मूर्ति भारततिर कतै बनेर पछि नेपाल ल्याइएको हुन सक्छ ।

## बौद्ध मूर्तिकला

भगवान् बुद्धका उपदेशहरूमा आधारित धर्म नै बौद्धधर्म हो । गौतम बुद्धको निर्वाणको केही वर्षपछि उनका शिष्यहरू बीच बुद्धका उपदेशहरूको व्याख्या र अर्थको सम्बन्धमा विवाद उत्पन्न हुन थाल्यो । यसरी बौद्धधर्ममा २ वटा महत्वपूर्ण शाखाहरू देखा परे । जसलाई थेरावाद र महायान भनेर भनिन्छ । महायान सम्प्रदायको विकासको साथसाथै बुद्धलाई दैवी स्वरूपमा हेर्न थालियो । यसरी बुद्धलाई देवताको स्वरूपमा पूजा गर्न थालेपछि बुद्धका मूर्तिहरू व्यापक रूपमा बन्न थाले । महायान सम्प्रदायमा धर्म भनेको अनादि हुन्छ र धर्मको प्राप्तिको उपाय बुद्धको आराधाना हो भन्ने जस्ता सिद्धान्तहरू प्रतिपादन गरिए । बौद्धधर्मसम्बन्धी मूर्तिहरू प्रथम शताब्दीमा बन्न थालेको पाइन्छ तर बुद्धका मूर्तिहरू केही पछि मात्र बन्न थाले । सातौं शताब्दीसम्म आइपुग्दा भारतमा अमरावती तथा उत्तरी भारतको गान्धार मथुरा सारनाथ तथा भगध कला केन्द्रहरूमा बुद्धका अलौकिकभावका सयौं प्रस्तर मूर्तिहरू बने । सातौं शताब्दीपछि बौद्ध मूर्ति कलामा ठूलो परिवर्तन आयो त्यसको प्रमुख कारण वज्रयान सम्प्रदायको विकास हो ।

नेपालमा पनि प्राचीनकाल अर्थात् लिच्छविकालदेखिका बुद्धका मूर्तिहरू प्राप्त भएका छन् । बाङ्गेमुडाको बुद्धको मूर्ति, पशुपतिको बुद्धको मूर्ति, चावहिलको बुद्धको मूर्ति प्रस्तरकलाका महत्त्वपूर्ण नमुनाहरू हुन् । तर काष्ठ मूर्तिकलाका नमुनाहरू लिच्छविकालमा प्राप्त भएका छैनन् । लिच्छविकालपछिको मध्यकालमा पनि नेपालमा बौद्ध मूर्तिहरू प्रशस्त मात्रामा बने । १०औं ११औं शताब्दीमा त नेपाल बौद्धधर्मको प्रचार-प्रसारको एउटा महत्त्वपूर्ण केन्द्रको रूपमा नै विकास भएको पाइन्छ । विशेषगरी नेपालमा मध्यकालमा बौद्ध धर्मसँग सम्बन्धित काठका मूर्तिहरू पनि प्रशस्त मात्रामा बन्न थाले । १५औं शताब्दीदेखिका मात्र बौद्धधर्मसँग सम्बन्धित प्रशस्त मात्रामा विभिन्न स्वरूपका मूर्तिहरू पाइन्छन् । तल केही महत्त्वपूर्ण मूर्तिहरूको वर्णन गरिन्छ ।

### (१) मारविजयको मूर्ति

नेपाली काष्ठकलाको क्षेत्रमा यस मूर्तिलाई अति महत्त्वपूर्ण मानिन्छ (चित्रफलक नं. २१०) । यस मूर्तिका सूक्ष्म काष्ठकलाकारितको रूपमा लिने चलन छ । कमलको आसनमाथि बसेको बुद्धको यो मूर्तिको एउटा हात भू-स्पर्श मुद्रामा छ भने अर्को काखमा छ । काखमा भएको हात जीर्ण भैसकेको छ । शरीरमा कम मात्रामा गरगहनाहरू प्राप्त भएका छन् । बुद्धको

वरिपरि विभिन्न राक्षस गणहरूको मूर्तिहरू बनाइएको छ । कथाअनुसार मार भन्ने राक्षसले बुद्धको तपस्या भंग गर्नको लागि यी गणहरूलाई पठाएको मानिन्छ । तर केही कलाविद्‌हरू यस घटनालाई बुद्धको अन्तर आँखाको दृश्यको रूपमा लिने चलन पनि छ । उक्त फलकमा भएका मूर्तिहरू कसैले बुद्धको आसनलाई तानिराखेका छन्, कसैले मादल बजाई राखेका छन् । कसैले हातमा वरद लिएका छन्, कसैले विभिन्न हतियारहरू लिएका छन् भने कुनै भैरवका आकृति मूर्ति छन् । कुनै देव आकृतिका कुनै भूमका आकृतिका मूर्तिहरू बनाइएका छन् । सम्पूर्ण फलकमा नै ४८ भन्दा बढी मूर्तिहरू कुँदिएका छन् । सबैभन्दा माथिल्लो भागमा ३ वटा देवदेवीका मूर्तिहरू बनाइएका छन् । समष्टीगत रूपमा हेर्दा यो मूर्ति फलकलाई काष्ठकलाकै अनुपम नमुनाको रूपमा लिन सकिन्छ । यो मूर्ति फलक १५औं शताब्दीको मानिन्छ ।

**(२) दीपंकर बुद्ध**

स्थानक मुद्रामा भएको दीपंकर बुद्धको यस मूर्तिका २ वटा हातहरू छन् (चित्रफलक नं. २११) । मूर्तिमा कम मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्तिको तल्लो भागमा भएको धोतीमा अलंकृत मुजाहरू देखिन्छन् । ठूला ठूला कान, साधारण केश विन्यास र रातो रंग लगाइनु यस मूर्तिमा महत्वपूर्ण विशेषताहरू हुन् । यो मूर्ति १७औं शताब्दीको मानिन्छ ।

**(३) दीपंकर बुद्ध**

राष्ट्रिय संग्रहालयमा रहेको यो अर्को महत्त्वपूर्ण दीपंकर बुद्धको काष्ठ मूर्ति हो (चित्रफलक नं. २१२) । यसलाई पनि काष्ठकलाको अनूपम नमुनाको रूपमा लिने चलन छ । कमलको आसनमाथि स्थानक मुद्रामा भएको दिपांकर बुद्धको २ वटा हातहरू छन् । ती मध्ये एउटा हात अभय मुद्रामा छ भने अर्को वरद मुद्रामा छ । मूर्तिको कम्मरभन्दा तल्लो भागमा भएको धोतीका अलंकृत मुजाहरू बनाइएका छन् । मूर्तिको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्तिको शिरमा रत्न जडित मुकुट छ । शिर पछाडि अलंकृत प्रभामण्डल छ । उक्त प्रभामण्डलको वरिपरि विन्दूयुक्त बुट्टाहरू कुँदिएका छन् । मूर्तिको पछाडितिर भएको फ्रेममा पनि विभिन्न अलंकृत बुट्टाहरू कुँदिएका छन् । मूर्तिको पछाडितिर मन्दिरको स्वरूपको आकृति बनाइएको छ । मन्दिरको आकृतिको माथिल्लो भागमा तोरणको आकृति बनाइएको छ । तोरणको मध्य भागमा उडिराखेको गरुडको मूर्ति बनाइएको छ । गरुडको दायाँबायाँ नमस्कार मुद्रामा नागकन्याहरू छन् । गरुडको तल्लो भागमा उडिराखेका अप्सराहरूका मूर्तिहरू बनाइएको छ । खाली भागमा विभिन्न किसिमका रुखका लहराहरू, रुखका पातहरू र फूलहरूको आकृतिहरू बनाइएको छ । तोरणको तल्लो भागको दायाँबायाँ मकराकृतिहरू बनाइएको छ । मूर्तिको दायाँ भएको मन्दिरको फ्रेममा रुखका लहराहरू र विभिन्न किसिमका मूर्तिहरू बनाइएको छ । मूर्तिका दायाँबायाँ ठूला ठूला २ वटा ताराका मूर्तिहरू छन् । यी मूर्तिहरूका कमलको फूलमाथि आसन मुद्रामा छन् र दुवैका २ वटा हातहरू

छन् । गरगहनाहरू प्रशस्त मात्रामा लगाएका छन् । यी मूर्तिहरूको तल्लो भागमा चराहरूको मूर्ति बनाइएको छ । साथै कमलको फलूका पातहरू पनि बनाइएको छ । समष्टीगतरूपमा हेर्दा यस मूर्ति उत्कृष्ट काष्ठ कलाकारिता देख्न सकिन्छ । सबैभन्दा माथिल्लो भागमा छत्रावली छ । यो मूर्तिको समय पनि १७औं शताब्दी मानिन्छ ।

### (४) बुद्धको मूर्ति

राष्ट्रिय संग्रहालयको स्टोरमा रहेको यो बुद्धको अर्को महत्वपूर्ण काष्ठ मूर्ति हो (चित्रफलक नं. २१३) । कमलको फूलमाथि स्थानक मुद्रामा भएको बुद्धको २ वटा हातहरू छन् । तीमध्ये दायाँ हात पूर्णरूपमा जीर्ण भैसकेको छ भने बायाँ हात अभय मुद्रामा छ । कान पनि जीर्ण भैसकेको छ । मूर्ति साधारण खाले छ । यो मूर्ति पुलिसद्वारा चोरले चोर्ने क्रममा समाती सुरक्षित साथ राख्न संग्रहालयमा पठाइएको हो । त्यसकारण यो मूर्ति कुन ठाउँको हो यकिन गर्न सकिएको छैन । यो मूर्तिको समय १८औं शताब्दी मान्न सकिन्छ ।

### (५) बुद्ध मूर्ति

राष्ट्रिय संग्रहालयको स्टोरमा भएको यो बुद्धको अर्को महत्त्वपूर्ण मूर्ति हो (चित्रफलक नं. २१४) । साधारण आसनमाथि बसको बुद्धका २ वटा हातहरू छन् । ती मध्ये एउटा हात भू-स्पर्श मुद्रामा छ भने अर्को हातले काखमा मात्र समातेको छ । कान ठूलाठूला छन् । शिरमा उष्णिष छ । साधारण खाले यस मूर्तिलाई पनि १८औं १९औं शताब्दी मानिन्छ ।

## ताराका मूर्तिहरू

> Tara is very popular deity in Buddhism. The word Tara has been derived from the root tar (to cross). Tara helps to cross the ocean of existance. The white Tara and green tara are two important and distinct goddesses. The symbol of the former is the Full blown lotus while that of the latter is the utpala with the petals closed. The former represent day and latter for night. The adoration of the female principle was introduced in Buddhism in the forms of the goddess Tara in the $7^{th}$ century A.D. She took two distinct form white Tara and blue Tara. In the succeding centuries, her form increased, making in all 21 tara. Tara is almost always seated, but if they accompany Avalokiteswora, on other, any important god. They are usually standing. The non-tantra form of Tara means all the Boddhisattwa ornaments and is smiling and graceful. Their hair is abundant and wavy. In Nepal, tara is very popular goddesses and is found in images in Kathmandu Valley[192].

नेपालमा पनि प्रशस्त मात्रामा ताराका मूर्तिहरू पाइन्छन् । प्राचीनकालका तारा मूर्तिहरू नपाइए तापनि मध्यकालमा आएर धातु प्रस्तरको साथै काठमा पनि प्रशस्त मात्रामा

---

192 **Recovered Images of Nepal**, (Kathmandu : Report of Archaeology, 2005), p. 17.

ताराका मूर्तिहरू पाइन्छन् । १७औं शताब्दीदेखिका ताराका काठका मूर्तिहरू प्रशस्त मात्रामा पाइन्छन् । तल केही महत्वपूर्ण ताराका मूर्तिहरूको वर्णन गर्नु सान्दर्भिक देखिन्छ ।

### (१) ताराको मूर्ति

कमलको आसनमाथि बसेको ताराको यस मूर्तिका २ वटा हातहरू छन् (चित्रफलक नं. २१५) । २ हात मध्ये एउटा हात अभय मुद्रामा छ भने अर्को हात वरद मुद्रामा छ । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । घाँटीमा अलंकृत चौडा हार छ । कानमा चक्र कुण्डलहरू छन् । शिरमा रत्न जडित अलंकृत मुकुट छ र शिरको पछाडि अलंकृत बुट्टा युक्त प्रभामण्डल बनाइएको छ । काँधको दायाँबायाँ फूलहरू छन् । शरीरमा रातो रंगको प्रयोग गरिएको छ । सौाम्य मुद्रामा देखिने यस मूर्तिमा उत्कृष्ट काष्ठ कलाकारिता देख्न सकिन्छ । यो मूर्तिको समय १७औं शताब्दी हो यो मूर्ति भक्तपुरको काष्ठकला संग्रहालयमा रहेको छ ।

### (२) ताराको मूर्ति

कमलको आसनमाथि बसेको यो मूर्ति पनि भक्तपुरको काष्ठकला संग्रहालयमा रहेको छ (चित्रफलक नं. २१६) । यो मूर्तिका पनि २ वटा हात रहेका छन् । एउटा हात अभय मुद्रामा छ भने अर्को हात वरद मुद्रामा छ । कम्मरमा अलंकृत पेटी, हातमा अलंकृत वालाहरू वाजुमा भएको अलंकृत केयूर, घाँटीमा चौडा र विभिन्न आकार भएको हार, कानमा चक्र कुण्डलहरू, शिरमा अलंकृत मुकुट हुनु यस मूर्तिका महत्त्वपूर्ण विशेषताहरू हुन् । काँधको दायाँबायाँ फूलहरू राखिएका छन् । मूर्तिको पछाडिको फ्रेममा अलंकृत बुट्टाहरू छन् । कलाकारिताको हिसाबले यो मूर्ति पनि अति महत्त्वपूर्ण मानिन्छ । यो मूर्ति पनि १७औं शताब्दीको हो ।

## (३) ताराको मूर्ति

कमलको फूलमाथि स्थानक मुद्रामा भएको यो अर्को महत्वपूर्ण ताराको मूर्ति हो (चित्रफलक नं. २१७) । यो मूर्ति पनि भक्तपुर संग्रहालयमा रहेको छ । मूर्तिका २ वटा हात छन् । मूर्तिको दायाँ हात वरद मुद्रामा छ भने बायाँ हात भाँचिएको छ । घुँडासम्म झुण्डिएको अति अलंकृत माला लगाएको मूर्तिको धोती पनि अति सूक्ष्म कलाकारिताले भरिपूर्ण छ । मूर्तिको धोतीमा सानासाना मूजाहरू छन् । कम्मरमा अलंकृत पेटी छ । जसमा विभिन्न किसिमको बुट्टाहरू कुँदिएका छन् । घाँटीमा अलंकृत हारहरू छन् । कानमा चक्र कुण्डलहरू छन् । शिरमा अलंकृत मुकुट छ । मुकुटको अगाडि रत्नजडित आकृति बनाइएको छ । कलाकारिताको हिसाबले यो मूर्ति अति महत्त्वपूर्ण देखिन्छ । यो मूर्ति पनि १७औं शताब्दीको हो ।

## (४) ताराको मूर्ति

कमलको आसनमाथि आसन मुद्रामा भएको ताराको अर्को महत्त्वपूर्ण मूर्ति हो ( चित्रफलक नं. २१८) । मूर्तिका २ वटा हातहरू धर्मचक्र मुद्रामा छन् । हात, कम्मर, बाजु, अलंकृत गहनाहरू छन् । घाँटीमा चौडा किसिमको अति राम्रो हार छ । कानमा चक्र कुण्डलहरू छन् । शिरमा रत्न जडित मुकुट छ । मूर्तिमा अति सूक्ष्म काष्ठ कलाकारिता देख्न सकिन्छ । मूर्तिमा राम्रो नीलो, हरियो, सुनौलो रंगको प्रयोग गरिएको छ । यो मूर्ति पनि भक्तपुर काष्ठकला संग्रहालयमा छ । यसको समय पनि १७औं शताब्दी हो ।

## (५) ताराको मूर्ति

कमलको आसनमाथि ललितासनमा भएको ताराको मूर्तिका २ वटा हातहरू छन् (चित्रफलक नं. २१९) । एउटा हात अभय मुद्रामा छ भने अर्को हात वरद मुद्रामा छ । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । कानमा चक्र कुण्डलहरू छन् । शिरमा रत्नजडित मुकुट बनाइएको छ । शिरको पछाडि अलंकृत प्रभामण्डल छ । प्रभामण्डलका किनाहरूमा अग्निज्वालाहरू छन् । मूर्तिमा रातो, हरियो, सुनौलो रंगको प्रयोग गरिएको छ । यो मूर्ति पनि भक्तपुर संग्रहालयमा छ र यो १७औं शताब्दीको मूर्ति हो ।

## (६) ताराको मूर्ति

साधारण आसनमाथि ललितासनमा भएको ताराको यो अर्को महंत्त्वपूर्ण मूर्ति हो (चित्रफलक नं. २२०) । ताराका २ वटा हात छन् । हातमा कमलपुष्पका डाँठहरू समातिएका छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । कानमा चक्र कुण्डलहरू छन् । शिरमा अलंकृत मुकुट छ । मूर्तिको काँधको दायाँबायाँ कमलका फूलहरू छन् । मूर्तिमा अति राम्रो तरिकाले रंग्याउने कार्य गरिएको छ । यो मूर्ति पनि भक्तपुर संग्रहालयमा छ । यो मूर्ति पनि १७औं शताब्दीको हो ।

### (७) ताराको मूर्ति

कमलको आसनमाथि स्थानक मुद्रामा भएको ताराको यस मूर्तिका २ वटा हातहरू छन् (चित्रफलक नं. २२१) । एउटा हात अभय मुद्रामा छ भने अर्को वरद मुद्रामा छ । मूर्तिको धोती अति अलंकृत छ । धोतीमा विभिन्न किसिमका मुजा र बुट्टाहरू छन् । धोतीको रंग रातो बनाइएको छ । घुँडासम्म झुण्डिएको माला भएको मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्तिको कानमा चक्र कुण्डलहरू छन् । शिरमा रत्न जडित अलंकृत मुकुट छ । शिरको पछाडि प्रभामण्डल छ । मूर्तिमा रातो, कालो र सुनौलो रंगको प्रयोग गरिएको छ । कलाकारिताको हिसाबले यो मूर्ति अति आकर्षक छ । मूर्ति भक्तपुर संग्रहालयमा छ र यो मूर्ति पनि १७औं शताब्दीको हो ।

### (८) ताराको मूर्ति

कमलको आसनमाथि बसेको ताराको मूर्तिमा २ वटा हात छन् (चित्रफलक नं. २२२) । हातहरूमा फूलका डाँठहरू समातिएका छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्तिको शिरमा रत्नजडित अलंकृत मुकुट छ । मुकुटको पछाडि अलंकृत प्रभामण्डल पनि छ । प्रभामण्डलको किनारमा अग्निज्वालाहरू बनाइएका छन् भने पछाडिको फ्रेममा पनि विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । मूर्तिमा रातो र हरियो रंग लगाइएको छ । यो मूर्ति भक्तपुर संग्रहालयमा छ । यो मूर्ति पनि १७औं शताब्दीको हो ।

### (९) ताराको मूर्ति

साधारण आसनमाथि ललितासनमा बसेको ताराको मूर्तिका २ वटा हातहरू छन् (चित्रफलक नं. २२३) । हातहरूमा कमलको फूलका डाँठहरू समातिएका छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत रत्नजडित मुकुट छ । काँधको दायाँबायाँ कमलका फूलहरू छन् । मूर्तिको मुख पूर्णरूपमा जीर्ण भैसकेको छ । मूर्तिको शरीरमा रातो, हरियो रंगहरू लगाइएको छ । आसन भागमा विभिन्न डिजाइनका चित्रहरू बनाइएको छ । यो मूर्ति पनि काष्ठकला संग्रहालय भक्तपुरमा छ । मूर्तिको समय १७औं शताब्दी मानिन्छ ।

### (१०) लक्ष्मीको मूर्ति

कमलको आसनमाथि भएको लक्ष्मीको मूर्ति आसन मुद्रामा छ (चित्रफलक नं. २२४) । मूर्तिका चारवटा हात छन् । चार हातहरू मध्ये क्रमशः दर्पण, फूल, कलश र एउटा हात वरद मुद्रामा छ । मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । शिरमा रत्न जडित मुकुट छ । शिरको पछाडि अग्निज्वालायुक्त प्रभामण्डल छ । मूर्तिको पछाडिको फ्रेममा अलंकृत बुट्टाहरू छन् । फ्रेमको किनारमा अग्निज्वालाहरू देखिन्छन् । मूर्तिमा रातो र हरियो रंग लगाइएको छ । मूर्तिको तल्लो भाग जीर्ण अवस्थामा छ । यसको तत्कालै संरक्षणको

आवश्यकता छ । मूर्ति भक्तपुर काष्ठकला संग्रहालयमा छ । यो मूर्तिको समय १७औं १८औं शताब्दी हो ।

### (११) बसुन्धराको मूर्ति

७१x३६.५ से.मी. नाप भएको वसुन्धराको यो मूर्ति कमलासनमा ललितासन छन् (चित्रफलक नं. २२५) । मूर्तिका ६ हातहरू छन् । ६ वटा हातमध्ये क्रमशः पुस्तक, अन्नको वाला, रत्न, रत्नको भाडो र एउटा हात वरद मुद्रामा छ भने अर्को हात पूजा गरिराखेको हातमा छ । कम्मर, हात, घाँटी, बाजु, खुट्टामा अलंकृत गहनाहरू छन् । कानमा चक्र कुण्डलहरू छन् । शिरमा रत्न जडित मुकुट छ । मुकुटमा सूक्ष्म कलाकारिता देखिन्छ । शिरको पछाडि प्रभामण्डल छ । प्रभामण्डलको बाहिरी घेरामा अग्निज्वालाहरू छन् भने भित्री घेरामा पनि विभिन्न किसिमका बुट्टाहरू कुँदिएका छन् । मूर्तिमा रातो, कालो र सुनौलो रंग प्रयोग गरिएको छ । यो मूर्तिमा अति सूक्ष्म कलाकारिता देख्न सकिन्छ । यसलाइ नेपाली काष्ठकलाको एउटा उत्कृष्ट नमुनाको रूपमा पनि लिन सकिन्छ । यो मूर्ति भक्तपुर काष्ठकला संग्रहालयमा छ । यो मूर्तिको समय १५औं १६औं शताब्दी मानिन्छ ।

### (१२) भृकुटी

भक्तपुरको काष्ठकला संग्रहालयमा रहेको यो अर्को महत्वपूर्ण मूर्ति हो (चित्रफलक नं. २२६) । यो मूर्तिको नाप ८४.५x३९ से.मी. छ । स्थानक मुद्रामा भएको यो मूर्तिमा चारवटा हातहरू छन् । हातहरूमा क्रमशः पुष्प, रत्नको भाडो अभयमाला र एउटा हात वरद मुद्रामा छ । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । कानमा चक्र कुण्डलहरू छन् । शिरमा रत्नजडित मुकुट छ । कानमा चक्र कुण्डलहरू छन् । शिरमा रत्नजडित मुकुट छ । शिरको पछाडि अलंकृत प्रभामण्डल छ । प्रभामण्डलको वरिपरि किनाहरूमा अग्निज्वालाहरू छन् । कलाकारिताको हिसाबले यो मूर्ति पनि अति महत्वपूर्ण मानिन्छ । यो मूर्तिको समय १८औं शताब्दी मानिन्छ ।

### (१३) मञ्जुश्री

कमलको आसनमाथि आसन मुद्रामा भएको मञ्जुश्रीको यस मूर्तिमा चार वटा हातहरू छन् (चित्रफलक नं. २२७) । चारवटा हातमा क्रमशः धनुष, तिर, पाश छ भने एउटा हातको भाव स्पष्ट छैन । मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । कानमा चक्र कुण्डलहरू छन् । शिरमा रत्नजडित मुकुट छ । शिरपछाडि किनारहरूमा अग्निज्वालाहरू भएको प्रभामण्डल छ । मूर्तिमा रातो रंग प्रयोग गरिएको छ । यो मूर्ति पनि भक्तपुरको काष्ठकला संग्रहालयमा छ । यसको समय १७औं शताब्दी हो ।

### (१४) मञ्जुश्री

कमलको आसनमाथि आसन मुद्रामा भएको मञ्जुश्रीका २ वटा हात छन् (चित्रफलक नं. २२८) । २ वटा हात क्रमशः एउटा हातमा तरवार छ भने अर्को हात घुँडामा राखिएको छ । मूर्तिको घाँटीमा अलंकृत माला छ । कानमा चक्र कुण्डलहरू छन् । शिरमा रत्नजडित मुकुट छ । मूर्तिको पछाडि भएको फ्रेममा अग्निज्वालाहरू कुँदिएका छन् । मूर्ति अलि जीर्ण अवस्थामा छ । यो मूर्ति पाटनको मूलचोकमा रहेको छ । यो मूर्तिलाई १७औं शताब्दीको मानिन्छ ।

**(१५) मञ्जूश्रीको मूर्ति**

कमलको फूलमाथि आसन मुद्रामा भएको मञ्जुश्रीको मूर्तिको २ वटा हात धर्मचक्र मुद्रामा छन् (चित्रफलक नं. २२९) । मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्तिको कानमा चक्र कुण्डलहरू छन् भने शिरमा रत्नजडित मुकुट छ । शिरको पछाडि प्रभामण्डल छ । प्रभामण्डलमा अग्निज्वालाहरू कुँदिएका छन् । मूर्तिको पछाडिको फ्रेम पनि अलंकृत छ । फ्रेमको वरिपरि अग्निज्वालाहरू बनाइएका छन् । मूर्तिको काँध दायाँबायाँ फूलमाथि तरवार र रत्न राखिएको छ । मूर्तिमा रातो, पहेंलो र सुनौलो रंग प्रयोग भएको छ । यो मूर्ति पनि भक्तपुर काष्ठकला संग्रहालयमा रहेको छ । यो मूर्तिको समय १७औं १८औं शताब्दी मानिन्छ ।

**(१६) लोकेश्वरको मूर्ति**

स्थानक मुद्रामा रहेको लोकेश्वरको यो मूर्ति जीर्ण अवस्थामा छ (चित्रफलक नं. २३०) । लोकेश्वरका चार हातहरूमध्ये एउटा हात जीर्ण भैसकेको छ । मूर्तिका २ वटा हात नमस्कार मुद्रामा छन् भने एउटा हातमा सानो भाँडो लिएको छ । मूर्तिका १० वटा शिरहरू छन् र प्रत्येक शिरमा अलंकृत मुकुटहरू छन् । मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू छन् । मूर्ति राष्ट्रिय संग्रहालयको स्टोर शाखामा छ । यो मूर्ति कुन ठाउँको हो स्पष्ट छैन । यो मूर्तिको समय १८औं शताब्दीको मानिन्छ ।

**(१७) हेवज्रशक्ति सहित**

कमलको आसनमाथि शक्तिसहित आलिढ मुद्रामा भएको यो मूर्तिका २ वटा हातहरू छन् (चित्रफलक नं. २३१) । एउटा हातमा तरवार छ भने अर्को हातमा पाश समातिएको छ र यसै हातले शक्तिलाई अँगालो पनि हालेको छ । शक्तिका पनि २ वटा हातहरू छन् । शक्तिको एउटा हातमा कपाल देखिन्छ भने अर्को हात देखिंदैन । हवज्रको र शक्तिको शिरमा अलंकृत मुकुटहरू छन् । दुवैको शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । मूर्तिको पछाडि भएको फ्रेमका किनारहरूमा अग्नि ज्वालाहरू देखिन्छन् । यो मूर्ति पनि राष्ट्रिय संग्रहालयको स्टोरमा रहेको छ । यो मूर्तिलाई १८औं १९औं शताब्दीको मान्न सकिन्छ ।

**(१८) लोकेश्वरको मूर्ति**

स्थानकमा भएको लोकेश्वरको यो मूर्ति जीर्ण अवस्थामा रहेको छ (चित्रफलक नं. २३२)। मूर्तिका ६ वटा हातहरू पूर्णरूपमा जीर्ण भैसकेका छन् । मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । तीनवटा शिरहरू भएको मूर्तिमा अलंकृत मुकुटहरू देखिन्छन् । शिरको मथिल्लो भागका शिरहरू पनि जीर्ण भैसकेका छन् । यस मूर्तिमा पनि उत्कृष्ट कलाकारिता देख्न सकिन्छ । यो मूर्ति पनि राष्ट्रिय संग्रहालयको स्टोर शाखामा छ । यो मूर्तिको समय १८औं १९औं शताब्दी हो ।

## विविध मूर्तिहरू

धार्मिक मूर्तिहरूको साथै स्वतन्त्र किसिमका मूर्तिहरू प्रशस्त मात्रामा पाइन्छन् । यी विविध मूर्तिहरूको पनि कुनै धर्मसँग सम्बन्धित भए तापनि पूर्णरूपमा कुनै सम्प्रदायसँग संलग्नता भएको पाइँदैन । यसका साथै नेपालमा काठका मास्कहरू बनाउने परम्परा पनि प्राचीनकाल देखि नै चल्दै आएको परम्परा हो । त्यसकारण केही मुकुण्डाहरूको पनि चर्चा गरिएको पाइन्छ ।

### (१) ह्यग्रीव

भक्तपुर संग्रहालयमा भएको यो एउटा महत्त्वपूर्ण मूर्ति हो (चित्रफलक नं. २३३) । कमलको आसनमाथि भएको यो मूर्तिका २ वटा हातहरू छन् । एउटा हात माथितिर उठाइएको अवस्थामा छ भने अर्को हात बन्द गरी काखमा राखिएको छ । घाँटी, हात र बाजुमा विभिन्न किसिमका गरगहनाहरू छन् । शिरमा अलंकृत रत्नजडित मुकुट छ । शिरको माथिललो भागमा सानो घोडाको मुखको आकृति बनाइएको छ । डरलाग्दा आँखा, खुल्ला हातहरूयुक्त मुख, निधारमा तेस्रो आँखा र शरीरमा रातो रंगको प्रयोग यस मूर्तिका महत्त्वपूर्ण विशेषता हुन् । यस मूर्तिको समय १६औं शताब्दी मानिएको छ । यस मूर्तिमा सरल काष्ठ कलाकारिता देख्न सकिन्छ ।

### (२) पुरुष मूर्ति

साधारण आसनमाथि लठ्ठी टेकेर हिडिराखेको यो पुरुषको अर्को मूर्ति हो (चित्रफलक नं. २३४) । अर्को हातमा गोलाकार आकृतिको वस्तु लिएको छ । मूर्ति नग्न अवस्थामा छ । कानमा कुण्डल, जुडाहरू, सरल केश विन्यास, यस मूर्तिका महत्वपूर्ण विशेषताहरू हुन् । यो मूर्तिमा सेतो रंग लगाइएको छ । मूर्ति साधारण छ । यो मूर्तिको समय १७औं १८औं शताब्दी मानिन्छ ।

### (३) पुरुष मूर्ति

साधारण आसनमाथि आलिढ आसनमा भएको यो मूर्तिका २ वटा हातहरू छन् (चित्रफलक नं. २३५) । २ वटा हात ले सानो घैंटो आकृतिको भाँडो समातेको छ । उक्त

घैंटोको मुखमा जिब्रो राखिएको मूर्तिले धोती लगाएको छ । मूर्तिमा साना खाले जुँगा छन् । कानमा कुण्डल र शिरमा साधारण केश विन्यास छ । मूर्ति साधारण खाले छ । शरीरमा सेतो रंगको प्रयोग गरिएको छ । यो मूर्ति भक्तपुर काष्ठकला संग्रहालयमा छ । यो मूर्तिको समय पनि १७औं १८औं शताब्दी मानिन्छ ।

**(४) कुमारको मूर्ति**

कमलको आसनमाथि मयूरमाथि बसेको कुमारका २ वटा हातहरू छन् (चित्रफलक नं. २३६) । एउटा हातमा माला छ भने अर्को हातको आयुध स्पष्ट छैन । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । शिरमा अलंकृत मुकुट छ । शिरको पछाडि प्रभामण्डल छ । मूर्तिको पछाडि भएको फ्रेम पनि अलंकृत छ । शरीरमा रातो रंग लगाइएको छ । यो मूर्ति पनि भक्तपुर काष्ठकला संग्रहालयमा छ । मूर्तिको समय १७औं शताब्दी मानिन्छ ।

**(५) देवमूर्ति**

पाटनको मूलचोकमा भएको यो मूर्ति कमलको आसनमाथि आसन मुद्रामा छ (चित्रफलक नं. २३७) । २ वटा हात भएको यो मूर्तिको एउटा हातले ध्वजा समातेको छ भने अर्को हात वरद मुद्रामा छ । मूर्तिको शरीरमा कम मात्रामा कम गरगहनाहरूको प्रयोग भएको छ । शिरमा अलंकृत मुकुट छ । मूर्तिको पछाडिको फ्रेमको किनारहरूमा अग्निज्वालाहरू छन् । यो मूर्ति दिगपालको जस्तो आभास हुन्छ । मूर्तिको समय १७औं शताब्दी हो ।

**(६) ऋषिको मूर्ति**

कमलको माथि बसेको ऋषिको यस मूर्तिका २ वटा हात छन् (चित्रफलक नं. २३८) । दायाँ हात जीर्ण भैसकेको छ भने बायाँ हात तल्लो भागमा झुण्ड्याइएको छ । घाँटीमा रुद्राक्षको माला लगाएको ऋषिको दाह्री पालेको छ । शिरमा साधारण जटामुकुट छ । मूर्ति साधारण खाले छ । यस मूर्तिलाई पनि १७औं शताब्दीको मानिएको छ ।

## (७) देव मूर्ति

कमलको आसनमाथि आसन मुद्रामा भएको यो मूर्तिको २ वटा हातहरू छन् (चित्रफलक नं. २३९) । एउटा हातले छत्र समातेको छ भने अर्को हात अभय मुद्रामा छ । शरीरमा साधारण खाले गरगहनाहरू छन् । शिरमा साधारण खाले मुकुट छ । मूर्तिको वरिपरि सूर्य विम्बको आकृति बनाइएको छ । विम्बको बाहिरी किनारमा अग्निज्वालाहरू छन् भने भित्रतिर सानासाना बुट्टाहरू कुँदिएका छन् । यो मूर्ति जीर्ण भैसकेको छ । यो पाटनको मूलचोकमा भएको मूर्ति हो । यो मूर्तिको समय पनि १७औं शताब्दी हो ।

## (८) कुमारको मूर्ति

कमलासनमाथि देखिने कुमारीको यो मूर्ति कुमार बसेको मयूरको मूर्ति हराइसकेको छ (चित्रफलक नं. २४०) । कुमारका २ वटा हात जीर्ण भैसकेका छन् । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग भएका छन् । कानमा चक्र कुण्डलहरू छ । शिरमा रत्नजडित मुकुट छ । मूर्ति पछाडिको फ्रेममा मयूरको प्वाँखहरू अति सूक्ष्म तरिकाबाट कुँदिएको छ । मूर्ति धेरै ठाउँमा जीर्ण भैसकेको छ । यसको तत्काले संरक्षणको आवश्यकता देखिन्छ । यो मूर्तिमा नेपाली काष्ठकलाको अति सूक्ष्म पक्षलाई देख्न सकिन्छ । यो मूर्ति राष्ट्रिय संग्रहालयको स्टोरमा राखिएको छ । यो मूर्ति कहाँबाट ल्याइएको हो भन्ने कुरा थाहा पाइँदैन । पुलिसद्वारा चोरीको क्रममा जफत गरी यस संग्रहालयमा सुरक्षित साथ राख्न पठाइएको हो । यो मूर्ति १७औं १८औं शताब्दीको मानिन्छ ।

## (९) सालभन्जिकाको मूर्ति

यस किसिमको मूर्तिलाई सालभन्जिकाको मूर्ति पनि भनेर चिनिन्छ (चित्रफलक नं. २४१) । २ वटा हात भएको एउटा हात शिरमा फूल समाति राखिएको छ भने अर्को हात छातीनेर अभय मुद्रामा छ । मूर्तिका हात, घाँटीमा विभिन्न किसिमका गरगहनाहरू प्रयोग गरिएका छन् । कानमा चक्र कुण्डलहरू छन् । शिरमा रत्नजडित मुकुट छ । यस मूर्तिमा पनि सूक्ष्म कलाकारिता देख्न सकिन्छ । यो मूर्तिको समय १८औं १९औं शताब्दी मानिन्छ । यो मूर्ति राष्ट्रिय संग्रहालयको स्टोरमा रहेको छ । यो मूर्ति कुन ठाउँको हो स्पष्ट छैन । यो मूर्ति पुलिसले चोरबाट जफत गरी संग्रहालयमा सुरक्षितसाथ राख्न पठाइएको हो ।

## (१०) कृष्णको मूर्ति

सानो आसनमाथि घुँडा टेकी खेलिराखेको कृष्णको यस मूर्तिका २ वटा हातहरू छन् (चित्रफलक नं. २४२) । एउटा हातले दही खाइरहेको देखाइएको छ भने अर्को हातले भूँइमा टेकेको अवस्थामा देखाइएको छ । बालकृष्णको यो मूर्तिमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा जटामुकुट छ । यो मूर्ति राष्ट्रिय संग्रहालयको स्टोरमा छ । यो मूर्ति १८औं १९औं शताब्दीको मानिन्छ ।

### (११) सालभन्जिकाको मूर्ति

सालभन्जिका मुद्रामा भएको नारीको यस मूर्तिमा २ वटा हात छन् (चित्रफलक नं. २४३) । एउटा हात कम्मरनेर छ भने अर्को हात शिरनेर छ । शरीरमा प्रशस्त मात्रामा गरगहनाहरू प्रयोग गरिएका छन् । शिरमा अलंकृत मुकुट छ । मूर्ति जीर्ण अवस्थामा छ । यसको तत्काल नै संरक्षणको आवश्यकता देखिन्छ । यो मूर्ति पनि राष्ट्रिय संग्रहालयको स्टोर शाखामा रहेको छ । यो मूर्तिको समय १८औं १९औं शताब्दी मानिएको छ ।

### (१२) लोकेश्वर शिर

लोकेश्वरको शिर कुँदिएको यो फलक पूर्णरूपमा जीर्ण भैसकेको छ (चित्रफलक नं. २४४) । फलकको मध्यभागमा लोकेश्वरको मूर्ति कुँदिएको छ । मुख पूर्णरूपमा जीर्ण भैसकेको छ । कानका कुण्डल र शिरको मुकुटको केही भाग मात्र स्पष्टरूपमा देखिन्छ । शिरको वरिपरिको फ्रेममा सानासाना बुट्टाहरू कुँदिएका छन् । मूर्ति फलक पूर्णरूपमा जीर्ण भैसकेकोले तत्काल संरक्षणको आवश्यकता देखिन्छ । यो मूर्ति फलक पनि राष्ट्रिय संग्रहालयको स्टोरमा छ । यसको समय १८औं १९औं शताब्दी मानिन्छ ।

### (१३) लोकेश्वरको मूर्ति

स्थानक मुद्रामा भएको लोकेश्वरको मूर्तिमा २ वटा हातहरू देखिन्छन् (चित्रफलक नं. २४५) । हातका आयुधहरू स्पष्ट छैन । मूर्तिको वरिपरि विभिन्न किसिमका आकृतिहरू कुँदिएका छन् । तर स्पष्ट छैन । मूर्ति फलक पूर्णरूपमा जीर्ण भैसकेको छ । यो मूर्ति पनि राष्ट्रिय संग्रहालयको स्टोरमा छ । यसको समय १७औं १८औं शताब्दी मान्न सकिन्छ ।

### (१४) भैरव मुकुण्डो

राष्ट्रिय संग्रहालयको स्टोरमा रहेको मुकुण्डोमा पनि नेपाली काष्ठकला देख्न सकिन्छ (चित्रफलक नं. २४६) । यस मुकुण्डोमा भैरवको मुखमा जुँगाहरू छन् । यस मूर्तिमा ठूला ठूला आँखा र शिरमा अलंकृत मुकुट छ । कानमा ठूलाठूला चक्र कुण्डलहरू छन् । शिरको वरिपरि अर्धगोलाकार पहरी बनाइएको छ । जसमा सूक्ष्म काष्ठ वरिपरि देख्न सकिन्छ । यो मुकुण्डोको समय १८औं १९औं शताब्दी हो ।

### (१५) नारीको मुकुण्डो

नारीको यो मुकुण्डो पनि माथिको पुरुष मुकुण्डो जस्तै छ (चित्रफलक नं. २४७) । कानमा चक्र कुण्डलहरू छन् । यस मुकुण्डोको केश विन्यास पनि अलंकृत छ । मुकुटमा रत्न आकृतिहरू कुँदिएका छन् । यो मुकुण्डो पनि राष्ट्रिय संग्रहालयको स्टोरमा राखिएको छ । यसको समय पनि १८औं १९औं शताब्दी मानिन्छ ।

### (१६) लोकेश्वरको मूर्ति

स्थानक मुद्रामा रहेको लोकेश्वरको मूर्तिका २ वटा हात छन् (चित्रफलक नं. २४८) । एउटा हात जीर्ण भैसकेको छ । शरीरमा कम गरगहनाहरू छन् । शिरमा अलंकृत मुकुट छ । यो मूर्ति राष्ट्रिय संग्रहालयको स्टोरमा छ । यसको समय १८औं १९औं शताब्दी मानिन्छ ।

**(१७) छेपारो**

राष्ट्रिय संग्रहालयको स्टोरमा रहेको यो छेपारो कुनै स्मारकको भाग हो (चित्रफलक नं. २४९) । यसमा पनि सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । यसको समय १९औं २०औं शताब्दी हो ।

**(१८) गरुड मुकुण्डो**

नेपाल मुकुण्डोहरूको लागि प्रसिद्ध देश हो । मध्यकाल देखि विभिन्न पशुपंक्षी, जनावर र देवीदेवताहरूको मुकुण्डोहरू बनाउने परम्परा रहेको छ (चित्रफलक नं. २५०) । यो मुकुण्डो गरुडको हो । यस मुकुण्डोमा कलाकारले गरुडको मुखलाई बडो सूक्ष्म तरिकाले अंकित गरेको छ । यो मुकुण्डो राष्ट्रिय संग्रहालयको स्टोरमा छ । यसको समय १९औं २०औं शताब्दी मान्न सकिन्छ ।

## विविध

माथि उल्लेख गरिएका काष्ठकलाका विविध स्वरूप जस्तै ढोका, झ्याल, तोरण, स्तम्भ, टुँडाल, मूर्तिहरूबाहेक अन्य स्वरूपहरूमा पनि काष्ठकलाको काष्ठकलाहरू देख्न सकिन्छ । ती हुन् :

1. (entablature) (कर्नेस)
2. (bracket) (मेठ)
3. Eave board (मुठल)
4. Wall band (नस)
5. (Lintel) (कप्पु)

**(१) नस (Entablature)**

नेपाली काष्ठकलाका विविध स्वरूपहरू मध्ये नसहरू पनि एक हुन् । विशेषगरी झ्यालको तल्लो र माथिल्लो भाग र ढोकाको माथिल्लो भागमा कुँदिएका काष्ठकलाकृतिहरूलाई नस भनिन्छ । यस्ता नसहरू एकअर्कामाथि खप्टाएर पनि राखिएका हुन्छन् । यस्ता नसहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । यस्ता नसहरूमा सिंह, गरुडका शिरहरू, सर्प आकृतिहरू, हीराका आकृतिहरू, डोरीका आकृतिहरू, रुखका पातका आकृतिहरू, फूलका आकृतिहरू, अष्टमण्डलहरू, मकरका आकृतिहरू, देवीदेवताका मूर्तिहरू कुँदिएका हुन्छन् । यस्ता नसहरू काठमाडौं उपत्यकाका विभिन्न मन्दिरहरू जस्तै इन्द्रेश्वर, यक्षेश्वर, पूजारीमठ,

मूलचोक पाटन, भिमसेन मन्दिर, सुन्दरीचोक पाटन, चाँगुनारायण, न्यातपोल, विभिन्न दरबारहरूमा देख्न सकिन्छ । यस्ता नसहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्नुको साथै स्मारकको सौन्दर्य समेत रहेको पाइन्छ । यस्ता नसहरू प्रायः ढोका र गारो बीचमा सामान्यजस्यता कायम गर्नको लागि बनाइएको हुन्छ । यस्ता नसहरू १४औं १५औं शताब्दीदेखिका नै पाइन्छन् ।

## (२) मेठ (Bracket)

The brackets or the bracket capitals support the beam of the architrave above. The later is generally plain. The brackets are normally of the torana variety with lower outline way. In some speciamen, the cusp is provided with a pendent flower and thus made more elegant. In some case the bracket is embellshed by a volute.

The brackets are made from a long piece of wood and then filled the top of the pillar with the devise of a projecting pin.[193]

यसरी मेठ भनेको स्तम्भको माथि दलिनलाई संतुलन मिलाउन राखिएको विभिन्न आकारको काठलाई बुझ्नु पर्ने हुन्छ । यस्ता मेठहरूमा पनि सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ ।

*S.B. Deo* अनुसार

"The decorative motif on such bracket-capitals are mani-fold, but they may be classified boardly as under :

1. Floral motif
2. Animal motifs like that of a dragon, elephant, deer, etc.
3. Semi-divine beings,
4. Mythological scenes connected with the Krishna legend such as misfight with demons in animal and human forms, his dallioness with the gopis scene form the Rama legend specially simi shown seated dejected in Lanka and Hanuman visiting her.
5. The Buddhist-Saiva and tantric dieities.
6. Secular motifs like hunting scene, amorous louples devotees paying homage the chitya and other scene froming day life[194].

यसरी माथिको वर्णनबाट पनि मेठहरूमा गरिने काष्ठकलाकारिताको बारेमा थाहा पाउन सकिन्छ । विशेषगरी यस्ता मेठहरूलाई २ भागमा बाँडेर अध्ययन गर्न सकिन्छ ।

१. धार्मिक विवरण कुँदिएको

२. लौकिक विवरण कुँदिएको

[193] S.B. Deo, op. cit. footnote no. 5, pp. 24-25.

[194] *Ibid*, p. 35.

धार्मिक विवरण कुँदिएका मेठहरूमा विभिन्न धर्मसँग सम्बन्धित घटनाहरू चित्रण गरिएको पाइन्छ भने लौकिकमा सामाजिक जीवनसँग सम्बन्धित विविध पक्षलाई झल्काइएको पाइन्छ । काठमाडौं उपत्यकाका विभिन्न स्मारकहरूमा यस्ता मेठहरू पाइन्छ । काठमाडौं उपत्यकाका विभिन्न स्मारहरूमा यस्ता मेठहरू १५औं १६औं शताब्दीदेखि पाइन्छन् । विशेषगरी पाटनको केशवनारायण चोकका मेठहरू, पूजारीमठमा भएका मेठहरू, मूलचोक पाटनका मेठहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ ।

### (३) कप्पु (Lintel )

ढोकाको बायाँभागमा भएको खाली नसलाई कप्पु (Lintel) भनिन्छ । यस्ता कप्पु (Lintel) हरूमा पनि प्रशस्त मात्रमा काष्ठकलाकारिता गरिएको पाइन्छ । यस्ता भागहरूमा अष्ठमंगल, विभिन्न पशु आकृतिहरू, फूलका लहराहरू, रुखका पातहरू कुँदिएको पाइन्छ । यस्ता कप्पु (Lintel) हरू प्रायः जसो मध्यकालीन महत्वपूर्ण ढोकाका फ्रेममा देख्न सकिन्छ । काठका खाली ठाउँहरू बनाएका आकारहरू मुठल (Eave board) छन् । यस्ता आकारहरूमा सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ ।

### (५) नस (wall band)

स्मारकहरूमा तलाको चिसोलाई माथितिर जान नदिनको लागि गारोहरूमा राखिएका नस (wall band) हरूमा पनि विभिन्न किसिमका आकृतिहरू कुँदिएका हुन्छन् । यस्ता नस (wall band) हरू संख्यात्मक रूपमा सर्पका आकृतिहरू कुँदिएका हुन्छन् । यस्ता स्वरूपहरूमा प्रशस्त मात्रामा काष्ठकला देख्न सकिन्छ ।

# अध्याय छ

## नेपाली काष्ठकलामा तान्त्रिक प्रभाव

तन्त्रशास्त्र भारतको एउटा प्राचीन गोप्य विधा हो । विद्वान्हरूका अनुसार शारीरिक कर्तव्यहरूको पालन गर्दै आध्यात्मिक प्रगति गर्ने यो एउटा महत्त्वपूर्ण साधन हो ।

त्यसैगरी यसै पुस्तकमा तन्त्रको बारेमा निम्न विचार व्यक्त गरिएको छः

> The fact is that the Tantras, contain a very sound and healthy view of life. But just as it is impossible to understand the function of the kidney for instance, without regarding its place in the whole of the living organism so also the tantras can not be understood without taking into account the rich display of human life. Thus the tantras are not at all speculative, but pre eminently practical and upto the actual problems of the life.[195]

त्यसैगरी तन्त्रशास्त्रको बारेमा भारतीय धर्मशास्त्र र इतिहासमा यस प्रकार वर्णन गरिएको छ । तन्त्रशास्त्र परम्परा अति प्राचीन परम्परा हो । तन्त्रशास्त्रका ग्रन्थहरूमा 'तन्त्र' शब्दको व्यापक अर्थमा प्रयोग गरिएको छ । सांख्य, न्याय, धर्मशास्त्र र योगशास्त्रलाई पनि तन्त्र भनिएको छ । तन्त्रको दोस्रो नाम आगम हो । तन्त्रशास्त्रको प्रणेता स्वयं शिवलाई मानिएको छ । शिवले यस शास्त्रको पहिलो ज्ञान पार्वतीलाई दिएका थिए । यसरी तन्त्रशास्त्रको आधार शिव पार्वतीलाई मानिएको छ ।[196] तन्त्रशास्त्रको महत्त्वलाई प्रकाश पार्दै सत्ययुगमा श्रुतिमा भनिएको आचारणको, त्रेतायुगमा स्मृतिद्वारा प्रतिपादित आचारणको, द्वापरयुगमा पुराणहरूमा वर्णित आचारणको र कलियुगमा आगमद्वारा प्रतिपादित आचारणलाई श्रेष्ठ मानिएको छ । साथै कलियुगमा मानिसहरू तप र स्वयं अध्यनबाट टाढा र अल्पाायुका हुने  छन् । साथै परिश्रम गर्नसक्ने छैनन् । त्यसकारण कलियुगका गृहस्तिहरू आगमको अनुसरण गर्ने छन् र अन्य मार्गहरूको सहारा लिएमा सिद्धिप्राप्त गर्न सक्ने छैनन् भनेर महानिर्वाण तन्त्रमा भनिएको छ ।[197]

यसरी माथिको वर्णनबाट तन्त्र एउटा रहस्यमय शक्ति हो जसको प्रणेता स्वयं शिव मानिएको र यो कलियुगको एउटा महत्वपूर्ण साधनाको क्षेत्र भएको कुरा स्पष्ट हुन्छ । साथै शास्त्रहरूमा तन्त्रसाधनाको लागि सबै वर्णहरूलाई अधिकार दिइएको पाइन्छ । तन्त्रसाधनाको लागि स्त्रीहरूलाई पनि छुट दिइएको छ । तन्त्रशास्त्रहरूमा तन्त्रसाधनाका विधिहरूलाई गोप्य राख्ने आदेश दिइएको छ । तन्त्रविद्या व्यक्तिको स्वभागको वरिपरि मात्र दिक्षा दिनको लागि आदेश दिइएको पाइन्छ । गोपनीयताको कारण तन्त्रको दुरुपयोगबाट रोक्नु पनि हो किनभने

---

195 Ved Marti Thaponist, Pandit-Sriram Sharana, Acharya and Chamanlal Gautam, **Tantra Mahavigyan,** Bareli, Sanskriti Sasthan, 1994, p. 9.

196 **Bharatiya Dharma Sakhaya Aur Unka Etihas,** (Varanashi : Chankhamba Sankrit Partisthan, 1998), p. 229.

197 Veda Murti Thaponist, Sriram Sharma Acharya and Chamnalal Gautam, op. cit., footnote no. 1.

तन्त्र शक्ति विकासको विज्ञान हो । यसबाट समाज हितको साथै अहित पनि हुन सक्ने कुरा शास्त्रहरूमा लेखिएको पाइन्छ । यसबाट भय र आतंकको अवस्था कल्पना पनि गर्न नसकिने विवरण पाइन्छ ।

यसरी तन्त्र एउटा गोप्य विद्या हो जसको प्रयोग आध्यात्मिक ज्ञान प्राप्तिको लागि गरिन्छ भन्ने स्पष्ट हुन्छ । पछिल्लो समयमा आएर तन्त्रको प्रभाव कलामा पनि व्यापक रुपमा पर्न थालेको पाइन्छ । तन्त्रशास्त्र प्राचीन भए तापनि मध्यकालदेखि मात्र तन्त्रको प्रभाव कलामा पर्न थालेको पाइन्छ । पूर्व मध्ययुगमा विहारमा बौद्धमतको तेस्रो शाखा वज्रयान विकसित भयो । विभिन्न धार्मिक विचारधाराहरूको समिश्रणबाट वज्रयान (मन्त्रयान या तन्त्रयान) को विकास भयो । जुन बुद्धलाई महायान सम्प्रदायले दैवी स्वरुप प्रदान गरे र बुद्धको देवत्व स्वरुपको व्यापक प्रचार गरे । यो धारणको वज्रयान सम्पद्रायमा व्यक्ति महत्व दिइएन । वज्रयानले सम्पूर्ण नयाँ काल्पनिक देवताहरूको समूहलाई जनसमक्ष ल्यायो । वज्रयानमा आदि बुद्ध, दैवशक्ति, प्रज्ञापारमिता तथा पञ्चध्यानी बुद्धलाई स्थान दिइयो । विश्वको उत्पति भएको मान्न थालियो । पूर्वी भारतमा वज्रयान (तन्त्र या तन्त्रयान) लाई हिन्दूधर्ममा समाहित गरियो । मन्त्र नै सम्पूर्ण धार्मिक पूजा, विचारधारा तथा वार्तालापको केन्द्रविन्दु भयो[198] ।

यसरी भारतमा तन्त्रयानको प्रभाव ८औं शताब्दीपछि कलामा पर्न थालेको स्पष्ट हुन्छ । नेपाली कलामा पनि पालसेन शैलीको प्रवेशको साथै तन्त्रयानको प्रभाव पनि कलामा व्यापकरुपमा देखिन थाल्यो ।

नेपाली काष्ठकलामा तन्त्रको प्रभावको कुरा गर्दा १४औं १५औं शताब्दी पछि मात्र पर्न थालेको पाइन्छ । नेपाली काष्ठकलामा विशेषगरी मूर्तिकला, टुँडाल र तोरणहरूमा बढी मात्रामा प्रभाव परेको पाइन्छ । तन्त्रयानको प्रभावले विशेषगरी मूर्तिहरू धेरै हात धेरै टाउकाहरू भएको बनाउन थालियो । नेपाली काष्ठ मूर्तिहरूमा विशेषगरी बौद्ध मूर्तिहरूको साथै हिन्दू धर्मका देवी देवताहरूमा पर्न थालेको पाइन्छ । तन्त्रको प्रभाव मात्र मूर्ति निर्माणमा परेन बरु उक्त मूर्तिहरूको पूजा विधिहरूमा पनि व्यापक परिवर्तन आएको पाइन्छ । यस्ता तन्त्रबाट प्रभावित देवी देवताको पूजा विधि पनि रहस्यमय तरिकाबाट गर्न थालियो र यस्तो पूजा केही निश्चित व्यक्तिहरूले मात्र गर्न सक्ने भए । तन्त्रको प्रभावबाट बनेका मूर्तिहरूको धार्मिक र दार्शनिक महत्व सर्व साधारण जनताको दिमागले सोच्न नसक्ने अवस्था रह्यो । तन्त्रको प्रभावबाट प्रभावित भई भैरव महाकालका अनेकौं मूर्तिहरू बने । भक्तपुरको यक्षेश्वर महादेव मन्दिरमा भएका भैरव मूर्तिहरूमा स्पष्टरुपमा तन्त्रको प्रभाव देख्न सकिन्छ । त्यसैगरी पूजारी मठमा भएका केही भैरव मूर्तिहरूमा तन्त्रको प्रभाव उत्तिकै परेको पाइन्छ । भक्तपुरको भैरव चोकमा भएका विभिन्न भैरव मूर्तिहरूमा पनि तन्त्रको प्रभाव उत्तिक्कै देख्न सकिन्छ । जसमा भैरवका

---

198 Vasudeva Upadhyaya, **Pracina Bharatiya Murtibigyan,** (Chukhamba Surbharati Prakashan, 1982), p. 9.

धेरै हातहरू भएका मूर्तिहरू बनाइएका छन् । त्यसैगरी भक्तपुरको संग्रहालयमा भएका भैरव, शक्तिसहित भैरवका मूर्तिहरूमा पनि स्पष्ट रुपमा तन्त्रको प्रभाव देख्न सकिन्छ ।

विशेषगरी नेपाली काष्ठकलाको महत्त्वपूर्ण पक्ष टुँडालमा सबैभन्दा बढी मात्रामा तन्त्रको प्रभाव देखिन्छ । टुँडालमा देखिने रतिकलासम्बन्धी मूर्तिहरूमा स्पष्ट रुपमा तन्त्रको प्रभाव देखिन्छ । हुनत विद्वान्हरूले मन्दिरको काष्ठकलामा मैथुन आकृतिहरू देखाइनुलाई विभिन्न परम्परागत आधार मानेका छन् । कसैले चट्याङ्गबाट जोगिनको लागि यस्ता मैथुन आकृतिहरू कुँदिएका मान्दछन् किनभने चट्याङ्गले कुमारीत्वको प्रतिनिधित्व गर्ने हुनाले यस्ता आसन मूर्तिहरू देखेमा उनी लज्जित हुन्छिन् र लज्जाको कारण स्मारकहरूमा उनको प्रभाव आउन सक्दैन भनेर भन्दछन् भने कसैले भिक्षु र साधुहरू गृहस्थ आश्रम प्रति प्रेरित गर्नको लागि मन्दिरहरूमा यस्ता आकृतिहरू कुँदेको मान्दछन् । विशेषगरी पूर्वमध्यकालमा धर्मको प्रभावले धेरै व्यक्तिहरू वैराग्यको बाटोमा लाग्न थालेको र यस्तो बाटोबाट मानिसहरूलाई पुनः गृहस्थ आश्रममा प्रेरित गर्नको लागि यसो गरिएको हो भनेर भनेका छन् भने कसैले शक्तिको उर्वरा शक्तिको महत्वलाई प्रकाश पार्नको लागि यस्ता मूर्तिहरू बनइएको मान्दछन् । यसरी विभिन्न विद्वान्हरू जे जस्ता तर्कहरू राखिए तापनि टुँडालहरूमा कामकला आसनहरू राखिनुको स्पष्ट विचार पाइँदैन । वास्तवमा तन्त्रमा मैथुनलाई एउटा पवित्र वस्तुको रुपमा लिइएको छ । सम्भवतः तन्त्रको रहस्यलाई बुझाउन यस्ता किसिमका मैथुन आकृतिहरू टुँडालहरूमा कुँदिएको हुन सक्छ । तलको विवरणबाट स्पष्ट रुपमा टुँडालहरूमा यस्ता रतिकलासम्बन्धी मूर्तिहरू तन्त्रको भित्री महत्वलाई बुझाउन राखिएको हो भन्ने स्पष्ट हुन्छ जसअनुसार "मैथुन" को अर्थ हो उपर्युक्त विधिबाट पुरुषको समर्पण । तन्त्रमा लता साधनालाई कलङ्कित गरिएको पाइन्छ । यसमा प्रत्यक्ष मैथुनको विधान बताइएको छ । वास्तवमा तन्त्रमा धेरै पारिभाषिक शब्दहरू हुन्छन् । यसमा भएको वास्तविक अर्थलाई बुझाउँन नसक्दा भ्रम फैलिएको पाइन्छ । यही कारणले तन्त्रमा गन्दगी फैलिएको हो । महानिर्वाण तन्त्रमा निम्नासानुर वर्णन गरिएको छ । उक्त ग्रन्थमा जीवात्मालाई स्वयम्भू लिङ्गबाट युक्त मूलाधार केन्द्र त्रिभुजाकार योनीमा मातृयोनी भनिएको छ । जीवात्मा नै लिङ्ग हो । यसै ठाउँबाट कुण्डलिनी साथै योनी भयो भने जीवात्मालाई माथितिर लैजानुपर्छ । कुण्डलिनीलाई जीवात्माको वैरी मानिएको छ र दुवै एउटै शरीरमा हुन्छन् भनेर भनिएको छ । कुण्डलिनी र जीवात्मा मिलेपछि दुवै संयुक्त रुपमा शीर्षस्थ संसार तिर जान्छन् । जुन स्थान गुरुको निवास स्थान द्वादश कमलको माथिस्थित हुन्छ । जुद्धयोगी द्वादश कमलको माथि पुग्दछ तव उसको चरम गुरुको शिरमा पुगेको मानिन्छ । यस स्थानमा पुगेपछि गुरु शिष्यको सम्बन्ध समाप्त हुन्छ । मातृयोनीको नाम औलाहरूको ती भागहरू छन् जसबाट यन्त्रको गति र उच्चारण गर्नु हुँदैन । साहस पक्षयुक्त विन्दु जुन कुल कुण्डलिनीको मिलन विन्दु हो यसलाई परम मैथुन भनिएको छ । मैथुनको अर्थ मिलाउनु हो । साधारण भाषामा स्त्री पुरुष मिलनलाई मैथुन भनिएको छ । तर तन्त्रमा मैथुनको अभिप्राय

हाडमांस युक्त स्त्री र पुरुष विचको मैथुन होइन । स्त्रीको अभिप्राय कुण्डलिनी शक्तिसँग छ । जुन हाम्रो शरीर भित्र सुती राखेको हुन्छ । यसको स्थान मूलधार हो । सहश्र शिवको स्थान छ । यही शिव र शक्तिको वास्तविक मिलन नै मैथुन हो । योगमा सुषुम्नाको प्रणसँग मिलनलाई नै मैथुन भनिएको छ । अर्थात् परम्शक्तिसँग आत्माको विलास रससँग निमग्न रहनु नै मुक्त आत्माहरूको मैथुन हो । तन्त्रमा जहा जोस मद्य, मांस, मीन, मुद्रा र मैथुन शब्दहरू आउँछन् त्यहाँ उनीहरूले आलाङ्करिक वर्णन गरिएको पाइन्छ । तन्त्रको अर्थलाई नसम्झेर भोगवादीहरूले मैथुनको प्रत्यक्ष व्यवहार शुरु गरे जसबाट तन्त्रको उपहास हुन थाल्यो र यो विषय निम्नकोटीको विषय लोलुप वर्गमा मात्र सिमित रह्यो । वास्तवमा तन्त्र धेरै उच्चकोटीको विद्या हो । त्यसकारण यसलाई बदनाम गर्नु भन्दा पञ्चमकारको आलङ्रिक रहस्यलाई सम्झनु जरुरी छ ।[199]

यसरी माथिको वर्णनबाट तन्त्रको गलत प्रचारबाट नै मैथुन शब्दको गलत प्रचार गरिएको स्पष्ट हुन्छ । सम्भवतः तन्त्रमा लेखिएका यिनै आलङ्गरिक शब्दहरूको अर्कै अर्थ लगाई पछिल्लो समयका शास्त्रकारहरूले मैथुनलाई प्रत्यक्ष रुपमा प्रयोग गर्न थाले र यसलाई पवित्र योग मान्न थालियो र पवित्र योग मानिने हुनाले कलामा पनि यसलाई देखाउन थालियो जसबाट साधारण व्यक्तिहरूले प्रत्यक्ष ज्ञान प्राप्त गर्न सकून् ।

नेपालमा भएका मन्दिरहरूमा भएका टुँडालहरूमा विशेषगरी शैव र शाक्त धर्मसँग सम्बन्धित मन्दिरहरूमा तन्त्रको बढी प्रभाव देखिन्छ । तन्त्रको स्पष्ट प्रभाव १४औं १५औं शताब्दीका टुँडालहरू देख्न सकिन्छ । तन्त्रको प्रभाव स्पष्ट रुपमा देख्न सकिने महत्वपूर्ण टुँडालहरू मध्ये भक्तपुरको यक्षेश्वर मन्दिरमा भएका टुँडालहरू, पाटनको मूलचोकमा भएका टुँडालहरू, पाटनको विश्वनाथ मन्दिरमा भएका टुँडालहरू इत्यादि हुन् । यसरी मध्यकालीन काष्ठकलामा पनि प्रशस्त मात्रामा तन्त्रको प्रभाव देख्न सकिन्छ । तर नेपालीहरूले तन्त्रको वास्तविक अर्थ बुझी यसलाई कलामा ढालेका हुन् कि होइनन् यस बारेमा अझै पनि खोजको आवश्यकता छ ।

---

199 Veda Murti, Thaponist, Sriram Sharma Acharya and Chamanlal Gautam, op. cit, footnote no. 2, pp. 269-261.

# अध्याय सात
## नेपाली काष्ठकलाको मौलिकता

कलाका विविध स्वरूपहरू मध्ये काष्ठकला पनि एक हो । नेपालमा काष्ठकलाका नमुनाहरू १३औं १४औं शताब्दी पछिका प्रशस्त मात्रामा देख्न सकिन्छ । नेपाली काष्ठकलाका महत्वपूर्ण स्वरूपहरूको रूपमा झ्याल, ढोका, तोरण, टुँडाल, स्तम्भहरू, मूर्तिहरू र स्मारकहरूमा विभिन्न ठाउँमा प्रयोग गरिने नस, मेठ, चौकोसहरूलाई लिइन्छ । नेपाली काष्ठकलाका विविध पक्षहरू विशेषगरी स्मारकहरूमा देख्न सकिन्छ । मध्यकालीन नेपाली समाजमा निर्माण भएका अति महत्त्वपूर्ण काष्ठकलाका नमुनाहरूबाट हामीहरूले मध्यकालीन काष्ठकलाको विविध पक्षको बारेमा जानकारी पाउँछौं । यस्ता काष्ठकलाकारिताहरूबाट एकातिर मध्यकालीन कलाकारहरूको कलाकारिताको बारेमा जानकारी पाइन्छ भने अर्कोतिर नेपालीहरूको कलाप्रति मोह र लगावको बारेमा थाहा पाइन्छ । साथै यस्ता काष्ठ नमुनाहरूबाट मध्यकालीन धार्मिक अवस्था, आर्थिक अवस्था र सांस्कृतिक अवस्थाहरूको बारेमा जानकारी पाइन्छ । मध्यकालीन काष्ठकलामा धर्मको गहिरो प्रभाव पाइन्छ । विशेषगरी धार्मिक स्मारकहरूको साथै साधारण मानिसका घरहरूमा भएका काष्ठकलाकृतिहरूमा प्रशस्त मात्रामा धार्मिक काष्ठकला पाइन्छ । नेपालमा मध्यकालमा प्रचलित विभिन्न धार्मिक सम्प्रदायहरू जस्तै हिन्दू धर्म अन्तर्गतका शैव, वैष्णव, शक्त, सौर, गणपत्य आदि र बौद्धसँग सम्बन्धित विभिन्न धार्मिक पक्षलाई काष्ठकलामा समेटिएको पाइन्छ । यसका साथै काष्ठकलाले तत्कालीन समयको आर्थिक पक्षलाई पनि झल्काउँछ । राम्रो कलाको विकासले आर्थिक अभाव कुनै पनि हालतमा हुन सक्दैन । कलाको सूक्ष्म पक्षको विकास एउटा आर्थिकरूपले सम्पन्न समाजमा मात्र हुन सक्दछ । काष्ठकलाले सामाजिक स्तरमा ठूलो सानो भनेर छुट्टयाउन पनि ठूलो सहयोग पुऱ्याएको देखिन्छ । वास्तवमा भन्ने हो भने मध्यकालीन समाजमा घरका झ्यालढोका र स्तम्भहरू हेर्दा मानिसहरूको आर्थिक पक्ष र सामाजिक पक्ष छुटिन्थ्यो । यसका साथै विविध सांस्कृतिक पक्षको बारेमा जानकारी पाइन्थ्यो । नेपाली मध्यकालीन काष्ठकलाका विविध पक्षमा देखिने काष्ठकलाकारिता समकालीन अन्य देशहरूमा पाइँदैन । त्यसकारण पनि मध्यकालीन नेपाली काष्ठकलाको विशेष महत्व रहेको पाइन्छ । नेपाली काष्ठकलाका आफ्नै केही मौलिक पक्षहरू रहेका छन् जसले नेपाली काष्ठकलाको काष्ठकलाको क्षेत्रमा विशिष्ट स्थान रहेको पाइन्छ । नेपाली काष्ठकलामा देखिने सबैभन्दा महत्वपूर्ण पक्ष यसमा गरिएको सूक्ष्म कलाकारिता हो । विशेषगरी काष्ठकलाकारहरूले कुनै पनि कलाकृतिको निर्माण गर्दा त्यस कलाकृतिको हरेक पक्षलाई बडो सूक्ष्म तरिकाबाट प्रस्तुत गरेको पाइन्छ । जस्तो कि सूर्य झ्याल बनाउँदा त्यस झ्यालसँग सम्बन्धित दार्शनिक पक्ष, धार्मिक पक्ष र सांस्कृतिक पक्षलाई कलाकारले अति सूक्षम तरिकाबाट प्रस्तुत गरेको पाइन्छ । ठीक त्यसैगरी इन्द्रेश्वर महादेव

मन्दिरमा यसको ढोकाको दायाँबायाँ भएको मूर्तिहरूलाई पनि लिन सकिन्छ । जसमा शिवको यस स्वरूपको मूर्तिमा हुनुपर्ने हरेक पक्षलाई कलाकारले अति लाक्षणिक तवरबाट प्रस्तुत गर्न सफल भएको पाइन्छ । साथै भक्तपुर संग्रहालयमा भएको मारविजयको मूर्तिमा पनि शास्त्रहरूमा वर्णन गरिएको कथाको आधारमा यस फलकमा कलाकारले वर्णित कथालाई र कथाका हरेक पात्रलाई अति सूक्ष्म तवरबाट प्रस्तुत गर्न सफल भएको छ । साथै पूजादेवी र नृत्य देवीका मूर्तिहरूमा पाइने मूर्तिको भावअनुरूपको प्रस्तुतिमा पनि सूक्ष्म काष्ठकलाकारिता देख्न सकिन्छ । यसरी सूक्ष्म काष्ठकलाकारिता नेपाली काष्ठकलाको एउटा महत्वपूर्ण मौलिक पक्ष हो । विशेषगरी काठका विभिन्न भागहरूमा कलाकारिता गरी तिनीहरूलाई अति वैज्ञानिक तरिकाबाट जडान गरिएको पाइन्छ । यिनीहरू जडान गर्नको लागि प्रयोग गरिएको जोडाई (joint) प्रविधि पनि उतिकै महत्वपूर्ण मानिन्छ । यसलाई पनि नेपाली काष्ठकलाको एउटा महत्वपूर्ण मौलिक पक्ष हो । काष्ठकलाका विभिन्न स्वरूपहरूलाई रंग लगाएर अलंकृत बनाउने परम्परा पनि रहेको छ । विशेषगरी मूर्ति, टुँडाल र तोरणहरूमा विभिन्न किसिमका रंगहरू लगाइएको हुन्छ । यस्ता रंगहरू मूर्तिमा लगाउँदा मूर्तिको स्वभावको आधारमा लगाएको पाइन्छ । देवताका डरलाग्दा मूर्तिहरूमा रातो, कालो, हरियो आदि रंगहरू लगाइएको पाइन्छ । रंगहरूमा बढी मात्रामा रातो रंगको बाहुल्यता पाइन्छ । मूर्तिहरूमा रंगको राम्रो सामञ्जस्यता भक्तपुर दरवारको सदाशिव चोकमा भएका मूर्तिहरूमा देख्न सकिन्छ । यस चोकमा भएका भैरव मूर्तिहरूमा रंगहरू प्रशस्त मात्रामा प्रयोग गरिएको छ । यी मूर्तिहरूमा शास्त्रहरूमा लेखिएको भैरवको रंग आधारमा भैरवको सम्पूर्ण शरीर रंगाइएको छ । हरेक भैरव मूर्तिमा रंगहरू फरकफरक छन् । रंगहरू लगाउँदा शरीरको कुन भागमा कुन रंग लगाउने भैरवको वाहनलाई कुन रंग लगाउने भन्ने सबैभन्दा बडो ध्यान पुर्‍याइएको छ । वास्तवमा भन्ने हो भने यस्तो किसिमका रंगको समायोजन मध्यकालीन अरु मूर्तिहरूमा पाइँदैन । यस चोकमा भएका भैरव मूर्तिहरू रातो, पहेंलो, नीलो, हरियो, सुनौलो र सेतो रंगको व्यापक रूपमा प्रयोग गरिएको छ । भैरव वाहनहरूको रंग भैरवकै जस्तै नभई अर्को प्रयोग गरिएको छ । जस्तै हरियो रंग लगाइएको भैरवको मूर्तिमा निलो रंग लगाइएको वाहन देखिन्छ । सुनौलो रंग लगाइएको भैरुवमा तल निलो रंग लगाइएको वाहन देखिन्छ । निलो रंग भएको भैरवमा तल वाहनमा सेता रंग देखिन्छ । त्यसैगरी भक्तपुरको काष्ठकला संग्रहालयमा भएका केही तारा र भैरवका मूर्तिहरूमा पनि रंगको राम्रो समायोजन गरिएको पाइन्छ । त्यसैगरी टुँडालहरूमा पनि प्रशस्त मात्रामा रंगहरू प्रयोग गरिएको पाइन्छ । विशेषगरी भक्तपुरको यक्षेश्वर मन्दिर, न्यातपोल मन्दिर, चाँगुनारायण मन्दिर, पाटनको भीमसेन मन्दिर, हनुमानढोकाको माजुदेवका टुँडालहरूमा रंगको राम्रो समायोजन देख्न सकिन्छ । टुँडालहरूको तोरण र ढोकाहरूमा व्यापकरूपमा रंगको प्रयोग भएको पाइन्छ । यस्ता काष्ठकलाहरूमा रंगको समायोजन नेपाली काष्ठकलाको मौलिक पक्ष हो । यो पक्ष वैज्ञानिक पनि देखिन्छ । किनभने काष्ठकलाका विभिन्न स्वरूपहरूमा नेपालीहरूले यस पक्षलाई बढी महत्व दिएको हुन सक्दछ । किनभने रंग एक किसिमको

कीटनाशक गुण भएको हुनाले यो प्रयोगमा ल्याइएको हुन सक्छ । यसका साथै काष्ठकलाका हरेक पक्षलाई बढी जनमानसलाई जानकारी गराउन पनि यसो गरिएको हुन सक्दछ ।

त्यसैगरी काष्ठकलामार्फत धेरै भन्दा धेरै धार्मिक पक्षको बारेमा जानकारी दिन खोज्नु पनि काष्ठकलाको अर्को महत्वपूर्ण मौलिक पक्ष हो । नेपालमा भएका धेरै जसो काष्ठकलाकृतिहरू धर्मबाट नै प्रभावित देखिन्छन् । यस्ता कलाकृतिहरूमा धार्मिक विषयवस्तुलाई मान्यता दिएको पाइन्छ । यस्ता कलाकृतिहरूमा धार्मिक ग्रन्थहरूमा लेखिएका हरेक पक्षलाई राम्रोसँग प्रस्तुत गरिएको पाइन्छ । काष्ठकलामा नै विभिन्न सम्प्रदायका अवतार मूर्तिहरू बढी मात्रामा बनेको पाइन्छ । यस्ता अवतार मूर्तिहरू अरु कला माध्यममा पाइँदैनन् । यस पक्षलाई पनि नेपाली काष्ठकलाको महत्वपूर्ण विशेषता र मौलिक पक्षका रूपमा लिन सकिन्छ । किनभने विष्णुअवतार मूर्तिहरू, शिवपार्वती मूर्तिहरू, भैरवका मूर्तिहरू, अष्टदिक्पालका मूर्तिहरू, देवीका विविध स्वरूपका मूर्तिहरू जति काष्ठकलामा पाइन्छन् अन्य कलाका माध्यमहरूमा पाइएको देखिन्न । जुन पक्ष यस अनुसन्धानमा पनि एउटा महत्वपूर्ण पक्षको रूपमा लिन सकिन्छ । धातु, ढुङ्गामा बनइएका मूर्तिहरू जति सजिलैसँग चिन्न सकिन्छ काष्ठकलामा यस्ता हजारौं मूर्तिहरू अध्ययन पाइएका जसलाई अझै एउटा छुट्टै अध्ययनको विषयवस्तुको रूपमा लिन सकिने अवस्था रहेको पाइन्छ ।

एउटै फलकमा तीनवटा लोकसँग सम्बन्धित पक्षहरू देखाइनु पनि नेपाली काष्ठकलाको अर्को महत्वपूर्ण मौलिक पक्षको रूपमा लिन सकिन्छ । काष्ठ मूर्तिहरूमा तोरणहरूमा, ढोकाहरूमा, टुँडालहरूमा तीनै लोकको प्रतिनिधित्व गर्ने खालका दृश्यहरू, प्राणीहरू, जीववस्तुहरू देखाइउको पाइन्छ । साथै यस्ता स्वरूपहरूमा पञ्चतन्त्रको साथ साथै त्रिगुणको प्रतिनिधित्व गर्ने विषयवस्तुहरू पनि कुँदिएको पाइन्छ । जस्तै मकरहरूले पानीको प्रतिनिधित्व गर्दछन्, सर्पहरूले पनि पानी तामसिक गुणको प्रतिनिधित्व गर्दछन्, रुखहरूले पृथ्वीको प्रतिनिधित्व गर्दछन् । देवताहरूले आकाशको प्रतिनिधित्व र सत्व गुणको प्रतिनिधित्व गर्दछन् । विभिन्न ऋषिहरूले पृथ्वीको साथै सत्व र राजस गुणहरूको प्रतिनिधित्व गर्दछन् । यसरी तीनैलोकको प्रतिनिधित्व गर्ने खाले घटनाहरूलाई प्रस्तुत गर्नु पनि नेपाली काष्ठकलाको एउटा महत्वपूर्ण मौलिक पक्षको रूपमा लिन सकिन्छ । यसका साथै सामाजिक, धार्मिक र सांस्कृतिक पक्षसँग सम्बन्धित घटनाहरूलाई एउटै फलकको विभिन्न भागमा देखाइनु पनि नेपाली काष्ठकलाको अर्को महत्वपूर्ण पक्ष हो । देवीदेवताहरूले धार्मिक पक्षको प्रतिनिधित्व गर्ने गर्दछन्, लौकिक जीवनसँग सम्बन्धित घटनाहरूले सामाजिक जीवनको प्रतिनिधित्व गर्ने गर्दछन् र कलश, अष्टमंगलजस्ता विभिन्न किसिमका चिन्हहरूले सांस्कृतिक जीवनको प्रतिनिधित्व गर्ने गर्दछन् । तन्त्रबाट प्रभावित नेपाली कलामा तन्त्रसँग सम्बन्धित विभिन्न किसिमका मूर्तिहरू र चिन्हरूलाई सांकेतिक रूपमा प्रस्तुत गर्न सकिनु पनि नेपाली काष्ठकलाको अर्को मौलिक पक्षको रूपमा लिन सकिन्छ । साथै रतिकलासँग सम्बन्धित विभिन्न किसिमका आसनहरूलाई

मौलिक र आकर्षक रूपमा प्रस्तुत गरिने परम्परा पनि नेपाली काष्ठकलाको अर्को मौलिक पक्ष हो । नेपालमा पाइँने काष्ठकलाकृतिहरूमा प्रशस्त मात्रामा आसन अर्थात कामकला सम्बन्धित मूर्तिहरू बनाइएको पाइन्छ र यस किसिमका कलाकारिता विश्वका अन्य देशहरूमा कलाका अन्य माध्यमहरूमा पाइए तापनि काष्ठकलामा नेपाल जस्तो कामकलासम्बन्धि कलाकारिता पाइँदैन । त्यसकारण यसलाई पनि नेपाली काष्ठकलाको एउटा मौलिक पक्षको रूपमा लिन सकिन्छ । यसरी काष्ठकला नेपाली समाजमा विकसित एउटा यस्तो महत्वपूर्ण कला हो जसमा नेपाली कलाकारहरूले प्रशस्त मात्रामा मौलिक संस्कृति झल्काउने कुराहरूलाई बढी महत्व दिएको पाइन्छ ।

# अध्याय आठ

## काष्ठकलाको विनाश हुनका कारण र संरक्षणको सम्बन्धमा देखिएका समस्याहरू

> From prehistoric times 'Wood' has been used as convinent multipurpose material for housing fuel, furniture, antiquities like sculptures, painted pannels, written and illustrated documents utensils, weapons, musical instrument etc. Therefore, wood form a large part of collection in the museum particularly in ethnographical and folk museums. The manuscripts and paintings are found executed either directly on wood or on lacquered canvas fasted on wooden tables.[200]

भारतमा अहिलेसम्मको सबैभन्दा पुरानो काठको नमुना हडप्पाको उत्खनन्‌बाट प्राप्त भएको लास राखिएको काठको बक्स हो । जसको समय २००० बी.सी. मानिएको छ ।

यसरी काष्ठकलाको शुरुवात प्राचीनकालदेखि नै भएको स्पष्ट हुन्छ । प्राचीनकालदेखि काष्ठकलाको विकास भए तापनि प्रशस्त मात्रामा काष्ठकला नपाइनुको प्रमुख कारण काठका सामाग्रीहरू अन्य माध्यमको तुलनामा चाँडै नाश हुने हुनाले पनि आज हामीसमक्ष कम मात्रामा काष्ठकलाका नमुनाहरू पाइन्छन् । साथै वातावरण, पर्यावरण र किटाणुहरूको प्रभाव पनि यसमा बढी पाइन्छ । नेपालमा पनि प्राचीनकालदेखि नै काष्ठकलाको विकास भएको अनुमान गर्न सकिन्छ ।

किराँतकालमा नै काष्ठकलाको विकास भएको कुरा र काष्ठ उद्योगको व्यापक रुपमा विकास भएको चर्चा प्राचीन किराँत इतिहासमा स्वामी प्रपन्नाचार्यले गर्नुभएको छ ।[201] साथै कौटिल्यको अर्थशास्त्रमा नेपालबाट आयात गरिने बहुमूल्य कम्बलहरूको चर्चा पाइन्छ । यसबाट किराँतकालमा काठका तानहरूसमेत बन्दथे भन्ने कुरा स्पष्ट हुन्छ ।

लिच्छविकालमा पनि काष्ठकलाको व्यापक रुपमा विकास भइसकेको प्रमाण विभिन्न अभिलेख स्रोतहरूबाट थाहा पाइन्छ र मन्दिरहरू जीर्णोद्वार गरेका सडेगलेका, किराले खाएका काठका झ्यालढोकाहरू स्मारकहरू हटाई नयाँ बनाइएको रहेछ भन्ने कुरा थाहा पाइन्छ । यसरी काठहरू केही वर्षपछि सढेर जाने हुनाले लामो समय टिक्न नसक्ने हुनाले हामी समक्ष काष्ठकलाको नमुनाहरू १३औं शताब्दी भन्दा पूर्वका पाइएका छैनन् । सम्भवतः किराँतकाल र लिच्छविकालमा घरहरू र मन्दिरहरू काठबाट नै बढी मात्रामा बनेका हुन्थे जसले गर्दा आज किराँतकालिन र लिच्छविकालिन भग्न अवशेषहरू कम मात्रामा पाइन्छन् । सम्भवतः लिच्छविकालिन महत्वपूर्ण दरवारहरू काठको बढी मात्रामा प्रयोग गरी बनाइएको हुनाले नै

---

[200] O.P. Agrawal, Shashi Dawan, K.L. Gerg, **Microbial Deteriotion of Wood,** (Lucknow : Intach Conservation Institue, 1990).

[201] Swami Prapannacharya, **Prachin Kirat Itihasa,** (Varanashi : Kirateswor Prakashan, 2051 B.S.).

आज ती विशाल दरवारहरूका भग्नावशेषहरू पाइएका छैनन् । १३औं शताब्दी देखि फाटफुट रुपमा काष्ठकलाका नमुनाहरू पाइन थालेका छन् र १६औं १७औं र १८औं शताब्दीका हजारौंको संख्यामा प्राप्त भएका छन् । तर १३औं १४औं शताब्दीका काष्ठकलाको स्वरुप हेर्द ती स्वरुपहरूलाई धेरै लामो समयसम्म बचाई राख्न सकिने अवस्था पनि देखिंदैन । त्यसकारण काठको आयु हाम्रो जस्तो देशमा हजार वर्षभन्दा लामो समयसम्म टिक्न सक्दैन भन्ने कुरा पनि अनुमान गर्न सकिन्छ । काष्ठकलाहरू विनासका विभिन्न कारणहरू हुन्छन् । जसले गर्दा यस्ता कलाकृतिहरू दिनप्रतिदिन विनास भइराखेको पाइन्छ ।

*O.P. Agrawal, Shashi Dhawan र K.L. Garg* का अनुसार

Deterioration of wooden material is attributed mainly due to :

**1. Abiotic factors:**

a. Phisical decay: Resulting into harping, eraking and spliting

b. Thermal degradation

c. Ligh: U.V. light a portion of hight is responsible for photochemical action on painted wooden object.

d. A lims spheric pollutants: dust, dirt pollution gasses.

## 2. Biotic factors

The wooden objects contain more than 70% of cellulose material which is a good material suited for biological agencies. The activities of the biological agencies are accelarated under not and humid conditions of wooden objects. Wooden objects in the collection of museums, art galleries and the exposed monuments needs preservation and consolidation treatment to enserve longivity of these objects of art and architecture, a sizable part of our national heritage.[202]

यसरी २ वटा महत्वपूर्ण कारणबाट काष्ठकला विनास हुन्छ भन्ने मान्यता उक्त पुस्तकमा रहेको पाइन्छ । नेपाली काष्ठकलाको विनाशको लागि पनि यी २ वटा महत्वपूर्ण कारण जिम्मेवार देखिन्छन् । त्यसमा पनि विशेषगरी निम्नलिखित कारणहरू नेपाली काष्ठकलाको विनासको लागि महत्वपूर्ण रुपमा उत्तरदायी देखिन्छन् :

1. Bacterial deterioration.
2. Fugal deterioration
   a. Primary moulds
   b. Stain fungi
   c. Deterioration due to the soft rot
   d. Deterioration due to brown rot

[202] S.D. Agrawal and K.L. Gerg, op. cit. Footnote No. 1.

1. Wood structure
2. Moisture
3. Temperature
4. Nutrition
5. PH relations
6. Light

माथि उल्लेखित कारणहरूबाट काष्ठकलाहरू विनास भइराखेको पाइन्छ । नेपालमा भएका विशेषगरी १३औं देखि १७औं शताब्दीको बीचका काष्ठकलाका नमुनाहरू धेरै जीर्ण अवस्थामा रहेको कुरा वर्तमान अध्ययनबाट थाहा हुन आएको छ । खासगरी खुल्ला ठाउँमा भएका स्मारकहरूमा भएका काष्ठकलाका नमुनाहरू बढी मात्रामा जीर्ण रहेको पाइन्छ । यस अध्ययनको क्रममा सबैभन्दा पुराना मानिएका शिवका मूर्तिहरू जीर्ण अवस्थामा छन् । यी मूर्तिहरू खुल्ला ठाउँमा भएकोले र निरन्तर पूजा सामग्रीहरूको घर्षणले मूर्तिहरू जीर्ण अवस्थामा छन् । साथै यसै मन्दिरको उत्तर दिशामा भएका केही टुँडालहरू पनि जीर्ण अवस्थामा रहेका छन् । त्यसैगरी यक्षेश्वर महादेव मन्दिरमा भएका धेरैजसो भैरव मूर्तिहरूको कसैको मुख, कसैको हात र कसैको शरीर र कसैका हातका आयुधहरू पूर्णरुपमा जीर्ण भइसकेका छन् । पूजारीमठमा भएका भैरवका मूर्तिहरू पनि जीर्ण अवस्थामा रहेका छन् । त्यसैगरी पाटनको मूल चोकमा भएका केही महत्वपूर्ण मूर्तिहरू जीर्ण अवस्थामा रहेका छन् । हनुमानढोकाको माजु देवतामा भएका विशेषगरी टुँडालहरू अति जीर्ण अवस्थामा रहेका छन् । संग्रहालयमा विशेषगरी राष्ट्रिय संग्रहालयको स्टोरमा भएका र प्रदर्शन कक्षमा रहेका मूर्तिहरू पनि अति जीर्ण अवस्थामा रहेका छन् । विशेषगरी १३औं देखि १७औं शताब्दीसम्म मानिएका काष्ठकलाका नमुनाहरू अति जीर्ण अवस्थामा छन् । त्यसकारण संरक्षण भन्दा पूर्व उनीहरूको विस्तृत विवरण तयार पार्नुपर्ने अति आवश्यक देखिन्छ । यदि तत्कालै गरिएन भने यस्ता नाशवान् र जीर्ण मूर्ति तोरण र झ्यालढोकाहरू इतिहासमा कथामात्र रहेर जानेछन् ।

जीर्ण अवस्थामा रहेका काष्ठकलाहरू र अन्य काष्ठकलाका नमुनाहरू थप जीर्ण हुनबाट जोगाउनको लागि निम्नलिखित उपायहरू गर्न सकिन्छ :

१. **रसायनिक उपचार (Chemical Treatment)** : जीर्ण अवस्थामा रहेका काष्ठकलाहरू विभिन्न कारणहरूले गर्दा जीर्ण भइराखेका छन् । जीर्ण हुनको लागि किटाणुहरूले महत्वपूर्ण भूमिका पनि खेलिराखेका छन् । यस्ता किटाणुहरूलाई विभिन्न रसायनहरू प्रयोग गरी हटाउन सकिन्छ । जसले थप जीर्ण हुनबाट जोगाउन सक्छ । विभिन्न किसिमका काठका किटाणुहरू नाश गर्न निम्नलिखित रसायन प्रयोग गर्न सकिन्छ :

a. Creosote
b. Penta Chhorophenal

c. Tributyltin oxide
d. Copper naphthenate
e. Copper-8 qurolinslate
f. Water borne fungicides
g. Borax and boric acid
h. Copper Chromale
i. Copper Chromium arsenale
j. Ammoniacal copper arsenite
k. Copper-Chrominm-fluoride and copper-chromium boron
l. Fluoride-Chromium-argenate-dinitrophenois

२. **चिसोपन नियन्त्रण (Moisture Control)** : काष्ठकलामा भएको पानीको मात्रा र वरिपरिको वातावरणमा देखिएको पानीको मात्रामा पनि नियन्त्रण गर्नु अति आवश्यक छ । त्यसको लागि तत्वको नियन्त्रण पनि अति आवश्यक देखिन्छ । विशेषगरी संग्रहालयहरूमा भएका काष्ठकलाका नमुनाहरूमा यसको ध्यान दिनु जरुरी छ ।

३. **प्रकाश (Light)** : विशेषगरी संग्रहालयमा भएका काष्ठकलाहरूमा प्रकाशको नियन्त्रण गरी पनि काष्ठकला संरक्षण गर्न सकिन्छ ।

४. **उचित प्रयोग (Proper handling)** : काष्ठकलाका नमुनाहरू ओसार-पसारको क्रममा पनि विशेष ध्यान पुऱ्याउन पर्छ ।

५. **तापक्रम (Temperature)** : तापक्रमको पनि नियन्त्रण अति आवश्यक देखिन्छ ।

यी माथिका कुराहरूलाई ध्यानमा राख्न सकियो भने काष्ठकलाका नमुनाहरूको आयु बढाउन सकिन्छ ।

# अध्याय नौ
## निष्कर्ष

नेपाली काष्ठकलाको कुरा गर्दा नेपालमा विकास भएका कलाका अध्ययनहरूमा यसलाई पनि महत्वपूर्ण पक्षको रूपमा लिन सकिन्छ । यस अध्यनबाट १३औं देखि १८औं शताब्दीलाई काष्ठकलाको लागि स्वर्णयुग मान्न सकिन्छ । यस युगमा विकास भएको काष्ठ कलाकारिता पछिका दिनहरूमा देख्न पाइन्न । मात्र नक्कल भएको पाइन्छ । यस अध्यायबाट काष्ठकलाका विविध पक्षहरूको जानकारी लिन सहयोग पुगेको छ । विशेषगरी नेपाली काष्ठमूर्तिहरूको विविध पक्षको बारेमा धेरै नयाँ कुराहरू जानकारीमा आएको छ । यस अध्ययनमा अहिलेसम्म अध्ययन नभएका केही महत्त्वपूर्ण नयाँ मूर्तिहरू पनि रहेका छन् । जसले नेपाली काष्ठकलाको क्षेत्रमा नयाँ पक्षहरू थाहा भएका छन् । मूर्तिकलामा विशेषगरी भैरवका बढी मूर्तिहरू बनेको पाइयो जसमा व्यापक रूपमा तन्त्रको प्रभाव रहेको पाइन्छ । यसपछि बौद्धधर्मसँग सम्बन्धित ताराका मूर्तिहरू काठमा बढी मात्रामा बनेको पाइयो । साथै अहिलेसम्म प्रकाशित नभएका भक्तपुर सदाशिव चोकका भैरव मूर्तिहरू पनि सूक्ष्म रूपमा विश्लेषण गर्ने मौका यस अध्ययनमा भएको छ । यसका साथै अर्को महत्वपूर्ण पक्ष धातु र ढुङ्गामा नबनेका मूर्तिहरू पनि काठबाट बनेको पाइयो । जसले काष्ठकलाको महत्वपूर्ण पक्षलाई संकेत गर्दछ । यसका साथै टुँडालहरू, तोरणहरू, Door Wing हरू, False झ्यालहरूको बारेमा पनि धेरै कुराहरू यस अनुसन्धानबाट थाहा पाइन्छ ।  काष्ठकलाको क्षेत्रमा सबैभन्दा महत्त्वपूर्ण पक्ष यी कलाहरूको संरक्षणको पक्षसँग सम्बन्धित रहेको देखिन्छ । विशेषगरी अध्ययनको क्रममा विभिन्न स्थलहरूको भ्रमण गर्दा काष्ठकलाका पुराना स्वरूपहरू अति जीर्ण अवस्थामा रहेका छन् । ती सम्पदाहरूको संरक्षण गर्नुपर्ने अति आवश्यक देखिन्छ । अहिलेसम्म नेपालका कुनै पनि सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूले यसको Documentation मा ध्यान पुऱ्याएको पाइएन । त्यसकारण मध्यकालीन काष्ठकलाको भविष्यका पुस्ताहरूलाई सत्य-तथ्य जानकारी दिन Documentation को पनि अति आवश्यकता देखिएको छ ।

अध्ययनको क्रममा काष्ठकलामा केही पक्षहरू अझै पनि स्पष्ट हुन सकेका छैनन् । यी तथ्यहरूलाई पनि भविष्यमा प्रभाव पार्ने जरुरी देखिन्छ ।

# Bibliography


Abbate, Farancesco. (Edited), **Indian Art,** Italy : Octopas Book, 1972.

Acharya, P.K. **Indian Architecture,** London : Oxford University Press, 1921.

Agrawal, O.P., Shashi Dhawan and K.L. Greg, **Microbial Deterioration of Wood,** Lucknow : India Conservation Institute, 1990.

Agrawal, Prithivikumar. ***Bharatiya Kala Ek Vastu,*** First edition, Varanasi : Biswa Bidhan Prakashan, B.S. 2002

Amatya Saphalya. **Art and Culture of Nepal**, Jaipur/Delhi : First edition, Nirala Publication, 1991.

Andreas Volwahsen. **Living Architecture India,** Delhi : Oxford and IBH Publishing Company, 1969.

Banerjee, J.N. **The Development of Hindu Iconography**, Second edition, Calcutta : Gopalchandra Ray, 1956.

Banerjee, N.R. **Development of Hindu Iconography,** Calcutta : Archaeological Survey of India, 1963.

Bernier, R.M. **The Nepalese Pagoda, Origins & Styles,** New Delhi : S. Chand & Co. Ltd., 1979.

____________. **The Temples of Nepal:** Second edition., New Delhi : S. Chand & Co. Ltd., 1978.

Bhattacharya, B. **The Indian Buddhist Iconography, Mainly based on the Sadhanmala and Cognate Tantric Testa of Rituals,** Calcutta : K.L. Mukhopadhya, 1924.

Bindeswori Prasad Singh. ***Bharatiyakala Ko Bihar Ki Dena,*** Patna : Bihar Rastrabhasa Parisad, 2014 B.S.

Brown, P. **Indian Architecture: Buddhist & Hindu Periods,** Bombay : Asia Publishing House, 1912.

____________. **Picturesque Nepal,** London : Oxford University Press, 1912.

Chemjong, L.S. **History & Culture of the Kirat People,** Kathmandu : Nepal Printing Press, 1966.

Coomarswamy, A.K. **A History of Indian & Indonesian Art,** Second edition, New York : Dover Publication, 1965.

Dahal, P. ***Nepal Ko Itihasa,*** Kathmandu : M.K. Publishers & Distributors, 2048 B.S.

____________. ***Nepal Ko Madhyakalin Itihasa,*** Kathmandu : M.K. Publishers & Distributors, B.S. 2048.

Dagens, Bruno (edited & translated) **Mayamatum**, Delhi : Motilal Banarasidas Publishing Pvt. (reprinted), 1997-2000.

Dasgupta, R. **Nepalese Miniatures,** Varanasi : Siddharta Prakashan, 1968.

Dayal Leela Ray. ***Bhaktapura Ratnam,*** First edition, Delhi : Arnold Heinemann, 1980.

Deo, S.B. **Glimpses of Nepal Woodwrok,** New Series Vol. III Calcutta : Journal of the Indian Society of Oriental Art, , 1969.

____________. **Archaeological Excavation in Kathmandu,** Kathmandu : HMG/Department of Archaeology, 1968.

Deva, K. **The Temples of North India,** New Delhi : Munsiram Manoharlal, 1969.

Fergusson, J. **History of Indian and Eastern Architecture,** London : Vol. I, II, Metheun, 1910.

Gautam, Chamanlal. (edited), ***Biswakarma Purana,*** Bareli : Sansodhit Sanskarn, Sanskriti Sansthan, 1999.

Gnoli, R. **Nepalese Inscriptions in Gupta Characters, Part I, Part II,** Rome : Press of Rome, 1956.

Grover, Stallsh. **The Architecture of India, Buddhist and Hindu**, Delhi : Vikas Publishing House Pvt., 1980.

Guiseppe, Father. **Account of the Kingdom of Nepal,** London : Asiatic Researches, Vol. II, pp. 307-322, 1807.

Hagen, Toni. **Nepal- The Kingdom of the Himalaya,** New York : Dover Publications, 1961.

Hamilton, F.B. **An Account of the Kingdom of Nepal,** Edinburgh : The York Imperial Press, 1819.

Havell, E.B. **The Ancient and Medieval Architecture of India,** London : University of Wales Press, 1915.

____________. **A Handbook of Indian Art**, London : John Murphy Albemarlestreet, Reprinted, 1927.

Hillary, V.M. and E.G. Haly, **The Story of our heritage sculpute,** Great Britain : Thomas Nilson and Sons Limited, 1967.

HMG, Department of Archaeology. ***Brihat Suchipatram,*** Kathamndu : A catalogue of manuscripts, National Archives, 1963.

Indraji, B.L. **Twenty three inscriptions from Nepal, Together with some considerations of the Chronology of Nepal,** Bombay : Popular Prakashan, 1885.

Jayaswal, K.P. **Chronology and History of Nepal from 600 B.C. to 880 Ad,** Patna : Motilal Banarasidas, 1937.

Jha, H.N. **The Lichhavis,** Varanasi : Chowkhamba Publications, 1970.

Joshi, C.B. ***Kathmandu Upatyaka ka Kalatmak, Jhyal Haru,*** Kathmandu : Nepal Rajkriya Pragya Pratisthan, 1989.

Joshi, Hariram. ***Nepal Ko Pracheen Abhilekha***, Kathmandu : Jagdamba Prakashan, 1973.

Joureau, G. **Dravidian Architecture**, Second edition, Vanarasi : Bharat Bharati, 1920.

***'Kalyana' Hindu Sanskrit Anka,*** Gorakhpur : (Chaubis Varshako Visheshanka) Sixth Edition, Bita Press, B.S. 2052.

Khanal, Mohan Prasad. ***Changunarayan Aitihasik Ruprekha,*** Kirtipur : Nepali Asiali Anusandha Kendra, B.S. 2040.

Khatry, P. & Dahal P. ***Nepal Sarskriti ra Sabhyata,*** Kathmandu : Srimati Kamala Dahal, B.S. 2044.

Kirkpatriak, W.J. **An account of the Kingdom of Nepal,** New Delhi : D.K. Publishers, 1969.

Korn, Wofkgang. **The Traditional Architecture of the Kathmandu Valley,** Kathmandu : Ratna Pustak Bhandar, 1989.

Korotikan, Phyodor. ***Prachin Viswoka Itihasa,*** Second edition, Jaypur : Pragati Prakashan, Masco Rajasthan Peoples Publishing House, 1986.

Kramarisch, St. **The Art of Nepal,** New York : Little Brown & Co., 1964.

____________. **The Hindu Temple, Calcutta,** New York : The Indian Society of Oriental Art, 1946.

Landon, P. **Nepal, Vol. I & II,** Kathmandu : Ratna Pustak Bhandar, 1976.

Lee, S. E. ***A Kushan Yakshi Bracket,*** Paris : Artibus Asia, 12, 1949.

Levi, S. **Le Nepal: Etude historique d'un royaune Hindu,** Paris : Etudes d'art et ethnologie asiatiques, 1905-1908.

Lidke Jeff. ***Visvarupa Mandir***, New Delhi : 1996.

Magenis, A. & Appel, J.C. **A History of the World,** New Delhi : S. Chand & Co., 1963.

Mahajan, V.D. **Ancient India,** Delhi : C. Chand and Company Pvt., 1993.

Mainali Laya. ***Murtika Madhyam, Bidha***, **Shaili Ra Tattwaharu**, First edition, Kathmandu : Indira Mainali, B.S. 2061.

Mehrdad Shokoohy and Natalle H. Shokoohy, ***Kirtipur,*** First edition, London : Anaxus Book, South Asian Series, 1994.

Mishra, Jagadishchandra. ***Shukraniti,*** Fist Edition, Varayasi : Choukhambha Surbharati Prakashan, 1998.

Mishra, Radhesyam. ***Sampurna Vastushastra Rahasya,*** Second edition, Delhi : Raja Packet Books, B.S. 2042.

____________. ***Kumrahar Excavation***, Patna : K.P. Jayaswal Research Institue, 1959.

Mitra, D. **Buddhist Monuments**, Calcutta : Firma K.L. Mukhopadhya, 1980, Reprint 1984.

Nayannath Paudel. ***Bhasha Vamshawali*** (edited), Kathmandu : Department of Archaeology, B.S. 2024.

Nepal, Gyanmani. ***Pracheen Nepal Ko Itihas ma Naya Prakash,*** Kathmandu : Jagdamba Prakashan, B.S. 2035.

Nippon Institutes of Technology Research Mission. **The Royal buildings of Nepal**, 1981.

Oldfield, H.A. **Sketches from Nepal**, London : Orient Longmans, 1880.

Pal, P. **The Arts of Nepal, Part I: Sculpture,** Leident : E.J. Brill, 1974.

____________. **The Arts of Nepal, Part II: Paintings,** Leident : E.J. Brill, 1975.

____________. **Vaisnava Iconology in Nepal: A study in Art and Religion,** Calcuta : The Indian Society of Oriental Art, 1936.

Panta, N.R. ***Lichhavi Sambat ko Nirnaya***, Kathmandu : Sajha Prakashan, 1986.

Petech, L. **Medieval History of Nepal,** Rome : The Oriental Press of Home, 1955.

Pijoan, Joseph. **History of Art**, London : B.T. Basford Ltd. , 1933 .

Prasad, Chitta Ranjan. **Early Sculpture of Bihar,** First edition, Patna : Indological Book Co-operation, 1980.

Pushparaj, Chalise. ***Nepal Ko Itihasa & Savyata,*** Kathmandu: Ratna Pustak Bhandar, B.S. 2058.

Rao, T.A. Gopinath. **Element of Hindu Iconography,** Vol. I & II, Reprinted, Delhi : Low price Publications, 1999.

Ray, Amita. **Art of Nepal,** New Delhi : S. Chand & Co, 1973.

Regmi, D.R. **Ancient Nepal,** Calcutta : Firma K.L. Mukhopadhya, 1969.

____________. **Medieval Nepal, Vol. I & Vol. II,** Calcuta : Firma K.L. Mukhopadhya, 1965-1966.

Regmi, J.C. ***Nepal ko Dharmik Itihasa,*** Kathmandu : Nepal Rajkiya Pragya Pratisthan, B.S. 2030.

____________. ***Pracheen Nepal ko Rajnaitika Itihasa,*** Kathmandu : Nepal Rajkiya Pragya Pratisthan, B.S. 2030.

Rijal, Babukrishana, **Archaeological Remains of Kapilvastu, Lumbini, Devdaha,** Kathamndu : Educational Enterprises, 1979.

Rowland, B. **The Art & Architecture of India, Buddhist, Hindu, Jain,** Third edition, Hammondsworth : Penguin Books, 1967.

Sanday, J. **The Hanuman Dhoka Royal Palace,** Kathmandu Building Conservation and Local Traditional Crafts, London : MacMillan, 1974.

Sankalia, H.D. **Prehistory and Protohistory in India & Pakistna**, Poona : Deccan College Post Graduate & Research Instutue**, 1974.**

Shakya, H. **Patan Durbar Square (in Nepali)**, Patan : Sajha Prakashan, 1974.

Sharma, J.L. & Schetenko, **The Stone Age in Nepal**, Moscow : Mir Publishers, 1985.

Sharma, J.L. ***Hamaro Samaja Ek Addhyana,*** Lalitpur : Sajha Prakashan, B.S. 2039.

Shrivastav, Balram. ***Rupamandan,*** Second edition, Varanasi : *Motilal Banarasidas* 1996.

Sigdel, Somnath (edited). ***Sudharkarya Bibaran***, Upatyakaka Tatkalin Sudhar Samiti, B.S. 2017

Singh, Bindeswori Prasad. ***Bharatiya Kala ko Bihar Ki Den,*** Patna : Bihar Rastrabhasha Parishad, B.S. 2014.

Singh, M. **Himalayan Art,** New York : Unesco Art Books, 1968.

Sinha, R.K. **Introduction to Geology,** Second edition, Delhi Bombay and Calcutta : Oxford SIBH Publishing Company, 1985.

Snellgrove, D.L. **Shrines and Temples of Nepal,** Paris : Revue des Arts Asiatiques, 8, 1961.

Subedi, Rajaram. ***Nepal Ko Tatthya Itihasa***, Kathmandu : Sajha Prakashan, 2061 B.S.

Swami, Prapannacharya. ***Prachin Kirat Itihasa,*** First edition, Varanasi : Kirateswor Prakashan, B.S. 2051.

Tucci, G. **Preliminary Report on two scientific expeditions in Nepal,** Rome : The Oriental Press of Romo, 1956.

Vajpayee, Krishnadutta. ***Bharatiya Vastukala Ka Itihasa***, Lucknow : Hazrat Printing Press, 1972.

Vajracharya, B.R. Sharma S.R. and S.R. Bakshi, **Cultural History of Nepal,** First edition, New Delhi : Anmol Publication, Pvt. Ltd., 1993.

Vajracharya, Dhanbajra & Kamalprakash Malla (Edited), ***Gopal rajabamsavali***, Kathmandu : Nepal Research Center, 1913.

Vajracharya, Dhanbajra. ***Lichchhabikalka Avilekh,*** Kathmandu : Nepali and Asiali Anusandhan Sansthan, 2030 B.S.

Vajracharya, Manavajra. ***Nepal ko Maddhya Kalin Kala,*** Kathmandu : HMG/Department of Information, B.S. 2039.

____________. ***Nepal ko Madhya Kalin Kala*** , Kathmandu: Sajha Prakashan, 1974.

Varya Tank, Vilas. **Nepal the Seat of Cultural Heritage,** Kathmandu : Educational Enterprises.

Vidhyalankar, Satyaketu. ***Prachin Bharat,*** New edition, Delhi : Saraswoti Sadan, 2000.

Vogel, J. PH. **Le makara dans la sculpture de l'Inde,** Paris : Revue des Arts Asiatiques, 6, 1929-1930.

Volwahsen, Andreas. **Living Architecture of Indian,** London : Oxford IBH Publishing Company, 1969.

Waldschmidt, E. **The Art Treasures of Nepal,** Hammondsworth : Penguin Books, 1967.

Wright, D. **History of Nepal (translated from the Parbatiya, Calcutta),** Reprinted, Kathmandu : Ratna Pustak Bhandar, 1976.

Wu, Nelson. **Chinese and Indian Architecture,** New York : Dover Publications, 1963.

Yogi, Devinath. (edited), ***Devamala Vamshawali***, Sur Shamser JBR, B.S. 2013

## Journal & Newspaper

Banerjee, N.R. **Inscriptional Evidence on the Preservation of Monuments in Nepal,** Kathmandu : Department of Archaeology, Ancient Nepal Series No. 13, 1970.

Cunningham, A. **Archaeological Survey of India,** Calcutta : Archaeological Survey of India, Annual Report 3 (1873), Annual report 9 (1879), Annual report 21 (1885), 1885.

Itihasa Samsodhana Mandal. ***Abhilekh Sangraha,*** Lalitpur : Sajha Prakashan, 1982.

Nath, Yogi Narahari. ***Itihas Prakash ma Sandhi Patra Sangraha*, Part I & Part II,** Kathmandu : Sahayogi Printing Press, 1976.

Panday, R.N. **Some Historical Lores on Ancient Nepal,** Voice of History No. 2, Kirtipur : History Association, 1976.

____________. **Why Tilaurakot is Kapilvastu,** Kathmandu : Voice of History, Vol. II, History Association, 1976.

Pant, D.R. ***Nepal ko Itihasa ka kehi pana***, Kathmandu : Sajha Prakashan, B.S. 2038.

Pant, M.R. ***Itihasa Samsodhana* Serial No. 53,** Kathmandu : Sajha Prakashan, B.S. 2018.

____________. ***Itihasa Samsodhana* Serial No. 55,** Kathmandu : Sajha Prakashan, B.S. 2019.

____________. ***Itihasa Samsodhana* Serial No. 56,** Kathmandu : Sajha Prakashan, B.S. 2020.

Regmi, D.C. ***Maligaon ko Murti Lekha,*** Kathmandu : Gorkhapatra, B.S. 2049, Jestha $17^{th}$.

Sharma, J.L. **Neolithic Tools from Nepal**, Kathmandu : Ancient Nepal No. 75, HMG/ Department of Archaeology, 1983.

Sharma, P.R. **Introduction to Nepalese Art and Architecture,** Kirtipur : Journal of Tribhuvan University Vol IV, 1968.

Shrestha, R.S. ***Tunala*: *Nepali Vastukala ko Akarshaka Anga,*** Kathmandu : Gorkhapatra, B.S. 2050, Shrawan $9^{th}$.

____________. **Wall Brackets: Adding Lustre to Temple Architecture**, Kathmandu : The Rising Nepal, December 1993.

Vajracharya, G. ***Yangal Yambhu,*** Kirtipur : Contrubition to Nepalese Studies, Vol. I, No. 2, 1974.

# चित्र विवरणहरू

| चित्रफलक नं. | चित्रफलकको विवरण |
|---|---|
| (१) | इन्द्रेश्वर महादेव मन्दिरको ढोका |
| (२) | इन्द्रेश्वर महादेव मन्दिरको ढोका |
| (३) | भक्तपुर यक्षेश्वर महादेव मन्दिरमा भएका ढोकाहरू |
| (४) | पाटन दरबारको मूलचोकमा भएका ढोका |
| (५) | पाटन दरबारको मूलचोकमा भएका ढोका |
| (६) | पाटन दरबारको मूलचोकमा भएका ढोका |
| (७) | पाटन दरबारको मूलचोकमा भएका ढोका |
| (८) | पाटन दरबारको मूलचोकमा भएका ढोका |
| (९) | छुस्यावहालको मूलढोका |
| (१०) | पूजारीमठको ढोका |
| (११) | मठको ढोका |
| (१२) | कुम्भेश्वर मन्दिरको ढोका |
| (१३) | न्यातपोल मन्दिरको ढोका |
| (१४) | चाँगुनारायण मन्दिरको ढोका |
| (१५) | कुमारीघरको ढोका |
| (१६) | कुमारीघरको ढोका |
| (१७) | इन्द्रेश्वरको ढोकाको पखेटायुक्त स्वरूप |
| (१८) | भक्तपुरको शिव मन्दिरमा भएका (Door Wings): |
| (१९) | भक्तपुरको शिव मन्दिरमा भएका (Door Wings): |
| (२०) | भक्तपुरको शिव मन्दिरमा भएका (Door Wings): |
| (२१) | भक्तपुरको शिव मन्दिरमा भएका (Door Wings): |
| (२२) | भक्तपुरको शिव मन्दिरमा भएका (Door Wings): |
| (२३) | पूजारीमठका पखेटायुक्त स्वरूप |
| (२४) | पूजारीमठका पखेटायुक्त स्वरूप |
| (२५) | पाटनको मूलचोकमा भएका ढोकाको Wing |
| (२६) | बालकुमारी पाटीको Wing: |
| (२७) | कुम्भेश्वर मन्दिरको Wing: |

(२८) भक्तपुरको न्यातपोल मन्दिरमा भएका Wing

(२९) भक्तपुरको न्यातपोल मन्दिरमा भएका Wing

(३०) भक्तपुरको न्यातपोल मन्दिरमा भएका Wing

(३१) चाँगुनारायणस्थित (Wing)

(३२) चाँगुनारायणस्थित (Wing)

(३३) इन्द्रेश्वरको तोरण

(३४) इन्द्रेश्वरमा भएको तोरण

(३५) यक्षेश्वर महादेव मन्दिरमा भएको तोरण

(३६) पाटनको मूलचोकमा भएको तोरण

(३७) छुस्यावहालको तोरण

(३८) न्यातपोल मन्दिरको तोरण

(३९) पाटनको हरिशंकर मन्दिरमा भएका खम्बा माथिका तोरण

(४०) कुमारी घरमा भएको तोरण

(४१) कुमारीघरको झ्यालमाथिको तोरण

(४२) राष्ट्रिय संग्रहालयको प्रदर्शनी कक्षमा भएको तोरण

(४३) संग्रहालयको प्रदर्शनी कक्षमा भएको तोरण

(४४) राष्ट्रिय संग्रहालयको स्टोर कक्षमा भएको तोरण

(४५) पाटनको मूलाचोकमा भएका स्तम्भ

(४६) पाटनको मूलचोकमा भएका स्तम्भ

(४७) पाटनको मूलचोकमा भएका स्तम्भ

(४८) पूजारीमठको स्तम्भ

(४९) पुजारीमठमा भएको स्तम्भ

(५०) स्तम्भहरू

(५१) भक्तपुरको न्यातपोल मन्दिरमा भएका स्तम्भ

(५२) छुस्यावाहालस्थित आँखीझ्याल

(५३) पाटन मूलचोकको आँखीझ्याल

(५४) कुम्भेश्वरस्थित सूर्यझ्याल

(५५) प्रसिद्ध मयूर झ्याल

(५६) मयूरझ्याल

(५७) सूर्य झ्याल
(५८) आँखीझ्याल
(५९) खुल्ला झ्याल
(६०) आँखीझ्याल
(६१) एकमुखे विमान झ्याल
(६२) आँखीझ्याल
(६३) आँखीझ्याल
(६४) चाँगुको किलेश्वर मन्दिरस्थित आँखीझ्याल
(६५) मयूर झ्याल
(६६) सूर्य झ्यालः
(६७) आँखीझ्याल
(६८) आँखीझ्याल
(६९) सूर्यझ्याल
(७०) पुजारी मठमा रहेको तीनमुखे झ्याल
(७१) तीनमुखे झ्याल
(७२) तीनमुखे झ्याल
(७३) तीनमुखे विमान झ्याल
(७४) तीनमुखे झ्याल
(७५) तीनमुखे झ्याल (False Wondow)
(७६) तीनमुखे झ्याल
(७७) तीनमुखे झ्याल
(७८) तीनमुखे विमान झ्याल
(७९) पाँचमुखे झ्याल
(८०) पुजारीमठमा रहेको पाँचमुखे झ्याल
(८१) पाँचमुखे झ्याल
(८२) पाँचमुखे आँखीझ्याल
(८३) पाँच मुखे विमान झ्याल
(८४) हनुमानढोका दरबारस्थित सात मुखे झ्याल
(८५) सातमुखे विमान झ्याल

(८६)		बनावटी र सजावटी झ्याल (False or blind)

(८७)		इन्द्रेश्वरस्थित झ्याल बनावटी झ्याल (False Window)

(८८)		इन्द्रेश्वरस्थित झ्याल बनावटी झ्याल (False Window)

(८९)		इन्द्रेश्वरस्थित बनावटी झ्याल

(९०)		इन्द्रेश्वरस्थित बनावटी झ्याल

(९१)		इन्द्रेश्वरस्थित  बनावटी झ्याल

(९२)		यक्षेश्वरस्थित बनावटी झ्याल

(९३)		बनावटी झ्याल (False Window)

(९४)		बनावटी झ्याल

(९५)		बनावटी झ्याल

(९६)		रुद्रवर्ण महाविहारमा भएका टुँडालहरू

(९७)		पनौतीको इन्द्रेश्वर महादेव मन्दिरमा भएका टुँडाल

(९८)		पनौतीको इन्द्रेश्वर महादेव मन्दिरमा भएका टुँडाल

(९९)		इन्द्रेश्वरका टुँडाल

(१००)		यक्षेश्वर मन्दिरमा भएका टुँडालहरू

(१०१)		पाटन मूलचोकमा भएका टुँडाल

(१०२)		छुस्यावहालमा भएका टुँडाल

(१०३)		छुस्यावहालमा भएका टुँडाल

(१०४)		छुस्यावहालमा भएका टुँडाल

(१०५)		छुस्यावहालमा भएका टुँडाल

(१०६)		छुस्यावहालमा भएका टुँडाल

(१०७)		छुस्यावहालमा भएका टुँडाल

(१०८)		छुस्यावहालमा भएका टुँडाल

(१०९)		छुस्यावहालमा भएका टुँडाल

(११०)		छुस्यावहालमा भएका टुँडाल

(१११)		छुस्यावहालमा भएका टुँडाल

(११२)		छुस्यावहालमा भएका टुँडाल

(११३)		माजुदेवलमा भएका टुँडाल

(११४)		माजुदेवलमा भएका टुँडाल

(११५)		माजुदेवलमा भएका टुँडाल
(११६)		माजुदेवलमा भएका टुँडाल
(११७)		माजुदेवलमा भएका टुँडाल
(११८)		माजुदेवलमा भएका टुँडाल
(११९)		माजुदेवलमा भएका टुँडाल
(१२०)		माजुदेवलमा भएका टुँडाल
(१२१)		भिमसेन मन्दिरमा भएका टुँडाल
(१२२)		भिमसेन मन्दिरमा भएका टुँडाल
(१२३)		भिमसेन मन्दिरमा भएका टुँडाल
(१२४)		भिमसेन मन्दिरमा भएका टुँडाल
(१२५)		भिमसेन मन्दिरमा भएका टुँडाल
(१२६)		पाटनको विश्वनाथ मन्दिरमा भएका टुँडाल
(१२७)		पाटनको विश्वनाथ मन्दिरमा भएका टुँडाल
(१२८)		पाटनको विश्वनाथ मन्दिरमा भएका टुँडाल
(१२९)		पाटनको विश्वनाथ मन्दिरमा भएका टुँडाल
(१३०)		न्यातपोल मन्दिरमा भएका टुँडाल
(१३१)		न्यातपोल मन्दिरमा भएका टुँडाल
(१३२)		कुम्भेश्वर मन्दिरमा भएका टुँडाल
(१३३)		स्वठनारायण मन्दिरमा भएका टुँडाल
(१३४)		स्वठनारायण मन्दिरमा भएका टुँडाल
(१३५)		स्वठनारायण मन्दिरमा भएका टुँडाल
(१३६)		स्वठनारायण मन्दिरमा भएका टुँडाल
(१३७)		चाँगुनारायणमा भएका टुँडाल
(१३८)		चाँगुनारायणमा भएका टुँडाल
(१३९)		चाँगुनारायणमा भएका टुँडाल
(१४०)		कुमारी घरमा भएका टुँडाल
(१४१)		राष्ट्रिय संग्रहालयमा भएका टुँडाल
(१४२)		राष्ट्रिय संग्रहालयमा भएका टुँडाल
(१४३)		राष्ट्रिय संग्रहालयमा भएका टुँडाल

(१४४) शिवको मूर्ति

(१४५) शिवको मूति

(१४६) भैरवको मूर्ति

(१४७) भैरवको मूर्ति

(१४८) भैरवको मूर्ति

(१४९) भैरवको मूर्ति

(१५०) भैरवको मूर्ति

(१५१) भैरवको मूर्ति

(१५२) भैरवको मूर्ति

(१५३) भैरवको मूर्ति

(१५४) भैरवको मूर्ति

(१५५) भैरवको मूर्ति

(१५६) भैरवको मूर्ति

(१५७) भैरवको मूर्ति

(१५८) भैरवको मूर्ति

(१५९) भैरवको मूर्ति

(१६०) भैरवको मूर्ति

(१६१) भैरवको मूर्ति

(१६२) भैरवको मूर्ति

(१६३) भैरवको मूर्ति

(१६४) भैरवको मूर्ति

(१६५) भैरवको मूर्ति

(१६६) भैरवको मूर्ति

(१६७) भैरवको मूर्ति

(१६८) भैरवको मूर्ति

(१६९) भैरवको मूर्ति

(१७०) भैरवको मूर्ति

(१७१) भैरवको मूर्ति

(१७२) भैरवको मूर्ति

(१७३) भैरवको मूर्ति

(१७४) भैरवको मूर्ति

(१७५) भैरवको मूर्ति

(१७६) भैरवको मूर्ति

(१७७) भैरवको मूर्ति

(१७८) भैरवको मूर्ति

(१७९) शिव विश्वरूप (भैरव)

(१८०) भैरव शक्तिसहित

(१८१) भैरव मूर्ति

(१८२) भैरव मूर्ति

(१८३) उमामहेश्वरको मूर्ति

(१८४) शिव

(१८५) भैरव शिर

(१८६) कृष्णको मूर्ति

(१८७) विष्णुको मूर्ति

(१८८) वष्णुको मूर्ति

(१८९) विष्णुको मूर्ति

(१९०) विष्णुको मूर्ति

(१९१) विष्णुको मूर्ति

(१९२) विष्णुको मूर्ति

(१९३) विष्णुको मूर्ति

(१९४) विष्णुको मूर्ति

(१९५) विष्णुको मूर्ति

(१९६) सूर्य मूर्ति

(१९७) सूर्य मूर्तिः

(१९८) सूर्य मूर्तिः

(१९९) सूर्य मूर्तिः

(२००) सूर्य मूर्तिः

(२०१) भक्तिनीको मूर्ति

| | |
|---|---|
| (२०२) | पूजा देवी |
| (२०३) | महिषमर्दिनी दुर्गाको मूर्ति |
| (२०४) | महिषासुरमर्दिनी दुर्गा |
| (२०५) | महिषासुर मर्दनी दुर्गा |
| (२०६) | महालक्ष्मीको मूर्तिः |
| (२०७) | गणेश मूर्ति |
| (२०८) | गणेश मूर्ति |
| (२०९) | गणेश मूर्ति |
| (२१०) | मारविजयको मूर्ति |
| (२११) | दीपंकर बुद्ध |
| (२१२) | दीपंकर बुद्ध |
| (२१३) | बुद्धको मूर्ति |
| (२१४) | बुद्ध मूर्ति |
| (२१५) | ताराको मूर्ति |
| (२१६) | ताराको मूर्ति |
| (२१७) | ताराको मूर्ति |
| (२१८) | ताराको मूर्ति |
| (२१९) | ताराको मूर्ति |
| (२२०) | ताराको मूर्ति |
| (२२१) | ताराको मूर्ति |
| (२२२) | ताराको मूर्ति |
| (२२३) | ताराको मूर्ति |
| (२२४) | लक्ष्मीको मूर्ति |
| (२२५) | बसुन्धराको मूर्ति |
| (२२६) | भुकुटी |
| (२२७) | मञ्जुश्री |
| (२२८) | मञ्जुश्री |
| (२२९) | मञ्जूश्रीको मूर्ति |
| (२३०) | लोकेश्वरको मूर्ति |

| | |
|---|---|
| (२३१) | हेवज्रशक्ति सहित |
| (२३२) | लोकेश्वरको मूर्ति |
| (२३३) | ह्यग्रीव |
| (२३४) | पुरुष मूर्ति |
| (२३५) | पुरुष मूर्ति |
| (२३६) | कुमारको मूर्ति |
| (२३७) | देवमूर्ति |
| (२३८) | ऋषिको मूर्ति |
| (२३९) | देव मूर्ति |
| (२४०) | कुमारको मूर्ति |
| (२४१) | सालभन्जिकाको मूर्ति |
| (२४२) | कृष्णको मूर्ति |
| (२४३) | सालभन्जिकाको मूर्ति |
| (२४४) | लोकेश्वर शिर |
| (२४५) | लोकेश्वरको मूर्ति |
| (२४६) | भैरव मुकुण्डो |
| (२४७) | नारीको मुकुण्डो |
| (२४८) | लोकेश्वरको मूर्ति |
| (२४९) | छेपारो |
| (२५०) | गरुड मुकुण्डो |

## परिशिष्ट १

## प्रचलित कलात्मक झ्यालहरू

| प्रचलित स्थानीय नाम | नेपाली | English |
| --- | --- | --- |
| कमल झ्याः काः झ्याः | कमल झ्यालका झ्याल | Kamal Jhyä (Lotus window) Kä Jhyä (Single windows sandwiching a multiple window) |
| कुं झ्याः गः झ्याः | कुं झ्याल ग झ्याल | Kun Jhyä (Corner window) |
| गः झ्याः | ग झ्याल | Ga Jhyä ( Window placed under the roof of a temple which is generally used as nest by the pegions) |
| गाः झ्याः | गा झ्याल | ga Jhya (Balconied window) |
| गो झ्याः | गोल झ्याल | Go Jhyä (Circular window) |
| छपा झ्याः | गोल झ्याल | Chhapä Jhyä (Single window) |
| तिकि झ्याः | आँखी झ्याल | Tiki Jhyä (Mesh window) |
| देशे मदु झ्या | देशे मदु झ्याल | Deshe Madu Jhyä (Unique window) |
| धनुपोता हर्द | धनुपोता हर्द | Dhanupotä Harda Bimän Jhyä |
| विमान झ्याः | ख विमान झ्याल | (Window with bow type frame) |
| पन्च झ्याः | पन्च झ्याल | Pancha Jhyä (An assembly of five windows) |
| पासुखा झ्याः | पासुखा झ्याल | Päsukhä Jhyä (a row of five small windows) |
| बाकु झ्याः | बाकु झ्याल | Bäku Jhyä (Wooden jolly) |
| विधि झ्याः | विधि झ्याल | Bimän Jhyä (Chariot window) |
| म्हय्खा झ्याः | मयूर झ्याल | Mhyekhä Jhyä (Peacock window) |
| याकु झ्याः | याकु झ्याल | Yäku Jhyä (Windows in either side of the main entrance of a temple) |
| सूर्य मुखी झ्याः | सूर्य मुखी झ्याल | Suryemukhi Jhyä (Sun window) |
| सं झ्याः | सं झ्याल | Sa Jhyä (Oriel window) |
| स्वखा झ्याः | स्वखा झ्याल | Swakhä Jhyä (Triple window) |

## परिशिष्ट २

## झ्यालका अङ्ग प्रत्यङ्गहरू

| (क) गाः झ्याल | | |
|---|---|---|
| **प्रचलित स्थानीय नाम** | **नेपाली** | **English** |
| पौ | छाना | Pau (Roof) |
| (ख) आँखी-झ्याल | | |
| प्रचलित स्थानीय नाम | नेपाली | English |
| इँ चिकंइँ<br>उफ्योधि | ईटाकार बुट्टा झ्यालको थाम<br>उभिने विशेषाकारको खाम्चो आधार | Echika (Diamond mesh)<br>Uphyodhi (Horizental base for the attached pier of window) |
| कोलां<br>खलु पोतायुतु | कोलां<br>संगार | Kolaä (Frame)<br>Khalu potäyetu (Stepped bottom horizontal member of the frame ) |
| तांगा पोतायुतु | - | Tängä potäyetu (Stepped top horizontal member of the frame) |
| तिका | - | Tikä (Sub-diagonal member of a wooden jolly) |
| थांचामो | उफ्योधिको दुई छेउमा रहेको थांचाको आधार | Thachämo (base of the attached pier on either side of Uphyodhi) |
| टुचु धोकु | भित्री चौकोस<br>देवदेवता रहने<br>कोलाँका एक भाग | Duchu (Internal frame)<br>Dyoku (Part of the frame where the gods are carved) |
| निर्गचा | नागलको एक नाम | Nirgachä (Name of a circular pattern) |
| पले | कमल | Pale (Lotus) |
| वाहा पोतायुतु | बारामा कुंदेर बनाएका खुडकिला | Bähä potäyetu (Steps carved on the style) |
| लःच्व | पानी मल | Lacho (Horn) |
| मलेःगवा | मरीचाकार बुट्टा | Malegwä (Pattern of pepper) |
| माःका | - | Mäkä (Main diagonal member of a wooden jolly) |
| माःचिकं | - | Mächikä (Square mesh) |
| मिखा फुसी | आँखी भौं आकारको बुट्टा | Mikhächä (Main attached |

| | | |
|---|---|---|
| | | pier) |
| मू थांचा | मूल थाम | Muthaächä (Main attached pier) |
| याको | काखी | Yako (Arm pit) |
| हथंकु | पानी मलको<br>दायाँ बायाँको सोभ्को भाग | Hathäku (Stepped vertical member of the horn) |
| हल:ग्वा | हर्रो आकारको बुट्टा | Halagwä (Chebulic pattern) |
| हार्छे | वारुलाको चाकाकारको बुट्टा | Hächhen (Honey comb) |
| **(ग) पासुका भ्याल** | | |
| पन्च बुद्ध | पञ्च बुद्ध | Pancha Buddha ( A group of five Buddhas) |
| मेराप | मेराप | Meräp (Arched panel) |
| सिलाय्कु | सिलाय्कु | Silayeku |
| **(घ) मयूर-भ्याल** | | |
| कवंख्या | अस्थिपन्जरको<br>अनुहार-आकार | Kawäkhwä (Forehead of a skeleton) |
| भ्कंग | चरा | Jhanga (Bird) |
| परी | परी | Pari (Fairy) |
| म्हयुखा | मयूर | Mhayekha (Peacock) |
| म्हयूखापा | मयूरको प्वाँख | Mhayekhäpä (Feather of a peacock) |

| | | |
|---|---|---|
| (ङ) **सूर्यमुखी झ्याल** | | |
| नाग | नाग | Näg (Holy serpentine) |
| सूजः | सूर्यको किरण | Surya kiran (Sun rays) |
| सूर्घो | सूर्य | Surya (Sun god) |
| (च) **विमान झ्याल** | | |
| उपयोधि | झ्यालको थाम उभिने विशेषाकारको लाम्चो आधार | Uphyodhi (Horizontal base for the attached pier of a window) |
| अमोसा | सुपारी आकारको बुट्टा | Amosä (Betal nut pattern) |
| कलश | कलश | Kalash (Special type of religious jar) |
| कवंख्वा | अस्थिपञ्जरको अनुहार | Kawakhwä (Skeleton face pattern) |
| केश | केश | Kesh (Androceum) |
| कोता | कोताल | Kotä (Panel frame) |
| कोतापौ | कोताल पाता | Kotäpau (rectangular window panel) |
| कोतामा | कोतालको दायाँ<br>र बायाँको<br>खम्बा | Kotämä (Rectangular panel stand holding the rod) |
| कोती | तल्लो ठेला | Koti (Panel base) |
| कोलां | खुडकिलो आकारको तेर्सो काठ | Kolan (Frame) |
| -कोकोलां | मुलोचा उभिने आधार | Kokolan (Frame-bottom horizontal member) |
| - चोकोलां | थांचाको शिरमा रहने कोलांको एक अंश | Chokolan (Frame-top horizontal member) |
| - जंकोला | थामो बीचको अंश | Jakolan (Frame-intermediate horizontal member) |
| कः सिमो | कौसी पर्खालमा रहने | Kasimo (Throating) |
| खिचावा | कुकुरको दन्ताकार बुट्टा | Khichäwä (Dog's teeth pattern) |
| गुति | थाम र मेरापको जोडनी छोप्न राखिने अर्ध गोलाकार | Gutin (Wooden frame covering the joint between the attached pier and the |

| | | |
|---|---|---|
| | | face of the window) |
| चो | चुच्चो | Pier and the face of the window |
| झंगचाग: | झ्यालको चराहरू रहने अंश | Jhangachäga (Part of the window with a row of birds) |
| डण्डाली | डण्डी | Dandali (Wooden rod at the middle of the window) |
| थति | झ्यालको शिरमा रहने काठ | Thati |
| थांचा | थाम | Thaacha (attached pier) |
| - वाग थांचा | वाग: थाम | Baga Thaacha (Halved attached pier) |
| - मू थांचा | मूल थाम | Mu Thaacha (Main attached pier) |
| दथु त्वा | थामको मध्य अंश | Dathutwa (Middle part of the attached pier) |
| धकिं | थामको सबैभन्दा माथि रहने बुट्टाको नाम | Dhakin (Name of the pattern at the uppermost part of the attached peri) |
| ना:ग | नागल | Näga(Semi circular pattern) |
| ना:तु | नाग (चुल्र्यो) आकारको बुट्टा | Natu (Pattern of ropes platet together) |
| निना: | निनाल | Nina (Beam) |
| निर्ग:चा | थाममा तेर्सो भएर रहने बुट्टा | Nirgacha |
| पले | कमल | Pale(Lotus) |
| पीफ्वा | चार पत्ते फूलबुट्टा | Pephwa (Pattern of a blooming flower with four petals) |
| मय्विलि | छेपारो आकारको बुट्टा | Mayebili (Lizard pattern) |
| मिखा फुसी | आँखी-भौं आकारको बुट्टा | Mikhaphusi (Eyebrow pattern) |
| मेराप | मेराप | Meräp (Arched panel) |
| मेराप झ्या:पा: | मेराप झ्याल | Merap Jhyapa (window with arched panel) |
| मेराप वाहा | मेराप वारा | Merap baha (Style within arched panel) |
| लिविं | झल्लर आकारको बुट्टा | Libin (Frills) |

| | | |
|---|---|---|
| सिंहः | पात आकारको बुट्टा | Sinha (Leaf pattern) |
| सुलोचा | गरुड आकारको बुट्टा<br>भएको झ्यालको टुँडाल | Sulocha (Window shout with Garud like carving) |
| हाछें | बारुलोको चाका आकारको बुट्टा | Hächen (Honey comb pattern) |

## परिशिष्ट ३

## झ्याल खापाका अङ्ग प्रत्यङ्गहरू (जू–खापा)

| प्रचलित स्थानीय नाम | नेपाली | English |
|---|---|---|
| आःति | खापीको माथिल्लो कुर्कुच्चा रहने काठ | Att (Part of wood on which the upper heel of the shutter tests) |
| कोतमा | कोतालमा | Kotämä (Window bench-upper frame) |
| कोति | तल्लो ठेला | Koti (Window bench-loer frame) |
| खापाः | खापा | Khäpä (Door shutter) |
| ग्वाली | कुर्कुचा | Gwali (Heel) |
| ग्वाली | कुकुर्चा भएको खापा | Gwali Khäpä (Single sutter) |
| - धी खापा | सिंगो खापा | Dhi Khäpä (Single shutter) |
| जु खापा | - जोडी खापा | Ju Khäpä (Double shutter) |
| चुकु | चुकुल | Chuku (Wooden bench inside the window) |
| झ्याःफः | झ्यालभित्र केही राख्न झ्यालभित्र केही राख्नहुने वा बस्न हुने गरी बनाएको बाकस | Jhyäpha (Wooden bench inside the window) |
| तंकोपु | खुडकिलो आकारमा कोपु राखेको | Takopu (Stepped lintels) |
| तिपौ | झ्याःफःको बासमा बनाएको एक किसिमको खापा | Tipau (Key planck with wooden handle) |
| तुपिं | साल वरिपरिको बाँकी काठ | tupin (Flesh around tenon) |
| दिलाय | दिलाय | Dilae (Window panel) |
| दुचु खलु | भित्री सँगारको चौकोस | Duchu Khalu (Bottom horizontel member of the internal window frame) |

| | | |
|---|---|---|
| टुचु तांगा | भित्री चौकोसको ताँगा | Duchu Taaga (Top horizontal member of the internal window frame) |
| दं | दं | Da (Mulin) |
| नाग | नागल | Naga (Round edge of rails and styles) |
| - पतचिं ना:ग | - धार नभएको गोलो नागल | Patachin Naga (Semi circular naga) |
| - सिलिं ना:ग | - एकातिर धार भएको नागल | Silin Naga (Naga with edge on one side) |
| पंकि | बाँसको किला | Paki (Bamboo nail) |
| फल्चा सिपौ | झ्या:फ:पा रहने फल्याक | Phalcha Sipau (Vertical bench panel) |
| फा: | चौडा | Phä (Width) |
| वेत्वा | वेत्वाल | Betwa (Rail) |
| - को वेत्वा | तल्लो वेत्वाल | Ko Betwä (Bottom rail) |
| - चो वेत्वा | - माथल्लो वेत्वाल | Cho Betwä (Top rail) |
| - दुथु वेत्वा | - माझको वेत्वाल | Dathu Betwä (Middle rail) |
| - सि वेत्वा | - तल्लो वेत्वाल र माथिल्लो वेत्वाल | Si Betwä (Bottom rail and top rail) |
| भू | जोर्नी | Bhu (Joint) |
| मा | मा | Maä (Vertical style) |
| सा: | साल | Sa (tenon) |
| सिलिं | धार | Silin (Edge) |
| हयंत्वा | हाँसको थुतुनो आकारको चुकुल | Hayentwä (Hinged wooden bolt) |

## परिशिष्ट ४

| | | |
|---|---|---|
| (क) **चराचुरुङ्गी** | | |
| स्थानीय नाम | नेपाली | English |
| गरुड | गरुड | Garuda (Eagle like bird) |
| चंखुचा | भँगेरा | Chakhuncha (Sparrow) |
| भटु | ढुकुर | Bhattu (Dove) |
| म्हयूखा | मयूर | Mhayekhä (Peacock) |
| (ख) **जनावर** | | |
| खिचा | कुकुर | Khichä (Dog) |
| कुंसल | कुंघोडा | Kun sala (Horse carved at the corners) |
| नाग | नाग | Näg (Holy serpentine) |
| वयल | वयल | Bayel (Boar) |
| मल: | चिर्का | Mala (Thunder) |
| सल | घोडा | Sala (Horse) |
| सिंह | सिंह | Sinha (Lion) |
| हिटी मंग | मकर | Hiti manga |
| (ग) **देवी-देवताहरू** | | |
| अष्ट मङ्गल | अष्ट मङ्गल | Asta Mangala (eight holy items) |
| उषा-प्रत्युषा | उषा प्रत्युषा | Ushä-Pratyushä (sun and moon) |
| गापी-कृष्ण | गोपी-कृष्ण | Gopi-Krishna |
| गन्धर्व | गन्धर्व | Gandharba (Devine male singer) |
| नाग कन्या | नाग कन्या | Näg Kanyä (Serpent virgin) |
| नाग पास | नाग पास | Näg Pas (A sort of magical noose used in battle to entangle an enemy) |
| परी | परी | Pari (Fairy) |
| पुष्प बल्लरी | पुष्प बल्लरी | Pushpa Ballari |
| बाराही | बाराही | Barahi (Boar Faced Goddess) |

| | | |
|---|---|---|
| बुद्ध धर्मया द्योत | बुद्ध धर्मका देवताहरू | Buddhist gods |
| सूर्द्यो | सूर्य | Surdyo (Sun god) |
| हिन्दु धर्मया | हिन्दू धर्मका | Hindu gods |
| द्योत | देवी देवताहरू | |
| (घ) **पुष्पहरू** | | |
| पले | कमल | Pale (Lotus) |
| सो थ्वाय् | पग्लेको मैनलाई बिस्तारै पानीमा खन्याउँदा बन्ने गोलाकार बुट्टा | Sethwaye (Floral scroll) |
| स्वांयागु | फूलको लहरा | Swaäyä  Laharä (vine) |
| लहरा | | |
| (ङ) **विविध** | | |
| अमोसा | सुपारी आकारको बुट्टा | Amosä (Betel nut pattern) |
| कलश | कलश | Kalash (Special type of religious jar) |
| कवंख्वा | अस्थिपञ्जरको अनुहार आकार | Kawakhawä (Fore-head of skeleton) |
| धालिंख्वा | दलिनको एक छेउको सतहमा रहने जनावरको अनुहार | Dhalinkhwä (Face of a living creature carved at the plane surface of the end of a ceilling) |
| पानस | पानस | Panas (Standing oil lamp) |
| सिंहख्वा | सिंहको अनुहार | Sinha-Khwä (Face of a lion) |
| सूपाय् | बादल आकारको बुट्टा | Supayen (Pattern of cloud formation) |

## परिशिष्ट ५

## कलात्मक झ्यालहरू बनाउन उपयोग गरिने प्रमुख ज्यावलहरू

| (क) प्राचीन | | |
|---|---|---|
| प्रचलित स्थानीय नाम | नेपाली | English |
| खर्कस् | खर्कस् | Panel gauge |
| खराज | खराज | Lathe |
| खुलु | खुलु | Adze like tool |
| खलु ट्वाकः | अचानो | A block of K-shaped wood used for cuttings things |
| चिंकथि | फुट | ruler |
| परकार | फर्मा | Compass |
| वर्ता | वतान् | Try square |
| नोवतां बःचा | रेत | File |
| - कं वःचा | काँढा भएको रेत | Thorned file |
| - गो वःचा | गोलो रेत | Round file |
| - फाःवःचा | चेप्टो रेत | Flat file |
| - स्वसिल वःचा वा कायगु ज्वाव | दाँत काट्ने ज्वाल | Groove cutting tool |
| सलां | खरी | Marking pen |
| सिं मुगः | काठको मुङ्ग्रो | Mallet |
| हं | रामो | Chisel |
| - कुंके हूँ | खराज गर्ने रामो | Carving chisel |
| - चपं हचा | - धार सीधा भएको बुट्टा काट्ने रामो | Carving chisel with straight edge |
| - छें हंचा | - साँधुरो धार भएको अर्ध गोलाकार बुट्टा काट्ने रामो | Wood carving chisel with narrow and semi-circular edge |
| - तःधाहँ | सादा कामको लागि उपयोग गरिने ठूलो रामो | Carving chisel with wide edge generally used for rough work |
| - चू हंचा | बुट्टा काट्ने रामो | Carving chisel |
| - फः हं | काठ चिर्ने रामो | Chisel used for splitting timber |
| - वाता हं | सादा कामको लागि उपयोग | Carving chisel with narrow edge |

| | | |
|---|---|---|
| | गरिने सानो रामो | generally used for rough work |
| - ला हंचा | | |
| **(ख) आधुनिक** | | |
| क:ति | करौंती | Saw |
| - चीप क:ति | सानो करौंती | Hand saw |
| - तानावाल क:ति | आरा | Framed saw |
| - कोक्का क:ति | बुट्टा काट्ने करौंती | Bow saw |
| खारिछ | खारिछ | Sand paper |
| झरी | झरी | Groove cutting tool |
| बर्मा | बर्मा | Drill |
| बसिला | बसिला | Adze |
| वाध | खापा इतयादिमा बाँसको किला ठोक्नलाई च्याप्ने उपकरण | A kind of clamp |
| बुस्सा | बुस्सा | Rebate plane |
| - खाल बुस्सा | खाल बुस्सा | Rebate plane made specially for concaved surface |
| - माथ बुस्सा | माथ बुस्सा | Rebate plane made specially for planing corners |
| मारतोल | मारतोल | Screw driver |
| मुगः | मुङग्रो | Hammer |
| - नमुगः | फलामे मुङग्रो | Steel hammer |
| रन्धा | रन्दा | Jack plane |
| - खाल सुइगु रन्ध | गोलाकार ठाउँमा प्रयोग गरिने रन्दा | Spoke shave |
| - याकः रन्धा हःखि (हंकि) | कालो घागो | Marking thread |

## परिशिष्ट ६

## ज्यावलहरूको अङ्ग प्रत्यङ्ग

| प्रचलित स्थानीय नाम | नेपाली | English |
|---|---|---|
| पच्चर | | |
| खुलुपा: | | |
| चु | बिंड | Handle |
| मा | टाउको | Head |
| धा: | धार | Edge |
| फा | | Steel blade |
| सामि | | Ferrule |
| ला हँचा | रांमो | |
| चपं हँचा | रामो | |
| छें हँचा | रामो | |
| देव: | | cover |
| धा: | धार | Cutting iron |
| पिले | पच्चर | Wedge |
| फलि | फलि | |
| पिले | पचचर | Wedge |
| चिं | - | Scale |
| का | कालो धागो | Marking thread |
| फा | - | Steel balde |
| चुक: | चुकुल | Locking screw |
| ख्वा: | - | Stock |
| नकिं | किला | Spur |
| चुक: | चुकुल | Wedge |

| | | |
|---|---|---|
| दँ | मेट | Friction joint legs |
| पाता | पाता | Blade |
| क:तिवा | दात | Cutting edgs |
| मा | - | Head |
| कुके पौ | - | Tool support |
| बौव: | - | – |
| पेच | फ्च | Spindle |
| भौवा: | - | Centre |
| खिप: | डोरी | Rope |
| व:चा | - | Blade |

## परिशिष्ट ७

| प्रचलित स्थानीय नाम | नेपाली | English |
|---|---|---|
| ईकूं मिले याय्गु | वताम मिलाउनु | To make right angled corner |
| कुंसाः काय्गु | कूंसाल काट्नु | To make corner tenon joint |
| खांचकाय्गु | खांच काट्नु | To rebate |
| खांच वला लिकाय्गु | खांच काट्नु | To rebate |
| चिं तय्गु | चिनो लाउनु | To mark |
| छाय्गु | ताछ्नु | To adze |
| छुइगु | जडान गर्नु | to fix |
| ताय्गु | ठोक्नु | To hammer |
| तो ल्हाय्गु | त्रिपट मिलाउनु | To dowemp |
| ती स्वय्गु | त्रिपट जाँच्नु | to inspect warping |
| चुपिं चाय्गु | स्केल मिलाएर नक्शा लेख्नु | To draw in scale |
| त्वकेगु | सम्म पार्नु (रन्दा लगाएर) | to jack plane |
| त्वाः ल्हाय्गु | भाँच्नु | To break |
| ध्यनेगु | काट्नु | To cut |
| नोल्हाय्गु | पहिलो कुना वताम हुने गरी मिलाउनु | To make the first right angled corner |
| पतला काय्गु | पतला लिनु | To make lap joint |
| पालेगु | काट्नु | To axe |
| प्वाः खनेगु | प्वाल पार्नु | To drill |
| फाः चीगु | चौडा रन्दा गर्नु | To plain the surface |
| फाय्गु | चिर्नु | To saw |
| फि चीगु | मोटाई एकनासको गर्नु | To even the thckness |
| फि ल्हाय्गु | धार सोभ्याउनु | to even the edge |
| फ्ये च्याकेगु | गोल पार्नु | To round off |
| बागः छीगु | कप्नु | Housing |
| बुइगु | लगाउनु | Sand papering |

| | | |
|---|---|---|
| व्वकोकाय्गु | नाप मिलाएर काट्नु | To cut into size |
| म्हुइगु | खोप्नु | To chisel out |
| रंग पाय्गु | रङ्ग लाउनु | To colour |
| वा काय्गु | दाँत काट्नु | |
| साः छीगु | | To prepare for tenon joint |
| साः प्वाःखनेगु | साल खोप्नु | To make tenon groove |
| सुइगु | रन्दा लाउनु | To jack-plane |
| सिलि स्याय्गु | धार मार्नु | To edge off |
| स्वः धनेगु (स्वदायेगु) | पसाल्नु | To insert |
| व्हनेगु | जोड्नु | To join |

## परिशिष्ट ८

# कलात्मक झ्यालहरूको निर्माण तथा जडान कार्य

काठमाडौं उपत्यकाका प्रायः बुट्टा कर्मीहरू विना नक्शा अर्थात केवल अनुभवको आधारमा कलात्मक झ्यालहरूको निर्माण गरी जडान गर्ने कार्य गर्दछन् । तर केही वर्ष यतादेखि नक्शाको आधारमा सो कार्य गर्ने प्रचलन आएको छ । यसो गर्दा निम्न अनुरुपको क्रम अपनाउने चलन छ ।

(क) निर्माण क्रमः

१) भित्री र बाहिरी चौकोस १)
२) वागः थाम र मूल थाम
३) चोकोलाँ र उफयोधि
४) जंकोला
५) कोकोलाँ
६) तल्लो अमोसा, लिविं, पले झँगचारा
७) माथिल्लो निनाल, लिविं, अमोसा, नाःतु माय्विलि, मिखाफुसी, धलिंख्वा वा कंवख्वा
८) मेराप
९) कोताल पाता
१०) खापा २)

(ख) जडान क्रम

| | | | |
|---|---|---|---|
| १) | लिविं | २) | अमोसा |
| ३) | झंगचागः | ४) | पले |
| ५) | कोकोलाँ | ६) | सुलोचा र कोताल |
| ७) | जंकोलाँ | ८) | उफ.योधि |
| ९) | वाग थाम | १०) | मूल थाम |
| ११) | मेराप वारा | १२) | मेराप |
| १३) | चोकोलाँ | १४) | निनाल |
| १५) | लिविं | १६) | कवंख्वा |
| १७) | हाछें | १८) | नाःतु |
| १९) | माय्विलि | २०) | मिखाफुसी ३ |
| २१) | गुतिं | २२) | कोताल |
| २३) | झ्याल भित्रको फल्चा (बाकस) | २४) | खापा |

१) झ्यालको यो खण्ड सबैभन्दा पहिले जडान गर्दा चौकोस भित्र रहने वास्तविक झ्याल पछि मात्र जडान गरे पनि हुन्छ । "पोतायतु" भएको झ्यालमा लःचै लाई इँटाले च्याप्नु पर्ने हुँदा चौकोस सहित पूरा झ्याल नै एकै पटक जडान गर्नु आवश्यक छ ।

२)	आँखी झ्यालको खापा निर्माण गर्दा निम्न अनुसारको क्रम अपनाउने चलन छ।

(क)	काठको बाला बनाउने र नाप बमोजिम सोमा चिनो लाउने।

(ख)	सोही नाप अनुसार आवश्यक संख्यामा अरु काठको बाला बनाउने

(ग)	कप्ने

(घ)	सबै काठका बालाहरू गाँस्ने अर्थात् तिकी झ्याल बुन्ने।

(ङ)	आवश्यक ठाउँहरूमा फूल इत्यादिको बुट्टा बुन्ने।

(च)	फ्रेम बनाउने र त्यसमा आँखी झ्याल मिलाएर सालको लागि चिनो लाउने र फ्रेममा साल काट्ने।

(छ)	फ्रेमभित्र आँखी झ्याल पसाल्ने।

३)	मिखाफुसी जडान गरी सकेपछि साधारणतया त्यसका लागि फल्याकको छाना लाउने चलन छ। यसले गर्दा झ्याल माथि फोहर मैलाहरू जमिरहने सम्भावना कम हुन्छ।

## परिशिष्ट ९

## कलात्मक झ्याल बनाउन उपयोग गरिने काठका जातहरू

| प्रचलित स्थानीय नाम | नेपाली | English | उपयोग |
|---|---|---|---|
| चंसि | चाँप | Champac | धेरै बुट्टाको लागि |
| थसिं | सल्ला | Pine | धेरै बुट्टाको लागि |
| दार | दार | Cedar | मसिनो बुट्टाको लागि |
| धुंसिं | अग्राख | Sal | घामपानीमा रहने झ्यालको लागि |
| हलु | हल्दा | Adina | घामपानीले नछुने झ्यालको मसिनो बुट्टाको लागि |
| सिसौं | सिसौ | Sissoo | घामले असर नपार्ने गर्नको लागि |
| तिवँसि | सउर | | |

## परिशिष्ट १०

## कलात्मक झ्यालहरूमा संलग्न बुट्टा कर्मीहरूको मुख्य बस्ती

**(क) पाटन**

| | |
|---|---|
| १) गुसिवहाल | २) चक्रवहाल |
| ३) जनवहाल | ४) जोमवहाल |
| ५) तःलाछें | ६) त्यागल |
| ७) नकवहिल १) | ८) नः वहाल १) |
| ९) न्याःचुक | १०) वखुंवहाल |
| ११) बलम्बु | १२) बुंगमति |
| १३) भिछेवहाल | १४) यमवहाल |
| १५) सात दोपात | १६) सुवहाल १) |
| १७) श्री वहाल १) (क्वाथवहाल) | |

**(ख) भक्तपुर**

१) नासमना

भादगाउँको न्यातपोल मन्दिर बनाउने सिकर्मी (बुट्टा कर्मी) मा यिनका पुर्खौली प्रमुख थिए भन्ने गरिन्छ ।

यी चार टोलका बुट्टा कर्मीहरू (सिकर्मीहरू) प्यम्ह (नेवा) जुजुया (नेवा) प्यचु नायो अर्थात् चार राजाका (नेवार) चार नाइकेको नामबाट प्रख्यात छन् ।

# परिशिष्ट ११

## कलात्मक झ्याल र ढोका बनाउने बुट्टाकर्मी र डिजाइनरहरूको प्रमुख बस्ती

**पाटन (ललितपुर)**

१) नः टोल
२) गावहाल
३) तलाछें
४) जनवहाल
५) इखालखु
६) न वहाल
७) जोम वहाल
८) नकवहिल
९) च्याचुक
१०) टंगल
११) चक्रवहिल
१२) यम बहाल
१३) सुवहाल
१४) गसिवहाल
१५) ट्यागल
१६) पाटन औद्योगिक क्षेत्र

**भक्तपुर**

१) नासमना
२) बोलाछें
३) थालाछें